# परिच्छेद : एक
# शोध परिचय

यस परिच्छेदमा शोधअध्ययनको पृष्ठभूमि, समस्याको कथन, शोधअध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य, शोधकार्यको सीमा र शोधप्रबन्धको रूपरेखाको विषयमा विस्तृत वर्णन गरिएको छ ।

## १.१ पृष्ठभूमि

राजनैतिक दलहरू विशिष्ट राजनैतिक विचार तथा कार्यक्रमहरूलाई अघि बढाउनका लागि निर्माण गरिने सङ्गठन हुन् । राजनैतिक दर्शनमा राजनैतिक दलहरूका सम्बन्धहरूलाई स्वीकार गरिएको हुन्छ । आधुनिक लोकतन्त्रमा राजनैतिक दलहरूले नै लोकतन्त्रलाई मजवुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । राजनैतिक दलहरूले सरकारको कार्यशैली र भूमिकाका बारेमा पनि विशेष निगरानी राखेका हुन्छन् । सरकारी नीतिलाई जनसमक्ष व्याख्या गर्ने, सरकारी कार्यका बारेमा जनतालाई जानकारी गराउने र जनताका मागहरूलाई सरकारसमक्ष पुऱ्याउने कार्य पनि राजनैतिक दलहरूले गरेका हुन्छन्, किनभने राजनैतिक दलहरूलाई जनताको समर्थनले विशेष महत्त्व दिएको हुन्छ । समाजलाई रूपान्तरण गर्ने, न्यायोचित समाज निर्माण गर्ने, साथै सरकारका हरेक गतिविधिलाई नियाल्ने, विशेष अवस्थामा नियन्त्रण, निर्देशन र निरीक्षणसमेत गर्ने कार्य दलहरूले गर्दछन् । समाज र देशको सर्वाङ्गीण विकास गर्ने लक्ष्य र उद्देश्य राजनैतिक दलहरूले लिएका हुन्छन् र राजनैतिक दलहरूका नीति तथा कार्यक्रमहरूका आधारमा देशको भावी रूपरेखा कोरिएको हुन्छ । त्यसैले राजनैतिक दलहरूका बारेमा शोधअनुसन्धान गर्नु आफैँमा एक महत्त्वपूर्ण कार्य हो । यो शोधप्रवन्ध नेपालकै प्रमुख महत्त्वूर्ण राजनैतिक दलहरूमध्येको एक राष्ट्रिय प्रजातन्त्र पार्टीसँग सम्बन्धित रहेको छ ।

राजनैतिक दलहरू लोकतन्त्रका लागि आवश्यक तत्त्व हुन् । लोकतन्त्रका लागि राजनैतिक दलको उपस्थिति अपरिहार्य छ (Lipset, 2000) । राजनैतिक दलले नै लोकतन्त्रलाई क्रियाशील बनाउन सक्दछ (Aldrich, 1995) । Schgattschneider (1942) का अनुसार लोकतन्त्र असोचनीय वस्तु हो, जसलाई राजनीतिक दलकारूपमा सञ्चित गरिनुपर्दछ । Santori (1976) को भनाइमा राजनैतिक दल एउटा यस्तो सङ्गठन हो जसमा राजनैतिक दलले मार्गप्रदर्शन गरी आ-आफ्ना प्रतिनिधि पठाएर आमजनताको प्रतिनिधित्व गर्दछ । यसबाट राजनैतिक दलहरूले चुनाबी प्रतिस्पर्धाको विधि र प्रक्रिया अँगालेर न्यायिक तरिकाले समाजको प्रतिनिधित्व गर्दछन् भन्ने बुझ्नुपर्दछ । राजनैतिक दलले सरकारसँग समन्वय गर्न सरकार र नागरिक समाज बिचमा समन्वयकारी भूमिका निर्वाह गर्दछ (Randall and Svasand, 2002) । Lipset (2000) ले अझ के थप स्पष्ट गरेकाछन् भने राजनैतिक दलले सरकार र नागरिक समाजलाई समायोजन गर्ने कामका अतिरिक्त अन्य सम्बन्धित क्रियाकलापलाई समेत उत्प्रेरित गर्ने गर्दछ (Lipset, 2000, p. 42) । यसअर्थमा विभिन्न राजनैतिक दलहरूका बारेमा अध्ययन अनुसन्धान हुनु जरुरी छ । विश्वमा प्रचलित

विशिष्ट वैचारिक आधारमा नेताहरूले राजनैतिक दलहरूमा आफ्ना अनुयायी र कार्यकर्ताहरूलाई व्यवस्थित र समन्वय गर्ने, विभिन्न वर्गका जनतामा विकासका लाभहरूका समुचित वितरण गर्न संरचनागत अवसरहरूका सिर्जना गर्ने, रणनीति र कार्यक्रमहरू बनाउने, चुनावी संरचनाहरूका निर्माण गर्ने, शक्तिको प्रयोग गर्ने र वाञ्छनीय नीति निर्माणका लागि दवाव सिर्जना गर्ने जस्ता कार्यहरू गर्दछन् (Parking, 2002)।

लोकतन्त्रको सुदृढीकरण र विकासमा समेत राजनैतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन् । राजनैतिक दलहरूका सीमितताका अतिरिक्त पनि अन्य संस्था वा निकायहरूले दलहरूले गर्ने काम पूरा गर्न सक्दैनन् । राजनैतिक दलहरूले प्रतिनिधिमूलक लोकतन्त्रमा जनताका लागि नियम बनाउने र तिनको कार्यान्वयन सुनिश्चित गर्ने, वैकल्पिक नीतिनिर्माण र प्रवर्द्धन गर्ने, मतदाता समक्ष चुनाबी नारा र विकल्प प्रस्तुत गर्ने, सुशासनको अवधारणालाई प्रवर्द्धन गर्ने र आफ्ना प्रतिनिधिहरू छान्ने जस्ता कार्यहरू गर्दछन् । राजनैतिक दलहरूले समाजमा राजनैतिक चेतना फैलाउने, जनताका समस्यालाई उजागर गरी राज्यतहमा पुऱ्याउने र समस्या समाधानका लागि अनुकूल वातावरण सिर्जना गर्ने कार्यहरू समेत गर्दछन् । प्रतिस्पर्धा बिना लोकतन्त्र र दलहरूका निर्णायक भूमिकाको कल्पनासमेत गर्न सकिन्न । वास्तवमा लोकतन्त्रको सफलता दलहरूको गतिविधि र व्यवहारमा निर्भर गर्ने गर्दछन् (Gyanwali, 2016, p. 145)। राजनैतिक दलहरूबाहेक समाजमा अन्य निकायहरू पनि रहेका हुन्छन् जसले चासो समूहलाई सुरक्षित राख्न भूमिका खेलेका हुन्छन्, जस्तैः व्यावसायिक निकाय, ट्रेड युनियनहरू, नागरिक समाजका सङ्गठनहरू, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू आदि । तर राज्य संयन्त्रमा वैधानिक पहुँच र जनताको अधिकारको संरक्षणका लागि प्रतिनिधित्व र प्रभावको आवश्यकता हुन्छ, जुन अन्य निकायहरूबाट सम्भव छैन र राजनैतिक दलहरूबाट मात्र ती कार्यहरू पूरा हुन सक्दछन् । प्रतिकुल राज्यप्रणालीमा मुद्दाहरू टुङ्ग्याई जनताको हित सुनिश्चित गर्न दलहरूको नेतृत्वबाट मात्र सम्भव छ ।

नेपालको राजनैतिक दलहरू मूख्यतः प्रजातान्त्रिक सङ्घर्षबाट उठ्दै आएका छन् र ती दलहरूले गठबन्धन निर्माण र राजनैतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेली यी कार्यहरू गर्दै आएका छन् । राष्ट्रका विविध सामाजिक र सांस्कृतिक परिदृश्यलाई परिचालन र प्रतिनिधित्व गर्न दलहरूले समकालीन रूपमा आ-आफ्नै मुद्दाहरू पनि बनाउँदै, मानव अधिकारको पक्षपोषण गर्दै, मानव गठबन्धनका बारेमा नयाँ धारणाले जनताको आकांक्षालाई उत्साहित पार्दै र अर्थराजनीतिका लागि राज्यको संरचनागत परिवर्तनका लागि कार्य गर्दै आएका हुन्छन् । राजनैतिक दललाई आधुनिक राजनीतिको जीवनरेखासमेत मानिन्छ । लोकतान्त्रिक राजनैतिक व्यवस्थामा राजनैतिक दलको अनिवार्य रूपमा उपस्थित भएको हुन्छ । Robert Dix (1992) ले बताएअनुसार राजनीतिक दल तथा पद्धतिका संस्थागत विकासले नै कमजोर तथा शिशु लोकतन्त्रको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । लोकतन्त्रको सुदृढीकरणमा राजनैतिक दलहरूले अहं भूमिका खेलेका हुन्छन् (Gyanwali, 2016, p. 145)। राजनैतिक प्रणालीमा राजनैतिक दलहरूले विभिन्न कार्यहरू गर्दछन् । राजनैतिक दलहरूका केही परम्परागत भूमिकामा नागरिकको सामाजिकीकरण, राजनैतिक

अधिकारीको नियुक्ति, जनजीविकाका मुद्दाहरूका एकत्रीकरण, जनचासोको अभिव्यक्तीकरण, राज्य र समाजका विभिन्न निकायहरूका परिचालन र तिनीहरूका बिचमा मध्यस्थता कायम र जनताहरूका बिचमा राजनैतिक धारणा र विचारहरूका निर्माण रहेका हुन्छन् । यी कार्यहरूले दलहरूलाई जवाफदेही र उत्तरदायी आकार प्रदान गर्नका लागि समेत भूमिका खेल्दछन् (Relly, 2008) ।

दलहरूले राष्ट्र निर्माणको एक माध्यमका रूपमा सामाजिक, राजनैतिक, सांस्कृतिक र आर्थिक विकासका लागि आवश्यक प्रस्ताव तयार पार्ने काम गर्दछन् । यसका अतिरिक्त, राजनैतिक दलहरूले विभिन्न मुद्दाहरूमा आ-आफ्ना धारणा बनाएर पेस गरी हिंसात्मक तथा द्वन्द्वग्रस्त समाजमा समेत द्वन्द्व व्यवस्थापन गर्न सक्दछन् । कमजोर अवस्थामा रहेको लोकतन्त्रलाई सवल बनाउनका लागि राजनैतिक दलहरूका भूमिका उल्लेखनीय हुने गर्दछ । राजनैतिक दलहरू त्यस्ता संस्था हुन् जसले लोकतन्त्रमा सर्वपक्षीय सहभागितालाई सक्षम र सबल बनाउँदछ (Huntington, 1991) । लोकतन्त्रको अभ्यास गरिरहेको हाम्रो जस्तो देशमा राजनैतिक दलहरूका भूमिका अझै महत्त्वपूर्ण रहेको छ । लोकतान्त्रिक व्यवस्थामा दलको आधारभूत स्थान रहन्छ र यसलाई लोकतन्त्रको सबैभन्दा महत्त्वपूर्ण खम्बाका रूपमा समेत लिने गरिन्छ । लोकतान्त्रिक प्रणालीमा राजनैतिक भर्तीको एकमात्र वैधसाधन राजनैतिक दललाई मान्ने गरिन्छ । लोकतान्त्रिक पद्धतिमा राजनैतिक दलहरू राजनैतिक चेतनाका संवाहक हुन् । राजनैतिक प्रक्रिया लोकतन्त्रमा राजनैतिक दलको वरिपरी घुम्ने गर्दछ । देश निर्माणमा राजनैतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । उदाहरणका लागि भारतीय राष्ट्रिय कांग्रेसले भारतलाई राष्ट्रका रूपमा निर्माण गर्न विशिष्ट भूमिका खेलेको देखिन्छ । राजनैतिक दलहरूले आधुनिक सहरी सम्भ्रान्त, परम्परागत ग्रामीण कुलीन तथा अभिजात र गैरअभिजात वर्गहरूलाई जोड्ने पुलको रूपमा कार्य गर्दछन् । यसबाट राजनैतिक दलहरूको महत्त्व र भूमिका प्रस्ट हुन्छ ।

सामान्यतः राजनैतिक दलहरू आधुनिक तथा सामूहिक मूल्य मान्यतामा आधारित सङ्गठनहरू हुन् जसले अल्पसङ्ख्यक समूहहरूलाई मूलप्रवाहीबाट अलग गर्ने अवरोधहरूलाई चिर्न उनीहरूका सक्रिय सहभागितालाई प्रोत्साहित गर्दछन् । दलहरूले राष्ट्रनिर्माण प्रक्रियामा पृथकता र शङ्काको विखण्डन र न्यूनीकरणमा समेत योगदान पुऱ्याउँदछन् (Gaige, 1975) । नेपालको सन्दर्भमा, आधुनिक राष्ट्रनिर्माणको परियोजना शाह राजाहरूले सुरूवात गरेका थिए । ती राजाहरूले नेपाललाई एकजुट मात्र बनाएनन्, आफ्ना संस्कृति, चलन र परम्पराबाहेक अरुका संस्कृति, चलन र परम्परालाई समेत मान्यता दिए । वि.सं. २०४७ मा राजाको एकलौटी शासनको अवसानपछि राजनैतिक दलहरू नेपाली राजनीतिको नयाँ आयाममा प्रवेश गरे । ती दलहरू विभिन्न समुदाय र अल्पसङ्ख्यक जनताका संस्कृति र परम्पराहरूप्रति सजक बन्न पुगे । देशमा विद्यमान विविध प्रकारका समुदायहरूका बिच एकीकरणमा राजनैतिक दलहरूको भूमिका उल्लेखनीय रहँदै आएको छ । यसको ज्वलन्त उदाहरण २०४७ पश्चात् बनेको नेपाली कांग्रेसको सरकारले विभिन्न मातृभाषामा रेडियो समाचार प्रसारण गर्ने, राष्ट्रियता विकासका लागि राष्ट्रिय जनजाति विकास समितिको स्थापना गर्ने र नवौँ पञ्चवर्षीय योजना (वि.सं.२०५४-२०५९) मा आदिवासी जनजाति विकास कार्यक्रमलाई

समावेश गरेका आदि कार्यलाई लिन सकिन्छ (Bhattachan, 2000) । विगतका विभिन्न कालखण्डमा नेपालमा राजनैतिक परिवर्तन ल्याउन र प्रजातन्त्रको स्थापना गर्न विभिन्न राजनैतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेल्दै आएको देखिन्छ । नेपालको पहिलो राजनैतिक दल 'प्रजा परिषद' ले १०४ वर्ष लामो राणाशासनको अन्त्य गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो । विभिन्न प्रकारका तानाशाही शासन व्यवस्थाका अन्त्यगर्न, जनतालाई एकीकृत गरी देशमा आर्थिक, सामाजिक र राजनैतिक परिवर्तन गर्न विभिन्न खाले राजनैतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेल्दै आएको देखिन्छ ।

जब राजा महेन्द्रले २०१७ साल पौष १ गते राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाएर एकदलीय पञ्चायती व्यवस्था र वि.सं. २०१९ को संविधान लागु गरे, तब विभिन्न राजनीतिक दलहरू निर्दलीय पञ्चायती निरङ्कुश शासन व्यवस्थाको विरुद्ध लड्दै आए । २०४६ सालमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको संयुक्त जनआन्दोलनबाट देशमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो । यसका अतिरिक्त, राजनैतिक दलहरू र २०६२/६३ को दोस्रो ठूलो जनआन्दोलनपश्चात् राजा ज्ञानेन्द्रद्वारा विघटित संसद्को पुनर्स्थापना भई लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । यसबाट पनि प्रजातन्त्र, लोकतन्त्र, र गणतन्त्र स्थापनार्थ राजनैतिक दलहरूका भूमिका स्पष्ट हुन्छ । वर्तमान युगमा सबै खालका शासनमा राजनैतिक दलको आवश्यकता छ र यसको अभावमा राजनैतिक प्रक्रिया सम्पन्न गर्न असम्भव छ (शिवाकोटी, २०७२) । राजनैतिक दल आधुनिक राजनीतिको मुख्य विशेषता हो । लोकतान्त्रिक प्रणालीको सफलताका लागि दलहरूको क्रियाकलाप नै जिम्मेवार हुने गर्दछ । राजनैतिक दलहरूका अभावमा लोकतन्त्रको कल्पनासमेत हुन सक्दैन, त्यसैले दल र लोकतन्त्रलाई पूरकका रूपमा लिइन्छ । यसैले लर्ड ब्राइसले "राजनैतिक दल अनिवार्य छ, कुनै पनि स्वतन्त्र मुलुक यस्ता छैनन् जसमा राजनैतिक दल अनुपस्थित होस् र कुनै पनि लोकतान्त्रिक व्यवस्था दलको अभावमा सञ्चालन हुन सकोस्" भनी दलको अपरिहार्यतालाई उल्लेख गरेका छन् ।

राजनैतिक दलको अभावमा कहीँ पनि स्वतन्त्र शासन रहेको पाइँदैन । राजनैतिक व्यवस्थाले नै लोकतन्त्रलाई व्यावहारिक बनाउँदछ भन्ने मान्यता रहेको छ । त्यसैले कुनै पनि राजनैतिक व्यवस्थाको अध्ययन गर्नका लागि राजनीतिक दलहरूका अध्ययन हुनु जरुरी हुन्छ । दलहरूका क्रियाकलाप, दलीय पद्धति र भूमिकाको व्यवहारका आधारमा राजनीतिको ठिकसँग विश्लेषण गर्न सकिन्छ । राजनैतिक दलहरूका आ-आफ्नै विशेषता रहेका हुन्छन् । यिनै विशेषताबाट अन्य सङ्गठन र राजनीतिक दललाई छुट्याउन सकिन्छ । यसै सन्दर्भमा वर्तमान अवस्थामा राजनैतिक दलहरूबारे अध्ययन गर्ने पद्धतिको विकास भएको देखिन्छ । संसदीय व्यवस्थामा राजनैतिक दलको विशेष भूमिका हुने गर्दछ । प्रजातन्त्रलाई वास्तविक अर्थमा क्रियाशील बनाउने राजनैतिक दल प्रजातन्त्रको आधारस्तम्भ हो । राजनैतिक दलले जनमतलाई अभिव्यक्त गर्ने र प्रजातन्त्रलाई गतिशील बनाउने एउटा निकायको भूमिका निर्वाह गर्दछ (अर्याल, २०५८, पृ. ९४) । यसै सन्दर्भमा लर्ड ब्राइसले "दल बिना स्वतन्त्र देश जीवित नरहने कुरा बताउँछन् ।" राजनैतिक दलबाट व्यक्त

गरिएका विचारहरूको स्वतन्त्र प्रतिस्पर्धा प्रजातन्त्रको सार हो । यसै अवधारणागत मान्यताअनुरूप आज विश्वका स्वतन्त्र राष्ट्रहरूमध्ये धेरै देशहरूमा एक वा एक भन्दा बढी राजनैतिक दलहरू अस्तित्वमा रहेका छन् किनकि आजको विश्व एक व्यक्तिको विचार र राज्यबाट मात्र चल्न सम्भव छैन । त्यसैले देशलाई तानाशाहबाट रक्षा गर्ने सर्वोत्तम साधन राजनैतिक दल भएको कुरालाई Harold Laski ले बताएका छन् । सन् १९६० यता ४९ वटा देशहरूमा एकदलीय व्यवस्था विद्यमान थिए, जसमध्ये १५ वटा देशहरू साम्यवादी थिए (Almond, 1974)।

यसरी प्रजातन्त्रलाई जीवन्त राख्न र गतिशीलता प्रदान गर्न स्वस्थ प्रतिस्पर्धामा उत्रेका राजनैतिक दलहरूले रक्तसञ्चारको कार्य गर्दछ । आधुनिक उदार प्रजातन्त्रको लागि चाहिने विभिन्न आवश्यक तत्त्वहरूमध्ये राजनीतिक पार्टी पनि एक हो । भनिन्छ, उदार प्रजातन्त्रको अभ्यासको लागि मानवअधिकारको संरक्षण बहुदलीय प्रजातन्त्र प्रारम्भिक र न्यूनतम सर्त हुन् । एडमण्ड बुर्केको भनाइअनुसार प्रजातन्त्रको निमित्त राजनैतिक दलहरूको व्यवस्था आवश्यक मात्र होइन वाञ्छनीय पनि हुन्छ । अर्का विद्वान डब्लु. बी. मुन्रोको भनाइअनुसार प्रजातान्त्रिक व्यवस्थामा राजनीतिक दलको महत्त्व दर्शाउँदै स्वतन्त्र र खुल्ला दलहरूको सरकार भन्नु नै प्रजातान्त्रिक सरकार हो (Munro, 1931, p. 40)। राजनैतिक दलहरू उदार प्रजातन्त्रसँगै अभिन्न अङ्गको रूपमा विकास भएका हुन् । आधुनिक बहुलवादी समाजको निर्माणमा राजनैतिक पार्टीहरूले खेलेका भूमिकालाई कसैले नकार्न सक्दैनन् । केही राजनैतिक चिन्तकहरूले उदार बहुदलीय समाजमा राज्यशक्ति क्रमशः डिफ्यूज हुँदै गएको र वास्तविक अर्थमा पार्टी, दवाव वा हित समूहले शक्तिका अभ्यास गर्न थालेका सिद्धान्त प्रतिपादन गरेको परिप्रेक्ष्यमा समेत राजनैतिक परिचालन तथा राज्यव्यवस्थामा पार्टीको भूमिका अपेक्षाकृत वृद्धिहुँदै गएको छ । पार्टीहरू समाजका उत्प्रेरक तत्त्वहरू हुन् । कुनै पनि राजनैतिक दल राजनैतिक प्रणालीको नीति निर्माण वा निर्णय प्रक्रियामा सामेल हुनका लागि नै खडा भएका हुन्छन् । दलीय व्यवस्थामा दलले नै सरकार बनाउँछ र सरकारमाथि प्रत्यक्ष प्रभावकारी नियन्त्रण कायम गर्दछ ।

कुनै पनि राजनैतिक दलको लक्ष्य कार्यान्वयन सत्ता कब्जा गरेपछि मात्र सम्भव भएकोले सदैव सत्ता प्राप्ति र नियन्त्रणका लागि तत्पर रहन्छ । नेपालका राजनैतिक दलहरूको भूमिकाको इतिहास यो मुलुकको लोकतान्त्रिक आन्दोलनको इतिहाससँग जोडिएको छ । मुलुकको राजनीतिक आधुनिकीकरणमा राजनैतिक दलहरूको उल्लेखनीय भूमिका छ । अझ पछिल्लो कालखण्डमा राजतन्त्रको समाप्ति र गणतन्त्रको स्थापनामा यिनले नेतृत्वदायी भूमिका खेलेका थिए । नेपालको लोकतान्त्रिक आन्दोलनको समग्र इतिहासलाई हेर्ने हो भने विशेषतः राजनैतिक दलहरूले लोकतन्त्र र गणतन्त्रका प्राप्ति, राजनैतिक प्रक्रियाको सञ्चालन, मुलुकको शासन सञ्चालन, राष्ट्रिय नीतिहरूको निर्धारण र कार्यान्वयन, हित, अभिव्यक्ति र जनहितको पहरेदार गर्न तथा राष्ट्र निर्माणमा योगदान पुऱ्याउने कार्यमा राजनैतिक दलहरूको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ । यतिबेला नेपाल लामो सङ्क्रमण पार गर्दै स्थायित्व र समृद्धिको मार्गमा अग्रसर छ । यी कार्यमा पनि यो मुलुकका राजनैतिक दलहरूले अग्रणी भूमिका खेल्न सक्दछन् । संसदीय व्यवस्थामा राजनैतिक दलहरूका

आफ्नै महत्त्व रहेका हुन्छन् र ती राजनैतिक दलहरूका बारेमा अध्ययन अनुसन्धान गर्नु जरुरी हुन्छ । राजनैतिक दलका अध्ययनहरूबाट तिनका महत्त्वपूर्ण तथ्य, तथ्याङ्क तथा जानकारीहरू सङ्कलनमा महत्त्वपूर्ण योगदान पुग्न सक्दछन् । यस्ता अध्ययनहरूले ती राजनैतिक दलहरूका भावी नीति तथा कार्यक्रमहरू प्रभावकारी रूपमा तर्जुमा तथा कार्यान्वयन गर्न सचेत तथा उत्प्रेरित गर्न मद्दत गर्न सक्दछन् ।

यस्ता अध्ययनहरूले राजनैतिक दलहरूलाई उपलब्ध अवसरहरूको उपयोग गर्न, चुनौतीहरूका सामना गर्न, पार्टीहरूका सबल पक्षहरूलाई थप सुदृढ पार्न र दुर्बल पक्षहरूबाट पुग्न सक्ने हानीलाई समयमै सच्याउन समेत मद्दत गरी सङ्गठनात्मक स्थिति अझ बढी सक्षम र गतिशील बनाउन महत्त्वपूर्ण जानकारीहरू उपलब्ध गराउन सक्दछ । नेपालको राजनीतिका कतिपय सार्वकालिक तथा सार्वजनिक नियमहरू बुझ्न अन्य राजनैतिकपार्टीमा आस्थावान र स्वतन्त्र राजनीतिकर्मीहरूलाई समेत यस्ता अध्ययनहरू उपयोगी हुन सक्दछन् । दलगत अध्ययनका प्रतिवेदनहरू थप अध्ययन अनुसन्धान गर्न चाहानेहरूलाई समेत पूर्व शोधअध्ययनका रूपमा उपलब्ध हुन सक्दछन् । वर्तमान अवस्थामा विभिन्न राजनैतिक दलहरूका संरचनात्मक तथा कार्यात्मक अध्ययन हुनु जरुरी छ । यस सन्दर्भमा राजनैतिक दललाई व्यापक राजनैतिक प्रणालीको एक अभिन्न अङ्ग मानेर अध्ययन गर्नु आवश्यक हुन्छ । लोकतान्त्रिक प्रणालीमा एकभन्दा बढी  दलले प्रतिस्पर्धा गर्ने हुँदा राजनैतिक दलहरूको अध्ययन महत्त्वपूर्ण र आवस्यक भएको ठहर गरी शोधप्रबन्धको शीर्षक “नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी (वि.सं. २०४७ देखि २०७४ सम्म)” चयन गरिएको हो ।

## १.२ समस्याको कथन

नेपालका राजनीतिक दलहरूको बारेमा वृहत् शोधअध्ययन नहुनु अध्ययनको प्रमुख एक समस्या हो । २०४७ को संवैधानिक व्यवस्था पश्चात् कायम भएको न्यूनतम शान्ति, स्थायीत्व र प्रजातान्त्रिक वातावरणमा विस्तारै तर निरन्तररूपमा आधुनिकीकरणको दिशातर्फ नेपाल उन्मुख भयो । यसैबिच २०५२ सालको लगभग अन्त्यतिर प्रथम जनआन्दोलनको उपलब्धी, नेपाल अधिराज्यको संविधान र तत्काल कायम रहेको राज्य व्यवस्थालाई चुनौती दिँदै एउटा सानो समूहले सशस्त्र सङ्घर्षको घोषणा गऱ्यो । आमूल परिवर्तनको क्रान्तिकारी नारा दिइएको भए तापनि माओवादीले अवलम्वन गरेको हिंसाको बाटो र राजनीतिक विचारधारा दुवै गलत थिए (राप्रपाको चुनावी घोषणापत्र, २०७४, पृ. ३) । एक्काइसौं शताब्दीमा हिंसाबाट सत्ताकब्जा गर्ने र टिकाइराख्न सक्ने सम्भावना थिएन । दुर्भाग्यवश तत्कालीन राजनीतिक नेतृत्वले त्यो सामान्य प्रकृतिको विद्रोहलाई ठिक ढङ्गबाट व्यवस्थापन गर्न नसक्दा केही वर्षमा नै माओवादी जनयुद्धको प्रभाव देशव्यापी हुन पुग्यो । अन्ततोगत्वा भारतीय संस्थापनको प्रत्यक्ष सहयोग, संलग्नता र प्रायोजनमा दुई विपरीत गन्तव्यमा हिडेका संविधानपक्षधर सात राजनीतिक दलहरू र विद्रोही माओवादीका बिचमा भारतको राजधानी नयाँ दिल्लीमा राजनैतिक दलहरूले बाह्रबुँदे समझदारी गरे (शिवाकोटी, २०७०, पृ.५६३) । जनआन्दोलनको ‘म्यान्डेट’ भन्दै केही सीमित राजनैतिक दलहरूको एजेन्डा र स्वार्थलाई संस्थागत गर्ने, संविधान र प्रचलित

कानुनी राज्यको सिद्धान्तको उपहास गर्ने तथा स्थापित मूल्य मान्यता र संस्थाहरूलाई ध्वस्त पार्ने शृङ्खला आरम्भ भयो । यसै क्रममा, प्रथम जनआन्दोलनको उपलब्धीको रूपमा रहेको तथा विश्वसमुदायले समेत उत्कृष्ट प्रजातान्त्रिक संविधानको रूपमा स्वीकार गरेको नेपाल अधिराज्यको संविधान, २०४७ लाई जनअभिमत बिना समाप्त पारी सर्वसत्तावादी ढङ्गबाट अन्तरिम संविधान बनाई लागू गरियो ।

करिब सात आठ हजारको सङ्ख्यामा रहेका माओवादीको लडाकु सेनाको सङ्ख्या बढाएर ३४ हजार पुऱ्याउन प्रेरित गर्नुका साथै दुई सेनाको अस्तित्वलाई संवैधानिक मान्यता प्रदान गरी संस्थागत गरियो । पुनर्स्थापित प्रतिनिधिसभालाई विघटन गरी चुनावको मुख नै नदेखेको माओवादीलाई तत्कालीन एमाले सरह ८३ सिटमा टीका लगाएर अन्तरिम संसद्को निर्माण गरियो (राणा, २०७४, पृ. २६४) । शान्ति सम्झौता अनुरूप छ महिनाभित्र समायोजन गरी सक्नुपर्ने व्यवस्था विपरीत माओवादी सेनासम्बन्धी अन्तिम टुङ्गो नै नलगाई तथा दुई सेनाको अस्तित्वलाई कायम राखी संविधानसभाको निर्वाचन गरियो । नेपाली जनताको अभिमत बिना नै सदीयौँदेखि कायम रहँदै आएको नेपालको हिन्दूराष्ट्रको पहिचानलाई अन्त्य गरी तथाकथित धर्मनिरपेक्षता लाद्ने काम गरियो । राष्ट्रियता र एकताको प्रतीकको रूपमा स्थापित गरेको संवैधानिक राजसंस्थालाई जबरजस्ती पाखा लगाइयो । पर्याप्त बहस र तयारी बिना नै जातीय आधारको सङ्घीयतासम्बन्धी अमूर्त अवधारणालाई संविधानको अङ्ग बनाउने कार्य गरियो । राष्ट्रिय हित विपरीतको नागरिकता ऐनलाई कार्यान्वयन गरी लाखौँ विदेशीलाई नेपाली नागरिकता वितरण गरियो । उपरोक्त बमोजिमको गलत नीति र त्रुटिपूर्ण मार्गचित्रको परिणाम स्वरूप देश सङ्कटको चक्रव्युहमा फस्न पुग्यो । सदीयौँदेखिको अभ्यासबाट कायम भएको नेपालको अस्तित्वको आधारलाई विकल्पको राम्रो सोचाइ र तयारी बिना नै हठात ध्वस्त बनाउने काम भयो ।

विगतका मान्यता, परम्परा र संस्थालाई विस्थापित गरेपछि उत्पन्न रिक्ततालाई ठिक ढङ्गबाट समायोजन र व्यवस्थापन गर्न नसक्नु नै सङ्कटको मुख्य कारण बन्न पुग्यो । शान्ति, स्थायीत्व, सामाजिक न्याय र समावेशी प्रजातन्त्र जस्ता आन्दोलनको भावना राम्रै भए तापनि गलत मार्गचित्रको कारणले अपेक्षित सफलता प्राप्त हुन सकेन । दिगो शान्तिको स्थापना, प्रजातन्त्रको सुदृढीकरण, जनताद्वारा छानिएका प्रतिनिधिहरूबाट संविधानको निर्माण र मुलुकको समग्र आर्थिक विकास आन्दोलनको वास्तविक गन्तव्य थियो तर गलत बाटो, गलत नीति र सत्तामुखी चिन्तनका संवाहकहरूको कारणले गर्दा पार्टी जहाँ जान हिडेको थियो अहिले ठिक विपरीत गन्तव्यमा पुगेको छ ।

(क) विगत दुई दशकदेखि नेपाल निरन्तर अन्यौल, अनिश्चितता र अराजकताको दलदलमा फसेको छ । नेपाली जनताले प्रजातन्त्रको पहिलो स्पर्श अनुभूत गरेको ७० वर्ष भयो । यसै अवधिमा प्रजातान्त्रिक युगमा प्रवेश गरेका कतिपय देशहरू अहिले विकसित र सम्पन्न राष्ट्र भइसकेका छन् तर हामी अझै राज्य व्यवस्था निर्माणको प्रारम्भिक अभ्यासमा छौँ । आखिर किन यस्तो भइरहेछ ? यस प्रश्नको जवाफ खोज्ने गम्भीर प्रयास कहिल्यै भएन । सङ्घर्ष गरेर प्रजातन्त्र प्राप्त हुन्छ तर केही वर्षपछि

प्रजातन्त्रका संवाहकहरू स्वयं नै प्रजातन्त्रिक मूल्यमान्यता ध्वस्त पार्न जानेर वा नजानेर क्रियाशील हुने जस्ता समस्याहरू रहँदै आएका छन् ।

(ख) प्राप्त भएको प्रजातन्त्रलाई हामीले संस्थागत गर्न सकिरहेका छैनौँ । प्रजातन्त्रको निमित्त निरन्तर सङ्घर्ष भयो तर प्रजातन्त्र प्राप्तिपश्चात् नेपाल कस्तो हुनेछ, हामी कुन दिशातर्फ जानेछौँ भन्ने बारे गम्भीर बहस कहिल्यै हुन सकेन । त्रुटिपूर्ण मार्गचित्र एवं गलत नीति र अवधारणको परिणामस्वरूप अहिले देशमा विभिन्न चुनौती, जटिलता र समस्याहरू उत्पन्न भएका छन् । वामपन्थी प्रभावमा प्रजातन्त्र र प्रजातान्त्रिक शक्तिहरू बिस्तारै उग्रवामपन्थी धरापमा फस्दै गइरहेको देखिन्छ । राष्ट्रिय अखण्डतामाथि गम्भीर चुनौती खडा भएको छ । राष्ट्रिय पहिचान मेटाउने षड्यन्त्रहरू निरन्तर रूपमा भइरहेका छन् । विदेशी चलखेल र प्रभावमा वृद्धि भइरहेको छ । देशको अर्थतन्त्र सङ्कटग्रस्त र धाराशयी बन्दै गइरहेको छ ।

(ग) राज्य संयन्त्रको प्रभावकारितामा ह्रास आएको छ । एकातिर देशभित्रको सङ्कट चुलिएको अवस्था छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय परिस्थिति समेत चुनौतीपूर्ण बन्दै गएको छ । जसमा नेपालका राजनीतिक दलहरू प्रमुख रूपमा जिम्मेवार रहेका छन् । देशका राजनीतिक दलहरू वैचारिक रूपमा विचलित भएका छन् तथा आफ्ना आदर्श, मान्यता र नीतिबाट विमुख हुँदै गएका छन् । अवसरवाद हावी हुँदै गएको छ । नेपालका सबै राजनीतिक दलहरूभित्र अहिले घोर गुटबन्दी, ब्रह्मलुटको प्रवृत्ति र अप्रजातान्त्रिक चरित्र कायम रहेको छ । त्यसैले नेपालमा राजनीतिक पार्टीहरू र यिनीहरूका क्रियाकलाप, गतिविधि र चरित्रहरूका बारेमा अध्ययन हुन जरुरी छ ।

(घ) राप्रपा स्थापना र विस्तार गर्दा गरिएका प्रयत्नहरू र उत्पन्न कठिनाइहरू, आम निर्वाचनहरूमा राप्रपाले भोगेको सफलता र असफलताहरू, निर्वाचनहरूमा राप्रपाको चुनावी घोषणापत्रहरूमा उल्लेखित प्रमुख सवालहरू के के थिए, आवधिक निर्वाचनहरूमा अपेक्षित परिणाम ल्याउन के कस्ता नीतिगत र व्यावहारिक सुधारहरू आवश्यक छन्, राप्रपाले अन्य प्रमुख राजनीतिक दलहरूसँग गर्दै आएको सहकार्यको स्थिति कस्तो छ, संसदीय व्यवस्था र लोकतन्त्रको संरक्षण र सुदृढीकरणमा यसले निभाउँदै आएको भूमिका कस्तो छ, यसका नकारात्मक पाटाहरू, राजनीतिक चरित्र र अन्य विविध पक्षको बारेमा कयौँ प्रश्नहरू अनुत्तरित रहँदै आएका छन् ।

त्यसमा पनि संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? संसदीय अभ्यासमा यसको सहभागिताको अवस्था के रहेको छ ? नेपाली राजनीतिका मुद्दाहरू के के रहँदै आएका छन् र अन्य राजनीतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्ध कस्तो रहेको छ ? भन्ने प्रश्नहरूका बारेमा यद्यपि शोध अनुसन्धान भएको पाइँदैन । यी सबै बिषयलाई एकै ठाउँमा अध्ययन गर्नु ठूलो समस्या हुन पुगेको छ । यस्तो परिवेशमा नेपालमा क्रियाशील राजनैतिक दलहरूमध्येको राप्रपाको बारेमा अध्ययन गर्न

सान्दर्भिक देखिएकोले राप्रपाका बारेमा अध्ययन गरिएको हो । यस शोधअध्ययनसँग सम्बन्धित शोध प्रश्नहरू देहाय बमोजिम रहेका छन् :

(क) राप्रपाको स्थापना र निर्माण किन भएको थियो ?

(ख) संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था के रहेको छ ?

(ग) नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजनीतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्ध कस्तो रहेको छ ?

## १.३ शोध अनुसन्धानका उद्देश्यहरू

यस अध्ययनका लागि मूलतः निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

(क) राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना र निर्माण प्रक्रियाको विवेचना गर्नु,

(ख) संसदीय अभ्यासमा राप्रपाको सहभागिताका बारेमा मूल्याङ्कन गर्नु,

(ग) नेपाली राजनीतिका प्रमुख मुद्दा र राजनीतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्धमा प्रकाश पार्नु ।

## १.४ अध्ययनको औचित्य

राजनैतिक दलहरूको मुख्य कार्य जनतामा राजनैतिक चेतनाको विकास र विस्तार गर्नु हो । जनतामा राजनैतिक भावना, चेतनालाई जागरुक गराउने, उनीहरूलाई प्रजातन्त्रप्रति सजग र सक्रिय तुल्याउने कार्य केवल राजनीतिक दलहरूले मात्र गर्न सक्दछन् । प्रजातन्त्रमा जनताको प्रत्यक्ष र सक्रिय सहभागिता वाञ्छनीय हुन्छ । यस्ता जनसहभागिता जुटाउने काम राजनैतिक दलहरूमार्फत् नै हुने गर्दछन् । राजनैतिक दलहरूको अर्को महत्त्वपूर्ण कार्य वा दायित्व भनेको समाजमा आदर्श र मान्यताहरू स्थापित गर्नु हो । दलको माध्यमबाट जनचेतनाको सामाजिकीकरण, असल नेतृत्वको विकास आदि कार्य पूरा हुने गर्दछ । त्यसैले राजनैतिक दलहरूका बारेमा अध्ययन अनुसन्धान गरिनु आवश्यक हुन्छ ।

(क) वि.स.२०४६ सालको प्रजातन्त्र प्राप्ति, माओवादी सशस्त्र द्वन्द्व, राजा वीरेन्द्रको वंश विनास, युद्धविराम, शान्तिवार्ता, ज्ञानेन्द्र शाहको प्रतिगमनकारी शासन, गणतन्त्र प्राप्ति, सेना समायोजन, राजतन्त्रको अन्त्य, संविधानसभाको पहिलो र दोस्रो निर्वाचन, संविधान निर्माण र घोषणा, साथै विभिन्न तहहरू जस्तैः स्थानीय, प्रादेशिक र सङ्घीय संसद्को निर्वाचन र संविधानको कार्यान्वयन र यस्ता ठूलाठूला परिवर्तनहरूमा पनि प्रमुख राजनैतिक दलहरूसँगै राप्रपा पनि सामेल हुँदै आएकाले यस विषयमा अध्ययन हुनु आफैँमा अर्थपूर्ण मानिन्छ ।

(ख) राप्रपाका सकारात्मक तथा नकारात्मक पाटाहरूको पनि सही विश्लेषण र विवेचनाले मुलुकको भावी जीवनमा सुखद सन्देशसमेत दिन सक्ने भएकाले यस अध्ययनको महत्त्व रहेको छ ।

(ग) राप्रपासम्बन्धी यस खोजमूलक अध्ययन राजनैतिक शास्त्रीय दृष्टिकोणबाट औचित्यपूर्ण हुन सक्दछ । यो अध्ययन सैद्धान्तिक र विधिका हिसाबले पनि महत्त्वपूर्ण मान्न सकिन्छ । यस अध्ययनबाट राजनैतिक दल सम्बन्धी खोजको अन्तर (Research gap) को पूर्ति हुने कुरामा कुनै सन्देह रहने छैन ।

(घ) यस अध्ययनले राजनैतिक दलसम्बन्धी रुचि राख्ने जो कोहीलाई मार्ग निर्देशन गर्नुका साथै राप्रपासम्बन्धी संवादको ढोका खोल्ने कुरामा समेत कुनै विमति रहने छैन ।

(ङ) राप्रपा स्थापनादेखि हालसम्म यस शोधशीर्षकमा कसैबाट पनि शोधअध्ययन नगरिएकाले यो अध्ययन आफैँमा मौलिक र नयाँ शोधकार्यका रूपमा रहन जाने हुँदा यसको महत्त्व अझ बढ्नेछ ।

(च) यस शोधअध्ययनबाट राप्रपाको विविध पक्षका बारेमा छरिएर रहेका महत्त्वपूर्ण तथ्य, तथ्याङ्क तथा जानकारी एकै ठाउँमा सङ्कलित भएका छन् । यस शोध र यससँग सम्बन्धित विषयहरूका बारेमा भविष्यमा थप अनुसन्धान गर्न चाहानेहरूलाई पूर्वकार्यको समीक्षाको रूपमा शोध उपलब्ध हुनेछ ।

(छ) वर्तमान अध्ययनले राप्रपामा आवद्ध सबै भातृ जनवर्गीय संघसङ्गठन तथा पार्टीका एकाईहरूलाई आफ्ना भावी कार्यक्रम सुव्यवस्थित रूपमा तर्जुमा गर्नुका साथै राप्रपाको लक्ष्य प्राप्तिमा बल पुग्ने कुराको अपेक्षा गर्न सकिन्छ ।

(ज) राप्रपासम्बन्धी वर्तमान शोधअध्ययन आफैँमा महत्त्वपूर्ण छ । नेपाली राजनीतिमा राप्रपाका बारेमा बुझ्न अन्य राजनैतिक दलमा आबद्ध, इच्छुक, शुभेच्छुक, विद्वानहरू, कर्मचारी, विद्यार्थीहरू र स्वतन्त्र राजनीतिकर्मीहरूका लागि समेत यो शोधप्रबन्ध उपयोगी सावित हुनेछ ।

## १.५ शोधकार्यको सीमा

यस शोधकार्यको सीमा देहाय बमोजिम रहेका छन् :

(क) नेपालमा विभिन्न राजनैतिक दलहरू रहे तापनि वर्तमान शोधअध्ययन राप्रपासँग मात्र सम्बन्धित भएकोले यस अध्ययनबाट अन्य प्रमुख दलहरूका बारेमा सामान्य जानकारी बाहेक अन्य जानकारी प्राप्त हुने छैन ।

(ख) राप्रपासम्बन्धी वर्तमान अध्ययनमा २०४७ देखि २०७४ सम्ममात्र भएकाले २०७४ पछिका घटनाक्रमहरूका विषयमा पनि अध्ययन विश्लेषण गरिएको छैन । त्यसैले त्यसपछिका घटनाक्रमहरूका बारेमा सामान्य जानकारीबाहेक ठोस जानकारी प्राप्त हुने छैन ।

(ग) यस शोधकार्यमा राप्रपाबाहेक राप्रपाबाट विभाजित भई खुलेका राप्रपा (नेपाल), राष्ट्रिय जनशक्ति पार्टी, राप्रपा (राष्ट्रवादी), राप्रपा (प्रजातान्त्रिक) लगायत राप्रपा नामसँग जोडिएर

खुलेका मिल्दाजुल्दा अन्य दलहरूका बारेमा सामान्य जानकारीबाहेक विभाजित दलहरूलाई अध्ययनको क्षेत्रभित्र पारिएको छैन ।

(घ) वि.सं. २०४७ देखि २०७४ सम्ममा संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था के रहेको छ ? नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजनीतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्ध कस्तो रहेको छ ? भन्ने सीमामा रही वर्तमान शोध कार्य गरिएको छ ।

(ङ) राप्रपाको बारेमा मुलुकभरलाई (भूगोल) अध्ययन क्षेत्र मानी अध्ययन गरिए तापनि यसका अधिकांश मुख्य नेता तथा कार्यकर्ताहरू काठमाडौँमा केन्द्रित रहेका कारण काठमाडौँ उपत्यकालाई नै विशेष अध्ययनक्षेत्र बनाइएको छ ।

## १.६ शोधप्रबन्धको रूपरेखा

यस सोधप्रबन्धलाई सात परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद १ शोध परिचयसँग सम्बन्धित छ । यसमा शोधअध्ययनको पृष्ठभूमि, समस्याको कथन, शोधप्रबन्धको उद्देश्यहरू, शोधअध्ययनको औचित्य, शोधकार्यको सीमा र शोधप्रबन्धको रूपरेखाको विषयमा वर्णन गरिएको छ । परिच्छेद २ पूर्वकार्यको समीक्षासँग सम्बन्धित छ । परिच्छेद ३ मा अनुसन्धान विधिलाई विस्तृत रूपमा वर्णन गरिएको छ । यसमा अध्ययन क्षेत्र, नमुना र नमुना सङ्कलन विधि, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्क प्रशोधन, वर्गीकरण तथा प्रस्तुतीकरण, व्याख्या, विश्लेषण र शोधप्रबन्ध लेखन जस्ता कुराहरू समेटिएका छन् । परिच्छेद ४ मा राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना र निर्माण प्रक्रियाको बारेमा विवेचना गरिएको छ । परिच्छेद ५ मा संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्थाको बारमो मूल्याङ्कन गरिएको छ । परिच्छेद ६ मा नेपाली राजनीतिको प्रमुख मुद्दाहरू, राप्रपाको दृष्टिकोण र अन्य दलसँगको सम्बन्धको बारेमा प्रकाश पारिएको छ । अन्तिम परिच्छेदमा सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएका छन् ।

# परिच्छेदः दुई
# पूर्वकार्यको समीक्षा

आफूले अनुसन्धान गर्न चाहेको मात्र विषयलाई प्रमुखता दिँदा पहिला गरिसकेका अनुसन्धानका बारेमा प्रचुर मात्रामा जानकारी प्राप्त हुन नसक्ने सम्भावनासमेत भएको हुँदा पूर्वकार्यको समीक्षा अत्यन्त आवश्यक हुन्छ । समीक्षा भनेको पुनरावलोकन भन्ने हो । पहिला सम्पन्न भइसकेको खोजी या अनुसन्धानको बारेमा पढ्नु, अध्ययन गर्नु या त्यसको बारेमा लेख्नुलाई पूर्व साहित्य समीक्षा वा अवलोकन भनिन्छ । अनुसन्धान गर्ने क्रममा निर्माण गरिने अनुसन्धान प्रस्तावनामा नै पूर्वकार्यको समीक्षा समावेश गरिनु अनिवार्य हुन्छ र अनुसन्धान प्रतिवेदनमा समेत पूर्वकार्यको समीक्षा समावेश गर्नुपर्ने हुन्छ । पूर्वकार्यको समीक्षाले अनुसन्धान गर्न लागिएको विषयमा यस अगाडिका भए गरेका खोज तथा अध्ययनको लेखाजोखाबाट अनुसन्धान गर्न लागेको विषयको ज्ञानलाई अद्यावधिक गर्न सहयोग गर्दछ (Kaul, 1998) । सन्दर्भ सामग्रीको व्यापक अध्ययनको अभावमा अन्यबाट भएको शोधको पुनरावृत्ति भई खास ज्ञान हासिल नहुन सक्छ । यसको अध्ययनले सैद्धान्तिक र व्यावहारिक जटिलता हट्छ ।

सन्दर्भ सामग्रीको निरूपणबाट अध्ययन पद्धति वा साधन प्रयोग गर्न सहयोग पुग्ने, परिकल्पना निर्माण गर्न सजिलो हुने र शोध पुनरावृत्ति हुने गर्दैन (Young, 1988) । पूर्वकार्यको समीक्षाले तथ्य तथा सोको व्याख्या थाहा पाउन सहयोग गर्दछ । वैज्ञानिक निष्कर्ष र सोका लागि प्रयोग भएको समीक्षा खासगरी बढी जानकारी दिने खालका र यसभन्दा अगाडि गरिएका कार्यको सारांश दिने खालको हुन्छ । यसबाट पहिले प्राप्त भएको तथ्य र गरिएको अनुसन्धानको क्षेत्रबारे अर्कोचोटि खोजी गर्नु आवश्यक नपर्ने हुनाले समय र स्रोतको बचत हुन्छ । समीक्षा गर्दा प्राप्त भएको सूचनाको आधारमा समस्याको पुनः परीक्षण गर्न, अध्ययन विधि थाहा पाउन र प्राप्त निष्कर्षमाथि पुनः अनुसन्धान गरी नयाँ सूचना प्राप्त गर्न सकिन्छ । यस परिच्छेदमा शोधअध्ययनसम्बन्धी सामान्य समीक्षा (General review), अनुभवजन्य समीक्षा (Empirical review) र खोजको अन्तर (Research gaps) आदिका बारेमा वर्णन गरिएको छ ।

## २.१ सामान्य समीक्षा (General Review)

यस खण्डमा राजनैतिक दलको अवधारणा, परिभाषा, विशेषता तथा आधारभूत तत्त्वहरू, नेपाल लगायत विश्वमा राजनैतिक दलहरूका उद्भव र विकास, नेपालको शासन व्यवस्था, संसदीय प्रणाली र नेपालमा संसदीय प्रणालीको विकास आदिका बारेमा वर्णन गरिएको छ ।

### २.१.१ राजनैतिक दलको अवधारणा

आधुनिक युगमा राजनैतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । राजनैतिक दल विशिष्ट राजनैतिक विचार तथा कार्यक्रमलाई बढाउनका लागि निर्माण गरिएको सङ्गठन हो (शिवाकोटी, २०७२, पृ.१९९) । राजनैतिक दल आधुनिक राजनीतिको मुख्य विशेषता हो । लोकतान्त्रिक प्रणालीको सफलताका

लागि दलहरूको क्रियाकलाप नै जिम्मेवार हुने गर्दछ । यसको अभावमा लोकतन्त्रको कल्पनासमेत हुन सक्दैन । राजनैतिक दल र लोकतन्त्रलाई एक अर्काका पूरकको रूपमा लिइन्छ तसर्थ कुनै पनि राजनैतिक व्यवस्थाको अध्ययन गर्नका लागि राजनैतिक दलहरूको अध्ययन गर्न जरुरी हुन जान्छ । प्रजातन्त्रमा सार्वभौमशक्ति जनतामा निहित हुन्छ भने जनतालाई नेतृत्व प्रदान गर्ने निकाय राजनैतिक दल नै हुन्छन् । राजनैतिक दललाई आधुनिक राजनैतिक समाजको प्रतीकका रूपमा मान्न सकिन्छ । कुनै पनि व्यक्ति संस्थागत रूपमा राजनीतिमा प्रवेश गर्ने एकमात्र साधन राजनैतिक दल नै हो । हाल विश्वका प्रायः सबै मुलुकहरूमा राजनैतिक दल कुनै न कुनै रूपमा अस्तित्वमा रहेका छन् । प्रजातान्त्रिक मुलुकहरूमा राजनैतिक दलहरूलाई कानुनी मान्यता प्रदान गरिएको हुन्छ भने निरङ्कुश मुलुकहरूमा राजनैतिक दलहरू प्रतिबन्धित हुन्छन् । साम्यवादी व्यवस्था अवलम्बन गरेका मुलुकहरूमा कम्युनिस्ट पार्टीका रूपमा एउटा मात्र दललाई मान्यता प्रदान गरिएको हुन्छ । लोकतान्त्रिक प्रणाली होस् वा तानाशाही, जुनसुकै राजनैतिक प्रणालीमा पनि राजनैतिक दलहरूको भूमिकालाई उच्च प्राथमिकता दिने र तिनको सञ्चालन प्रक्रियामा विशेष महत्त्व दिने गरेको देखिन्छ ।

समान उद्देश्यको आधारमा नै राजनैतिक दलको परिभाषा गर्न सकिन्छ । यी समान उद्देश्यबाट बनेका राजनैतिक दल छुट्टै रूपमा शक्तिप्राप्त गर्न र शक्तिमा रही आफ्ना नीति तथा कार्यक्रमहरू लागु गर्न चाहन्छन् भन्ने बुझ्न जरुरी छ । राजनैतिक दलहरूको प्राथमिक उद्देश्य नै राजनैतिक शक्ति प्राप्त गर्नु हो भने प्राप्त गरेको शक्तिलाई जोगाई राख्नको लागि अर्का दलमाथि प्रभुत्व कायम गरिराख्नु पनि हो । यही राजनैतिक शक्ति प्राप्त गर्ने, नियन्त्रण गर्ने र सञ्चालन गर्ने उद्देश्यबाट नै राजनैतिक दललाई अन्य संघ सङ्गठनबाट अलग गर्न सकिन्छ । राजनैतिक दलहरूको प्रमुख उद्देश्य नै राजनैतिक सत्ता प्राप्त गर्नु, यसमाथि नियन्त्रण गर्नु र सत्ता प्राप्तिका लागि सङ्घर्ष गर्नु हो । राजनैतिक दल राजनीतिक प्रणालीको लागि अनिवार्य तत्त्व होइन तर पनि दलको अनुपस्थितिमा यसको परिणामका विषयमा कल्पना गर्न सकिँदैन । राजनैतिक दल आधुनिक राजनीतिको जीवनरेखा हो (Neumann, 1956) । प्रजातान्त्रिक मुलुकहरूमा राजनैतिक दलहरूको आधारभूत स्थान रहन्छ भने साम्यवादी मुलुकहरूमा राजनैतिक दल नै सबैतिर छाएर बसेका हुन्छन् । निरङ्कुशतामा पनि राजनैतिक दलहरूको अस्तित्व नपाइने होइन । आज राजनैतिक दलको व्यापकताको अवस्थामा दलको अभाव देखिनु समेत अनौठो लाग्न सक्छ । यो अत्यावश्यक र आधारभूत स्तम्भको रूपमा वर्तमान राजनीतिमा कार्य गरिरहेको देखिन्छ ।

राजनैतिक दललाई आधुनिक युगको परिणामको रूपमा समेत हेरिन्छ । यसैबाट राजनीतिलाई आधुनिकीकरण र विकास गर्ने काम समेत भएको पाइन्छ । यसैले आधुनिक युगमा जीवनको प्रत्येक पक्षका साथै राजनैतिक प्रणालीमा राजनैतिक दलहरूको उपस्थिति र क्रियाकलाप संलग्न हुन्छ । यसकै वरिपरि राजनीति परिचालित हुँदै आकार ग्रहण गरिरहेको पाइन्छ । दलहरूको यो बढ्दो महत्त्वका कारणले गर्दा आधुनिक राजनैतिक शास्त्रमा दलहरूको विश्लेषण गर्ने पद्धतिको समेत विकास भएको छ । राजनैतिक

शास्त्रीहरूले राजनैतिक दलहरूको वैज्ञानिक विश्लेषण गर्ने कार्यले राजनैतिक विज्ञानमा राजनीतिक दलहरूको विज्ञानशास्त्र नै विकसित भएको छ । यसलाई दलशास्त्र वा Stasiology भनिन्छ । माउरिस दुवेगरको सन १९५१ मा प्रकाशित 'राजनैतिक दल' नामक पुस्तकले दलशास्त्रको विकासमा उत्प्रेरकको भूमिका खेलेको थियो । त्यसपछि अनेक राजनैतिक शास्त्रीहरूले दलका विषयमा विचार, विश्लेषण र सिद्धान्तहरू प्रतिपादन गरेका छन् ।

वर्तमान विश्वपरिवेशमा बहुसङ्ख्यक देशहरूमा बहुदलीय तथा संसदीय व्यवस्था अपनाइएको हुन्छ जुन प्रणालीभित्र राजनैतिक दलहरूको अहम् भूमिका रहेको हुन्छ । राजनैतिक दलहरू प्रजातन्त्रका आधारशिला हुन् । राजनैतिक दल बिना प्रजातन्त्र चलाउने कुरा दिवास्वप्न जस्तै हो । राजनैतिक दललाई आधुनिक राजनीतिक समाजको प्रतीकका रूपमा मानिन्छ । नेपालमा नेपाली काङग्रेस, नेकपा तथा विभिन्न खेमाका माओवादी दलहरू, राप्रपा तथा विभिन्न जातीय तथा क्षेत्रीय पार्टीहरू अस्तित्वमा रहेका छन् । मुलुकको राष्ट्रिय राजनीति र संसदीय अभ्यासहरूमा तिनका आ-आफ्नै विशेषता र योगदान रहेका छन् तर हालसम्म पनि यससम्बन्धी कुनै अध्ययन विश्लेषण भएको पाइँदैन । त्यसैले राप्रपासम्बन्धी यस शोधकार्य वर्तमानमा सान्दर्भिक देखिन्छ ।

## २.१.२ राजनैतिक दलको परिभाषा

राजनैतिक दल निश्चित कार्यक्रमको आधारमा एकमत भएर आफ्नो सामूहिक प्रयासबाट राष्ट्रिय हित वृद्धि गर्न खोज्ने मानिसहरूको सङ्गठन हो । वैज्ञानिक दृष्टिकोणले राजनैतिक दलभित्र एकमत हुन्छ र उनीहरू निर्वाचनमा एकै नीति तथा कार्यक्रम लिएर जनता समक्ष जान्छन् र राजनैतिक शक्ति प्राप्त गर्नका लागि प्रतिस्पर्धी हुन्छन् । विभिन्न विद्वानहरूले राजनैतिक दलको विभिन्न किसिमले परिभाषा गरेका देखिन्छ । राजनैतिक दल कम वा बढी सङ्गठित भएको एक राजनैतिक एकाइको रूपमा काम गर्ने, मतदानको शक्तिद्वारा सरकारमाथि नियन्त्रण गरी आफ्ना सामान्य नीति कार्यान्वयन गराउने नागरिकहरूको समूहबाट बनेको हुन्छ (Gettell, 1910) । सरकारका नीतिलाई प्रभावित गर्नका लागि विभिन्न समूहमा सङ्गठित हुन्छन् । राजनैतिक दल एक प्रकारको राजनीतिक समूह हो । यो स्वायत्तता प्राप्त सङ्गठित समूह हो र यसले चुनावमा भाग लिन उम्मेदवारहरूको चयन गर्दछ । सरकारको नीति तथा कार्यक्रममा नियन्त्रण र प्रयोग गर्न सक्ने आशाले चुनावमा भाग लिन्छ भन्ने प्रस्ट हुन्छ । राजनैतिक दललाई साधारण रूपले समाजमा सक्रिय राजनीतिक कार्यकर्ताको आवाज मुखरित गर्ने सङ्गठनको रूपमा लिन सकिन्छ । यस्ता सङ्गठन सरकारको नीतिमाथि नियन्त्रणको लागि प्रयासरत रहन्छन् र जनताको समर्थन पाउनको लागि विभिन्न विचार राख्ने अरु समूहसँग प्रतिस्पर्धा गर्दछन् । यसरी यो मध्यस्थताको महत्त्वपूर्ण साधन हो र यसले सामाजिक शक्तिहरू एवं विचारधारालाई सरकारी संस्थामा जोड्दछ साथै ठुलो राजनैतिक समुदायभित्र राजनैतिक कार्यसँग मिलाउँछ । बहुदलीय प्रजातान्त्रिक शासन प्रणालीमा सिद्धान्त, नेतृत्व र सङ्गठनको माध्यमबाट अधिकतम जनताको विश्वास र मत प्राप्त गरेर राज्यसत्ता प्राप्त गर्ने उद्देश्यले स्थापित सङ्गठनलाई राजनैतिक दल भनिन्छ

(खनियाँ, २०६३, पृ. ८१) । एड्मन वर्कले राजनैतिक दलको परिभाषा दिँदै राजनैतिक दल व्यक्तिहरूको यस्तो समूह हो, जसका सदस्यहरू सामान्य सिद्धान्तमा सहमत हुन्छन् तथा सामूहिक प्रयत्नद्वारा राष्ट्रिय हित प्रोत्साहन गर्नका लागि एक सूत्रमा बाँधिएका हुन्छन् भनेका छन् ।

व्यवहारवादीहरूको राजनैतिक दल बारेको परिभाषा पनि लगभग यस्तै खालको छ । राजनैतिक दल शासनतन्त्र वा राजनीतिको सूक्ष्म राजनैतिक व्यवस्था हो, जसका लागि एक सत्ता संरचना हुन्छ साथै शक्ति, नियन्त्रणमा विशिष्टता । यसको प्रतिनिधित्व प्रक्रिया हुन्छ, एक निर्वाचन प्रणाली हुन्छ तथा आन्तरिक सङ्घर्ष समाधान गर्ने, लक्ष्यको व्यवस्था गर्ने तथा नेतृत्व चयन गर्ने एक प्रक्रिया हुन्छ । समग्रमा दल भनेको निर्णय प्रक्रिया हो । यसरी दललाई राजनैतिक निर्णयको प्रक्रियाको रूपमा लिइन्छ । रोवर्ट वोहनले सरकारलाई आफ्ना उद्देश्यका लागि औपचारिक रूपमा नियन्त्रण गरेर समाजका मूल्यको आधिकारिक वितरणमा प्राथमिकता दिलाउने प्रयास गर्ने व्यक्तिहरूको समूह नै राजनैतिक दल हो भन्ने परिभाषा दिएका छन् । यस्तै पलम्वराले राजनीतिक दल एक औपचारिक प्रमुख उद्देश्य यस्ता व्यक्तिहरूलाई सार्वजनिक पदमा पुऱ्याएर त्यसमा राखिराख्नु हो, जसले एक्लै वा आपसमा मिलेर शासनतन्त्रमाथि नियन्त्रण राख्दछन् भन्ने रहेको छ । यस परिभाषाले राजनैतिक दललाई सत्ता प्राप्त गरी आफ्ना लक्षित उद्देश्यहरू प्राप्त गर्न प्रयत्नरत सङ्गठन तथा आधुनिक राजनैतिक क्रियाकलापको अभिन्न अङ्ग हो भन्ने स्पष्ट पारेका छन् । यसका सदस्यहरूबिच समान विचारप्रति सहमति र प्रतिबद्वता हुन्छ तथा यो आन्तरिक प्रक्रिया र गतिशीलताबाट जीवित रहन्छ । त्यसैले यो अमर हुन्छ अथवा एकचोटि सुरू भएको पार्टी कुनै न कुनै रूपमा जीवित रहन्छ । यसमा खास नीति लिएकाहरूबिच सहयोग र अरुसँग अलग हुने प्रवृत्तिको हुन्छ । यसैले गर्दा अन्य साधारण समूहभन्दा राजनैतिक दलहरू पृथक र विशिष्ट किसिमका हुन्छन् ।

सरसर्ती हेर्दा राजनैतिक दलको परिभाषामा एकरूपता देखिँदैन । यसो हुनुमा विद्वानहरूको दृष्टिकोणको विभिन्नता नै हो । विद्वानहरूले सैद्धान्तिक, कार्यात्मक र यथार्थवादी दृष्टिकोणले परिभाषा गर्दा भिन्नता आएको हो । एडमण्ड वर्कले “राजनैतिक दल मानिसहरूबिचको यस्तो समूह हो, जो कुनै निश्चित र विशेष सिद्धान्तको आधारमा एकीकृत माध्यमबाट राष्ट्रिय हित गर्न चाहन्छ” भनी दार्शनिक रूपले परिभाषित गरेका छन् । ई.बि.सुल्जले राजनैतिक दललाई व्यक्तिहरू वा विशिष्ट व्यक्तिहरूको समूह सङ्गठित र सम्भवतः टिकाउ सङ्गठनको रूपमा इच्छित नीतिहरू तथा अधिकार लागु गर्नका लागि आफ्ना सदस्यहरूलाई सरकारी निकायमा पुऱ्याउन प्रयत्न गर्दछ भनी कार्यात्मक परिभाषा दिएका छन् । जोसेफ पलम्वरा र माइरन वेबनरले राजनैतिकदल स्थानीय तहसम्म प्रभावकारी हुन्छ, सामान्य जनताबिच क्रियाशील रहन्छ र चुनावमा यिनीहरूबाटै चुनावी समर्थनको लागि प्रयत्नशील रहन्छ, राजनैतिक नियुक्तिमा प्रभाव पार्दछ र एक्लै वा अरुसँग मिलेर शक्तिको प्रतिस्पर्धा गर्दछन् भनी व्यावहारिक रुपमा परिभाषित गरेका छन् । यी परिभाषाहरूले राजनैतिक दल भन्नाले एक व्यक्ति वा व्यक्ति समूह मिलेर बनेको सङ्गठन, निश्चित विचारधारा र राजनीतिक कार्यक्रम, जनता बिच क्रियाशील, शक्तिमा पुग्न र नीति कार्यान्वयन गराउन

प्रयत्नशील र राजनैतिक भर्ती, राजनैतिक स्वार्थको प्रतिनिधित्व गर्ने, सामूहिकीकरण गरी सरकारमा पुऱ्याउने र सरकारका नीतिहरू जनतासमक्ष राख्ने एवं बदल्न प्रयास गर्ने जनताहरूको सङ्गठन हो भन्न सकिन्छ ।

राजनैतिकदल प्रजातन्त्रको आधारस्तम्भ हो । यसले प्रजातन्त्रलाई वास्तविक रूपमा क्रियाशील गराउँदछ । यथार्थमा भन्नुपर्दा कार्यपालिका र व्यवस्थापिका दुवैमा दलको प्रतिनिधित्व हुन्छ र वास्तविक शक्तिको प्रयोग दलहरूले नै गर्दछन् । राजनैतिकदल पूर्ण अथवा अपूर्ण रूपले सङ्गठित त्यस्ता नागरिकहरूको एउटा समूह हो जसले गर्दा एउटा राजनैतिक संस्थाले जसरी कार्य गर्दछ । यसको उद्देश्य आफ्नो मताधिकारको प्रयोगद्वारा सरकारमाथि नियन्त्रण राख्नु र आफ्नो सामान्य नीति सम्पादन गर्नु हो । राज्यशक्ति प्राप्त गरी त्यसको प्रयोग गर्ने उद्देश्यले स्थापित भएको सङ्गठित समूह नै राजनैतिक दल हो । मतदाताहरूको शक्तिद्वारा आफ्ना कार्यक्रमहरूलाई लागु गराउने, सरकार बनाउने र सरकारी नीतिमा नियन्त्रण गरी सरकारलाई जनउत्तरदायी बनाउने उद्देश्यले स्थापित भएको राजनीतिक इकाईको रूपमा काम गर्ने नागरिकहरूको समूह नै राजनीतिक दल हो (डर्विशायर तथा डर्विशायर, १९८९) । नेपालमा राप्रपा लगायत विभिन्न राजनैतिक दलहरू अस्तित्वमा रहेका छन् । वर्तमान अध्ययन राप्रपासँग सम्बन्धित छ ।

### २.१.३ राजनैतिक दलको विशेषता तथा आधारभूत तत्त्वहरू

राजनैतिक दलहरूका आफ्नै विशेषताहरू रहेका हुन्छन् । यिनै विशेषताबाट अन्य सङ्गठन र राजनैतिक दलहरूलाई छुट्ट्याउन सकिन्छ । यसका मुख्य विशेषताहरूमा राजनैतिक दल एक्लैले वा संयुक्त रूपमा भए पनि राजनैतिक सत्ता प्राप्त गर्न चाहन्छ । राजनैतिक दलको यही सत्ता प्राप्त गर्ने उद्देश्यले गर्दा नै अन्य दल, समूह तथा सङ्गठनहरूमाथि प्रभुत्व स्थापित गर्दछन् । राजनैतिक सत्ता प्राप्तिको उद्देश्यको आधारमा नै राजनैतिक दललाई अन्य समूहबाट अलग गर्न सकिन्छ । अन्य समूहहरू खाली दवाब दिएर आफ्नो अनुकूल नीति बनाउन खोज्छन् । राजनैतिक दलहरूका सङ्गठनको निरन्तरता, स्थानीय सङ्गठन, स्व-चेतनशीलता र समर्थन गरी चार वटा विशेषताहरू रहेका हुन्छन् (La Palombara and Weiner, 1966)। एउटा समूह त्यसवेला मात्र राजनैतिक हुन्छ, जब उसले विवादको समाधानमा भाग लिन्छ । यसका लक्ष्यहरू सामान्य हुन्छन् र सदस्यता खुला हुन्छ । पार्टीमा शक्ति हस्तगत गर्न चाहन्छ तथा बढी राजनैतिक कारण हुन्छ । यसले केही सीमित मामलामा मात्र आफूलाई संलग्न गराउँदैन, सम्पूर्ण राष्ट्रिय निर्णयमा नै इच्छुक रहन्छ । त्यसैले केही प्रभाव पार्न मात्रामा सीमित नराखी सम्पूर्णतः प्रभावित गर्न चाहन्छ भनी यसको प्रकृतिको वर्णन गरेका छन् । राजनैतिक दलबारे मार्क्सवादी दृष्टिकोण भने केही भिन्न र मौलिक रहेको छ । दलीय आधारमा सङ्गठित पार्टीले साम्यवाद ल्याउनको लागि कार्य गर्दछ भन्ने मार्क्सवादीहरूको धारणा छ । लेनिनको भनाइमा सर्वहारावर्गसँग शक्ति सङ्घर्षमा सङ्गठनबाहेक कुनै साधन हुँदैन, यसैको आधारमा गरिबीको खाडलमा जकडिएका सर्वहाराहरू अजेय शक्तिको रूपमा विकसित हुन्छन् । मार्क्सवादी विचार धाराको एकता भौतिक रूपमा करोडौं पीडित र श्रमिक वर्गको फौजको सङ्गठनले बलियो हुन्छ । लेनिनले सर्वहारा वर्गको वर्गहित रक्षा गर्ने क्रान्तिवाहकका रूपमा लिएका छन् । अनुशासित, बलियो तथा सिद्धान्तनिष्ठ

कम्युनिस्ट पार्टीको नेतृत्वमा नै क्रान्ति सफल गर्न सकिनेछ भन्ने लेनिनको भनाइ छ । माओले पनि पार्टीलाई वर्गीय धारणाअनुसार व्याख्या गर्ने अनुशासित जनाधार भएको सिद्धान्तनिष्ठ पार्टीबाटै क्रान्ति निर्माण गर्न सकिने धारणा व्यक्त गरेका छन् । मार्क्सवादी धारणाअनुसार कम्युनिस्ट पार्टीलाई 'प्रगतिशील', 'लडाकु', 'वर्ग चेतनायुक्त' कामदार वर्गको सहयोद्धा जनवादी केन्द्रीयतायुक्त पेशागत क्रान्तिकारी वर्गको सङ्गठनका रूपमा लिइएको छ । यसले सत्ता प्राप्त गर्न असंवैधानिक तरिकाको क्रान्ति र सशस्त्र कब्जामाथि विश्वास गर्दछ । यसैले मार्क्सवादी र गैरमार्क्सवादी पार्टीहरूमा मौलिक भिन्नता छ ।

साम्यवादी र गैर साम्यवादीहरू बिचमा राजनैतिक दलका विषयमा केही अन्तर देखिए पनि वैज्ञानिक दृष्टिकोणले यी दलहरूमा समान आधारभूत तत्त्वहरू पाउन सकिन्छ । दुवेगरले राजनीतिक दलको आधारभूत तत्त्वलाई ४ भागमा विभाजन गरी हेर्ने प्रयास गरेका छन् (Duverager, 1964) । उनले राजनीतिक दललाई समुदाय नभएर समूह, साना समूहका संघ, शाखा, स्थानीय र केन्द्र सङ्गठनहरूलाई समन्वयकारी संस्थाको एकीकरणको रूपमा लिएका छन् । यसमा दलको लम्ब (Vertical) तथा क्षितिजीय (Hoizontal) धारणालाई विवेचना गरिएको छ । साथै पार्टीको समूह, शाखा-प्रशाखा र अन्य सङ्गठनहरूको धारणा र यसको कार्यगत प्रक्रियालाई पनि स्पष्ट पार्न खोजिएको छ । राजनीतिमा दलहरूको भूमिका केन्दविन्दुमा रहने हुँदा यसको अध्ययनबिना राजनीतिको अध्ययन गर्न सम्भव हुँदैन । यसैले वर्तमान परिप्रेक्ष्यमा राजनैतिक दलहरूको अध्ययन गर्ने पद्धतिको समेत विकास भएको देखिन्छ ।

## २.१.४ विश्वमा राजनैतिक दलको उद्भव र विकास

विश्वमा राजनैतिक दलहरूको सुरूवात कहिले र कहाँबाट भयो भन्ने बारेमा एकिन रूपले किटान गर्न निकै गाह्रो छ । विश्व जब कुनै राजाबाट सञ्चालित थियो त्यहाँ न त कुनै कानुन निर्माता संसद्को काम थियो न त संसद्मा दलहरूको उपस्थिति नै (अधिकारी, २०५५, पृ. १०) । त्यसैले राजनैतिक दलहरू संसद् अस्तित्वमा आएदेखि अस्तित्वमा आएका हुन भन्न सकिन्छ । विश्वमा प्रजातन्त्रको जननी भनेर चिनिने बेलायत नै संसद्को जननी हो । तथापि वेलायतमा राजनैतिक दलहरू राज्य संस्था वा राज्यको कुनै कानुनले स्पष्ट व्यवस्था गरेको अङ्ग भने होइन (Kapoor, 1996, p. 270) । त्यहाँ १२ औं शताव्दीदेखि नै संसद्को अस्तित्व विभिन्न नाम वा रूपमा देखा परेको थियो । बेलायतमा सन् १६७९ तिर राजनैतिक दलको उत्पत्ति हुन पुग्यो (अधिकारी, २०५५, पृ. १०) । तसर्थ राजनैतिक दलको उद्भव १७ औं शताव्दीको अन्त्यतिर भएको हो भनेर किटानका साथ भन्न सकिन्छ । तथापि राजनैतिक दलको उत्पत्ति युरोपमा औद्योगिक क्रान्तिका साथ भएको देखिन्छ । खासगरी प्रतिनिधिमूलक राजनैतिक प्रणालीको अवधारणा र सार्वभौमसत्ता जनतामा निहित भएको भन्ने सिद्धान्त प्रतिपादित भएपछि राजनैतिक दलहरूको पनि उत्पत्ति र विकास भएको देखिन्छ । यसैले राजनैतिक दलको उत्पत्ति प्रतिनिधिमूलक व्यवस्था आम जनसहभागिताको अवधारणाका साथै १८ औं शताब्दीमा भएको हो । Peter Marcel  द्वारा प्रतिपादित सिद्धान्तमा राजनैतिक प्रतिस्पर्धाको सामाजिक समूहले यो राजनैतिक दलको विकास गरेको भन्ने मानेको छ । उपर्युक्त सिद्धान्तहरूको संक्षिप्त लेखाजोखाबाट

के थाहा हुन्छ भने राजनैतिक दलको उत्पत्तिको कुनै एकमात्र वा एकभन्दा बढी कारणहरू हुन्छन् । तिनको विकास एकसाथ अनेकौं तथ्य र शक्तिहरूको सम्मिलित प्रभावबाट अथवा कुनै एक घटना वा आवश्यकताको परिपूर्तिको लागि हुने गर्दछ । त्यसैले राजनैतिक दलको प्रारम्भ वेलायतबाट भएको मानिन्छ । बेलायत द्विदलीय व्यवस्थाको आदर्श नमुनाको रूपमा रहेको पाइन्छ ।

सन् १९४६ देखि बेलायतमा दुईवटा मुख्य राजनैतिक दलहरू नै विभिन्न वर्गीय हितको प्रतिनिधित्व गर्ने तथा सरकार बनाउने कार्य गरिरहेका छन् । वर्तमान अवस्थामा बेलायतमा अनुदारवादी दलको शासन रहेको छ र लेवरपार्टीले विरोधीको भूमिका निर्वाह गरिरहेको छ । हुन त वेलायतमा राजनैतिक गुटबन्दी धेरै पहिलेदेखि नै थियो तर अझसम्म पनि बेलायतमा राजनीतिक दलहरू राज्य संस्था वा राज्यको कुनै कानुनले स्पष्ट व्यवस्था गरेको अङ्ग होइनन् (Kapoor, 1996) । बेलायतमा राजनैतिक दलको जन्म सन् १६७९ मा भएको हो । १९ औं शताब्दीमा टोरी दल र Whigs, धनीहरूसँग मिले र कन्जरभेटिभ दलका रूपमा परिवर्तन भए । २० औं शताब्दीको सुरूबाट अर्को महत्त्वपूर्ण दल लेबर पार्टी विभिन्न ट्रेड युनियनहरू तथा अन्य दल मिलेर बन्यो । साथै कम्युनिस्ट पार्टी र समाजवादी पार्टीहरू पनि बेलायतमा जन्मे । यसैगरी राजनैतिक दलको अर्को इतिहासलाई हेर्ने हो भने राजनैतिक दलको सुरूवात संयुक्त राज्य अमेरिकाबाट भएको पाउँछौं । अमेरिकामा पनि दलीय प्रणालीको इतिहास भने त्यति धेरै पुरानो छैन । अमेरिकाको संविधान निर्माण गर्दा राजनैतिक दलको विषयमा कही पनि उल्लेख गरेको पाइँदैन तर त्यही संविधान निर्माण गर्दा भएको फिलाडेल्फिया सम्मेलनको समयमा नै राजनैतिक दलको उपस्थिति भने भई सकेको थियो । अमेरिकी पार्टीहरूको सुरू अमेरिकी संविधानको निर्माणभन्दा अगाडि भएको मानिन्छ । अमेरिकी संविधान निर्माण गर्ने फिलाडेल्फिया सम्मेलनमा दुई किसिमका मतभिन्नता पनि दलका आधारमा भएको थियो ।

निर्वाचित प्रतिनिधि दलका माध्यमद्वारा गएका हुन् । जब सन् १८०० मा जेफरसन राष्ट्रपति भए त्यसबेला प्रत्यक्ष दुई राजनैतिक दल विभाजन भयो । सन् १८२८ को निर्वाचनबाट राष्ट्रिय रिपब्लिकन र डेमोक्रेटिक रिपब्लिकन पार्टीको नामबाट निर्वाचन लडे । पछि यसैबाट रिपब्लिकन र डेमोक्रेटिक पार्टी बन्न पुगे । फ्रान्समा १९ औं शताब्दीको अन्त्यसम्म कुनै राजनैतिक कार्यक्रम भएका निश्चित सङ्गठनको रूपमा दलहरू देखिंदैनन् । तेस्रो गणतन्त्रको समयमा केही पार्टीहरू अस्तित्वमा आए पनि चौँथो गणतन्त्रको समयमा मात्र मुस्किलले एक दर्जन जति दलहरूको अस्तित्व रहेको देखिन्छ । सन् १७७५ देखि तीनवटा गणतन्त्र, एउटा निरङ्कुश राजतन्त्र, एक संवैधानिक राजतन्त्र र दुई साम्राज्यको रूपमा फ्रान्सको राजनैतिक इतिहास बितेकाले त्यहाँ दलीय विविधता देखिन्छ । सन् १९०१ मा स्थापित कट्टरपन्थी गणतन्त्रवादी र समाजवादी कट्टरपन्थी दलहरू हुन् (Kapoor, 1996, p. 272 ) । हाल आएर फ्रान्समा बहुदलीय पद्धति रहेको छ । फ्रान्सको राजनैतिक दललाई विशेष वैधानिकता प्राप्त छ । फ्रान्सको पाँचौं गणतन्त्रको संविधानले नै राजनैतिक दललाई स्वीकृति प्रदान गरेको छ । यसैले राजनैतिक जीवनको स्वाभाविक तत्त्वका रूपमा दललाई लिइएको पाइन्छ । स्वीस पार्टीको इतिहास हेर्दा सन् १८४८ लाई नै सुरूवात मान्न सकिन्छ । सन् १८७४ मा

सङ्घीय संविधानको निर्माण भयो । सन् १८८० तिर सामाजिक प्रजातन्त्र पार्टीको स्थापना भयो । उद्योग तथा कार्यहरूको विस्तारसँगै स्विट्जरल्याण्डका पार्टीहरूको सङ्गठन पनि बढ्दै गएको देखिन्छ । भारत संसारमा नै सबभन्दा ठूलो लोकतन्त्र र संसदीय अभ्यास भएको मुलुक हो । भारतमा सन् १८८५ मा बेलायती मूलका नागरिकले भारतीय राष्ट्रिय कांग्रेसको स्थापना गरेपछि राष्ट्रिय मुक्तिका लागि यसले कार्य गरेको र सन् १९४७ मा स्वतन्त्रता प्राप्त गरेपछि स्वतन्त्र भारतको नेतृत्वसमेत सोही पार्टीले गर्न पुगेको थियो । जापानमा मेइजी संविधान सन् १८८९ मा लागु हुनु अगाडि नै पश्चिमी प्रभावबाट राजनीतिक दलहरू अस्तित्त्वमा आएको देखिन्छ ।

### २.१.५ नेपालमा राजनैतिक दलको उद्भव र विकास

नेपालमा वि.सं. १९०३ मा सुरू भएको जहानियाँ एकतन्त्रीय राणा शासनको अन्त्य गर्ने र देशमा प्रजातन्त्र स्थापना गर्ने उद्देश्यले व्यवस्थित रूपमा २००३ सालतिर मात्र राजनैतिक दलको गठन भएको पाइन्छ (निर्वाचन आयोग, २०७४) । तर त्योभन्दा अगाडि वि.सं. १९८८ सालमा भीम शमशेरको समयमैं राजनैतिक दल स्थापना भइसकेको थियो । वि.सं. २००७ साल अघि नेपालमा राजनैतिक दलहरूलाई कानुनी मान्यता प्राप्त थिएन । तसर्थ त्यसबेलाका राजनैतिक दलहरू भूमिगत रूपमा स्थापना हुन्थे र भूमिगत अवस्थामा नै आफ्ना गतिविधिहरू सञ्चालन गर्थे । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनापश्चात् मात्र पहिलो पटक राजनैतिक दलहरूलाई मान्यता प्रदान गरिएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि राजनैतिक दललाई मान्यता प्रदान गरिएको थियो (निर्वाचन आयोग, २०७४) तर यो अविछिन्न रहन सकेन । नेपाली जनताको २०४६ सालमा जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने चाहना अनुरूप तत्कालीन राजा वीरेन्द्रबाट राजनैतिक दलहरू माथिको प्रतिबन्ध हटाई नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा भयो । यो घोषणासँगै बहुदलीय प्रजातन्त्रलाई संविधानको असंशोधनीय आधारभूत संरचनाका रूपमा स्वीकार गरिएको देखिन्छ । तत्पश्चात् राजनैतिक दलहरू च्याउसरि जन्मिन थाले । नेपालका राजनैतिक दलहरूका बारेमा तल वर्णन गरिएको छ ।

#### प्रचण्ड गोर्खा

वि.सं. १९८८ मा उमेशविक्रम शाह, कप्तान खण्डमान सिंह, खड्गमान सिंह, रङ्गनाथ शर्मा, मैनबहादुर आदि केही उत्साही युवाहरूले देशमा संसदीय शासन व्यवस्था स्थापना गर्ने उद्देश्यले प्रचण्ड गोर्खा नामक संस्थाको निर्माण गर्ने प्रयत्न गरेका थिए । प्रारम्भिक अवस्थामा नै दमन भएकाले यसको नीति तथा कार्यक्रमहरू जनता समक्ष आउन सकेनन् । तैपनि यसको प्रमुख लक्ष्य राणा एकतन्त्रवाद समाप्त गरी देशमा राजाको नेतृत्वमा प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना गर्नु थियो । उमेशविक्रम शाह यसमा भएकाले श्री ५ त्रिभुवनको पनि कुनै न कुनै सम्वन्ध यस संस्थासँग थियो भन्न सकिन्छ (शर्मा, २०३३, पृ. ३६८) । यस दलका नेताहरूले भारतीय उग्रवादी नेता कपिलदेवको सहयोगले वम र डाइना माइट प्राप्त गर्ने योजना समेत बनाएका थिए (बुढाथोकी, १९७६, पृ. २८) । तिहारको अवसर पारेर रेलमा भएका प्रत्येक राणाहरू

प्रधानमन्त्रीसँग भेट्न जाने बेलामा डाइना माइटद्वारा एकै ठाउँमा सबै राणाहरूको स्वाहा गरेर देशमा संवैधानिक राजतन्त्रात्मक शासन व्यवस्था लागु गर्ने बाटो बनाउने योजना यस दलले बनाएको थियो (यादव, २०४९, पृ. २५६) ।

## नेपाल प्रजा परिषद्

नेपालमा राणाशासनको विरुद्ध प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने उद्देश्य लिएर वि.स. १९९३ ताका टङ्कप्रसाद आचार्य, दशरथ चन्द, रामहरि शर्मा, धर्मभक्त माथेमा आदि प्रखर राष्ट्रवादी युवाहरूले नेपालको राजनीतिक इतिहासमा राजनीतिक सङ्गठनको तर्जुमा गरेर नेपाल प्रजा परिषद् नामको पार्टी स्थापना गरे (राणा, २०७४, पृ. १०८) । भीमफेदीको एउटा होटलमा दशरथ चन्द र टंकप्रसाद उपाध्यायको भेट हुँदाका बखत उनीहरूले राणाशासनको विरोधमा एउटा गोप्य संस्था खोल्ने विचार गरे (यादव, २०४९, पृ. २५६) । पछि वि.सं. १९९३ जेठ २२ गते टङ्कप्रसाद, दशरथ चन्द, धर्मभक्त, रामहरि, जीवराज प्रवृत्तिका केही युवकहरूद्वारा झौंछे ओमबहालस्थित धर्मभक्तको घरमा यस परिषद्को कार्यालय गोप्य रूपले खोलिएको थियो । सन् १९३७/३८ मा टङ्कप्रसाद र अन्य केही मानिसहरूले गोप्य रूपमा आतङ्कवादीको जानकारी लिन भारत, बर्मा लगायत अन्य ठाउँहरूको भ्रमण गरेका थिए । उनीहरूको भ्रमणपश्चात् परिषद्ले दुई तहबाट कार्य गर्ने निर्णय गर्‍यो । जसअनुसार, पहिला राजनीतिक गतिविधिको विषयमा जनतालाई शिक्षित बनाउने र दोस्रो सरकारमा तीव्र गतिमा परिवर्तन गर्नका लागि गोप्य रूपमा केही महत्त्वपूर्ण राणाहरूको लुकेर हत्या गर्ने (Gutpa, 1993, p. 27) । राणाहरूको हत्यासम्म गर्ने उद्देश्यले खोलिएको प्रजा परिषद्लाई राणाहरूले कडा निगरानीमा राखेका थिए । जसको कारण यो परिषद्को कार्य त्यति प्रभावकारी बन्न सकेको थिएन । वि.सं. २००७ मा नेपाली कांग्रेसको नेतृत्वमा प्रजातन्त्र स्थापना भएपछि यो दल प्रजातन्त्रसँगै नेपाल प्रजा परिषद् नवीन समाजवादी संघमा परिणत भयो । यो पार्टी वि.सं. २०१५ सालको आम निर्वाचनसम्ममा दुई पार्टीमा विभाजित भई दुवै समूहले उम्मेदवारी दिएका थिए (गौतम, २०४६, पृ. २३९) । तर वि. सं. २०१७ साल पुष १ को शाही घोषणासँगै यो दल नेपाली राजनीतिबाट बिलाएर गयो ।

## नेपाली राष्ट्रिय कांग्रेस

दोस्रो विश्व युद्धपछि देखा परेको प्रजातन्त्रको लहर तथा भारतको राजनीतिमा आएको परिवर्तनले आम नेपाली युवाहरूमा पनि राजनीतिक जागरण आयो । उनीहरू एकतन्त्रीय राणा शासनलाई अन्त्य गरी देशमा प्रजातन्त्र स्थापना गर्न सक्रिय भए । काशीका नेपाली युवकहरूले एउटा गोष्ठी गरी भारतीय समाजवादी नेता जयप्रकाश नारायण र राममनोहर लोहियाको सहयोग र निर्देशनमा सन् १९४६ अक्टोबर ३१ तारिकमा 'अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस' को स्थापना गरेर एउटा तदर्थ समिति पनि गठन गरे (जैन, १९५९, पृ. १२९) । कोइराला परिवारलाई चन्द्र शमशेरकै पालादेखि प्रजातन्त्रप्रति आस्था राख्ने परिवारको रूपमा चिनिन्थ्यो । सङ्गठनको रूपरेखा र कार्य प्रणालीको निश्चय गर्न सन् १९४७ जनवरी २५ र २६ मा कलकत्ताको भवानीपुरमा यस पार्टीको सम्मेलनको आयोजना गरी पार्टीको नाम नेपाली राष्ट्रिय

कांग्रेस राख्यो । नवगठित यस पार्टीको उद्देश्य भारतको स्वतन्त्रता र नेपालमा राजाको वैधानिक नेतृत्वमा जनप्रतिनिधिमुलक सरकारको स्थापना गर्ने थियो । वि.सं. १९९७ सालदेखि काठमाडौंमा आजीवन कारावासको सजायँ भोगी रहेका नेपाल प्रजा परिषद्का सभापति टङ्कप्रसाद उपाध्याय नै यस संस्थाको पनि सभापति बनाइए (शर्मा, २०३३, पृ. ४०७) । यस पार्टीको स्थापना लगत्तै यसले विराटनगर जुटमिलमा हड्तालको आह्वान गऱ्यो । यस पार्टीले देशभित्र राष्ट्रवादी आन्दोलन गर्ने उद्देश्यले सत्याग्रह आन्दोलन पनि गऱ्यो । फलस्वरूप पद्म शमशेरले नेपालमा संवैधानिक सुधार गर्न २००४ साल माघमा नेपाल सरकार वैधानिक कानुन, २००४ घोषणा गरे तर पद्म शमशेरको सुधारवादी कदमसँग असहमत मोहन शमशेरले आफू प्रधानमन्त्री बनेपछि नेपाल राष्ट्रिय कांग्रेसलाई अवैध घोषित गरे ।

## नेपाल प्रजातन्त्र कांग्रेस

नेपालमा राणा परिवारहरू ए, वि र सी वर्गमा विभाजित थिए । उनीहरू बिचका वर्गीकरणका कारण राणा परिवारभित्र नै मतभेदको स्थिति थियो । अझ जुद्ध शमशेरको पालामा सी क्लासका राणाहरू उपत्यकाबाट निकालिएपछि उनीहरूनै राणा विरोधी अभियानमा लागे । यिनै सी वर्गका राणाहरू सम्मिलित भई भारतमा वि.सं. २००५ साउन १ गतेका दिन नेपाल प्रजातन्त्र कांग्रेस स्थापना गर्न पुगे । यसका प्रमुख सदस्यहरूमा महेन्द्रविक्रम शाह, सुवर्ण शमशेर, महावीर शमशेर, सूर्यप्रसाद उपाध्याय आदि थिए । यस पार्टीको उद्देश्य पनि नेपाली राष्ट्रिय कांग्रेसको जस्तै थियो तथापि यसका सदस्यहरू सशस्त्र आन्दोलनमा विश्वास राख्दथे । यस पार्टीको मुखपत्रको नाम 'राष्ट्रपुकार' थियो । यस पार्टीले २००६ साल माघ १३ गतेबाट सशस्त्र आन्दोलन गर्ने निधो गरेको भए तापनि स्रोत साधन र कार्यकर्ताको कमीले गर्दा सो कार्यक्रम सफल हुन सकेन । घोषणा पत्रमा उल्लेख भएअनुसार यस पार्टीको तत्कालीन लक्ष्य राणा शाासन समाप्त गर्ने र त्यसको साटो वयस्क मताधिकारको आधारमा निर्वाचित संविधानसभाको व्यवस्था गर्ने थियो (Gupta, 1993, p. 168) ।

## नेपाली कांग्रेस

२००३ सालमा विपी कोइराला, डिल्लीरमण रेग्मी, कृष्णप्रसाद भट्टराई आदिको अग्रसरतामा खोलिएको नेपाली राष्ट्रिय कांग्रेस र २००५ सालमा असन्तुष्ट राणाहरू महावीर शमशेर, सुवर्ण शमशेर इत्यादिको अग्रसरतामा खुलेको नेपाल प्रजातन्त्र कांग्रेस एकीकरण भई नेपाली कांग्रेसको जन्म भएको हो (पोखेल, २०७५, पृ.२३६) । एउटै उद्देश्य भएका दुई कांग्रेस पार्टीहरू दुई भागमा विभाजित हुँदा दुवै दलको शक्ति कमजोर भएकाले एउटै सशक्त पार्टीको निर्माण गर्नका लागि यी दुवै पार्टीहरूका बिचमा सम्झौता भई वि.सं. २००६ साल चैत्र १४ गते मातृकाप्रसाद कोइरालाको अध्यक्षतामा नेपाली कांग्रेस नामक पार्टीको स्थापना भएको हो । नेपाली कांग्रेसको मुख्य उद्देश्य एकतन्त्रीय राणा शासनलाई उन्मुलन गरी संवैधानिक राजतन्त्रको आधारमा प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना गर्नु थियो । २००७ साल असोज १० र ११ गते भारतको विहार राज्यको वैरगनियामा नेपाली कांग्रेसले एउटा ऐतिहासिक सम्मेलनको आयोजना गरेर

नेपालमा सशस्त्र क्रान्ति गर्ने निर्णय लिएको थियो (Gupta, 1993)। सङ्घर्षको मुख्य केन्द्र विराटनगर तथा विरगञ्जलाई बनाएको थियो (चटर्जी, १९६७, पृ. ८५) । यस्तो अवस्थामा तत्कालीन राजा त्रिभुवनले नारायणहिटी परित्याग गरी शरण लिनु नै उचित ठानी (शर्मा, २०३३, पृ. ४१४), २००७ साल कार्तिक २१ गते सपरिवार भारतीय राजदुतावासमा शरण लिन पुगे । नेपाली कांग्रेसले यसै समयलाई क्रान्तिको लागि उपयुक्त समय ठह-याई श्री ५ त्रिभुवन विशेष विमानद्वारा भारत सवारी भएपछि सोही दिन (कार्तिक २५ गते) बाट नै क्रान्ति प्रारम्भ गर्ने घोषणा ग-यो । मुक्ति सेनाको सशस्त्र आक्रमण, श्री ५ त्रिभुवनको सहयोग एवं छिमेकी राष्ट्र भारतको समर्थनमा सञ्चालित यस क्रान्तिले क्रमशः सफलता प्राप्त गर्दै गएपछि राणा सरकारले भारत सरकार समक्ष वार्ताको लागि प्रतिनिधि पठाएको थियो ।

पहिलो चरणमा भएको वार्ताले कुनै सफलता हासिलगर्न सकेन । तसर्थ राणा सरकारले पुनः वार्ताको लागि २५ डिसेम्बरमा विजय शमशेर र नरेन्द्रमणी दीक्षित रहेको अर्को प्रतिनिधिमण्डल भारत पठायो । यसपटक भारतको मध्यस्ततालाई राणा सरकारको प्रतिनिधि र नेपाली कांग्रेस बिच नेहरू (भारतकै) को मध्यस्ततामा एउटा सम्झौता भयो । सन् १९५१ को जनवरी ८ तारिकका दिन मोहन शमशेरले उक्त सम्झौतालाई स्वीकार गर्ने घोषणा गरे । यसै सम्झौतालाई दिल्ली सम्झौता भनिन्छ (देवकोटा, २०३६, पृ. ४०-४५) । श्री ५ त्रिभुवनले यस घोषणालाई स्वीकार गरी क्रान्ति बन्द गर्ने आह्वान गरे तापनि सुरूमा नेपाली कांग्रेसले त्यसलाई अस्वीकार गरी केही मागहरू अघि सारेको थियो । श्री ५ त्रिभुवन र मातृकाप्रसाद कोइरालाको भेट पश्चात् क्रान्ति बन्द गर्ने कुरामा नेपाली कांग्रेस सहमत भयो । अन्त्यमा सन् १९५१ को फेब्रुअरी १२ तारिकका दिनको यस निर्णयले सबै पार्टीहरूलाई सहमतिमा ल्यायो र सोही महिनाको १८ तारिकको शाही घोषणाद्धारा नयाँ मन्त्रीमण्डलको गठन भएपछि १०४ वर्षदेखिको जहानियाँ राणा शासन समाप्त भयो । राणा कांग्रेसको संयुक्त मन्त्रीमण्डल गठन भयो । यसरी २००७ सालको क्रान्तिमा नेपाली कांग्रेसले अग्रणी भूमिका खेलेको थियो । २०१५ सालको आम निर्वाचनमा नेपाली कांग्रेस नै दुई तिहाइ बहुमत पाई विजयी भयो र यसका नेता विपी कोइराला प्रधानमन्त्री बने तर यो सरकारले आफ्नो ल्याकत प्रमाणित गर्न पाएन । २०१७ साल पुष १ गते राजा महेन्द्रको सैनिक प्रतिक्रान्तिद्वारा यो सत्ताच्यूत भयो । मुलुकमा राजनीतिक दलहरू प्रतिबन्धित भए । विचारका हिसाबले नेपाली कांग्रेसले आफूलाई लोकतान्त्रिक समाजवादी भन्छ र यसले विपीको समाजवाद र बहुलवादी लोकतन्त्रमा विश्वास गर्छ । लोकतन्त्र, राष्ट्रियता र समाजबाद यसको नारा हो तर सरकारमा हुँदा यसले अपनाएका आर्थिक नीतिहरू समाजवादी नभई नव उदारवादी देखिन्छ ।

## नेपाल कम्युनिस्ट पार्टी

नेपालको राजनैतिक इतिहासमा क्रान्तिकारी र बलिदानी छवि लिएर देखा परेको पार्टी नेपाल कम्युनिस्ट पार्टी हो । नेपाल कम्युनिस्ट पार्टी एसियाली मुलुकका कम्युनिस्ट पार्टीहरूमध्ये सबैभन्दा कान्छो पार्टी पनि हो । यसको गठन सर्वप्रथम वि.सं. २००६ साल असोज महिनामा भएको हो । विहारी नामक

व्यक्तिको राल्फफक्सन 'कम्युनिजम' र गोर्किको 'मदर' नामक पुस्तक ल्याउनुको साथै साम्यवादी विचारको प्रवेश नेपालमा भएको मानिन्छ (गुरुङ, १९४९, पृ. ४४) । द्वितीय विश्वयुद्धपछि विश्वको तीन खण्डको एक खण्डमा समाजवादी व्यवस्थाको स्थापनाले ल्याएको क्रान्तिकारी लहर, भारतमा अङ्ग्रेजहरूको पतन र उत्तरी देश चीनमा कम्युनिस्ट सरकारको स्थापना आदि परिवर्तनको कारणले गर्दा एकातिर राणाशाही व्यवस्थाको जगलाई अझ कमजोर बनायो भने अर्कोतर्फ जनताको क्रान्तिकारी सङ्घर्षलाई अझ तीव्र रूपले बच्चै भए पनि नेपाल कम्युनिस्ट पार्टी २००७ सालको क्रान्तिलाई पूर्णरूपले अगाडि बढाई सामन्तवादलाई उखेली फाल्ने प्रयत्नमा थियो । २००७ सालको दिल्ली सम्झौतापछि पनि नेकपाले क्रान्ति रोक्न मानेको थिएन र "दिल्ली सम्झौता धोका हो" भन्ने नारालाई उठान गरेको थियो । यही नाराले नै नेपाल कम्युनिस्ट पार्टीले जनतामा प्रभाव छोड्न सफल भएको देखिन्छ । मनमोहन अधिकारी, तुलसीलाल अमात्य, डिपी अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, हिक्मत सिंहसमेत यस पार्टीमा सक्रिय भएको हुँदा यसको प्रचारप्रसार बढ्दै गयो ।

विभिन्न कारणवस पुष्पलालले २००८ सालमा महामन्त्रीको पदबाट राजीनामा दिनुभयो र मनमोहनले सो पद सम्हाल्नु भयो । २०१० सालमा नेपाल कम्युनिस्ट पार्टीको प्रथम महाधिवेशन भएको थियो । यसबेलासम्म धेरैजना यसका सदस्य भइसकेका थिए । २००८ सालसम्मको अवधीभित्र पार्टी किसान, विद्यार्थी तथा मजदुरहरूका बिच निकै लोकप्रिय भइसकेको थियो । २०१४ सालमा पार्टीको दोस्रो महाधिवेशन काठमाडौँमा सम्पन्न भएको थियो । यस महाधिवेशनमा केशरजङ्ग रायमाझी पार्टीको महामन्त्रीमा चुनिनुभएको थियो । संसदीय प्रजातन्त्रमा विश्वास राख्ने पुष्पलाल, गणतन्त्र रुचाउने शम्भुराम तथा संवैधानिक राजतन्त्रमा विश्वास राख्ने रायमाझी भएकाले र खास गरी रायमाझी राजावादी हुनु र नेतृत्व प्रदान गर्न नसक्नुले कम्युनिस्ट विचारधारा तीन भागमा विभाजित हुन पुग्यो तर आम जनतामा कम्युनिस्ट सिद्धान्त र पार्टीको प्रचारको अभाव र सङ्गठनात्मक रूपले पनि पार्टी बच्चै भएको हुनाले पार्टीको हातमा कार्यक्रम भएर पनि फैलिँदो असन्तोषलाई सङ्गठित गरी क्रान्तिलाई पार्टीको नेतृत्वमा अगाडि बढाउन असफल भयो (श्रेष्ठ, १९९०) । २००८ सालमा भएको रक्षादल विद्रोहमा यस पार्टीको पनि संलग्नता रहेको भनी प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले यसमाथि लगाइएको प्रतिबन्ध पनि फुकुवा गरेको पाइन्छ । २०१५ सालको आम निर्वाचनमा यस पार्टीले ४७ सिटमा आफ्नो उम्मेदवारी खडा गरे पनि ४ जना मात्र विजयी भए भने १० सिटमा निकटतम प्रतिद्वन्द्वी बने । ३३ जनाको जमानत जफत हुन पुगेको थियो । अन्य पार्टीहरू जस्तै यो पार्टी पनि २०१७ साल पौष २२ गतेको शाही घोषणाबाट प्रतिबन्धित अवस्थामा रहन पुग्यो ।

२०१७ सालको प्रतिगामी कदमबाट कम्युनिस्ट पार्टी पनि शाही प्रहारको निशाना बन्यो । मनमोहन अधिकारीलगायत अन्य कयौँ नेता जेल परे भने पुष्पलाल, तुलसीलालहरू बचेर भारत पुगे । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा छाएको रुस चीन विवाद र देशभित्र राजा महेन्द्रको प्रतिगामी कदमका कारणले नेपालको कम्युनिस्ट आन्दोलनमा अनेक सङ्कट आए । यो धेरै टुक्रामा विभक्त भयो । सन् १९६१ मार्चमा दरभङ्गा प्लेनम्मा भएको पार्टी छलफलबाट कम्युनिस्ट पार्टी तीन खेमामा विभाजन भएको प्रस्ट भयो ।

रायमाझी समूहले शाही घोषणाको समर्थन गरे भने पुष्पलाल पक्षले संसदीय व्यवस्थाको पुनर्स्थापनाको पक्ष लिए । त्यस्तै मोहनविक्रम सिंहको समूहले संविधानसभाको चुनाव माग गऱ्यो । २०१९ सालको तेस्रो महाधिवेशनले रायमाझी समूहलाई पञ्चायतमा लागेको आरोपलगाई पार्टीबाट निष्कासन गऱ्यो । यही महाधिवेशनले तुल्सिलाल अमात्यलाई पार्टीको महामन्त्री बनायो (एमालेको पाचौँ महाधिवेसनको दस्तावेज, २०४९, पृ. २८) । माथि उल्लेख भएअनुसार नेकपा तीन समूहमा विभाजित भयो । नेकपाको विभाजन अनुसार डा. रायमाझी पक्षकालाई रुसी खेमाका र अन्य पक्षलाई चीन पक्षका भनी हेर्न थालियो । रुस र चीनको विवादपश्चात् कम्युनिस्ट समूह पनि रुस र चीन उन्मुख भएको देखियो । २०१९ साल पश्चात् यसरी विघटन हुँदै गएका कम्युनिस्ट समूहरू टुक्रिँदै गएर विभिन्न घटकहरूमा विभाजित भए । जस्तै : नेकपा एमाले, नेकपा संयुक्त, नेमकिपा, नेकपा (मसाल), नेकपा (माओवादी), नेकपा (माले), नेकपा (मालेमा) आदि । १० वर्षसम्म जनयुद्ध गरेर शान्ति प्रक्रियामा आएपछि माओवादीहरू पनि विभिन्न खेमामा विभाजित भए ।

### गोरखा परिषद्

दिल्ली सम्झौताले अन्तिम रूप लिन थालेपछि १०४ वर्ष पहिलेदेखि पुर्ख्यौली सम्पत्तिका रूपमा नेपालको सत्ताभोग गर्दै आएका राणाहरू प्रजातन्त्र स्थापना पश्चात् पनि नेपालको राजनीतिमा आफ्नो वर्चश्व कायम राख्नका लागि एउटा दलको आवश्यकता महसुस गरी त्यसको स्थापनाको लागि अग्रसर भए । यसको संयोजक ववर शमशेरको नाति भरत शमशेर थिए । यस दलले आफ्नो मुख्य नाराको रूपमा राष्ट्रवाद र सम्प्रभुतालाई लिएको थियो । यस दलका व्यक्तिहरू खुकुरी चम्काउँदै यत्रतत्र नेपाली कांग्रेस र मन्त्रीमण्डलमा गएकाले त्यसका सदस्यहरूको निन्दा गर्दथे । सर्वसाधारण जनतामा यो दल 'खुकुरी दल' को नामले पनि प्रसिद्ध थियो (शर्मा, २०३६, पृ. ४०३) । राणाशासन समाप्त पार्ने उद्देश्यले क्रान्तिमा लागेका नेपाली कांग्रेसका विरुद्ध पनि एउटा जमात थियो । यो जमातलाई समेटी आफ्नो स्वार्थ पूर्तिका लागि यसले प्रयोग गर्न चाहन्थ्यो । प्रजातन्त्रको स्थापना पश्चात् पनि यस दलले गृहमन्त्री विपी कोइरालालाई समेत खत्तम गरी पुनः राणाशासन नै स्थापना गर्ने षड्यन्त्र गरेको थियो, तर यस कार्यमा असफल यस दलमाथि प्रतिबन्ध लाग्यो । प्रतिबन्ध लागेको झण्डै एक वर्षपछि नै 'नेपाल राष्ट्रवादी गोरखा परिषद' को नाममा पुनः स्थापना भयो (रेग्मी, २०४८, पृ. १५) । एकपल्ट त विपी कोइरालाले आफ्नो दलभित्रका विरोधी सदस्यहरूलाई निष्कासन गरी गोरखा परिषद्को सहायताले सरकार गठनगर्ने विचार समेत गरेका थिए (मानन्धर र शर्मा, २०५३, पृ. ८३) ।

### नेपाल सद्भावना पार्टी

ऐतिहासिक आन्दोलन २०४६ सालपछि देशमा बहुललीय प्रजातन्त्रको स्थापना भयो । उही परिवेशमा भेदभाव र शोषण जस्तो समस्यामा राष्ट्रको ध्यान आकृष्ट गर्नको लागि, सङ्घर्षलाई अझ अगाडि बढाउनका लागि सद्भावना परिषद्का कार्यकर्ता तथा बुद्धिजीवीहरूको २३ वैशाख २०४७ (सन् १९९०) मा काठमाडौँमा आयोजना भएको वृहत् बैठकले नेपाल सद्भावना परिषद्लाई नेपाल सद्भावना पार्टी नामकरण गऱ्यो ।

नेपाल सद्भावना पार्टीले स्वतन्त्रता, समानता, न्याय एवं सद्भावपूर्ण समाजको स्थापना गर्ने उद्देश्यले नेपालमा रहेका प्रत्येक समुदाय एवं पहाडको जनजातिहरूलाई देशको मूलधारमा समाहित गर्नका लागि र उनीहरूलाई सम्मानित स्थान दिलाउनको लागि सङ्कल्प गरेको थियो (नेसपाको घोषणापत्र, २०५६) । नेपाल सद्भावना पार्टीले आफ्नो विधानको धारा ४ मा उल्लेख भएअनुसार “राजनीतिक, आर्थिक, सामाजिक, भाषिक एवं सांस्कृतिक भेदभाव तथा शोषणको समूल अन्त्य गरी प्रजातान्त्रिक समतावादी समाजको स्थापना नै नेपाल सद्भावना पार्टीको उद्देश्य हो” भनी किटान गरेको थियो । यही उद्देश्य लिएर नै नेपाल सद्भावना पार्टीले नेपालको तराई क्षेत्रको केही जिल्लामा आफ्नो सङ्गठन मजबुत बनाएको थियो । २०५२ साल भाद्र महिनामा मनमोहन अधिकारीले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी एमालेको सरकार ढलेपश्चात् नेपाल सद्भावना पार्टी विभिन्न पार्टीहरूसँग मिली संयुक्त सरकारमा समेत सहभागी भएको थियो । नेपाल सद्भावना पार्टीको प्रथम स्थापना महाधिवेशन २०४७ साल असार १५-१६ गते जनकपुरमा सम्पन्न भएको थियो भने पहिलो महाधिवेशनदेखि २०५४ चैत्रमा भएको तेस्रो महाधिवेशनसम्म श्री गजेन्द्रनारायण सिंह नै अध्यक्ष रहँदै आउनु भएको थियो ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी

राप्रपाको स्थापना २०४६ सालको जन आन्दोलनपछि भएको हुँदा यस पार्टीको इतिहास त्यति पुरानो देखिँदैन । नेपालको राजनीतिक इतिहासमा पाँच दशक अघिदेखि कार्यरत विभिन्न प्रजातन्त्रवादी र वामपन्थी राजनीतिक दलहरूको शृङ्खलामा २०४६ सालको जनआन्दोलनबाट पुनर्स्थापित बहुदलीय व्यवस्थालाई आत्मसात् गरी दुई भूतपर्व प्रधानमन्त्रीहरू लोकेन्द्रवहादुर चन्द र सूर्यवहादुर थापा नेतृत्वमा जुम्ल्याहा पार्टीको रूपमा एकै पृष्ठभूमिको दुई पार्टीहरू २०४७ जेठ १५ गते क्रमशः राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) र राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) को स्थापना भयो । २०४८ वैशाखको महानिर्वाचनमा अलगअलग भाग लिई उपर्युक्त दुई दलहरू राष्ट्रिय मान्यता प्राप्त दल बन्न सके । पार्टीको अठोट र अवधारणासँग सहमत हुने अन्य साना प्रजातान्त्रिक पार्टीहरूलाई एकीकरणमा सहभागी हुन छलफलको लागि आह्वान गर्दै २०४८ माघ २५ गते दुवै पार्टीको एकीकरण भइ राष्ट्रिय प्रजातन्त्र पार्टी नामकरण भयो । नेपालमा समुन्नत, न्यायपूर्ण र गतिशील समाज निर्माण गर्न, राष्ट्रियतालाई सर्वोपरी साध्य र प्रजातन्त्रलाई अपरिहार्य आधार तथा संविधानलाई मूल साधनको रूपमा स्वीकार गर्दै राष्ट्रियता, प्रजातन्त्र र उदारवादको सैद्धान्तिक धरातलमा उभिएर राष्ट्रिय आवश्यकताको महसुस गरी राप्रपाको स्थापना भएको मानिन्छ (राप्रपा के.का., २०४८) । यसरी राप्रपाले एक अलग एवं निश्चित वैचारिक मूल्य, मान्यता र सिद्धान्तलाई अङ्गीकार गरेको छ । २०५१ सालको मध्यावधि निर्वाचनमा राप्रपाले विजय हासिल गरेको बीस सिट (२०) सङ्ख्याले त्रिशङ्कु प्रतिनिधिसभामा निर्णायक राजनीतिक शक्तिको रूपमा उभियो । जसले त्यसअघि प्रतिगामी, पुनरुत्थानवादी भनेर राजनीतिक अछुत सरह मान्दै आएका नेका र नेकपा एमाले दुवैले राप्रपाप्रतिको आफ्ना पूर्वधारणा फेर्न पुगेर समय क्रममा क्रमशः दुवै जनआन्दोलनकारी दलहरू, राप्रपाका नेताद्वय लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाको नेतृत्वमा

संयुक्त सरकारमा समाहित भई नेतृत्व स्वीकार्न र सहकार्य गर्न समेत तयार भए । यसलाई राप्रपाले आफ्नो स्थापनाको छोटो अवधिमा नै हासिल गरेको परिस्थतिजन्य प्रमुख उपलब्धी ठान्नुपर्छ ।

तथापि यही सत्ता समीकरणमा उत्पन्न आन्तरिक विवादबाट २०५० को काठमाडौं महधिवेशनमा देखिएको एकता र सुदृढीकरणको देशव्यापी रूपमा फैलिएको सन्देश २०५४ को विरगञ्ज महाधिवेशन पछि २०५४ पुष २५ गते पुनः पार्टीले विभाजनको पीडालाई सहनुपर्‍यो (भण्डारी, २०५९, पृ. ८२) । यसरी एकीकृत राप्रपा पुनः विभाजित हुनुमा पनि अलग भएको राप्रपा (चन्द) ले विभिन्न कारणहरू लिखित रूपमा बाहिर ल्याएको थियो । अध्यक्ष थापाको व्यवहार, राष्ट्रिय चिन्तनका आधारलाई समाप्त पार्ने तर्फ उन्मुख रहेको, नेतृत्व निरङ्कुश रहनु, पाँच वर्ष अघि गरिएको एकीकरण गल्ती थियो भन्ने महसुस, दोस्रो महाधिवेशनको प्रतिनिधि चयन र चुनावमा गरिएको स्वेच्छाचारिता, स्थानीय निकाय निर्वाचनको परिचालनमा निस्क्रियता र गैह्रजिम्मेवारीपन, सत्तासमीकरणको निर्णयलाई प्रभावित पार्न ६ जना केन्द्रीय सदस्यको निष्कासन, आफ्नो अनुकूलतामा ल्याउन महाधिवेशनलाई ६ महिना पर सार्नु, नेता चन्दलाई प्रधानमन्त्री हुनबाट रोक्न भरमग्दुर प्रयास हुनु, लामो समयसम्म केन्द्रीय कार्यसमितिको बैठक नबोलाउनु, केन्द्रीय परिषद्लाई निस्क्रिय राख्नु, राष्ट्रियसभाको निर्वाचनमा अन्तरघात हुनु, मध्यावधि निर्वाचनको समीक्षा प्रतिवेदन कार्यान्वयन नहुनु, स्रोतसाधन र समयको विभाजनमा पक्षपात, केन्द्रीय सदस्यहरूको मनोनयनमा त्रयनेताको सहमति नलिइनु आदि थिए (राप्रपा चन्द के.का., २०५४, पृ. ९) । महानिर्वाचनमा आएको परिमाण हानीपश्चात् पुनः एकीकरण भयो । तथापि पूर्ण एकीकरण हुन नसकेकोले राप्रपा (राष्ट्रवादी) को रूपमा एक समूह अलग्गै रहिरहेको थियो । २०५९ मंसिरमा पोखरामा सम्पन्न तृतीय केन्द्रीय महाधिवेशनले कार्य समितिको अध्यक्षमा पशुपति शमशेर जबरालाई निर्वाचित गरेको थियो ।

तत्पश्चात् उक्त निर्वाचित कार्यसमितिको पदाधिकारी गठन प्रक्रियामा समेत पार्टीभित्र असन्तोष उत्पन्न भयो । पशुपतिशमशेर जबराले आफ्नो ३ वर्षको कार्यकालमा नै ३ पटकसम्म पार्टीका पदाधिकारीहरू परिवर्तन गरेको देखिन्छ । सूर्यबहादुर थापाले राप्रपाबाट अलग भई २०६१ साल फाल्गुण ३० गतेका दिन छुट्टै रूपमा राष्ट्रिय जनशक्ति नामक पार्टीको स्थापना गरेको पाइन्छ । कमल थापा जनशक्ति पार्टी गठन भएपछि सो पार्टीमा असन्तुष्ट भएर पुनः राप्रपा आएका थिए । अर्कोतर्फ राप्रपाको पार्टी नेतृत्व गतिहीन, कार्यशून्यता, गुटवन्दी र वैचारिक रूपमा दिशाहीन हुन पुगेको थियो (राप्रपा के.का., २०६२, पृ. १५) । वि.सं. २०६२ साल पुष २६ र २७ गतेका दिन महाधिवेशनबाट निर्वाचित अध्यक्षलाई दुई तिहाई बहुमतले अविश्वासको प्रस्तावबाट हटाई कमल थापा अध्यक्ष चुनिएका थिए । पछि कमल थापा नेतृत्वको नयाँ दल राप्रपा नेपालको रूपमा क्रियाशील बन्न पुग्यो । २०६३ साल कार्त्तिक ११ गते यसको अध्यक्ष परिवर्तन भई रवीन्द्रनाथ शर्मा नयाँ अध्यक्ष बने । संविधानसभाको पहिलो चुनावमा फुटेर लडेको राप्रपाले शुन्य सिट प्राप्त गर्‍यो । यो लज्जाजनक परिणाम सहन गर्न राप्रपालाई गाह्रो भयो र फेरि राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय जनशक्ति पार्टी एकताको पहल गरी पार्टीको पाँचौं महाधिवेशन सम्पन्न भयो । सो महाधिवेशनबाट सूर्यबहादुर

थापाको अध्यक्षतामा पार्टी एकीकरण गरियो भने, राप्रपा नेपाल अलग अस्तित्वमा रही रह्यो । दोस्रो संविधान सभाको चुनावबाट राप्रपा नेपाल संविधानसभामा २५ सिट प्राप्त चौँथौ ठूलो दलको रूपमा रह्यो । एकीकरणपश्चात् बनेको राप्रपा संविधानसभाका १३ सिट प्राप्त गरी संविधानसभाको छैटौँ ठूलो दलको रूपमा रह्यो तर यी दुवै पार्टीमा आपसी गुटबन्दी र विभाजनको ठूलो समस्या खडा गर्‍यो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको २०७० जेठमा ३, ४ र ५ मा सम्पन्न पाँचौं ऐतिहासिक महाधिवेशनमा पार्टीको नेतृत्व शीर्ष चार नेताले चक्रीय प्रणालीअन्तर्गत गर्ने र पालैपालो एकएक वर्ष अध्यक्षको जिम्मेवारी वहन गर्ने सहमति भएको थियो (राप्रपा विधान, २०७०, पृ. ७) । विभाजित रूपमा रहेका राप्रपाहरूलाई पुनः एकीकृत गर्ने क्रममा २०७३ साल मंसिर ६ गते कमल थापाको नेतृत्वमा रहेको राप्रपा नेपाल र पशुपतिशमशेर ज.व.रा. नेतृत्वमा रहेको राप्रपा बिच एकता भई एकीकृत पार्टीको नाम राप्रपा राखियो । स्थानीय तहको चुनावपछि राणाको समूह पनि संस्थापन राप्रपाबाट फुटेर २०७४ साउन २४ मा राप्रपा प्रजातान्त्रिक गठन गरी पशुपतिशमशेर ज.व.रा. अध्यक्ष बन्नु भएको थियो (My Republica, 2017, August 6) । फलतः राप्रपा, एकीकृत राप्रपा राष्ट्रवादी र राप्रपा प्रजातान्त्रिक गरी ३ वटा राप्रपा अस्तित्वमा रहेका थिए । पछि राप्रपा राष्ट्रवादी र राप्रपा प्रजातान्त्रिक एकीकृत भएर सो पार्टीको नाम राप्रपा संयुक्त भएको थियो । त्यसपछि फेरि तमाम कार्यकर्ताहरूको दवाव र देशको बदलिँदो राजनीतिक परिस्थिति र अवस्थालाई मूल्याङ्कन गर्दै राप्रपा संयुक्त र राप्रपाको एकीकरण भएको छ । एकीकरणको सम्झौता २०७६ साल फाल्गुण २४ गते रातको १० : ३० बजे तीन अध्यक्षको हस्ताक्षर गरी गरियो । एकताको घोषणा सभा २०७६ फाल्गुण २८ गते भृकुटी मण्डपको राष्ट्रिय सभागृहमा तमाम कार्यकर्ताको बिच भगवत् गीताको शपथ खाँदै गरिएको थियो । राप्रपामा तीन अध्यक्षहरू क्रमशः कमल थापा, पशुपति शमशेर राणा र प्रकाशचन्द्र लोहनी रहेका छन् । राप्रपाले हालसालै तीन अध्यक्ष सहितको ९८ सदस्यीय केन्द्रीय कार्यसम्पादन समिति गठन गरेको छ । राप्रपा र राप्रपा संयुक्तबिच एकीकरण भएपछि हाल राप्रपाको चुनाव चिन्ह हलो रहेको छ भने पार्टीको झण्डाको बिचमा गाईको चित्र अङ्कित रहेको छ (रातोपाटी, २०७७ असोज १५) ।

### नेकपा माओवादी

२०३१ सालमा मोहनविक्रम सिंह र निर्मल लामाले पार्टीको चौँथो महाधिवेशन गरेर नयाँ पार्टी नेकपा चौमको स्थापना गरेपछि यो पार्टी मसालका विभिन्न गुट हुँदै माओवादीमा रूपान्तरित भएको हो (शिवाकोटी, २०७०, पृ. २३३) । २०३१ सालमा स्थापित कम्युनिस्ट पार्टी पछि २०४० सालमा मोहनविक्रम र निर्मल लामा समूहमा विभाजित भए । विभाजनको प्रमुख कारण मोहनविक्रम र निर्मल लामा बिचको मतभेद रहेको थियो । निर्मल लामा अन्य पक्षसँग मिलेर बहुदलीय व्यवस्थाको आन्दोलन चलाउन चाहन्थे भने मोहनविक्रम बढी कट्टरपन्थी देखिन्थे । यस अवस्थामा निर्मल लामा पक्षलाई चौम र मोहनविक्रम पक्षलाई मसाल भन्न थालियो । मसाल पनि पछि मोटो मसाल र पातलो मसालमा विभाजित भए । २०४६ सालको आन्दोलनमा यी दुवै मसाल संयुक्त राष्ट्रिय जनआन्दोलनका रूपमा संयुक्त बाम मोर्चा भन्दा अलग मोर्चाबाट

सम्मिलित थिए । यसले २०४६ सालको आन्दोलनलाई अगाडि बढाउन सहयोग गरे तापनि राजा, कांग्रेस र वाममोर्चाले गरेको सम्झौतालाई धोखा हो भन्दै विरोधमा उत्रिएको थियो । यसले २०४७ सालको संविधानलाई कालो संविधान भनी यसलाई अस्वीकार गरी यस संविधानले जनताको समस्याको समाधान गर्न नसक्ने भएकाले प्रतिक्रियावादी सत्तालाई पूर्णतः नष्ट गर्न जनगणतन्त्र नेपालको स्थापनाद्वारा समाजवादी व्यवस्थाको स्थापना अत्यावश्यक रहेको ठहर गरी नयाँ जनवादी क्रान्तिलाई न्युनतम् कार्यक्रम बनाई समाजवाद र साम्यवाद प्राप्त गर्ने कार्यक्रम प्रस्तुत गरेको थियो तर चौम भने संयुक्त वाममोर्चाको प्रमुख घटक थियो र संविधान निर्माणमा पनि निर्मल लामाको सहभागिता रहेको थियो । जनआन्दोलनमा अलग अलग मोर्चाबाट सम्मिलित भएका नेकपा चौम र मसालले २०४८ मा एकता केन्द्रको गठन गरेका थिए । सोही एकता केन्द्र विभाजित भएर नेकपा माओवादीको गठन भएको थियो ।

२०४८ सालको एकता महाधिवेशनले दीर्घकालीन सशस्त्र जनयुद्धको माध्यमद्वारा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने राजनीतिक लाइन पारित गऱ्यो । यसले २०४९ सालमा ग्रामीण वर्गसङ्घर्ष उठाउने नीति पारित गरी रोल्पा, रुकुम, बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासी, गोरखा, कास्की, लमजुङ, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, सर्लाही, धनुषा तथा सिराहा आदि जिल्लाबाट वर्गसङ्घर्ष उठाउने निर्णय गरी आफ्नो कार्यक्रम सुरू गऱ्यो । वास्तवमा यसले ग्रामीण वर्गसङ्घर्ष वा नवमार्क्सवादीको सङ्घर्ष सुरू गरी गुरिल्ला युद्धबाट दीर्घकालीन जनयुद्धको आधार तयार गर्न सकिन्छ भन्ने सिद्धान्तलाई आधार मानेको देखिन्छ । यसले २०४९ सालको स्थानीय निर्वाचनलाई पनि ग्रामीण वर्गसङ्घर्षको आधार तयार गर्ने कार्यमा उपयोग गऱ्यो । ग्रामीण वर्गसङ्घर्षको आधार तयार गरेपछि स्थानीय, सामन्त, शोषक, जाली फटाहालाई कुटपिट गर्ने, कालोमोसो दल्ने र उनीहरूको अपराधहरूका भण्डाफोर गर्ने अभियान सुरू गऱ्यो ।

२०५१ सालको मध्यावधि निर्वाचनलाई सक्रिय बहिष्कार गरी यो चुनाव बहिष्कारलाई जनयुद्धको प्रशिक्षण र तयारीको रूपमा उपयोग गरियो । २०४९ सालमा नै लडाकु दस्ताका रूपमा वाईसीएलको गठन गरिएको थियो र पछि रोल्पा, रुकुम आदिमा नकाबधारी दस्ता खडा गरी वर्गदुस्मन माथि आक्रमण तीव्र पारेको थियो । यसैबिच पार्टीले आफूलाई नेकपा माओवादीको रूपमा स्थापित गरी विस्फोटक पदार्थ जम्मा गर्ने र मुलुकलाई ४ भाग र प्रवासलाई १ रणनीतिक क्षेत्रका रूपमा बिभाजित गरी जनयुद्धको तयारी सुरू गरेको थियो । यो गतिविधि बढ्दै गएपछि देउवा सरकारले २०५२ को कात्तिकमा रोमियो अप्रेसनको नाममा दमन गर्ने प्रयास गरे पनि माओवादीको खुला मोर्चा जनमोर्चाले ४० सूत्रीय माग प्रस्तुत गरी २०५२ सालको फागुन १ गतेदेखि "प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस पार्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ" भन्ने मूल नाराका साथ जनयुद्धको सुरूवात भएको थियो । २०५२ साल फागुन १ गतेदेखि सशस्त्र विद्रोह सुरू हुँदा शेरबहादुर देउवाको नेतृत्वमा गठन भएको सरकारले माओवादीका मागहरूलाई बेवास्ता गर्ने र अप्रेसन रोमियोको नाउँमा दबाउन खोज्दा यसले जनयुद्धको रूप ग्रहण गरेको थियो । जसको नेतृत्व पुष्पकमल दाहाल उर्फ प्रचण्ड र बाबुराम भट्टराईले गरेका थिए ।

२०५३ साल असारमा माओवादीको केन्द्रीय समितिको बैठकद्वारा योजनाबद्ध ढङ्गले छापामार युद्धको विकास गरौं भन्ने मूल नारासहित जनयुद्धको विकास भएको थियो । माओवादी जनयुद्धलाई दबाउन २०५५ साल वैशाखमा तत्कालीन नेकांको सरकारद्वारा 'सबैलाई मार, सबै चीज जलाउ र सबै चीज लुट' को किलो शेरा टु नामक क्रुर अपरेसन सञ्चालन भएको थियो । प्रहरीको यो अपरेसनको क्रममा पाँच सय जनाको हत्या भएको मानव अधिकार आयोगको दाबी रहेको थियो । जनयुद्ध सुरू भएदेखि अन्त्य भइन्जेलसम्म लगभग १७ हजारको मृत्यु भएको र १ हजार ३ सय जना बेपत्ता भएकाले लगभग २० हजारको ज्यान गएको अनुमान गरिएको छ (शिवाकोटी, २०७०, पृ. २३६) । दिल्लीमा भएको सात राजनीतिक दलहरू र माओवादी बिचको १२ बुँदे सम्झौताले द्वन्द्वरत माओवादी र संसद्वादी राजनीतिक दलहरूलाई एक ठाउँमा ल्याएपछि राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन हटेपश्चात् माओवादीबाट युद्धविराम भयो र पुनर्स्थापित संसद्बाट संविधानसभाको निर्वाचनको सङ्कल्प प्रस्ताव पास गर्ने काम भयो । त्यसपछि २५ बुँदे आचारसंहिता, आठ बुँदे समझदारी, असोज २२ को सम्झौता र मंसिर ५ को वृहत् शान्ति सम्झौताले माओवादी द्वन्द्व समाप्त भएको घोषणा गरी सधैँका लागि युद्ध अन्त्य गरियो । यसरी नेकपा माओवादीले सशस्त्र विद्रोह गरी एउटा प्रमुख राजनीतिक दलको रूपमा स्थापित हुन पुग्यो ।

यो पार्टी सन् २००९ सम्म नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को रूपमा रहेको भए तापनि सन् २००९ देखि सन् २०१६ सम्म नेपाल कम्युनिस्ट पार्टी (एकीकृत-माओवादी) का नाममा रूपान्तरित भयो । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत-माओवादी) को निर्माण नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र-मसाल) एकीकृत भएर बनेको थियो (People's Daily Online, 2009 Jan 13) । पछि नेपाल कम्युनिस्ट पार्टी (एकीकृत-माओवादी) अन्य १० साना माओवादी दलहरूसँग एकीकृत भएर नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) बन्न पुग्यो । नेकपा माओवादीबाट अलग भएर मोहन वैद्य (किरण) को नेकपा माओवादी (क्रान्तिकारी) बनेको छ भने डा. बाबुराम भट्टराईको नेतृत्वमा माओवादीको एक हिस्सा नयाँशक्ति पार्टीको रूपमा छुट्टिएर गएको थियो । त्यस्तै माओवादीकै अर्को हिस्सा नेत्रविक्रम चन्दको नेतृत्वमा नेकपा भूमिगत अवस्थामा क्रियाशील रहेको छ । पछि आएर नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टी (माओवादी-केन्द्र) एकीकृत भई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको थियो ।

### राष्ट्रिय जनता पार्टी

राष्ट्रिय जनता पार्टी, नेपालको जन्म १ वैशाख २०७४ का दिन महन्थ ठाकुर नेतृत्वको तमलोपा, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, अनिलकुमार झा नेतृत्वको नेपाल सद्भावना पार्टी, महेन्द्रराय यादव नेतृत्वको तराई मधेस सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको मधेसी जन अधिकार फोरम (गणतान्त्रिक) र सरदसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेस समाजवादी पार्टी बिच एकीकरण भएर बनेको नयाँ पार्टी हो । नेपालको नयाँ संविधान, २०७२ को घोषणालगत्तै त्यसको विरोधमा मधेशमा आन्दोलन गर्ने उद्देश्यले गठित ७ मधेस केन्द्रित पार्टीहरूमध्ये उपेन्द्र यादवको पार्टीबाहेक सबै पार्टीहरू यसमा सम्मिलित

थिए । ६ जना अध्यक्ष मण्डल रहेको यस पार्टीका संयोजक महन्थ ठाकुर भएका थिए । यस पार्टीको मूल उद्देश्य नै तराई मधेशमा प्रतिनिधित्व गर्ने बलियो पार्टीको निर्माण गर्ने रहेको थियो । संविधानसभाको पहिलो निर्वाचनअघि जम्मा ३ वटा मधेस केन्द्रित पार्टीहरू थिए । जसमा मधेसी जन अधिकार फोरम, सद्भावना पार्टी र तराई मधेस लोकतान्त्रिक पार्टी रहेका थिए । वास्तवमा तीनै पार्टीहरू पटक पटक विभाजन भएर यतिका धेरै पार्टीहरू बनेका थिए । त्यतिबेला विजय गच्छदार जुन पार्टी (नेपाली कांग्रेस) बाट निस्केका थिए त्यसैमा फर्के ।

उपेन्द्र यादवको पार्टी यथावत् थियो भने अन्य मधेस केन्द्रित पार्टीहरू राजपा नेपालमा आबद्ध थिए । पहिलो संविधानसभाको निर्वाचनमा २० सिट जितेको तमलोपा अनेकौं पटकको टुटफुटपछि दोस्रो संविधानसभाको चुनावमा नराम्रोसँग पराजित भएर ११ सिटमा खुम्चियो । त्यतिबेला यो पार्टीमा आबद्ध हुने अन्यको हालत त झन् खराब हुन पुग्यो । एकताबद्ध भएर अघि आए पनि यो पार्टीले संविधान संसोधन नहुञ्जेल निर्वाचनमा भाग नलिने अडान लिएका कारण स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनमा भाग नलिए पनि २ नम्वर प्रदेशमा भएको तेस्रो चरणको निर्वाचनमा भने भाग लियो । जनकपुर र राजविराज उपमहानगर सहित २५ स्थानीय तहमा जित्न सफल भयो । सङ्घीय संसद् र प्रदेशसभाको निर्वाचनमा पनि यसले राम्रो परिणाम ल्यायो । प्रतिनिधिसभामा १७ सिट जितेर यो चौँथो ठूलो पार्टी बन्यो । ४.९५ प्रतिशत लोकप्रिय मतका साथ यो राष्ट्रिय पार्टी बन्न सफल भयो । हालको राष्ट्रियसभामा यसका २ सदस्य छन् । २ नम्बर प्रदेशमा यो तत्कालीन उपेन्द्र यादव नेतृवको सङ्घीय समाजवादी फोरम नेपालसँग मिलेर प्रदेश नम्बर २ को सरकारमा छ ।

राजनीतिक विचारका हिसाबले हेर्दा यो मध्यमार्गी पार्टी हो जसको मुख्य कार्यसूची क्षेत्रीयतावाद, मधेसी तथा जनजाति अधिकार र धर्मनिरपेक्षता हो । उपेन्द्र यादव नेतृत्वको सङ्घीय समाजवादी फोरम नेपालले डा. बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीसँग एकता गरी मे ५ तारिख, २०१९ मा समाजवादी पार्टी नेपाल गठन गरेको छ (Dahal, 2019 May 29)। हालसालै समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी बिच एकता भई जनता समाजवादी पार्टी नेपालको गठन भएको छ (एकताको सहमति पत्र, २०७७) ।

### २.१.६ नेपालको शासन व्यवस्था

१०४ वर्षसम्म कायम रहेको जहानियाँ राणाशासनको अवधीमा एकातिर साधारण जनतालाई राजनीतिक हक अधिकार विहीन, आर्थिक रूपमा शोषित एवं शैक्षिक रूपमा अज्ञानताको अवस्थामा राखिएको थियो भने अर्कातिर स्वयं राणाहरू बिच पनि शक्ति हत्याउन हत्या, वर्ग विभेद छुट्टाई रोलक्रम तोक्ने, त्यसमध्ये केहीलाई राजधानीबाट बाहिर धपाउने आदि षड्यन्त्रपूर्ण क्रियाकलापहरू भइरहन्थे । नेपाली कांग्रेसले जनताको भावना अनुरूप श्री ५ महाराजधिराज त्रिभुवन वीरविक्रम शाहदेवप्रति सहानुभूति राख्दै उनकै वैधानिक उत्तरदायी शासन व्यवस्थाको माग गरेको देखिन्छ (शर्मा, २०३३, पृ. ३९५) । भारतीय

प्रधानमन्त्री श्री जवाहरलाल नेहरूको मध्यस्थतामा राणा-कांग्रेस बिच दिल्ली सम्झौता गराई स्वदेश फर्केर श्री ५ त्रिभुवनबाट २००७ साल फाल्गुण ७ गतेको घोषणाद्वारा अबदेखि हाम्रा प्रजाको शासन उनीहरू आफैंले रोजेको विधान परिषद्ले बनाएको प्रजातान्त्रिक विधानअनुसार हुनुपर्दछ भन्ने इच्छा र दृढसङ्कल्प भयो (कानुन मन्त्रालय, २००८, पृ. १) । यसरी राजनीतिक आन्दोलन र श्री ५ त्रिभुवनको जनप्रेम तथा प्रजातन्त्रप्रतिको प्रेमबाट नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भयो । २००७ सालको परिवर्तन पश्चात् कानुनी शासन र संवैधानिक आधारमा शासन सञ्चालन गर्ने प्रयासहरू भए । २०४६ को ऐतिहासिक जनआन्दोलनको सफलतापछि बहुदलीय प्रजातान्त्रिक व्यवस्था र २०६२/६३ को दोस्रो जनआन्दोलन पश्चात् सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम भएको छ ।

### २.१.७ संसदीय प्रणाली

संसदीय प्रणाली र राजनीतिक दल एक आपसमा सम्बन्ध भएका विषयवस्तु हुन् । संसदीय प्रणाली र राजनीतिक दलको विश्लेषण गर्दा सर्वप्रथम संसदीय प्रणाली र राजनीतिक दलहरूका विषयमा अलग अलग रूपमा अध्ययन गर्न जरुरी हुन्छ । जसले गर्दा संसद्को अवधारणा कहिलेबाट सुरू भयो र यसको विकासक्रम कसरी अगाडि आयो भन्ने विषयमा अध्ययन गरेपछि मात्र संसद्को हालसम्मको अवस्था कस्तो छ भन्ने विषयमा जानकारी पाउन सजिलो हुन्छ । त्यसैगरी हामीले राजनैतिक दलको सुरूवात कसरी भयो भन्ने विषयमा पनि अलग्गै अध्ययन गर्न जरुरी हुन्छ । किनकि कुनै पनि विषयको ऐतिहासिक अवस्था कस्तो थियो भन्ने विषयमा अध्ययन अनुन्धान नगरी हालसम्मको अवस्था बुझ्न गाह्रो हुन्छ । यस सन्दर्भमा यी विषयवस्तुको अलग अलग रूपमा अध्ययन अनुसन्धान र समीक्षा गर्ने जमर्को गरिएको छ ।

#### २.१.७. १ संसद्को ऐतिहासिक पृष्ठभूमि

विश्वको संवैधानिक र राजनीतिक इतिहासमा युरोपको एक सानो मुलुक बेलायतको ठूलो महत्त्व रहेको पाइन्छ । बेलायतलाई संविधान, लोकतन्त्र र संसद्को जननीको मुलुकका रूपमा हेर्ने गरेको पाइन्छ । जसले गर्दा हामीले यस शोधपत्रको विषयअनुसार अध्ययन र अनुसन्धान गर्दा बेलायतकै ऐतिहासिक अवस्थाको अध्ययन गर्नुपर्ने हुन्छ । बेलायती जनताले विभिन्न समयमा शासन व्यवस्थाका सम्बन्धमा गरेका परिवर्तनकारी आन्दोलनको फलस्वरूप नै त्यहाँ संसद्को सुरूवात भएको देखिन्छ । ई.सं. १२९५ मा राजा एडवार्ड प्रथमले त्यस देशका प्रतिष्ठित शक्ति समूहहरूलाई बोलाई राजकाजसम्बन्धी विषयमा सल्लाह लिए, जसको उपस्थितिलाई संसद् (Modern parliament) भनियो । जसमा बिषपहरू, सामन्तीहरू, नाइटहरू तथा नगरका प्रतिनिधिहरू थिए । यी तीन किसिमका समूहको उपस्थिति अलग अलग डाकिएकोमा ३ तहको देखा पर्दछन् । यसैलाई पछि सुधार र परिमार्जन गरी House of lords र House of commons नामक २ तहको संसद् बनाएको पाइन्छ । जुन आजसम्म पनि कायम नै छ (थापा, २०५८, पृ. १०) । बेलायतको ऐतिहासिक कालदेखि नै त्यहाँ परम्परा र रीतिरिवाजको विशिष्ट योगदान रहेको पाइन्छ । आज पनि शासन सञ्चालनलाई परम्परा र रीतिरिवाजबाट नै निर्देशित गराउँदै लगिएको छ । बेलायतको संविधान लिखित

नभई यही परम्परा र रीतिरिवाजलाई नै मानी आएको पाइन्छ । बेलायतको संसद् पनि परम्परागत रूपमा चलेको छ । ई.स. १०६६ भन्दा पहिले बेलायतमा Anglo-Saxon राज घरानाको शासन थियो । ती राजाहरू देशका बुद्धिमान व्यक्तिहरूलाई राखी समय समयमा महत्त्वपूर्ण कुराको बारेमा छलफल गर्थे । यस्ता सम्मेलनलाई 'बुद्धिमानहरूको सम्मेलन' अर्थात Witnagament भन्दथे । यसरी हेर्ने हो भने राजाले देशको शासनसत्ता सञ्चालनमा सहयोग वा सल्लाहको लागि विभिन्न व्यक्तिहरूलाई भेला गराउने प्रचलन ई.सं. १०६६ भन्दा पहिले पनि रहेको पाइन्छ ।

संसद्को सुरूवातको रूपमा यस्ता सम्मेलनले पनि ठूलो सघाउ पुऱ्याएको पाइन्छ । हुन त त्यतिबेला अन्य व्यक्तिहरूले जे जस्तो सल्लाह र सहयोग गरे तापनि राजा नै शक्तिशाली हुने हुँदा उसको आफ्नो इच्छा र निर्णय नै अकाट्य हुने गर्दथ्यो । सम्मेलनको अर्थात् संसद्को सल्लाह नै मान्नु पर्ने बाध्यता थिएन, जसले गर्दा राजाको निर्णय नै अन्तिम रूपमा लागु हुने गर्दथ्यो (थापा, २०५८, पृ. १०) । Parliament को विकास हुने क्रममा प्रथम नार्मन राजा विलियम (William) ले बेलायतमा सामन्ति व्यवस्था (Feudalism) स्थापित गरेको पाइन्छ । यस व्यवस्था अन्तर्गत ठूलठूला सरदारहरूलाई देशको विभिन्न भागको अधिकार दिइयो । उनीहरूले पनि आफ्ना मातहतका सरदारहरूलाई भूमिको बाँडफाँड गरे । युरोपमा प्रचलित यस्तै सामन्ति व्यवस्थामा William ले आफ्नो अनुकूल परिवर्तन ल्याएर बेलायतको मौलिक सामन्तवादी व्यवस्था तयार पारे जसअनुसार ठुला सरदार वा सामन्त र तिनका मातहतका साना सरदार र सामन्त समेतले आवश्यकता परेमा सोझै राजासँग सम्पर्क राख्न सक्दथे । राजाले पनि उनीहरूको सल्लाह मान्नु पर्दथ्यो । यसले गर्दा Anglo-Saxon राजाहरूले लिने गरेको सरसल्लाह भन्दा नर्मन राजाहरूले लिने गरेको सरसल्लाह स्वभावतः प्रभावशाली हुने गर्दथ्यो ।

राजकाजसम्बन्धी गम्भीर समस्याहरू आइपरेमा रोमन राजाहरूले देशभरिका मुख्य मुख्य मानिसहरूलाई भेला गर्दथे । यस्ता भेलाहरूमा सामन्त र सरदारहरूको उपस्थिति त हुन्थ्यो नै यसका साथै पादरीहरूको पनि धेरै उपस्थिति हुने गर्दथ्यो किनकि मध्ययुगमा धर्म र धार्मिक संस्थाहरूको सर्वत्र बोलवाला थियो । यस्ता सम्मेलनलाई महापरिषद् वा Magnum concillium भन्ने गरिन्थ्यो (थापा, २०५८, पृ. १०) । Magnum concillium ले शासन सञ्चालन गर्नेदेखि लिएर कानुन बनाउने र न्याय प्रदान गर्नेसम्मको काममा राजालाई सहयोग पुऱ्याउदथ्यो । यसै समयभित्र भएको संसद्को विकासक्रम नै बेलायती इतिहासको महत्त्वपूर्ण समय मानिन्छ । त्यही संसद्ले नै विभिन्न विकास गर्दै ल्याएर आजको अवस्थामा आइपुगेको हो (Munro & Ayearst, 1954, p. 41) । यसरी संसदीय प्रणालीको विकासक्रम अगाडि बढ्दै जाँदा संसद्ले आफ्नो अधिकारमा पनि वृद्धि गर्दै लगेको पाइन्छ । कुनै समयमा राजाको स्वार्थको लागि संसद्को बैठक बोलाउने पार्लियामेन्ट पछि गएर बेलायती जनताको आवश्यकताको लागि बोलाउन थालियो । जसले गर्दा लगभग ३०० वर्ष अघिसम्म राजाको इच्छा, आवश्यकताले बोलाएको बैठकमा उपस्थित भएर राजाले इच्छा गरेको जति धनको प्रबन्ध गर्नुबाहेक अर्को कुनै उद्देश्य नभएको संसद्, चौधौँ शताब्दीसम्ममा आएर जनताको

लागि पार्लियामेन्टको बैठक बस्न थाल्यो । यसरी समयको अन्तरालसँगै संसद्को शक्ति बढ्दै गएको पाइन्छ । यसरी तेह्रौं शताब्दीदेखि नै प्रतिनिधिहरूले धनमा नियन्त्रण लिन थाले । जसले गर्दा राजासँग प्रत्यक्ष रूपमा द्वन्द्व सुरू हुन थाल्यो । जब सन् १३९९ मा पार्लियामेन्टले Rechard II लाई आवश्यक परेको धनमा नियन्त्रण गर्न थाल्यो । त्यसको फलस्वरूप पार्लियामेन्टको अधिकारमा वृद्धि हुँदै गयो ।

राजाले आफ्नो इच्छा विपरीत प्रतिनिधिहरूको इच्छालाई पूर्ण गर्नुपर्ने अवस्था आएपछि संसद्लाई भङ्ग गरिदिए (Harvey & Bather, 1977, p. 22)। जब सन् १२९५मा आदर्श पार्लियामेन्टको सुरूवात भएर आयो । त्यही समयदेखि नै राजा र संसद्को बिचमा सङ्घर्ष चल्दै आएको पाइन्छ । राजा र संसद्को बिचमा सङ्घर्ष चल्दै जाँदा सन् १४०७ मा हेनरी चौंथोले पनि आर्थिक कारणले गर्दा नै बाध्यतावस संसद्को आदेशलाई मान्नु परेको थियो । त्यस समयमा प्रतिनिधित्व नभए कर पनि छैन भन्ने भनाइ संसद्मा भाग लिन आएका प्रतिनिधिहरूको थियो । यही आर्थिक नियन्त्रणको कारणले गर्दा नै संसद्को शक्ति वृद्धि हुने मूल आधार बन्यो । यसैगरी सन् १४१४ मा हेनरी पाँचौंले पनि यसै आधारअनुसार पार्लियामेन्टको अस्तित्व स्वीकार गरेका थिए तर यस प्रकारको अवधारणा हेनरी छैठौंको शासनकालमा आएर उल्लङ्घन भएको थियो (Kapoor, 1996) । ट्युडरको शासनकालमा रेजेज युद्धका कारण सरकार स्थिर रहन सकेन र यही समयमा संसद्को विकासक्रममा अवरोध आएको थियो । हेनरी सातौंको २४ वर्षको राज्यकालमा उनले जम्मा ७ पटकमात्र संसद्को बैठक बोलाएका थिए । यसपछिको मूख्य कारण नै प्रतिनिधिसँगको सङ्घर्ष थियो तर हेनरी आठौंले सन् १५५३ मा आरागोनको क्याथरिनसँग विवाह गर्नको लागि संसद्लाई आफ्नो मतियार बनाए । पछि गएर उनलाई सन् १५३४ मा चर्चको सर्वोच्च पदमा स्थापित गरियो ।

बेलायतको संसद्ले विशेष गरी हेनरी आठौं र एलिजाबेथको समयमा बढी शक्ति प्राप्त गरेको थियो किनकि हेनरी आठौंको पालामा नै जनप्रतिनिधिहरू संसद्मा चुनिएर आएका थिए । त्यस समयमा एकजना ७ वर्षको लागि, २ जना ३ वर्षको लागि र अरु ६ जनालाई तुरुन्तै हटाइएको थियो । यसैगरी रानी एलिजावेथले सबभन्दा बढी संसद्को बैठक बोलाएकी थिइन् र संसद्को विभिन्न क्रियाकलापलाई स्वीकार गरेकी थिइन् । यिनै कारणले गर्दा त्यस समयमा संसद्ले शक्ति बढी प्राप्त गरेको थियो (Munro & Ayearst, 1954, p. 43)। बेलायती संसद्ले प्राप्त गरेको अर्को एउटा महत्त्वपूर्ण अधिकार भनेको प्रतिनिधिलाई संसद्मा राखेको आफ्नो विचारको कारणले बन्दी बनाउन नपाइने । सन् १५४३ मा एक जना संसद्का प्रतिनिधि प्लाइमाउथलाई संसद्मा आफ्नो विवादास्पद विचार राखेकोमा उनलाई घरमा बन्दी बनाइयो । यो कुरा थाहा पाएर संसद् सदस्यहरूले यसको विरोध गरी त्यहाँको रक्षा अधिकारीलाई प्लाइमाउथलाई उनको घरबाट मुक्त गर्न पठाइयो र उनी मुक्त भए । उनलाई राजाको सैनिकद्वारा बन्दी बनाइएको थियो किनकि उनले राजाले गरेका कामहरूको विरोध गरेका थिए । संसद् सदस्यलाई बन्दी बनाउनको लागि कुनै पनि महाअपराध गरेको प्रमाणित नभई गिरफ्तार गर्न पाइने छैन । यो विशेषाधिकार प्राप्त गर्नको लागि प्रतिनिधिहरूले हेनरी आठौंसँग ठूलो सङ्घर्ष गर्न परेको थियो । यस प्रकारको विशेषाधिकार राजा हेनरी आठौंबाट संसद्का

प्रतिनिधिहरूले प्राप्त गरी छाडे । अन्ततः हेनरी आठौँले यस विशेषाधिकारको विषयमा मञ्जुरी जनाउनु पऱ्यो (थापा, २०५८) ।

जेम्स प्रथम बेलायतको शासनमा आएपछि स्टुबार्ट राजवंशको स्थापना भयो । उनले शासन सुरू गरेपछि संसद्सँग तुरुन्तै सङ्घर्ष सुरू हुन थाल्यो किनकि उनी राजाको दैवी अधिकारमा विश्वास गर्दथे । जेम्स प्रथम राजामा पूर्णरूपले अनियन्त्रित रूपमा दैवीशक्ति र अधिकार हुन्छ भन्ने कुरामा जोड दिएर निरङ्कुश रूपमा शासन सञ्चालन गर्न चाहान्थे तर संसद्लाई यस विषयमा सैह्य हुँदैनथ्यो । जसले गर्दा संसद्मा सङ्घर्ष सुरू भयो । जेम्स प्रथमपछि उनका छोरा चार्ल्स प्रथमले पनि जेम्स प्रथमको जस्तै दैवी अधिकारको बारेमा विश्वास गर्दथे । चार्ल्स प्रथमले सन १६२८ मा धनको आवश्यकता परेर संसद्को बैठक बोलाए तर सांसद्हरूले Petition of right संसद्मा प्रस्तुत गरे । उनीहरूले राजाले आफ्नो अधिकारको दुरूपयोग गरेर प्राचीन समयमा जस्तै शासन सञ्चालन गर्न चाहान्थे तर संसद्लाई यस विषय सैह्य हुँदैनथ्यो । जसले गर्दा सांसद्हरूले राजाले आफ्नो अधिकारको दुरूपयोग गरेर प्राचीन समयदेखिको स्वतन्त्रतालाई हनन् गर्न खोजेको भनी सार्वजनिक अभियोग लगाउँदा राजा र सांसद्हरू बिचमा सङ्घर्ष सुरू भयो । राजा चार्ल्स प्रथमले अन्य केही उपाय नलागेर Petition of right (१६२८) लाई पूरा गर्ने कबुल त गरे तर आफूले गरेको कबुललाई बिर्सन खोजेर पुराना करहरू लगाउन खोजे । साथै उनले सेनालाई संसद्को विरुद्धमा समेत प्रयोग गर्न खोजे । यही कुरा सांसद्हरूले थाहा पाएर सन् १६४१ को डिसेम्बर १ तारिकको दिन बिन्ती पत्र हाले ।

यसमा सांसद्हरूको विशेषाधिकारप्रति गम्भीर हुन र यस विशेषाधिकारप्रति सचेत रहन अनुरोध गरिएको थियो तर यति गर्दा पनि राजाले आफ्नो हठ छोडेनन् र संसद् र राजाको बिचमा सङ्घर्ष सुरू भयो । पछि यही सङ्घर्ष गृहयुद्धमा परिणत भयो । यस गृहयुद्धमा राजाको हार भयो र राजालाई सन् १६४८ मा मुद्दा लगाई उनलाई सन् १६४९ मा मृत्युदण्ड दिइयो र ११ वर्षसम्म बेलायत राजतन्त्रविहीन हुन पुग्यो (Kapoor, 1996) । यसरी संसद् र राजाको बिचमा भएको प्रत्येक सङ्घर्षमा संसद्ले नै विजय प्राप्त गरेको देखिन्छ । सन् १६८८ मा भएको गौरवपूर्ण क्रान्तिले गर्दा पनि बेलायतमा संसद्को प्रभाव महत्त्वपूर्ण रूपमा बढेको पाइन्छ । सन् १६८८ मा भएको गौरवपूर्ण क्रान्ति हुनुमा पनि चार्ल्स प्रथमका छोरा जेम्स द्वितीयको कारणले गर्दा पनि हो किनकि उनी बुबाले जस्तै स्वेच्छाचारी तरिकाले शासन सञ्चालन गर्न चाहान्थे । यही कुरालाई त्यहाँका जनता र संसद्ले तीव्र विरोध गऱ्यो । यही विद्रोहका कारण जेम्स द्वितीयले सन् १६८८ मा राजगद्दी त्याग गरेर फ्रान्सको शरणमा जानु पऱ्यो । यही गौरवपूर्ण क्रान्तिले गर्दा बेलायतको संसद्ले अझ बढी अधिकार प्राप्त गऱ्यो ।

गौरवपूर्ण क्रान्तिपछि बेलायतमा विलियम राजा भए । यही समयमा बोलाइएको संसद्को बैठकले ‘अधिकार पत्र’ प्रस्तावलाई पास गऱ्यो । यही अधिकार पत्रको कारणले गर्दा बेलायतको संसद् राजाभन्दा पनि शक्तिशाली भयो र राजाले संसद्को अनुमतिबिना कुनै पनि निर्णय गर्न नपाउने कानुनको निर्माण भयो ।

यसरी राजाको सम्पूर्ण अधिकारलाई संसद्को मातहतमा राख्न सफल भयो । यही अधिकार पत्रको कारणले गर्दा नै बेलायतमा आजसम्म पनि संसद्को शक्ति यथावत् रूपमा रहिरहेको छ (थापा, २०५८) । यसैगरी संसद्को अधिकार बढ्दै जाने क्रममा सन् १७०१ मा पारित भएको राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुन लागु भएपछि सन् १७८५ मा सानो पिट प्रधानमन्त्री बनेपछि राजाले मन्त्री चुन्ने र खोस्ने अधिकार गुमाए । यसरी सन १६८८ को गौरवपूर्ण क्रान्तिपछि बेलायतको संसद् पूर्ण रूपमा शक्तिशाली भएर आएको पाइन्छ (पोखरेल, २०७५, पृ. १७) ।

संसद्ले आज जुन किसिमको शक्ति र अधिकार प्राप्त गरेको छ । यो धेरै बर्षको मेहनतबाट आएको हो । सन् १६८८ मा भएको गौरवपूर्ण क्रान्तिपछि हालसम्म आएर जे जति नियम कानुनहरू बनेका छन् ती सबैले बेलायतको संसद्लाई सर्वोच्चमा राखेको छ । बेलायतको संसदीय विकासमा 'संसद्को सर्वोच्चता' को सिद्धान्त प्रतिपादन भएपछि संसद्ले विभिन्न कानुनहरू निर्माण गरी तल्लो सदनलाई प्रजातान्त्रीकरण गरेको पाइन्छ । सन् १८३२ को कानुन सुधार ऐनले जमिन्दारको मात्र प्रयोग गरी आएको मताधिकार मध्यमवर्गसम्म पुऱ्यायो भने सुधार अधिनियम, औद्योगिक मजदुरसम्म, सुधार 'अधिनियम' १८८४ ले कृषि मजदुरसम्म 'सुधार अधिनियम' १९१८ ले सीमित महिलाहरूसम्म मताधिकारको व्यवस्था गऱ्यो भने सन् १९२८ को सुधार अधिनियमले बालिग मताधिकारको व्यवस्था गरी (Bhagawan and Bhusan, 1995, p. 88) समानताको सिद्धान्त प्रतिपादन गरेको पाइन्छ । जसले कानुनको अगाडि सबै समान भन्ने आधुनिक मान्यता स्थापित गरेको पाइन्छ । यसरी ऐतिहासिक पृष्ठभूमिको अध्ययनले बेलायतमा संसदीय व्यवस्थाको विकास १०११ औँ शताब्दीबाट भयो भने सन् १९११ र १९४९ संसदीय कानुनले संसद्लाई सार्वभौम सम्पन्न गरायो र प्रजातन्त्रको विकास संस्थागत हुन गई विधिको शासन बेलायती शासनको प्रमुख आधार हुन गयो । संसारकै कुनै पनि राजनीतिक व्यवस्थामा धेरथोर बेलायती संसद्को प्रभाव परेको पाइन्छ ।

सन् १७७६ मा स्वतन्त्रता प्राप्त गरेको अमेरिका सन् १७७८ को फिलाडेल्फिया सम्मेलनबाट संविधान निर्माण गरी अध्यक्षात्मक व्यवस्थाको अवलम्वन गरेको छ भने सन् १७८९ क्रान्तिपश्चात् सन् १७९३ को प्रथम गणतन्त्रदेखि सन् १९५८ को पाँचौं गणतन्त्रसम्म आइपुग्दा प्रजातान्त्रिक विकासमा संसदीय अभ्यासलाई समसामयिक पारी वर्तमानमा अगाडि बढी रहेको पाइन्छ । दक्षिण एसियामा सन् १९४७ मा स्वतन्त्रता प्राप्त गरेको भारतले सन् १९५० मा संविधान निर्माण गरी संसदीय अभ्यास गरिरहेको पाइन्छ । त्यस्तै श्रीलङ्काले सन् १९४९ बाट संसदीय व्यवस्था अपनाएको छ भने बङ्गलादेशमा पनि सन् १९७१ बाट यसै दिशातर्फ उन्मुख भइरहेको पाइन्छ । नेपालमा नेपाल अधिराज्यको संविधान, वि.सं. २०४७ लागु भएपछि संसदीय व्यवस्थाको पुनर्स्थापना भएको हो ।

### २.१.७.२ संसद्को अवधारणा तथा परिचय

आधुनिक युगमा राज्य व्यवस्था सञ्चालनको केन्द्रमा रहेर प्रमुख भूमिका निर्वाह गरिरहेको 'संसद्' को बारेमा सर्वसम्मत् परिभाषा पाइँदैन । संसद् भन्ने शब्द मूलतः अङ्ग्रेजी शब्द हो । प्राचीन कालमा

बेलायतमा राजाले आफ्ना विश्वासका मानिसहरूसँग बसेर गर्ने सभालाई राजाको सभा भनिन्थ्यो भने पार्लियामेन्टलाई Council, Counceil तथा Concilium जस्ता शब्दको प्रयोग भएको भेटिन्छ । मध्यकालमा यसलाई Parliamentum र पछि Council भन्ने गरेको पाइन्छ । त्यसैगरी Parliament लाई गोप्य गफ गर्ने ठाँउको रूपमा पनि लिने गरेको पाइन्छ । सर्वप्रथम पार्लियामेन्ट शब्दको प्रयोग इङ्ग्लैण्डको वेल्समा भएको पाइन्छ । त्यस्तै गरी फ्रान्समा प्रयोग गरिने Parley तथा Parler बाट विकसित हुँदै अङ्ग्रेजी भाषामा Parliament भएको पाइन्छ । संसद्लाई तत्कालीन समयमा ल्याटिन भाषामा Parliamentum पनि भनिन्थ्यो जसको अर्थ छलफल गर्ने, सभा सम्मेलन गर्ने स्थानको रूपमा परिभाषित गरेको पाइन्छ । यसरी अङ्ग्रेजी शब्द Parliament, ल्याटिन, फ्रेन्च भाषाबाट विकसित हुँदै आएको पाइन्छ । प्राचीन कालमा Parliament को मौलिक अर्थ कुराकानी गर्ने ठाउँबाट विकसित हुँदै तेह्रौं शताब्दीतिर आइपुग्दा राष्ट्रियसभा हुन पुग्यो भने छलफल गर्ने सभाको रूपमा पनि विकास भएको पाइन्छ (Roberston, 1984, p. 365)।

कानुनी रूपमा आज Parliament को गठन सम्प्रभु, कमन्स सभा र लर्डसभा मिलेर बनेको पाइन्छ (Gorden, 1948, p. 14) । मानव समाजको क्रमिक विकासको फलस्वरूप राज्यको उत्पति भएको मानिन्छ । "राज्यको शासन व्यवस्थासम्बन्धी नीति जसले प्रजाको शान्ति सुरक्षा गर्ने, राज्यमा शासन व्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिको उपयुक्त सन्तुलन कायम गर्ने काम गर्दछ । त्यसलाई नै राजनीति भनिन्छ" (पोखरेल, २०४०, पृ. ११३३) । कुनै पनि राज्यमा सरकारको निर्माण कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको एकीकृत संयोजनबाट हुने गर्दछ । विश्व राजनीतिक इतिहासको अध्ययन गर्दा, राज्य सञ्चालन गर्न विभिन्न समयमा विभिन्न प्रकारका राजनैतिक व्यवस्थाहरूको अवलम्वन हुँदै आएको पाइन्छ । उदाहरणका रूपमा निरङ्कुश राजतन्त्र, कुलीनतन्त्र, सैनिक शासन, संसदीय राजनैतिक व्यवस्था, अध्यक्षात्मक शासन व्यवस्था, साम्यवादी राजनैतिक व्यवस्था आदिलाई लिन सकिन्छ । यी विभिन्न प्रकारका राजनीतिक व्यवस्थामा दुई प्रकारका चरित्र पाइन्छ, जसमा एउटामा प्रजातान्त्रिक पद्धति भने अर्कोमा तानासाही निरङ्कुश शासन व्यवस्था । संसदीय व्यवस्था प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत पर्दछ । त्यसैले शासन व्यवस्थाहरूमध्येमा यस व्यवस्थालाई एक महत्त्वपूर्ण र जनउत्तरदायी व्यवस्था मानिन्छ ।

हाल आएर नेपालले अवलम्बन गरेको शासन व्यवस्था नै संसदीय व्यवस्था हो । वर्तमान समयमा राज्यहरूको विशाल क्षेत्रफल र ठूलो जनघनत्वका कारण प्राचीन ग्रिक नगर राज्यको जस्तो प्रत्यक्ष प्रजातन्त्र सम्भव छैन । तथापि जनताले आफ्नो सार्वभौमसत्ताको उपयोग संसद् अथवा व्यवस्थापिकामा आफूले चुनेर पठाएको जनप्रतिनिधिमार्फत् गर्ने भएकाले राज्य सञ्चालनमा संसद्को स्थान सर्वोच्च रहेको पाइन्छ । आधुनिक युगमा राज्यशक्तिको स्रोतको प्रयोग वा सञ्चालनको आधारमा मुलत: दुई प्रकारका राजनैतिक शासन पद्धति वा व्यवस्थाको विकास भएको देखिन्छ ।

(क) अधिनायकवादी सर्वाधिकारवादी तानासाही व्यवस्था

(ख) सर्वस्वीकार्य प्रजातान्त्रिक व्यवस्था ।

अधिनायकवादी सर्वाधिकारवादी व्यवस्थामा देशको सार्वभौमसत्ता एकल वा निश्चित व्यक्ति वा व्यक्ति समूहमा निहित राखी आफ्नो इच्छानुसार निरङ्कुश शासन व्यवस्था सञ्चालन हुने गर्दछ । यस प्रकारको राजनैतिक व्यवस्थामा राज्यशक्तिको स्रोत सार्वभौम जनतामा निहित हुँदैन तर राज्यको शक्तिको स्रोत कुनै व्यक्ति विशेष, वर्ग वा समुदायको हितमा प्रयोग गरिएका हुन्छन् । यस प्रकारको शासन व्यवस्थामा जनताका मौलिक हक र अधिकारको ग्यारेन्टी गरिएको हुँदैन । यस प्रकारका शासनव्यवस्था अन्तर्गत् राज्यमा शासक र शासित गरी दुई वर्ग प्रस्ट रूपमा देखिन्छन् । जहाँ विधिको अलवा हुकुमको शासन हुन्छ । नियम कानुनहरू केवल देखाउनका लागि मात्र बनेका हुन्छन् र तिनको परिपालना भएका हुँदैनन् । निरङ्कुश राजतन्त्र, कुलीनतन्त्र, सैनिकशासन, साम्यवादी व्यवस्था आदिलाई अधिनायकवादी सर्वाधिकारवादी तानासाही व्यवस्थाका रूपमा लिन सकिन्छ । "जनताद्वारा, जनताका लागि, जनताले गर्ने शासन व्यवस्थालाई प्रजातन्त्र भनिन्छ" अथवा जनताको शासन वा सरकारलाई नै प्रजातन्त्र भनिन्छ (दाहाल, २०५३) । प्रजातान्त्रिक पद्धति वा व्यवस्थामा राज्यशक्तिको स्रोत जनतालाई नै मानी, विधिको शासनअनुरूप जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले देश र जनताको भलाइ एवं कल्याणका लागि राज्यशक्तिको स्रोतको समुचित प्रयोग गर्दछन् । जुन देशको शासन व्यवस्थामा संसद्को स्थान सर्वोच्च रहेको हुन्छ, त्यस व्यवस्थालाई नै संसदीय व्यवस्था भनिन्छ । संसदीय व्यवस्थामा जनताले छानेका प्रतिनिधिहरूको सभा (संसद्) मा बहुमत प्राप्त व्यक्ति वा दलको नेतालाई प्रधानमन्त्रीमा राष्ट्रप्रमुखद्वारा नियुक्त गरिन्छ ।

मन्त्रिपरिषद्को सदस्य संसद् वा व्यवस्थापिकाको पनि सदस्य हुने गर्दछ । मन्त्रीमण्डलको गठन, पुनर्गठन र विघटनमा पनि व्यवस्थापिकाको बहुमत सदस्यहरूकै नियन्त्रण रहेको हुन्छ । त्यसैले आधुनिक युगमा जुनसुकै देशको जस्तोसुकै शासनप्रणालीमा संसद्को भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । राजनैतिक व्यवस्था, संसदीय, अध्यक्ष्यात्मक वा साम्यवादी जस्तोसुकै भए तापनि संसद्को महत्त्व उत्तिकै देखिन्छ । संसद्लाई देशकाल र परिस्थिति अनुसार विभिन्न प्रकारका नाम दिने गरेको भए तापनि विश्वकै सबैभन्दा पुरानो र वर्तमान सर्वोच्च र शक्तिशाली बेलायतको व्यवस्थापिकालाई पार्लियामेन्ट भनिन्छ । बेलायतकै 'वेष्ट मिनिष्टर मोडेल' अपनाएका क्यानाडा, अष्ट्रेलिया, भारत, न्युजिल्याण्ड, श्रीलङ्का आदि देशका व्यवस्थापिकालाई संसद् भनिन्छ भने फ्रान्स र इटालीमा यसलाई National assembly भनिन्छ (अर्याल, २०५८, पृ. ९) । त्यसैगरी अध्यक्षात्मक व्यवस्था भएको अमेरिका र अमेरिकी मोडेलको प्रभाव परेका ल्याटिन अमेरिकी राष्ट्रहरू भेनेजुयला, ब्राजिलजस्ता देशहरूका व्यवस्थापिकालाई कंग्रेस भनिन्छ (अर्याल, २०५८) । त्यसैले आजको युग नै संसदीय व्यवस्थाको युग हुन पुगेको पाइन्छ । नेपालमा व्यवस्थापिकालाई प्रत्येक संविधानको निर्माणपश्चात् फरक फरक नाम दिइएको पाइए तापनि २०४७ सालको संविधानले यसको नाम संसद् राखेको पाइन्छ । नेपालको नयाँ संविधान, २०७२ का अनुसार प्रतिनिधिसभा र राष्ट्रियसभा नामक दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका व्यवस्था गरिएको छ, जसलाई सङ्घीय संसद् भनिन्छ (नेपालको संविधान, २०७२, पृ.४३) ।

### २.१.७.३ संसद्को परिभाषा

संसद्मा प्रतिनिधित्वको प्रमुख तीनवटा सैद्धान्तिक मताधार रहेको छ जसमा प्रधानमन्त्रीको नेतृत्व, मन्त्रीहरूको प्रतिनिधित्व र प्रमुख विपक्षीहरूका साथै साना राजनीतिक पार्टीका नेताहरू रहेका हुन्छन् । संसद् नै एउटा यस्तो थलो हो, जहाँ जनताबाट चुनावमा चुनिएका प्रतिनिधिहरूद्वारा जनताको वा राष्ट्रको समस्या समाधान गर्नका लागि वा देशको लागि आवश्यक पर्ने कानुनहरू निर्माण गरिन्छ तर यही संसद्को विषयमा पनि विभिन्न विद्वानहरूले विभिन्न किसिमका परिभाषाहरू दिएका छन् । Colombia Encyclopedia मा Parliament भन्नाले बृटिस तथा बृटिस एम्पायरको सभा हो । यो एउटा यस्तो औपचारिक सम्मेलन हो, जो जनताको समस्यासँग सम्बन्धित छ अथवा पार्लियामेन्ट भनेको छलफल गर्ने भव्य सभा हो (Colombia Encyclopedia, p. 1489) । Encyclopedia Americana मा Parliament भन्नाले सरकारको एक यस्तो केन्द्रीय व्यवस्थापकीय संस्था हो जहाँ व्यवस्थापक (Legislator) बाट कार्यकारिणी अधिकारीहरू चुनिन्छन् जुन कार्यकारिणीलाई एक क्याविनेटले निर्देशित गरेको हुन्छ । त्यस कार्यकारिणीका सबै सदस्यहरू कुनै राजनीतिक दल वा राजनीतिक दलहरूका प्रतिनिधि हुन्छन् भनी परिभाषित गरेको देखिन्छ (The Encyclopedia Americana, Vol 21, p. 465) ।

A.V. Dicey को परिभाषाअनुसार संसद् भन्नाले महारानी, हाउस अफ् कमन्स र हाउस अफ् लर्ड्सको संयुक्त रूप हो । यी तीन अङ्गहरूको एक आपसमा सम्बन्ध रहने हुनाले यसलाई एउटा संसद्को संरचनाको रूपमा लिइन्छ । नेपाली वृहत् शब्दकोशका अनुसार संसद् भन्नाले प्रजातान्त्रिक मुलुकहरूको निर्वाचित तथा केही मनोनितसमेत हुने प्रतिनिधिहरूको सभा, व्यवस्थापिका, पार्लियामेन्ट, समिति, सभालाई जनाँउछ भनेर उल्लेख गरेको पाइन्छ । गार्नरका अनुसार संसदीय शासन प्रणाली त्यो प्रणाली हो जसमा वास्तविक कार्यपालिका (मन्त्री परिषद्) आफ्नो राजनीति तथा कार्यहरूको लागि प्रत्यक्ष रूपमा व्यवस्थापिका वा त्यसको जनप्रतिनिधि संस्थाप्रति उत्तरदायी भई अन्ततः सम्पूर्ण निर्वाचनहरूप्रति उत्तरदायी रहन्छ । जव कि नाममात्रको राष्ट्र प्रमुखको हैसियत जनताप्रति उत्तरदायीपूर्ण रहँदैन । गार्नरको उक्त परिभाषा संवैधानिक राजतन्त्र रहेको सम्पूर्ण मुलुकहरूमा रहेको संसदीय शासन प्रणालीको लागि उपयुक्त देखिन्छ । अनुपचन्द कपुरका अनुसार संसद् भन्नाले एउटा यस्तो संस्थालाई जनाँउदछ, जहाँ बसेर जनताको प्रतिनिधिहरूले राष्ट्रको नीतिहरूको विषयमा एक आपसमा छलफल गर्दछन् । The Hutchinson Encyclopedia मा संसद् राज्यको विधि निर्माण गर्ने संस्था हो भनी उल्लेख गरेको पाइन्छ (The Hutchinson Encyclopedia, 2001) ।

जि.एम. कार्टर तथा जे. एच. हर्ज (१९६५) का अनुसार सरकारका अङ्गहरू कार्यपालिका तथा व्यवस्थापिकाको अन्तरसम्बन्धमा आधारित व्यवस्थालाई नै संसदीय व्यवस्था भनिन्छ अथवा व्यवस्थापिका र कार्यपालिका बिच निरन्तर सम्पर्क तथा अन्तरसम्बन्ध भइरहने व्यवस्था नै संसदीय व्यवस्था हो (कार्टर एण्ड हर्ज, १९६५, पृ. ३८) । सि.वी. गेना (१९८२) का अनुसार, यदि कुनै राजनीतिक व्यवस्थामा कार्यपालिका र

व्यवस्थापिकाको अधिकारलाई विलय गरी अर्को संस्थाको निर्माण हुन पुग्दछ भने त्यस्तो नयाँ संस्थालाई संसद् र नयाँ व्यवस्थालाई संसदीय व्यवस्था भनिन्छ (गेना, १९८२, पृ. ३३५) । C.F. Strong (1966) ले संसद्को एउटा समितिको रूपमा मन्त्रीमण्डललाई लिएका छन् भने उनले मण्डलमा प्रजातन्त्रका प्रगतिका साथै प्रतिनिधिसभाको समेत बन्ने संरचना हुन्छ भनेका छन् (Strong, 1966, p.29)। संसदीय शासन प्रणाली भनेको त्यस्तो प्रणाली हो जसमा राष्ट्रप्रमुख नाम मात्रको प्रमुख र मन्त्रीमण्डल वास्तविक प्रमुख हुन्छ र प्रत्यक्ष र कानुनी रूपमा व्यवस्थापिका र अन्तिम रूपमा सम्पूर्ण निर्वाचकहरूप्रति उत्तरदायी हुन्छ (Strong, 1966, p. 29)।

संसद् शब्द संस्कृत भाषामा स्त्रीलिङ्गी शब्द मानिन्छ । यसको निर्माण शब्द र शब्द मिलेर बनेको पाइन्छ । जसको अर्थ सभा, सम्मेलन, मण्डल, न्याय हुन्छ (आप्टे, १९६९, पृ. १०५०) । यस परिभाषाअनुसार संसद् भन्नाले जहाँ सभा, सम्मेलन गर्ने एकत्रित वा जम्मा (भेला) हुनुका साथै न्यायिक कार्यसमेत गरिन्छ भन्ने बुझिन्छ । नेपाली वृहत् शब्दकोषका अनुसार संसद् भन्नाले प्रजातान्त्रिक मुलुकहरूको निर्वाचित तथा केही मनोनितसमेत प्रतिनिधिहरूको सभा, व्यवस्थापिका, पार्लियामेन्ट, समिति वा सभालाई जनाउँदछ भनिएको छ (पोखरेल, २०४०, पृ. ११३३) । 'नेपाल अधिराज्यको संविधान २०४७' मा प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुनेछ, जसलाई 'संसद्' भनी उल्लेख भएको पाइन्छ (नेपाल अधिराज्यको संविधान, २०४७) । यसरी माथिका परिभाषाहरूलाई अध्ययन गर्दा संसदीय व्यवस्थामा राष्ट्रप्रमुख र सरकार प्रमुखको व्यवस्था गरिएको हुन्छ । मन्त्रीमण्डल वा सरकार प्रमुख वास्तविक प्रमुख हुन्छ र प्रत्यक्ष रूपमा व्यवस्थापिकाप्रति र अन्तिम रूपमा जनताप्रति उत्तरदायी हुन्छ । कार्यपालिका र व्यवस्थापिका बिच अन्तरसम्बन्ध हुन्छ । यसले आवश्यक कानुनको निर्माण गर्दछ ।

व्यवस्थापिका सदस्यहरू सामान्यतः राजनीतिक दलसँग सम्बन्धित वा दलका प्रतिनिधि हुने भएकाले संसदीय व्यवस्था दलीय व्यवस्था पनि हो । दलको क्रियाकलापको आधारमा व्यवस्थाले गुणात्मक सुधार गरी जनउत्तरदायी राज्यसञ्चालन गर्न सक्षम, सबल र सुदृढ सरकारको गठन गर्दछ । संसदीय प्रणालीअन्तर्गत मन्त्रीपरिषद्को सदस्य संसद्को सदस्य रहन्छ । संसदीय दलको नेता भएको हैसियतले मन्त्रीमण्डलको नेतृत्व प्रधानमन्त्रीले सम्हालेको हुन्छ । निश्चित समयको लागि निर्वाचित सदस्यहरू रहेको संसद्को विश्वासको आधारमा नै मन्त्रीपरिषद् बन्ने र बिग्रने हुनाले नै यस शासनपद्धतिलाई संसदीय प्रणाली भनी नामकरण गरिएको हुनुपर्दछ ।

### २.१.७.४ संसदीय व्यवस्थाका प्रमुख विशेषताहरू

संसद्मा शासन व्यवस्थाको सम्पूर्ण अधिकार रहेर संसदीय नियन्त्रणमा कार्यपालिकाले शासन व्यवस्था सञ्चालन गर्ने कार्य संसदीय व्यवस्थाभित्र पर्दछ । संसदीय व्यवस्थाको जननी बेलायत भएकाले बेलायतकै नक्कल गरी संसद्का अन्य देशहरूले पनि संसदीय व्यवस्था अपनाएको पाइन्छ । अमेरिकन कांग्रेस र फ्रेन्च राष्ट्रियसभा दुवै बेलायती प्रतिनिधिसभाका सन्तान हुन् । व्यवस्थापिका र कार्यपालिकालाई एकीकृत

गरी यी दुवैमाथि एउटै व्यक्ति वा समूहको नियन्त्रण रहने, राष्ट्रप्रमुख नाम मात्रको प्रमुख रहने, मन्त्रीमण्डल वा प्रधानमन्त्री वास्तविक प्रमुख हुने, मन्त्रीमण्डल व्यवस्थापिका वा तल्लो सदनप्रति उत्तरदायी हुने शासन व्यवस्थालाई संसदीय व्यवस्था भन्ने गरिन्छ । संसदीयव्यवस्थाका प्रमुख विशेषता निम्न प्रकार रहेको पाइन्छ ।

### संवैधानिक राजतन्त्र

संसदीय प्रणालीयुक्त शासन व्यवस्थाका एक महत्त्वपूर्ण विशेषताअन्तर्गत संवैधानिक राजतन्त्र पनि एक हो । संवैधानिक राजतन्त्र भन्नाले राजतन्त्र देशको मूल कानुन संविधानअन्तर्गत रहनु भन्ने बुझिन्छ । यस किसिमको राजतन्त्र केवल नाम मात्रको शासन प्रमुख रहन्छ र सम्पूर्ण कार्य निर्वाचित प्रधानमन्त्रीले गर्दछ । देशको शासन व्यवस्था राष्ट्रप्रमुखको नाममा नै गरिन्छ । संसद्मा बहुमत प्राप्त गर्ने व्यक्तिलाई देशको प्रधानमन्त्रीमा राष्ट्राध्यक्षबाट नियुक्ति गरिन्छ र मन्त्रीहरूको नियुक्ति पनि निजबाटै गरिन्छ । बेलायती प्रणालीमा त संसदीय सर्वोच्चताको सिद्धान्त प्रादुर्भाव भएपश्चात् पनि श्रीपेचलाई सम्प्रभुको नामले पुकार्ने गरिएकोबाट (नेपाल अधिराज्यको संविधान, २०४७) पनि त्यहाँ कसरी राजाले शासन नगरिकन पनि राज्यसत्तामा विराजमान गर्दछन् भन्ने कुरा प्रस्ट हुन्छ । त्यसैले बेलायतमा राजाले राज्य गर्छन् शासन गर्दैनन् भन्ने गरिन्छ (ब्रोगेन, १९५२, पृ. ७२) । नेपालमा पनि वि.सं.२०४६ सालको जनआन्दोलनपछि प्राप्त 'नेपाल अधिराज्यको संविधान, २०४७' संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको सुदृढीकरण गर्ने अभिप्रायले वास्तविक राज्यशक्तिको स्रोत जनता नै हुन् भन्ने सर्वमान्य सिद्धान्तलाई आत्मसाथ गर्दै नेपालको सार्वभौमसत्ता जनतामा निहित रहने स्पष्ट व्यवस्था गरिएबाट संवैधानिक राजतन्त्रको सुरूवात भएको देखिन्छ । व्यक्तिरूपी राजा मरणशील हुन्छन् भने राजमुकुट अमर हुन्छ । राजाको मृत्यु हुनु भनेको राजमुकुटको मृत्यु हुनु होइन । राजमुकुट एक कृत्रिम कानुनी व्यक्ति हो, न यसले शरीर धारण गर्छ, न कहिल्यै मर्दछ ।

राजा भनेको क्राउनको एक भाग हो, राजाबिनानै पनि मन्त्रीपरिषद् र संसद्ले क्राउनको हिस्सा गठन गर्न सक्दछन् भन्ने भनाइ रहेको पाइन्छ । भारतमा संघको सम्पूर्ण कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित रहने र राष्ट्रपतिले सो अधिकार प्रत्यक्ष रूपमा वा आफ्ना मातहतका अधिकारीहरूमार्फत् संविधान बमोजिम प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ (भारतको संविधान, धारा ५३) । मन्त्रीहरू राष्ट्रपतिले चाहेको अवधीसम्म मात्र पदमा बहाल रहनेछन् (भारतको संविधान, धारा ५३ को २) भन्ने व्यवस्था गरी राष्ट्रपतिले नै सम्पूर्ण कार्यकारिणी अधिकारको प्रयोग गर्ने हुन् कि भन्ने जस्तो देखिए पनि यथार्थमा त्यस्तो छैन । मन्त्रीपरिषद् सामूहिक रूपमा लोकसभा (Gupta, 1982) प्रति उत्तरदायी हुने हुँदा देशको कार्यकारिणी अधिकार पनि मन्त्रीपरिषद्ले नै प्रयोग गर्दछ । श्री ५ को भूमिका संवैधानिक राजाको रूपमा हुने कुरा स्पष्ट पारेको थियो (नेपाल अधिराज्यको संविधान, २०४७) । त्यसको अतिरिक्त नेपालको संविधान आउनुपूर्व देशको सार्वभौमसत्ता तथा सम्पूर्ण शक्तिको स्रोत श्री ५ मा निहित रहेकोमा श्री ५ बाट यो संविधानमार्फत् राज्यशक्तिको स्रोत जनता नै हुन भन्ने वास्तविकतालाई स्वीकार गरी नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने (नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३) र राजाद्वारा प्रयोग भई आएको

राजकीय सत्ता र सार्वभौम अधिकार नेपाली जनताको इच्छाअनुसार संविधान प्रारम्भ भएपछि संविधान बमोजिम प्रयोग हुने (नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना) कुरालाई समेत प्रस्ट रूपमा संविधानमा व्यक्त गरिएको थियो ।

श्री ५ को भूमिका सार्वभौमसत्ताधारी राष्ट्रप्रमुखको रूपमा नभई संवैधानिक राष्ट्रप्रमुखको रूपमा मात्र देखियो (नेपाल अधिराज्यको संविधान, २०४७) । श्री ५ नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक होइबक्सने (नेपाल अधिराज्यको संविधान, २०४७ धारा २७ को २) भन्ने संवैधानिक व्यवस्थाले बेलायतको क्राउन जस्तै नेपालको राजमुकुटरूपी संस्थाको प्रतीकात्मक महत्त्व राख्दथ्यो । श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि यो संविधानको पालन र संरक्षण गरिबक्सनेछ (नेपाल अधिराज्यको संविधान, २०४७ धारा २७ को ३) भन्ने व्यवस्थाबाट श्री ५ संविधान अतिरिक्त वा संविधानको पालन गर्नुपर्ने कर्तव्य रहेको दर्शाउँदछ । कार्यकारिणी अधिकारको सन्दर्भमा नेपाल अधिराज्यको कार्यकारिणी अधिकार यो संविधान र अन्य प्रचलित कानुनबमोजिम श्री ५ र मन्त्रीपरिषद्मा निहित हुनेछ भन्ने व्यवस्था थियो (नेपाल अधिराज्यको संविधान, २०४७ धारा ३५ उपधारा १) । संविधान र अन्य कानुनको अधिनमा रही नेपाल अधिराज्यको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्उपर हुनेगरी देशको समस्त कार्यकारिणी अधिकारको प्रयोग वास्तविक रूपमा मन्त्रीपरिषद्ले गर्ने व्यवस्था गरिएको थियो (नेपाल अधिराज्यको संविधान, २०४७) । संविधानअनुसार प्रधानमन्त्री र अन्य मन्त्रीहरू प्रतिनिधिसभाप्रति सामूहिकरूपमा उत्तरदायी हुने हुँदा कार्यकारिणी अधिकारको प्रयोग उत्तरदायी सरकारको सिद्धान्तअनुसार मन्त्रीपरिषद्द्वारा हुने कुरा निर्विवाद थियो (नेपाल अधिराज्यको संविधान, २०४७) ।

पहिले श्री ५ का वंशजहरूको राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार श्री ५ लाई मात्र भएको कुरा उल्लेख थियो (नेपाल अधिराज्यको संविधान, २०४७ धारा २८) । दोस्रो राजप्रासाद सेवाका कर्मचारीको नियुक्ति, बर्खास्ती, तलव, भत्ता, बिदा, निवृत्तिभरण लगायत सेवाका सर्तसम्बन्धी कुराहरू श्री ५ बाट मौसुफको स्वविवेकमा बनाइबक्सेको नियमबमोजिम हुने व्यवस्था थियो । श्री ५ बाट गरिबक्सेको कुनै काम कारबाहीको सम्बन्धमा कुनै अदालतमा प्रश्न नउठाइने (नेपाल अधिराज्यको संविधान, २०४७ धारा १३१) भन्ने व्यवस्थाबाट श्री ५ बाट गरिबक्सने समस्त कार्यहरू मन्त्रीपरिषद्को सिफारिसमा मात्र हुने स्पष्ट थियो । वास्तविक अधिकारको प्रयोग मन्त्रीपरिषद्द्वारा नै हुने हुँदा मन्त्रीपरिषद् नै उक्त काम कारबाहीको लागि जबाफदेही हुने र “राजाले गल्ती गर्दैनन्” भन्ने बेलायतमा विकसित संवैधानिक राजतन्त्रको महत्त्वपूर्ण मान्यतालाई नेपाल अधिराज्यको संविधान, २०४७ ले पनि अङ्गिकार गरेको थियो ( नेपाल अधिराज्यको संविधान, २०४७) ।

**प्रधानमन्त्रीको नेतृत्व**

संसदीय व्यवस्थाको अर्को विशेषता प्रधानमन्त्रीको सबल र सक्षम नेतृत्व रहेको पाइन्छ । संसदीय व्यवस्थामा शासन प्रणालीमा कार्यपालिकाको नेतृत्व संसद्मा बहुमत प्राप्त दलको नेताले गर्ने हुनाले उसमा

नै देशको वास्तविक कार्यपालिका शक्तिनिहित हुन्छ । प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रीपरिषद्को गठन हुने र उनकै सिफारिसमा मन्त्रीहरूको नियुक्ति र कार्यविभाजन गरिन्छ । मन्त्रीहरू उनको इच्छा र सिफारिसअनुसार बहाल रहन्छन् । संसदीय अधिवेशनको आह्वान र अन्त्य र यहाँसम्म कि संसद्को विघटन पनि उनकै परामर्शमा गरिन्छ । संसद्मा प्रस्तुत गर्ने विधेयकहरू धेरैजसो सरकारी विधेयकहरू हुन्छन् भने बहुमत प्राप्त दलको नेता भएकोले उनको इच्छाअनुसार नै ती प्रस्तावहरू पारित पनि हुन्छन् । यस अर्थमा उनी प्रमुख विधायक हुन्छन् । यसरी कार्यपालिका र विधायकाका कुराहरूमा देशको वास्तविक शासक उनै हुन्छन् (अर्याल, २०५८, पृ. १४) । यसबाट राष्ट्राध्यक्षले राज गर्ने र प्रधानमन्त्रीले शासन गर्ने भन्ने उक्तिले सार्थकता प्राप्त गरेको पाइन्छ । प्रधानमन्त्री बहुमत प्राप्त दलको नेता भएको र सङ्गठनभित्र उसको प्रभाव अनि मन्त्रीपरिषद्को सदस्य नियुक्त गर्ने वा अवकास दिने कुरामा प्रधानमन्त्रीकै अन्तिम हात रहने हुनाले मन्त्रीमण्डलीय सरकारको पनि मुख्य नायक प्रधानमन्त्री हुन जान्छ ।

प्रधानमन्त्रीको अभावमा मन्त्रीहरूको कुनै अस्तित्व हुँदैन किनकि उसले जसलाई चाह्यो उस्लाई मन्त्री बनाउन सक्छ र उसले पद त्याग गर्नासाथ मन्त्रिमण्डल भङ्ग हुन्छ । उसको प्रतिछाया सरकारका हरेक निकायमा देखिन्छ । Ogg को अनुसार, बेलायती प्रधानमन्त्रीभन्दा धेरै शक्ति संसारमा अरु कसैसँग विरलै पाइन्छ (पोखरेल, २०७५) । यसबाट संसदीय व्यवस्थामा प्रधानमन्त्रीको नेतृत्वको महत्त्व प्रस्ट हुन पुग्दछ । राष्ट्रपतीय प्रणालीमा राष्ट्रपतिले शक्ति पृथकीकरणको सिद्धान्तअनुसार कार्यपालिका प्रमुखको हैसियतमा बढी भूमिका निर्वाह गर्दछ भने संसदीय प्रणालीमा कार्यपलिका र विधायिका शक्तिको जोडको रूपमा प्रधानमन्त्रीको भूमिका रहन्छ । राष्ट्रपतिले संसद्मा उपस्थित भई वहस गर्न, मतदान गर्न वा प्रस्ताव राख्न सक्दैन भने प्रधानमन्त्रीको हकमा यो उसको अधिकार नै हुन्छ । प्रधानमन्त्री तथा मन्त्रीहरू एकै दलका समान सदस्य भएको सहकर्मी भएर पनि तिनीहरूमाथिको प्रधानमन्त्रीको नियन्त्रण निर्णायक नै रहने गर्दछ ( अर्याल, २०५८) । जबजब संसदीय दलहरूमा चामत्कारिक व्यक्तित्वहरू देखा पर्दछन् र एक व्यक्तिको प्रभाव क्षेत्रमा दलहरूका क्रियाकलापहरू निर्देशित हुन थाल्दछन् । संसदीय प्रधानमन्त्रीहरूले राष्ट्रपतीय प्रणालीका गुणहरूसँग साक्षात्कार गर्न थाल्दछन् । समग्रमा भन्ने हो भने त्यस्ता प्रधानमन्त्रीहरू राष्ट्रपतीय प्रणाली सरहका प्रधानमन्त्री र संसदीय प्रणालीका विधायिकी नेतृत्वले गर्दा अझ बढी शक्तियुक्त हुन्छन् । नेपालको वर्तमान संविधानमा भएका मन्त्रीपरिषद् गठन व्यवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ (नेपालको संविधान, २०७२ भाग ७ धारा ७६) । नेपालमा पनि प्रधानमन्त्रीको नेतृत्वमा शासन व्यवस्था सञ्चालन हुने स्पष्ट भएको पाइन्छ (नेपालको संविधान, २०७२) ।

### राजनीतिक समता

एकै राजनीतिक वचनबद्धता लिएर आएका सदस्यहरू मन्त्रीपरिषद्मा रहने हुनाले मन्त्रीपरिषद्को निर्णय प्रक्रिया सरल, सुगम र प्रभावकारी हुन्छ । गम्भीर प्रकारको राष्ट्रिय सङ्कटको समयमा राष्ट्रिय सहमतिको लागि स्पष्ट बहुमतप्राप्त दलको नेताले अन्य दलका प्रतिनिधिहरूलाई पनि मन्त्रीपरिषद्मा समावेश

गर्न नसक्ने होइन तर त्यस्तो परिस्थितिलाई प्रणालीअन्तर्गत राख्नुभन्दा अपवादकै रूपमा हेर्नु उचित हुन्छ । कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त नगरी एकमना मन्त्रीपरिषद् गठन गर्न नसकेको अवस्थामा अन्य दलहरूसँग मिलेर सरकार बनाउनु पर्ने हुन्छ । त्यस्तो अवस्थामा विभिन्न राजनैतिक विचारधारा भएका व्यक्तिहरूसँग वसेर देशको शासन व्यवस्थाको सर्वमान्य नीति अख्तियार गर्न गाह्रो हुन्छ । त्यस बावजुद पनि त्यस्तो प्रकारको मिलिजुली सरकारको गठनद्वारा जर्मनी, इटाली जस्ता युरोपेली मुलुकहरूमा काम चलाएको पाइन्छ (अर्याल, २०५८, पृ. १४) ।

राजनैतिक संस्कार र नैतिकताको राम्रो पृष्ठभूमिको अभावमा विकान्सोमुख राष्ट्रहरूमा भने मिलीजुली सरकारले सरकारी स्थायित्व कायम गर्न सकेको पाइँदैन । दलहरूका बिचको मनोमालिन्यको कारणले सरकार टिक्न नसकी छिटोछिटो निर्वाचन गराउन परेको अनुभव ती देशहरूमा छ । भारतमा कांग्रेस पार्टीको विकल्पमा भारतीय जनता पार्टी र जनता दलले दुई पटक गठन गरेको सरकार असफल भएर छिटो छिटो निर्वाचन गर्न परेको थियो । त्यसरी निर्वाचन गराउँदा राज्यको राजनीतिक लगानी बढ्न गै विकास र अन्य आवश्यकीय क्षेत्रमा गर्नुपर्ने लगानीमा असर पर्नगई व्यहोर्नु परेको असुविधालाई सहजै बुझ्न सकिन्छ । यिनै कुराहरूले सरकारमा बस्नेहरूमा राजनीतिक एकरूपताको महत्त्वलाई संसदीय व्यवस्थामा स्वीकार गरिएको छ ।

## सामूहिक उत्तरदायित्व

संसदीय व्यवस्थामा उत्तरदायी सरकारको सर्वाधिक महत्त्व हुन्छ । संसद्को विश्वास रहेसम्म मात्रै कुनै मन्त्रीपरिषद् बहालमा रहने हुनाले मन्त्रीपरिषद्ले सदैव संसद्को विश्वास कायम राखी राख्ने काम गर्नु पर्ने हुन्छ । साधारणतया बहुमतप्राप्त दलको नेताको नेतृत्वमा मन्त्रीपरिषद् गठन हुने हुनाले संसदीय विश्वास मात्रै मन्त्रीपरिषद् गठन गर्नुको आधार रहन्छ भने कुनै कारणवश त्यस्तो बहुमत गुम्न गएमा मन्त्रीपरिषद्को विघटन हुन्छ । त्यसो हुनाले मन्त्रीपरिषद्का सदस्यहरूले व्यक्तिगत तथा सामूहिक रूपमा संसद्प्रति उत्तरदायित्व निभाउनु पर्ने हुन्छ । प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्तावको नेतृत्वमा सामूहिक उत्तरदायित्व वहन गर्नु परेको हुन्छ । यसको अर्थ सबै मन्त्रीहरूले एकसाथ पौडनु वा डुब्नु पर्ने हुन्छ । मन्त्रीहरूको व्यक्तिगत उत्तरदायित्व पनि हुन्छ । प्रधानमन्त्रीको इच्छा रहेसम्म कुनै पनि मन्त्री आफ्नो पदमा वहाल रहन सक्दछन् (अर्याल, २०५८) । संसदीय प्रणालीमा मन्त्रीहरू संसद्को पनि सदस्य रहने हुनाले उनीहरूको संसद्मा विधेयकहरू, बजेट र अन्य प्रस्तावहरू सरकारको तर्फबाट प्रस्तुत गर्दछन् ।

संसद्को काम कारबाहीमा भाग लिन्छन्, आफूले प्रस्ताव गरेका कुराहरू पारित गर्नलाई कोसिस गर्छन् र मतदानमा समेत भाग लिन्छन् । यसरी मन्त्रीहरूले आफूलाई विधायकको हैसियतले समर्थन पनि दिन्छन् र समर्थन पनि जुटाउछन् । संसदीय व्यवस्थामा मन्त्रीहरूलाई पहिला सांसद अनि मन्त्रीको रूपमा हेरिन्छ । कुनै मन्त्री संसद्को सदस्य नभएर पनि नियुक्त भएको त हुन सक्छ तर अक्सर त्यस्तो नियुक्ति अस्थायी अर्थात् छोटो समयको लागि गरिएको हुन्छ । यस्तो प्रणाली अपनाउने धेरैजसो संविधानले ६ महिना

भित्रै संसद्को सदस्यता प्राप्त गरेको हुनुपर्ने व्यवस्था गरेको छ । यस किसिमको व्यवस्था हुनुको कारण मन्त्रीपदको जिम्मा एकातिर जनप्रतिनिधिलाई नै दिनु र अर्कोतिर बहुमत कायम गराउनलाई सक्षम अवस्थामा पुऱ्याउनु रहेको देखिन्छ ।

## प्रभावकारी विपक्षीको व्यवस्था

संसदीय व्यवस्थामा बहुमतप्राप्त दलले मन्त्रीपरिषद् गठन गर्ने र अरु दलहरू विपक्षमा बस्ने गर्दछन् । कहिलेकाहीँ एक भन्दा बढी दलहरूको गठबन्धनबाटै सरकार बनाइन्छ । विपक्षी दलको भूमिका सरकारको पतन गराउने वा सरकारी प्रस्तावहरूको अन्धाधुन्ध आलोचना गर्ने होइन । बरु सरकारी नीति तथा प्रस्तावहरूको खराबीलाई औँल्याएर राम्रो विकल्पको सम्भावनालाई व्यक्त गर्नु हो । यसबाट सरकारलाई वैकल्पिक सम्भावनाहरूको जानकारी प्राप्त हुन्छ भने जनताले पनि सरकारी नीतिको औचित्य समीक्षा गर्ने मौका प्राप्त गर्दछ । सरकारी नीतिको आलोचना गरेर, जनमत र संसद् दुवैलाई प्रभावित गरेर विपक्षी दलले सत्तारुढ दलको विकल्पको रूपमा आफूलाई प्रस्तुत गर्दछन् (अर्याल, २०५८) । सरकारले गरेको वा नगरेको कामको आलोचना विपक्षीबाट खप्नु पर्ने हुनाले सरकारले आफूलाई संयमित राखी प्रजातान्त्रिक मूल्य, मान्यता एवं आदर्शअनुरूप काम गर्नुपर्ने बाध्यता रहन्छ । विपक्षी दलले पनि संसद्मा आफूले खेल्नु पर्ने रचनात्मक काम नगरी सरकारलाई अल्पमतमा पुऱ्याउने चेष्टामात्रै गरेको खण्डमा संसद्लाई विघटन गर्न प्रधानमन्त्रीले राष्ट्राध्यक्ष समक्ष सिफारिस गरी जनताको ताजा समर्थन जुटाउने कोसिस गर्दछ । जनताले सत्तारुढ दललाई नै पुनः समर्थन दिएर विपक्षी दलले आस्था गुमाउनु पर्ने अवस्था पनि आउन सक्छ । संसद् विघटनगर्ने प्रधानमन्त्रीको यस्तो विशेषाधिकारले विपक्षीदललाई आफ्नो ठाँउमा राख्ने माध्यम पनि बनेकोछ ।

## मन्त्रीपरिषद् र संसद्बिचको अन्तरसम्बन्ध

संसदीय प्रणालीअन्तर्गत कार्यपालिकाको निर्माण, संसद्को बहुमतप्राप्त दलको नेताको नेतृत्वमा हुने हुनाले मन्त्रीपरिषद्लाई संसद्कै कार्यकारिणी समितिको रूपमा हेर्न सकिन्छ । मन्त्रीपरिषद्को गठन र विघटनको प्रक्रियामा संसद्को औपचारिक एवं व्यवहारिक भूमिकाको यो अवस्था नै संसदीय शासनको शास्त्रीय युग मानिन्छ । प्रजातान्त्रिक शासनको साकार अवस्थाको रूपमा संसदीय प्रमुख सहितको संसदीय प्रजातन्त्र प्रयोगमा ल्याइएको भए पनि समयको अन्तरालमा संसदीय शक्ति संरचना र कार्य प्रक्रियामा व्यापक अन्तरहरू देखा परिसकेको छ । खास गरेर मन्त्रीपरिषद् र संसद्का अन्तर सम्बन्धको सन्दर्भमा मन्त्रीपरिषद्को लागि संसदीय विश्वासको आवश्यकता र संसद्को बहुमतप्राप्त गरेको दलको नाताले गठन भएको सरकारले गर्न सक्ने संसदीय नियन्त्रणको सम्भावना गरी यी दुई अवस्थाहरूको सेरोफेरोमा मन्त्रीपरिषद् र संसद् बिचको सम्बन्ध विभिन्न महलहरूको अध्ययन गर्नुपर्ने हुन्छ (अर्याल, २०५८) । स्पष्ट बहुमतप्राप्त भएको दलले गठन गरेको सरकारको लागि संसदीय विश्वास सहज हुने र संसदीय कारबाहीमा सरकारी प्रभाव र नियन्त्रण स्वभाविक हुने हुनाले संसद्ले सरकारसँग आफूप्रति उत्तरदायित्व दावी गरिरहनुभन्दा संसदीय प्रक्रियामा सरकारी नियन्त्रण वास्तविक हुन जान्छन् । यस्तै परिस्थितिले गर्दा अब संसदीय शासन प्रणालीलाई

मन्त्रीमण्डलीय शासन अझ पनि प्रधानमन्त्रीय शासन प्रणालीद्वारा क्रमशः प्रतिस्थापित गर्दै आएको अनुभव भएको छ । राष्ट्रिय नीतिहरूको निर्माण गर्ने, देशको दैनिक प्रशासनको सञ्चालन गर्ने, आवश्यक विधेयकहरू तर्जुमा गरी पेस गर्ने र पारित गराउने, देशको आयव्ययको अनुमान तयार गरी संसद्मा पेस गर्ने, देशभित्र तथा बाहिरको लागि उच्च पदहरूको नियुक्ति गर्ने र संसदीय अधिवेशन बोलाउने, अन्त गर्ने, संसद्को कार्यतालिका मिलाउने र संसद् भङ्ग गरी मध्यावधि चुनाव गराउने लगायतका कुरामा संसद्मा बहुमतप्राप्त मन्त्रिपरिषद्को नै वास्तविक भूमिका रहने गरेको छ । यिनै कारणहरूले ब्रिटिस संसदीय प्रणालीको सन्दर्भमा W.B. Munro ले संवैधानिक संरचनामा एउटै महत्त्वपूर्ण संयन्त्र भनेका छन् ।

R. J. Myor ले यसलाई राज्यरूपी जहाजको निर्देशक चक्का भनेका छन् । संसद्मा निहित रहेका अधिकारहरू व्यवहारमा मन्त्रीपरिषद्को अधिनमा गएका छन् । मन्त्रीपरिषद्को उत्तरदायित्व भनेको व्यवहारमा संसद्प्रतिको Responsiveness मा बदलिन गएको अनुभव हुन्छ । सिद्धान्ततः मन्त्रीपरिषद् संसद्को नियन्त्रणमा निहित रहेपनि व्यवहारमा यो संसद्को पनि नियन्त्रक हुन गएको छ । संसदीय प्रभुत्वको सट्टा मन्त्रीमण्डलीय प्रभुत्व कायम रहने प्रवृत्ति देखा परेको अनुभूति पनि यदाकदा नहुने होइन तर राज्यको भूमिकामा विस्तार, देश तथा विदेशमा भएको चामत्कारिक विकासको वेगलाई धान्न सक्ने निर्णय प्रक्रिया र कार्यान्वयन पक्षलाई मध्यनजर राखेर देशको शासन संयन्त्रमा मन्त्रिपरिषद्को अग्रणी भूमिका रहनु स्वाभाविक मात्र होइन आवश्यक पनि भएको छ । यसको मतलब बहुमतको नाममा अप्रजातान्त्रिक एवं निरङ्कुतापूर्वक काम गर्ने स्वतन्त्रता मन्त्रिपरिषद्लाई रहन्छ भन्ने पनि होइन । प्रजातान्त्रिक आधारमा गठन भएको मन्त्रीपरिषद्ले सीमित पदावधिलाई दुरूपयोग गरेमा आगामी चुनावमा राजनीतिक दण्ड भोग्नु पर्ने खतरा रहन्छ (अर्याल, २०५८) ।

अतिशय ज्यादतीबाट पदावधि व्यतीत गर्न दिनु असम्भव भएमा जनताले सडकको राजनीति गर्न पनि बाध्य हुन्छन् । जनताद्वारा विश्वासप्राप्त प्रतिनिधिहरूले त्यतिविघ्न अप्रत्याशित अयोग्यता र अनुत्तरदायित्व प्रदर्शन गर्ने अपेक्षा पनि गर्न सकिँदैन । मन्त्रीपरिषद्का सदस्यहरूले गरेको कार्यलाई समर्थन गर्ने आधार नै नरहेमा आराजनीतिक विश्वास एवं आफ्नो नीजि राजनीतिक भविष्यलाई हेरेर सत्तारुढ दलका सांसदहरूले नै सत्ताका विरुद्ध विद्रोह गरेर सङ्कटमा पुऱ्याउन सक्दछन् । यसैले मन्त्रीपरिषद्ले दवाव र अहंको भरमा संसदीय समर्थन जुटाउने नभई अनुनयी विश्वासिलो र आदर्शशील चरित्रहरूको आधारमा आफ्ना दलहरूका सदस्यहरू र विपक्षीहरूसँग समेत मिलेर कार्य सम्पादन गर्नुपर्दछ । राजनीतिक संस्कार र प्रजातान्त्रिक मान्यताकै कारणले बहुमतको आडमा गठित कुनै मन्त्रीपरिषद्ले सामान्यतया निरङ्कुशता वा तानाशाही प्रवृत्ति अख्तियार गर्दैनन् । यो एउटा कुरामात्र भएकोले कुनै देशको अनुभव अर्को देशको अनुभवभन्दा सुखद वा दुखःद हुन सक्दछ ।

## प्रतिनिधिमूलक प्रणाली

प्रजातान्त्रिक शासन व्यवस्थामा जनताका प्रतिनिधिहरूद्वारा शासन व्यवस्था सञ्चालन हुने हुँदा जुनसुकै प्रकारका व्यवस्थामा पनि प्रतिनिधिको आवश्यकता पर्दछ । राजनीतिक शास्त्री J.S. Mill ले प्रचलनमा ल्याउनु भएको प्रतिनिधिमूलक शासन प्रणाली संसदीय प्रणालीको प्रमुख विशेषता हो जसको अर्थ जनताले स्वतन्त्रपूर्वक छानेर पठाएको प्रतिनिधिहरूले जनताको तर्फबाट सरकारको निगरानी गर्ने भन्ने हुन्छ (Verney, 1960) । राज्यको गतिविधिमा आएको बढोत्तरी र राज्यको आकारको ठूलोपनले पुराना ग्रिक राज्य जस्तै प्रत्यक्ष प्रजातन्त्रको नमुनाहरूको गुन्जाइस देखिँदैन । दैनिक जीवनमा आफ्नो व्यस्तताको कारणले जन साधारणले राजकीय मामिलाका विधि पहलहरूमा सक्षमता एवं सहजताका साथ सहभागिता उपलब्ध गराउन नसक्ने कारणले प्रतिनिधिमूलक प्रणाली नै एउटा भरपर्दो प्रजातान्त्रिक विकल्पको रूपमा उमारिएको छ । जनताको अभिव्यक्ति स्वतन्त्रता, निर्वाचनमा भाग लिने, प्रत्याशी बन्ने र त्यसको माध्यमद्वारा शासनमा भाग लिने वा आफ्नो विचारको अभिव्यक्तिद्वारा जनमतलाई प्रभावित गरी सरकारी क्रियाकलापहरूमाथि नियन्त्रण वा प्रभावितगर्ने कार्य प्रतिनिधिमूलक शासनको मूलभूत चरित्र हुन् (अर्याल, २०५८) ।

नेपालमा वि.सं.२०४७ मा आएको नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ८ मा गरिएको व्यवस्थापिकासम्बन्धी व्यवस्थामा धारा ४५ (१) को व्यवस्थाअनुसार प्रतिनिधिसभामा २०५ जना निर्वाचित प्रतिनिधि सदस्यहरू र राष्ट्रियसभामा विभिन्न क्षेत्रबाट मनोनित भई आएको ६० जना प्रतिनिधि सदस्य हुने व्यवस्था धारा ४६ (१) मा गरिएको थियो । साथै नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा परिणत भइसकेको वर्तमान अवस्थामा नेपालको संविधान, २०७२ मा उल्लेख भएअनुरूप प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिकाको व्यवस्था गरिएको छ । जसअनुसार, प्रतिनिधिसभामा देहाय बमोजिमका २७५ सदस्य रहनेछन् (नेपालको संविधान, २०७२) ।

(क) नेपाललाई भूगोल र जनसङ्ख्याको आधारमा एक सय पैंसट्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने १६५ सदस्य र

(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने ११० सदस्य ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने सङ्घीय कानुनी व्यवस्था रहेको छ । यसबाट नेपालको संसदीय शासनप्रणालीमा प्रतिनिधिमूलक प्रणालीको महत्त्व बढी भएको कुरामा दुईमत छैन ।

## विधिको शासन

विधिको शासन नै प्रजातान्त्रिक व्यवस्थाको प्रमुख विशेषता हो । कानुनको शासनको अवधारणा धेरै पुरानो हो तर यो अवधारणाले संविधानको सिद्धान्तको रूपमा मध्ययुगदेखि नै मान्यता पाएको छ । संविधानको सिद्धान्तहरूलाई राजनीतिक सिद्धान्तको रूपमा कानुनको शासनको अवधारणा इशाको सत्रौं शताब्दीमा बेलायतमा राजासँगको संसदीय सर्वोच्चताको सिद्धान्तको विवादको सन्दर्भमा गरिएको समाधानको रूपमा हेर्ने गरिन्छ । कानुनको शासन तथा संसद्को सर्वोच्चताको सिद्धान्त बेलायतमा सन् १६८९ को विल अफ् राइट्सद्वारा स्थापित भएको हो । फोर्टेस्क्यू सि.जे.ले हेनरी छैटौँकै पालामा व्यक्त गरेका विचारअनुसार संसद्को सर्वोच्चताको कडी संसदीय स्वीकृति वेगर कर लगाउन हुँदैन भन्ने सिद्धान्त हो र त्यसको आधार कानुनको शासनको अवधारणाको रूप पाएको हो (Wade and Philips, 1965)।

कानुनको शासनमा सबै व्यक्तिहरू विधायिकद्वारा निर्मित वा अनिर्मित कानुनअन्तर्गत हुन्छन् । कानुन बनाउने अधिकार संसद्को हो भन्ने स्वीकार गरिएको हुनाले, बेलायती संसदीय प्रजातन्त्रको परिप्रेक्ष्यमा कानुनको शासन र संसदीय सर्वोच्चताको अधिकार एकै मूलका दुई हाँगाको रूपमा विकसित हुन पुगेको पाइन्छ । Common law का ज्यादा जसो विषयमा संसद्द्वारा निर्मित कानुनहरूले प्रतिस्थापित गर्दै आएको र संसद्द्वारा निर्मित कानुनको शासनको सिद्धान्तको माध्यमद्वारा पङ्ख फिजाएको देखिन आँउछ । आजकाल पाश्चात्य नमुनाका धेरै जसो प्रजातान्त्रिक प्रणालीहरूमा संविधानलाई मूल कानुन बनाई सरकारका विभिन्न अङ्गहरूबिच शक्तिको पृथकीकरण एवं आपसी नियन्त्रण तथा सन्तुलनको व्यवस्था गरेर सीमित सरकारको सिद्धान्त विकसित गरिएको छ (अर्याल, २०५८) ।

## बहुदलीय पद्धति

आधुनिक प्रतिनिधिमूलक प्रजातन्त्रले बहुदलीय पद्धतिलाई हरेक राजनीतिक समाजको लागि अनिवार्य आवश्यकता मान्दछ । समाजको कुनै पनि सदस्यलाई राजनीतिक सहभागिताको लागि निम्त्याउन राजनीतिक दलहरूले कडीको रूपमा काम गर्ने ठानेकाले नै हुनुपर्दछ । परम्परागत प्रकृतिको शासन व्यवस्था भएको २०४६ सालको जनआन्दोलन पूर्वको नेपाल, साउदी अरेविया र थाइल्याण्ड जस्ता केही मुलुकहरूमा बाहेक प्रायः सबै मुलुकहरूमा दलहरूको राजनीतिक भूमिकालाई मान्यता दिइएको छ । सर्वसत्तावादी साम्यवादी मुलुकहरूमा पनि दलको स्थान स्वीकार गरिएको छ भने दुई दलीय वा बहुदलीय पद्धति भएको मुलुकहरूको लागि भने यो एउटा स्वभाविक संस्था मानिन्छ । एक दलीय शासन भएको मुलुकहरूमा राजनीतिक सङ्गठन र अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरिन्छ । त्यसैले त्यहाँ राजनीतिक बहुलता सम्भव हुँदैन । दुई दलीय व्यवस्था कुनै औपचारिक कानुनी प्रावधानको कारणले प्रयोगमा आएको नभई व्यावहारिक औचित्य र ऐतिहासिक घटनाक्रमले गर्दा प्रयोगमा आएको पाइन्छ । बहुदलीय पद्धति भन्नाले दुई वा दुईभन्दा बढी दलहरूले सक्रियताका साथ भूमिका खेलेको राजनीतिक प्रणालीलाई जनाउँदछ । जर्मनी, क्यानाडा, स्वीजरल्याण्ड, इटाली जस्ता मुलुकहरूमा बेलायत र अमेरिकामा जस्तै दुई दलहरूबिच मात्रै सत्ताको अवसर

सीमित रहने नभई विभिन्न राजनीतिक दलहरू बिचको सम्बन्ध र गठबन्धनबाट सत्ता सम्हाल्ने प्रक्रिया ज्यादै प्रचलनमा रहेको पाइन्छ (अर्याल, २०५८) । देश देशको आफ्नो राजनीतिक संस्कृतिअनुसार राजनीतिक बहुलताको हदनिर्धारण गर्ने हुनाले कुनै देशको लागि राजनीतिक एकरूपता वा बहुलताको स्वरूपको सम्बन्धमा दिशानिर्देश गर्न सकिँदैन ।

दलहरूको सङ्ख्या जे जस्तो भए पनि प्रजातन्त्र सफल पार्नको लागि सफल दलीय पद्धतिको आवश्यकता पर्दछ भन्ने कुरामा कुनै सन्देह छैन । दलीय पद्धतिले गर्दा नै मनपरी कानुन पारित गर्ने कुरालाई रोक्न सम्भव हुन्छ, जनतामा अनुचित भ्रम पर्न नदिई राजकीय क्रियाकलापहरूको सही जानकारी पुऱ्याउन सहायता पुग्दछ, संसद्को विधि निर्माण गर्ने सिपमा निपूर्णता बढाउँछ र सबैभन्दा बढी निरङ्कुशतालाई नियन्त्रणमा राख्न सम्भव गराउँदछ । यिनै तथ्यलाई ध्यानमा राखेर लर्ड ब्राइसले भनेका थिए जसरी ज्वारभाटाले समुद्रभित्रको पानीलाई ताजा बनाउँछ, त्यसरी नै राजनीतिक दलहरूले राष्ट्रको मानसिकतालाई जीवन्त तुल्याउँछ (Bryce, 1921, pp. 134-135) । आधुनिक प्रतिनिधिमूलक शासन व्यवस्थाको लागि बहुदलीय पद्धति भनेको शासकको जनताप्रतिको उत्तरदायित्व निभाउने कडीको रूपमा र जनतामा शासनको सन्देश पुऱ्याउने बाहकको रूपमा रहेको पाइन्छ ।

**स्वतन्त्र न्यायपालिका**

कुनै पनि प्रजातान्त्रिक देशमा जनतालाई निष्पक्ष न्याय प्रदान गर्नका लागि संविधानले न्यायपालिकाको व्यवस्था गरेको हुन्छ, त्यसैले नेपालमा पनि सर्वोच्च अदालतको व्यवस्था छ । जसमा नेपालका प्रधानन्यायाधीश र कानुनद्वारा तोकिएबमोजिमका सङ्ख्यामा न्यायाधीशहरू रहन्छन् । न्यायपालिकाले संविधान विपरीत वा त्यससँग बाझिएका ऐन, नियम, दफा वा विधेयकलाई असंवैधानिक भनी खारेज गर्न सक्छ (अर्याल, २०५८) । नेपाल अधिराज्यको संविधान, २०४७ ले यिनै कुरालाई आत्मासात गरेर स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरेको थियो, जसमा सबैभन्दा माथि सर्वोच्च अदालत, त्यसपछि पुनरावेदन अदालत र जिल्ला अदालतको व्यवस्था गरेको थियो । हालको परिवर्तित सन्दर्भमा नेपालको २०७२ के संविधानमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको व्यवस्था गरेको छ । जसमा सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ (नेपालको संविधान, भाग ११ धारा १२७ उपधारा १) । यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहनेछन् ।

संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सर्वोच्च अदालतले आफ्नो र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापनसम्बन्धी विषयमा निरीक्षण, सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । मुद्दा मामिलाका रोहवरमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ । सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही

चलाई सजाय गर्न सक्नेछ । उच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूबाट हुने न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजायगर्न सक्नेछ । प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त सङ्घीय कानुनमा व्यवस्था भएबमोजिमको सङ्ख्यामा न्यायाधीशहरू रहनेछन् भनी उल्लेख गरिएको छ । प्रदेश कानुनबमोजिम स्थापित स्थानीयस्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहतमा रहनेछन् । जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

### संसदीय सर्वोच्चता

संसदीय व्यवस्थामा संसद्मा बहुमतप्राप्त संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त गरिन्छ र निजकै सिफारिसमा अन्य मन्त्रीहरूको नियुक्ति र बर्खास्त राष्ट्राध्यक्ष वा राजाबाट गरिन्छ । यसरी गठन भएको मन्त्रीमण्डल पूर्णरूपमा संसद्प्रति उत्तरदायी रहन्छ । मन्त्रीमण्डल सामूहिक रूपमा संसद्प्रति उत्तरदायी हुन्छ । संसद्को विश्वास रहुञ्जेल सरकार कायम रहन्छ ।

### अधिकार विभाजन र सन्तुलन

राज्यका तीन अङ्कहरूको बिचमा स्पष्ट रूपमा कार्य विभाजन गरिएको हुन्छ र एक आपसमा नियन्त्रण र सन्तुलनको सिद्धान्त कायम गरिएको पाइन्छ । कार्यपालिकाको गठन संसद्ले गर्ने गर्दछ भने संसद्लाई कार्यपालिकाले भङ्ग गर्न सक्दछ । त्यसैगरी न्यायपालिकाले संसद्ले बनाएको कानुनलाई संविधानसँग बाझिएमा बदर गर्न सक्छ भने न्यायाधीसहरूलाई महाअभियोग लगाएर पदबाट मुक्त गर्न सक्दछ । यसरी एक आपसमा नियन्त्रण सन्तुलनको सिद्धान्तअनुसार राजनीतिक व्यवस्था सञ्चालन हुने भए पनि संसदीय व्यवस्थामा संसद्को स्थान सर्वोच्च हुन्छ ।

## २.१.८ नेपालमा संसदीय प्रणालीको विकास

लागु हुन नसके पनि नेपालको वैधानिक कानुन, २००४ नेपालको इतिहासमा पहिलो संविधान हो । यो संविधान २००४ साल माघ १३ गतेका दिन घोषणा भएको थियो । यस संविधानले प्रधानमन्त्री पदको लागि अहस्तान्तरणीय र अपरिवर्तनीय रूपमा कायम गरेको देखिन्छ (पोखेल, २०७५) । एसियामा आएको परिवर्तनको लहर मुलुकमा प्रवेश गर्न रोक्ने र मुलुकभित्रै आफ्नो एकतन्त्रीय जहानियाँ शासनका विरुद्ध उठेको विरोधको राँकोलाई मत्थर पार्ने उद्देश्यले प्रधानमन्त्री पद्म शमशेरले १३ माघ २००४ का दिन यो संविधान जारी गरेका थिए । यो वैधानिक कानुनको धारा २२ (क) मा श्री ३ महाराज, राष्ट्रसभा र भारदारी सभाबाट नेपालको व्यवस्थापिका सभाको गठन हुने प्रावधान राखिएको थियो । दुई सदनात्मक व्यवस्थापिकाको तल्लो सदनको रूपमा परिकल्पना गरिएको राष्ट्रसभामा ६० देखि ७० जनासम्म सदस्य रहने व्यवस्था थियो । यीमध्ये ४२ जना जिल्ला पञ्चायतका सभापति र नगर पञ्चायतका प्रधानपञ्चहरू, साहु महाजनका

प्रतिनिधि, विर्तावालका प्रतिनिधि, लेखपढ गर्न जान्नेका प्रतिनिधि, सरकारी कर्मचारीका प्रतिनिधि, श्रमजीविका प्रतिनिधि र २८ जना श्री ३ बाट नियुक्त हुने किटान गरिएको थियो (नेपाल सरकार वैधानिक कानुन, धारा २२, (ख, ग)) । व्यवस्थापक सभाका दुवै सदन स्थायी थिए र प्रत्येक वर्ष १/४ सदस्य (निर्वाचित वा मनोनित दुवै) ले पद त्याग गर्ने व्यवस्था यस संविधानले गरेको थियो (नेपाल सरकार वैधानिक कानुन, धारा २२, (५)) । यसको निधो सभाका सभापतिले गर्ने गर्दथे ।

सभाको तल्लो सदन (राष्ट्र सभा) को सभापति (अध्यक्ष) को मनोनयन श्री ३ बाट हुने र उप-सभापतिको निर्वाचन हुने व्यवस्था भएकोमा भारदारी सभाको सभापति कमाण्डर इन चिफ र उप-सभापति श्री ३ बाट मनोनित हुने व्यवस्था थियो (नेपाल सरकार वैधानिक कानुन, धारा २२, (क, ग)) । सामान्यतः व्यवस्थापक सभाका दुवै सभाको बैठक बर्षको दुई पटक हुने व्यवस्था थियो (धारा २३, (क)) भने सभाको अधिवेशनको आह्वान र अन्त्य पनि श्री ३ कै इसारामा हुने गर्दथ्यो । सभाको बैठकको लागि भने सम्पूर्ण सदस्यको एक चौथाइ सदस्यको उपस्थिति आवस्यक थियो (धारा २७, (ग)) । कुनै एक व्यक्ति एकै पटकमा दुवै सदनको सदस्य हुन सक्दैनथ्यो (धारा २७, (क)) । सदस्यलाई निश्चित सीमाभित्र रही सभामा वाक स्वतन्त्रता प्राप्त थियो । अर्थ विधेयक पहिले तल्लो सदनमा पेश गरिन्थ्यो । मन्त्री मण्डलमा व्यवस्थापक सभाका कमसेकम २ जना निर्वाचित सदस्य रहने व्यवस्था भए पनि (धारा ७ (ख)) व्यवस्थापक सभाले सरकार (मन्त्रीमण्डल) लाई अविश्वासको प्रस्तावबाट हटाउन सक्ने स्थिति थिएन । वैधानिक कानुन अनुसार सरकार श्री ३ लाई सल्लाह दिने अङ्ग भन्दा बढी केही थिएन । सरकारका सदस्यको आयु पूर्ण रूपमा श्री ३ महाराजाको हातमा देखिन्थ्यो । सरकार श्री ३ प्रति उत्तरदायी थियो ।

संसद्ले पारित गरेको विधेयकमा खड्ग निशाना छाप लिएपछि कानुन बन्ने व्यवस्था भए पनि विधेयकमा स्वीकृति प्रदान गर्ने वा नगर्ने भन्ने विषयमा श्री ३ लाई विशेषाधिकार प्राप्त थियो । सामान्यतः दुवै सदनलाई समान अधिकार प्रदान गरिएको देखिन्थ्यो तर कुनै विषयमा दुवै सदन बिच मतभेद भएमा श्री ३ ले संयुक्त सदनको बैठक बोलाउने र उक्त संयुक्त सदनको निर्णयले त्यस मत भिन्नताको अन्त्य गर्ने भए तापनि संसदमा श्री ३ बाट मनोनित सदस्य निर्वाचित सदस्य भन्दा बढी भएकोले कुनै पनि विधेयक श्री ३ को इसारामा मात्र पारित हुन सक्ने स्पष्ट देखिन्थ्यो । आर्थिक विधेयक, सरकारी टक, सरकारले कुनै देशी वा विदेशीसँग कर्जा उठाउने विषय र हातहतियार राख्ने र प्रयोग गर्ने विषयका मस्यौदा वा संशोधन प्रस्ताव सरकारका तर्फबाट मात्र प्रस्तुत गरिने व्यव्स्था थियो भने व्यवस्थापक सभाका दुवै सभामा कुनै सदस्यको व्यक्तिगत चारित्रिक विषय, कुनै न्यायाधीशले आफ्नो अख्तियारभित्र गरेको कामको विषयमा संसदमा छलफल हुन सक्दैनथ्यो । यसरी हेर्दा यो संविधान संसदीय प्रणालीको नजिक देखिँदैन । मन्त्रीहरूको नियुक्ति श्री ३ बाट हुन्थ्यो भने त्यसमा व्यवस्थापक सभाको कुनै नियन्त्रण थिएन । न त यसमा संसदमा प्रतिनिधित्व भएको दलीय आधारमा नै सरकार गठन हुने अवस्था नै थियो । श्री ३ ले आवश्यक ठानेमा देशमा सङ्कटकालको अवस्थाको घोषणा गरी सबै अधिकार आफैँमा लिन सक्ने (धारा ४७) अप्रजातान्त्रिक व्यवस्था थियो । अर्को

कुरा संसदको लोकप्रिय सदनमा पनि २८ जना सदस्य मनोनित गर्ने गैर प्रजातान्त्रिक व्यवस्था थियो । वास्तवमा वैधानिक कानुन, २००४ राणा शासनलाई अझ लामो समय टिकाइराख्ने उद्देश्यले जारी गरिएको देखिन्छ (अर्याल, २०५८, पृ. ३९) ।

२००७ सालको क्रान्तिपछि श्री ५ त्रिभुवनले २००७ साल फागुन ७ गतेको शाही घोषणामा गणतन्त्रात्मक ढाँचाबाट संविधान निर्माण गर्ने उल्लेख भएअनुसार एउटा नयाँ संविधान निर्माण गराइयो । यस विधान (संविधान) लाई नै २००७ साल चैत्र २७ गते मन्त्रीमण्डलबाट अनुमोदन गरियो र त्यसैलाई “नेपाल अन्तरिम शासन विधान २००७” भनियो । यस संविधानले कुनै स्पष्ट शासकीय ढाँचा प्रस्ताव गरेको थिएन । राणाकालीन नेपालको वैधानिक कानुनले प्रस्ताव गरे जस्तो व्यवस्थापिका सभालाई पनि यो संविधानले न त निरन्तरता नै दियो न त त्यसलाई परिमार्जन गरेर कुनै निर्वाचित विधायिकी अङ्ग नै स्थापना गऱ्यो । वास्तवमा त्यस बेला मुलुकमा तत्काल निर्वाचन गर्न सकिने अवस्था नै विद्यमान नरहेकोले निर्वाचित विधायिका सम्भव नै थिएन । अतः यो संविधानले संशोधनमार्फत राजाबाट मनोनित हुने सल्लाहकार सभासम्मको परिकल्पना गरेको पाइन्छ । मुलुकको कार्यकारिणी अधिकार यो संविधानले श्री ५ र मन्त्रीमण्डललाई सुम्पिएको थियो । मन्त्रीमण्डलको गठन र विघटन श्री ५ को इच्छानुसार हुन्थ्यो र मन्त्रीहरू आफ्नो कामका लागि श्री ५ प्रति नै जिम्मेवार हुन्थे । विधायिकी कामका लागि गठनको प्रस्ताव गरिएको सल्लाहकारसभा पनि श्री ५ कै इच्छानुसार गठन हुने व्यवस्था थियो । यस्तो सल्लाहाकारसभा दुई पटक गठन भयो । पहिलो सल्लाहकारसभा गठन गर्दा राजा त्रिभुवनले यसको उद्देश्य र कार्यसीमा समेत तोकेका थिए । यसको उद्देश्य जनताका धेरै प्रतिनिधिहरूको राज्य सञ्चालनमा सहयोग प्राप्त गर्ने देखिन्छ र यसको कार्य राजा र उनको मन्त्रीमण्डललाई मद्दत र सल्लाह दिनु थियो । मन्त्रीहरू पनि सल्लाहकार सभाको सदस्य रहने व्यवस्था गरिएको थियो तर तिनको त्यसप्रति कुनै संवैधानिक जवाफदेहिता थिएन ।

मन्त्रीमण्डलको प्रावधान भए पनि त्यो राजाप्रति उत्तरदायी हुन्थ्यो । व्यवस्थापिकाको काम गर्ने सल्लाहकार सभा भए पनि त्यो राजाद्वारा मनोनितहरूको सभा थियो र त्योसँग आदेशात्मक भन्दा पनि परामर्शात्मक शक्तिमात्र थियो (नेपाल अन्तरिमशासन विधान, २००७) । यी तथ्यहरूले के देखाउँछ भने नेपाल अन्तरिम विधान, २००७ ले नेपालमा संसदीय व्यवस्थाको विकासमा कुनै उल्लेख्य योगदान गरेको थिएन । २००७ सालको क्रान्तिको सबैभन्दा ठूलो उपलब्धी भनेको नेपाली जनताले जननिर्वाचित संविधानसभाबाट निर्मित संविधानद्वारा शासित हुन पाउनु थियो तर दरबारिया तिकडम र त्यस बेलाका राजनीतिक दलहरूको अपरिपक्वताले गर्दा यो उपलब्धी व्यवहारमा उत्रन सकेन । राजा महेन्द्रको महत्त्वाकांक्षाको सामु लोकतन्त्र गुम्ने खतरा देखेपछि अन्ततः राजनीतिक दलहरू संविधानसभाको साटो राजाप्रदत्त संविधानका अधीन संसद्को निर्वाचनको लागि समेत तयार भए । यो सहमति बनेपछि राजा महेन्द्रले २०१५ साल फाल्गुण ७ गते ‘नेपाल अधिराज्यको संविधान’, २०१५ जारी गरे र आमनिर्वाचन गराए । संसदीय व्यवस्थाको विकासका दृष्टिबाट यो संविधान कोसेढुङ्गा मानिन्छ किनकि यो संविधानले आधारभूत रूपमा संसदीय व्यवस्थाको परिकल्पना गरेको

थियो र त्यसअनुसार मुलुकमा दुई सदनात्मक व्यवस्थापिकाको निर्वाचनसमेत भयो । श्री ५ र महासभा तथा प्रतिनिधिसभा नामका दुई सदन सहितको एक संसद्को व्यवस्था गरेको थियो (नेपाल अधिराज्यको संविधान, २०१५, धारा १८) ।

अन्य संसदीय व्यवस्थामा जस्तै महासभा माथिल्लो सदन र प्रतिनिधिसभा तल्लो सदन थियो । प्रतिनिधिसभाको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीबाट हुने व्यवस्था थियो । यसै सदनमा बहुमत ल्याउने संसदीय दलको नेतालाई श्री ५ बाट प्रधानमन्त्री नियुक्त गर्ने र प्रधानमन्त्रीको सिफारिसमा अन्य मन्त्रीहरू नियुक्त हुने व्यवस्था थियो । मन्त्रीमण्डल आफ्नो निर्धारित कार्यकालभरि पनि प्रतिनिधिसभाको विश्वास छउञ्जेलमात्र पदमा रहन सक्थ्यो । यसको मतलव प्रतिनिधिसभाले सामान्य बहुमतबाट अविश्वासको प्रस्ताव पारित गरी मन्त्रीमण्डललाई पदच्युत गर्न सक्थ्यो । यो संविधानले मन्त्रीमण्डललाई नेपाल अधिराज्यको शासनको सामान्य निर्देशन तथा नियन्त्रण गर्ने अभिभारा सुम्पेको थियो र मन्त्रीमण्डल सामूहिक रूपले प्रतिनिधिसभाप्रति उत्तरदायी हुन्थ्यो । समग्रमा भन्नु पर्दा यो संविधानले मुलुकलाई संसदीय शासकीय संरचनामा ढालेको थियो । संविधानका कतिपय प्रावधानहरूले राष्ट्राध्यक्षका रूपमा श्री ५ लाई जे जे अधिकार दिएको थियो, त्यसबाट संसद् र मन्त्रीमण्डल कमजोर देखिन्थ्यो । यस सविधानमा उल्लेखित प्रस्तावनाले के कुरा प्रस्ट पारेको थियो भने यो नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित छ र यो संविधान आफैं पनि श्री ५ को त्यही सार्वभौमसत्ता प्रयोगको उपज हो । कुरो के हो भने यस संविधानले नेपालको कार्यकारिणी अधिकार पनि श्री ५ मै निहित रहेको किटानी धारा १० मा गरेको थियो । यस अतिरिक्त यस संविधानको धारा ५५ ले त झन् श्री ५ लाई सङ्कटकाल घोषणा गर्ने र त्यसबेला असीमित अधिकार प्रयोग गर्न पाउने संवैधानिक प्रावधान राखेको थियो ।

यति हुँदाहुँदै पनि संविधानको स्पष्ट रुझान संसदीय भएकाले यदि त्यसले निर्वाध रूपमा काम गर्न पाएको भए यो उन्नत संसदीय व्यवस्थातर्फ अग्रसर हुन सक्थ्यो । तर २०१७ साल पुष १ गतेको शाही "कू" ले सबै प्रयोगलाई भताभुङ्ग पारिदियो र नेपाल तीस वर्षे पञ्चायती निरङ्कुशतन्त्रको अधीनमा बस्न बाध्य भयो । राजा महेन्द्रको शाही "कू" को परिणाम स्वरूप सत्र महिनामै संसदीय व्यवस्थाको अभ्यास धराशायी भयो । त्यसले नेपाली समाजमा आफ्नो ल्याकत प्रमाणित तथा विकास गर्ने अवसर नै पाएन । दलविहीन राजनीतिक व्यवस्थालाई राजा महेन्द्रले 'नेपालको संविधान', २०१९ जारी गरी यसलाई संवैधानिक जामा पहिऱ्याए । यो संविधानले निरङ्कुश राजतन्त्रको वीजारोपण गऱ्यो । यसले नेपाली हावा, पानी र माटो सुहाउँदो व्यवस्थाको नाममा पञ्चायती व्यवस्थाको स्थापना गऱ्यो । यो व्यवस्था राजा महेन्द्रको मानसपुत्र थियो (पोखेल, २०७५, पृ. १९४) । राजा महेन्द्र लोकतन्त्र र राजनीतिक दलहरूका कट्टर विरोधी थिए । अतः उनले राजनीतिक दलहरूलाई अराष्ट्रिय तत्त्वको संज्ञा दिए र आफ्नो व्यवस्थामा तिनलाई प्रतिबन्धित नै गरे । अति महत्त्वाकांक्षी भएकाले उनले लोकतन्त्रलाई विकासले क्षतिपूर्ति गराउने अठोट गरे तर उनको यो प्रयोग पूर्ण रूपले असफल भयो किनकि तीस वर्षको पञ्चायती शासन कालमा लोकतन्त्र त रहेन रहेन, बदलिँदो

विश्वको तुलनामा विकास पनि भएन । राजा महेन्द्रद्वारा स्थापित पञ्चायती व्यवस्थाले विगतको द्विसदनात्मक संसद्को स्थानमा एक सदनात्मक राष्ट्रिय पञ्चायत खडा गर्‍यो ।

संविधानको तेस्रो संशोधनपछि सोझै जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको सभा बने पनि राष्ट्रिय पञ्चायतको निर्वाचनमा राजनीतिक दलहरूलाई भाग लिन निषेध गरिएको थियो । त्यतिमात्र होइन यसको संवैधानिक हैसियत आदेशात्मक नभई परामर्शदात्री मात्र थियो किनकि राजाले चाहेको विषय जसरी पनि ऐन बन्थ्यो र नचाहेको विषयमा कुनै हालतमा पनि ऐन बन्न सक्दैनथ्यो । प्रधानमन्त्री र मन्त्रीहरूको जवाफदेही राष्ट्रिय पञ्चायतभन्दा पनि राजाप्रति थियो (नेपालको संविधान, २०१९) । यसले लोकतन्त्रको पाङ्ग्रालाई तीस वर्ष पछाडि घचेडिदियो । त्यसैले यो व्यवस्थाको विरुद्ध यसको स्थापना कालदेखि नै विरोध भइरह्यो । विरोधको झण्डा नेपाली कांग्रेस र विभिन्न चिरामा विभाजित भएपनि कम्युनिस्टहरूले बोकेका थिए तर जबसम्म नेपालका यी दुई राजनीतिक शक्तिहरू एक्ला एक्लै लडे त्यस अवधिभर पञ्चायत शक्तिशाली रहिरह्यो । त्यस्तै यी शक्तिहरू मिलेर आन्दोलनमा उत्रिए पञ्चायती व्यवस्था तासको घरझैँ ढल्न पुग्यो । २०१७ सालमा जुन राजनीतिक दलहरूको हातबाट राजा महेन्द्रले सत्ता खोसेका थिए, २०४६ सालमा तिनै राजनीतिक दलहरूलाई उनका छोरा राजा वीरेन्द्रले सत्ता सुम्पनु पर्‍यो ।

बहुललीय लोकतन्त्रप्राप्तिको संयुक्त आन्दोलनका सामु जब पञ्चायती व्यवस्थाले घुँडा टेक्यो तब नेपालको राजनीतिक क्षितिजमा नयाँ राजनीतिक व्यवस्थाको उदय भयो । २०४६ साल चैत्र २६ गते राति प्रारम्भमा पञ्चायती संविधानबाट निर्दल झिकी बहुदल राख्ने काम भयो तर आन्दोलनले उचाइ ग्रहण गर्दै गएपछि राजा वीरेन्द्रले नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा आन्दोलनकारीहरूको सरकार बनाउनुपर्‍यो । यसका साथै नयाँ संविधान बनाउन राजी हुनुपर्‍यो । कार्तिक २३ मा जारी 'नेपाल अधिराज्यको संविधान', २०४७ ले मुलुकमा विधिवत् संसदीय शासनप्रणालीको वीजारोपण गर्‍यो । यो संविधानको प्रस्तावनामा संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने उद्देश्य किटान गरियो । प्रस्तावनामा संसदीय शासन प्रणालीप्रति गरिएको प्रतिबद्धता अपरिवर्तनीय थियो किनकि यसको धारा ११६ मा संविधान संशोधनका बारे उल्लेख गर्दा प्रस्तावनाको भावनाको प्रतिकूल हुने गरी संशोधन गर्न नपाइने व्यवस्था गरियो । यस संविधानमा उल्लेख भएअनुसार मुलुकले पूर्ण संसदीय शासन व्यवस्थाको अभ्यास गर्ने अवसर प्राप्त गरेको देखिन्छ । त्यति मात्र होइन पञ्चायती शासनका बेलाको निरङ्कुश राजतन्त्रलाई यस संविधानले संवैधानिक बनायो । त्यसपछि श्री ५ राष्ट्राध्यक्ष मात्र रहन गए भने प्रधानमन्त्री सरकार प्रमुख बन्न पुगे ।

मुलुकको शासनको मूल अभिभारा मन्त्रिपरिषद्को काँधमा आयो । संसद्ले पारित गरेको कुनै पनि विधेयक श्री ५ लाई अस्वीकार गर्ने अधिकार रहेन । वस्तुतः संसद् अब अधिकार सम्पन्न तथा आदेशात्मक भयो । संसदीय व्यवस्थाले कठोर दलीय अनुशासनको माग गर्छ तर बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात्का विभिन्न कालखण्डमा राजनीतिक दलहरूमा यस्तो अनुशासन देखिएन । कुर्सीका लागि पार्टी

फुटाउने, असंसदीय तथा अमर्यादित सम्झौताहरू गर्ने कामहरू समेत भए र ठूला राजनीतिक दलहरू बिना सैद्धान्तिक विवाद नै विभाजित हुन पुगे । यस अवधिको सरकार परिवर्तनको तथ्याङ्कलाई मात्र आधार बनाउने हो भने २०४६ को जनआन्दोलनदेखि १८ असोज, २०५९ मा राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएको कूल १३ वर्षको अवधिमा मात्र १० पटक सरकार परिवर्तन भयो ।

अझ ज्ञानेन्द्रले सत्ता हातमा लिएदेखि २०६२/६३ को दोस्रो जनआन्दोलनसम्मको समयावधिसमेत जोड्ने हो भने थप ५ पटक सरकार परिवर्तन भएका देखिन्छ । लगातार सबैभन्दा लामो शासन गरेको भनेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला हुन् । त्यो पनि जम्मा साढे तीन वर्ष मात्रको थियो । यसबाट के पुष्टि हुन्छ भने नेपालको संसदीय शासन राजनीतिक स्थायित्वका दृष्टिबाट अत्यन्त कमजोर र प्रत्युत्पादक देखिन्छ । यसको मतलव संसदीय प्रणालीको यस कालखण्डमा सकरात्मक अभ्यासहरू हुँदै भएनन् भन्नेचाँहि होइन । अनेकौं विकृति र विसङ्गतिका कारण संसदीय शासन व्यवस्था आन्तरिक रूपमा जति कमजोर हुँदै थियो त्यति नै यसमाथि विभिन्न कोणबाट प्रहार तीव्र हुँदै थियो । नयाँ संविधानले आफूलाई अधिकारविहीन बनाएकोमा राजा वीरेन्द्र असन्तुष्ट थिए । उनले आफ्नो त्यो असन्तुष्टि संविधान जारी गर्दाकै वखत पनि जाहेर गरेका थिए तर उनको अधिकार फिर्ता लिने युक्ति किस्ताबन्दी किसिमको थियो । उनी दलहरू जति जति अलोकप्रिय बन्दै जान्छन् आफ्नो लोकप्रियता त्यति त्यति बढ्दै जान्छ भन्ने कुरामा ढुक्क थिए तर राजा वीरेन्द्रको वंश विनाशपश्चात् सत्तारोहण गरेका राजा ज्ञानेन्द्रको रोल मोडेल वीरेन्द्र होइन महेन्द्र थिए । अतः उनले आफ्नो मनसाय प्रारम्भदेखि नै स्पष्ट पारे ।

आफ्नो अनुकूल पर्नासाथ राजा ज्ञानेन्द्रले १८ असोज २०५९ र १९ माघ २०६१ का दुई प्रतिगामी कदमद्वारा मुलुकको सत्ता आफ्नो हातमा लिएनन् मात्रै, उनले संसदीय शासनमाथि पनि प्रहार गरे । जसैजसै संसद्वादी दलहरू कुर्सीका लागि लुछाचुँडीमा लिप्त हुँदै गए, तत्कालीन अवस्थामा युद्धरत माओवादीहरू पनि आफ्नो अभियानमा सफल हुँदै गए । वस्तुतः यो अवस्थाले पनि राजा ज्ञानेन्द्रलाई आफ्नो दुराशयलाई कार्यान्वयन गर्न हौस्यायो । उनको यस कदमले संसद्वादी दलहरू सत्ताच्यूत भई सडकमा आउन बाध्य भए । यसले संसदीय शासनको अभ्यासमा समेत गतिरोध उत्पन्न भयो । माओवादी द्वन्द्व समाधानको लागि उनले प्रयोग गरेको तुष्टीकरण र दमनका दुवै नीति असफल भए । बरु उल्टो, विगतमा एकअर्काको कट्टर शत्रु जस्ता संसद्वादी दल र माओवादीहरू पो नजिकिन पुगे । जब संसद्वादी सात दल र माओवादीले उनको निरङ्कुशतन्त्रका विरुद्ध एकसाथ आन्दोलनमा उत्रे तब ज्ञानेन्द्रतन्त्र तासको घरझैँ धराशायी भयो । देशमा सञ्चालित १० वर्षे माओवादी जनयुद्ध र १९ दिने जनआन्दोलनले गुमेको लोकतन्त्रमात्र फिर्ता गरेन, निरङ्कुश राजतन्त्रलाई धुलिसात पारी गणतन्त्रको समेत स्थापना गर्‍यो ।

ऐतिहासिक दोस्रो जनआन्दोलनको सफलतापछि जब विघटित संसद्को पुनर्स्थापना भयो तब नेकपा (माओवादी) पनि त्यसमा सामेल हुन तयार भयो । संसद्वादी ७ दल र नेकपा (माओवादी) ले आपसी सहमतिबाट 'अन्तरिम संविधान', २०६३ जारी गरे र त्यसैमा व्यवस्था गरिएको प्रावधानअनुरूप

संविधानसभाको निर्वाचन भयो । त्यही संविधानसभाको पहिलो बैठकले १५ जेठ २०६५ का दिन नेपालमा विधिवत् राजतन्त्रको अन्त्य गरी गणतन्त्रको घोषणा गऱ्यो । नेपालको 'अन्तरिम संविधान', २०६३ का प्रावधानहरूले संसदीय व्यवस्थाकै परिकल्पना गरेको देखिन्छ ।

जनताबाट निर्वाचित व्यवस्थापिका संसद्, त्यसको सहमति वा बहुमतका आधारमा प्रधानमन्त्रीको नियुक्ति र प्रधानमन्त्री लगायत सम्पूर्ण मन्त्रीपरिषद् सामूहिक रूपमा विधायिकाप्रति उत्तरदायी हुने व्यवस्थालाई संसदीय नै भन्नुपर्छ (नेपालको अन्तरिम संविधान, २०६३) तर पनि यो पूर्णरूपले विगतको जस्तो वेष्ट मिनिष्टर मोडेलको नभएर सहमतीय मोडेलको संसदीय व्यवस्था देखिन्छ । त्यसरी नै नेपालको नयाँ संविधान, २०७२ असोज ३ गते जारी भयो । नेपालको इतिहासमा पहिलो पटक संविधानसभाले बनाएको यो संविधानले पनि मुलुकमा संसदीय शासन व्यवस्थालाई नै निरन्तरता दिएको छ । नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासनप्रणाली हुने भनेको छ (नेपालको संविधान, २०७२ धारा ७४) । संविधानले सङ्घीय संसद्को व्यवस्था गरेको छ जसमा प्रतिनिधिसभा र राष्ट्रियसभाका रूपमा दुई सदन छन् । संसद्मा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री बन्ने, उसकै अध्यक्षतामा मन्त्रीपरिषद् गठन हुने, प्रधानमन्त्री नै वास्तविक कार्यकारिणी अधिकारले युक्त हुने, प्रधानमन्त्री र उसको मन्त्रीपरिषद् संसद्प्रति उत्तरदायी हुने र संसद्ले अविश्वासको प्रस्तावद्वारा सरकार अपदस्थ गर्न सक्ने संसदीय व्यवस्थाका सबै विशेषता यो संविधानमा छ ।

यस अर्थमा नेपालले अपनाएको वर्तमान शासनप्रणाली संसदीय नै हो भन्न सकिन्छ । यस संविधानमा भएको नयाँ व्यवस्थाअनुसार, मन्त्रीपरिषद् गठन भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने, त्यसपछि ल्याएको अविश्वासको प्रस्ताव पराजित भयो भने अर्को एक वर्ष पुनः अविश्वासको प्रस्ताव ल्याउन नपाइने व्यवस्था छ । यो विगतमा गरिएको संसदीय अभ्यास भन्दा नितान्त नौलो व्यवस्था हो । नयाँ संविधानमा अविश्वासको प्रस्ताव ल्याउँदा वैकल्पिक प्रधानमन्त्रीको नाम पनि प्रस्ताव गर्नुपर्ने प्रावधान राखिएको छ । यस अतिरिक्त, प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न नपाउने व्यवस्था समेत गरेको छ । यी पछिल्ला प्रावधानहरू अन्य संसदीय व्यवस्थामा नहुने हुँदा यसले अपनाएको शासन व्यवस्थालाई सहजै सुधारिएको संसदीय व्यवस्था भन्न सकिन्छ । वर्तमान संविधानअनुसार, संसदीय प्रणालीको अभ्यास अब केन्द्रीय तहमा मात्र होइन प्रदेश तहमा पनि हुन्छ । त्यहाँ पनि प्रदेशसभामा संसदीय अभ्यास प्रारम्भ भएको छ । नेपालको हकमा यो नितान्त नौलो प्रयोग भएकोले आगामी दिनमा यो अभ्यासले कुन स्वरूप लिने हो अहिले नै यकिन गरेर भन्न सकिने अवस्था छैन ।

## २.२ अनुभवजन्य समीक्षा (Empirical Review)

राप्रपाको विषयमा बेला बेलामा पार्टीका नेता तथा कार्यकर्ताहरूले पुस्तकहरू लेख्ने गरेका छन् । गोविन्दराज खनियाँले राप्रपाको स्थापना कालदेखि तेस्रो महाधिवेशन वि.सं.२०५९ सम्मको इतिहास लेखेका छन् । 'नेपालको राजनीतिमा राप्रपा' नामक पुस्तकमा पार्टीको स्थापना, उद्देश्यहरू, पार्टीले संसद्मा खेलेको

भूमिका, पार्टीको विभाजन, विभाजनका मुख्य कारणहरू, पार्टी भित्रका विसङ्गति, पार्टी र नेता तथा कार्यकताहरूको जिम्मेवारीको बारेमा लेखिएको छ (खनियाँ, २०५९) । गोविन्दराज खनिया (२०६३) ले राष्ट्रिय प्रजातन्त्र पार्टीले विगत डेढ दशक (२०४७ देखि २०६३ सम्म) मा नेपालको राजनीतिमा खेलेको भूमिकाको बारेमा अध्ययन गरेको देखिन्छ (खनिया, २०६३) । उनले गरेका शोधकार्यद्वारा राप्रपाको स्थापना र विकासको संश्लेषण, राप्रपाको निर्वाचन परिणामलाई वस्तुपरक विश्लेषण, राप्रपाको निर्वाचनका घोषणापत्रका प्रमुख सवालहरूको समीक्षा र राप्रपाको निर्वाचन परिणामका विभिन्न पक्षहरूको अन्य राजनैतिक दलहरूसँग तुलना गरेको पाइन्छ ।

खनियाको अध्ययनमा उनले प्रतिनिधिसभा निर्वाचन, २०४८ मा राप्रपाको उम्मेदवारी र विभाजित रूपमा निर्वाचन लड्दाको परिमाण तथा यस चुनावको घोषणपत्रको बारेमा वृहत् रूपमा अध्ययन गरेको पाइन्छ । उनले मध्यावधि निर्वाचन, २०५१ को पृष्ठभूमि तथा राप्रपाको घोषणापत्र र निर्वाचन परिणामका बारेमा समेत यस अध्ययनमा समेटेका छन् । साथै उनले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६ मा राप्रपाको उम्मेदवारी तथा निर्वाचन परिमाण, उम्मेदवार, मतवितरण तथा राप्रपाको घोषणापत्रको बारेमा विस्तृत अध्ययन विश्लेषण गरेको पाइन्छ (खनिया, २०६३) । यस अलवा उनले आफ्नो अध्ययनमा राजनीतिक नियुक्ति र निर्वाचन परिणाम, वहुनिर्वाचन क्षेत्रमा उम्मेदवारी, प्रतिनिधिसभा सदस्यको लागि उपनिर्वाचनमा राप्रपा, राप्रपाका नेता तथा उम्मेदवारको दल परित्यागले पारेको प्रभाव, राष्ट्रियसभा निर्वाचन र सुधार गर्नुपर्ने विविध पक्षहरूका बारेमा समेत खोजमूलक अनुसन्धान गरेका छन् । संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था के रहेको छ ? र नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजैतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्धको अवस्था कस्तो रहेको छ ? बारेमा अध्ययन विश्लेषण गर्न उनी चुकेको देखिन्छ । त्यसैगरी उत्तमराज अधिकारीले नेपालको राजनीतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीको भूमिका भन्ने शीर्षकमा खोज अनुसन्धान गरेको पाइन्छ (अधिकारी, २०५५) ।

उनले उनको शोधपत्रमा राजनीतिक दलको परिचय, यसको उद्भव र विकास, नेपालमा राजनीतिक दलको उद्भव र विकास, राजनीतिक दलहरूसम्बन्धी वर्तमान कानुनी व्यवस्था, राप्रपाको उद्भव, विकास र वर्तमान स्थिति, राष्ट्रिय प्रजातन्त्र पार्टीको भूमिका, यसका नीति तथा कार्यक्रमहरू र राप्रपाका समस्या एवं चुनौतीहरूका बारेमा उल्लेख गरेको पाइन्छ । यस परिप्रेक्षमा राप्रपाको स्थापना र निर्माणको कारण, संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था र प्रमुख राजनैतिक दलहरू प्रति राप्रपाको दृष्टिकोण र सम्वन्धको बारेमा शोधअध्ययन गर्नु आवश्यक छ । सन्तबहादुर थापा (थापा, २०५८) ले पनि ‘संसदीय प्रणाली र राजनीतिक दल एक अध्ययन’ नामक विषयमा अध्ययन गरेको देखिन्छ । उनले यस अध्ययनमा संसद्को विभिन्न आयमहरू जस्तै पृष्ठभूमि, परिभाषा, महत्त्व तथा ऐतिहासिक घटनाक्रम, नेपालमा संसदीय प्रणालीको विकासक्रम, नेपालमा संसदीय प्रणालीका विभिन्न पक्षहरू, नेपालका विभिन्न राजनीतिक दलहरू, तिनका

पृष्ठभूमि तथा इतिहास, अन्य मुलुकहरूमा रहेका संसदीय प्रणालीको अध्ययन र संसदीय प्रणालीका विशेषताहरूका बारेमा अध्ययन विश्लेषण गरेको पाइन्छ । यस अध्ययनमा उनले अन्य प्रमुख राजनैतिक दलहरूलगायत राप्रपाको बारेमा संक्षिप्त परिचयमात्र दिएका छन् ।

राजनीति सर्वोच्च नीति भएको कारण विभिन्न राजनैतिक दलहरूका बारेमा अध्ययन अनुसन्धान गर्न अपरिहार्य हुन जान्छ । राप्रपाका विभिन्न आयमहरूका बारेमा अध्ययन अनुसन्धान हुन अझै बाँकी रहेको छ । त्यसैगरी राजप्रसाद अर्यालले 'नेपालमा संसदीय व्यवस्थाको विकास र राजनैतिक दल : एक अध्ययन' भन्ने विषयमा शोधकार्य गरेको पाइन्छ (अर्याल, २०५८) । उनले यस शोधकार्यमा संसदीय व्यवस्थाको विकास र राजनैतिक दल, नेपालमा संसदीय व्यवस्थाको विकासमा संवैधानिक व्यवस्था, संसदीय व्यवस्थाको विकासमा नेपाल अधिराज्यको संविधान, २०४७, संसदीय व्यवस्था अध्ययन, राजनीतिक दलहरू, राजनीतिक दल निर्माणका लागि आवश्यक तत्त्व, नेपालमा राजनीतिक दलको उत्पत्ति र विकास तथा नेपालका प्रमुख राजनीतिक दलहरूका विविध आयमहरूमा खोजमूलक अनुसन्धान गरेको पाइन्छ तथापि उनको अनुसन्धानमा संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था के रहेको छ ? र नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजनैतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्धको अवस्था कस्तो रहेको छ ? भन्ने बारेमा उनी मौन रहेको देखिन्छ । तसर्थ राप्रपा सम्बन्धित तिनै आयमहरूका बारेमा खोजमूलक अनुसन्धान हुन जरुरी भएकोले यो अनुसन्धान त्यसैमा केन्द्रित रहेर तयार गरिएको छ । यसबाट पनि वर्तमान अनुसन्धानको औचित्य पुष्टि हुन्छ ।

Regmi (1998) ले 'Parliament of Nepal' भन्ने विषयमा शोधकार्य गरेको पाइन्छ (Regmi, 1998) । उनले आफ्नो शोधकार्यमा संसद्को अवधारणा, नेपालको संसद्को इतिहास, नेपालको संसद्को बनावट, संसद्को उद्भव र विकास, संसद्का कर्मचारी र समितिहरू, संसदीय व्यवस्थामा पुरस्कार र दण्डको व्यवस्था, संसद्को शक्ति र कार्यहरू, योग्यता तथा निष्काशन तथा नेपालको संसदीय व्यवस्थामा संसद् र सभासद्हरूले खेलेका भूमिकाका बारेमा उल्लेख गरेको पाइन्छ । उनको यस शोधअध्ययनमा राप्रपालगायत कुनै पनि राजनीतिक दलहरूका बारेमा छुट्टै अध्ययन विश्लेषण भएको पाँइदैन । नेपालमा क्रियाशील सबै प्रकारका राजनीतिक दलहरूका अध्ययन विश्लेषण हुनु आफैँमा महत्त्वपूर्ण हुन्छ । राजेश्वर देवकोटाको 'उदारवाद' मा उनले उदारवादको आर्थिक पक्ष उदारवादलाई जीवनका सबै क्षेत्रमा लागु हुने दृष्टिकोण र सिद्धान्तका रूपमा लिनुपर्छ भनेका छन् । यसलाई समाज विकास क्रमको आवश्यक र आधारभूत सिद्धान्त मानी ग्रहण गर्नुपर्दछ । इतिहासमा यसबाट अपेक्षा गरिएका फलहरू नपाउदा निराश भएको तत्कालीन समाजले विकल्प खोजेको समाजवाद वा साम्यवाद उदारवादका वैकल्पिक चिन्तन हुन । उदारवादको बाटोबाट जाँदाजाँदा एक दिन समानताको बिन्दुमा समाज पुग्न सक्छ, तर कहिले ? कति समयमा ? भनेका छन् (देवकोटा, २०६५, पृ. ५९) । राष्ट्रियताको बारेमा हामी राष्ट्रवादी हौं साथै प्रजातन्त्रवादी, उदारवादी र सनातन संस्कृतिवादी हौँ । राष्ट्रवादी विचारले मात्र सम्पूर्ण नेपालीलाई एक बनाएर राख्न सक्छ भन्ने उनको

बुझाइ छ (देवकोटा, २०५९, पृ. ३५) । देवकोटाले यस पुस्तकमा राजनीतिक पार्टीहरू आफ्ना नीति र सिद्धान्तबाट सञ्चालित हुन्छन् । राज्यसत्ता चलाउने प्रयोजनको लागि यदाकदा पार्टीहरू सिद्धान्त नमिल्नेहरूसित पनि न्यूनतम कार्यक्रमका आधारमा सम्झौता गर्छन् भन्ने कुरा उल्लेखछ (देवकोटा, २०६५) ।

राप्रपाले नेपाली कांग्रेस र नेकपा एमालेसित बेलाबेला गरेको सम्झौता केवल राज्यसत्ता चलाउनको लागि हो । नेपाली कांग्रेस र नेकपा एमालेलगायत अन्य वामपन्थी पार्टीहरूसित राप्रपाको सैद्धान्तिक एकता छैन । पार्टीले आफ्नो विस्तार र लक्ष्यप्राप्तिको लागि सदा आफ्नो नीति र सिद्धान्तलाई नै आधार बनाउनुपर्छ, आफ्ना हरेक निर्णय र क्रियाकलापको पनि यही आधार हुनु पर्छ भन्ने उल्लेख गरेका छन् । विवेक शाहको 'मैले देखेको दरबार' मा सम्पूर्ण दरबारिया राजनीति, संसदीय गणित, सत्ताको खेल, षड्यन्त्र र त्यहाँभित्रका सकारात्मक, नकारात्मक पक्षका बारेमा वर्णन गरेको पाइन्छ (शाह, २०६७) । विशेष गरी दरवार हत्याकाण्ड त्यसका सम्भावित कारणहरू, राजाको सैनिक सचिव भएर लामो समय बस्दाका अनुभव साथै राप्रपाको राजनीति, दुई शीर्ष नेता सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दको सरकार, सरकार सञ्चालनका बेला घटेका राजनैतिक घटनाक्रम बारेमा वर्णन गरेका छन् । यस पुस्तकमा उनले नेपालको राजनीतिमा २०५१ सालको मध्यावधि निर्वाचनदेखि २०५६ सालको आम निर्वाचन बिच पाँच वर्षको अवधिमा, अनेक किसिमका फोहोरी खेल र अक्षम्य राजनीतिक अपराधका गतिविधि भए भन्ने कुरालाई वर्णन गरेका छन् । उनको यस पुस्तकमा समेत राप्रपाको स्थापना र निर्माणका कारण, संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था र अन्य राजनैतिक दलहरू प्रति राप्रपाको दृष्टिकोण र सम्बन्धको अवस्था बारेमा कुनै उल्लेख गरेको देखिँदैन । जसबारे लेखिनु आवश्यक थियो । यसले पनि वर्तमान अध्ययनको आवश्यकता र सान्दर्भिकताको औचित्यलाई पुष्टि गर्दछ ।

शुधिर शर्माले उनको पुस्तक 'प्रयोगशाला' मा माओवादीलाई केन्द्रमा राखेर तत्कालीन राजसंस्था र भारतीय संस्थापन पक्षसँग उनीहरूको उतारचढाबपूर्ण सम्बन्धलाई केलाउँदै दिल्ली, दरबार र माओवादीको भूमिकालाई विशेष रूपमा देखाइएको भए पनि राप्रपाका तत्कालीन प्रधानमन्त्रीहरूका बारेमा मात्र जानकारी दिएका छन् (शर्मा, २०७०) । राप्रपाका नेता सूर्यबहादुर थापा प्रधानमन्त्री भएको बेला भारतसँग 'अम्ब्रेला एग्रिमेन्ट' गरेका थिए, जुन ३ वर्षे सम्झौता थियो । सोअनुसार पराराष्ट्र मन्त्रालयलाई सूचना मात्र दिएर नेपालको कुनै पनि भूभागमा ३ करोड रूपयाँसम्मको प्रत्यक्ष लगानी आफू खुसी गर्न पाउने सम्झौतालाई राजाले माघ १९ को शाही कदमपछि रोकिदिएको प्रसङ्ग र भारतसँगको सम्बन्ध चिसिएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा राप्रपाका तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाका बारेमा उल्लेख भए तापनि राप्रपासम्बन्धी विविध पक्षहरूका बारेमा खासै उल्लेख भएको पाइँदैन । त्यसले पनि वर्तमान अध्ययनको आवश्यकता पुष्टि गर्दछ । थापा (२०६९) को 'दलीय द्वन्द्व' भन्ने पुस्तकमा प्रजातन्त्र प्राप्तिपछि भएका राजनैतिक घटनाक्रमको बेलिबिस्तार गरिएको छ । साथै राप्रपाको गुटबन्दी, विभाजन, नेता लोकेन्द्रबहादुर चन्दको सरकार, सूर्यबहादुर थापाको सरकार, मिलिजुली संयुक्त सरकार, सत्ता राजनीतिमा राप्रपाको भूमिका,

त्रिशङ्कु संसद्मा राप्रपा अपरिपक्क राजनीतिक खेलमा सामेल भई अवसरका लागि आफ्नै सरकार ढाल्ने खेल, शाही कालमा राप्रपा सरकारमा जाँदा पार्टी विभाजन भएको अवस्था, राप्रपाबाट सूर्यबहादुर थापा अलग भई नयाँपार्टी राष्ट्रिय जनशक्ति पार्टी गठन गरेको प्रसङ्ग पाइन्छ । उनले यस पुस्तकमा २०६३ मा लोकतन्त्र बहालीसँगै पुनःजीवित प्रतिनिधिसभामा तीन चिरा परेको राप्रपाको निम्ति कुर्सी व्यवस्थापनमा कठिन थियो भनेका छन् (थापा, २०६९, पृ. २०७) ।

एक अर्को प्रसङ्गमा उनले त्रिशङ्कु संसद्कालमा राप्रपालाई 'सत्ताको साँचो' मानिन्थ्यो भन्ने पनि उल्लेख गरेका छन् । त्रिशङ्कु कालमा तेस्रो शक्ति राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दलाई हटाएर सोही पार्टीका सूर्यबहादुर प्रधानमन्त्री बनेका थिए । त्रिशङ्कु संसद्कालमा सत्तासमीकरण र सत्तास्वादले राप्रपामा चरमविवाद भयो । राप्रपाका सांसद्हरूको आपसी असमझदारीका कारण पार्टी दुई गुटमा विभाजित थियो । सो कारण यही समय सांसद्हरूको अकर्मण्यता देखेर नेता चन्दले राप्रपा सांसद् कमल थापालाई मुसाको संज्ञा दिएका थिए । कहिले यता कहिले उता गर्ने मुसा, जुन समाजमा बसे पनि प्वाल पार्ने । उनी कहिले सूर्यबहादुर थापातिर हुन्थे त कहीले लोकेन्द्रबहादुर चन्दतिर । तिनले आफ्नै नेतालाई सहज प्रधानमन्त्री चलाउन दिएनन् । आफ्नै सांसद्हरूको क्रियाकलापबाट आजित भएर २०५४ पुसमा चन्द नयाँदल खोल्ने निर्णयमा पुगे । प्रतिनिधिसभा र राष्ट्रियसभा गरी २३ सदस्य रहेको संसदीय दलबाट १० जना बाहिरिए । त्यसपछि नयाँ दलको मान्यता पाए । २०५६ को आम निर्वाचनमा पराजय खेपेपछि राप्रपा फेरि त्यही वर्षको पुस १६ मा एकीकृत भयो । एकीकरणको बेला चन्दले भनेका थिए "एउटै कोइलीले बोलेर वसन्त ऋतु ल्याउँदैन । वसन्त ऋतु ल्याउन बढी कोइली बोल्नु पर्ने भएकाले हामी एक भएका हौं ।"

राजेश्वर देवकोटा एकीकृत हुन चाहेनन्, उनी राप्रपा (राष्ट्रवादी) खोलेर बसे । राजाको प्रत्यक्ष शासनसँगै २०५९ असोज १८ पछि फेरि राप्रपाले सत्ताको स्वाद चाख्ने अवसर प्राप्त गऱ्यो । त्यसपछि त्यहाँ फेरि विभाजनको खेल सुरू भयो । चन्द प्रधानमन्त्री बनेको थापालाई पचेन । थापा प्रधानमन्त्री बनेको चन्दलाई पच्ने कुरै भएन । २०६० फागुनमा विग्रहको चर्को राजनीतिक नाटक मञ्चन भयो । पशुपतिशमशेर राणाको नेतृत्वमा रहेको पार्टीले केन्द्रीय परिषद्को बैठक बोलाइसकेपछि थापाको सरकारी पक्षले केन्द्रीय परिषद्को भेला आह्वान गऱ्यो । २०६० मंसिरमा पार्टीले सर्वदलीय सरकार निर्माण गर्न नसकेको अभियोगमा प्रधानमन्त्री थापालाई राजीनामा गर्न निर्देशन दिएको थियो । इतिहासका अनेक कालखण्डमा प्रधानमन्त्री भएका थापा राज्य सञ्चालनमा मसिहा मानिन्थे । राज्यस्रोतको उपयोग गरी सत्ता जोगाउने अनेक जुक्ति निकाल्नु उनका लागि सामान्य कुरा थियो । २०३६ सालको जनमत सङ्ग्रहमा समेत तिनै थापाले साम, दाम, दण्ड, भेदको रणनीति अख्तियार गरी पञ्चायती व्यवस्था विजयी भएको घोषणा गरेका थिए । पञ्चायतको सफलतामा थापाको रणनीतिक धूर्त्याइँले काम गरेको थियो । सत्तारुढ हुँदा थापा र पशुपतिशमशेर राणाबिच बढेको किचलो अन्ततः पार्टी विभाजनमा परिणत भयो । २०६१ फागुनमा थापा र नेता डा. प्रकाशचन्द्र लोहनीले राष्ट्रिय जनशक्ति पार्टीका साथ उदाए । २०५९ असोज १८ प्रकरणपछि सत्तामा राप्रपाको

हालीमुहाली थियो । दुवै नेता चन्द र थापाले प्रधानमन्त्री पाए भने अरुले मन्त्री । २०६१ माघ १९ प्रकरणपछि शासकीय स्वरूपमा परिवर्तन आयो । मन्त्रीपरिषद् अध्यक्ष तत्कालीन राजा ज्ञानेन्द्र आफैं भए भने मन्त्रीहरूमा अनुदारवादी पञ्चयतकालका समर्थक नेताको खोजी भयो ।

अनुदारमध्येकै एक कमल थापा गृहमन्त्री भए । त्यसैगरी कमल थापा पनि राप्रपाबाट फुटेर अलग पार्टी राप्रपा नेपाल गठन गरेको र तत्कालीन अध्यक्ष पशुपतिशमशेर राणालाई शाही कालीन सरकार र दरबार मिली कमजोर बनाई राष्ट्रिय प्रजातन्त्र पार्टी जबरजस्ती कब्जा गर्न खोजिएको प्रसङ्गको बेलिबिस्तार यस पुस्तकमा पाइन्छ (थापा, २०६९, पृ. २०७-२०८) । सूर्यबहादुर थापाले अध्यक्ष पशुपतिशमशेर राणालाई "पक्का मोहन शमशेरको नाति हो भने मलाई कारबाही गरेर देखाओस् अनि राणालाई जिउँदो राणा मान्नेछु" भनी अभिव्यक्ति दिएका थिए भने कमल थापाले राप्रपा "गोरखा परिषद" हुनेछ भनी राणालाई छोडी सूर्यबहादुर थापाको राष्ट्रिय जनशक्ति पार्टी निर्माणमा लागेका थिए तर राष्ट्रिय जनशक्ति पार्टी घोषणा भएकै दिन फेरि राप्रपामा फर्केका थिए (थापा, २०६९) । हरिबहादुर थापाको उक्त पुस्तकमा समेत राप्रपाको स्थापना र निर्माण हुनका कारण, संसदीय अभ्यासमा यसको सहभागिताको अवस्था र अन्य राजनैतिक दलहरूप्रति यसको दृष्टिकोण र सम्बन्धको बारेमा कुनै उल्लेख भएको पाइँदैन । यसले पनि वर्तमान अध्ययनको आवश्यकताको पुष्टि गर्दछ । हरिबहादुर थापा (२०७४, पृ. १८१) कै अर्को पुस्तक रजगजमा दल, दरबार, अदालत र अख्तियार भित्रका भ्रष्टाचारका बारेमा लेखिएको पाइन्छ । यसमा उनले राप्रपाको नेता रवीन्द्रनाथ शर्मामाथि स्रोत नखुलेको सम्पति र अर्थमन्त्री छँदा नक्कली सुराकी खडा गरी १ करोड ९ लाख ३८ हजार ३ सय ९९ रूपैयाँ भ्रष्टाचार गरेको अभियोग लागेको (थापा, २०७४) बारेमा उल्लेख गरेका छन् ।

उनी अर्थमन्त्री छँदा २०५४ मंसिर २९ मा त्रिभुवन विमानस्थलमा बरामद सुनमा बनावटी सुराकी खडा गरी कमिसन रकम आफैंले हिनामिना गरेको अभियोग अख्तियारको थियो । सिङ्गापुर एयरलाइन्सबाट आएका उत्तर कोरियाली दुतावासका कर्मचारीले ल्याएको सुन त्रिभुवन विमानस्थल कार्यालयमा बरामद भएको थियो । त्यसमा सुराकी कमिसन जी भट्टराई र पिटी गर्जका नाममा भुक्तानी भएको थियो । सुराकी प्रकरणमा तत्कालीन प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले नायब सुब्बा कृपासुर शेर्पाको सहयोग लिएको अख्तियारको छानबिनले देखाएको थियो । प्रमुख भन्सार अधिकृत माधवराज शर्मा र शेर्पाले बैंकबाट रकम भुक्तानी लिएर अर्थमन्त्री शर्मा र भन्सार प्रमुख शर्मालाई बुझाएका थिए । संसद्मा अविश्वास प्रकरण चलिरहेको बेला उक्त रकम सांसद् खरिद-बिक्रीमा प्रयोग भएको दाबी अख्तियारको थियो । यो प्रकरणमा आयोगलाई सहयोग पुऱ्याएका कारण अदालतमा साक्षीका रूपमा मात्रै राखेपछि शेर्पाले सजायमा पूर्ण छुट पाए । तिनै शेर्पा सरकारी सेवाबाट अवकास लिएपछि एमालेमा प्रवेश गरे । उनले २०७० मा संविधानसभा सदस्य बन्नुका अतिरिक्त पर्यटनमन्त्री समेत बन्ने अवसर प्राप्त गरे ।

२०६० चैत्र २३ का दिन विशेष अदालतमा सो मुद्दाको वहस चलिरहेको बेलामा तत्कालीन पर्यटनमन्त्री सर्वेन्द्रनाथ शुक्लाले बकपत्रका क्रममा बोल्दै "शर्मालाई म पूरै चिन्दछु । उहाँ इमान्दार

राजनीतिज्ञ हुनुहुन्छ । उहाँको पैँतालिस वर्षको स्वच्छ राजनीतिक जीवन तहसनहस पार्न अख्तियार आयोगले प्रायोजित अभियोग लगाएको छ । सुनेसुनाएको भरमा मुद्दा चलाएको छ, जुन कानुनी सिद्धान्त विपरीत छ । घुस खानुपर्ने र भ्रष्टाचार गर्नुपर्ने व्यक्तिमा शर्मा पर्नुहुन्न, एकदम खातापिता परिवारको सम्पन्न तथा चरित्रवान् व्यक्ति हुनुहुन्छ" भन्दै शुक्लाले अख्तियारको उछितो काढ्नसम्म काढे भन्ने भनाइलाई लेखकले यस पुस्तकमा उल्लेख गरेको पाइन्छ । उनले अख्तियारबाट व्यक्तिको प्रतिष्ठामा धक्का पुऱ्याउन षड्यन्त्र गरिएको र कपोलकल्पित मुद्दा लगाएको टिप्पणी समेत गरे । अख्तियारबाट षड्यन्त्र भएको, जुन न्यायका दृष्टिले अनुपयुक्त र न्यायको सिद्धान्तको पूर्णतया विरुद्ध भएको भन्दै आश्चर्य व्यक्त गरे । अख्तियारको अभियोग पत्र नियोजित तथा लाञ्छनापूर्ण भएको जनाउँदै अख्तियारमाथि भएभरको रिस पोखे ।

शुक्लाको व्यवहार अख्तियारका पदाधिकारीहरूले सहन गर्न सक्ने सवालै थिएन किनभने कानुनतः भ्रष्टाचार सरकारवादी मुद्दा हुन्छ । सरकारवादी मुद्दा जसरी पनि जित्नु सरकारी पक्षको उद्देश्य हुनुपर्दछ । सम्भवतः बहालवाला मन्त्रीले सरकारवादी मुद्दामा अभियुक्तका पक्षमा बयान दिएको यो पहिलो घटना थियो । मन्त्रीको बयानलाई अख्तियारले संवैधानिक अङ्गको मर्यादा, औचित्य र प्रतिष्ठामा समेत आँच पुग्ने गरी पदीय मर्यादा विपरीत भएको ठहर गऱ्यो । मन्त्रीबाटै कानुनी मान्यता विपरीत क्रियाकलाप प्रदर्शन भएपछि अख्तियारका पदाधिकारीहरूले भोलिपल्टै प्रधानमन्त्री सूर्यबहादुर थापालाई भेटे र मन्त्रीका गैरकानुनी क्रियाकलाप बारे मौखिक मात्र होइन, लिखित पत्रसमेत बुझाए । आक्रोशयुक्त लिखित पत्र बुझाउँदै अख्तियारले भन्यो, राज्य संयन्त्रको एउटा अङ्ग आयोगलाई सरकारको तर्फबाट दायर गरेको मुद्दा, प्रमाण र साक्षीलाई लाञ्छित गर्नु बहालवाला मन्त्रीको लागि शोभनीय र पदीय मर्यादाअनुकूल हो भन्ने देखिएन । यसरी एउटा संवैधानिक निकायले आफ्नो संवैधानिक कर्तव्य निर्वाह गरेको विषयलाई गलत रूपमा लिई अन्ततः यस आयोगको मर्यादा, औचित्य र प्रतिष्ठामा आँच पुग्ने गरी त्यस प्रकारको अभिव्यक्ति दिनाले मन्त्री शुक्लाले आफ्नो पदको प्रकृति अनुसारको पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरेको ठहर आयोगको थियो । त्यसो हुँदा मन्त्रीमाथि आवश्यक कारबाही हुनुपर्छ ।

मन्त्रीको अस्वाभाविक आचरणपछि सरकार सङ्कटमा पऱ्यो । शुक्लालाई नैतिकताको आधारमा राजीनामा दिन दबाब पऱ्यो । राजीनामा नदिए मन्त्रिपरिषद्बाट हटाइनुको विकल्प नभएको सूचना उनलाई दिइयो । अख्तियारले पत्र बुझाएकै भोलिपल्ट उनले राजीनामा दिएपछि यो प्रकरण ओझेलमा पऱ्यो भन्ने कुरा यस पुस्तकमा उल्लेख गरिएको छ । शुक्ला र शर्मा पञ्चायत कालदेखि एउटै कित्तामा रहेर राजनीतिमा सक्रिय थिए, शर्मा राजनीतिकर्मीका रूपमा त शुक्ला कर्मचारीका रूपमा । शुक्ला २०२७ देखि २०४७ सम्म सरकारी सेवामा कार्यरत रहे र प्रजातन्त्रको उदयपछि जागिर छाडी अन्य पूर्वपञ्चझैँ राप्रपामा आबद्ध भए । त्रिशङ्कु संसदीय कालखण्डमा सहायक मन्त्री र राजनीतिक चलखेलसँगै एक वर्षभित्रै मन्त्री बन्न सफल भए । पञ्चायतकालीन जागिरमा रमाएका शुक्लालाई त्रिशङ्कु कालखण्डले एकैचोटि उचाइ दियो । २०६० मा उनलाई राजा ज्ञानेन्द्रको मनोनित सरकारमा मन्त्री बन्ने अवसर प्राप्त भयो । शाही शासनको अन्त्यसँगै

पुराना पञ्चहरूको खेदोखन्ने क्रम सुरू भयो । उनले पनि राजनीतिक रङ्ग बदले । पञ्चबाट बहुदलवादी र शाही शासनमा मन्त्री हुँदै लोकतान्त्रिक कालखण्डमा 'मधेस मसिहा' बन्न पुगे । रङ्ग बदल्ने क्रममा उनलाई तराईमधेस लोकतान्त्रिक पार्टीका नेता तथा २०७० मा निर्वाचित सभासद् बन्ने अवसर मिल्यो ।

बहालवाला मन्त्री शुक्लाको बकपत्रले पूर्वमन्त्री रवीन्द्रनाथ शर्मालाई जोगाउन भने सकेन । उनी पक्राउ परे । मुद्दा विचाराधीन रहेकै अवस्थामा २०६५ मंसिर ७ मा उनको मृत्यु भयो । मृत्युपश्चात् पनि रवीन्द्रनाथ शर्मालाई भ्रष्टाचारको अभियोग लगाइयो (थापा, २०७४, पृ. १८३) । यी बाहेक यस पुस्तकमा पनि राप्रपाको स्थापना र निर्माण हुनका कारण, संसदीय अभ्यासमा यसको सहभागिताको अवस्था र अन्य राजनैतिक दलहरूप्रति यसको दृष्टिकोण र सम्बन्धका बारेमा खासै उल्लेख भएको पाइँदैन । यसबाट पनि के स्पष्ट हुन्छ भने वर्तमानमा यी बारे अध्ययन अनुसन्धान हुन बाँकी छ । यसले वर्तमान अध्ययनको औचित्य पुष्टि गर्दछ । विजयकुमार पाण्डेले आफ्नो 'खुशी' भन्ने पुस्तकमा नेता सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दको व्यक्तिगत रूपमा प्रशंसा गरेका छन् । राजा वीरेन्द्रको कार्यकालमा सूर्यबहादुर थापा भन्ने गर्थे, "मलाई राजाको आवश्यकता होइन, राजालाई मेरो खाँचो छ" (नेपाल, २०७५, पृ. ३३० र श्रेष्ठ, २०७०, पृ. ३७) । सूर्यबहादुर थापा राजनीतिक वृत्तमा जति चतुर, राजनैतिक दाउपेज गर्ने भनिए पनि उनको प्रत्येक मान्छेसँग हेर्ने नजरिया अलग थियो भनेका छन् । उनले सूर्यबहादुर थापासँग म अचम्मित भएँ भनेका थिए ।

बजारमा सुनिएको थियो, सूर्यबहादुर थापा चलाख छ, धुर्त छ, पक्का राजनीतिज्ञ छ, मुखले मात्र सबैलाई ठिक्क पार्छ भन्ने सुनेको थिएँ तर "To Whom It May Concern" लेखिदिन अनुरोध गरेको थिएँ । उनले दिउसोको समयमा बोलाएर सिधै बेड रुममा लगेर खाट छेउ राखिएको आफ्नो अफिसियल लेटर प्याडको मुनि खाली कागजमा दस्ताखत गरेर दिए । यो खाली प्याडमा दस्ताखत गरेर दिँदै छु । आफ्नो विषयमा मेरो तर्फबाट जे मन लाग्छ लेख्नु भनेर भने । मलाई विदेश पढ्न जानु पऱ्यो भन्ने सोचाइले उनको सहयोग लिन गएको थिएँ (पाण्डे, २०७१, पृ. २१२) । त्यस्तै नेता लोकेन्द्रबहादुर चन्दलाई एक सज्जन पुरुष, साहित्य र साधनामा बढी रुचि राख्ने भद्र व्यक्तिको रूपमा प्रस्तुत गरेका छन् । उनले लोकेन्द्रबहादुर चन्दलाई भलाद्मी, शिष्ट र सज्जन पुरुषको उपमा दिएका छन् । उनै पाण्डेको भनाइमा चन्द राजनीतिको सट्टा साहित्य साधना उनको स्वभाव सुहाउँदो हो जस्तो लाग्छ (पाण्डे, २०७१) । सूर्यबहादुर थापाले उदारवादी विचार र प्रजातान्त्रिक स्वभाव देखाउँदै राजनीति गर्दै आएका थिए । उनले २०१५ सालमा संसद्को सल्लाहकार समितिको अध्यक्ष (सभामुख) को पद सम्हालेका थिए र पछि ५६ बर्षपछि संविधानसभाको अध्यक्ष हुने अवसरसमेत प्राप्त गरेका थिए ।

सूर्यबहादुर थापा नेपालको राजनीतिमा एक सफल राजनीतिज्ञको रूपमा चिनिन्छन् । नेपालको पाँच पटक प्रधानमन्त्री र तीन वटा राजासँग काम गर्ने अवसर प्राप्त नेता हुन् । संविधानसभाले संविधान दिने प्रयत्न गर्दा गर्दै पहिलो संविधानसभा विघटन भयो । राजनीतिक दलहरूबिच आपसी समझदारी कायम हुन नसकेपछि दोस्रो संविधानसभाको निर्वाचन गरियो । दोस्रो पटक चयन गरिएको संविधानसभाको अध्यक्ष (जेष्ठ

सदस्यको नाताले) राप्रपाका अध्यक्ष सुर्यबहादुर थापा बन्न पुगे र उनले शपथ खुवाएका सभासदहरूले अन्ततोगत्वा संविधान निर्माण गरे । यो राप्रपाको लागि एउटा सुवर्ण अवसर थियो, जसले गर्दा राप्रपा संविधान निर्माणको एउटा महत्त्वपूर्ण साझेदार पार्टी हो भन्न सकिन्छ ।

त्यसैगरी शेरबहादुर गुरुङको 'आदर्श गाउँ' मा राप्रपाको राजनीति, यसका साङ्गठनिक स्वरूपहरू, राप्रपाको विगत, २०४७ सालदेखि २०७० सालसम्म भएका भेला सम्मेलन बैठक कार्यक्रमको बारेमा अध्ययन गर्नुका साथै महाधिवेशन र चुनाव जस्ता महत्त्वपूर्ण समयमा आफूले गरेको योगदानको बारेमा वर्णन गरेको पाइन्छ । उनले यस पुस्तकमा कांग्रेस, एमाले र एकीकृत माओवादी यी तीनवटै ठूला दलहरूले अवलम्बन गरेको आयातीत नीति र सिद्धान्तहरू प्रजातन्त्र, समाजवाद र साम्यवाद भन्ने नारा र कार्यक्रमहरू दिन प्रतिदिन असफल हुँदै गइरहेको अवस्थालाई औंल्याएका छन् (गुरुङ, २०७०, पृ. ३२४) । गुरुङको यस पुस्तकमा समेत राप्रपाको स्थापना र निर्माण हुनका कारण, संसदीय अभ्यासमा यसको सहभागिताको अवस्था र अन्य राजनैतिक दलहरू प्रति यसको दृष्टिकोण र सम्वन्धका बारेमा कुनै पनि कुराको उल्लेख गरेको पाइँदैन । यसले पनि वर्तमान अध्ययनको आवश्यकतालाई पुष्टि गर्दछ । डा.प्रकाशचन्द्र लोहनीले 'इतिहास रच्ने समय' नामक पुस्तक लेखेका छन् (लोहनी, २०६९) । उनले यो पुस्तक २०६३ देखि २०६९ सम्मका विविध पत्रपत्रिकामा प्रकाशित लेखहरूको सङ्कलनबाट तयार पारेका हुन् । यस पुस्तकमा संविधानसभाका प्रारम्भिक दिनहरू, समावेशी प्रजातान्त्रिक राष्ट्रवाद, जलस्रोत, बहुदलवाद, माओवादी सिद्धान्त र व्यवहार, विकास र जनसहभागिता, भागबन्डा र सिन्डिकेटको राजनीति र इतिहास रच्ने समय गरी सात खण्ड रहेका छन् ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानदेखि माओवादी शान्ति सम्झौतामा प्रवेश गरेर संविधानसभाको निर्वाचन पश्चात् सबैभन्दा ठूलो दलको मान्यता प्राप्त गरी राज्य सञ्चालनमा उसले निर्वाह गरेको भूमिका अनि दुई ठुला छिमेकी राष्ट्रका बिचमा रहेको तरुलरूपी नेपालले परिशीलन गर्नुपर्ने कूटनीतिक सम्बन्धको विषयले समेत यस पुस्तकमा स्थान पाएको छ । जनचाहना र आवश्यकता बोध गर्दै समय समयमा राजनीतिक परिवर्तन भएका छन् तर पनि तत्कालीन समयमा जनमुखी संविधान बन्न नसकेकोमा राजनैतिक बेइमानीको भण्डाफोर गर्दै जनचाहनाको कदर गर्न सम्बन्धित राजनीतिक दलहरू र सरोकारवालाहरूलाई लेखकले आह्वान गरेका छन् । यस पुस्तकमा लेखकले सत्ता प्राप्त गर्ने होडमा हुने गरेको बेइमानी अनि पर्दा पछाडिबाट हुने गरेको भ्रष्टाचार र व्यक्तिगत स्वार्थलाई केन्द्रविन्दुमा राखी गरिने निर्णयले राज्य कमजोर हुँदै गएको प्रसङ्गलाई वस्तुपरक ढङ्गले मूल्याङ्कन गरी सही निचोड प्रस्तुत गर्नु भएको छ ।

नेपालमा दोस्रो जनआन्दोलनपश्चात् राजनैतिक र समाजिक परिवर्तनको नयाँ शृङ्खला सुरू भएको छ । सामाजिक न्याय, अवसरको समानता, राजनैतिक स्वतन्त्रता र आर्थिक संवृद्धिको नयाँ मूल्य र मान्यताको संस्थाकरण देशको मूल एजेन्डा भएको छ । परिवर्तनको यो नयाँ वेगमा ध्रुवीकरण र एकीकरणका शक्तिहरू

एकैसाथ सिर्जना भएका छन् । यी दुवै शक्तिको संरचनालाई अध्ययन गरी ध्रुवीकरण प्रवृत्तिलाई न्यूनीकरण गर्दै एकीकरणका शक्तिलाई सशक्त बनाउदै लैजानु आजको चुनौती रहेको छ । यो प्रक्रिया सजिलो छैन (लोहनी, २०६९) । यसमा सफलता पाउन एकातिर पार्टीगत स्वार्थभन्दा माथि उठ्नुपर्ने आवश्यकता छ भने अर्कोतिर हिमाल, पहाड र तराईमा बस्ने सबै नेपालीको स्वाभिमान, आत्मसम्मान र आर्थिक संवृद्धिको प्रवर्द्धन गर्दै विश्वव्यापी मान्यता अनुकूलको प्रजातान्त्रिक संरचनाको संस्थाकरण पनि जरुरी हुन आउँछ । यो महान् यात्रामा दोस्रो जनआन्दोलनको समयदेखि विगत पाँच वर्षमा देशको स्थितिबारे यो पुस्तकमा लेखकको विचार र विश्लेषण प्रस्तुत गरिएको छ ।

लेखकले यी लेखहरूमा देशको परिवर्तन र यस क्रममा देशमा प्रजातन्त्रको सुदृढीकरण, जनताको आर्थिक संवृद्धि, राज्य र जनता बिचको सम्बन्ध र नेपालको विविध जातीय, क्षेत्रीय र सांस्कृतिक समूहबिचको सम्बन्धबारे उनको बुझाइ पेस गरिएको छ । यस पुस्तकमा समेत राप्रपाको स्थापना र निर्माण हुनका कारण, संसदीय अभ्यासमा यसको सहभागिताको अवस्था र अन्य राजनैतिक दलहरू प्रति यसको दृष्टिकोण र सम्बन्धका बारेमा कुनै उल्लेख भएको पाइँदैन । सूर्यबहादुर थापा (२०५४) को ‘प्रत्येक पाइला र मोडमोड’, ज्ञानबहादुर कार्की (२०६५) को ‘नेपालको प्रजातान्त्रिक आन्दोलन’, भूपालमानसिंह कार्कीको ‘मेरो जीवनयात्रा’, शिवकुमार डाँगीको ‘सङ्घर्षका ६० वर्ष’, किशोर नेपालको ‘जनमत सङ्ग्रहदेखि जनआन्दोनसम्म’, दीर्घराज प्रसाईंको ‘नेपालको राजनीतिको विश्लेषण’, डा.सुरेन्द्र के.सी.को ‘आधुनिक नेपालको राजनीतिक इतिहास’, रामकुमार पाण्डेको ‘नेपाल परिचय’, डा.लोकराज बरालको ‘अपोजिसन पोलिटिक्स अफ नेपाल’, कृष्ण पोखरेलको ‘नेपालको सरकार र राजनीति’ र ऋषिकेश शाहको ‘पार्लियमेन्ट्री मोनार्की इन नेपाल’ जस्ता पुस्तकहरूमा समेत राप्रपाको स्थापना र निर्माण हुनका कारण, संसदीय अभ्यासमा यसको सहभागिताको अवस्था र अन्य राजनैतिक दलहरूप्रति यसको दृष्टिकोण र सम्बन्धका बारेमा समेत वर्णन गरिएको पाइँदैन । त्यसैले वर्तमान अवस्थामा यसबारे अध्ययन गर्न जरुरी छ भन्ने कुरा महसुस गरी यसको अध्ययन गरिएको हो ।

तृतीय केन्द्रीय महाधिवेशनमा प्रकाशित पार्टीको दस्तावेज पनि एउटा महत्त्वपूर्ण पुस्तकको रूपमा रहेको छ । जुन पुस्तकले त्यसपछि पार्टीले लिएको नयाँ सोचको व्याख्या गरिएको छ । सात दलसँगको सहयात्रामा किन सहभागी भइएन ? राप्रापाको मुख्य राजनैतिक लाइन के हो ? जस्ता प्रश्नहरूका साथै राजाको धारणा बारेमा पनि उल्लेख भएको छ । अझ सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको नामावली केन्द्रीय सदस्यहरूको चुनाव परिणाम केन्द्रीय समितिका सम्पूर्ण विवरणका अतिरिक्त पार्टीका मुख्य तीन राजनीतिक सिद्धान्तहरूको व्याख्या, वर्णन र मधेसी, महिला, जनजाति, दलित र उत्पीडनमा रहेका समुदायको हितमा पार्टीको के कार्यक्रम छ भन्ने तथ्यहरू भएको पाइन्छ । राप्रपाले लिएको विदेशनीतिका साथै शिक्षा र स्वास्थ्यमा चाल्नुपर्ने कदमको पनि वर्णन गरिएको छ (राप्रपा दस्ताबेज, २०५९) । यीबाहेक विविध, पत्रपत्रिका, लेख, रचना, पार्टीका अवधारणा, घोषणपत्र, राजनैतिक कार्यपत्र र बेला बेलामा प्रकाशनमा आउने पुस्तक र

पार्टीका विचारहरूका साथै राप्रपाको २०६४ र २०७० का दस्तावेजहरू र अन्य योसँग सम्बन्धित कुनै पनि उपलब्ध सामग्रीहरूको अध्ययनबाट राप्रपाको स्थापना र निर्माण हुनका कारण, संसदीय अभ्यासमा यसको सहभागिताको अवस्था र अन्य राजनैतिक दलहरू प्रति यसको दृष्टिकोण र सम्बन्धका बारेमा विस्तृत र समष्टिगत अध्ययन भएको पाइँदैन । त्यसैले वर्तमान अध्ययनको आफ्नै महत्त्व रहेको छ ।

पुण्यप्रताप राणा (२०७४) द्वारा लिखित 'पृथ्वीनारायण शाहदेखि राजा ज्ञानेन्द्रसम्मको नेपालको राजनीतिक इतिहास एक झलक' भन्ने पुस्तकमा राप्रपाको स्थापनाको प्रारम्भिक चरणहरू बारेमा संक्षिप्त वर्णन गरेको पाइन्छ (राणा, २०७४) । उनका अनुसार राजाबाट घोषणा गरिएको २०४७ सालको संविधानमा संवैधानिक राजतन्त्र, बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था तथा जनताका हक अधिकारहरू सुरक्षित गरिए । राजा महेन्द्रको नेतृत्व स्वीकार गरेर देशमा निर्दलीय व्यवस्थामा रहेर काम गर्दै आएका लाखौँलाख पञ्चकार्यकर्ताले पनि बहुदलमा काम गर्न आफैँ पनि नयाँ दल खोल्ने विषयमा व्यापक रूपमा सरसल्लाह गर्न थाले किनकि उनीहरू देशमा भएका दलहरूमा समावेश भएर ती दलमा प्रवेश गरेर काम गर्न चाहँदैनथे । त्यसकारण नयाँ दल खोलेर काम गर्ने धारणामा थिए । यद्यपि भूतपूर्व पञ्चायतकालीन राजनीतिज्ञहरूले आफ्नो नयाँ पार्टी गठन गर्न भने निकै समय लगाए । पञ्चायतमा लागेका पञ्चहरू पनि यो व्यवस्था देशमा लागु हुनुभन्दा पहिले विभिन्न दलमा बसेर काम गरेका व्यक्तिहरू थिए । यी सबैको सल्लाहबाट नयाँ पार्टी खोल्न पार्टीको नाम, चिन्ह, झण्डा, नीति, कार्यक्रम आदि तयार पार्न सबैको सल्लाहबाट राजेश्वर देवकोटाको संयोजकत्वमा बनेको एउटा तयारी समितिको जिम्मा लगाइएको थियो । समितिका अन्य सहयागीहरू मिलेर नयाँ पार्टी गठन गर्न दस्तावेज देवकोटाले तयार पारेका थिए । यसरी भूपू पञ्चहरू नयाँ दल खोल्ने तयारीमा पुगे ।

त्यसै समयमा सूर्यबहादुर थापाकी आमा परलोक भइन् । त्यसैले गर्दा थापा क्रियाबाट आएपछि पार्टी खोल्ने पञ्चहरूले निधो गरे । पार्टी खोल्ने मिति सुनाउन थापालाई भेट्न जाँदा थापाले नयाँ पार्टी खोल्ने दस्तावेज अध्ययन गर्न मागेपछि उनलाई सो दस्तावेज उपलब्ध गराइयो । सूर्यबहादुर थापाले त्यो तयारी दस्तावेज पाएपछि त्यसैलाई केही सुधार गरेर भोलिपल्टै ललितपुरमा भएको रवीन्द्रनाथ शर्माको घरमा पत्रकारहरू र आफ्ना मानिसहरूलाई बोलाएर बिहानै आफू अध्यक्ष भएर राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा.) नामको नयाँ पार्टी घोषणा गरे (राणा, २०७४, पृ. २२९) । देवकोटाले तयार पारेको पार्टी दस्तावेजमा पार्टीको नाम उही, झण्डा फरक र चुनाव चिन्ह फरक राखेर अन्य नीति र कार्यक्रम फरक पारी पार्टी खोले । त्यसले गर्दा सम्पूर्ण पञ्चहरू एउटै पार्टीको झण्डामुनि आवद्ध भएर एक हुने सोचमा थापाले पानी फेरि दिए । सबै पञ्च तीनछक्क परे । अरु पञ्चहरू पनि आफूले तय गरेको मितिमा जम्मा भए र पार्टी खोल्न बाध्य भए अर्थात्, रा.प्र.पा. (चन्द) भनेर खोले । सुरूमै त्यसरी दुई पार्टीमा विभाजित भएकोले गर्दा धेरै पञ्चहरू कुनै पार्टीमा पनि सम्मिलित नभएर तटस्थ बसे । त्यसैले गर्दा पञ्चहरूको एउटै सङ्गठन बनाउने आशामा ठूलो आघात पर्न गऱ्यो । त्यसपछि पञ्चहरू जुम्ल्याहा पार्टी भएर जन्मे भन्ने जस्ता पत्रपत्रिकाहरूमा व्यापक

प्रचारप्रसार भयो । यसभन्दा बाहेक यस पुस्तकमा राप्रपाको स्थापनाको अन्य आयमको बारेमा कुनै उल्लेख भएको पाइँदैन । त्यसैले पनि वर्तमान अध्ययनको आवश्यकता र महत्त्व रहेको देखिन्छ ।

रमेशनाथ पाण्डे (२०७२) द्वारा लिखित 'कुटनीति र राजनीति' (आत्मकथा) भन्ने पुस्तकमा सूर्यबहादुर थापा नेतृत्वको सरकारले २०६० कार्तिक २१ गते भारतीय दूतावासलाई नेपाल सरकारको सहमति नलिइकनै आफ्नो तजबीजमा तीन करोड रूपैयाँसम्मको योजना दिन सक्ने विशेषाधिकार प्रदान गऱ्यो । त्यसबारे मैले राजासँग सोधेँ । राजाको भनाइ थियो सूर्यबहादुरसँग सोधेको थिएँ तर ऊ बोल्दै बोलेन भन्ने कुरो पनि यो पुस्तकमा उल्लेख छ (पाण्डे, २०७२, पृ. ५१४) । भारतीय दूतावासले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सन् २०१३ को प्रारम्भसम्ममा भारतीय दुतावासले यो विशेषाधिकार अन्तर्गत आठ अर्ब रूपैयाँ बाँडिसकेको कुरा यस पुस्तकमा उल्लेख छ । यसबाट आफ्नो चुनाव क्षेत्रमा प्रभाव पार्न सोझै भारतीय दूतावासको अनुग्रहका लागि हात जोड्ने कुलत नेपालको राजनीतिज्ञहरूमा लाग्यो भन्ने कुराको उल्लेख छ । कांग्रेस, एमाले, एमाओवादी, राप्रपा र सद्भावना पार्टीका नेताहरूको चुनाव क्षेत्रमा भारतीय दूतावासले विकास योजनाको नाममा उदारतापूर्वक रूपैयाँ बाँड्न थाल्यो । साथै भारतीय दुतावासले आफ्नो कृपादृष्टि रहेका राजनीतिज्ञहरूलाई विकास योजनाको नाममा आर्थिक सहायता दिन पनि यो सुविधा उपयोग गर्न थाल्यो । कोषको दुरूपयोगले स्वयं भारत बद्नाम हुन थाल्यो, भारतीय र नेपाली कर्मचारीहरू भ्रष्टचारमा सहयोगी बन्न थाले भन्ने कुराको उल्लेख गरेका छन् । यसबाहेक यस पुस्तकमा राप्रपाका अन्य विविध आयाम बारेमा कुनै उल्लेख भएको पाइँदैन । यसबाट पनि के प्रस्ट हुन्छ भने वर्तमान अध्ययन सामरिक महत्त्वको रहेको छ ।

सूर्यमोहन भट्टराई (२०७०) ले आफ्नो पुस्तक 'आत्मा कथा' मा २०४६ सालको राजनीतिक उथलपुथलपछि मुलुकमा प्रजातन्त्रको पुनर्वहाली र बहुदल स्थापना भएको डेढ महिनापछि २०४७ साल जेठ १५ गते केही पूर्व पञ्चहरू सङ्गठित गरेर पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले राप्रपा (थापा) र अर्का पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राप्रपा (चन्द) खोलेर आफूहरू पनि बहुदलीय राजनीतिक प्रतिस्पर्धामा पछि नपर्ने सुर कसे भन्ने कुरालाई उल्लेख गरेका छन् (भट्टराई, २०७०, पृ. १४०) । राष्ट्रियता, प्रजातन्त्र र उदारवाद दुवै नेताको आदर्श भए पनि एउटै राप्रपाका रूपमा पूर्व पञ्चहरू सङ्गठित गर्न र त्यस दललाई एउटा नयाँ बलियो शक्तिका रूपमा स्थापित गर्न सकेनन् । जसरी राणाशासन समाप्त भएपछि पूर्व राणाहरू सङ्गठित भएर खुलेको गोर्खा परिषद्ले २०१५ सालको पहिलो आम निर्वाचनमा नेपाली कांग्रेसपछिको दोस्रो ठुलो शक्तिको रूपमा स्थापित हुन पुगेको थियो, भलै उनीहरूको बिच ठूलै अन्तर थियो । मैले त दुवै शीर्ष नेताहरूलाई बहुदलवादीहरूको यस्तो बोलवाला भएको वर्तमान अवस्थामा हामीहरू एउटै दल खोलेर जानुपर्छ, नत्र हाम्रो अस्तित्व समाप्त हुनेछ भनेर बारम्बार सम्झाएको कुरा अझ पनि स्मरण गर्न र उहाँहरूलाई स्मरण गराउन चाहन्छु भन्ने कुरा उल्लेख भएको पाइन्छ (भट्टराई, २०७०, पृ. १४०) । संविधानसभाको चुनावताका गणतन्त्रको लहर आयो । पञ्चायतकालीन नेताहरूको प्रतिनिधित्व गर्ने हाम्रो

पार्टी रा.प्र.पा. ले आफूलाई गणतन्त्रको मुद्दामा निरपेक्ष राख्यो भने अरु ठूला दलहरूले खुलेर गणतन्त्रको पक्षमा भोट मागे भन्ने कुरा समेत भट्टराईको आत्मकथामा उल्लेख भएको पाइन्छ ।

पहिलो संविधानसभाको चुनावमा प्रत्यक्षमा १ स्थान पनि जित्न नसकेको पार्टीलाई समानुपातिकमा प्राप्त ३ लाख मतका आधारमा समानुपातिक तर्फ ८ स्थान मिलेको थियो । राप्रपालाई अस्तित्वको सङ्घर्ष अझ कठिन हुने प्रस्ट थियो । आउँदा दिनहरू सहज छैनन् भन्ने कुरा सबै नेता कार्यकर्ताहरूले महसुस गरिसकेका थिए । राजनीतिमा आफ्नो पार्टीको अस्तित्व हराउने त होइन र समयको बेगसँगै पार्टीलाई हिडाउनुपर्छ, उल्टो हिड्न र हिडाउन खोजेर राजनीतिमा सम्भव छैन । राष्ट्रियता, प्रजातन्त्र र उदारवाद अब गणतन्त्रमा नगै धर छैन । राप्रपाले पनि गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता जस्ता विषयमा आफूलाई सापेक्ष राख्दै जानुपर्छ, यी यस्ता धेरै कुराहरू बहसको विषय बनेका थिए तर राप्रपाले गणतन्त्रमा जाने हठात् निर्णय गऱ्यो र आफ्ना सभासदहरूलाई गणतन्त्रको पक्षमा समर्थन गर्न ह्वीप जारी गऱ्यो र यसरी पूर्वपञ्चहरूको पार्टी राप्रपा पनि गणतान्त्रिक बन्यो भनेर उल्लेख गरेका छन् (भट्टराई, २०७०, पृ. १३७-१३८) । उनले पनि राप्रपाको स्थापना र निर्माणको कारण, संसदीय अभ्यासमा राप्रपाको सहगिताको अवस्था, अन्य दलप्रति यसको दृष्टिकोण र सम्बन्धका बारेमा उल्लेख गरेको पाइँदैन । त्यसैले वर्तमान अध्ययन समयसापेक्ष रहेको पुष्टि हुन्छ ।

नेपालमा राजनीतिक दलहरूसम्बन्धी अध्ययनहरू निकै कम रहेका छन् । भए गरेका सीमित अध्ययनहरूमध्येमा पनि ठूला राजनीतिक दलहरू जस्तै नेपाली कांग्रेस, नेकपा एमाले, माओवादीका बारेमा केन्द्रित रहेका पाइन्छन् । राप्रपा दलसँग सम्बन्धित अनुसन्धान निकै कम रहेका छन् । तसर्थ वर्तमान अध्ययनले राप्रपाको स्थापना र निर्माणको कारण, संसदीय अभ्यासमा राप्रपाको सहगिताको अवस्था, नेपाली राजनीतिका प्रमुख मुद्दा, अन्य दलप्रति यसको दृष्टिकोण र सम्बन्धका बारेमा विस्तृत रूपमा अध्ययन गरेको छ । विगतमा राप्रपासम्बन्धी भए गरेका अध्ययनहरूका तुलनामा यो अध्ययन पृथक र नौलोसमेत रहेको छ । यसका उद्देश्य र विधि समेत फरक रहेका छन् ।

## २.३ वर्तमानमा खोजको अन्तर (Research Gaps)

राप्रपाका बारेमा सीमित व्यक्तिहरूले मात्र सीमित आयमहरूमा अध्ययन अनुसन्धान र विश्लेषण गरेको पाइन्छ । राष्ट्रिय प्रजातन्त्र पार्टीको बारेमा सीमित सङ्ख्यामा मात्र पुस्तक लेखन र शोधकार्यहरू हुँदै आएका छन् । गोविन्दराज खनियाँले 'नेपालको राजनीतिमा राप्रपा' भन्ने पुस्तक लेखेका छन् । साथै उनले राप्रपाले विगत डेढ दशकमा नेपालको राजनीतिमा खेलेको भूमिकाबारे शोध कार्य गरेको भेटिन्छ । उत्तमराज अधिकारीले नेपाली राजनीतिमा राप्रपाको भूमिकाको बारेमा शोधअध्ययन गरेका छन् । सन्तबहादुर थापाले संसदीय प्रणाली र राजनीतिक दलहरूका बारेमा अध्ययन गरेको भए तापनि राप्रपाको बारेमा भने संक्षिप्त परिचय मात्र दिने काम गरेका छन् । राप्रपाको अन्य पक्ष र आयमहरूका बारेमा वर्णन गर्न उनी चुकेका छन् । राजप्रसाद अर्यालले नेपालको संसदीय व्यवस्थाको विकास र राजनीतिक दलका बारेमा अध्ययन गरेका छन्

तर उनले राप्रपाको बारेमा खासै वर्णन र अध्ययन गरेको पाइँदैन । चन्द्रप्रसाद रेग्मीले नेपालको संसद् भन्ने विषयमा शोध अध्ययन गरेका छन् । उनले गरेका शोध अध्ययनमा राप्रपा लगायत कुनै पनि राजनीतिक दलहरूका बारेमा छुट्टै अध्ययन भएको देखिँदैन । राजेश्वर देवकोटाद्वारा लिखित उदारवाद भन्ने पुस्तकमा राप्रपाको वैचारिक र सैद्धन्तिक दृष्टिकोणहरूका बारेमा वर्णन गरिएका छन् ।

विवेक शाहले 'मैले देखेको दरवार' भन्ने पुस्तकमा राप्रपाका दुई शीर्षस्थ नेताहरू सुर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दका सरकार र सरकार सञ्चालन भएका बेला घटेका प्रमुख राजनैतिक घटनाहरू उल्लेख गरिएको भए तापनि राप्रपाको बारेमा कुनै वर्णन गरिएको छैन । शुधिर शर्माको 'प्रयोगशाला' भन्ने पुस्तकमा राप्रपाबाट प्रधानमन्त्री बनेकाहरूका बारेमा उल्लेख गरिएको भए तापनि समग्र राप्रपाको बारेमा केही पनि बताइएको छैन । हरिबहादुर थापाले लेखेका 'दलीय द्वन्द्व' भन्ने पुस्तकमा उनले राप्रपाको गुटबन्दी, विभाजनको स्थिति, सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दका सरकारहरू, मिलिजुली संयुक्त सरकारहरू, राप्रपाको भूमिका आदि बारेमा प्रकाश पारेका छन् । त्यस्तै राप्रपाका शेरबहादुर गुरुङले आदर्श गाउँ नामक पुस्तक लेखेका छन् । उक्त पुस्तकमा उनले राप्रपाको राजनीति, साङ्गठनिक स्वरूपहरू र राप्रपाका विगत र वर्तमान अवस्थाहरूका बारेमा प्रकाश पारेका छन् । प्रकाशचन्द्र लोहनीले 'इतिहास रच्ने समय' नामक आफ्नो पुस्तकमा २०६३ देखि २०६९ सम्मका राजनीतिक घटनाक्रमहरूका बारेमा विश्लेषण गरी लेखेका छन् तर उनको सो पुस्तकमा समेत राप्रपाको बारेमा विस्तृत रूपमा वर्णन गरेका छैनन् ।

पुण्यप्रताप राणाले लेखेका पुस्तकमा पृथ्वीनारायण शाहदेखि राजा ज्ञानेन्द्रसम्मका इतिहासको वर्णन गरेको पाइन्छ तर राप्रपा लगायत अन्य राजनीतिक दलहरूका उत्पत्ति, उद्भव र विकासबारे अध्ययन विश्लेषण र वर्णन गरेको देखिँदैन । त्यस्तै रमेशनाथ पाण्डेद्वारा लिखित 'कुटनीति र राजनीति' भन्ने पुस्तकमा राप्रपा नेता सूर्यबहादुर थापाले आफू प्रधानमन्त्री हुँदा भारतीय दूतावासलाई नेपाल सरकारको सहमतिवेगर नै दूतवासको तजवीजमा तीन करोड रूपैयाँसम्मको योजना दिन सक्ने विशेषाधिकार प्रदान गरे भन्ने आरोप लगाइएको छ । उक्त कोषको दुरूपयोगले भारतको वद्नाम हुन पुग्यो र भारतीय र नेपाली कर्मचारीहरू भ्रष्टाचारमा सहयोगी बन्न थाले भनी उल्लेख गरेका छन् तर यस पुस्तकमा समेत राप्रपालगायत अन्य दलहरूका बारेमा खासै केही कुरा बताइएको पाइँदैन । सूर्यमोहन भट्टराइले 'आत्मकथा' भन्ने आफ्नो पुस्तकमा २०४६ सालको परिवर्तनपश्चात् मुलुकमा प्रजातन्त्रको पुनर्वहाली र बहुदलीय व्यवस्थाको स्थापना भएपछि राप्रपाको स्थापना भएतापनि बहुदलीय प्रतिस्पर्धामा राप्रपा पछि नपरेको कुरा उल्लेख गरेका छन् ।

उनले राष्ट्रियता, प्रजातन्त्र र उदारवाद राप्रपाको आदर्श भए तापनि राप्रपा सङ्गठित र बलियो रूपमा स्थापित हुन नसकेको कुरालाई औँल्याएका छन् । उक्त पुस्तकमा उनले राप्रपाले हठात्मा निर्णय गरेर पूर्वपञ्चहरूको पार्टी गणतान्त्रिक पार्टी बन्न पुग्यो भनी उल्लेख गरेका छन । उनको यस पुस्तकमा समेत राप्रपाको बारेमा विस्तृत वर्णन भएको छैन । समुल रूपमा राप्रपाको बारेमा अध्ययन यद्यपि हुन सकिरहेको अवस्था छैन । विगतमा गरिएका अध्ययनहरूको अनुभवजन्य समीक्षाका आधारमा हालसम्म पनि संसदीय

अभ्यासमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था के रहेको छ ? नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजनैतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्ध कस्तो रहेको छ ? भन्ने बारेमा अध्ययन अनुसन्धान भएको पाइँदैन । वर्तमानमा ती विषयवस्तुहरूमा अध्ययन अनुसन्धान गर्न आवश्यक रहेको सन्दर्भमा यस शोध लेखन गरिएको हो । यस शोध अध्ययनले राप्रपाको सकरात्मक र नकरात्मक दुवै पाटाहरूका सही विश्लेषणबाट मुलुकको भावी जीवनमा सुखद सन्देशसमेत जाने अपेक्षा गर्न सकिन्छ । हालसम्म यस विषयमा कसैले पनि अध्ययन गर्ने जमर्को नगरेकोले हालको अध्ययनमा मौलिकता र नयाँ प्रस्तुतिसमेत देखिने हुँदा यसको औचित्य आफैँ प्रकट हुन्छ । उनीहरूले लेखेका पुस्तकहरू र गरेका शोध अध्ययनका आफ्नै उद्देश्य, विधि र प्रक्रियाहरू रहेका छन् ।

विगतमा राप्रपासम्बन्धी लेखिएका पुस्तकहरूका लेखक तथा शोधकर्ताहरूले आफ्नै अनुभव, भोगाइ, सिकाइ र सङ्ग्रहमा आधारित रहेर लेखन र शोध अध्ययन गरेको पाइन्छ । वर्तमान शोध अध्ययन राप्रपाको समूल पक्षहरूका बारेमा अध्ययन गर्ने उद्देश्य राखेर गरिएको छ । वर्तमान शोध अध्ययन जानकार व्यक्तिहरूसँगका अन्तर्वार्ता, समूह केन्द्रित छलफल, पुस्तकालय सर्वेक्षण, अवलोकन तथा घटना विश्लेषण र विद्युतीय सामग्री जस्ता खोज विधि अपनाएर गरिएको छ । विगतमा भए गरेका राप्रपासम्बन्धी अध्ययन अनुसन्धानभन्दा वर्तमान अध्ययनको उद्देश्य र अध्ययन विधिसमेत फरक भएको हुँदा यो अध्ययन आफैँमा पृथक् र नवप्रवर्तनीय रहेको छ । शोध समस्याको बारेमा हालसम्मका पूर्व शोध कार्यहरूको विश्लेषण पूर्ण नभएकोले यो शोधकार्य वर्तमानमा औचित्यपूर्ण हुने कुराको अपेक्षा गर्न सकिन्छ । प्रस्तुत पूर्वकार्यहरूमा उल्लेख गरिएका शोधप्रबन्ध, लेखहरू, पुस्तकहरू तथा प्रतिवेदनहरू खास विषयसँग सम्बन्धित छन् । यीमध्ये कसैले अन्य राजनीतिक दल र राप्रपाको बारेमा सामान्य ढङ्गले प्रस्तुत गरेका छन् भने कसैले पनि राप्रपाको बारेमा विस्तृत अध्ययन गरेको पाँइदैन । यस सन्दर्भमा माथि उल्लेख गरिएका लेख, रचना, पुस्तक र प्रतिवेदनमा व्यक्त भएका दृष्टिकोणहरू वर्तमान शोधप्रबन्धका लागि आंशिक रूपमा मात्र उपयोगी हुन पुगेका छन् । यस अर्थमा पहिला प्रकाशित शोधप्रबन्ध, रचना, पुस्तक तथा प्रतिवेदनहरूमा भएका विषयहरूको आंशिक प्रयोग मात्र भएकाले ती कुराहरू वर्तमान शोधप्रबन्धको लागि केही सहयोगी मात्र हुन पुगेका छन् ।

# परिच्छेद : तीन
# अनुसन्धान विधि

समाजको राजनैतिक पक्षको विशिष्ट रूपले अनुसन्धान गर्ने काम राजनीतिशास्त्रको अनुसन्धानमा गरिन्छ । राज्यव्यवस्थाका एकाइहरूको राज्य संयन्त्र सञ्चालनको प्रक्रिया, राजनीतिक सहभागिता, राजनैतिक दल, राजनीतिक व्यवहार, सार्वजनिक प्रशासन, युद्ध, सन्धि, कानुन, न्यायसम्पादन, राजनीतिक चरित्र, राजनीतिक परिवर्तन आदिका विषयमा अनुसन्धान गर्ने विषय नै राजनीतिशास्त्र हो (सिवाकोटी, २०६४) । सिद्धान्त भनेको एक विश्लेषणात्मक युक्ति हो, जसको सहयोगबाट तथ्यहरूको व्याख्या गर्न सकिन्छ । कुनै पनि सिद्धान्त घटनाहरूलाई बुझाउन, व्याख्या गर्न र पूर्वानुमान गर्न निर्माण गरिएका हुन्छन् भने सैद्धान्तिक ढाँचा एउटा त्यस्तो संरचना हो जसले अध्ययन अनुसन्धानमा मार्गदर्शनको रूपमा काम गर्दछ । यस परिच्छेदमा अध्ययनको सैद्धान्तिक/अवधारणात्मक ढाँचाको बारेमा वर्णन गरिएको छ । साथै राजनीतिको अनुसन्धान गर्ने विधिको समग्र रूपनै राजनीतिक अनुसन्धान पद्धति (Research methodology) हो । अनुसन्धान खास विधिको प्रयोगका आधारमा गरिन्छ । यस शोधप्रबन्धको लेखनका क्रममा पनि विभिन्न विधिहरू अवलम्बन गरिएका छन् । जसलाई विस्तृत रूपमा तल वर्णन गरिएको छ ।

## ३.१ अवधारणागत/सैद्धान्तिक ढाँचा

राष्ट्रियता, प्रजातन्त्र र उदारवाद राप्रपाका मूलभूत सिद्धान्तहरू हुन् । राष्ट्रियतालाई सर्वोपरी साध्य, प्रजातन्त्रलाई अपरिहार्य आधार, राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक, हिन्दूत्वलाई जीवनदर्शन, उदार अर्थतन्त्रलाई आर्थिक बिकासको मेरुदण्ड र निरन्तरता सहितको परिवर्तन अर्थात सम्बर्द्धनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा राप्रपाले लिएको पाइन्छ तसर्थ राप्रपाको बारेमा शोध अध्ययन हुनु आफैंमा एक महत्वपूर्ण विषय मानी वर्तमान शोधअध्ययनको अवधारणा बनाइएको हो । सिद्धान्तको भाव अर्थ 'बुझ्ने दृष्टिकोण' हो (पोखरेल, २०६५, पृ. २९) । राजनीतिक सिद्धान्त भनेको राजनीतिको विज्ञान र दर्शन हो । त्यो सिद्धान्त जसले राजनीतिक विषयवस्तुको विश्लेषण गर्छ, अनुसन्धान र व्याख्या गर्छ, हामी त्यसलाई राजनीतिक सिद्धान्त भन्दछौं । सिद्धान्तबाट अध्ययनको क्रममा वैज्ञानिक व्याख्या प्रस्तुत गर्नमा सहयोग पुग्छ । सिद्धान्तबाटै नयाँ क्षेत्रको खोज, नयाँ सामान्यीकरण, नयाँ अध्ययनशैली तथा सिद्धान्तहरू उपलव्ध हुन्छन् । यसले प्रक्रियाहरूको वैज्ञानिक विश्लेषण गर्न सहयोग गर्दछ । सिद्धान्तको अभावमा कुनै पनि विधा वा विषयलाई उठान गर्न तथा स्वायत्त बनाउन सम्भव हुँदैन । सिद्धान्तबाट विविध विषयहरूलाई एकीकृत गर्न सकिन्छ । यसले अवधारणात्मक पक्षको वकलात गर्दछ । यसैले डेबिट स्टनले एक अवधारणात्मक खाकाको रूपमा सिद्धान्तको महत्त्व रहेको उल्लेख गरेका छन् ।

सिद्धान्तले कुनै पनि विषयको औचित्य स्थापित गर्ने वा विस्थापन गर्ने काम गर्दछ (शिवाकोटी, २०६४) । विभिन्न विद्वानहरूले राजनैतिक सिद्धान्तलाई आ-आफ्ना ढङ्गले परिभाषित गरेका छन् । काइडनको विचारमा 'सिद्धान्त' भनेको सभ्य मानवजातिको प्रगतिको एक आवस्यक उपकरण हो भने कोहनको भनाइमा

'सिद्धान्त भन्ने शव्द एक खाली चेक हो, जसको सम्भावित मूल्य त्यसको उपयोग र उपयोगकर्तामा भर पर्दछ' । कतिपय विद्वानहरू सिद्धान्तको प्रयोग विवेचना वा दृष्टिकोणको अर्थमा लिन्छन् । वस्तुतः विज्ञानका नियमहरूको व्याख्या नै सिद्धान्त हो । यसै तथ्यलाई पुष्टि गर्दै मेचान भन्दछन् 'सिद्धान्त' भनेको सामान्यीकरण हो अथवा सामान्यीकरणको सेट हो जसले साधारण कथनहरूको व्याख्या वा अन्य सिद्धान्तहरूको व्याख्या गदर्छ' (A theory is a generalization or a set of generalizations that explains general statements or explains other theories)।

प्रकारान्तरमा भन्ने हो भने 'सिद्धान्त' भनेको एक विश्लेषणात्मक युक्ति हो, जसको सहयोगबाट तथ्यहरूको व्याख्या गर्न सकिन्छ । कार्ल ड्वेचको भनाइअनुसार 'सिद्धान्त' भनेको क्रमहरूको व्याख्या गर्ने एक कोसिस हो । यसले छुट्टिएका तथ्याङ्कहरूलाई एक अर्कासँग सम्बद्ध गराउँछ, प्रासङ्गिक तथ्यहरूको पहिचान गर्छ, के कुरा पुगेको छैन त्यो औंल्याउँछ र पर्यवेक्षणयोग्य तथ्यहरूका आधारमा वैज्ञानिक भविष्यवाणी गर्छ । यथार्थमा सिद्धान्त भनेको व्यवहारको पथप्रदर्शक हो यसले पूर्वानुमानलाई प्रस्ट्याउँछ र दर्शनको एक अङ्गका रूपमा समस्याहरूको गाँठो फुकाउँदछ (पोखरेल, २०६५, पृ. २९) । विभिन्न राजनीतिक सिद्धान्तका मान्यता, शैली र कार्यविधि फरक फरक भए पनि राजनीतिक परिस्थितिको आँकलन, व्याख्या, विश्लेषण र नयाँ उचाइमा पुगेर प्रतिरूप तथा सिद्धान्त निर्माणमा तिनले अग्रणी भूमिका खेल्दछन् । राजनीतिक सिद्धान्त स्वयंमा एक सामाजिक यथार्थ र विचारधारा हो । आफूले अघि सारेको यथार्थ र विचारधाराका आधारमा यसले कुनै खास प्रकारका संस्था र प्रयोगलाई उचित ठहऱ्याउने र अन्यलाई आलोचना गर्ने मापदण्डको भूमिका खेल्छ । यसले माग प्रस्तुत गर्ने, आलोचना गर्ने, घोषणा गर्ने तथा नीति निर्माण गर्ने सन्दर्भमा महत्वपूर्ण भूमिका खेल्छ । यसले आदर्श अभिव्यक्तिमा सघाउ पुऱ्याउँदछ र व्यक्ति, घटना, आन्दोलन र नीतिहरूलाई मूल्याङ्कन गर्ने कार्यसमेत गर्दछ ।

राजनीतिक सिद्धान्त परिवर्तनको संवाहक हो । यदि मौजुदा परिस्थिति ठिक छैन भने त्यसलाई परिवर्तन गर्ने र परिवर्तित अवस्थाको स्थायित्व र जगेर्ना गर्नसमेत भूमिका खेल्छ । यसले समाज व्यवस्था राजनीति र मानव समुदायको व्याख्या र विश्लेषण गर्ने उपयुक्त उपकरणहरूसमेत प्रदान गर्दछ । राजनीतिक क्षेत्रमा शोधको विषयवस्तु मात्र होइन सुहाउँदो शोध उपकरणसमेत प्रदान गर्ने कार्य समेत सिद्धान्तले गर्दछ । सिद्धान्तले प्रासङ्गिक घटना र तथ्यहरूलाई सङ्कलन र व्यवस्थित गर्न सकिन्छ । यसले निष्कर्षहरूको संक्षेपीकरण गर्नमा समेत सघाउ पुऱ्याउँदछ । सिद्धान्तले नियमको व्याख्या मात्र गर्दैन अध्ययनलाई पुनः दोहोऱ्याएर ती नियमहरूलाई पुष्टि वा प्रमाणित गर्न सघाउ पुऱ्याउँदछ । राजनीतिक सिद्धान्तले राजनीतिक परिदृश्यको व्याख्या मात्र होइन नयाँनयाँ प्रतिरूप (Models) र अधि-सिद्धान्तहरू (Meta-theories) को खोज गरेर राजनीतिक सिद्धान्तकै भण्डार भर्ने कार्य गर्दछ (शर्मा, २०६५, पृ. ३५) । मेकीयाभेलीलाई राजनीतिक क्षेत्रमा आधुनिक युगको पिता मानिन्छ । उनले मध्ययूगको विचारबाट राजनीतिलाई विच्छेद गर्ने कार्य गरे । मध्य यूगको विचारमा धर्मसत्ता र राजसत्ताको पारस्परिक सम्बन्ध, दुई शक्ति तथा दुई तरवारको

सिद्धान्त, पोपको राजकीय तथा राजा र सम्राटको धार्मिक मामलामा हस्तक्षेप गर्ने अधिकार र दुवैको अधिकार क्षेत्र, राज्यमाथि पोपको प्रभूत्वको दावा र विपक्षमा दिने तर्कको खण्डन, पिटरद्धारा चर्चमाथि दिएको अधिकार तथा कन्स्टेटाइनको दानको समीक्षा आदि रहेको पाइन्छ ।

तर मेकियाभेलीको रचनामा मध्यकालीन विचार एउटा पनि पाँइदैन । उनले दुई शक्तिको सिद्धान्त तथा मध्ययूगका अन्य विषयमा चर्चा गरेका छैनन् । मेकियाभेलीले द प्रिन्स नामक आफ्नो पुस्तकद्धारा राजनीतिक विचारमा नयाँ संसार पत्ता लगाए । उनले यो नवीन ऐतिहासिक पद्धतिद्धारा खोजी गरे । मेकियाभेलीले राजनीतिशास्त्रलाई नीतिशास्त्र तथा धर्मबाट पूर्णतः अलग गर्ने कार्य गरे । सोफेस्ट बाहेक सबै यूनानी विचारकहरू जस्तैः सोक्रेटस, प्लेटो, अरस्तू आदि सबैले नैतिक जीवनलाई महत्व दिन्थे । सिसरो आदि स्टोइक विचारक प्राकृतिक नियमका रूपमा नैतिक नियमलाई स्वीकार गर्दथे । चर्च विचारकहरू इश्वरीय नियम तथा इश्वरीय ज्ञानलाई श्रद्धा गर्दथे । उनीहरूको समस्त चिन्तन धर्मद्धारा ओतप्रोत थियो (शर्मा, २०६७, पृ. १०) । मेकियाभेलीले स्पष्ट रूपमा नैतिकताको सिद्धान्तलाई तिलाञ्जली दिदै राजनीतिमा धोकाधाडी र विश्वासघातलाई मान्यता दिएको पाइन्छ । मेकियाभेली राजनीतिलाई व्यवहारिक रूपमा लिन्थे । व्यक्ति शक्तिको पूजारी हो भने प्रत्येक राज्य र शासक आफ्नो निरन्तर राज्य विस्तार चाहन्छ । राज्य स्थिर रहन सक्दैन र यसको विस्तार स्वभाविक छ भन्ने मेकियाभेली ठान्दथे । उनी युनानी नगर राज्यप्रति विश्वास राख्दैनथे र रोमन साम्राज्यको उपासक बनेका थिए । राज्य समस्त मानव समाजको लागि श्रेष्ठकर रहन्छ । व्यक्तिको हित राज्यमा निहित हुने भएकाले व्यक्तिले राज्यको हित अगाडि आफ्नो हित परित्याग गरिनुपर्दछ भन्ने उनको धारणा रहेको पाइन्छ । मेकियाभेलीले राज्य कुनै नैतिक आचरणबाट बाँधिदैन र राज्यलाई नैतिकता भन्दा माथि मानेका छन् (शर्मा, २०६७, पृ. ११) । उनले पनि पोलीवस र सिसीरोको जस्तो मिश्रित शासन प्रणालीलाई सर्वोत्तम र सबभन्दा बढी स्थिर मानेका छन् । उनले द प्रिन्स भन्ने आफ्नो पुस्तकमा राजतन्त्र र स्किोसेसमा गणतन्त्रको विवेचना गरेका छन् ।

डनिङका अनुसार मेकियाभेलीको पनि गणतन्त्रान्त्रिक प्रणालीप्रति धारणा रहेको छ र यस विचारमा उनको विचार युनानीहरूसँग मिल्दोजुल्दो छ । उनको विचारमा जहाँ सामान्य रूपले आर्थिक समानता पाइन्छ, त्यहाँ गणतन्त्र नै सर्वोत्तम हुन्छ र सम्भव पनि हुन्छ भन्ने छ । उनले विभिन्न कारणले राजतन्त्रभन्दा गणतन्त्रलाई राम्रो मानेका छन् । अरस्तु जस्तै मेकियाभेली पनि समग्ररूपमा जनता एउटा राजाभन्दा बढी समझदार हुन्छन् । जनता एक व्यक्तिभन्दा बढी बुद्धिमान तथा दृढ हुन्छ, उसको निर्णय राम्रो हुन्छ र जनताको निर्णय ईश्वरको निर्णय समान हुन्छ । जनताले भविष्यमा हुने राम्रा नराम्रा कुराहरूलाई अलौकिक शक्ति भएको सरह अनुमान लगाउन सक्छन् । यदि दुई सामान्य योग्यता भएका व्यक्ति छन् र अलग धारणा दिन्छन् भने जनताले बढी लाभदायी धारणाको पक्षमा निर्णय दिन्छन् । उनीहरू वदनाम र भ्रष्ट व्यक्तिलाई चुन्दैनन् । जुन राज्यको शाासन जनताको हातमा हुन्छ त्यो राज्यले छिटो उन्नति गर्छ र गणतन्त्रात्मक शासन स्थायी हुन्छ भन्ने उनको धारणा थियो । राजाभन्दा गणतन्त्रमा सन्धिहरूको पालना बढी असफल हुन्छ

। राजाले जहिले चाह्यो त्यसलाई रद्द गर्न सक्छन् भने गणतन्त्रमा सन्धि तोड्न जनताको सहमति आवश्यक पर्दछ । यो सहमति प्राप्त गर्न समय लाग्ने भएकाले छिटो तोडिन पनि सक्दैन । गणतान्त्रिक शासन व्यवस्थामा जनता सहभागी हुने गर्दछन् । यसबाट सबैलाई शासनकलाको ज्ञान प्राप्त हुने हुनाले सबैले लाभ प्राप्त गर्दछन् । राजतन्त्रमा राजालाई नै बढी लाभ प्राप्त हुन्छ तर प्रजाले राज्य सञ्चालनको अनुभव प्राप्त गर्न सक्दैन । मेकियाभेलीले सम्राटको शक्तिको बारेमा विचार व्यक्त गर्दा सार्वभौमिकताको विचार स्पष्ट हुन्छ । उनले सम्राटको शक्तिलाई अविभाज्य, आन्तरिक तथा बाह्य शक्तिप्रति उत्तरदयी हुन नपर्ने र नियन्त्रणहीन शक्तिको रूपमा सार्वभौमिकता सम्बन्धी शक्तिलाई सम्राटमा निहित गरेको पाइन्छ ।

राजाले आफ्नो उद्देश्यपूर्तिका लागि जस्तोसुकै साधन पनि उपयोग गर्न सक्छन् । सफलता नै कुनै पनि साधनको औचित्यको कशी हो । यदि अनैतिक भनिने साधन पनि सफलताका लागि उपयोग गरिन्छ भने त्यो उचित मानिन्छ तर प्रजाको लागि नैतिकता अर्को निर्धारण गरेका छन् । प्रजा सद्‌गुण सम्पन्न आज्ञाकारी तथा श्रद्धावान हुनुपर्दछ । यी गुण हुन राजामा आवश्यक छैन । राजा साम, दाम, दण्ड, भेद जस्ता साधन अपनाउन स्वतन्त्र छन् । राजाले सद्‌गुण देखाउनका लागि आडम्बर गर्न सक्नुपर्दछ । उनको नैतिकता विरोधभासपूर्ण हुने गर्दछ । साधारण जनताको जीवनमा आज्ञाकारिता श्रद्धा, अरुको भलाई खोज्ने गर्दछन् भने राजा छलकपट, युद्ध आडम्वरी हुनु पर्दछ र राम्रो शासक सिंह र फ्याउरोको गुणयुक्त हुनुपर्दछ । मेकियाभेलीले राजनीतिमा कुनै नैतिकता परिभाषा दिएका छैनन् । नैतिकता जस्तै धर्मको पनि राजनीतिमा कुनै स्थान उनले दिएका छैनन् तर धर्म एक महान शक्ति भएकाले यसलाई राजाले यथासम्भव राज्यको हितमा गर्नुपर्दछ । राज्य खाली दण्ड तथा भयले मात्र चल्न सक्दैन । दण्ड, भय, तथा कानुनबाट लुकेर कुनै पनि काम गर्न सक्छ तर यस्ता व्यक्तिलाई धर्मद्वारा नियन्त्रण गर्न सकिन्छ भन्ने मत मेकियाभेलीको रहेको पाइन्छ । समग्रमा उनले राष्ट्रियताको विचार, कानुनसम्बन्धी विचार, राज्यको कर्तव्य र आचरण, यथार्थवादी विचार जस्ता राजनैतिक विचारहरू र सिद्धान्तहरू व्यक्त गरेका छन् । उनका यी विचार र सिद्धान्तहरूमा आधारित भै वर्तमान शोधअध्ययन गरिएको छ ।

त्यस्तै विश्व राजनीतिक जगतमा थोमस हब्स (१५८८-१६७९) बेलायतका क्रान्तिकारी विचारक थिए । उनको विचारले युरोपमा अत्यधिक प्रभाव पारेको थियो । राजनीतिक इतिहासमा सामाजिक सम्झौता (Social contract) सिद्धान्तलाई महत्त्वपूर्ण सिद्धान्तको रूपमा लिइन्छ, जुन उनैले प्रतिपादन गरेका थिए । सामाजिक सम्झौताको परम्परालाई राजनीतिक चिन्तनको इतिहासमा नवीन तथा महत्त्व प्रदान गरेको श्रेय हब्सलाई जान्छ (शिवाकोटी, २०६१, पृ. २४२) । उनको सामाजिक सम्झौताको विचारले अघिल्लो एक सय वर्षसम्म राजनीतिक विचारकहरूले प्राकृतिक अवस्था तथा प्राकृतिक अधिकारको विषयमा नै मुख्य रूपले विचार गरेको देखिन्छ । हब्सका अनुसार प्राकृतिक अवस्थामा प्राकृतिक नियम थियो तर बाध्यकारी शक्तिको अभावमा सबैले यसलाई पालना गर्दैनथे । जबसम्म सबैले यी नियम पालना गर्दैनन् त्यसबेलासम्म कुनै पनि व्यक्तिबाट यी नियमको सफलतापूर्वक पालना गर्न सम्भव रहन नसक्नु पनि स्वभाविक हो । यसैले त्यसबेला

शाश्वत सङ्घर्षको स्थिति थियो । यस भयावह तथा त्रासपूर्ण स्थितिबाट मुक्त हुनका लागि मानिसले बुद्धि, विवेकले आत्मारक्षाका लागि प्रत्येक व्यक्तिलाई सुरक्षा गर्न सक्ने शक्तिको स्थापना गर्न आवश्यक ठाने । त्यसैले प्रत्येक व्यक्तिले अर्को व्यक्तिसँग एक सम्झौता गरे ।

प्रत्येक व्यक्तिले यस किसिमको शपथ लिए "म आफूमाथि शासन गर्ने सबै अधिकार यो व्यक्ति वा सभालाई यस सर्तमा प्रदान गर्दछु तथा उसको सत्ता यस सर्तमा स्वीकार गर्दछु कि तिमी पनि यसै गरी आफ्नो अधिकार उसलाई प्रदान गर र उसका कार्यलाई स्वीकार गर"(I authorize and give up the right to governing myself to this man or to the assembly of men on this condition that thou give up the right to him and authorize all his action in like manner) । यसलाई राज्य (Common wealth) वा ल्याटिन भाषामा Civitas भनिन्छ । यो नै महान् लेभियथाँ (Mortal god) को जन्म हो, जसबाट ईश्वर (Imortal god) पछि मानिसलाई शान्ति र सुरक्षा प्राप्त हुन्छ । लेभियथाँ प्राकृतिक अवस्थाको अराजकता र सभ्यताको पर्खाल जस्तै खडा छ । यसभन्दा पहिले समाज तथा राज्यको सत्ता थिएन । यसबाट राज्य र समाज दुवैको प्रादुर्भाव भयो । यसै समयदेखि ज्ञान, सास्कृतिक कला, व्यापार, न्याय अन्याय, सत्य-असत्य जस्ता कुराहरू सुरु भए । सम्झौताहरू जसलाई सबै प्राकृतिक अधिकार सुम्पियो, त्यो सार्वभौम सत्ता भयो र जसले सत्ता सुम्पिए तिनीहरू प्रजा भए र राज्यको उत्पति मानिसको सामान्य इच्छाबाट भयो (शर्मा, २०६७, पृ. १३) ।

हब्सका अनुसार, "सम्पूर्ण प्रभुत्त्व सम्पन्नलाई सार्वभौम भनिन्छ, यसलाई सर्वोच्च अधिकार प्राप्त हुन्छ र ऊभन्दा बाहेक सबै व्यक्ति उसका दास हुन्" । तर हब्सको यो सम्झौता राजा प्रजा बिचमा भएको सम्झौता होइन, यो व्यक्ति व्यक्ति बिच भएको सम्झौता हो । शासकले सम्झौताको कुनै शपथ लिदैन । ऊ शपथभन्दा माथि रहन्छ । उसको शासक लेभियथाँ वा नश्वर देवता हो र नश्वर देवताको अगाडि अधिकार छोडेको हो । देवताले शपथ लिँदैन, मानिसले लिन्छन् । त्यसैले लेभियथाँ शासक सम्झौताभन्दा माथि छ, ऊ सर्वथा स्वतन्त्र छ । पूर्णरूपले स्वच्छाचारी शासक हुन्छ । ऊ सम्झौताको पक्ष नभएकाले सम्झौता सर्त पालन गर्न बाध्य छैन । यसबाट सार्वभौमक सिद्धान्त प्रतिपादन हुन गयो । उसको आदेश पालना हरहालतमा गरिनुपर्छ । उसको आदेश कानुन हो । हब्सले शासकलाई सार्वभौम सत्ता सुम्पेका छन् । शासक सर्वोच्च विधायक हो, जनताद्वारा चुनिएको हो । त्यसैले उसले कसैलाई अन्याय गर्दैनन्, र राजा विधि निर्माता हो, त्यसैले कानुनको अधिनमा हुँदैन ।

प्रजालाई कानुनद्वारा दिइएको सबै अधिकार प्राप्त हुन्छ । सार्वभौमद्वारा यी अधिकार हनन् गर्न सकिन्छ । यसरी हब्सको सम्झौता सिद्धान्तबाट मानिस-मानिस बिचको प्राकृतिक अवस्थाको भयावह अराजक स्थितिबाट मुक्त हुनका लागि भएको सम्झौताबाट समाज र राज्यको उत्पति भएर राजनीतिक स्थिरता आएको भन्ने देखिन्छ । सम्झौता शासक र प्रजाबिच भएर व्यक्ति-व्यक्ति बिच भएको हुन्छ । शासक सम्झौताको पक्ष नभएर उसलाई अधिकार सुम्पेकोले उसमा असीमित र स्वच्छाकारी शक्ति रहन्छ । उसले

दिएको आदेश मान्नुपर्दछ र उसलाई बाँध्ने कुनै बचन उसले दिएको हुँदैन । करारको परिणाम स्वरूप एकमात्र सम्प्रभू राज्यमा रहन्छ, त्यहाँ चाहे एक व्यक्ति होस् वा सीमित विभाजन भएर रहँदैन । प्रजालाई शासकले दिएको सबै अधिकार प्राप्त हुन्छ र खोसिन पनि सक्छ । हव्सको बिचारअनुसार सम्झौतापछि नै ज्ञान विज्ञानको प्रगति भएको हो । वर्तमान शोधअध्ययनको विश्लेषण सामाजिक सम्झौता सिद्धान्तमा समेत आधारित रहेर गरिएको छ । सेवाइनको विचारमा राजनैतिक सिद्धान्त भनेको राजनीति वा राजनीतिसँग मेलखाने र राजनीतिक समस्याहरूको अनुशासनबद्ध छानविन हो । ब्लुमको भनाइमा राजनैतिक सिद्धान्त भनेको राजनीतिको व्याख्या हो ।

राजनीतिक सिद्धान्तलाई अर्थ्याउने सिलसिलामा राजनीतिशास्त्र शब्दकोशमा व्याख्यात्मक परिभाषा गरिएको छ । जसअनुसार, राजनैतिक सिद्धान्त भनेको राजनैतिक परिस्थितिको मूल्याङ्कन, व्याख्या र भविष्यवाणी गर्ने विचारधाराको एक अङ्ग हो । वृहत् अर्थमा यसका दुई मुख्य हाँगा छन् : तीमध्ये एक राजनीतिक दर्शन वा आदर्शपरक सिद्धान्त (Normative theory) जसले मूल्य मान्यता, विश्लेषण, ऐतिहासिक र अनुमानात्मक पक्षसँग चासो राख्दछ । अर्को, आनुभविक सिद्धान्त (Empirical theory) जसले सूक्ष्म प्रतिरूपको निर्माण र वैज्ञानिक ढङ्गले जाँच गर्न सकिने कथनका आधारमा व्याख्या, भविष्यवाणी, निर्देशन, अध्ययन अनुसन्धान र ज्ञानको विस्तार गर्छ (Arora and Awasthy, 2007, p. 19) । नागरिकको राजनीतिक जीवन, राजनीतिक व्यवहार, राजनीतिक विचार, उसद्वारा खडा गरिएको सरकार र सरकारद्वारा गरिने कामको क्षेत्रमा प्रयोग भएको सिद्धान्त नै राजनीतिक सिद्धान्त हो । यसले राजनीतिक घटना र वस्तुको अध्ययन गर्दा वर्णन, व्याख्या, खोज र छानविनका विधि अपनाउँछ । झलक्क हेर्दा राजनीतिक सिद्धान्तले राजनीतिक सन्दर्भको मात्र अध्ययन गर्छ भन्ने लागे पनि यथार्थमा यसले सामाजिक, आर्थिक, मनोवैज्ञानिक, पर्यावरणीय, ऐतिहासिक, नैतिक दायरामा राजनीतिक सम्बन्धको खोज अध्ययन गर्छ । राजनैतिक सिद्धान्तको अन्तिम उद्देश्य सुन्दर समाज र असल राज्यको निर्माण गर्नु हो ।

विचारको एक अङ्गका रूपमा राजनैतिक सिद्धान्तले राजनीतिक परिस्थितिको व्याख्या, मूल्याङ्कन र भविष्यवाणीको प्रयत्न गर्छ र यस सिलसिलामा वैज्ञानिक रूपमा जाँचबुझ गर्न सकिने प्रतिरूपहरू (Models) को निर्माणमात्र होइन मूल्यलाई मानवीय व्यवहारको नियमका रूपमा पनि अघि सार्छ । राजनैतिक सिद्धान्त सुझावात्मक (Prescreptive) मात्र होइन व्याख्यात्मक पनि हुन्छ (पोखेल, २०६५, पृ. ३०-३१) । यसले राजनीतिक विषयबस्तुलाई क्रम (Order), सामञ्जस्यता (Coherence) र अर्थ (Meaning) प्रदान गर्दछ । राजनीतिक सिद्धान्तका मूल प्रवृत्ति र भावलाई हेर्दा यसमा प्रमुख रूपले विकासक्रमका तीन धाराहरू देखिन्छन् । जस्तैः शास्त्रीय वा परम्परावादी धारा (Classical or traditional trend), आधुनिक धारा (Modern trend) र समकालीन धारा (Contemporary trend) । राजनीतिक सिद्धान्तका क्षेत्रमा देखिएका यी धाराहरूको सम्बन्ध समयावधि वा काल (Period) सँग भन्दा पनि मुख्य रूपले सार वा भावसँग छ । यसको अर्थ राजनीतिक सिद्धान्तलाई शास्त्रीय, आधुनिक र समकालीन भनी

वर्गीकरण गर्ने आधार समयावधिभन्दा पनि तिनले बोक्ने भाव हुन् । त्यसैले वर्गीकरणको स्वरूप नै भावपरक (Thematic) छ । वस्तुतः शास्त्रीय र आधुनिक राजनीतिक सिद्धान्तलाई विभाजित गर्ने मुख्य भाव के हो भने जहाँ शास्त्रीय धाराले दर्शन (Philosophy) माथि जोड दिन्छ, भने त्यही आधुनिक धाराले विज्ञानमाथि जोड दिन्छ । समयक्रमको हिसाबले प्राचीन राजनीतिक चिन्तक अरस्तु वा मध्ययुगीन चिन्तक टमसले विज्ञानमा झुकाव देखाएका हुन सक्छन् वा आधुनिक कालका स्ट्रसले दर्शन वा इतिहासतर्फ झुकाव देखाउन सक्छन् तर मूल रूपमा दर्शन कि विज्ञान भन्ने भाव नै यी दुई धारामा फरक भेटिन्छ । यही कुरा आधुनिक र समकालीन राजनीतिक सिद्धान्तका सन्दर्भमा पनि लागु हुन्छ ।

सबै आधुनिक राजनीतिक सिद्धान्त समकालीन नभए पनि सबै समकालीन राजनीतिक सिद्धान्त आधुनिक हुन्छ । आधुनिक राजनीतिक सिद्धान्त आनुभविक (Empirical) र वैज्ञानिक (Scientific) मात्र हुन्छ भने समकालीन राजनीतिक सिद्धान्तचाहिँ दार्शनिक र ऐतिहासिक पनि हुन्छ । आधुनिक राजनीतिक सिद्धान्त वर्तमानमुखी (Present-oriented) हुन्छ भने समकालीन राजनीतिक सिद्धान्त भविष्यमुखी (Future-oriented) पनि हुन्छ । समकालीन राजनीतिक सिद्धान्तको जोड शास्त्रीय र आधुनिक सिद्धान्तको संश्लेषणतर्फ उन्मुख हुन्छ ।

### क. शास्त्रीय राजनैतिक सिद्धान्त (Classical Political Theory)

राजनीतिशास्त्र एक प्राचीन शास्त्र हो । यसको इतिहासलाई सहजै ग्रीसका प्राचीन दार्शनिकहरू प्लेटो र अरस्तुसँग जोड्न सकिन्छ । जसको कारण शास्त्रीय स्वरूपमा राजनैतिक सिद्धान्तको उदय पश्चिममा सोक्रेटस, प्लेटो र अरस्तुका लेखनबाट प्रकट भयो भने पूर्वमा मनु, कौटिल्य, शुक, कन्फूसियस तथा लाओ जेहरूका चिन्तनबाट भयो । त्यस बेलादेखि प्रारम्भ भएको दार्शनिक, ऐतिहासिक र आदर्शात्मक भावधारामा आधारित यो राजनीतिक सिद्धान्त उन्नाइसौँ शताब्दीसम्म निर्विघ्न रूपमा प्रचलित रह्यो । प्लेटोले 'रिपब्लिक' नामक आफ्नो पुस्तकमा आदर्श राज्यको अत्यन्त सजीव परिकल्पना गरेका छन् । न्यायको स्वरूप, शासकका गुण, शिक्षा आदिबारे उनले व्यक्त गरेका विचारहरू महत्त्वपूर्ण छन् । प्लेटोपछिका कैयौँ विचारकहरूले उनकै परम्परा अनुरूप 'युटोपिया' को विकासलाई राजनीतिशास्त्रको प्रमुख तत्त्व मान्दछन् । उनीद्वारा अपनाइएको दृष्टिकोणलाई दार्शनिक उपागम (Philosophical approach) भनिन्छ । यो उपागम राजनीतिक विज्ञानको क्षेत्रमा नवीन प्रवृत्तिहरूको प्रारम्भ हुने बेलासम्म पनि विभिन्न रूप, मात्रा र अवस्थामा रहिरह्यो ।

अरस्तुले पनि सरकारको आदर्श स्वरूपबारे लेखेका छन् र कुन प्रकारको सरकार असल हुन्छ भन्ने बारे पनि आफ्नो सुझाव व्यक्त गरेका छन् । उनले तत्कालीन ग्रिसेली नगरराज्यहरू र अन्य छिमेकी राज्यका संविधानहरूको विशुद्व अध्ययन र वर्गीकरण एवं तिनमा विद्यमान सरकारहरूको क्रमबद्व अध्ययन गरे (पोखरेल, २०६५, पृ. ९) । तसर्थ उनीद्वारा प्रारम्भ गरिएको राजनीतिक विश्लेषणमा आनुभविक उपागम (Empirical approach) को प्रारम्भिक रूपमा पाइन्छ, जसको महत्त्व वर्तमानमा समेत ठूलो रहेको छ । त्यसपछि धेरै शताब्दीसम्म राजनीतिशास्त्रको अध्ययन दर्शनशास्त्रमा गाभिएर बस्यो । आज हामी

राजनीतिशास्त्रको विकासबारे अध्ययन गर्न बस्दा धेरैजसो अध्ययन सामग्री तत्कालीन दार्शनिकहरूको विचारोत्तेजक कृतिहरूमा पाउँदछौं । तर यस स्थितिमा पन्ध्रौं र सोह्रौं शताब्दीदेखि परिवर्तन आयो । मेकियाभेलीले सोह्रौं शताब्दीको सुरुमा लिखित 'द प्रिन्स' लाई राजनीतिको व्यावहारिक परीक्षण (Pragmatic examination) को प्रारम्भ बिन्दु मान्दछन् । उनले उक्त पुस्तकमा राज्य सञ्चालनको उत्कृष्ट र चतुर कौशलको रोचक वर्णन गरेका छन् ।

त्यस्तै मनुले राजनीति र धर्मलाई अलग मानेका छैनन् । धार्मिक ग्रन्थमा धर्मको साथै राजनीति अर्थनीति तथा सामाजिक व्यवस्था आदिबारे उल्लेख छ । मनुस्मृतिमा राजनीति बारेमा खाली दण्ड अध्ययाय छ । अरु अध्ययायमा बढी धर्म भएकाले नै मनुस्मृतिलाई मुलतः धर्मग्रन्थ मानिन्छ । मनुस्मृतिमा वेद धर्मको मूल हो र यसमा विश्वको समस्त ज्ञान भरिएको छ भनेको छ । राजनीतिक शास्त्रको स्रोत पनि वेद हो । मनुले उल्लेख गरेको सामाजिक व्यवस्था पनि धर्ममय रहेको छ । उनका अनुसार, प्राणी मात्रको कल्याण स्वधर्म पालनमा हुने कुरा उल्लेख गर्नुका साथै प्रत्येक व्यक्तिले आफ्नो वर्णको नियम पालना गर्नु उसको कर्तव्य हो । उनले आफ्नो धर्मको उल्लङ्घन र अरुको धर्म माथिको हस्तक्षेपलाई उचित मानेका छैनन् । मनुमाथि धर्मको प्रभाव अत्यन्त व्यापक रूपमा परेकोले उनलाई धर्मशास्त्रका प्रणेता मानिन्छ । उनले राजनीतिलाई राजधर्मको रूपमा चित्रित गरेका छन् । मनुस्मृतिको महत्त्वपूर्ण योगदान राजधर्म सम्बन्धी सिद्वान्त हो ।  धर्मलाई मनुले देव उपासनाको रूपमा नलिई कार्यमा प्रयोग गर्ने भन्ने रहेको छ (ऐजन) ।

आचार्य कौटिल्य प्राचीन नेपालका एक महान राजनीतिज्ञ तथा विचारकका रूपमा रहेका छन् । उनले व्यावहारिक राजनीतिक दर्शन प्रतिपादन गरेका छन् । कौटिल्यको राजनीतिक दर्शनले नेपालमा मात्र होइन, पूर्वीय राजनीति तथा राजनीतिक दर्शनमा अत्यन्त प्रभाव पारेको देखिन्छ । उनले राजनीतिक दर्शनमात्र प्रतिपादन गरेका होइनन्, स्वयं राजनीतिमा सक्रिय रहेर रोमन सम्राट अलेक्जेन्डरको दक्षिण एसियाली मुलुकमाथि गरेको आक्रमण तथा सेलुकसको आक्रमणलाई विफल पारिदिए । उनले यस महाद्वीपलाई एकसूत्रमा बाँधी राजनीतिक सञ्चालकका रूपमा यक्ष भूमिका निर्वाह गरेका थिए । नेपालको तराईमा जन्मेका कौटिल्यलाई एक महान व्यक्तित्व र पारङ्गत राजनीतिज्ञका रूपमा चिनिन्छ (शिवाकोटी, २०६१, पृ. ९०) । उनले अर्थशास्त्रमा राज्यको उत्पति, विकास उद्देश्य, कार्य तथा प्रशासनका बारेमा विस्तृत विवेचना गरेको पाइन्छ । राज्यको उत्पति सम्बन्धमा कौटिल्यले विभिन्न सिद्वान्त उल्लेख गरेका छन् । उनको विचारमा सृष्टिको प्रारम्भमा मानिस प्राकृतिक अवस्थामा रहन्थ्यो । सो प्राकृतिक अवस्था राज्यहीन, कानुनहीन तथा अनैतिकपूर्ण थियो । त्यहाँ जङ्गलको कानुन चल्थ्यो । कमजोरलाई रक्षा गर्ने कुनै व्यवस्था थिएन । त्यस बेलाको राज 'मत्स्यराज' थियो । उनले राज्यलाई सातवटा अङ्गबाट निर्माण भएको महामानवका रूपमा प्रस्तुत गरेका थिए । उनले आफ्नो अर्थशास्त्रमा "स्वामामान्ध जनपथ दुर्ग कोष दण्ड मित्राणी प्रकृतय" अथवा स्वामी, अमात्य, जनपथ, कोष, दण्ड र मित्र राज्यका सात अङ्गहरू हुन् भनेका छन् । उनले प्रजाको सुख नै

राजाको सुख हो भन्दै प्रजाको हित, रक्षा र सम्वर्द्धनमा जोड दिएका छन् (पोखरेल, २०६५, पृ. ९) । त्यसैले शास्त्रीय राजनैतिक सिद्धान्तहरू दार्शनिक, आदर्शपरक, आदर्शवादी र ऐतिहासिक हुन्छन् भन्न सकिन्छ ।

**ख. आधुनिक राजनैतिक सिद्धान्त (Modern Political Theory)**

आधुनिक राजनैतिक सिद्धान्त पनि थुप्रै राजनीतिक धाराहरूको योगफल हो । यसभित्र संस्थात्मक, संरचनात्मक, वैज्ञानिक, आनुभविक, व्यवहारवादी, उत्तर-व्यवहारवादी र मार्क्सवादी धाराहरू पर्दछन् । उन्नाइसौँ शताब्दीदेखि बिसौँ शताब्दीको साठी र सत्तरीको दशकको कालखण्डमा यस सिद्धान्तले ठूलो भूमिका खेल्यो । आधुनिक राजनैतिक सिद्धान्त वैज्ञानिक र आनुभविक हुन्छ । विचारधारात्मक दृष्टिबाट आधुनिक राजनैतिक सिद्धान्तलाई पनि उदारवादी (Liberal) र मार्क्सवादी (Marxian) गरी दुई भागमा बाँड्न सकिन्छ । उदारवादी धारमा व्यक्तिवादी (Individualistic), ठालूवादी (Eliter) र बहुलवादी (Pluralist) चिन्तनधारा पर्दछन् । उदारवादी चिन्तन परम्पराको प्रारम्भ पन्ध्रौँ-सोह्रौँ शताब्दीदेखि भए पनि यसले संस्थात्मक-संरचनात्मक यात्रा पार गर्दै बिसौँ शताब्दीमा आएर वैज्ञानिक-सकरात्मक-आनुभविक लक्ष्यमा पुग्यो र व्यवहारपरक र उत्तर-व्यवहारपरक सिद्धान्तका लागि मार्ग प्रशस्त गऱ्यो । अर्कोतिर उन्नाइसौँ शताब्दीको मध्यमबाट प्रारम्भ भएको मार्क्सवादी सिद्धान्तले उदारवादी चिन्तन धाराभन्दा एकदम फरक विश्व दृष्टिकोण प्रस्तुत गऱ्यो ।

अठारौँ र उन्नाइसौँ शताब्दीका चुनौतीहरूलाई सामना गर्न नसकिरहेको शास्त्रीय राजनैतिक सिद्धान्तको गर्भबाट आधुनिक राजनैतिक सिद्धान्तको प्रादुर्भाव भयो । यसका प्रमुख प्रणेताहरू मेरियम, की, डाह्ल लास्वेल र इस्टन जस्ता विद्वानहरूले शास्त्रीय राजनीतिक सिद्धान्तका ऐतिहासिक आदर्शपरक-मूल्याङ्कनात्मक परम्परा (Historical-normative-evaluative tradition) को भर्त्सना गरे । यसको बदलामा उनीहरूले वैज्ञानिक-आनुभविक-व्यवहारपरक अध्ययनले मात्र राजनैतिक गूढ रहस्य र जटिलताहरूको समाधान गर्न सक्छ भन्ने मत अघि सारे । आधुनिक राजनैतिक वैज्ञानिकहरूले विगतभन्दा वर्तमान, मृतभन्दा ज्यूँदो, सुदूर अतीतभन्दा तात्कालिक, मनोगतभन्दा वस्तुगत, दार्शनिकभन्दा विश्लेषणात्मक, वर्णनात्मकभन्दा व्याख्यात्मक, लक्ष्यमुखीभन्दा प्रक्रियामुखी, सैद्धान्तिकभन्दा वैज्ञानिक कुरामा जोड दिए (Arora and Awasthy, 2007, pp. 25-26) । वस्तुतः उदारवादी चिन्तनधाराको आधुनिक राजनीतिक सिद्धान्तले वस्तुगत, उपचारात्मक, मूल्य तटस्थ, मापनयोग्य र सञ्चालनयोग्य राजनीतिको विज्ञान निर्माण गर्ने प्रयत्न गऱ्यो । यसले के हुनुपर्छ (What ought to be?) को सट्टा के छ (What is?) ? अर्थात् मनोगत-आदर्शात्मक सोचभन्दा वस्तुगत-तथ्यपरक सोचको तरफदारी गऱ्यो ।

आधुनिक राजनीतिक सिद्धान्तको अर्को पाटो भनेको मार्क्सवादी राजनीतिक सिद्धान्त हो । यो द्वन्द्वात्मक भौतिकवादमा आधारित छ । आफ्नो समाजवादलाई वैज्ञानिक समाजवाद मान्ने कार्लमार्क्सको भनाइ के थियो भने, "आजसम्मका समाज-वैज्ञानिकहरूले यो संसार कस्तो भन्ने कुराको व्याख्या गरे तर आजको प्रमुख आवश्यकता भनेको यसलाई कसरी बदल्ने भन्ने हो ।" मार्क्सवादी राजनैतिक सिद्धान्तले द्वन्द्वात्मक

भौतिकवाद र इतिहासको भौतिकवादी व्याख्याका आधारमा सामाजिक-राजनैतिक परिवर्तनको क्रमबद्ध र वैज्ञानिक विश्लेषण प्रस्तुत गरेको छ । यो सङ्घर्षद्वारा परिवर्तनको पक्षपाती छ । यसले उत्पादक शक्ति, उत्पादनका साधन र उत्पादन सम्बन्धको सुसङ्गठित व्याख्या प्रस्तुत गरेको छ। वास्तवमा मार्क्सवाद भनेको अतीतलाई व्याख्या गर्ने, वर्तमानलाई बुझ्ने र भविष्यको प्रक्षेपण गर्ने सामाजिक खोजको एक विधान हो ।

## ग. समकालीन राजनैतिक सिद्धान्त (Contemporary Political Theory)

सत्तरीको दशक यता द्रुतगतिले विश्वमा आइरहेको परिवर्तनको आँकलन र व्याख्या गर्न सक्षम राजनैतिक सिद्धान्तको आवश्यकता टड्कारो रूपमा देखा पर्‍यो । वास्तवमा आचरणवाद (Behaviouralism) र उत्तर-आचरणवाद (Post-behaviouralism) को विज्ञानप्रतिको अत्यधिक रुझानले राजनीतिका मूल समस्याहरू किनार लागे र सानातिना कुराहरू मात्र विषयवस्तु बन्न पुगे । अर्कोतिर विश्वको कतिपय मुलुकमा मार्क्सवादी ढाँचा पनि असफल हुन पुग्यो । परिणाम स्वरूप नयाँ विकल्पको खोज हुन थाल्यो । उदारवादी धाराभित्र के महसुस गर्न थालियो भने राजनैतिक सिद्धान्त जसरी दर्शनमात्र होइन त्यो भन्दा ज्यादा हो, त्यस्तै यो विज्ञान मात्रै होइन त्यो भन्दा बढी हो । पूर्णरूपमा दर्शनमा भरपर्दा यो अप्रासङ्गिक (Irrelevant) बन्छ भने पूर्णतः विज्ञानमा भरपर्दा यो दिशाहीन बन्छ । यदि राजनैतिक सिद्धान्तको कार्यभार राजनैतिक परिस्थितिको समुच्च ज्ञान दिनु हो भने यसले राजनीतिसँग सम्बन्धित सबै पक्षको व्याख्या र अनुसन्धान गर्न सक्नुपर्छ र राजनैतिक अवधारणा, सिद्धान्त र संस्थाहरूका बारेमा समुल रूपमा अध्ययन गर्न सक्नु पर्दछ । आज समकालीन राजनैतिक सिद्धान्त यही बाटोमा लागेको छ ।

ब्रायन व्यारी राजनीतिक सिद्धान्तले आफ्नो अतीतबाट दृष्टि ओझेल गर्नु हुन्न र सिद्धान्त र संस्थाहरू बिचको सम्बन्धलाई खोज्नुपर्छ भन्छन् । जन रावलको विचारमा समकालीन राजनीतिक सिद्धान्तले सत्यको अनवरत खोज गर्नुपर्छ । बैज्ञानिक हुने नाममा दिशाहीन हुनुभन्दा आनुभविक अध्ययन र मूल्यलाई समेट्नुपर्दछ भन्ने यस सिद्धान्तको धारणा रहेको छ । जन प्लामेवाजको विचारमा राजनैतिक सिद्धान्तमा आनुभविक विश्लेषण र तार्किक तथा नैतिक गुणहरूबिच सह-अस्तित्व हुन सक्छ । समकालीन राजनैतिक सिद्धान्तले सत्यको अनवरत खोज गर्ने हुनाले राप्रपा बारेमा सत्यतथ्य पत्ता लगाउन समकालीन राजनैतिक सिद्धान्तमा आधारित रही वर्तमान शोध अध्ययन गरिएको छ । अनुभव, घटनाक्रमहरू र चरित्रहरूको विश्लेषणका आधारमा वर्तमान सन्दर्भमा राप्रपाको बारेमा यसै सिद्धान्तमा आधारित रहेर शोध अनुसन्धान गरी यसबारे सत्य तथ्य घटनाहरूलाई उजागर गर्ने कार्य गरिएको छ । आनुभविक अध्ययन र मूल्यलाई सम्बन्धित गर्नुपर्छ भन्ने यस सिद्धान्तको मत छ । डेबिड हेल्डका अनुसार, समकालीन राजनैतिक सिद्धान्त, राजनैतिक विचारको इतिहासको रूपमा नवीकरण भएको छ र यसले सबै ग्रन्थहरूलाई तिनको ऐतिहासिक सन्दर्भसँग जोडेर जाँच गर्छ । यसले यस विषयलाई अवधारणात्मक विश्लेषणका रूपमा पुनर्जीवित गर्न खोज्दछ । परिणामस्वरूप, सम्प्रभुता, प्रजातन्त्र, न्याय जस्ता अवधारणाहरूलाई नयाँ शिराबाट व्याख्या गर्दछ । यसको विकास नैतिक र राजनैतिक क्रियाकलापका संरचनाहरूको क्रमिक व्याख्याको रूपमा भएको छ ।

यसले राजनैतिक मूल्यको आधारमा प्रकट, परीक्षण र पुन:संरचना गर्न खोज्दछ । यो सुक्ष्म सैद्धान्तिक प्रश्न र खास राजनीतिक मुद्दासँग चासो राख्ने तर्कका रूपमा पुनर्जागृत भएको छ ।

समकालीन राजनैतिक सिद्धान्त उत्तरआधुनिक अथवा उदारवादका रक्षकहरू जस्ता सबै प्रकारका कट्टरताहरूका विरुद्ध उभिएको पाइन्छ । यसलाई सिद्धान्त अर्थशास्त्र, विवेकपूर्ण छनोट सिद्धान्त र खेल सिद्धान्त इत्यादिबाट प्रभावित प्रतिरूप निर्माणका रूपमा पनि व्याख्या गरिएको छ । यो अवलोकन र सामान्य आनुभविक सामान्यीकरणमा आधारित छ । वास्तवमा कुनै पनि राजनैतिक सिद्धान्तले राजनैतिक क्रमको एक प्रतिरूप निर्माण गर्छ र राजनैतिक तथ्याङ्कको क्रमबद्ध सङ्कलन र विश्लेषण गर्दछ । विज्ञानको रूपमा यसले आफ्नो मन्तव्य जारी नगरी फगत राजनैतिक यथार्थताको वर्णन गर्छ र दर्शनका रूपमा यसले असल जीवन प्राप्तिका लागि आचरणको आवश्यक नियमको वर्णन गर्दछ । वर्तमान अध्ययन नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी भन्ने रहेकोले यसै समसामयिक राजनैतिक सिद्धान्तमा आधारित रहेर अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनले संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण किन भएको थियो ? संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था के रहेको छ ? नेपाली राजनीतिका प्रमुख मुद्दा तथा प्रमुख राजनैतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र सम्बन्ध कस्तो रहेको छ ? आदि विषयमा केन्द्रित रही यसको उद्भव र विकासको रूपमा यसले पार गर्दै आएको चरणहरूलाई यसको ऐतिहासिक सन्दर्भसँग जोडेर शोध अध्ययन र विश्लेषण गर्ने काम गरेको छ । यसले राप्रपाको समग्र पक्षहरूलाई अध्ययन गरी विश्लेषण गरेको छ । राप्रपाको राजनीतिक क्रियाकलापहरूलाई व्याख्या गर्ने काम गरेको छ ।

## ३.२ भौगोलिक अध्ययन क्षेत्र

राप्रपाको सङ्गठन बिस्तार ७७ वटै जिल्लामा भएका हुनाले यस अनुसन्धानको अध्ययन क्षेत्र नेपालका सबै जिल्लाहरू हुन सक्ने भए तापनि खास गरी काठमाडौं उपत्यकालाई नै मुख्य अध्ययन क्षेत्रको रूपमा लिइएको छ । प्राय: सबै प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरू काठमाडौं केन्द्रित हुने हुनाले पनि काठमाडौंलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ ।

## ३.३ अनुसन्धान ढाँचा

यस अध्ययनको शीर्षक नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी भन्ने रहेको हुँदा वर्णनात्मक अनुसन्धान ढाँचा (Descriptive research design) को अवलम्वन गरिएको छ । अन्वेषणात्मक र व्याख्यात्मक दृष्टिकोण (Exploratory and interpretive approach) को अवलम्बनद्वारा अवलोकन गरिएका तथ्य, अवस्था र घटनामा आधारित भई अध्ययन विश्लेषण गरिएको छ । अध्ययनस्थलबाट अध्ययनका लागि आवश्यक जानाकारी तथा तथ्याङ्कहरू एकै पटकमा सङ्कलन गरिएका थिए । Babbie (1990) र Bailey (1998) का अनुसार वर्णनात्मक उद्देश्य (Descriptive purposes) र अध्ययन स्थलबाट एकै पटक सङ्कलित चरहरू (Variables) बिचको अन्तर सम्बन्ध निर्धारणको लागि वर्णनात्मक अनुसन्धान ढाँचा (Descriptive research design) उपयोगी मानिन्छ ।

### ३.४ नमुना तथा नमुना सङ्कलन विधि

अनुसन्धान गर्ने विषयको क्षेत्र ठूलो हुने र सबै एकाइहरू समेट्न नसकिने अवस्थामा सम्पूर्ण जनसङ्ख्या विधि (Census method) लाई व्यावहारिक मान्न सकिन्न । सम्पूर्णको केही भाग वा अंशको परीक्षणबाट सम्पूर्णको बारेमा अनुमान लगाउने पद्धति नै नमुना सङ्कलन विधि (Sampling method) हो । असङ्ख्य मात्रामा रहेका प्रमाणहरूको खोजी गरी प्रयोग गर्न असम्भव प्रायः हुने भएकोले अनुसन्धानमा केही नमुना सङ्कलन गरी त्यसैको परीक्षणबाट सम्पूर्णको अनुमान गरिन्छ । यसमा केही भाग वा अंशको छनोट गरी समग्र वा जनसङ्ख्या (Universe) को बारेमा निर्णय लिने उद्देश्य राखिएको हुन्छ । सामान्य अर्थमा समग्र जनसङ्ख्याबाट केही अंश छनौट गरी त्यसको विश्लेषणबाट समग्रको बारेमा निष्कर्ष निकाल्ने पद्धति नै नमुना सङ्कलन विधि हो । तथ्य सङ्कलन गरेर निर्णय गर्नका लागि नै नमुना छनोट विधिलाई अनुसन्धानका विविध विधाहरूमा प्रयोग गरिन्छ । नमुना छनोटको मुख्य उद्देश्य भनेको समग्रबाट केही एकाइको छनोट गरेर तिनीहरूको परीक्षण गर्नु र तथ्याङ्क शास्त्रीय सुचनाको आधारमा सङ्ख्यात्मक वा गुणात्मक व्याख्या गर्नु हो र साथै छनोट गरिएका एकाइको आधारमा सम्पूर्णको अनुमान गर्नु पनि हो । यस अवस्थामा नमुनाले सबैको प्रतिनिधित्व गर्न सकेमा नै यसबाट ठिक नतिजामा पुग्न सकिन्छ ।

नमुनाले सम्पूर्णको प्रतिनिधित्व गर्दा नै विश्वसनीय परिणाम दिन सक्छ । सम्पूर्णको प्रतिनिधित्व केहीबाट हुनु नै नमुनाको विशेषता पनि हो । यसैले P.V. Young (1988) ले नमुनालाई नमुना लिइएका सम्पूर्ण वस्तुको सूक्ष्म तस्वीर मानेकी छिन् (Young, 1988) । यस शोध अध्ययनमा उद्देश्यमूलक नमुना विधि (Purposive sampling technique) को अवलम्बन गरेर ५० जना मुख्य जानकार व्यक्तिहरूलाई नमुनाको रूपमा लिई उनीहरूसँगको अर्न्तवार्ताद्वारा अध्ययनको लागि आवश्यक तथ्याङ्क तथा जानकारी सङ्कलन गरिएको छ । जानकार व्यक्तिहरू भन्नाले राप्रपाका नेता तथा कार्यकर्ताहरू लगायत अन्य पार्टीका नेता र यससम्बन्धी अन्य जानकार व्यक्तिहरू रहेका छन् । Brewer and Hunter (1989) ले सुझाए अनुसार वहुविधि पद्धति वा दृष्टिकोण (Mixed method approach) ले अन्वेषकलाई पूरक शक्तिको अतिरिक्त विधिहरूको शास्त्रागारका साथ अनुसन्धान समस्यामा आक्रमण गर्न अनुमति प्रदान गर्दछ । मिश्रित विधिहरूले एकभन्दा धेरै विधि वा तथ्याङ्क स्रोतलाई समाहित गरी कुनै पनि विषयवस्तुको अनुसन्धान गर्न सहयोग गर्दछ (Leahey, 2007) । मिश्रित विधिहरूले सङ्ख्यात्मक र कथात्मक तथ्याङ्कहरू उत्पन्न गर्दछन् । जसले उस्तै प्रकारका प्रश्नहरूको उत्तर दिन मद्दत गर्दछन् । मिश्रित विधि पद्धति वा दृष्टिकोणले एकल अनुसन्धानबाटै सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क सङ्कलन र विश्लेषणलाई समाहित गर्ने काम गर्दछ (Creswell and Plano Clark, 2007) ।

Mathew र Ross (2010) का अनुसार मिश्रित विधि (Mixed method) अनुसन्धानहरूका लागि उत्तम उपाय पनि हो (Mathew and Ross, 2010) । मिश्रित विधि वा पद्धतिका दृष्टिकोणले सङ्ख्यात्मक नतिजालाई उचित ढङ्गले बुझ्न र अध्ययनको वैधता (Validity) गुणात्मक नतिजाहरूको प्रयोग गरिएको

हुन्छ (Denzin, 1978)। यस शोध अनुसन्धानमा मिश्रित विधि (Mixed method approach) को प्रयोग गरिएको छ । वर्तमान शोधअध्ययन गुणात्मक किसिमको भएकोले यस शोधप्रबन्धमा सङ्ख्यात्मक भन्दा गुणात्मक विधिको प्रयोग बढी गरिएको छ। गुणात्मक अनुसन्धान पद्धतिमा अनुसन्धानको प्रकारका सन्दर्भमा खोजमूलक (Exploratory) प्रकारलाई प्रयोग गरिन्छ भने यसमा तथ्याङ्क मौखिक रूपमा सङ्कलन गरिन्छ (बास्कोटा बराल, २०६५) । व्याख्याको तत्त्वको रूपमा भाषा, चित्र तथा वस्तुको प्रयोग यसमा हुन्छ र यो असंरचनात्मक (Non-structural), स्वद्देश्ययी (Purposive) र आगमनात्मक (Inductive) हुन्छ । यसमा तथ्याङ्क सानो तर स्वद्देश्ययी (Purposive) रूपमा नमुना लिई विशिष्ट समूहबाट व्यवस्थित नमुना (Non-random symbol) बाट सङ्कलन गरिन्छ। ठुल्ठुला सङ्ख्यात्मक अनुसन्धानहरूमा अदृश्य जनसङ्ख्याबाट नमुनाको आकार (Sample size) को निर्धारण वा अनुमान गर्नु वास्तवमै जटिल कार्य हो (Lee, 1996)।

यस अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित भएको हुँदा Purposive sampling वा Non-probability sampling विधिद्वारा नमुना छनोट गरी तथ्याङ्क वा जानकारी सङ्कलन गरिएको छ। यसमा शोधकर्ताले जानी बुझिकनै नमुना छनोट गर्न सक्ने र शोधकर्ताको विचार नै छनोटमा सर्वोच्च आधार रहने हुनाले यस प्रकारको नमुना छनोट विधिको अवलम्बन गरिएको हो । यस प्रक्रियामा शोधकर्ताले नमुनाको छनोट उद्देश्यमूलक किसिमले गरेको छ । यसमा सम्भावनाको विचारपूर्वक र मूल्याङ्कनसहित नमुनाको छनोट गर्ने भएकाले यसलाई विचारपूर्ण छनोट (Deliberate sampling) पनि भनिन्छ । सम्भावनारहित छनोट विधि (Non probability sampling) मा संयोग वा सम्भावना रहँदैन। यसमा पहिले नै विचार गरी सम्पूर्णको प्रतिनिधित्व हुने किसिमले सानो एकाइ छनोट गरेर त्यसको अध्ययन विश्लेषण गरिन्छ। त्यसको अध्ययनले सम्पूर्ण अध्ययनको प्रतिनिधित्व गर्दछ।

## ३.५ तथ्याङ्कको प्रकार र स्रोत

कुनै पनि अनुसन्धानमा प्रयोग गरिने तथ्याङ्क यसको विशेषता र प्रकृतिका आधारमा अलग रहन्छ। प्रकृतिका आधारमा तथ्याङ्कहरू गुणात्मक र मात्रात्मक हुन्छन्। मात्रात्मक तथ्याङ्क (Quantitative data) सङ्ख्यामा आधारित तथ्याङ्क हो। अन्वेषणात्मक अनुसन्धानमा यस्तो प्रकारको तथ्याङ्क बढी प्रयोग गरिन्छ । गुणात्मक तथ्याङ्क (Qualitative data) गुणमा आधारित तथ्याङ्क हो । यस्तो तथ्याङ्क सङ्कलनमा तथ्याङ्कको मात्रालाईभन्दा गुणलाई महत्त्व दिइन्छ । राप्रपासम्बन्धी वर्तमान अध्ययन यसको गुण र आचरणसँग सम्बन्धित भएकोले मात्रात्मक नभई गुणात्मक तथ्याङ्कको प्रयोग गरिएको छ । त्यस्तै, मौलिकताको आधारमा तथ्याङ्कहरू प्राथमिक तथ्याङ्क र सहायक तथ्याङ्क गरी २ प्रकारका हुन्छन् । प्राथमिक तथ्याङ्क मौलिक किसिमको तथ्याङ्क हो। पत्रपत्रिका, पुस्तक आदिमा प्रयोग गरिएका सामग्री तथा तथ्याङ्कहरू सहायक तथ्याङ्कहरू हुन् । वर्तमान शोधअध्ययनमा प्राथमिक र सहायक वा द्वितीय दुवै प्रकारका तथ्याङ्कहरू प्रयोग गरिएकाछन्। प्राथमिक तथ्याङ्कहरू विगतमा सङ्कलन गरी सार्वजनिक रूपमा प्रकाशित गरिएको हुँदैन । प्राथमिक तथ्याङ्कहरू मौलिक र अनुसन्धानको विषयसँग धेरै मेल खाने प्रकारका

हुने हुँदा यसको उपयोगिता मापन धेरै हुने गर्दछ । प्राथमिक तथ्याङ्कहरू साक्षात्कार, टेलिफोन, सर्वेक्षण, अन्तर्वार्ता, समूह केन्द्रित छलफल, जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता आदि विधिहरूबाट सङ्कलन गर्न सकिन्छ । इमेल, फेसबुक, चिठी र पार्सेलमार्फत राष्ट्रिय सिमानापारिबाट समेत सङ्कलन गर्न सकिन्छ । यस शोधप्रबन्धमा जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता, समूह केन्दीत छलफल (FGDs) र प्रत्यक्ष अवलोकन आदि विधिबाट प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन गरिएको छ ।

विगतमा सङ्कलित र एकीकृत गरेको तथ्याङ्कलाई वर्तमानमा प्रयोगमा ल्याइन्छ भने त्यस्ता तथ्याङ्कहरूलाई द्वितीय स्रोतको तथ्याङ्क भनिन्छ । यस प्रकारका तथ्याङ्कहरू लिखित, टाइप गरिएको वा इलेक्ट्रोनिक रूपमा उपलव्ध हुन सक्दछन् । द्वितीय स्रोतका तथ्याङ्कहरूले अनुसन्धानकर्ताहरूलाई आफ्नो अनुसन्धानको लागि मार्गदर्शकको रूपमा काम गर्दछ । त्यसैले प्रस्तुत शोधप्रबन्धमा मूल अर्थात् प्राथमिक र सहायक अर्थात द्वितीय स्रोतका सामग्रीहरूको प्रयोग गरिएको छ । यस शोधप्रबन्धको लेखनका क्रममा प्रयोग गरिएका राजनीतिसम्वन्धी पुस्तकहरू, राप्रपाका राजनैतिक दस्तावेजहरू र जानकार व्यक्तिका अन्तर्वार्ताहरू प्राथमिक सामग्री हुन् भने कतिपय पुस्तकहरू, पत्रिकाका लेखहरू, विद्युतीय सामग्रीहरू सहायक सामग्री हुन् । वर्तमान शोधप्रबन्ध मात्रात्मक तथा गुणात्मक दुवै विधिमा आधारित छ । गुणात्मक विधि मूलतः खोजमूलक (Exploratory) प्रकारको हुने भएकाले यसको प्रयोग बढी गरिएको छ । सङ्कलित तथ्याङ्क र जानकारीहरूका आधारमा राप्रपाको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ । प्रस्तुत शोधप्रबन्धको लेखनका क्रममा ऐतिहासिक शोधविधि (Historical research methodology) लाई पनि अवलम्बन गरिएको छ । यस विधिमा पहिलेदेखि क्रमबद्धरूपमा भएका घटनाहरूलाई वर्तमान सन्दर्भसँग जोडेर व्याख्या तथा विवेचना गर्ने हुनाले राप्रपासँग सम्बन्धित घटनाहरूलाई यसको वर्तमान सन्दर्भसँग जोडेर वर्णन गर्ने कार्य गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन यन्त्र वा उपकरणहरू

तथ्याङ्क सङ्कलन यन्त्रहरू/उपकरणहरू भन्नाले तथ्याङ्क वा जानकारी सङ्कलन गर्ने औजार भन्ने बुझिन्छ । यस्ता यन्त्र वा उपकरणहरूमा समस्या अध्ययन (Case studies), चेकलिस्ट, प्रश्नावली, अन्तर्वार्ता, सर्वेक्षण, पुस्तकालय सर्वेक्षण, जानकार व्यक्तिसँगको अन्तर्वार्ता, अवलोकन तथा निरीक्षण आदि पर्दछन् । वर्तमान शोधप्रवन्धको लेखनको लागि तथ्याङ्क सङ्कलन गर्नका लागि पुस्तकालय सर्वेक्षण, जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता र समूह केन्द्रित छलफलसम्बन्धी प्रश्नावली र प्रत्यक्ष अवलोकन वा निरीक्षण जस्ता यन्त्र वा उपकरणहरू प्रयोग गरिएका छन् ।

## ३.७ तथ्याङ्क सङ्कलन विधि

कुनै पनि अनुसन्धानमा प्राथमिक र सहायक स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरी अनुसन्धान सम्पन्न गरिन्छ । यस्ता प्राथमिक र सहायक स्रोतहरूको सङ्कलनका विधिहरू पनि अलग अलग पाइन्छन् । सामान्यतः सामाजिक अनुसन्धानमा प्राथमिक तथ्याङ्क विभिन्न स्थलहरूमा प्राप्त हुन्छ । यस्तो तथ्याङ्कको

सङ्कलन स्थलगत भ्रमण गरेर अनुसूची, प्रश्नावली, अन्तर्वार्ता तथा अवलोकनको माध्यमबाट सङ्कलन गरिन्छ । त्यस्तै सहायक तथ्याङ्कको स्रोत साहित्यिक विवरणलाई मानिन्छ । विभिन्न प्रकारका प्रकाशित वा अप्रकाशित सामग्रीहरूबाट सहायक तथ्याङ्क सङ्कलन गरिने भएकोले पुस्तकालय, दस्तावेज, ऐतिहासिक जीवनी, पुर्ख्यौली जस्ता विधिहरू अपनाउने गरेको पाइन्छ । अलग अलग प्रकारका विषयवस्तुको अनुसन्धानका लागि यी दुवै खालका तथ्याङ्कहरू आवश्यक पर्दछन् । त्यसो हुँदा यस्ता तथ्याङ्कको सङ्कलनसमेत विभिन्न विधिबाट गरिन्छ । प्राथमिक र द्वितीय तथ्याङ्क वा जानकारीहरूका सङ्कलन विधिहरू निम्नानुसार रहेका छन् :

### ३.७.१ प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन विधि

यस शोधप्रबन्धको लागि प्राथमिक तथ्याङ्क सङ्कलनमा जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता (KIIs), समूह केन्द्रीत छलफल (FGDs) र प्रत्यक्ष अवलोकन वा निरीक्षण तथा अनुभव जस्ता विधिहरू अवलम्वन गरिएका छन् । जसमा खुल्ला-अन्त्य (Open ended) प्रश्नहरू भएका प्रश्नावलीको प्रयोग गरिएको छ । जानकार व्यक्तिहरूसंगको अन्तर्वार्ता र समूह केन्द्रीत छलफलको लागि प्रयोग गरिएको नमूना प्रश्नावलीलाई **परिशिष्ट-१** मा समाविष्ट छ । यस शोधअध्ययनमा अवलम्वन गरिएका प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन विधिलाई तल प्रस्तुत गरिएको छ ।

### क. जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता

उद्देश्यमूलक छनौट विधि अन्तर्गत रहेर सकेसम्म राजनैतिक दल, उमेर, लिङ्ग, पेसा भूगोल, शिक्षा, नागरिक समाजका स्वतन्त्र व्यक्तिहरूको समेत प्रतिनिधित्व हुने गरी निश्चित मापदण्ड (Criteria) तोकी उत्तरदाताहरू छनौट गरिएका थिए । अन्तर्वार्तामा सहभागिहरूका नाम **परिशिष्ट-२** मा देखाइएको छ । अनुसन्धान विधि र Research tools को सही प्रयोजन र उपादेयताको लागि Pilot study अपरिहार्य हुने गर्दछ । कुनै ठूलो क्षेत्रको सर्वेक्षणपूर्व सानो नमुनालाई छनोट गरी यसमा गरिने सर्वेक्षणलाई पूर्व परीक्षण मानिन्छ । विस्तृत सर्वेक्षण गर्नु अगावै सर्वेक्षण क्षेत्रका बारेमा बुझ्न, सर्वेक्षण विधिको प्रभावकारिता जाँच गर्न र प्रारम्भिक अवस्थाबारे बुझ्न यस्तो सर्वेक्षण गरिन्छ । यसको आवश्यकता र महत्त्वलाई Arain, Campbell, Cooper, Lancaster (2010) ले समेत औँल्याएको पाइन्छ ।

Pilot test ले (i) Research instruments/tools को निर्माण र परीक्षण गर्न, (ii) अनुसन्धानको वृहत्तर रूपमा सम्भाव्यता अध्ययन गर्न, (iii) अनुसन्धानसम्वन्धी Protocal को निर्माण गर्न, (iv) Protocal realistic र Workable छ कि छैन भनेर जाँच्न, (v) Sampling Framework र Techniques को प्रभावकारिता जाँच्न, (vi) प्रस्तावित Recruitment approach को सफलता मापन वा लेखाजोखा गर्न, (vii) प्रस्तावित विधिहरूका प्रयोजनबाट उत्पन्न हुन सक्ने Logistical समस्याहरूका पहिचान गर्न, (viii) उपयुक्त Sampling size को निर्धारण गर्न, (ix) अनुसन्धानमा संलग्न हुने सहभागीहरूसँग सम्बन्ध स्थापित गर्न, (x)

प्रारम्भिक तथ्याङ्कहरूको सङ्कलन गर्न, (xi) अनुसन्धानमा प्रयोग हुन सक्ने स्रोत साधन र जनशक्तिको मात्रा वा सङ्ख्या निर्धारण गर्न, (xii) तथ्याङ्क विश्लेषण विधिको रूपरेखा तयार गर्न वा निर्धारण गर्न, (xiii) अनुसन्धान प्रश्नावली तथा कार्ययोजना तयार पार्न, र (xiv) शोधकर्तालाई अनुसन्धान प्रक्रियामा दिशानिर्देश गर्न मद्दत गर्दछ (van Teijlingen and Hundley, 2001) । यस सन्दर्भमा प्रश्नावलीको निर्माणपश्चात् पूर्व परीक्षण (Pre-test) गरिएको थियो । यसको मुख्य ध्येय अनुसन्धान प्रयोजनमा ल्याइने Research tools/instruments तथा विधिहरूका सम्भाव्यता तथा उपयुक्तताको सुनिश्चतता प्रदान गर्नु र विश्वसनीयतालाई स्थापित गर्नु रहेको थियो । यस अनुसन्धानमा प्रयोग गरिएका Research tools/instruments तथा विधिहरूका Pilot testing २०७५, कार्तिक महिनामा गरिएको थियो । Pilot testing वा Pre-test काठमाडौँमा गरिएको थियो । शोध निर्देशकको राय सुझाव अनुसार Piloting को लागि सहभागीहरूको छनोट गरिएको थियो । अनुसन्धानका लागि तयार पारिएको मुख्य जानकारसँगको अन्तर्वाता सम्बन्धित प्रश्नावलीको परीक्षण अपरिचित ७ जना व्यक्तिहरूमा गरिएको थियो । Piloting बाट प्राप्त अनुभव, पृष्ठपोषण तथा निष्कर्षका आधारमा Research tool र Methodology को पुनरावलोकन र समीक्षा गरी परिमार्जित गर्ने कार्यहरू गरिएको थियो । तिनमा प्रयोग गरिएका शब्दहरूका स्पष्टता, प्रश्नावलीहरूका सामाञ्जस्यता (Coherence) तथा विश्वसनीयता र अन्तर्वार्ताको लागि आवश्यक पर्ने समयको निर्धारण गर्ने कार्यसमेत गरिएको थियो ।

### ख. समूह केन्द्रित छलफल (FGDs)

शोधअध्ययन सम्बन्धी आवश्यक प्राथमिक जानकारी हासिल गर्न समूह केन्द्रित छलफलसमेत गरिएको थियो । जसमा राजनीतिक दलसम्बन्धी जानकार व्यक्तिहरू, राप्रपा निकट नेता तथा कार्यकर्ता, राप्रपाका भातृसङ्गठन र तिनका प्रतिनिधिहरू, बुद्धिजीविवर्ग, राजनीतिक दलका प्रतिनिधिहरू, पत्रकारहरू र अन्य समाजका लब्धप्रतिष्ठित व्यक्तिहरू समेत रहेका थिए । समूह केन्द्रित छलफलको लागि जानकार व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताकै प्रश्नावली प्रयोग गरिएको थियो । यस दौरान १५ वटा समूहमा छलफल गरिएको थियो । प्रत्येक छलफलमा कम्तिमा पनि १०-१५ जनाको समूह रहेको थियो । समूह केन्द्रित छलफलहरू काठमाण्डौं, झापा, कपिलवस्तुलगायत देशका विभिन्न ठाउँमा गरिएको थियो ।

### ग. प्रत्यक्ष अवलोकन, निरीक्षण र अनुभव

यस शोधप्रबन्ध लेखनका दौरान प्रत्यक्ष अवलोकन, निरीक्षण र अनुभव आदिलाई समेत प्राथमिक तथ्याङ्क सङ्कलन विधिको रूपमा अवलम्वन गरिएको थियो । शोधार्थी स्वयं राप्रपासँग नजिक रहेर कतिपय आन्दोलन र राप्रपाको जुट्ने र फुट्ने घटना क्रमको प्रत्यक्ष साक्षी रहेको कारण पनि शोधप्रबन्धको व्याख्या र विश्लेषणमा यसले महत्त्वपूर्ण भूमिका खेलेको छ । शोधार्थीले राप्रपाको स्थापना कालदेखि हालसम्मको

अवस्थाको अध्ययन गर्दै, कतिपय घटनाहरू प्रत्यक्ष देख्दै र भोग्दै आएको कारणहरूले पनि यस शोधप्रबन्धको लेखनमा प्रत्यक्ष अनुभवले पनि सहयोग पुग्न गएको छ ।

### ३.७.२ द्वितीय स्रोतको तथ्याङ्क सङ्कलन विधि

द्वितीय स्रोतका तथ्याङ्क भन्नाले पहिल्यै आफ्नो प्रयोजनको लागि कुनै व्यक्ति वा संस्थाले सङ्कलन र एकत्रित गरेको तथ्याङ्क वा जानकारी भन्ने बुझिन्छ । जसको मौलिक प्रयोगकर्ता (Original user) ऊ आफू नभएर अरु कोही हुन्छन् । यस्ता किसिमका तथ्याङ्क सङ्कलन गर्ने विधि वा प्रक्रियालाई द्वितीय स्रोत तथ्याङ्क सङ्कलन विधि भनिन्छ । यो एउटा यस्तो तथ्याङ्क सङ्कलन विधि हो, जसमा तथ्याङ्क तथा जानकारीहरू पहिले नै अवस्थित हुन्छन् र ती तथ्याङ्क तथा जानकारीहरू पुस्तक, जर्नल तथा अनलाइन पोर्टलहरूमा प्रकाशित भइसकेका हुन्छन् । यस शोधलेखनका दौरान, प्राथमिक स्रोतका तथ्याङ्क सङ्कलनका अलवा द्वितीय स्रोतका तथ्याङ्कहरूसमेत सङ्कलन गरिएका थिए । यसरी द्वितीय स्रोतका तथ्याङ्कहरू सङ्कलन विधिमा पुस्तकालय सर्वेक्षण, जर्नल तथा अनलाइन पोर्टलहरू रहेका छन् जसलाई तल वर्णन गरिएको छ ।

#### क. पुस्तकालय अध्ययन

पुस्तकालय अध्ययन विधि सबै खालका अध्ययनका लागि आवश्यक हुन्छ । पुस्तकालय भन्नाले पुस्तकको मात्र भण्डार नभई यो पत्रपत्रिका, प्राचीन अभिलेख तथा सबै खालका दस्तावेजसम्बन्धी सामग्रीहरू सङ्ग्रहको रूपमा रहन्छ । यसमा विगतमा भएका अध्ययनका प्रतिवेदनहरूसमेत रहन्छन् । यसैले अनुसन्धानको लागि चाहिने आवश्यक सामग्रीहरू उपलव्ध हुने स्रोतको रूपमा पुस्तकालय रहेको हुन्छ । स्तरीय पुस्तकालयमा अनुसन्धानका लागि उपयोगी मानिने महङ्गा, दुर्लभ, पुराना र नयाँ गरी अनेकौं प्रकारका सामग्रीहरू व्यवस्थित राखिएका हुन्छन् । प्रस्तुत शोधप्रबन्धमा राप्रपासम्बन्धी घटना परिघटनाहरूको अध्ययन गर्न पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययन गर्नुपर्ने भएकाले पुस्तकालयलाई आधार मानिएको हो ।

अन्य स्वदेशी तथा विदेशी राजनीतिक दलहरू र व्यवस्थाका अवस्था पत्ता लगाउन पनि पुस्तकहरूकै अध्ययन गर्नुपर्ने भएकाले पुस्तकालयलाई आधार बनाइएको हो । राजनीतिक दलहरूसम्बन्धी पुराना पुस्तक, राजनैतिक व्यवस्था र संविधानको खोजी गर्न पनि पुस्तकालयलाई आधार बनाइएको हो । पुस्तकालयमा गई विभिन्न पुस्तकहरू, शोधप्रबन्ध र जर्नलहरूका सङ्कलन गरी तिनका गहन अध्ययन विश्लेषण गरिएको छ । यसको लागि केन्द्रीय पुस्तकलय र राजनीतिक शास्त्र केन्द्रीय विभागका पुस्तकालयहरूमा गई आवश्यक तथ्याङ्क तथा जानकारी लिइने काम गरिएको थियो । राप्रपाका विभिन्न खेमाहरूले समय समयमा प्रकाशित गरेका पर्चा, पम्पलेट, मुखपत्र, घोषणापत्र, आह्वानपत्र लगायत राजनीतिक दस्तावेजहरू उनीहरूकै कार्यालयमा गै सङ्कलन गरेर तिनका अध्ययन विश्लेषणसमेत गरिएका छन् ।

### ख. विद्युतीय सामग्रीहरूका प्रयोग

विभिन्न देशहरूका राजनीतिक दल र व्यवस्थाहरूको अध्ययन गर्ने क्रममा मूलतः विद्युतीय सामग्रीहरूको प्रयोग गरिएको छ । त्यस क्रममा अनलाइन जर्नल, फेसबुकमा राप्रपासम्बन्धी पोस्ट गरिएका अध्ययन सामाग्रीहरू, अनलाइन पोर्टलहरू, इमेलबाट केही द्वितीय स्रोतका जानकारीहरू सङ्कलन गरिएका छन् । कतिपय व्यक्तिहरूसँग टेलिफोनमार्फत् पनि तथ्याङ्क र जानकारीहरू सङ्कलन गरिएका छन् ।

## ३.८ तथ्याङ्क तथा जानकारीहरूको प्रशोधन

सङ्कलित तथ्याङ्कहरूलाई सम्पादन गरी तथ्याङ्कलाई विश्लेषणयोग्य बनाउने कार्य नै तथ्याङ्कको प्रशोधन हो । यसको मूल उद्देश्य तथ्याङ्कलाई विश्लेषणको तहमा पुऱ्याउनु नै हो । सामग्री सङ्कलनलाई अनुसन्धानको महत्त्वपूर्ण कार्य मानिए पनि यसलाई ठिकसँग प्रशोधन गर्न नसकिएमा तिनको उचित विश्लेषण र प्रस्तुतीकरण हुन नसकी यसबाट ठिक निष्कर्ष निकाल्न सकिँदैन । तथ्याङ्क प्रशोधनमा अर्थपूर्ण, स्पष्ट र विश्लेषणयुक्त बनाउन तिनीहरूलाई काँटछाँट गर्ने, पुगअपुग मिलाउने, तुलनायोग्य बनाउने जस्ता कार्यहरू गरिनुपर्दछ । यस सन्दर्भमा विभिन्न विधि अपनाएर सङ्कलित तथ्याङ्क तथा जानकारीलाई उचित ढङ्गबाट प्रशोधन (Processing) गरिएको छ । यस क्रममा, सङ्कलित तथ्याङ्क तथा जानकारीहरूलाई क्रमबद्ध, व्यवस्थित र एकीकृत गरी उपयोगितालाई सुनिश्चित गरेर विश्लेषणयुक्त बनाइएको छ ।

## ३.९ तथ्याङ्कको व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण

तथ्याङ्कको विश्लेषण र व्याख्या गर्ने कार्यहरू अनुसन्धान विधिका मुख्य चरण हुन् । विश्लेषणको मुख्य उद्देश्य सङ्कलित तथ्याङ्कहरूको सारांश बनाई तिनीहरूको आधारमा संलग्न प्रश्नहरूको उत्तर पत्ता लगाउनु हो । व्याख्याबाट अनुसन्धानमा प्राप्त परिमाणको वृहत् खोज र अर्थ स्पष्ट गरिन्छ । व्याख्याको माध्यमबाट अन्वेषणात्मक धारणा र विषयसँग सम्बन्धित निरन्तरताको लागि सहयोग पुग्दछ । व्याख्याबिना विश्लेषण सम्भव हुँदैन र विश्लेषणबिना व्याख्या पनि हुँदैन । यसैले कुकले वैज्ञानिक व्याख्याबाट अध्ययनयुक्त तथ्याङ्कको बिचको सम्बन्ध पत्ता लाग्छ र अध्ययनबाट प्राप्त परिणामले अन्य वैज्ञानिक ज्ञानको खाँचो औँल्याउँछ भनेका छन् । सङ्कलित तथ्याङ्कका सीमाहरूका आधारमा प्राप्त परिणामका बारेमा आलोचनात्मक मूल्याङ्कनको आवश्यकता व्याख्यामा पर्दछ । व्याख्याको लक्ष्य अरुलाई केही ज्ञान दिनु नै हो । सङ्कलित तथ्याङ्कलाई सही किसिमले व्याख्या गरियो भने नै यो उपयोगी हुन आउँछ । व्याख्या भएन भने सङ्कलित तथ्याङ्कको कुनै अर्थ रहँदैन वा यसबाट कुनै निष्कर्ष निस्कँदैन । त्यस्तै तथ्याङ्क विश्लेषण भनेको तालिकाबद्ध गरिएको सूचना एवं सामग्रीहरूको वास्तविक तथ्य अथवा अर्थ निकाल्ने कार्य हो । त्यसो भएकोले यसमा जटिल तत्त्वहरूलाई सरल खण्डमा व्यवस्थित गरी निष्कर्ष निकालिन्छ र विश्लेषणको लागि पूर्ण योजना बनाएर सम्पन्न गरिन्छ । वृहत् सामग्रीहरूको सम्बन्ध तथ्यहरू पत्ता लगाउने कार्य नै तथ्याङ्क विश्लेषणको मुख्य कार्य हो । शोध तथ्याङ्कको विश्लेषणले आफैँ प्रश्नको शोध जबाफ दिँदैन । यसका लागि तथ्याङ्कको व्याख्या जरुरी छ । व्याख्या भनेको वर्णन गर्नु वा अर्थ पत्ता लगाउनु हो । त्यसैले पहिले

तथ्याङ्कको विश्लेषण गर्नुपर्दछ । विश्लेषणको परिणामअनुसार व्याख्या गरिनुपर्दछ । त्यसैले तथ्याङ्कको सङ्कलनले मात्र पुग्दैन । यसको विश्लेषण तथा व्याख्याबाट मात्र शोधको जबाफ पाउन सकिने हुनाले अनुसन्धानमा विश्लेषणको प्रमुख भूमिका रहेको हुन्छ ।

अनुसन्धानको प्रश्नहरूको जबाफ र नतिजा वा निष्कर्ष तथ्याङ्कको विश्लेषणबाट प्राप्त हुन्छ । यसैले सङ्कलित तथ्याङ्कको थुप्रोलाई अर्थ दिने काम विश्लेषणको हो । कलिङ्गरले तथ्याङ्क विश्लेषणलाई अनुसन्धानको जबाफ प्राप्त गर्न तथ्याङ्कलाई स्तरीकरण, निर्धारण, क्रम हेरफेर र संक्षेपमा प्रस्तुत गर्नु हो भनेका छन् । त्यसरी नै विश्लेषणको परिभाषा गर्ने क्रममा स्फार र स्वियनसनले विश्लेषणको उद्देश्य घटनाहरूलाई वैज्ञानिक रूपमा आकस्मिक र स्थायी सम्बन्ध पत्ता लगाउने हो भनेका छन् । सिल्टिज र जहोदादाले विश्लेषणको परिभाषा दिँदै विश्लेषणमा सङ्कलित तथ्याङ्कहरू सङ्गठित गर्ने तथा संक्षेपीकरण गर्ने सबै प्रक्रियाहरू पर्दछन् र यसैबाट अनुसन्धानको जबाफ प्राप्त गरिन्छ भनेका छन् । अतः तथ्याङ्कको विश्लेषणबाट अनुसन्धानको क्रममा सम्बद्ध विभिन्न चरणहरूबिचको सम्बन्धलाई विभिन्न तथ्याङ्क शास्त्रीय विश्लेषण तथा गुणात्मक विश्लेषणबाट अनुसन्धान परिकल्पनाको परीक्षण गर्दै कारण, प्रभाव र सम्बन्धलाई स्पष्ट गरिन्छ । Marshall & Rossman (1999) ले तथ्याङ्क विश्लेषणलाई तथ्याङ्कहरूलाई क्रमबद्ध गर्ने, तथ्याङ्कगत संरचना निर्माण गर्ने र एकत्रित तथ्याङ्कको अर्थ प्रदान गर्ने प्रक्रियाका रूपमा वर्णन गरेका छन् । त्यसैले तथ्याङ्कको वैज्ञानिक किसिमले विश्लेषण गरेर नै तथ्याङ्कहरूको अर्थपूर्ण परिणाम निकाल्न सकिन्छ । यो तथ्यहरूको आलोचनात्मक परीक्षणको रूपमा रहन्छ । जहाँ चरहरू (Variables) बिचको सम्बन्ध स्थापित गराइन्छ ।

विश्लेषणको क्रममा तथ्याङ्कहरूलाई वर्गीकरण, तालिकीकरण आदिबाट तुलनासमेत गरिन्छ । गुणात्मक अध्ययनहरूमा विशिष्ट किसिमका तथ्याङ्क विश्लेषण गर्ने विधि वा तरिकाहरूका अभाव रहेका हुन्छन् (Shin, Kim, and Chung, 2009) । अनुसन्धानको उद्देश्य अनुसार अनुसन्धानका वयान र विश्लेषण गर्ने तौरतरिकाहरू पृथक र फरक फरक किसिमका हुन्छन् (Taylor and Bogdan, 1984) । सङ्ख्यात्मक तथ्याङ्कहरूलाई विभिन्न तथ्याङ्कीय विधिबाट विश्लेषण गरी परिमाण निकालिन्छ । वर्तमान शोधप्रबन्धका लागि सङ्कलित तथ्याङ्कहरू गुणात्मक प्रकृतिका रहेका हुनाले यसमा विशेषगरी गुणात्मक तथ्यहरूका आधारमा यस शोधपत्रको लेखनमा व्याख्यात्मक तथा विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ । वर्तमान शोध अध्ययनमा सङ्ख्यात्मक नगरी गुणात्मक विश्लेषण गरिएको छ । कुनै पनि राजनीतिक दलको बारेमा तथ्याङ्क सङ्कलन गर्दा स्वभावैले गुणात्मक तथ्याङ्क सङ्कलन गरिने हुनाले व्याख्यात्मक तथा विश्लेषणात्मक शोधविधि अपनाइएको हो । यस सन्दर्भमा सङ्कलित तथ्याङ्क र जानकारीहरूका प्रशोधन, विश्लेषण र व्याख्या गरी तिनलाई उचित तरिकाले प्रस्तुतीकरण गरिएको छ ।

## ३.१० शोधप्रबन्ध लेखन

कुनै पनि शोध अनुसन्धानको शोधप्रबन्ध लेखन यसको महत्त्वपूर्ण र अन्तिम चरण हो । शोधप्रबन्ध भनेको अनुसन्धान प्रक्रिया र त्यसको नतिजासम्बन्धी औपचारिक भनाइको रूप हो । वास्तवमा शोधपत्र वा प्रतिवेदन प्रामाणिक र विशिष्ट सूचना प्रदान गर्ने माध्यम हो । शोध प्रतिवेदनको अभावमा जतिसुकै अनुसन्धान भए पनि त्यसको अर्थ र महत्त्व रहँदैन । प्रतिवेदनलाई कृष्णस्वामीले अनुसन्धान प्रक्रिया र त्यसको नतिजासम्बन्धी जानकारी दिने औपचारिक भनाइ हो भनेका छन् । यस परिभाषाले प्रतिवेदनमा अनुसन्धानको परिचय, उद्देश्य, अनुसन्धान पद्धति, अनुसन्धानका उपलब्धी आदि महत्त्वपूर्ण कुराहरू उल्लेख गरी निष्कर्ष निकालिएको औपचारिक जानकारीको रूपमा रहने कुरा स्पष्ट हुन्छ । अर्का विद्वान R.B. Burns ले अनुसन्धान जतिसुकै मूल्यवान्, रोचक र व्यावहारिक कार्य भए पनि अनुसन्धानकर्ताले नतिजालाई सजिलैसँग व्यक्त गर्न सकेन भने आखिरमा सारा मेहनत बेकार हुन जान्छ भनेका छन् ।

शोध प्रतिवेदन तयार गर्दा विषयवस्तुको तार्किक विश्लेषण, अन्तिम रूपरेखा निर्माण, खेस्रा मस्यौदा लेखन, परिमार्जन र पुनर्लेखन, सन्दर्भग्रन्थ सूची, परिशिष्ट आदिको निर्धारण, अन्तिम मस्यौदा लेखनपछि प्रस्तुतिका लागि तयार गरिन्छ । यस शोधप्रबन्धमा शोधार्थीले अनुसन्धानको उद्देश्य प्राप्तिका लागि सङ्कलित तथ्याङ्क तथा जानकारीहरूलाई गहन रूपमा अध्ययन गरी तिनलाई प्रस्तुत, विश्लेषण र व्याख्या गर्ने कार्य गरेको छ । यो शोधप्रबन्ध गुणात्मक विधिमा आधारित छ । सुरूमा खेस्रा मस्यौदा तयार पारी यसलाई राय सुझाव र पृष्ठपोषणको लागि सम्बन्धित शोध निर्देशकलाई देखाउने कार्य गरियो । उहाँहरूको टिप्पणी पश्चात् त्यसलाई परिष्कृत गरी अन्तिम रूप दिइएको छ ।

# परिच्छेद : चार
# संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माण

यस परिच्छेदमा राप्रपाको उद्भव र विकास, राष्ट्रिय प्रजातन्त्र पार्टीको उद्देश्य तथा सिद्धान्त, राप्रपाको सङ्गठनात्मक स्वरूप, राप्रपाको केन्द्रीय सम्मेलन तथा महाधिवेशनहरू, राप्रपाका नीतिहरू, राप्रपाको विभाजन र एकीकरणको स्थिति, नेपालको वर्तमान सङ्कटप्रति राप्रपाको धारणा र राप्रपा नेताहरूमा वंशजको राजनीतिक स्थिति र राप्रपा स्थापना र विस्तार हुँदा झेल्नु परेका संघर्षहरु र घटनाक्रम बारेमा व्यापक रूपमा खोजअनुसन्धान र विश्लेषण गरी वर्णन गरिएको छ ।

## ४.१ राप्रपाको उद्भव र विकास

२०४६ सालको राजनीतिक परिवर्तनद्वारा बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि देशमा विभिन्न राजनीतिक दलहरू स्थापना भए । जनआन्दोलनको भावना र बहुदलीय प्रजातन्त्रलाई आत्मसात् गरी वि.सं. २०४७ साल जेठ १५ गते राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना भएको हो (गिरी, २०७४) । राजनीतिक दलहरूमाथि ३० वर्षदेखि रहेको प्रतिबन्ध हटेर बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि उक्त राजनीतिक परिवर्तनलाई स्वीकार गरेर खुल्ला प्रतिस्पर्धात्मक राजनीतिमा आउन चाहने पञ्चायती व्यवस्थामा रहेर काम गरेका नेता तथा कार्यकर्ताहरूको व्यापक विचार विमर्शपश्चात् राप्रपाको जन्म भएको हो । राप्रपा मुलुकमा विद्यमान सङ्कट समाधानको निमित्त वैकल्पिक विचार, नीति र मार्गचित्र बोकेर राष्ट्रिय राजनीतिमा यसको स्थापना कालदेखि हालसम्म क्रियाशील रहेको छ । राष्ट्रियता, प्रजातन्त्र र उदारवाद यस पार्टीको मूलभूत सिद्धान्त हुन् (राप्रपा विधान, २०७३) । संवर्द्धनवादको वैचारिक दर्शनको धरातलमा उभिएर राष्ट्रियता, प्रजातन्त्र, उदारवाद, हिन्दूत्व, संवैधानिक राजसंस्था, सुदृढ स्थानीय शासन प्रणाली र खुला बजारमुखी आर्थिक नीतिको माध्यमबाट सबल र संवृद्ध नेपाल निर्माण गर्ने परिकल्पना नै राप्रपाको वैकल्पिक विचार र मार्गचित्रको मूलभूत सार हो ।

नेपालको संविधान र संवैधानिक व्यवस्थासँग सहकार्य गर्दै आफ्ना मान्यता र लक्ष्य प्राप्त गर्ने नीति राप्रपाले अवलम्वन गरेको छ (राप्रपा चुनावी घोषणापत्र, २०७४) । बहुदलीय व्यवस्थाको घोषणापछि देशमा भएको मुख्य राजनीतिक पार्टीहरूको अन्तरिम सरकारका प्रधानमन्त्री नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराई भए । राजाबाट घोषणा गरिएको २०४७ सालको संविधानमा संवैधानिक राजतन्त्र, बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था तथा जनताका हक र अधिकारहरू सुरक्षित गरिए (नेपाल अधिराज्यको संविधान, २०४७) । देशमा निर्दलीय व्यवस्थामा काम गर्दै आएका लाखौँलाख पञ्चायतकालीन कार्यकर्ताहरूले पनि बहुदलमा काम गर्न आफैं पनि नयाँ दल खोल्ने विषयमा व्यापक सरसल्लाह गर्न थाले । किनकि उनीहरू देशमा भएका राजनीतिक दलहरूमा समावेश भएर काम गर्न चाहँदैनथे । राजनीतिक र वैचारिक दृष्टिकोणबाट पनि त्यो सम्भव थिएन । पञ्चायतमा लागेका नेताहरू पनि यो व्यवस्था देशमा लागु हुनुभन्दा

पहिले विभिन्न दल, समूहमा विभाजित थिए । सबैको सल्लाहबाट नयाँ पार्टी स्थापना गर्ने भनेपछि सबै एकजुट भएर पार्टी स्थापनार्थ जुटे र उनीहरूले पार्टीको नाम, चुनाव चिह्न, झण्डा, नीति, कार्यक्रम आदि तयार गर्ने उद्देश्यका साथ राजेश्वर देवकोटाको संयोजकत्वमा एउटा तयारी समिति बनाइएको थियो । समितिका अन्य सहयोगीहरू मिलेर नयाँ पार्टी गठन गर्न दस्तावेज देवकोटाले तयार पारेका थिए (राणा, २०७४, पृ. २२९) ।

पञ्चायतकालीन नेताहरू नयाँ पार्टी खोल्ने तयारीमा पुगे । सूर्यबहादुर थापाले त्यो तयारी दस्तावेज पाएपछि त्यसैलाई केही सुधारेर भोलिपल्टै ललितपुर निवासी रवीन्द्रनाथ शर्माको घरमा पत्रकारहरू र आफ्ना मानिसहरूलाई बोलाएर बिहानै आफू अध्यक्ष बनी राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा.) नामको नयाँ पार्टी घोषणा गरे । देवकोटाले तयार पारेको पार्टी दस्तावेजमा पार्टीको नाम उही, झण्डा फरक र चुनाव चिन्ह फरक राखेर अन्य नीति र कार्यक्रम फरक पारी पार्टी खोले । त्यसले गर्दा सम्पूर्ण पञ्चहरू एउटै पार्टीको झण्डामुनि आबद्ध भई एक हुने सोचमा थापाले पानी फेरिदिए । सबै पञ्चायतकालीन नेताहरू तीन छक्क परे । अरु पञ्चहरू पनि आफूले तय गरेको मितिमा जम्मा भए र पार्टी खोल्न बाध्य भए । रा.प्र.पा.(चन्द) नामको अर्को पार्टी पनि एकै दिन स्थापना भयो । स्थापनामा नै दुई पार्टीमा विभाजित भएकोले गर्दा धेरै पञ्चहरू कुनै पार्टीमा पनि सम्मिलित नभएर तटस्थ बसे । त्यस कारण पञ्चहरूको एउटै बलियो पार्टी निर्माण गर्ने कुरामा आघात पर्न गयो । परिणामस्वरूप पञ्चहरू जुम्ल्याहा पार्टी भएर जन्मे भन्ने जस्ता पत्रपत्रिकाहरूमा व्यापक प्रचारप्रसार भयो । यसले गर्दा पञ्चहरूमा ठूलो निराशा छायो । त्यसरी एउटै नामको दुई वटा पार्टी खुल्नु पञ्चहरूका लागि ठूलो दुर्भाग्य थियो । कुनै पनि राजनीतिक व्यवस्था साध्य नभई साधनमात्र भएकोले त्यसलाई सुदृढ पार्न सशक्त राजनीतिक दलको आवश्यकता पर्दछ । उक्त आवश्यकतालाई मध्यनजर राखी पञ्चायत पृष्ठभूमिमा रहेर काम गरी सकेका भु.पू. प्रधानमन्त्रीहरू, राष्ट्रिय पञ्चायतका अध्यक्षहरू र सदस्यहरू बिच २०४७ वैशाख ५ गते प्रारम्भिक बैठक बसेको थियो (खनियाँ, २०५९, पृ. २०) ।

एक उदार र प्रजातान्त्रिक दल स्थापना गर्न १५३ जना राजनीतिक कार्यकर्ताहरूले संयुक्त रूपमा हस्ताक्षर गरी आह्वान गरेका थिए भने क्षेत्रीय रूपमा पनि ठूलो मात्रामा नेता कार्यकर्ताहरूको संयुक्त पूर्वाञ्चल भेलाले पनि यथाशक्य चाँडै दल खोल्ने बारेमा आठ वटा प्रस्तावहरू पारित गरी जनस्तरबाट समेत उत्प्रेरित गरिएको थियो । यस क्रममा मूख्य तीन वटा धारका पञ्चहरूको समूह देखिएकाले सबैलाई एकै धार र पार्टीमा समाहित गर्न विभिन्न चरणमा बैठकहरू गरिएको थियो । जसका बाबजुद् पार्टी गठन र पार्टी घोषणा गर्न विलम्ब हुन गई लामो समयसम्म प्रतीक्षा गर्नुपरेको थियो । पार्टी स्थापनामा भएको ढिलाइ र अलमलले गर्दा जिल्ला तथा गाँउस्तरका पञ्च कार्यकर्ताहरूले धैर्य गुमाई अन्य विभिन्न पार्टीमा प्रवेश गर्नाले राप्रपालाई सुरूवाती अवस्थामा नै ठूलो क्षति पुग्न गएको थियो (खनियाँ, २०५९, पृ. २०) । यदि समयमै पार्टीको गठन र स्थापना हुन सकेको भए सायद ठूलो सङ्ख्यामा नेता तथा कार्यकर्ताहरू अन्य पार्टीमा प्रवेश नगरी राप्रपामा आवद्ध हुन सक्दथे । यसबाट राप्रपा सुरूवाती समयदेखि नै एउटा सवल, सक्षम र ठूलो

पार्टीको रूपमा स्थापित हुन सक्दथ्यो । स्थापनाको तयारीका लागि बसेको बैठकहरूमा कुनै अमुक व्यक्ति नै अध्यक्ष हुनुपर्ने र कसैले उसको नेतृत्व स्वीकार नगर्ने आग्रह पूर्वाग्रहले गर्दा एउटै सिङ्गो पार्टी खोल्ने बारेमा सहमति भए पनि कसले नेतृत्व गर्ने भन्ने बारेमा विवाद केन्द्रित रहेको थियो । पञ्चायत कालदेखि नै उदार र अनुदार खेमामा पञ्चहरू समूह विभक्त थिए । दुवै पक्षको आ-आफ्नो ध्यानमा अडान राख्दा र तेस्रो पक्षको सामूहिक नेतृत्वको प्रभावबिच पनि नेतृत्व विवादले उचित निकास पाउन सकेन र आखिर २०४७ जेठ १५ गते दुवै पक्षले छुट्टाछुट्टै पत्रकार सम्मेलन गरी एकै नामका दुईवटा मुख भएको भारुण्डी चरो जस्तै जुम्ल्याह पार्टीका रूपमा राप्रपा (चन्द) र राप्रपा (थापा) नामक पार्टीहरू स्थापना हुन पुगे ।

समुन्नत, न्यायपूर्ण र गतिशील समाज निर्माण गर्न, राष्ट्रियतालाई सर्वोपरी साध्य र प्रजातन्त्रलाई अपरिहार्य आधार तथा संविधानलाई मूल साधनको रूपमा स्वीकार गर्दै राष्ट्रियता, प्रजातन्त्र र उदारवादको सैद्धान्तिक धरातलमा उभिएर निश्चित वैचारिक मूल्य, मान्यता र सिद्धान्तलाई अङ्गिकार गर्दै यो मुलुकलाई यी परिवर्तनले मात्र धान्न सक्दैन र देशलाई एउटा बलियो राष्ट्रवादी शक्ति चाहिन्छ भन्ने उद्देश्यका साथ संवैधानिक राजसंस्था सहितको बहुदलीय प्रजातन्त्रमा मौलिक पहिचान बोकेको परम्परावादी, धर्म, संस्कृति, इतिहास र परम्परालाई सम्मान गर्ने पार्टीको रूपमा राष्ट्रिय आवश्यकताको महसुस गरी राप्रपाको स्थापना भएको देखिन्छ । राप्रपाको स्थापना केवल पूर्व पञ्चहरूको अहङ्कार, आकांक्षा, तुष्टि गर्ने निर्दलीय पञ्चायतको पुनरावृत्ति गर्ने अथवा प्रतिपक्षहरूले लखेटेको हुनाले बाँच्नका लागि सङ्गठित भएको मात्र कदापि थिएन । यो त राष्ट्रियता, प्रजातन्त्र र उदारवादको सैद्धान्तिक जगमा राप्रपारूपी घरको रूपमा निर्माण भएको थियो । राप्रपा (चन्द) को २०४७ जेठ २१ गते बिहान लाल दरबारमा पार्टी अध्यक्ष लोकेन्द्रबहादुर चन्दज्यूबाट विधिवत झण्डोत्तोलन भएको थियो । उक्त अवसरमा नेता चन्दले राप्रपा (चन्द) मा नेपाली सभ्यता र परम्पराको सकरात्मक पक्षलाई लिई अघि बढ्ने र देशमा संयम, समझदारी, सद्भावना र सहनशीलताको खाँचो औंल्याउदै चरित्रवान् समाजको निर्माणमा पार्टीले सक्रिय योगदान गर्ने कुरा बताउनुभएको थियो । साथै अध्यक्ष चन्दले संविधान सुधार, सुझाव आयोगको पूर्ण सफलताको कामना, तत्कालीन मन्त्रीपरिषद्लाई पूर्ण सहयोग गर्ने वचन दिनुभएको थियो । विपक्षी दलको रूपमा शसक्त भूमिका निर्वाह गर्ने प्रतिबद्धता र राष्ट्रिय एकताको रूपमा संवैधानिक राजसंस्थाको स्वीकारोक्ति रहेको कुरासमेत बताउनुभएको थियो ।

२०४८ सालको आम निर्वाचनमा दुवै दलले अलग अलग भाग लिएका थिए । सो निर्वाचनमा कांग्रेस वामपन्थीको गठबन्धन सरकारको राज्यआतङ्कको बिचमा पनि दुवै पार्टी राष्ट्रिय मान्यता प्राप्त दलका रूपमा स्थापित हुन सके । तत्पश्चात् आम कार्यकर्ता र जनताको भावनाको कदर गर्दै वि.सं. २०४८ साल माघ २५ गते श्रीपञ्चमीका दिन दुई पार्टीको पहिलो पटक एकीकरण भएको थियो । सो अवसरमा प्रकाशित नीति वक्तव्यमा विश्वभर युगान्तकारी परिवर्तनका लहरहरू चलायमान देखिएका र नेपाली जनताले प्राप्त गरेका अधिकारहरू अविच्छिन्न अकुण्ठित र सुरक्षित राख्नको लागि एकीकरण गरिएको हो र नेपाली कांग्रेस र एमाले दुवै पार्टीहरू लक्ष्यविहीन र दिग्भ्रमित भए भनिएको थियो । इतिहासका घटना, दुर्घटनाप्रति एकीकृत

राप्रपा पूर्णतया सचेत-सजग र सतर्क रहँदै आएको छ । राप्रपाले संविधानमा उल्लेखित आधारभूत पक्षहरू माथि कहीं कतैबाट आँच पुग्ने सम्भावना देखा परेमा त्यसको संरक्षणको निमित्त स्वयं वा अन्य प्रजातान्त्रिक शक्तिहरूसँग मिलेर सङ्घर्ष गर्नसमेत तयार रहने छ । हामी एकीकृत रूपमा कटिबद्ध रही पार्टीको सैद्धान्तिक निष्ठा र मान्यतासँग सहमत हुने प्रजातान्त्रिक पार्टीहरूलाई एकीकरणमा सहभागी हुन, छलफल गर्नसमेत आह्वान गरेको थियो ।

पहिलो पटक २०४८ माघमा भएको एकीकरणपश्चात् राप्रपाले स्थानीय निकायको निर्वाचन, २०४९ र मध्यावधि निर्वाचन, २०५१ मा तेस्रो स्थान ल्याउन सफल भएको मात्र नभई केन्द्र र स्थानीय दुवै तहमा राप्रपा निर्णायक भूमिका खेल्न सक्ने स्थितिमा पुग्यो । यसै बिचमा संयुक्त सरकारमा सामेल र २ वटा संयुक्त सरकारको नेतृत्व गर्नु पर्ने राष्ट्रिय राजनैतिक परिस्थिति उत्पन्न भयो । २०५१ सालको मध्यावधि निर्वाचनमा २० स्थान हासिल गरी संसद्मा निर्णायक शक्तिको रूपमा स्थापित राप्रपालाई हिजोसम्म प्रतिगामी, पुनरुत्थानवादी र राजनीतिक रूपमा अछुत सरह मान्दै आएका नेपाली कांग्रेस र एमाले दुवैले राप्रपाप्रतिको आफ्ना धारणाहरू फेर्न बाध्य भए । समयक्रममा दुवै आन्दोलनकारी दलहरू राप्रपाका नेताद्वय लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाको नेतृत्वमा संयुक्त सरकारमा सम्मिलित भई नेतृत्व स्वीकार्न र सहकार्य गर्न समेत तयार भएका थिए । यसलाई राप्रपाले आफ्नो स्थापना कालको छोटो समयमा नै हासिल गरेको प्रमुख उपलब्धि मान्नु पर्दछ । तथापि यही सत्तासमीकरणमा उत्पन्न आन्तरिक विवादबाट २०५० को काठमाण्डौंदेखिको एकता र सुदृढीकरणको देशव्यापी रूपमा फैलिएको सन्देश २०५४ को वीरगञ्ज महाधिवेशनपछि पुनः पार्टी विभाजनको पीडालाई सहनुपऱ्यो ।

सत्तासमीकरणका कारण उत्पन्न आन्तरिक विवादबाट पार्टीमा विभाजन आएको थियो । यस अवसरलाई सदुपयोग गरेर अगाडि बढ्नुको सट्टा राप्रपाबाट निर्वाचित सांसद्हरूले पार्टीलाई आफ्नो स्वार्थमा डोऱ्याउने प्रवृत्ति देखियो । सांसद्को बहुमत अल्पमतमा नै पार्टीको आधिकारिक निकाय डोरिएर जानुपर्ने स्थिति देखिएपछि कांग्रेस र एमालेले यिनै सांसदहरूलाई र एक पटक त केन्द्रीय सदस्यहरूलाई समेत विभिन्न आर्थिक र पदीय प्रलोभनहरू देखाए । शुभेच्छुक र आम कार्यकर्ताहरूको भावनाको ठिक विपरीत जताजता ठूलो पद मिल्छ त्यही गुट र सत्तासमीकरणतर्फ केही सांसद्हरू लाग्न थाले । एमाले र कांग्रेससँगको सहकार्यले सांसद्हरूमा चरम महत्त्वाकांक्षा, पदलोलुपता, सत्तामोह देखिन थाल्यो । आखिर तल्लो स्तरका कार्यकर्ता, जिल्ला अध्यक्ष र केन्द्रीय सदस्यहरूलाई समेत वेवास्ता गरी १९ जना प्रतिनिधिसभा र ४ जना राष्ट्रियसभाका सांसद्समेत गरी २३ जना राप्रपा संसदीय दलका सदस्यमध्ये १० जना सदस्यको समूह २०५४ पुष २५ गते अलग संसदीय दलको रूपमा छुट्टियो (भण्डारी, २०५९, पृ. ८२) ।

पार्टी विभाजन भइसकेपछि 'राप्रपा किन फुट्यो ?' भन्ने एक पुस्तिका राप्रपा (चन्द) ले प्रकाशन गरेको थियो । त्यसमा विभाजन हुनुपर्ने एउटै मात्र मुख्य कारण तत्कालीन अध्यक्ष सूर्यबहादुर थापाको सम्पूर्ण काम कारबाहीहरू, राष्ट्रिय चिन्तन, राष्ट्रिय धारलाई समाप्त पार्ने भन्ने उल्लेख गरिएको थियो । जसमा पार्टी

फुट्नुका अन्य कारणहरूमा राष्ट्रियताप्रति सचेत जनमतलाई कमजोर पार्ने भूमिका, पाँच वर्ष अघि गरिएको मेलमिलाप गल्ती थियो भन्ने महसुस, नेतृत्व अङ्कुशरहित हुनु, वीरगञ्ज महाधिवेशनको प्रतिनिधि चयन र चुनावमा गरिएको स्वेच्छाचारिता, स्थानीय निकाय निर्वाचनको पराजयमा पार्टी नेतृत्व नै जिम्मेवार रहेको, सत्तासमीकरणको निर्णयलाई प्रभावित पार्न ६ जना केन्द्रीय सदस्यको निष्कासन, आफ्नो अनुकूलता ल्याउन महाधिवेशन ६ महिनापछि सार्नु, नेता चन्दलाई प्रधानमन्त्री हुनबाट रोक्ने भरमग्दुर प्रयास हुनु, लामो समयसम्म केन्द्रीय समितिको बैठक नबोलाउनु, केन्द्रीय परिषद्लाई निष्क्रिय राख्नु, राष्ट्रियसभाको निर्वाचनमा अन्तर्घात हुनु, मध्यावधि चुनावको समीक्षा प्रतिवेदन कार्यान्वयन नहुनु, संसदीय दलको नेता सर्वसम्मत रूपमा छनोट नहुनु, मध्यावधि निर्वाचनमा टिकट, साधन स्रोत र समयको विभाजनमा पक्षपात, प्रथम महाधिवेशनपछिको केन्द्रीय सदस्यको मनोनयनमा त्रय नेताको सहमति नलिइनु आदि उल्लेख गरिएका थिए । नेताहरूका व्यक्तिगत टकराव, महत्त्वकांक्षा, गुटगत स्वार्थ आदि पार्टी विभाजनका अन्य कारणहरू हुन् ।

२०५१ को मध्यावधि निर्वाचनपछि देशमा गठित कुनै पनि सरकारले स्थायित्व प्राप्त गर्न नसकेपछि प्रतिनिधिसभा विघटन गरी २०५६ वैशाख २० र जेठ ४ गते दुई चरणमा प्रतिनिधिसभा सदस्यको लागि तेस्रो पटक निर्वाचन सम्पन्न भएको थियो । २०५६ को आम निर्वाचनमा प्राप्त परिणाम र त्यसको क्षतिपश्चात् दुई राप्रपाको एकीकरण पुनः सम्पन्न भएको थियो (खनियाँ, २०५९, पृ. ११) । तथापि पूर्ण एकीकरण हुन नसकेकोले राप्रपा (राष्ट्रवादी) समूह भने अलग्गै रहेको थियो । २०५९ मंसिरमा पोखरामा सम्पन्न तेस्रो केन्द्रीय महाधिवेशनले निर्वाचन गरेको केन्द्रीय कार्यसमितिको अध्यक्षमा पशुपतिशमशेर राणा चुनिए । विधानमा भएको नयाँ व्यवस्थाअनुरूप सम्मानित केन्द्रीय सदस्यहरू सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द एवं महाधिवेशनमा पराजित अध्यक्ष पदका उम्मेदवारहरू रवीन्द्रनाथ शर्मा र डा. प्रकाशचन्द्र लोहनीलाई विशेष आमन्त्रित केन्द्रीय सदस्यमा राखिएको थियो । यसो गर्नाको मूल कारण पार्टीलाई एक ढिक्का बनाएर राख्नु थियो भन्न सकिन्छ । तथापि उक्त निर्वाचित कार्य समितिको पदाधिकारी गठन प्रक्रियामा नै पार्टीभित्र असन्तोष उत्पन्न भएको थियो । सूर्यबहादुर थापाको अध्यक्षतामा गठन भएको केन्द्रीय कार्य समितिका अधिकांश पदाधिकारी जस्तै १२ वर्ष लगातार महामन्त्री रहनु भएका पशुपतिशमशेर राणाले आफ्नो ३ वर्षको कार्यकालमा नै ३ पटकसम्म पार्टीका प्रमुख पदाधिकारीहरू परिवर्तन गर्नु भएकोले उहाँको नेतृत्व क्षमता, धैर्यता, सहनशीलता माथि प्रश्न गर्न सक्ने स्पष्ट सङ्केत गर्दछ (खनियाँ, २०६३, पृ. ९) ।

२०५९ मा पोखरामा सम्पन्न तेस्रो महाधिवेशनमा तत्कालीन अध्यक्ष सूर्यबहादुर थापाले विधानमा भएको बाध्यात्मक व्यवस्थाले गर्दा नेतृत्व दोस्रो पुस्तामा हस्तान्तरण गरेको भए पनि पार्टी नेतृत्वमा बस्ने चाहना विद्यमान रहेकाले राप्रपाबाट अलग भइ राष्ट्रिय जनशक्ति पार्टी वि.स. २०६१ फाल्गुण ३० गतेका दिन गठन गर्नुभएको थियो । अर्कोतर्फ पार्टी नेतृत्व पशुपतिशमशेर राणामा रहेको हुकुमी शैली, कार्यक्रमको शून्यता, र चरम गुटबन्दी आदिका कारणले पार्टी वैचारिक रूपमा अगाडि बढ्न सकेको थिएन (राप्रपा के.का., २०६२, पृ. १५) । त्यसैले २०६२ पुष २६ र २७ गते विशेष महाधिवेशनबाट अध्यक्ष पशुपतिशमशेर

राणालाई अविश्वासको प्रस्तावबाट दुई तिहाई बहुमतले हटाई कमल थापालाई अध्यक्ष चुन्ने काम भएको थियो । पछि निर्वाचन आयोगले पशुपतिशमशेर राणाले नेतृत्व गरेको पार्टी राप्रपा र कमल थापाद्वारा नेतृत्त्व गरेको पार्टीलाई राप्रपा, नेपाल नामक अलग अलग दलको रूपमा मान्यता दिएको थियो । जसको अध्यक्ष २०६३ साल कार्त्तिक ११ गतेका दिन रवीन्द्रनाथ शर्मा भएका थिए । जनताको सर्वोच्चताप्रतिको निष्ठा, बहुदलीय प्रजातान्त्रिक प्रतिस्पर्धामा रहेको विश्वास एवं सहमति र संवाद द्वन्द्व समाधानको सर्वोत्कृष्ट बाटो हो भन्ने पार्टीको अटल मान्यताको परिणाम स्वरूप राप्रपा नेपालले नयाँ परिवर्तनलाई आत्मसात् गरी अघि बढ्ने निर्णय गरेको थियो ।

मुलुकमा विकसित भएको तत्कालीन परिवर्तित परिस्थितिलाई अवसरको रूपमा ग्रहण गर्दै दिगो शान्तिको स्थापना, प्रजातन्त्रको सुदृढीकरण एवं राष्ट्रको आधुनिकीकरण र जनताको हित र संवृद्धिको लागि आउँदा दिनहरूमा सकरात्मक ढङ्गले क्रियाशील रहने भन्ने कुराको उल्लेख राप्रपा, नेपालले गरेको पाइन्छ (मेचीकाली मासिक, २०६३, पृ. ८) । प्रतिनिधिसभा घोषणा २०६३ लाई प्रतिनिधिसभामा प्रतिनिधित्व भएका राप्रपा र राजपाले पूर्ण समर्थन जनाएका थिए तर शान्तिवार्ता लगायत महत्त्वपूर्ण सवालहरूमा हुने प्रक्रियालाई आफूहरूलाई संलग्न नगराइनुलाई भने आठदल पूर्वाग्रहले प्रेरित भएको भनी असन्तुष्टि ती दलहरूले अभिव्यक्त गरेका थिए । २०६३ साल कार्त्तिक २२ गते सातदल र माओवादी बिचमा सम्पन्न समझदारीको प्रस्तावनामा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था गरिएको व्यहोराप्रति राप्रपा, नेपालले पनि स्वागत गरेको थियो तर राजतन्त्रको सन्दर्भमा समझदारीले गरेको व्यवस्थाप्रति भने राप्रपा, नेपालले गम्भीर असहमति जनाएको थियो । तत्कालीन अवस्थामा माओवादी मिलिशिया व्यवस्थापनबारे समेत समझदारीले ठोस व्यवस्था गर्न नसक्नाले संविधानसभाको निर्वाचन शान्तिपूर्ण, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न हुने कुरामा भने ती पार्टीहरूको मतभेद रहेको थियो ।

यस्तै जनताद्वारा निर्वाचित, पुनर्स्थापित प्रतिनिधिसभामा केही सांसद्हरूलाई राजनीतिक पूर्वाग्रहको आधारमा व्यवस्थापिकाबाट वञ्चित गरिएको थियो । उक्त समझदारीले सात राजनीतिक दल र माओवादीबाहेक जनसङ्ख्याको एक ठूलो हिस्सा ओगट्ने विचार र प्रतिनिधित्वमा पूर्ण उपेक्षा गरेको छ, भन्दै सो कुराको राप्रपा नेपालले घोर भर्त्सना गरेको थियो (राप्रपा नेपाल के.का., २०६३, पृ. ६) । त्यस बेलामा सिङ्गो राप्रपा विभाजित भएर राप्रपा, राप्रपा नेपाल, राप्रपा राष्ट्रवादी र राजपा गरी ४ चिरामा विभाजित थिए । नेपाली जनताले संविधानसभाका माध्यमबाट संविधान खोजे, संविधानसभाको चुनाव भयो । संविधानसभाको पहिलो चुनावमा फुटेर लडेको राप्रपाले कुनै पनि सिट प्राप्त गर्न सकेन तर समानुपातिक निर्वाचनबाट भने राप्रपाले (८), राप्रपा नेपालले (४) र राजपा सूर्यबहादुर थापाले नेतृत्व गरेको पार्टीले (३) स्थानमा विजय प्राप्त गर्‍यो । यो लज्जास्पद हारको परिणाम सहन गर्न राप्रपालाई निकै गाह्रो भयो र फेरि राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय जनशक्ति पार्टी एकताको पहल गरी पार्टीको पाँचौं महाधिवेशन सम्पन्न भएको थियो । सो महाधिवेशनबाट सूर्यबहादुर थापाको अध्यक्षतामा पार्टी एकीकरण गरियो भने राप्रपा नेपाल

तत्कालीन अवस्थासम्म पनि अलग अस्तित्वमा रहिरह्यो । राप्रपा नेपाल संविधानसभामा २५ सिट प्राप्त चौँथौ ठूलो दलको रूपमा स्थापित भयो । एकीकरणपश्चात् बनेको राप्रपा संविधानसभाका १३ सिट प्राप्त गरी संविधानसभाको छैटौँ ठूलो दलको रूपमा रह्यो तर यी दुवै पार्टीमा आपसी गुटबन्दी र विभाजनको ठूलो समस्या खडा रह्यो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको २०७० जेठ ३, ४ र ५ मा सम्पन्न पाँचौं ऐतिहासिक महाधिवेशनमा पार्टीको नेतृत्व शीर्ष चार नेताले चक्रीय प्रणालीअन्तर्गत गर्ने र पालै-पालो एकएक वर्ष अध्यक्षको जिम्मेवारी वहन गर्ने सहमति भएको थियो (राप्रपा-राजपा कार्यपत्र, २०७०) । सो सहमतिअनुरूप नेता सूर्यबहादुर थापाले आफ्नो कार्यकालपश्चात् सहमति पालना नगरेको र नेता लोकेन्द्रबहादुर चन्दको ठाउँमा पशुपतिशमशेर राणालाई केन्द्रीय समितिको निर्णयबाट अध्यक्षको पदमा सहवरण गरेकाले नेता चन्द र राप्रपा अध्यक्ष पशुपतिशमशेर राणा बिच वैधानिकताको मुद्धा अदालतमा पऱ्यो । उता राप्रपा नेपालमा भने कमल थापाका प्रत्यासी नेता स्व.पदमसुन्दर लावतीले नेतृत्व तानासाही भएको, संविधानसभा सदस्य मनोनित गर्दा केन्द्रीय समितिको सहमति नलिएको, साथै वैधानिक बाटो नलिई पार्टी पद्धति नमानेको, आफू खुसी मनोमानी गरेको, व्यक्तिवादी चरित्र हावी भएको र सभासद् नियुक्तिमा ठूलो आर्थिक चलखेल र अनमियता गरेको कारण आफूले अलग भेला र समूह खडा गरी राप्रपा नेपालका अध्यक्ष कमल थापालाई दवाव दिएको बताउँदै आएका थिए । पार्टी संस्थापन पक्षले भने उनी र उनका छोरा केन्द्रीय सदस्य सगुन लावती लगायत केही केन्द्रीय सदस्यहरूलाई निष्कासन गरी सकेको थियो (अन्नपूर्ण पोष्ट, २०७१, फागुन २६) । विभाजित रूपमा रहेका राप्रपाहरूलाई पुनः एकीकृत गर्ने क्रममा वि.सं. २०७३ मंसिर ६ गतेका दिन कमल थापाको नेतृत्वमा रहेको राप्रपा नेपाल र पशुपतिशमशेर ज.व.रा. नेतृत्वमा रहेको राप्रपाबिच एकता भई एकीकृत पार्टीको नाम राप्रपा राखियो । पार्टी एकीकृत हुँदा व्यवस्थापिका संसद्मा राप्रपाको सांसद् सङ्ख्या ३७ पुग्यो र चौँथो ठूलो दलको रूपमा स्थापित भयो (The Himalayan Times, 2016 Nov 29) । २०७३ फाल्गुण महिनामा भएको विशेष महाधिवेसनबाट कमल थापा नवगठित राप्रपाको अध्यक्षमा निर्वाचित भए (My Republica, 2017 Feb 20) ।

त्यसबेला राप्रपा नेपाल र राप्रपाको एकीकरण हुँदा राप्रपा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारमा सहभागी भयो । पार्टी नेतृत्वले एकता अधिवेशनमा गरेका प्रतिबद्धता विपरीत नेतृत्व व्यक्तिगत स्वार्थमा केन्द्रित भएको र अध्यक्ष थापा अवसरवादी बनेर सरकारमा सामेल भएको भन्दै चौँथो दिनमै वरिष्ठ नेता डा. लोहनीले पार्टी परित्याग गरे । त्यसपछि समस्या बढ्दै गएको थियो । चुनाव चिन्हका बारेमा पनि लोहनीले असन्तुष्टि जनाउँदै एनसेलको कर छुटसम्बन्धी अर्थमन्त्रीको मौखिक प्रस्तावलाई पार्टी अध्यक्ष थापाले समर्थन गरेर खुल्लमखुल्ला भ्रष्टाचारलाई वैधानिक बनाउन सहयोग गरेकाले पार्टीबाट अलग भएको जनाउनु भएको थियो । लोहनी पूर्वमन्त्री केशरबहादुर बिष्टसँग सहकार्य गरी वि.सं. २०७३ मंसिर १७ मा एकीकृत राप्रपा राष्ट्रवादी गठन गरी अध्यक्ष बन्नुभएको थियो (My Republica,

2017, p. 1)। स्थानीय तहको चुनावपछि राणाको समूह पनि संस्थापन राप्रपाबाट फुटेर २०७४ साउन २४ मा राप्रपा प्रजातान्त्रिक गठन गरी पशुपतिशमशेर राणा अध्यक्ष बन्नु भएको थियो (My Republica, 2017, p. 1) । फलतः त्यस बेलासम्म राप्रपा, एकीकृत राप्रपा राष्ट्रवादी र राप्रपा प्रजातान्त्रिक गरी ३ वटा राप्रपा अस्तित्वमा रहेका थिए । राप्रपा, एकीकृत राप्रपा राष्ट्रवादी र राप्रपा प्रजातान्त्रिकको नेतृत्व क्रमशः कमल थापा, डा. प्रकाशचन्द्र लोहनी र पशुपति शमशेर राणाले गरेका थिए । २०७५ साल माघ १८ गतेका दिन राप्रपा (प्रजातान्त्रिक) र राप्रपा (राष्ट्रवादी) एकीकृत भई राप्रपा (संयुक्त) गठन भएको थियो । राजधानीमा आयोजित एकता सभामा पशुपतिशमशेर राणा र प्रकाशचन्द्र लोहनी अध्यक्ष रहेका दुई राप्रपाले एकीकरण भएको घोषणा गरेका थिए ।

हिन्दूराष्ट्र र राजसंस्था सहितको लोकतन्त्रलाई वैचारिक नीतिका रूपमा अवलम्बन गर्दै संविधान कार्यान्वयनमा प्रतिबद्ध रहन दुवै पार्टी सहमत भई एकता घोषणा गरिएको नेताहरूले जनाएका थिए । एक महिनाभित्र दुवै पार्टीको विधानलाई आधार मानेर अन्तरिम विधान निर्माण गरिने सो कार्यक्रममा बताइएको थियो । एक वर्षभित्रमा एकीकृत पार्टीको महाधिवेशन गर्ने र त्यस अघि दुवै पार्टीका अध्यक्षको संयुक्त नेतृत्व प्रणालीअन्तर्गत पार्टी सञ्चालन गर्ने तयारी भएको थियो । पार्टीका महत्त्वपूर्ण निर्णय अध्यक्षद्वय राणा र लोहनी तथा पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको सहमतिमा हुने घोषणासमेत एकता सभामा गरिएको थियो । हालसालै २०७६ फाल्गुण २८ मा राप्रपा संयुक्त र राप्रपा बिच पार्टी एकीकरण भई हाल सिङ्गो राप्रपा बनेको छ । यसरी राप्रपाले यसको स्थापना कालदेखि हालसम्म धेरैचोटि फुट्ने र जुट्ने नियतिलाई भोग्दै आएको देखिन्छ । जसका कारण वर्तमान अवस्थामा राप्रपा कमजोर अवस्थामा रहेको छ । राप्रपा कमजोर हुनुमा राप्रपाको नेताको क्षमता र व्यक्तित्वको कारण नभई मूल कारण जनताका घर दैलोमा गएर पार्टीको विचार सिद्धान्तका बारेमा जनचेतना फैलाउने सङ्गठन गर्ने जाँगर नभएकाले यिनीहरू कमजोर भएका छन् । यी घटनाक्रमहरूबाट पूर्व पञ्चको पार्टी भएकाले पञ्चहरूले आफूलाई जतिसुकै प्रजातन्त्रवादी भने पनि वास्तवमा यिनीहरू अवसरवादी भएको स्पष्ट देखिन्छ । २०४६ सालको परिवर्तनपश्चात् कांग्रेस र एमालेले पटकपटक यो देशको सरकारको नेतृत्व राप्रपालाई सुम्पेपछि आज राप्रपालाई प्रतिगामी, प्रतिगमनकारी र निरङ्कुश भन्न नसुहाउने भएको छ । किनकि वि.सं. २०४६ सालका परिवर्तनका मुख्य संवाहक राजनैतिक दलहरूले प्रजातन्त्रमा पनि सरकार सञ्चालनको लागि राप्रपालाई समर्थन गरेका थिए । जसको कारण राप्रपालाई वैधानिक रूपमा प्रजातन्त्रवादी मान्नु पर्ने अवस्था सृजना भएको छ । त्यसैगरी वि.सं. २०६३ को परिवर्तनपश्चात् राप्रपाले फेरि आफूलाई सफल यथास्थितिबादीको कित्ताबाट लोकतान्त्रिक पार्टीको रूपमा उभ्याउने कोसिस गऱ्यो ।

त्यसमा पनि राप्रपा सफल भयो । त्यो थियो जेष्ठ सदस्यको हैसियतले राप्रपाका अध्यक्ष स्व. सूर्यबहादुर थापाले संविधानसभाका अध्यक्ष सभामुख बनी लोकतन्त्रमा निर्वाचित नेताहरू सुशील कोइराला, शेरबहादुर देउवा, माधव नेपाल, खड्गप्रसाद ओली, पुष्पकमल दाहाल (प्रचण्ड), बाबुराम भट्टराई लगायतका

लोकतन्त्रवादी सभासद्हरूलाई आफ्नै हातले लोकतन्त्रको शपथ खुवाएर आफूलाई लोकतन्त्रिक नेता र राप्रपालाई लोकतन्त्रवादी पार्टीको रूपमा प्रमाणित गर्न सकेका थिए । वास्तवमा पूर्वपञ्चहरूले परिवर्तनलाई स्वीकार तथा आत्मसात् गर्दै आए तर यसको मूल चुरो भने अलग रहेको अनुमान गरिन्छ । यिनीहरू समयअनुसार अवसर प्राप्त गर्नका लागि बदलिएका भन्नेहरू पनि राजनैतिक वृत्तमा भेटिन्छन् । वास्तवमा राप्रपा फुट र बेमेलका कारण एउटा बलियो शक्तिको रूपमा संसद्मा स्थापित हुन सकेको छैन । यदि राप्रपा एकताबद्ध भइ उपयुक्त एजेन्डा बनाएर जनताको अगाडि जाने हो र हाम्रो धर्म, संस्कृति, इतिहास, परम्परा झल्काउने हामी सच्चा राष्ट्रवादी हौ भन्ने पहिचान लिएर अगाडि बढ्ने हो भने यो पार्टी नेपाली माटो सुहाउँदो एक आवश्यक र सफल पार्टी बन्न सक्दछ । यसका लागि आवश्यक पहल र बलियो दृढता हुन जरुरी देखिन्छ ।

## ४.२ राष्ट्रिय प्रजातन्त्र पार्टीको उद्देश्य तथा सिद्धान्त

बहुदलीय शासन व्यवस्थाको स्थापनापश्चात् नेपाल अधिराज्यको संविधान, २०४७ का मूलभूत मान्यताहरूलाई अँगाली राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना भएको हो (अधिकारी, २०५५, पृ. ४९) । दुई भिन्न सङ्गठनका रूपमा राप्रपाको स्थापना भएको हुनाले स्थापना कालमा ती सङ्गठनहरूको उद्देश्यमा पनि सामान्य भिन्नता रहेको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) स्थापनाको उद्देश्य संवैधानिक राजतन्त्र, बहुदलीय राजनीतिक व्यवस्था, मानव अधिकारपूर्ण समाजको विकास र सबै क्षेत्र, जाति र वर्गको सर्वाङ्गीण विकास गर्दै जाने आधारमा सार्वभौम राष्ट्र नेपाललाई सदा सुदृढ र सम्बृद्ध बनाउने थियो (अधिकारी, २०५५, पृ. ३०) भने राप्रपा (थापा) को लक्ष्य मानव अधिकारको निर्वाध अवलम्बन हुन सक्ने वातावरण र परिस्थिति सृजना गर्नु तथा बहुदलीय राजनीतिक पद्धतिलाई अझ विकसित गर्दै लगेर व्यक्तिका मानवोचित, राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि सबै स्वतन्त्र एवं अधिकारहरू अकुण्ठित रूपमा उपयोग गर्न पाउने कानुनी राज्यको स्थापना गर्नु थियो (अधिकारी, २०५५) ।

राप्रपा (थापा) ले संयुक्त राष्ट्रसंघको घोषणापत्रमा उल्लेखित सिद्धान्त तथा शान्तिपूर्ण सहअस्तित्व तथा असंलग्नताको सिद्धान्तलाई परराष्ट्र नीतिको मूल आधार मानी सोही आधारमा विश्वका विभिन्न मुलुकहरू खासगरी छिमेकी राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने लक्ष्य राखेको थियो । जनताको वलिदान र सङ्घर्षबाट उपलव्ध बहुदलीय प्रजातन्त्रका साथै जनअधिकारलाई सुरक्षित र सुदृढ गर्दै लग्ने कार्यमा कुनै प्रकारको आँच ल्याउने षड्यन्त्र कतैबाट भएमा त्यस विरुद्ध सङ्घर्ष गर्ने दृढता पनि यस पार्टीले गरेको थियो (गोरखापत्र, २०४७ जेठ १६ र अधिकारी, २०५५, पृ. ३०) । २०४८ साल माघ २५ गते आम कार्यकर्ता र जनभावनाको कदर गर्दै दुई पार्टी एक हुन पुगे । पार्टीको एकीकरणपश्चात् भने उद्देश्य पनि एक हुन गयो । २०४८ सालमा पहिलो पटक पार्टी एकीकरण भएपछि यो पार्टीको उद्देश्यमा संवैधानिक राजतन्त्र, जनतामा निहित सार्वभौमसत्ता, संसदीय व्यवस्था एवं बहुदलीय प्रजातन्त्रप्रति प्रतिबद्ध रही उदार प्रजातान्त्रिक एवं मानव अधिकारयुक्त समाजको स्थापना गर्न, सबै क्षेत्र, जाति, जनजाति र वर्गको सर्वाङ्गिण र सन्तुलित

विकासद्वारा नेपाल अधिराज्यलाई समुन्नत, सुदृढ र समृद्ध तुल्याउनु, नेपालको राष्ट्रिय हकहितको संरक्षण, संवर्द्धन गर्दै प्रजातन्त्रिक संरचनाभित्र राष्ट्रियताको आधारलाई व्यापक तथा सुदृढ तुल्याउनु, उदार प्रतिस्पर्धात्मक खुल्ला अर्थव्यवस्थाको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र र आत्मनिर्भर गराउन देशका गरिब र पिछडिएका वर्गको आर्थिक र सामाजिक उन्नतिमा टेवा दिन तथा सामाजिक प्रतिफल उच्च रहेका क्षेत्रमा राज्यको संलग्नता र नेतृत्वलाई अगाडि बढाउनु र संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालन गर्नु रहेको थियो (राप्रपा विधान, २०४८ परिच्छेद २ दफा ७) । त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीको विधान, २०७३ मा निम्न उद्देश्यहरू उल्लेख गरिएका छन् ।

(क) उदार, प्रजातान्त्रिक एवं शोषणरहित समाजको स्थापना गर्नु,

(ख) सबै क्षेत्र, जाति, जनजाति र वर्गको सर्वाङ्गीण र सन्तुलित विकासद्वारा नेपाललाई समुन्नत, सुदृढ र संवृद्ध तुल्याउनु,

(ग) नेपालको राष्ट्रिय हक-हितको संरक्षण र सम्बर्द्धन गर्दै प्रजातान्त्रिक संरचनाभित्र राष्ट्रियताको आधारलाई व्यापक तथा सुदृढ तुल्याउनु,

(घ) उदार प्रतिस्पर्धात्मक खुल्ला अर्थव्यवस्थाको माध्यमबाट देशमा दिगो विकास एवं गरिब र पिछडिएका वर्गको आर्थिक र सामाजिक उन्नतिमा टेवा पुऱ्याउनु,

(ङ) नेपालको परम्परागत धर्म, संस्कृति, राष्ट्रिय सम्पदा र इतिहासको रक्षा गर्नु,

(च) संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, मानव अधिकारका विश्वव्यापी मान्यताप्रति प्रतिबद्ध रहनु,

(छ) समावेशी, समानुपातिक र समतामूलक राज्य र समाजको स्थापना गर्नु, तथा अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीतिको सञ्चालन गर्नु । (राप्रपा विधान, २०७३ परिच्छेद २ दफा ५) ।

यसरी प्रत्येक नेपाली जनताको आधारभूत मानव अधिकार सुरक्षित गरी समानता र स्वतन्त्रताको आधारलाई व्यापक र सुदृढ गर्न, देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई अक्षुण्ण राख्न, देशको सम्मान बढाउन, देशलाई सबल र समुन्नत तुल्याउन, देशको संविधानप्रति प्रतिबद्ध रही संविधान र संवैधानिक व्यवस्थासँग सहकार्य गर्न, संविधान र प्रचलित कानुनको परिधिभित्र रही सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रता सहितको सनातन हिन्दूराष्ट्र एवं राजसंस्था सहितको लोकतन्त्रको मान्यता अभिवृद्धि गर्न, र स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्थाद्वारा कानुनी राज्यको अवधारणालाई साकार पार्न राप्रपा कटिबद्ध रहेको कुरालाई सहजै बुझ्न सकिन्छ । २०४६ को आन्दोलनका उपलब्धीहरूलाई संस्थागत रूपमा सुरक्षित गर्न राजा वीरेन्द्रबाट २०४७ साल कार्तिक २३ गते घोषणा भएको नेपाल अधिराज्यको संविधानका अपरिवर्तनीय विशेषताहरू संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, बहुदलीय शासन प्रणाली, स्वतन्त्र

न्यायपालिका, बालिग मताधिकार तथा आधारभूत मानवाधिकार हुन् (राप्रपाको चुनावी घोषणापत्र, २०७४)। राप्रपाका अधिकांस नेता तथा कार्यकर्ताहरू पञ्चायत पृष्ठभूमिबाट आएका भए तापनि बहुदलीय प्रजातन्त्र र वर्तमान लोकतन्त्रान्तिक गणतन्त्रलाई स्वीकार गरी अघि बढिरहेकोले यो दल पञ्चायतभन्दा भिन्न प्रकारको रहेको छ। यसले राष्ट्रियता, प्रजातन्त्र र उदारवाद जस्ता कुराहरूलाई वैचारिक आधारशिला वा सिद्धान्तका रूपमा अङ्गिकार गरेको छ (राप्रपाको चुनावी घोषणा पत्र, २०७४)।

## राष्ट्रियता

राज्यप्रति निष्ठाको भावना हुनु राष्ट्रवाद हो (देवकोटा, २०६५, पृ. १८)। राष्ट्रवाद र राष्ट्रिय एकताको भावनालाई राष्ट्रियता भनिन्छ। द्वितीय विश्वयुद्धताका जनतामा नवजागरणको साथ राष्ट्रवादको पनि भावना उदित हुन थालेको हो भन्न सकिन्छ। किनकि नयाँ राजनीतिक मान्यताले नेपालमा परम्परादेखि रहेको जाति धर्मको भेद र तत्कालीन शासनको परिपाटीलाई स्वीकार गरेन। नेपाल जस्तो सानो राष्ट्रलाई राष्ट्रवाद सर्वाधिक चासोको विषय बन्न पुगेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका तीन प्रमुख वैचारिक आधारशिलामध्ये राष्ट्रियताले शीर्ष स्थान ओगटेको छ। नेपालको राष्ट्रियता, स्वतन्त्रता, अखण्डता र राष्ट्रिय सम्मानको लागि राप्रपा पूर्ण प्रतिबद्ध छ। यही मूल आधारमा राज्यव्यवस्थाका हरेक पक्ष सञ्चालित हुनुपर्दछ भन्ने दृढ धारणा राप्रपाले राख्दै आएको छ (राप्रपा प्रचार समिति, २०५०, पृ. ३६)। राष्ट्रियता राप्रपाको आत्मा हो (राप्रपाको चुनावी घोषणा पत्र, २०७४)। अनेक सानासाना राज्यहरूमा विभाजित र एकीकृत नेपालले दुवै अवस्थामा सदासर्वदा आफ्नो स्वतन्त्र र अलग अस्तित्व, पहिचान र विशिष्टता जोगाइराखेको छ। यस्तो गौरवशाली ऐतिहासिक परम्परा कायम राख्नु र यसलाई सुदृढ गर्दै लैजानु प्रत्येक नेपालीको जिम्मेवारी र चुनौती दुवै हो। राज्यसत्ताको विकासको साथसाथै राष्ट्रवादको उदय पनि स्वभाविक रूपमा अगाडि बढ्छ जसको उदाहरण स्वरूप दक्षिणतर्फ सशक्त रूपमा स्थापित ब्रिटिश साम्राज्यबाट जोगाउन पृथ्वीनारायण शाहको एकीकृत नेपाल बनाउने अभियानलाई पनि लिन सकिन्छ।

दुई विशाल आर्थिक एवं आणविक शक्ति सम्पन्न मुलुकहरू भारत र चीनको बिचमा अवस्थित विशिष्ट भूराजनीतिक अवस्थितिले पनि नेपालको राष्ट्रिय एकता, स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताको रक्षाको बारेमा प्रत्येक नेपाली सचेत रहनु आवश्यक छ। दुई भिन्न राजनीतिक प्रणाली अपनाएका राष्ट्रहरूबिच रहेको नेपालको आफ्नो राष्ट्रिय अस्मिता जोगाई सबलता र समुन्नतितर्फ अगाडि बढ्ने चुनौतीपूर्ण कार्य राष्ट्रिय हित र स्वार्थप्रतिको विशुद्ध प्रतिबद्धताबाट मात्र पूरा हुन सक्दछ (थापा, २०५४, पृ. २)। राष्ट्र र राष्ट्रवासीउपर केन्द्रित राजनीति आजको आवश्यकता हो। हाम्रा वीर पूर्खाहरूको रगत, पसिना र बुद्धि विवेकबाट आर्जित स्वतन्त्र नेपाललाई अझ सबल र समुन्नत बनाई भावी पिढीलाई सुम्पन चाहने सङ्कल्प नै राप्रपाको राष्ट्रियता हो। विशेष गरेर राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको रक्षा, संवैधानिक राजतन्त्रको मर्यादा, भाषा, संस्कृति र सनातन धर्मप्रतिको प्रतिबद्धता, स्वतन्त्र एवं आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण, श्रम, स्वामित्व र लाभका शृङ्खलाको स्थापना, खुल्ला सीमाना र जनसङ्ख्याको चापलाई

नियन्त्रण, असंलग्नता र शान्तिप्रतिको चाहना, राष्ट्रिय स्रोत र सम्पदाको संरक्षण आदि आधारहरूको संरक्षण, सम्बर्द्धन एवं पुनर्स्थापनामा नै राप्रपाको राष्ट्रवाद र राष्ट्रियताको मर्म हो भन्न सकिन्छ । राष्ट्रियताको मूल तत्त्व जनता नै हुन् । जनताको अभावमा राष्ट्रको कल्पना गर्न सकिन्न । प्रजातन्त्रमा जनता सार्वभौम हुने हुँदा बलिया हुन्छन् भन्ने राप्रपाको मान्यता रहँदै आएको छ । प्रजातान्त्रिक राष्ट्रवादमा जनता, प्रजातन्त्र र राष्ट्रियता आधारभूत र अनिवार्य तत्त्वका रूपमा रहन्छन् । समष्टिमा प्रजातान्त्रिक राष्ट्रवादले नै राप्रपाको राष्ट्रियताप्रतिको दृष्टिकोण स्पष्ट पार्दछ भन्ने राप्रपाको मान्यता रहँदै आएको छ (राप्रपा के.का., २०५५, पृ. ६) ।

## प्रजातन्त्र

जनताबाट छानिएर आएका जनताका प्रतिनिधिले शासन गर्ने व्यवस्थालाई प्रजातन्त्र भनिन्छ । जुन व्यवस्थामा जनता वास्तविक मालिक र शासक जनताका सेवक हुन्छन् । राप्रपाले २०४६ को राजनीतिक परिवर्तनलाई युगान्तकारी परिवर्तनको मूल्याङ्कन गर्दै परिवर्तनका उपलब्धीहरूलाई जगेर्ना गरेर प्रजातन्त्रलाई नेपाली जनताको जीवनशैलीको रूपमा विकसित गर्न कटिबद्धता दर्शाएको देखिन्छ । प्रजातन्त्र केवल सिद्धान्त मात्र होइन मूलतः यो जीवन पद्धति र संस्कार हो । यसर्थ यसको व्यावहारिक प्रयोग जनताको हित र समुन्नतिका लागि हुनुपर्दछ भन्ने मान्यता राख्ने राप्रपाले प्रजातन्त्रको प्रतिफल प्रत्येक व्यक्ति व्यक्तिले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नका निम्ति निरन्तर सङ्घर्ष गर्दै आएको छ । राप्रपाले प्रजातन्त्रलाई स्वीकार गरेको छ (राप्रपा के.का., २०५५) । विश्वमा विद्यमान राजनीतिक प्रणालीहरूमध्ये प्रजातन्त्रलाई सर्वोत्कृष्ट प्रणाली स्वीकार गरेको छ । प्रत्येक व्यक्तिले आफ्नो आत्मोन्नति गर्न सक्ने अवस्थाको सिर्जना प्रजातन्त्रको पहिलो सर्त हो । राप्रपाले प्रजातन्त्रलाई नागरिक र जनताको सुन्दर उपहारको रूपमा लिएको छ । विगतको घटनाक्रमलाई हेर्दा राप्रपाले उठाउँदै आएको एजेण्डा राजा सहितको प्रजातन्त्रको औचित्य अझ पुष्टि भइरहेको देखिन्छ । नेपालको भू-राजनैतिक स्थिति, धार्मिक सामाजिक परिवेश एवं वर्तमान राजनैतिक अवस्थाको पृष्ठभूमिमा राजा सहितको प्रजातन्त्रको सान्दर्भिकता बढेको राप्रपा ठान्दछ । प्रजातन्त्रमा सार्वभौमसत्ता जनतामा निहित रहने, देशको शासन जनताको प्रतिनिधिहरूले गर्ने र जनता नै वास्तविक मालिक हुने भएकाले राप्रपा प्रजातन्त्रमा पूर्ण विश्वास गर्दछ । आजको विश्वमा प्रजातन्त्र राष्ट्रिय यथार्थता बनेको कारण प्रजातान्त्रिक मुलुक र शासन व्यवस्था कै कारण देशको बिकास र समृद्धि हासिल हुनेमा राप्रपा पूर्ण सहमत छ (राप्रपा के.का., २०५५) ।

## उदारवाद

व्यक्ति स्वतन्त्रता अर्थात मानवले स्वतन्त्रतापूर्वक आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर पाउनु उदारवाद हो । उदारवादले प्रतिस्पर्धालाई सम्मान गर्दछ । मध्ययुगमा व्यक्ति स्वतन्त्र थिएन, समाजका मानिसहरू सबै समान मानिन्थे । परम्परादेखि स्थापित भएको प्रतिष्ठाले को मान्छे ठूलो को मान्छे सानो भन्ने जानिन्थ्यो र राजकीय अधिकार र दर्जा एवं सम्पति जो जोसित हुन्थ्यो, ती उत्तम श्रेणीका मानिन्थे । समानताको भावना

थिएन । निम्नस्तरको मानिएको व्यक्ति आफ्नो क्षमता र योग्यता देखाउन पाउन्नथ्यो । अर्थात त्यस्तो अवसर नै उसलाई प्राप्त हुन्नथ्यो । यद्यपि समानता र उदारवादको चर्चा एवं वकालत कुन कालमा कहाँ भएको भन्ने एकिन छैन तर वास्तवमा समानताको निम्ति भएको सङ्घर्ष र क्रान्तिहरूले नै उदारवादको स्थापना भएको मान्न सकिन्छ (देवकोटा, २०६५, पृ. १९) । राप्रपाले उदारवादलाई आफ्नो आर्थिक दर्शनको रूपमा स्वीकार गरेको छ । आस्थाको रूपमा अपनाएको यो सिद्धान्तको औचित्य भारतलगायत सबै देशहरूमा स्पष्ट भइसकेको छ । नेपालमा राप्रपाले प्रस्तुत गरेको उदारवादको दर्शनलाई नेकाँ र तत्कालीन नेकपा (एमाले) ले आफ्नो आर्थिक दृष्टिकोणको प्रस्तुतिमा सङ्कोचपूर्ण भए पनि स्वीकार गरेको तथ्य प्राप्त गर्ने रणनीतिको रूपमा लिएको र नेकपा एमालेले प्रजातान्त्रिक व्यवस्थाको विकल्प प्राप्त गर्न फड्को मार्ने माध्यमको रूपमा प्रस्तुत गरेका थिए । विश्व मानवसमुदायको एकाइ व्यक्तिलाई राप्रपाले अङ्गिकार गरेको प्रजातान्त्रिक उदारवादले केन्द्रविन्दु बनाएको छ । राप्रपाको उदारवादी अवधारणाले व्यक्तिमा नैसर्गिक रूपमा विद्यमान सम्पूर्ण क्षमतालाई उजागार गर्ने उपयुक्त प्रजातान्त्रिक वातावरण सिर्जना गर्न चाहन्छ । तब मात्र व्यक्तिको प्रतिभा र क्षमतालाई परिवार, समाज र राष्ट्र तथा अन्तर्राष्ट्रले समेत सदुपयोग गरेर मानव समुदायका विविध पक्षमा लाभ लिन सक्छ (राप्रपा के.का., २०५५, पृ. ६) ।

वास्तविक शक्तिको अन्तर्बोध र त्यसलाई व्यावहारिक रूपमा प्राप्त गर्न व्यक्तिले नै प्रयत्न गर्नुपर्दछ । मानिस एक चेतनशील प्राणी भएकोले राष्ट्रले उसलाई मेसिनसरह व्यवहार गरी पूर्ण नियन्त्रण, सहयोग र निर्देशन गर्नु हुँदैन तर केही हदसम्म राज्यको भूमिका र नियन्त्रण आवश्यक हुन्छ । जनतामा निहित सम्प्रभुताको वास्तविक कदर उदारवादमा मात्र हुन्छ किनभने उदारवादले रोजेको चौरमा चर्ने र समाजवाद तथा साम्यवादले खटाएको चौरमा चर्ने सिद्धान्तलाई स्वीकार गर्दै आएका छन् (राप्रपा के.का., २०५५, पृ. ६) । प्रतिनिधिमूलक राजनीतिक व्यवस्था र त्यस अन्तर्गतका संसद्हरूले व्यक्तिहरूका चाहना, इच्छा र आकांक्षाको सही प्रतिनिधित्व गरेका हुन्छन् । बहुमतको शासनले हैकमवाद नअपनाई लोक कल्याणकारी कार्यहरू गर्नुपर्दछ । जनतालाई शान्ति सुरक्षा प्रदान गर्नेलगायत असङ्गठित एवं पिछडिएका वर्ग र क्षेत्रको उत्थान र संरक्षणको निम्ति स्वास्थ्य, शिक्षा र विकास निर्माण जस्ता कुराहरूमा राज्यको भूमिका अपरिहार्य हुन्छ । राप्रपाको आर्थिक पक्ष प्रजातान्त्रिक उदारवाद हो । जनकल्याण आर्थिक विकासको साध्य हो । जनता विकासका साधन हुन् भन्ने भावना र विचार उदारवादको मर्म हो । गाँउलाई विकासको थलो बनाई आधुनिक क्षेत्रमा गतिशील औद्योगिकीकरण, वैदेशिक व्यापार विस्तार तथा अन्ततः सम्पूर्ण अर्थतन्त्रको स्थायी विकासका लागि निजी क्षेत्रको पूँजी र साधनलाई परिचालन गर्दै लैजान प्रतिस्पर्धात्मक क्षमताको आधारमा देशको अर्थव्यवस्थालाई विश्व अर्थव्यवस्थासँग आवद्ध गर्दै लैजानु पर्ने धारणा राप्रपाको देखिन्छ । ग्रामीण क्षेत्रको विकासको लागि राज्यले जीवन धान्न आवश्यक सुविधा, उत्पादनशील रोजगारी दिई उत्पादन र उत्पादकत्वमा वृद्धि र उक्त क्षेत्रमा लगानी बढाउँदै लगी आमजनताको मानवोचित आवश्यकता पूर्ति गर्न अहम् भूमिका खेल्नुपर्छ भन्ने राप्रपाको अवधारणा रहेको देखिन्छ । उदारवादका तीन प्रकारमध्ये जनतामा

आधारित उदारवाद अर्थात् आधुनिक उदारवादले परम्परागत उदारवादमा रहेका व्यक्तिको स्वतन्त्रता र राजनीतिक समानताको आकांक्षालाई स्वीकार गर्छ भने अर्कोतिर राज्य निर्देशित उदारवाद बमोजिम आर्थिक समानताको लक्ष्यलाई राज्यको निर्देशन र नेतृत्वमा मात्र जिम्मा नदिएर समाजमा गरिब र निमुखा जनताको सङ्गठनात्मक शक्ति र गतिशीलतामा भर पर्ने परिपाटीको सुरूवात गर्दछ (राप्रपा के.का., २०५५, पृ. ६) ।

## ४.३ राप्रपाको सङ्गठनात्मक स्वरूप

राप्रपाको विधान अनुसार यसको सङ्गठनात्मक स्वरूप स्थानीय स्तर, प्रदेश स्तर र केन्द्रीय स्तर गरी तीन तहमा विभाजन गरिएको छ (राप्रपा विधान, २०७३ परिच्छेद ३ दफा ८) । केन्द्रीय स्तरका निकायहरूमा केन्द्रीय महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय कार्य समिति, केन्द्रीय कार्य सम्पादन समिति र अन्य समिति र विभागहरू रहने व्यवस्था छ । प्रदेश स्तरका निकायहरूमा प्रदेश परिषद् र प्रदेश कार्य समिति रहेका छन् । स्थानीय स्तरलाई पनि जिल्ला स्तर, क्षेत्रीय स्तर, गाउँ तथा नगर स्तर र वडा स्तरमा विभाजन गरिएको छ । जिल्ला स्तरमा जिल्ला परिषद् र जिल्ला कार्य समिति, क्षेत्रीय स्तरमा क्षेत्रीय परिषद् र क्षेत्रीय कार्य समिति, गाउँ तथा नगर स्तरमा गाउँ परिषद् र गाउँ कार्यसमिति तथा नगर परिषद् र नगर कार्य समिति र वडा स्तरमा वडा परिषद् र वडा कार्य समिति गठन हुने व्यवस्था छ । राप्रपाको सङ्गठनात्मक स्वरूपलाई **परिशिष्ट-३** मा समाविष्ट गरिएको छ ।

## ४.४ राप्रपाको केन्द्रीय सम्मेलन तथा महाधिवेशनहरू

राप्रपाको विधानअनुसार केन्द्रीय महाधिवेशनलाई पार्टीको सर्वोच्च निकाय मानिन्छ । २०४७ जेठ १५ गते दुई छुट्टाछुट्टै राप्रपाको जन्म जुम्ल्याहाको रूपमा भएपछि २०४८ माघ २५ मा पार्टी एकीकरण नहुँदासम्म राप्रपा (चन्द) केन्द्रीय अधिवेशन भएको देखिँदैन । राप्रपा (थापा) ले भने २०४७ फागुन २०-२२ मा आफ्नो केन्द्रीय महाधिवेशन गरेको पाइन्छ । राप्रपा (थापा) को प्रथम केन्द्रीय महाधिवेशनमा दुई राप्रपाले संयुक्त रूपमा चुनाव लड्नु पर्नेबारे महाधिवेशनका प्रतिनिधिहरू र देशभरका कार्यकर्ताहरूको दवाव परेको थियो (खनियाँ, २०५९, पृ. ३०) । ६६ जिल्लामा जिल्ला समिति र ७ जिल्लामा सम्पर्क समिति गठन भई उक्त केन्द्रीय महाधिवेशनको आयोजना गरिएको थियो । उक्त महाधिवेशनमा विभिन्न कार्यपत्रहरू प्रस्तुत भएका थिए (**परिशिष्ट-४**) । राप्रपाको केन्द्रीय सम्मेलन तथा महाधिवेशनहरूलाई विस्तृत रूपमा तल वर्णन गरिएको छ ।

### प्रथम केन्द्रीय महाधिवेशन, २०५०

दुई राप्रपाको एकीकरण भएको १६ महिनापछि २०५० साल जेठ २९ देखि असार २ सम्म काठमाडौंमा आयोजित प्रथम केन्द्रीय महाधिवेसनको उद्घाटन दशरथ रङ्गशालामा र बन्द सत्र एवं अन्य कार्यक्रमहरू प्रज्ञाभवन कमलादीमा सम्पन्न भएको थियो (खनियाँ, २०५९, पृ. ३१) । प्रथम केन्द्रीय महाधिवेशन, २०५० मा पार्टीलाई योजनबद्ध ढङ्गबाट सङ्गठनात्मक शक्तिको अभिवृद्धि गरी पार्टीलाई सक्षम

तुल्याउन कार्यक्रमहरू प्रस्तुत गरिएको थियो । यस महाधिवेशनमा आर्थिक, राजनैतिक, जनजाति तथा तराईबासीका समस्यासंग सम्बन्धित कार्यपत्रहरू पेश भएका थिए । उक्त केन्द्रीय महाधिवेशनले सर्वसम्मत आधारमा केन्द्रीय कार्य समितिको चयनसमेत गरेको थियो । यस दौरानमा पार्टीको विधान बमोजिम अध्यक्षबाट केन्द्रीय सदस्यहरूको मनोनयन र त्यसपछि पदाधिकारी चयन पनि भएको थियो । राप्रपाको एकीकरणको बखतको सामूहिक नेतृत्वको अवधारणा अनुरूप नै विधानमा पदहरू वर्गीकरण गरी त्यसमा सर्वसम्मतिको आधारमा केन्द्रीय समितिको निर्वाचन कार्य सम्पन्न भएको थियो (खनियाँ, २०५९, पृ. ३५) । यस केन्द्रीय समितिमा १ जना अध्यक्ष, १ जना पार्टी नेता, १ जना सह-अध्यक्ष, ३ जना उपाध्यक्ष, ३ जना उप महामन्त्री, १ जना कोषाध्यक्ष र २ जना प्रवक्ता सहित ४० जना सदस्यको केन्द्रीय समिति पदाधिकारीहरू निर्वाचित भएका थिए ।

## दोस्रो केन्द्रीय महाधिवेशन, २०५४

राप्रपाको दोस्रो केन्द्रीय महाधिवेशन, २०५४ कार्त्तिक २७ गते सुरू भएर मंसिर १ गते वीरगञ्जमा सम्पन्न भएको थियो । पार्टी अध्यक्ष सूर्यबहादुर थापाले एक भव्य समारोहका बिच नारायणी रङ्गशालामा दोस्रो महाधिवेशनको उद्घाटन गर्नुभएको थियो । सबै जिल्ला, निर्वाचन क्षेत्र र नगरबाट समेत १२५० प्रतिनिधि सहभागी भएकोमा भारत, बङ्गलादेश, पाकिस्तान आदि देशका विभिन्न राजनीतिक दलका करिव ४० जना प्रतिनिधिहरू उपस्थित भएका थिए । पार्टीमा नेता त्रयको अवधारणा विद्यमान रहेकै अवस्थामा पनि पार्टी नेता लोकेन्द्रबहादुर चन्द भने उक्त केन्द्रीय महाधिवेशनमा अनुपस्थित रहेका थिए (खनियाँ, २०५९, पृ. ३६) । अध्यक्ष थापासँगको मनमुटाव र असमझदारीकै कारण उक्त महाधिवेशनमा नेता लोकेन्द्रबहादुर चन्द अनुपस्थित रहेको हुनसक्ने आँकलन गर्न सकिन्छ । आफ्नै शक्तिको आधारमा आफ्नै बहुमतको सरकार नारा रहेको यस महाधिवेशनले राप्रपालाई एकल नेतृत्वको आधारमा अघि बढ्ने अधिकार दिएको थियो । वीरगञ्जबाट निर्वाचित सांसद राजीव पराजुली सरकारमा मन्त्री थिए । साथै वीरगञ्ज नगरपालिकाका मेयर राप्रपाकै नेता विमल श्रीवास्तव थिए । उनले नगरपालिकाको मेयर जितेको अवस्थामा गरिएको यो महाधिवेशन भव्य रूपमा सम्पन्न भएको थियो ।

राप्रपाका दुई समूह बिच कडा प्रतिस्पर्धा भएको यस महाधिवेशनमा स्वयं अध्यक्ष थापा लड्ने तयारीमा जुटेका थिए । तत्कालीन राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा देशको वहालवाला प्रधानमन्त्री र राप्रपाको एकलौटीपूर्ण सरकार भएको बेला यो महाधिवेशन सम्पन्न भएको थियो । राप्रपाका सबै सांसद सदस्यहरू सरकारमा मन्त्री बनेका थिए । तत्कालीन समयमा राप्रपा राष्ट्रिय राजनीतिको मुख्य साँचोको रूपमा तेस्रो ठूलो राजनीतिक दलको हैसियत प्राप्त दल थियो । देशको प्रधानमन्त्री आफैं पार्टी अध्यक्षका उम्मेदवार थिए । उनीसँग प्रतिस्पर्धामा राप्रपाका नेता तथा तत्कालीन सहअध्यक्ष राजेश्वर देवकोटाले उम्मेदवारी दिएका थिए । कडा प्रतिस्पर्धाका बिच महाधिवेशन सम्मन्न भएको थियो । महाधिवेशनमा सूर्यबहादुर थापा विजयी भएका थिए । उनका प्रत्याशी राजेश्वर देवकोटाले निर्वाचित अध्यक्ष सूर्यबहादुर

थापालाई बधाई दिएका थिए तर त्यसको केही समयपश्चात् काठमाडौँ फर्किएपछि आफ्नो फरक धारणा राख्दै नेता राजेश्वर देवकोटाले नयाँ पार्टी राप्रपा राष्ट्रवादी गठन गरी अलग भएका थिए । वास्तवमै यो महाधिवेशन राप्रपाको ऐतिहासिक महाधिवेशन थियो । यस महाधिवेशनमा एक जना अध्यक्ष र दुई जना महिलासहित बीस जना केन्द्रीय सदस्यको लागि भएको निर्वाचनमा दुई जना अध्यक्ष, सात जना केन्द्रीय महिला सदस्य र पचहत्तर जना केन्द्रीय सदस्यका प्रत्यासीहरू थिए । यस महाधिवेसनबाट सुर्यबहादुर थापा अध्यक्ष चुनिएका थिए भने अरु २० जना केन्द्रीय सदस्यहरू निर्वाचित भएका थिए ।

### तेस्रो केन्द्रीय महाधिवेशन, २०५९

राप्रपाको तेस्रो केन्द्रीय महाधिवेशन २०५९ मंसिर २६, २७ र २८ गतेका दिन कास्कीको सुन्दर नगरी पोखरामा सम्पन्न भएको थियो । राष्ट्रिय गानप्रति सम्मान प्रकट गरेपश्चात् पार्टीको झण्डोत्तोलन पार्टीका नेता सम्माननीय प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दबाट भएको थियो । त्यसको लगत्तै पार्टी अध्यक्ष सूर्यबहादुर थापाले दियोमा बत्ती बालेर राप्रपाको तेस्रो महाधिवेशनको विधिवत् समुद्घाटन गरेका थिए । (राप्रपा दस्तावेज, २०५९) । सो उद्घाटन समारोहमा आफ्नो सारगर्भित समुद्घाटन मन्तव्य प्रकट गर्नुहुँदै अध्यक्ष सूर्यबहादुर थापाले राप्रपाको यो तेस्रो महाधिवेशन ऐतिहासिक महत्त्वको रहेको छ भन्नुभएको थियो । पहिलो यो पार्टीको वागडोर अव दोस्रो पिँढीका नेताहरूमा जाँदै छ । दोस्रो राजनीतिक रूपमा यो महाधिवेशनले राष्ट्रिय प्रजातान्त्रिक धार पक्रने हो वा प्रतिगामी धार त्यसको निर्णय गर्नेछ । तेस्रो राप्रपाले राष्ट्रिय सहमतिको कुरा धेरै अघिदेखि उठाउदै आएको छ तर अहिले देशमा विभिन्न शक्तिहरूको टकराव बढ्दै गएको देखा परेको छ । अतः यस स्थितिमा देशलाई टकरावको अवस्थाबाट बचाएर राष्ट्रिय सहमतिमा एकताबद्ध गर्न पार्टीले सशक्त भूमिका निर्वाह गर्नुपर्ने बेला आएको छ ।

यो पार्टीको जन्म वैकल्पिक प्रजातान्त्रिक पार्टी बन्ने उद्देश्यले भएको हो । अतः प्रजातन्त्रका प्रतिनिधि साथी तथा दलहरूले महसुस गर्नुपर्दछ कि हाम्रो पार्टीको जन्म प्रजातन्त्रकै कूलमा भएको हो, कुनै अर्को कुलमा भएको होइन भन्ने पार्टीको पहिचान प्रस्ट्याउँदै अध्यक्ष थापाले "जन्मकालमा यस पार्टीले हत्या, आगजानी, कुटपिट जस्ता अनेक कष्ट सहन परे तापनि राप्रपाले विगत १२ वर्षमा आफ्नो राष्ट्रिय प्रजातान्त्रिक धारलाई छाडेन र भविष्यमा कहिल्यै छाड्नेछैन" भनेर ठोकुवा गर्नु भएको थियो । पार्टी गम्भीर मोडमा उभिएको कुरा अगाडि सार्दै अध्यक्ष थापाले राप्रपाले आफ्नो राष्ट्रिय छवी स्थापित गरिसकेको र विगतको जस्तो अवस्था नभएको कुरा बताउनुभएको थियो । देशका अन्य राजनीतिक दलहरूले अग्नि परीक्षा दिइरहनु पर्ने अवस्था छैन तर राप्रपाले भने अग्नि परीक्षा दिनै पर्ने अवस्था छ र परीक्षाबाट खारिएर आफ्नो राष्ट्रिय प्रजातान्त्रिक छवीलाई अझ बढी तिखार्न यो महाधिवेशनले भूमिका खेल्नुपर्छ । वर्तमान संविधान, बहुदलीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र जनतामा निहित सार्वभौमसत्ताको पक्षमा राप्रपाले आफ्नो अडान राखेर अगाडि बढे मात्र पार्टी अग्नि परीक्षामा खरो उत्रेको प्रमाणित हुनेछ भन्ने भनाइ राख्नुभएको थियो । देशको वर्तमान अवस्थाको चित्रण गर्दै अध्यक्ष थापाले आज देश थला बस्ने अवस्थामा छ । नेपालको

इतिहासमा यस्तो जटिल अवस्था कहिल्यै आएको थिएन । यस्तो अवस्थाबाट देशलाई राजा र संवैधानिक दल दुवैले मिलेर मात्र बचाउन सक्छ तर दुर्भाग्य आज दुवै पक्ष आ-आफ्नो हठमा अडेर बसेका छन् । फलस्वरूप द्वन्द्व झन्झन् चर्केर गएको छ भन्नुभएको थियो तर यस द्वन्द्वले कसैलाई फाइदा नगर्ने हुँदा राजा र संवैधानिक दलहरूका बिच समझदारी बन्नुपर्‍यो ।

विश्वासको वातावरण बन्नुपर्‍यो अनि राष्ट्रिय सहमति कायम हुनुपर्‍यो । अब यसको कुनै विकल्प छैन । माओवादी हिंसाबारे चिन्ता प्रकट गर्दै मन्तव्यको अन्तमा उहाँले माओवादी समस्या नै आजको मुख्य समस्या हो । हामी राजधानी र जिल्ला सदरमुकामहरूमा पहराका बिचमा आनन्दले सुतौँला तर गाउँका निमुखा जनताहरूले रातभरि सुत्न सकेका छैनन् । त्रास र भयले ग्रस्त जनतालाई भयमुक्त बनाउन सर्वप्रथम माओवादी समस्या समाधान हुनुपर्‍यो । जुन राजा र संसदीय दलहरूबिच समझदारी र सहमति नभइकन यो समस्याको हल हुन सक्दैन । त्यसो भएन भने अन्त्यमा माओवादीले यी दुवैथरिलाई लतार्ने स्थिति आउँछ भन्ने अभिव्यक्ति प्रकट गरेका थिए । त्यसरी नै “सौन्दर्य नै सत्य हो, सत्य नै सौन्दर्य हो” एक कविको भनाइलाई उद्धृत गर्दै आफनो मन्तव्य प्रारम्भ गर्नुभएका पार्टी नेता एवं प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले हाम्रो मुलुक सौन्दर्यले भरिपूर्ण मुलुक हो, त्यसैले पुर्खाका पालादेखि हामी एउटा सुन्दर समाजको निर्माणमा लागिराखेका छौं भन्ने अभिव्यक्ति प्रकट गरेका थिए । देशको स्थितिको चित्रण गर्दै उनले देशका सबै राजनीतिक पार्टीहरू, नागरिक समाज, सबै जनजनले एक ठाउँमा बसेर निर्णय लिनुपर्ने बेला आएको हुँदा सबै राजनीतिक एवं सामाजिक शक्तिलाई एक ठाउँमा बस्नुपर्छ भनेर पार्टीले निर्णय गरेको छ भनेका थिए ।

प्रमुख राजनीतिक पार्टीहरूले गरेको आलोचनाको जवाफ दिँदै प्रधानमन्त्री चन्दले देशमा आज सङ्कट छ, जनप्रतिनिधि संस्थाहरू छैनन् भन्दै उहाँले यो अवस्था के मैले मात्र ल्याएको हो ? भन्ने प्रश्न गर्दै र आफ्नो दायित्वलाई स्पष्ट पार्दै उहाँले मैले मात्र नल्याएको भए पनि यस समस्याको समाधान खोज्न मभन्दा अघिकाले समस्या सिर्जना गरेका हुन् भनेर म पन्छिन सक्दिनँ भनेका थिए । त्यसकारण सङ्कटको निकास खोज्न, जनप्रतिनिधिमूलक संस्थाहरूको निर्वाचन गराउन हामी सबैले एक ठाउँमा बसी छलफल गर्नु जरुरी छ । राप्रपाका अर्का नेता एवं प्रवक्ता कमल थापाको मन्तव्य महाधिवेशनभरी सर्वाधिक प्रशंसाको विषय बन्न पुगेको थियो । परिणामस्वरूप पार्टी अधिवेशनले उहाँको मन्तव्यको क्यासेट सबै पार्टी इकाइलाई उपलब्ध गराउने प्रस्ताव पारित गरेको थियो । उल्लेखनीय, अनुकरणीय, प्रजातान्त्रिक र विवादरहित रूपमा दोस्रो पुस्तामा नेतृत्व हस्तान्तरण, उल्लासमय वातावरण, महाधिवेशन प्रतिनिधिहरूको उत्साहपूर्ण सहभागिता, स्वच्छ प्रतिस्पर्धा, केन्द्रीय समितिको पूर्ण सङ्ख्यामध्ये एक तिहाइ सङ्ख्यामा नयाँ केन्द्रीय सदस्यहरू निर्वाचित, नेताद्वयको तटस्थता, उहाँहरूको पार्टीमा सम्मानजनक स्थान, विधानमा नै स्पष्ट व्यवस्था, नेपालको समग्र वस्तुस्थितिको यथार्थ विश्लेषणमा आधारित कार्यपत्रहरू र वृहत् राष्ट्रिय सहमतिको प्रस्तावको आत्मसात् तेस्रो महाधिवेशनका प्रमुख विशेषताहरू रहेका थिए ।

## चौँथो केन्द्रीय महाधिवेशन, २०६४

चौँथो महाधिवेशन २०६४ मंसिर २३, २४ र २५ गते वीरेन्द्र अन्तर्राष्ट्रिय सभा भवन, काठमाडौँमा सम्पन्न भएको थियो (राप्रपा दस्तावेज, २०६४) । वि.सं. २०५० मा भएको महाधिवेशनदेखि २०५९ सालसम्म श्री सूर्यबहादुर थापाले राप्रपाको नेतृत्व गर्नुभएको थियो भने त्यसपछि पशुपतिशमशेर ज.ब.रा. ले यस पार्टीको नेतृत्व गर्दै आउनुभएको थियो । राप्रपाको चौँथो महाधिवेशन सम्पन्न गर्नको लागि अध्यक्ष पशुपतिशमशेर ज.ब.रा.को नेतृत्वमा ५२ सदस्यीय मूल आयोजक समिति गठन भएको थियो । त्यसैगरी पार्टीको नेतृत्व चयनको लागि भोलामानसिंह थापाको नेतृत्वमा एक केन्द्रीय निर्वाचन समितिसमेत गठन भएको थियो (राप्रपा दस्तावेज, २०६४) । पार्टीको यस महाधिवेशनले श्री पशुपतिशमशेर ज.ब.रा.लाई पार्टीको अध्यक्ष पदमा निर्विरोध निर्वाचित गरेको थियो । उद्घाटनको दिन मंसिर २३ गते बिहानैदेखि महाधिवेशन हल अगाडि पार्टीका कार्यकर्ताहरू महाधिवेशन प्रतिनिधि र केन्द्रीय पार्षदहरूको उपस्थिति भव्य थियो । एमालेका नेता भरतमोहन अधिकारी, मालेका नेता सी.पी. मैनाली, नेपाली कांग्रेसका उपसभापति गोपालमान श्रेष्ठ, एकीकृत माओवादीका तर्फबाट कृष्णबहादुर महरा उपस्थित रहेका थिए ।

यसरी नै विदेशी पाहुनाहरू, अनमिनका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो । राष्ट्रिय जनशक्ति पार्टीका तर्फबाट अध्यक्ष सूर्यबहादुर थापा उपस्थित थिए । पार्टी अध्यक्ष पशुपतिशमशेर ज.ब.रा. ले दीप प्रज्वलन गरी पार्टीको चौँथो महाधिवेशनको उद्घाटन गर्नुभएको थियो (राप्रपा दस्तावेज, २०६४) । त्यसपछि महामन्त्री दीपक बोहराले समसामयिक विषयमा प्रकाश पार्दै बोल्नुभएको थियो । राप्रपाका उपाध्यक्ष जोगमेहर श्रेष्ठले "राष्ट्र बाँचे नेपाली बाँच्छन्, चाँडो भन्दा चाँडो संविधानसभाको चुनाव हुनुपर्छ" भनी आफ्नो मन्तव्य टुङ्ग्याउनुभएको थियो । मालेका केन्द्रीय अध्यक्ष सी.पी. मैनालीले बोल्दै राप्रपाको चौँथो महाधिवेशन सु-सम्पन्न होस् भनी शुभकामना दिनुभएको थियो । त्यसपछि माओवादीका नेता कृष्णबहादुर महराले शुभकामना दिने सिलसिलामा "६ दशकदेखि स्वतन्त्रताको आन्दोलन यस देशमा चलेको हो तर अहिले आएर नेपाली जनता पूर्णस्वतन्त्र भएका छन् र नयाँ नेपालको निर्माणमा आज सबै संलग्न हुनुपरेको छ" भन्ने विचार व्यक्त गरी महाधिवेशनको सफलताको कामना गरेका थिए । एमालेका नेता भरतमोहन अधिकारीले महाधिवेशनको सफलताको शुभकामना दिनुभएको थियो ।

आफ्नो भाषणको क्रममा उहाँले राप्रपा पनि प्रजातान्त्रिक मूल्य र मान्यतालाई आत्मसात् गर्दै अघि बढेको पार्टी हो भन्नुभएको थियो । नेपाली कांग्रेसका उपसभापति गोपालमान श्रेष्ठले सात पार्टी र जनता मिलेर २०६२/०६३ को जन आन्दोलन सफल पार्‍यौँ भन्दै राप्रपाको चौँथो महाधिवेशनको सफलताको कामना गर्नुभएको थियो (राप्रपा दस्तावेज, २०६४) । राप्रपाका नेता तथा पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सायरीबाट आफ्नो मन्तव्य प्रारम्भ गर्दै भन्नुभयो "आज देश कठिन अवस्थाबाट गुज्रिरहेको छ, संविधानसभाको निर्वाचन पनि हुन सकिरहेको छैन । यस अवस्थामा चाँडोभन्दा चाँडो संविधानसभाको निर्वाचन गराइनुपर्दछ ।" राजपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाले सम्बोधन गर्दै "तपाईंहरू कठिन राजनैतिक

परिवेशमा भेला हुनुभएको छ । देशमा शान्तिसुरक्षाको अवस्था नाजुक छ । संविधानसभा चुनावको मिति तोकिन्छ, सारिन्छ, यो ठिक भएन" भन्दै महाधिवेशनको सफलताको कामना गरेका थिए । राप्रपाका केन्द्रीय अध्यक्ष पशुपतिशमशेर ज.व.रा.ले महाधिवेशनको उद्घाटनको प्रसङ्गमा आमन्त्रितहरूलाई स्वागत गर्दै यस महाधिवेशनलाई सफल गराउनुहोस् भन्नुभयो । यो देश मेरो पनि हो, यसको सञ्चालनमा मेरो पनि हात छ भन्ने कुरा तपाइँहरूले पनि महसुस गर्नुहोस् । टड्कारो रूपमा संविधानसभाको आवश्यकताको महसुस नेपाली जनताले गरिरहेका छन् । त्यसकारण संविधानसभाको निर्वाचन यथाशक्य चाँडो हुनैपर्छ । उनले दुर्भाग्यवश यस बिचमा पार्टी फुटेको छ, मिल्नुपर्छ भन्ने दवाब आइरहेको छ, मिल्नुपर्छ भन्ने पक्षमा म पनि छु, यो महाधिवेशनबाट पार्टी मिलाउन सक्ने अधिकार तपाइँहरूले दिनुहोस् । राजपाका अध्यक्ष यहीँ हुनुहुन्छ ।

पार्टी मिलाउन म कुनै कसर बाँकी राख्ने छैन । फुटेको पार्टी मिलाउन मात्र होइन, प्रजातान्त्रिक मूल्य र मान्यता आत्मसात् गरेका पार्टीहरू एकै ढिक्का हुनुपर्छ भन्ने मेरो दृष्टिकोण हो भन्नुभएको थियो । महाधिवेशनमा आउने प्रतिनिधिहरूका उत्साहजनक सहभागिता, पार्टीको के. अध्यक्ष सर्वसम्मत रूपबाट निर्विरोध निर्वाचित हुनु, के.स.को निर्वाचन समावेशी रूपमा सन्तोषजनक प्रतिनिधित्व हुनु, वर्तमान नेपालको राजनैतिक, आर्थिक र सामाजिक अवस्थालाई विश्लेषण गरी तयार पारिएका कार्यपत्रहरू र राप्रपामा अन्य पार्टीहरूलाई पनि संयोजन गर्नुपर्ने अवस्थामा सो सम्पादनका लागि विधानमा लचकता अपनाइनु आदि चौँथो महाधिवेशनका प्रमुख विशेषताहरू रहेका थिए । राप्रपाको विधानको धारा २४ (ख) अनुसार केन्द्रीय समितिको निर्वाचन पनि गरिएको थियो । त्यसको फलस्वरूप केही महिनापछि राप्रपा नेपालका संस्थापक नेता पूर्वअध्यक्ष रवीन्द्रनाथ शर्मा, राजेश्वर देबकोटा, रोशन कार्की, तोरणबहादुर गुरुङ, भूवन पाठक, जगत गौचन लगायत केन्द्रीय समितिका ३७ जना सहित १९० कार्यकर्ताहरू राप्रपामा प्रवेश गरेका थिए । राप्रपा र राप्रपा नेपाल मिल्न भनेर गरिएको कार्यक्रममा राप्रपाका अध्यक्ष पशुपतिशमशेर राणाले राप्रपा अव पुरानो अवस्थामा पुग्ने र यो एकताको चिरागले बलियो पार्टी हुने विश्वास गर्न कार्यकर्तालाई आह्वान गरेका थिए । नेता रवीन्द्रनाथ शर्माले पार्टी भावनात्मक रूपमा मनैदेखि एक हुनुपर्ने धारणा राखेका थिए (नेपाल न्यूज, २०६५ भाद्र ५) । चौँथो केन्द्रीय महाधिवेशनबाट निर्वाचित केन्द्रीय अध्यक्ष पशुपतिशमशेर ज.व.रा.भए भने अरू ३० जना निर्वाचित र मनोनित के. सदस्यहरू बने ।

## पाँचौँ केन्द्रीय महाधिवेशन, २०७०

राप्रपाको पाँचौँ महाधिवेशन वि.सं. २०७० जेठ ३, ४ र ५ गते काठमाडौँको अमरपाली व्याङ्केट भाट्भटेनीमा सम्पन्न भएको थियो । यस महाधिवेशनले सूर्यबहादुर थापालाई सर्वसम्मत रूपमा पार्टीको अध्यक्ष चुनेको थियो । यस महाधिवेशनमा चक्रीय प्रणालीअन्तर्गत् ४ शीर्षस्थ नेताहरू आलोपालो अध्यक्ष बन्ने सहमति भएको थियो । चार शीर्ष नेताहरूमा पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा, पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, पशुपतिशमशेर ज.व.रा. र डा. प्रकाशचन्द्र लोहनी रहेका थिए । यस महाधिवेशनमा पार्टीका अध्यक्षका आकांक्षीहरू राजेश्वर देवकोटा र शेरबहादुर गुरुङ रहेका थिए । उनीहरूले उम्मेदवारी दिन

खोजेका भए तापनि उनीहरूको उम्मेदवारी दर्ता गर्न अस्वीकार गरिएको थियो । चक्रीय प्रणालीअन्तर्गत नेता राजेश्वर देवकोटा पनि अध्यक्षको रूपमा सामेल हुने सहमति बनाइए पनि नेता देवकोटाले यो पार्टी प्रजातान्त्रिक पार्टी भएकोले म निर्वाचनमा भाग लिन चाहान्छु भनेर आफ्नो मन्तव्य राखेका थिए । यस केन्द्रीय महाधिवेनबाट अध्यक्ष मण्डलसहित पदाधिकारीहरू निर्वाचित भएका थिए । अध्यक्ष मण्डलमा सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, पशुपतिशमशेर ज.व.रा. र प्रकाशचन्द्र लोहनी रहेका थिए । यसरी जम्मा निर्वाचितसङ्ख्या ७३ र केन्द्रीय कार्यसमिति सङ्ख्या १०७ जना रहेका थिए । पाँचौँ महाधिवेशन राप्रपा र राजपाको बिचमा एकताको महाधिवेशन थियो भने यो पटक एकताको मोडेल फरक ढङ्गको थियो ।

पछि महाधिवेशनसम्म आइपुग्दा सोही नाममा विधान तयार गरिएको थियो । महाधिवेशनको बन्दसत्रमा सो विधानलाई प्रस्तुत गरियो र पार्टीको नाम राष्ट्रिय शक्ति प्रजातन्त्र पार्टी राख्ने प्रस्ताव गरियो । त्यो प्रस्ताव नेता पर्शुराम खापुङ्ले गरेका थिए तर कार्यकर्ताहरूको ठूलो हल्लाखल्ला र तनावको स्थिति भएपछि महाधिवेशनको प्रतिनिधिहरूको विरोध र दवाबले फेरि पार्टीको नाम राप्रपा रहन गयो । राप्रपा र राजपाको एकीकरण घोषणामा आयोजित पत्रकार सम्मेलनमा नेता सूर्यवहादुर थापाले भनेका थिए, “प्रजातान्त्रिक शक्तिहरूबिच एकता हुनु आजको आवश्यकता हो । हामी एक भएर देशमा बलियो शक्तिको रूपमा राप्रपालाई स्थापित गर्छौं” समेत भनेका थिए । त्यसरी नै पशुपतिशमशेर राणाले पनि “राप्रपाको एकीकरण आजको आवश्यकता हो र वृहत् प्रजातान्त्रिक शक्तिहरूबिच एकता नभए गणतन्त्र संस्थागत हुन सक्दैन” भनेका थिए (नेपाल न्यूज, २०६७, माघ २६) । राप्रपाको पाँचौँ महाधिवेशनमा चक्रीय प्रणालीअन्तर्गत् नेतृत्व गर्ने सहमति भएको थियो । पहिलो अध्यक्ष सूर्यबहादुर थापा, दोस्रो अध्यक्ष लोकेन्द्रबहादुर चन्द, तेस्रो पशुपतिशमशेर जवरा र चौथो अध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले एकएक वर्षको समय पार्टी अध्यक्षको रूपमा सञ्चालन गर्ने निर्णय भए पनि सूर्यबहादुर थापाको पालो समाप्त भएपछि नेता लोकेन्द्रबहादुर चन्दलाई अध्यक्ष बनाउनुपर्ने बेला उनलाई बनाइएन । जालझेल गरी षड्यन्त्रमार्फत् पशुपतिशमशेर राणालाई तीनवटा माइन्यूटमा केन्द्रीय समितिका सदस्यहरूको हस्ताक्षर सङ्कलन गरी सहवरणबाट अध्यक्ष बनाइयो । एक अन्तर्वार्तामा लोहनीले सूर्यबहादुर थापाबाट लोकेन्द्रबहादुर चन्दमा अध्यक्ष हस्तान्तरण गर्नुपर्नेमा उनलाई षड्यन्त्रमूलक ढङ्गले नियतवस पालो नदिइकन पशुपतिशमशेर राणालाई बनाइयो, त्यो नै नेताहरूका बिचमा मुख्य असझदारीको कारण थियो भनेका थिए ।

लोहनीले पशुपतिशमशेर राणाले आफू अध्यक्षमा निर्वाचित भएपछि पार्टीलाई चुनाव जित्ने मेसिन बनाउँछु भनेर तेस्रो महाधिवेशनका बेला पोखरामा बोलेका थिए तर यत्तिका वर्ष भयो, १८ प्रतिशत मत प्राप्त गरेको पार्टी आज २ प्रतिशत मतमा सीमित छ । के हो यो ? खै वहाँको प्रतिवद्धताको परिणाम ? भनी आलोचना गरेका थिए (News 20 TV, 2015 September 9) । “निवृत भइसकेको अध्यक्ष सूर्यबहादुर थापाले कसरी केन्द्रीय समिति बोलाउन पाउनुहुन्छ ? र सहवरणबाट अध्यक्ष बन्दा किन हस्ताक्षर सङ्कलन भयो ?” भनी आफू नै वैधानिक अध्यक्ष भएको र महाधिवेशनको म्याण्डेट पनि त्यही भएकोले आफू

सूर्यबहादुर थापापछि अध्यक्षको रूपमा पार्टी कार्यालय गएको र कुर्सीमा बसी कार्यसञ्चालन गरेको जवाफ लोकेन्द्रबहादुर चन्दले दिएका थिए (लोकेन्द्र बहादुर चन्दको अन्तर्वार्तामा आधारित) । नेता लोकेन्द्रबहादुर चन्द केन्द्रीय समितिमा अल्पमतमा परेका र स्वयं आफूलाई अध्यक्ष हुँ भन्दै पार्टी कार्यालय कब्जा गरी आफ्ना आसेपासे र केही केन्द्रीय सदस्यहरूको सहयोगमा अराजक ढङ्गले स्वयं आफैँले माला लगाई अध्यक्षको जिम्मेवारीमा आफूलाई दावा गरेको भन्ने भनाई पशुपति शमशेर पक्षधरको भनाइ रहेको थियो । नेता चन्दकै भनाइअनुसार "आफू पदको लोलुप नभएको तर सत्य र न्यायका लागि लडेको हुँ" भन्ने थियो । लोकेन्द्रबहादुर चन्दलाई अध्यक्ष बन्न नदिनेमा मुख्य योजना र षड्यन्त्र नेता सूर्यबहादुर थापाले गरेका थिए ।

थापाको छोरा सुनिलबहादुर थापालाई मन्त्री बनाउने, राणा र चन्दबिचको राजनीतिक ध्रुवीकरण गराउने मुख्य योजना रहेको थियो । थापाको षड्यन्त्रको पक्षमा राणा मिलेका थिए । अध्यक्ष सूर्यबहादुर थापाले आफ्नो कार्यकाल सकिनुभन्दा केही हप्ता अगाडिमात्र सम्पूर्ण विभाग र पदाधिकारीहरूको नियुक्ति गरेका थिए । पछि पशुपति शमशेर नै वैधानिक अध्यक्ष बन्न सफल भए भने चन्द निर्वाचन आयोग हुँदै सर्वोच्च अदालतसमेत गएका थिए । नेता लोकेन्द्रबहादुर चन्दको वैधानिकताको विषयमा विवाद चलिरहेको थियो । कहिले पशुपतिशमशेर जबरालाई अल्पमतमा पारी अध्यक्ष बन्ने भन्ने तयारीका साथ योजना बनाएर आफ्नो गुटलाई बहुमत पऱ्याउन लागि परेका चन्दलाई जव तिनै सदाबहार टकराव राख्ने आफ्ना विपक्षी नेता सूर्यबहादुर थापाका छोरा सुनिलबहादुर थापाले आफ्नो समूहको सहयोग दिए । त्यसपछि राप्रपाको राजनीतिमा पशुपतिशमशेर राणा अल्पमतमा परेर र लोकेन्द्रबहादुर चन्द निर्वाचन आयोगमा बहुमत सदस्यसहित अध्यक्ष बन्ने पक्कापक्की भएपछि नेता राणाले घुडा टेक्न बाध्य भए । नेता चन्द राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाको स्वर्ग भएपछि उनका छोरा सुनिल थापाको साथ र सहयोगमा अध्यक्ष बनेका थिए । नेता चन्दले आफू अध्यक्ष भएपछि पार्टी एकीकरणको विषयलाई बढी महत्त्व दिए । उनकै कार्यकालमा पार्टी एकीकरणले मूर्तरूप लियो । राप्रपा र राप्रपा नेपाल बिच एकीकरणको विभिन्न प्रयासहरू भए भने नेता प्रकाशचन्द्र लोहनी आफू चक्रीय प्रणालीअन्तर्गत अध्यक्ष बन्ने अवसरबाट बञ्चित भए । राप्रपा एकीकरण भएर जाने कुरालाई नेता लोहनीले आपत्ति जनाएनन् भने उता आफ्नो पालामा अध्यक्ष बन्ने मौका गुमाए । त्यसपछि पार्टीभित्र अनेक खाले गुटबन्दी र षड्यन्त्रहरू हुन थाले । सूर्यबहादुर थापाले आफू अध्यक्ष भएको बेला आफ्ना छोरा सुनिल थापालाई सुशील कोइरालाको सरकारमा मन्त्री बनाएपछि राप्रपाका नेता दीपक बोहरा रुष्ट भएका थिए र उनले सूर्यबहादुर थापाको छोराप्रतिको मोहको बदला राप्रपाको संसदीय दलको चुनावमा लिने तयारी गरे ।

अध्यक्ष सूर्यबहादुर थापाले त्यो कुराको सूचना पाएपछि दीपक बोहरासँग संसदीय दलको नेताको चुनावमा लडेर हार्नुभन्दा सर्वसहमतिमा उसलाई छोड्नु उपयुक्त हुन्छ भन्ने ठानेर दीपक बोहोरालाई राप्रपा संसदीय दलको नेता सर्वसहमतिमा छाडेर आफू अध्यक्ष हुँदाहुँदै देशको ५ पटक प्रधानमन्त्री भएका व्यक्ति संसदीय दलको नेता नभई संसद्मा बस्न बाध्य पारेका थिए । पशुपति शमशेर अध्यक्ष भएपछि पार्टी चरम गुटबन्दीमा पर्नगयो र उनकै कार्यकालमा सहवरणबाट नेता लोकेन्द्रबहादुर चन्दलाई अध्यक्ष बनाउनु पर्ने

बेला नेता राणा र थापाले देशीविदेशीको उक्साहाट र आपसी गुटको प्रभावका कारण नेता चन्दलाई धोका दिए । आपसी बेमेल, सत्ता राजनीतिको षड्यन्त्र, नेतृत्वमा सदाबहार रही रहने नेताहरूका आकांक्षा आदिका कारण राप्रपा जहिले पनि विवादमा परि नै रह्यो । यसै बिचमा सूर्यबहादुर थापाको देहवासन भयो । राप्रपाले एक क्षमतावान् र चतुर संस्थापक नेता गुमायो । सूर्यबहादुर थापा स्वर्गे हुँदा उनका छोरा नेपालका बहालवाला मन्त्री थिए भने आफू संविधानसभाका सदस्य थिए । राप्रपाले सूर्यबहादुर थापाको स्वर्गारोहण भएपछि पाउने एक समानुपातिक सिटमा आफ्नो कार्यकाल भरी कसैलाई सिफारिस गरेन । यसको एउटै कारण स्वार्थ थियो ।

नेताहरूले देश भरिका कार्यकर्ताहरूबाट प्राप्त त्यो मतको अवमूल्यन गरे । पहिलो संविधानसभामा सदस्य हुने राप्रपाको कार्यकर्ताहरूको अवसर, हक र अधिकारलाई उपेक्षा गरी पूर्ण कार्यकाल त्यत्तिकै बिताए तर कसैलाई बनाउने चाहना राखेनन् । यसले के प्रमाणित गर्छ भने आफ्नो लागि मरिमेट्ने तर अरुका लागि सिन्को पनि नभाँच्ने चरित्र प्रस्तुत भएको थियो । यसै क्रममा विभाजन र फुटका कारण राप्रपा कमजोर भएको भन्ने आम जनताको भनाइ र कार्यकर्ताहरूको दवावका कारण राप्रपा एकीकरणको तयारीमा जुट्न थालिसकेको थियो । राप्रपा र राप्रपा नेपाल गरेर संसद्मा ३७ सिट प्राप्त थियो । मिल्दाको बखतसम्ममा आइपुग्दा राप्रपाले गणतन्त्रलाई स्वीकार गर्ने र हिन्दूराष्ट्र नेपाल हुनुपर्दछ भनेको थियो भने राप्रपा नेपालले राजासहितको लोकतन्त्र र धार्मिक स्वतन्त्रतासहितको सनातन हिन्दूराष्ट्र नेपालको एजेन्डा बोकेको थियो । एकताको लागि दुवै पार्टीले वार्तासमिति बनाएको थियो । राप्रपाबाट वार्तासमिति संयोजकमा बुद्धिमान तामाङ रहेका थिए भने सदस्यहरूमा दुर्गा श्रेष्ठ, ठाकुरप्रसाद शर्मा, भूवन पाठक, हेमजङ गुरुङ, रामकृष्ण भट्टराई, किरण गिरी रहेका थिए । त्यसैगरी राप्रपा नेपालको तर्फबाट संयोजक राजीव पराजुली र सदस्यहरूमा स्व. चन्द्रबहादुर गुरुङ, राजेन्द्रप्रसाद लिङ्देन, दिलनाथ गिरी, निरञ्जन थापा र मोहनकुमार श्रेष्ठ रहेका थिए । पटकपटकको वार्ता र तयारीपश्चात् अन्ततोगत्वा राप्रपाको एकीकरण गर्ने सहमति भएको थियो । नाम राप्रपा रहने, चुनाव चिन्ह महाधिवेशनले टुङ्गो लगाउने, अन्य असमझदारीहरूलाई मिलाउँदै ५०/५० प्रतिशतका दरले सबै समितिहरू सहमतिमा समायोजन गर्दै लैजाने सहमति भएको थियो ।

## छैठौँ केन्द्रीय महाधिवेशन, २०७३

राप्रपाको छैठौँ महाधिवेशन काठमाण्डौँको भृकुटीमण्डपमा सम्पन्न भएको थियो । २०७३ मंसिर ६ गतेका दिन राप्रपा र राप्रपा नेपालको पार्टी एकीकरणको सहमति र घोषणा नेसनल एकेडेमी कमलादीमा भएको थियो (राप्रपा दस्तावेज, २०७३) । सो घोषणासभामा वयोवृद्ध नेता विश्वबन्धु थापाले "हामी फुटेकै कारण देश र देशको राष्ट्रियता कमजोर भएको हो" भनेर सम्बोधन गरेका थिए । राप्रपाले राजाका विषयमा स्पष्ट नभनी गणतन्त्रलाई आत्मसात् गरेको थियो तर राप्रपा नेपालसँग एकीकरण भएपछि राप्रपा नेपालले लिइँदै आएको राजनीतिक अडानका कारण राप्रपा पनि राजा सहितको लोकतन्त्र र सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको हिन्दूराष्ट्र नेपाल हुनुपर्दछ भन्ने सहमतिपत्रमा हस्ताक्षर गरी नयाँ वैचारिक बाटोमा

प्रवेश गऱ्यो । हिन्दूराष्ट्रको बारेमा राप्रपा स्पष्ट थियो तर राजसंस्थाको बारेमा प्रस्ट थिएन । दुवै पार्टीका नेता कार्यकर्ताहरूको ठूलो उपस्थितिका बिच सम्पन्न घोषणासभाले नेपाली जनतामा नयाँ तरङ्ग ल्याएको थियो । एउटा फरक विचार बोकेको राजनीतिक विकल्प दिन सक्ने परम्परावादी र राष्ट्रवादी पार्टीको रूपमा राप्रपा उठ्ने अड्कल गरिएको थियो । एकता घोषणासभामा हस्ताक्षर भएअनुसार ३ महिनामा पार्टीको महाधिवेशन गर्ने, तलदेखि माथि केन्द्रसम्म सहमतिका आधारमा ५०/५० प्रतिशतका दरले पार्टी सङ्गठन समायोजन गर्ने र सम्पूर्ण समायोजन प्रक्रिया समाप्त भएपछि सबै निकायको अधिवेशन सम्पन्न गर्ने निर्णय भएको थियो । अध्यक्षमा सामूहिक नेतृत्वमा जाने र राष्ट्रिय अध्यक्षमा पशुपतिशमशेर राणा र अध्यक्षमा कमल थापा रहने सहमति भएको थियो ।

पार्टी सञ्चालनमा सहयोगार्थ १३ सदस्यीय शीर्ष नेताहरूको निर्देशन समिति रहने गरी बनाउने सहमतिसमेत भएको थियो । पार्टीको नाम राप्रपा रहने तथा चुनाव चिन्ह र बाँकी विवाद रहने विषयलाई महाधिवेशनले टुङ्गो लगाउने सहमति भएअनुसार ३ महिनामा महाधिवेशनका लागि सम्पूर्ण जिल्ला समायोजनपश्चात् अधिवेशन २०७३ फाल्गुण ६ मा पार्टीको अधिवेशन सम्पन्न भएको थियो । फलतः नेपालको राष्ट्रिय राजनीतिमा दुई वटा पार्टी मिलेपछि राप्रपा संसद्को चौँथो ठूलो दल बन्न पुग्यो । राप्रपाका संसदीय दलका नेतामा कमल थापा चुनिए भने उपनेता दीपक बोहोरा बने । यो पनि सहमतिकै आधारमा गरिएको थियो । करिब ३४०० महाधिवेशन प्रतिनिधिहरूको प्रत्यक्ष सहभागिताका साथ २०७३ फाल्गुण ६ गतेका दिन देशभरिका कार्यकर्ता, शुभचिन्तक, शुभेच्छुक, बुद्धिजीवीलगायत फरक पार्टीका पाहुना र विदेशीहरूका विशेष उपस्थितिका साथ महाधिवेशन काठमाडौँको भृकुटीमण्डपमा उद्घाटन समारोह भई फाल्गुण ६ देखि ११ गते समापन भएको थियो (राप्रपा दस्तावेज, २०७३) । सो कार्यक्रममा शुभकामना दिनका लागि नेकपा एमालेका तर्फबाट अध्यक्ष के.पी. शर्मा ओली, नेपाली कांग्रेसका तर्फबाट शेरबहादुर देउवा र ने.क.पा. माओवादी केन्द्रका तर्फबाट स्वयं पुष्पकमल दाहाल (प्रचण्ड) उपस्थित थिए । त्यसै गरी विभिन्न राजनीतिक दलका प्रतिनिधि, विदेशी पाहुनालगायत धर्मगुरुहरूको विशेष उपस्थितिका साथ उद्घाटन समारोह सम्पन्न भएको थियो ।

नेकपा एमालेका अध्यक्ष के.पी. शर्मा ओलीले "राप्रपा अब देशको बलियो राष्ट्रवादी पार्टीको रूपमा स्थापित हुनेछ । कति बलियो ? कति ठूलो भन्नु होला, म यो भन्न चाहन्छु कि राप्रपा अब एमालेबाहेक नेपालमा भएका अन्य सबै दलभन्दा ठुलो बन्ने सम्भावना मैले देखेको छु" भनेका थिए । शेरबहादुर देउवाले "तपाईंहरू निश्चिन्त हुनुहोस्, अब देशमा बलियो पार्टी बन्नुहुनेछ । कस्तो र कत्रो म भन्न सक्दिन, त्यो तपाईंहरूकै हातमा छ तर मेरो शुभकामना छ" भनेका थिए । पुष्पकमल दाहाल प्रचण्डले "तपाईंहरू आफू लोकतान्त्रिक अभ्यासमा आउनुभयो, आज एक हुनुभयो तपाईंहरूको यो यात्रा नेपालको लोकतन्त्र र नेपाली जनताको स्वार्थप्रति समर्पित रहोस् । तपाईंहरूलाई शुभकामना छ" भनेका थिए । पार्टीका अध्यक्ष कमल थापाले सबैलाई धन्यवाद दिँदै अब यो देशको बलियो राष्ट्रवादी प्रजातान्त्रिक शक्तिको रूपमा राप्रपालाई

उभ्याउन कसैले छेक्दैन र हामी कडा मिहेनत गर्नेछौं भनेर आफ्ना कार्यकर्ताहरूलाई सम्बोधन गरेका थिए । महाधिवेशनमा पशुपतिशमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीले कमल थापासँग सहमति जनाई नेता कमल थापालाई अध्यक्षमा सर्वसहमति जनाएका थिए तर महाधिवेशनमा सहभागी भएका काठमाडौँ क्षेत्र नं. ७ का क्षेत्रीय अध्यक्ष प्रदीपविक्रम राणाले आफ्नो सहमतिको अधिवेशनको अवज्ञा गर्दै मन्तव्य राख्न खोज्दा उनलाई महाधिवेशनको बन्दसत्रबाट कडा आपत्तिका साथ नेतृत्वले बाहिर निकालेका थिए । सो अधिवेशनमा कमल थापालाई नेता पशुपतिशमशेर ज.व.रा., नेता प्रकाशचन्द्र लोहनी र लोकेन्द्रबहादुर चन्दलगायत शीर्ष नेतृत्वको सहयोग प्राप्त भएको थियो ।

अध्यक्षमा कमल थापा निर्वाचित भएका थिए । उनले कूल खसेको मत ३१३६ मध्ये २८०४ मत प्राप्त गरेका थिए । उनका प्रत्याशी प्रदीपविक्रम राणाले २५१ मत प्राप्त गरी प्रत्याशी बनेका थिए । सो अधिवेशनमा ८१ मत वदर भएको थियो (राप्रपा दस्तावेज, २०७३) । छैठौं महाधिवेशनबाट कमल थापा अध्यक्ष निर्वाचित भएका थिए । खुलातर्फका पुरुष महिला गरी ४० जना पदाधिकारीहरू निर्वाचित भएका थिए । यसरी राप्रपाको स्थापना कालदेखि २०७३ सालसम्म राप्रपाको नाममा जम्मा ६ वटा केन्द्रीय महाधिवेशनहरू सम्पन्न भएको देखिन्छ । राप्रपाको एकता छैठौं महाधिवेशनपश्चात् पुनः पार्टी विभाजनपछि राप्रपाका संस्थापकमध्ये एक अध्यक्ष नेता लोकेन्द्रबहादुर चन्दले विभाजित पार्टीमा आफू नरहेको र राप्रपा नामका कुनै पनि पार्टीमा आफू नभएको तर आफू राप्रपाकै साधारण सदस्य रहेको बताएका थिए । राप्रपा विभाजनको बारेमा नेता चन्दको भनाई कमल थापाले सरसल्लाह नगरेको, बारम्बार छलफल र परामर्श नगरेको कारण पार्टी विभाजन भयो तर म कसैसँग नजिक र टाढा छैन भनेका थिए । यसबाट लोकेन्द्रबहादुर चन्द पार्टी विभाजनबाट सन्तुष्ट नरहेको सहजै बुझ्न सकिन्छ । राप्रपाको सबै महाधिवेशनहरू भएका मिति, स्थान र निर्वाचित अध्यक्षहरूका नाम **परिशिष्ट-५** मा समाविष्ट गरिएको छ ।

## ४.५ राप्रपाका नीतिहरू

राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो पार्टीका उद्देश्यहरू प्राप्त गर्नको लागि विभिन्न किसिमका नीतिहरू अवलम्बन गर्ने र कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । तीमध्ये महत्त्वपूर्ण नीति तथा कार्यक्रमहरू देहायबमोजिम रहेका छन् ।

### ४.५.१ संवर्द्धनवादको नीति

संवर्द्धनवाद राप्रपाको वैचारिक दर्शन हो (राप्रपाको चुनावी घोषणापत्र, २०७४, पृ. १०) । राष्ट्रिय हित र स्वार्थको रक्षा, प्रजातन्त्रको सुदृढीकरण एवं परम्परागत मूल्य, मान्यता, धर्म, संस्कृति र संरचनाको संरक्षण र संवर्द्धन राप्रपाको आदर्श हो । यस अर्थमा राप्रपाले निरन्तरतासहितको परिवर्तन अर्थात् संवर्द्धनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा स्वीकार गरेको छ । नेपाली समाज मूलतः संवर्द्धनवादी मान्यताको जगमा अडिएको छ । नेपाली समाजको जरा, बनोट र चरित्रमा परम्परा, धर्म, संस्कृति, मूल्य,

मान्यताको महत्त्वपूर्ण योगदान रहेको छ (राप्रपाको चुनावी घोषणापत्र, २०७४, पृ. १०) । नेपालको भूराजनीतिक अवस्था, सामाजिक सांस्कृतिक परिवेश एवं राष्ट्रिय हितको दृष्टिकोणबाट संवर्द्धनवाद नै नेपाली राष्ट्रिय राज्यको आधारस्तम्भ हो । शान्ति, प्रजातन्त्र र आर्थिक उदारवाद जस्ता विश्वविजेता विचार संवर्द्धनवादको मूल मान्यता हुन् । जुन समसामयिक राजनीतिक सिद्धान्तमा आधारित छ । परम्परागत मूल्य, मान्यता, धर्म, संस्कृति, इतिहास र ऐतिहासिक संघसंस्थाको संरक्षण र संवर्द्धनबाट मात्र त्यो क्षतिको असरलाई न्यूनीकरण गर्दै सबल र संवृद्ध नेपाल निर्माण गर्न सकिन्छ । वर्तमान विश्वमा उदार प्रजातान्त्रिक मान्यतामा आधारित संवर्द्धनवाद नै उग्र साम्यवाद र सबै प्रकारका निरङ्कुशताको सही प्रत्युत्तर हो भन्ने तथ्य स्थापित भइसकेको छ । यही मान्यतालाई राप्रपाले आफ्नो मूल वैचारिक आधारस्तम्भको रूपमा ग्रहण गरेको छ ।

नेपालको गौरवपूर्ण इतिहास, सनातन धर्म र प्राचीन संस्कृतिको संरक्षण र संवर्द्धनप्रति यो पार्टी प्रतिबद्ध रहेको छ (राप्रपाको चुनावी घोषणापत्र, २०७४) । प्राचीन कालदेखि नै नेपालमा सबै धर्म र आस्थाहरूका बिचमा सद्भाव, एकता र समभाव कायम रहँदै आएको छ । यो नै नेपालको सही पहिचान हो । यसको रक्षा राप्रपाको ध्येय हो । हाम्रो जस्तो समाजमा हिंसात्मक र हठात् होइन, निरन्तरता सहितको परिवर्तन मात्र टिकाउ हुन सक्दछ । कथित क्रमभङ्गता होइन, क्रमानुगत अर्थात निरन्तरता हाम्रो प्राचीन सभ्यताको आधार हो । त्यही नै सकरात्मक परिवर्तन पनि हो । क्रान्तिकारिताको आवेशमा सदियौँदेखिका स्थापित, प्रमाणित र विश्वसनीय संरचनालाई भत्काउँदा उत्पन्न हुने भयावह स्थितिलाई सन्तुलित तुल्याउने आधार पनि परम्परागत मूल्यमान्यताको संरक्षण र संवर्द्धनवादी सिद्धान्त नै हो । आमूल परिवर्तन र परम्पराको निरन्तरताका बिचमा सामञ्जस्य (Synergy) खोज्नुपर्दछ । यो मान्यता नै निरन्तरता सहितको परिवर्तन हो । मानव जातिमात्र होइन प्रत्येक जीवित प्राणीको अस्तित्वको आधार निरन्तर विकासको क्रम हो । तदनुरूप नै समाज र राष्ट्रको अस्तित्वको आधार पनि निरन्तर विकासक्रम (Evolution) हो (राप्रपाको चुनावी घोषणापत्र, २०७४) । प्रत्येक चरणको परिवर्तन विगतसँग जोडिएको हुन्छ । यो हाम्रो प्राचीन मान्यता हो । अझ हाम्रा कतिपय मान्यता त पुनर्जन्मसँग पनि गाँसिएको हुन्छ । त्यसर्थ आमूल परिवर्तनको नाममा नेपालमा केही वर्ष यता निरन्तरताको शाश्वत सत्यलाई अमान्य ठहराउने प्रयास भइरहेको छ, जुन गलत छ । उपर्युक्त वैचारिक अवधारणाको परिधिभित्र रही राप्रपाले राष्ट्रियता, सनातन धर्म, राजसंस्थासहितको लोकतन्त्र, सुदृढ स्थानीय शासनप्रणाली, असंलग्न परराष्ट्र नीति र सामाजिक न्याय तथा समावेशी सिद्धान्तलाई पार्टीको वैचारिक आधारस्तम्भका रूपमा आत्मसात् गरेको छ, जसलाई तल वर्णन गरिएको छ ।

### संविधान र संवैधानिक व्यवस्थासँग सहकार्य

नेपालको वर्तमान संविधानका कतिपय प्रावधानहरू जस्तै धर्मनिरपेक्षता, राजतन्त्र र संघीयता आदिमा फरक मत रहे तापनि राप्रपाले वर्तमान संविधानलाई आलोचनात्मक समर्थन र स्वीकार गरेको अवस्था छ । संविधान र संवैधानिक व्यवस्थासँग सहकार्य गर्दै आफ्ना मान्यताहरू स्थापित गर्ने नीति र बाटो

राप्रपाले अवलम्बन गरेको छ । वर्तमान संविधानले आम नेपाली जनताको राष्ट्रियता, शान्ति, सुव्यवस्था र विकासका भावनालाई पूर्णरूपमा समेट्न सकेको छैन भन्ने राप्रपाको बुझाइ छ । यद्यपि विश्वको कुनै पनि संविधान शत्प्रतिशत पूर्ण हुन सक्दैन । तथापि यो संविधानले प्रजातन्त्रका विश्वका प्रचलित मूल्य मान्यतालाई अङ्गिकार गरेको छ भन्ने राप्रपाको ठहर छ । समानुपातिक र समावेशी सिद्धान्तको दृष्टिकोणबाट यो संविधान प्रगतिशील र अग्रगामी रहेको राप्रपाको बुझाइरहेको देखिन्छ । संविधान एक जीवन्त र गतिशील दस्तावेज हो र समय र परिस्थितिअनुसार यसमा संशोधन गर्दै लान सकिन्छ भन्ने मत राप्रपाले राख्दै आएको छ । वर्तमान संविधानले विचार स्वतन्त्रता, फरक विचार बोकेको कारणले पार्टी कहिल्यै प्रतिबन्धित नहुने व्यवस्था, आवधिक निर्वाचन र संविधान संशोधनको सरल र लचिलो प्रावधान कायम गरेको छ ।

## नेपाली पहिचानको रूपमा वैदिक सनातन धर्मसापेक्ष हिन्दूराष्ट्र

सदियौँदेखि नेपाल सनातन धर्मसापेक्ष राष्ट्रका रूपमा रहँदै आएको थियो । यो शाश्वत सत्यलाई कुनै पनि राजनैतिक परिवर्तन वा राजनैतिक मान्यताले विस्थापित गर्न सक्दैन । प्राचीन कालमा वैदिक वा आर्य धर्मको रूपमा सम्बोधित आस्थालाई अहिले हिन्दू धर्म भनेर चिनिन्छ । धर्मले नै समाजको रक्षा गर्दछ र धर्म नै राज्यको सिद्धान्त हो । धर्म र सम्प्रदायबिचको भिन्नता बुझ्न जरुरी छ । सत्यको निरन्तर साधना सनातन धर्मको मूल मर्म हो । त्यसर्थ राज्य धर्मनिरपेक्ष हुनै सक्दैन । राज्य धर्मप्रति उदासीन, निरपेक्ष र असंलग्न हुन नसक्ने हुँदा देशमा गणतन्त्रको घोषणासहित धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएकोमा राप्रपाले सधैँ त्यसको विरोध गर्दै आएको देखिन्छ । जसरी अग्निमा ताप रहेन भने अग्निको महत्त्व र अस्तित्व रहँदैन त्यसरी नै धर्मको अभावमा राष्ट्रको अस्तित्व रहँदैन । धर्मनिरपेक्षताले धर्मप्रति उदासीन भाव अभिव्यक्त गर्दछ । पूर्वीय परम्परामा धर्म र राजनीतिको समन्वयले नै लामो समय राष्ट्रको संरक्षण भएको हो जसलाई सनातनतन्त्र वा प्रकृतिको संज्ञा दिन सकिन्छ । जुन मान्यतामा राप्रपा सधैँ अडिग रहँदै आएको पाइन्छ (राप्रपाको चुनावी घोषणा पत्र, २०७४, पृ. १२) । सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रता र धार्मिक सहअस्तित्व नेपालको राष्ट्रिय चरित्र रहँदै आएको छ र सदैव रहनुपर्दछ । सनातन धर्मसापेक्ष हिन्दूराष्ट्रको अर्थ धार्मिक शासन प्रणाली वा धर्मका आधारमा कानुनको निर्माण होइन । यो केवल पहिचानको रक्षा र राज्यको दायित्वको पुनर्स्थापनाको माग मात्र हो ।

नेपालमा हिन्दू, बौद्ध र किराँत गरी ९४ प्रतिशत सनातन मान्यतामा आस्था राख्ने जनसङ्ख्याको पहिचानको संरक्षणको चाहना हो । साझा इतिहास, मान्यता, संस्कृति र आस्थाबाट पालित, पोषित र अनुप्राणित समूह नै राष्ट्र हो । विश्वमा संवैधानिक व्यवस्थाअनुरूप धर्मसापेक्ष र धर्मनिरपेक्ष दुवै किसिमका राष्ट्रहरू रहेका र वर्तमान समयमा राज्य धर्मनिरपेक्ष हुनुपर्दछ भन्ने मान्यता बलियो हुँदै गएको र नेपाल पनि धर्मनिरपेक्ष राष्ट्र घोषणा भइसकेको सन्दर्भमा राप्रपाको भने धर्मसापेक्ष राष्ट्र हुनुपर्दछ भन्ने मान्यता रहँदै आएको देखिन्छ । जब देशमा गणतन्त्र आयो र धर्मनिरपेक्ष राष्ट्र घोषणा भयो तब त्यही बिन्दुबाट देशको

राष्ट्रियताको जग खलबलिन पुगेको छ । विदेशीहरूको नाङ्गो हस्तक्षेप बढ्दै गइरहेको छ । विदेशी धर्मको प्रभाव अनधिकृत रूपमा बढ्दै गएको छ । बहुसङ्ख्यक जनताको आस्थालाई अतिक्रमण गरेर वा कमजोर तुल्याएर शान्ति र स्थायित्व कायम हुन सक्दैन । हिन्दूत्व नेपालको सन्दर्भमा राष्ट्रिय एकताको आधार रहेको समेत राप्रपाको ठहर रहेको छ ।

## संवैधानिक राजतन्त्र र राजतन्त्रप्रति राप्रपाको धारणा

नेपालको भूराजनैतिक अवस्था एवं धार्मिक, सामाजिक र सांस्कृतिक परिवेशको पृष्ठभूमिमा देशको निमित्त चुनावी राजनीतिभन्दा माथि रहेको तथा सबैले सम्मान र विश्वास गर्ने एउटा साझा संस्थाको रूपमा राजसंस्था आवश्यक छ भन्ने राप्रपाको मान्यता रहेको छ । सार्वभौमसत्ता जनतामा निहित रहने, देशको शासन जनताबाट निर्वाचित प्रतिनिधिहरूले गर्ने तथा संसद्को परिधि र संविधानअन्तर्गत राष्ट्रियता र सांस्कृतिक एकताको प्रतीकको रूपमा संवैधानिक राजसंस्था रहने मान्यतालाई राप्रपाले आत्मसात् गरेको देखिन्छ । २०६२/०६३ को दोस्रो ठूलो जनआन्दोलनपछिको परिवर्तन एवं नेपालको संविधान २०७२ जारी भएपश्चात् नेपाल वैधानिक रूपमा गणतन्त्रमा प्रवेश गरेको सन्दर्भमा अबको राजसंस्था परिवर्तनका पक्षधरहरूलाई समेत चित्त बुझ्ने सहमति र सम्झौताको साझा संस्था हुनुपर्दछ । राजसंस्थासहितको लोकतन्त्रको अवधारणा त्यस्तो सम्झौताको सूत्र हुन सक्दछ भन्ने ठहर राप्रपाको छ । नेपालको सामाजिक एवं सांस्कृतिक परिवेशमा नेपाली राजसंस्थाको विशिष्ट स्थान रहेको तथा नेपाली जनतामा राजसंस्थाप्रति अगाध आस्था रहेको तथ्य सर्वविदितै छ । राजसंस्था राष्ट्रियता र नेपाली जनताको एकताको प्रतीकको रूपमा रहनुपर्दछ भन्ने राप्रपाको धारणा छ (राप्रपा दस्तावेज, २०५९, पृ. ९) ।

राप्रपाको दृष्टिमा नेपालको राजसंस्था सम्पूर्ण नेपाली जनताको आस्था, विश्वास र श्रद्धाको 'साझा मन्दिर' रहेको छ । नेपालको एकीकरण, आधुनिकीकरण र प्रजातन्त्रीकरण आदिमा राजसंस्थाको योगदान अविस्मरणीय छ । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् पनि संविधानको पालना र संरक्षण गर्न विगतमा संवैधानिक राजाबाट निर्वाह भएको भूमिकाको स्वदेश र विदेश सबैतर्फ उत्तिकै प्रशंसा भएको थियो । विविध जाति, भाषा, धर्म, संस्कृति भएको नेपालमा राजसंस्था नै राष्ट्रिय एकताको प्रतीकको रूपमा रहेको थियो । राजसंस्थाप्रति हिजोसम्म अन्य विचार राख्नेहरू पनि अहिले राजसंस्थाबाट प्रभावित भएका छन् । तुलनात्मक रूपमा राजसंस्थाको गरिमा, महत्त्व, प्रभाव र सम्मानमा वृद्धि भएको छ । आफ्नो असक्षमता लुकाउन राजसंस्था उपर दोष थोपर्ने अन्य दलका नेताको प्रवृत्ति संवैधानिक राजतन्त्रको भावनाको विलकूल विपरीत रहेको छ । राप्रपाले संवैधानिक राजतन्त्रको विरोधी कार्यहरूको विरुद्धमा सङ्घर्ष गर्दै आएको देखिन्छ । राप्रपाको स्थापना संवैधानिक राजतन्त्रको संरक्षण तथा संवर्द्धनको लागि पनि भएको हो । नेपालको भूराजनीतिक अवस्था, धार्मिक, सामाजिक र सांस्कृतिक परिवेश एवं हाल विद्यमान राजनीतिक गतिरोधको पृष्ठभूमिमा नेपालको निमित्त राजा सहितको प्रजातन्त्र उपयुक्त हुन्छ भन्ने राप्रपाको मान्यता रहँदै आएको छ । राजकीयसत्ता एवं शासकीय अधिकार जनतामा निहित राख्दै राष्ट्रियता र राष्ट्रिय एकताको प्रतीकको रूपमा

संवैधानिक राजतन्त्रलाई कायम गरिनुपर्दछ भन्ने राप्रपाको दृढ विश्वास रहेको देखिन्छ । राजा सहितको प्रजातन्त्र भनेको प्रजातन्त्र र राज संस्थासँगै रहने व्यवस्था हो । देशको शासन जनताका प्रतिनिधिहरूले सञ्चालन गर्ने अनि राष्ट्रियता र एकताको प्रतीकको रूपमा राजसंस्था रहने व्यवस्था नै राजा सहितको प्रजातन्त्रको सार तत्त्व हो भन्ने राप्रपाको धारणा रहेको देखिन्छ । राष्ट्रियताको संरक्षण र संवर्द्धनका लागि राजनैतिक स्वार्थभन्दा माथि उठेको एउटा बलियो संस्थाको आवश्यकता पर्दछ । बाह्य शक्तिहरूका निहित स्वार्थबाट मुक्त तुल्याई सुदृढ राष्ट्रियताको आधार तयार गर्न विगतमा समेत राजसंस्थाले महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

दलीय स्वार्थको पृष्ठभूमिबाट उठेको व्यक्ति वा संस्थाबाट यो दायित्व निर्वाह हुन सक्दैन भन्ने राप्रपाको ठहर रहेको छ । नेपालको विभिन्न वर्ग, धर्म, जाति, भाषा र संस्कृतिले सुसज्जित राष्ट्र हो । अनेकतामा एकता हाम्रो पहिचान र शक्ति हो । यस्तो विविधतामा समेत सबै नेपालीका बिचमा एकता कायम राख्न सक्ने मियो वा एकताको सुत्रका रूपमा समकालीन नेपाली इतिहासको प्रारम्भदेखि नै नेपाली राजसंस्था कायम रहँदै आएको छ । यही वास्तविकतालाई दृष्टिगत गरेर नै २०४६ सालको जनआन्दोलनको पृष्ठभूमिमा निर्मित संविधानले राजसंस्थालाई नेपाली राष्ट्रियता र एकताको प्रतीकको रूपमा कायम गरेको हो । देशमा हाल विद्यमान राजनैतिक गतिशीलताको पृष्ठभूमिमा राजासहितको प्रजातन्त्र नै नेपालको निमित्त उपयुक्त राजनैतिक व्यवस्था हो । राप्रपाको आफ्नो बुझाइमा वास्तवमा २०६२/६३ सालको परिवर्तनपश्चात् नेपालमा राजसंस्थालाई पाखा लगाउने काम नेपालको प्रजातान्त्रिक शक्ति वा प्रजातन्त्रले गरेको होइन । नेपालको राज संस्था बाह्य शक्तिको षड्यन्त्र एवं देशभित्रको उग्र वामपन्थी शक्तिको रणनीतिक योजनाको सिकार भएको हो भन्ने राप्रपाको ठम्याइरहेको छ । प्रजातान्त्रिक शक्तिहरू दवाव, स्वार्थ र कुण्ठाको आधारमा लहैलहैमा पछाडि दौडिएका मात्र हुन् । तसर्थ राजसंस्थालाई विस्थापित गर्ने कार्य बाह्यशक्ति र उग्र वामपन्थी शक्तिहरूले गरेका हुन् । प्रकृतिको नियम नै छ कि जसले विस्थापित गऱ्यो । स्थापित हुने अधिकार त्यसैलाई हुन्छ । यही कारणले गर्दा राजसंस्था पाखा लागेको वर्तमान अवस्थामा स्वभावतः नेपालको राजनीतिमा बाह्य शक्ति र उग्र वामपन्थी शक्ति हावी भइरहेको छ ।

प्रजातन्त्र उग्रवामपन्थी धरापमा फसेको छ । नेपालको हाल विद्यमान विशिष्ट राजनैतिक गतिशीलताको पृष्ठभूमिमा राजसंस्थालाई हटाएर प्रजातन्त्र सुनिश्चित हुने स्थिति छैन । राजसंस्था नरहेको अवस्थामा नेपालमा प्रजातन्त्र पनि सङ्कटमा पर्ने धरातलीय यथार्थ हो । फेरि नेपालमा जनता र राजाको संयुक्त प्रयासबाट २००७ सालमा प्रजातन्त्रको उदय भएको तथा २०४६ सालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएको ऐतिहासिक यथार्थ सर्वविदितै छ । त्यसर्थ विद्यमान राजनैतिक गतिशीलताको सन्दर्भमा प्रजातन्त्रको सुनिश्चितताको लागि समेत राजसंस्था अपरिहार्य छ । यस सन्दर्भमा नेपालको निमित्त राजासहितको प्रजातन्त्र नै उपयुक्त व्यवस्था हो भन्ने राप्रपाको धारणा रहेको छ । नेपालको सन्दर्भमा प्रजातन्त्र र राजसंस्था एक अर्काका सहयोगी र परिपूरकका रूपमा विकसित गरिनुपर्दछ र गर्न

सकिन्छ भन्ने राप्रपाको मान्यता रहेको देखिन्छ । स्वतन्त्र नेपालको इतिहास र राजसंस्थाको अस्तित्व अविछिन्न रूपले परस्पर आवद्ध रहँदै आएको छ । नेपालको सामाजिक एवं सांस्कृतिक परिवेशमा नेपाली राजसंस्थाको विशिष्ट स्थान रहेको तथा नेपाली जनतामा राज संस्थाप्रति अगाध आस्था रहेको तथ्य सर्वविदितै छ । लोकसम्मति अनुकूल राज्य सञ्चालन गर्ने परम्परालाई नेपाली राज संस्थाले आत्मसात् गर्दै आएको छ । जन आन्दोलनको माध्यमबाट अभिव्यक्त जनमत र परम्परागत शक्तिको साझा प्रयासबाट 'नेपाल अधिराज्यको संविधान', २०४७ को निर्माण भएको थियो । संविधान निर्माणमा जसरी जनमत र परम्परागत राष्ट्रिय शक्तिबिच सामञ्जस्यता कायम रहेको थियो, तदनुरूप राज्य सञ्चालनमा समेत यी शक्तिहरूका बिचमा निरन्तर समन्वय रहोस् भन्ने उक्त संविधानको मनसाय रहेको थियो ।

जनमतलाई समय समयमा हुने निर्वाचनको माध्यमबाट राजनैतिक दलहरूले प्रतिनिधित्व गर्दथ्यो भने परम्परागत शक्तिको रूपमा संविधानले श्री ५ लाई स्थापित गरेको थियो । नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको पालना र संरक्षण गर्ने दायित्व श्री ५ लाई संविधानले सुम्पेको थियो । संविधान बमोजिम नै राजसंस्था, राष्ट्रप्रमुखको रूपमा अपेक्षा गर्नु अस्वभाविक थिएन । तत्कालीन अवस्थामा मुलुकलाई सङ्कटबाट मुक्त तुल्याउन श्री ५ को विश्वास निरन्तर प्राप्त गर्नुपर्दछ भन्ने राप्रपाको धारणा थियो । साथै, श्री ५ को विश्वास प्राप्त गर्ने आधार र प्रक्रिया संविधानको परिधिभित्रबाट सम्भव छ र सोहीअनुरूप हुनुपर्दछ भन्ने राप्रपाको मान्यता रहेको थियो । संविधान र परम्पराद्वारा निसर्त उपर्युक्त मान्यतालाई व्यवहारमा रूपान्तरित गर्ने क्षमता राप्रपामा विद्यमान छ र सोबमोजिम गर्न राप्रपा प्रतिबद्धसमेत रहेको थियो । राप्रपा सदैव अधिनायकवादको विरोध गर्दछ । अतः राप्रपा सबै प्रकारका अधिनायकवादको विपक्षमा छ । विगतमा राजाको अधिनायकवादको विरोध गर्दा राप्रपाको आफ्नो अस्तित्व नै समाप्त पार्ने षड्यन्त्रको सिकार हुनुपर्‍यो । २०४७ सालको संविधान मुलुकमा लागु भएपछि राजनैतिक क्षितिजमा उदाएको राप्रपा आफ्नो स्थापना कालदेखि नै राष्ट्रवादी प्रजातान्त्रिक दलका रूपमा क्रियाशील रहँदै आएको छ । राजा संविधानभित्र बाँधिएर प्रतीकको रूपमा बस्दछन् । शासन त गर्दै गर्दैनन् भन्ने प्रस्थापनामा विश्वास गर्ने राप्रपाले असोज १८ को राजाको कदमलाई शङ्काको सुविधा दिँदै परिस्थितिजन्य बाध्यताका रूपमा स्वीकार गरे पनि माघ १९ को राजाको अप्रजातान्त्रिक कदमको विरुद्ध राप्रपा अडिग भएर उभिएको थियो । संविधानबमोजिम जनतामा मात्र रहनुपर्ने सार्वभौमसत्ता हरण भएपछि एउटा प्रजातान्त्रिक पार्टी विरोधमा उभिनु स्वाभाविकै थियो (राप्रपा दस्तावेज, २०६४, पृ. ५) ।

राप्रपासमेत सामेल रहेको पुनःस्थापित संसद्ले जेठ ४ गते जन अधिकारको स्थापनासम्बन्धी कैयौँ महत्त्वपूर्ण निर्णयहरू गर्‍यो । अन्तरिम संविधान जारी भयो । २ वटा संशोधनहरू पनि भए । संशोधनसहितको अन्तरिम संविधानका कतिपय प्रावधानहरूप्रति राप्रपाले संशोधन प्रस्ताव प्रस्तुत गरेको भए तापनि राजासम्बन्धी विषयमा व्यवस्थापिका संसद्भित्र राप्रपाले ऐक्यवद्धता प्रकट गरेको थियो । आफैँले समर्थन जनाएका प्रावधानहरूबाट राप्रपा तलमाथि हुनै सक्दैनथ्यो । व्यवस्थापिका संसद्मा रहेका सबै दलहरूको

सहमतिमा राजाको सम्बन्धमा संविधानसभाको पहिलो बैठकमै साधारण बहुमतले अन्तिम टुङ्गो लगाउने समेत संवैधानिक व्यवस्था भइसकेको थियो । नेपालमा राजा रहने वा नरहने निर्णय आफैं सार्वभौमसत्ताका मालिक भएका जनताले संविधानसभाको निर्वाचनमार्फत् गरेका थिए । जनताको सार्वभौम सत्तालाई सङ्कुचन गर्ने कुनै पनि प्रकारको बाटो राप्रपालाई स्वीकार्य हुने थिएन । तसर्थ राजसंस्था राख्ने वा नराख्ने भन्ने निर्णय सार्वभौमसत्ताका मालिक नेपाली जनताले गर्न पाउनुपर्दछ, गर्नेछन् र त्यो निर्णयलाई राप्रपाले स्वीकार गर्नेछ भन्ने आफ्नै यिनै मान्यता र धारणाका साथ संविधानसभाको निर्वाचनमा राप्रपा जनतासमक्ष प्रस्तुत भएको थियो । २०६२/०६३ को जनआन्दोलन र परिवर्तनपछि २०७२ सालमा जारी भएको 'नेपालको संविधान', पश्चात् नेपाल वैधानिक रूपमा गणतन्त्रमा प्रवेश गरेको छ ('नेपालको संविधान', २०७२ भाग १ धारा ४) । तथापि अझै पनि राप्रपाले राजसंस्था परिवर्तनका पक्षधरहरूलाई समेत चित्त बुझ्ने सहमति र सम्झौताको साझा संस्था हुने छ र राजसंस्था सहितको लोकतन्त्रको अवधारणा त्यस्तो सम्झौताको सूत्र हुनसक्दछ भन्ने धारणा राख्दै आएको छ । जगदिश खरेलद्वारा लिइएको अन्तर्वार्तामा पशुपतिशमशेर राणाले नेपाल हिन्दूराष्ट्र हुनुपर्दछ, एकाएक जनताको चाहना विपरीत धर्मनिरपेक्षता लागु गरियो । जनताको अभिमत नलिइकन लादिएको धर्मनिरपेक्षताले देशको पहिचानको रूपमा रहेको हिन्दूराष्ट्रलाई पाखा लगायो । जनताको भावना र मतलाई कमसेकम जनमत सङ्ग्रह गरेर भए पनि बुझ्न पर्दथ्यो ।

राप्रपा हिन्दूराष्ट्रको पक्षमा जनमत बटुल्दै आन्दोलनमा जाने निश्चित छ । त्यसैगरी देशको अभिभावकको रूपमा रहेको राष्ट्रपति राष्ट्रपिता हुन नसकेको अवस्था छ । एक दलको इसारामा दलले जे गऱ्यो त्यही कुरामा लालमोहर लगाउने कार्य जुन पटक पटक राष्ट्रपतिबाट हुँदै आएको छ । त्यसकारण पार्टीको प्रतिनिधि राष्ट्रपति बन्दा देखिएको पूर्वाग्रह र जिम्मेवारीका कारण देशमा राजसंस्था चाहिने कुरो प्रमाणित हुँदै गएको छ । राजा मात्र देशको सच्चा अभिभावक र देशभक्त हुने कुरा राष्ट्रपतिका पछिल्ला गतिविधि र असंवैधानिक क्रियाकलापबाट प्रमाणित भएको छ । तसर्थ राप्रपा सदा राजसंस्थाको पक्षमा रहन्छ (Image TV, 2019, November, 7)। राजा ज्ञानेन्द्रकै कारण देशमा गणतन्त्र आयो । राजाले "कु" नगरेको भए नेपालमा राजसंस्था समाप्त हुने नै थिएन । नेपालमा धर्मनिरपेक्षता ल्याउन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भूमिका रहेको छ । उनको सल्लाह सुझाव बेगर पक्कै यो कार्य भएन । त्यसपछि विशेषतः कृष्णप्रसाद सिटौला, सुवास नेम्वाङहरूले धर्मनिरपेक्षता चाहानेहरूको प्रतिनिधिका रूपमा काम गरे । नेपाल हिन्दूराष्ट होस् भन्ने चाहना भारतको पनि रहेको छ । भारतको वर्तमान सत्तासीन पार्टी भारतीय जनता पार्टी त कट्टर हिन्दूवादीहरूकै पार्टी हो । उसले स्वभाविक रूपमा नेपाल हिन्दूराष्ट्र भएको हेर्न चाहन्छ । भारतीय जनता पार्टीका नेताहरूले मसँगको प्रत्यक्ष कुराकानीमा पनि नेपाल हिन्दूराष्ट्र भए राम्रो हुन्छ भनेका छन् । भारतमात्र होइन चीन पनि नेपाल हिन्दूराष्ट्र भए हुन्थ्यो भन्ने चाहना राख्दछ । किनकि नेपालमा यत्रोविघ्न रूपमा भइरहेको धर्म परिवर्तन चीनलाई पनि मन परेको छैन (ऐजन) । पछिल्लो समय राप्रपा एकीकरण भएपछि पशुपतिशमशेर राणाले राजालाई श्रीपेच लगाउन पार्टी एकता गरेको भनाइ राखे ।

हिजो गणतन्त्र स्वीकारेको थियौं । त्यति मात्र होइन वर्तमान संविधान निर्माणमा राप्रपाले चौंथो शक्तिको रूपमा रहेर योगदान पुऱ्यायो तर आज देशको यो अवस्था देखेर सबै पक्षले स्वीकार गर्ने संवैधानिक राजसंस्थाको पक्षमा राप्रपा उभिएको छ ।

राप्रपाले हिन्दूराष्ट्रको पक्षमा अव सर्वपक्षीय रूपमा जागरण कार्यक्रम गर्छ । नेपाली जनताको दुई तिहाई मत प्राप्त गरी परिवर्तन गर्न सक्ने संवैधानिक बाटोलाई अँगाल्नु पर्ने हो या सडकबाट आन्दोलन गर्नुपर्ने हो राप्रपा यसको पूरा तयारीमा रहेको छ (नेपाल पुकार डटकम, २०२० मार्च १४) । दोस्रो जनआन्दोलनका क्रममा राजतन्त्रका विरुद्ध गणतन्त्रका नाममा आन्दोलन नभएको साथै धर्मनिरपेक्षताको सवाल नै नउठेको अवस्थामा अचानक परिवर्तनपश्चात् राजतन्त्र हटाइयो । धर्मनिरपेक्षतामा मुलुकलाई धकेलियो र सङ्घीयता कार्यान्वयन गरियो । यी कुनै पनि विषय उठेका थिएनन् तर अचम्म गरी यी कुराहरू लागू गरियो । म आफैं चकित छु । किन र कसका लागि गरियो ? यी विषयहरू देशका लागि हित हुने विषय थिएनन् (लोकेन्द्रबहादुर चन्दसँगको कुराकानीमा आधारित) । नेता चन्दको भनाइमा गणतान्त्रिक प्रणालीमा पनि राजसंस्था अटाउने बाटो निकाल्न सकिन्छ । हाम्रो सामाजिक व्यवस्था परिवारमा कुनै व्यक्ति केन्द्रका रूपमा रहेकै हुनाले मुलुकको अभिभावकका रूपमा राजसंस्थालाई आलङ्कारिक वा सांस्कृतिक रूपमै भए पनि राख्न सकिन्छ । यसका लागि जिम्मेवार राजनीतिक दलहरूको इच्छाशक्ति आवश्यक छ । वर्तमान अवस्थामा राष्ट्रका लागि सबै पक्षको मत ऐक्यबद्धता र मिलेमतो आवश्यक छ । व्यक्ति वा समूहलाई आजका दिनमा गौण मान्नुपर्दछ । पद्धति महत्त्वपूर्ण र प्राथमिक कुरा हो । पद्धति बलियो र प्रभावकारी नहुन्जेल जुनसुकै व्यवस्था र नेतृत्व आए पनि केही हुँदैन (लोकेन्द्रबहादुर चन्दसँगको कुराकानीमा आधारित) । प्रकाशचन्द्र लोहनीका अनुसार देशको वर्तमान अवस्था देख्दा प्रजातन्त्रको अन्त्य हुने जस्तो देखिन्छ । देशमा भएको भ्रष्टाचार, ठूलाठूला ब्रह्मलुट र काण्डैकाण्डले ठूलो विद्रोह निम्त्याइरहेको छ । राष्ट्रपति देशको नभएर कुनै एक दलको बनेको अवस्था छ । अवको विद्रोहले हिन्दूधर्म र राजसंस्था खोजेको छ (Yoho TV, 2020, Sep 14) ।

राप्रपाका अर्का नेता केशरबहादुर बिष्टका अनुसार, राजा सहितको प्रजातन्त्र देशमा हुनुपर्दछ । हिजो राजा हुँदा राजाले सरकार सञ्चालन राम्रो भएन भने प्रधानमन्त्रीलाई परिवर्तन गर्दथे । जस्तो कि भारतलाई सहज बनाउन पऱ्यो भने सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउने र चीनलाई सहज बनाउन पऱ्यो भने कीर्तिनिधि बिष्टलाई प्रधानमन्त्री बनाउने गर्दथे । आज ओली सरकारको भारतसँग सम्बन्ध बिग्रिँदै गएको र हिजोदेखि नै भारतपरस्त भएर काम गर्दै आएको कारण राष्ट्रिय मुद्दामा स्वाभिमानका साथ आफ्नो कुरा राख्न नसक्ने हुनाले सीमाना मुद्दाको नतिजा राम्रो नहुने र त्यसको विकल्प पनि तुरुन्त खोज्न नसक्ने अवस्था देखिन्छ । किनकि ओली सरकार करिब दुई तिहाईको समर्थन प्राप्त सरकार भएकोले ओली न पद छाड्न तयार हुने न वार्ता गर्न र परिमाण निकल्न सफल हुने । हामी यस्तो अवस्थाबाट अगाडि बढ्नलाई यो संविधानको विकल्प र राजासहितको प्रजातन्त्र देशमा लागु गर्नुपर्ने जरुरी देख्छु (योहो टिभी, २०७७ जेठ ७) ।

## सङ्घीयता र सुदृढ स्थानीय स्वायत्त शासन प्रणाली

सङ्घीयताको आवश्यकता, औचित्य एवं स्वरूपका बारेमा पर्याप्त बहस नै नगरी संविधान जारी भइसके तापनि सङ्घीय संरचनाको कार्यान्वयनमा ठूलो समस्या देखिएको छ । वास्तवमा नेपाल जस्तो विविधतायुक्त मुलुकमा सङ्घीयताभन्दा सुदृढ स्थानीय स्वायत्त शासन व्यवस्था उपयुक्त हो तर नेपालको संविधान २०७२ ले राज्यको पुनरसंरचना गर्दा सङ्घीयतालाई आत्मसात् गरिसकेको वर्तमान यथार्थलाई दृष्टिगत गर्दै अब सङ्घीयताको कार्यान्वयन गर्दा न्यूनतम क्षति होस् तथा सङ्घीयताबाट राष्ट्रिय अखण्डता, एकता र सार्वभौमिकतालाई कुनै आँच नपुगोस् भन्ने बारे राप्रपा निरन्तर सजग र सतर्क रहेको छ । साथै, सङ्घीयताको प्रयोग र कार्यान्वयन गर्दा प्रादेशिक संरचनाको आर्थिक क्षमतालाई ध्यान दिइनुपर्दछ । त्यसैगरी सिद्धान्ततः नेपालको भू-बनोटलाई दृष्टिगत गर्दै हिमाल, पहाड र तराई जोडिने गरी प्रदेशको संरचना तयार गरिनु उपयुक्त हुनेछ भन्ने राप्रपाको धारणा रहेको छ । सङ्घीयताको तुलनामा सुदृढ स्वायत्त स्थानीय शासनप्रणाली नेपाल जस्तो देशको लागि उपयुक्त हुनेछ । केन्द्रमा निहित रहेका वित्तीय, प्रशासनिक, विकास र न्यायिक अधिकारहरूलाई स्थानीय तहमा प्रत्यायोजित गरी केन्द्रीकृत शासन व्यवस्थालाई नयाँ ढङ्गबाट परिभाषित गरिनुपर्दछ भन्ने राप्रपाको धारणा रहेको छ । यस प्रणालीअन्तर्गत केन्द्रीकृत राज्य प्रणालीसम्बन्धी विद्यमान स्रोत, व्यवहार र संस्कृतिमा आमूल परिवर्तन गरी नागरिक केन्द्रित अधिकार र सहकार्यमा आधारित स्थानीय स्वायत्त शासन पद्धति अवलम्बन गर्ने धारणा राख्दछ ।

स्थानीय स्वायत्त शासन प्रणालीसम्बन्धी व्यवस्था कार्यान्वयनको क्रममा प्रस्तावित स्थानीय तहहरूलाई स्थानीय सरकारको अवधारणा अनुरूप वित्तीय, प्रशासनिक, न्यायिक, विधायिकी तथा सुरक्षासम्बन्धी अधिकार हुनेछ । त्यस्तो अधिकार र कार्यक्षेत्र संविधानमा नै सुनिश्चित गरिनुपर्दछ । संविधानले व्यवस्था गरेको तथा हालै सम्पन्न निर्वाचनले संस्थागत गर्न खोजेको स्थानीय तहसम्बन्धी व्यवस्था राप्रपाले परिकल्पना गरेको सुदृढ स्थानीय स्वायत्त शासन प्रणालीसँग धेरै हदसम्म मेल खान्छ । कथम्कदाचित प्रादेशिक शासन प्रणाली विवादास्पद सङ्घात्मक प्रणालीको स्वभाविक विकल्प हुन सक्दछ । यसले राजनीतिक अस्थिरताबाट नगर तथा गाउँपालिकाहरू प्रभावित रही विकास निर्माणको कार्यमा निरन्तर सक्रिय हुन सक्ने दोहोरो फाइदासमेत हुन्छ । हालको व्यवस्थामा मन्त्रीपरिषद्ले चाहेमा स्थानीय तहको निर्वाचन हुने, नचाहेमा नहुने परिपाटीको अन्त्य गरिनुपर्दछ भन्ने राप्रपाको धारणा रहेको देखिन्छ ।

## शान्ति, प्रजातन्त्र र खुला बजारमुखी अर्थतन्त्र

उदार प्रजातन्त्र राज्य सञ्चालनको उत्तम साधनका रूपमा विश्वले अङ्गिकार गरिसकेको छ । यद्यपि विकासोन्मुख राष्ट्रहरू जहाँ प्रजातन्त्रको सफलताको निमित्त उपयुक्त न्यूनतम आधारहरू तयार भइसकेका छैनन्, त्यस्ता देशहरूमा प्रजातन्त्र स्वयं अस्थिरता र अराजकताको मुख्य कारकका रूपमा देखिएका पनि छन् । प्रजातन्त्रको तुलनामा अन्य सबै राजनीतिक व्यवस्थाको प्रयोग असफल सावित भइसकेको तथा तुलनात्मक रूपमा कम हानिकारक भएको धरातलीय यथार्थको कारणले गर्दासमेत उदार प्रजातन्त्र विश्वव्यापी सत्य

भइसकेको छ । मानव अधिकारको प्रत्याभूति तथा जनताद्वारा जनताको निमित्त जनताको शासनको मान्यता कायम गर्न सक्ने पद्धति भएको हुँदा प्रजातन्त्रको अर्को कुनै विकल्प हुन सक्दैन । एक्काइसौं शताब्दीमा बहुदलीय प्रतिस्पर्धामा आधारित प्रजातन्त्रको युग हो । यद्यपि नेपालमा प्रजातन्त्र पुनर्स्थापनापछिको राजनैतिक अभ्यास सन्तोषजनक छैन तर केही सीमित राजनैतिक दलहरूको अकर्मण्यता र असफलतालाई आधार मानेर नेपालमा प्रजातन्त्र टिक्दैन वा दलीय व्यवस्थाको विकल्प खोज्नुपर्छ भन्ने तर्कसँग राप्रपा सहमत भएको पाइँदैन । प्रजातन्त्र शासनप्रणाली मात्र होइन, यो जीवनको पद्धति पनि हो ।

उदार प्रजातन्त्रको अभ्यासले नागरिकलाई आत्मोन्नति गर्ने समान अवसर सिर्जना गर्दछ । प्रजातन्त्रलाई सफल तुल्याउन र जीवनोपयोगी बनाउन त्यसलाई मुलुकको सामाजिक, ऐतिहासिक यथार्थको धरातल एवं जनताको परिवर्तित चाहनाअनुरूप परिमार्जन गर्दै जानुपर्दछ । यस वास्तविकतालाई दृष्टिगत गर्दै जनतामा निहित सार्वभौमसत्ता, मानवअधिकार, मानवीय मूल्य, मान्यता, विधिको शासन, अभिव्यक्ति स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता एवं वहुलवादी मान्यता राप्रपाको रहँदै आएको छ । उदार प्रजातन्त्रको परिपूरकका रूपमा खुला बजारमुखी अर्थतन्त्रले समेत विश्वव्यापी मान्यता प्राप्त गरिसकेको छ । आर्थिक संवृद्धिको मूल आधार नै खुला बजारमुखी आर्थिक व्यवस्था हुन पुगेको छ । राप्रपा मुलुकको समग्र आर्थिक विकासको सन्दर्भमा खुला बजारमुखी आर्थिक व्यवस्थाप्रति प्रतिबद्ध रहने पार्टी हो । शान्ति र प्रजातन्त्रप्रति केही सङ्कोच भाव राख्ने राष्ट्रहरू समेत खुला बजारमुखी अर्थतन्त्रलाई भने निसङ्कोच अवलम्बन गरिरहेका छन् । संक्षेपमा भन्ने हो भने साम्यवाद लगायत सबै प्रकारका अधिनायकवादलाई पराजित गर्दै शान्ति, उदार प्रजातन्त्र र बजारमुखी अर्थतन्त्रको विचारले विश्वमाथि नै विजय हासिल गरिसकेको छ । संसारबाट असफल सावित भइसकेको फाँसीवाद र साम्यवादलाई पराजित गर्दै उदार प्रजातन्त्र र बजारमुखी अर्थतन्त्रको मान्यता स्थापित भएको हो । राप्रपाले राष्ट्रिय राजनीतिमा अवलम्वन गरिरहेको फरक वैचारिक धार नै वास्तवमा शान्ति, उदार प्रजातन्त्र र खुला बजारमुखी अर्थतन्त्रको विश्वव्यापी मान्यताको असली उत्तराधिकारी हो (राप्रपाको चुनावी घोषणा पत्र, २०७४, पृ. १४-१५) ।

## सामाजिक न्याय र समावेशी सिद्धान्त

इतिहासको विभिन्न कालखण्डमा अवलम्वन गरिएका गलत नीतिका कारणले गर्दा उन्नत जातीय, क्षेत्रीय, वर्गीय, लैङ्गिक विभेद र शोषणका अवशेषहरू अझै हाम्रो समाजमा कायम रहेका छन् । प्राचीनकालदेखि कायम रहँदै आएका रुढीवादी सामाजिक व्यवस्था एवं एक सय चार वर्षीय एकतन्त्रीय निरङ्कुश शासन प्रणाली नै उल्लेखित विभेद र शोषणको निमित्त मुख्य जिम्मेवार छन् । अव अतीतलाई दोषारोपण गरेर मात्र समस्याको समाधान हुँदैन । कमी कमजोरी र त्रुटिहरूलाई सच्याएर प्रत्येक नेपालीले समान रूपमा आत्मोन्नति गर्न पाउने समतामूलक एवं शोषणरहित समाजको स्थापना नै वर्तमान समयको माग हो । यस वास्तविकतालाई दृष्टिगत गर्दै सामाजिक न्याय र समावेशी सिद्धान्तलाई राप्रपाले आफ्नो वैचारिक आधारस्तम्भ र नीतिगत प्राथमिकताको रूपमा अङ्गीकार गरेको पाइन्छ । सामाजिक आर्थिक

रूपान्तरणको क्रममा शिक्षाको आमूल सुधार र स्वास्थ्य क्षेत्रको विकासलाई राज्यले उच्च प्राथमिकता दिनुपर्दछ । यसक्रममा महिला, मधेसी समुदाय, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक र पिछडिएका क्षेत्रहरूको उत्थानको निमित्त राज्यले विशेष जोड दिनुपर्दछ भन्ने राप्रपाको धारणा रहेको छ ।

## राष्ट्रिय स्वार्थ र स्वाभिमानको रक्षाका लागि असंलग्न परराष्ट्र नीति

नेपालको स्वतन्त्रता सदैव अविछिन्न र अक्षुण रही आएको छ । विगतमा अन्तर्राष्ट्रिय जगतमा नेपालको विशिष्ट स्थान र गौरवपूर्ण पहिचान कायम रहेको थियो । दुई पटक नेपालले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को सदस्यका रूपमा काम गर्ने अवसर पनि पाएको थियो तर केही वर्ष यता अदूरदर्शी र स्वार्थी नेताहरूको कारणले गर्दा नेपालको पहिचान कमजोर मात्र भएको छैन, हाम्रो राष्ट्रिय स्वाभिमान र स्वार्थमा समेत प्रतिकूल प्रभाव परेको छ । देशभित्र विकसित भएको आत्मसमर्पणवादी मानसिकताको परिणाम स्वरूप बाह्य शक्तिको चलखेल बढ्न गएको छ । नेपाल बाह्य शक्तिहरूको रणनीतिक प्रतिस्पर्धास्थल बन्न सक्ने खतरासमेत देखिएको छ । वर्तमान अवस्थामा आएर सो कुराको पुष्टि हुँदै गइरहेको छ । यस अवस्थामा राप्रपाले राष्ट्रिय स्वार्थ र स्वाभिमानको रक्षा र प्रवर्द्धनका निमित्त परराष्ट्र नीति र सम्बन्धलाई पुनः सम्मानजनक ढङ्गबाट अघि बढाउने लक्ष्य राखेको छ । दुवै छिमेकी मुलुकहरू भारत र चीनसँग पारस्परिक मित्रता, सहयोग र साझा स्वार्थको अभिवृद्धिलाई उच्च प्राथमिकता दिइने लक्ष्य समेत राखेको छ ।

संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्तको आधारमा विश्व समुदायसँग सम्बन्धको विकास र विस्तार तथा छिमेकी मुलुकहरूसँग समझदारी कायम गरी नेपाललाई शान्तिक्षेत्रका रूपमा कायम गर्ने परराष्ट्र नीतिको हुनुपर्दछ भन्ने राप्रपाको ठम्याइ रहेको छ । विभिन्न मुलुकहरूसँग भएका राष्ट्रिय हित विपरीतका असमान सन्धिहरू खारेज वा परिमार्जन गरिनुपर्दछ भन्ने मान्यतालाई राप्रपाले जोड दिएको छ । भारत र चीनले प्राप्त गरेको उपलब्धिहरूलाई नेपालको वृहत्तर हित र आर्थिक संवृद्धिका निमित्त सदुपयोग गर्न राप्रपाले उपयुक्त नीति कायम गर्नेछ । भारतसँग हाम्रो घनिष्टतम् सामाजिक, सांस्कृतिक एवं आर्थिक सम्बन्ध रहेको छ । नेपाल भारत सम्बन्धको तुलना अन्य कुनै मुलुकसँगको सम्बन्धमा हुन सक्दैन । यसको आफ्नै विशिष्ट चरित्र रहेको छ भन्ने राप्रपाको बुझाइ रहँदै आएको छ (राप्रपाको चुनावी घोषणा पत्र, २०७४) । भारतसँग असल र मित्रतापूर्ण सम्बन्ध नेपालको हितमा हुन्छ भन्ने मान्यतामा राप्रपा रहेको देखिन्छ । अर्कोतर्फ नेपाल-चीन सम्बन्धको आफ्नै अलग आयाम र विशिष्टता रहेको राप्रपाको बुझाई छ । चीन नेपालको भरपर्दो मित्रका रूपमा सदैव रहेको छ । एक चीन नीतिप्रति राप्रपा प्रतिबद्ध रहँदै आएको छ । चीनले हासिल गरेको तीव्र आर्थिक विकासबाट लाभ लिन आवश्यक पहलकदमी लिनु पर्ने राप्रपाको ठहर रहेको छ । प्रवासमा रहेका नेपालीहरूको हक, हित र उन्नतिका लागि राज्यले उपयुक्त ध्यान दिनुपर्दछ भन्ने राप्रपाको मान्यता रहिआएको छ । यस क्रममा, गैरआवासीय नेपालीहरूलाई नागरिकता प्रमाणपत्र र राहदानी दिने, नेपालमा कारोवार, बसोबास तथा आवतजावतमा सहजता कायम गर्ने तथा विदेशमा रहेका नेपाली

नागरिकहरूले समेत मताधिकार प्रयोग गर्न पाउने व्यवस्था कायम गर्न राप्रपाले माग गर्दै आएको छ (राप्रपाको चुनावी घोषणा पत्र, २०७४, पृ. १६-१७) ।

### ४.५.२ आर्थिक विकास सम्बन्धी नीति

राप्रपाको आर्थिक पक्ष प्रजातान्त्रिक उदारवाद हो । जनकल्याण आर्थिक विकासको साध्य हो र जनता नै विकासको साधन हुन् भन्ने भावना र विचार नै उदारवादको मर्म हो (राप्रपा प्रस्ताव र कार्यक्रम, २०५३, पृ. ३६) । जनतालाई समुन्नतिको समान अवसर प्रदान गर्न विद्यमान सबै प्रकारका शोषणबाट पूर्णरूपमा उन्मुक्त गराई जनसङ्ख्या नियन्त्रण गर्दै न्यायोचित आर्थिक वितरण प्रणाली कायम गरी जनतालाई सुखी, सम्पन्न र देशलाई संवृद्धशाली तुल्याउने तथा यथार्थ रूपमा गरिबी उन्मूलन गर्ने अर्थनीति लिएर राप्रपाको स्थापना भएको हो (राप्रपा नीति वक्तव्य, २०४८) । उदार बजारमुखी एवं प्रतिस्पर्धात्मक आर्थिक तथा वित्तीय नीति कायम गर्ने, आर्थिक गतिविधिमा निजी क्षेत्रको सहभागितालाई अधिकतम रूपमा प्रोत्साहित गर्ने र साथै राष्ट्रियताको दृष्टिकोणबाट संवेदनशील तथा सामाजिक न्यायको आधारमा आवश्यक ठहरिएका विषयहरू सार्वजनिक क्षेत्रमा राख्ने र निरपेक्ष गरिबीको रेखामुनि रहेका नेपालीहरूको परिचालन गरी गरिबी निवारणका लागि आधारभूत आवश्यकताको परिपूर्ति गर्ने जस्ता नीति लिएको देखिन्छ (राप्रपा प्रस्ताव र कार्यक्रम, २०५३, पृ. ३०) ।

निजीकरणलाई उदारनीति कार्यान्वयन गर्ने माध्यमको रूपमा लिएको यस पार्टीले वित्तीय नीति र मौद्रिक नीतिमा सुधार गर्न वैदेशिक सहायताको उपलब्धीअनुरूप विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने बाध्यताको साटो राष्ट्रिय विकास कार्यक्रम अनुरूप वैदेशिक सहयोग परिचालन गर्नुपर्ने नीति र कार्यक्रम लागु गर्नुपर्ने ठान्दछ । गाउँलाई आत्मनिर्भर र स्वावलम्बी बनाउन गाउँ तथा नगरपालिका तथा जिल्ला समन्वय समितिलाई पञ्चवर्षीय एवं दीर्घकालीन योजना बनाई स्थानीय स्तरका विकास निर्माणका कार्यक्रमलाई योजनाबद्ध रूपमा विकसित गर्दै लैजान प्रोत्साहन गरिनुपर्ने तथा देशका विभिन्न भागमा छरिएर रहेका जनजाति एवं पिछडिएका वर्गहरूको उत्थानका लागि निरन्तर रूपमा काम गर्ने एक स्थानीय निकाय स्थापना गरी त्यसमार्फत् प्रभावकारी कदमहरू कार्यान्वयन गर्नुपर्ने र महिलाहरूमा शिक्षाको स्तर तथा रोजगारीमा लाग्ने अवसरहरू विस्तार गरी समाजमा देखिएका महिलासम्बन्धी अन्य विकृतिहरू उन्मूलन गर्न निजहरूलाई देशको राजनीतिक, आर्थिक तथा सामाजिक विकासको प्रवाहमा सम्मिलित गर्न आवश्यक कार्यक्रम अविलम्ब लागु गर्नुपर्ने नीति राप्रपाले लिँदै आएको देखिन्छ (राप्रपा दस्तावेज, २०५४) । राप्रपाले सबल र संवृद्ध नेपाल निर्माणको लक्ष्य प्राप्तिका लागि अर्थतन्त्रको सुधार र आर्थिक विकासलाई उच्च प्राथमिकता दिई ३० वर्षे 'दीर्घकालीन राष्ट्रिय विकास कार्ययोजना' तयार गर्ने नीति लिइएको देखिन्छ । आर्थिक विकासको निमित्त उदार तथा जनमुखी अर्थनीतिको कार्यान्वयन, निजी क्षेत्र, सार्वजनिक क्षेत्र र जनताको साझेदारीको आर्थिक सिद्धान्तलाई अवलम्वन, लगानीमैत्री कानुन तथा वातावरणको निर्माण, मौद्रिक

तथा वित्तीय नीतिमा व्यापक सुधार, पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त प्रशासन, आर्थिक अपराध नियन्त्रणको कठोर कानुनी व्यवस्था, सामाजिक न्याय एवं कल्याणकारी राज्यको अवधारणाको कार्यान्वयन गर्ने आर्थिक नीति राप्रपाले लिएको छ (राप्रपा घोषणापत्र, २०७४, पृ. २१-२२) । भ्रष्टाचार नियन्त्रण, बेरोजगारी समस्याको समाधान र सुदृढ अर्थतन्त्रको निर्माणलाई राप्रपाले मुख्य एजेन्डाको रूपमा बढाउने अठोट लिएको छ ।

दस वर्षभित्रमा आर्थिक वृद्धिदरलाई दुई अङ्कमा पुऱ्याउने, पन्ध्र वर्षभित्र देशभित्रै रोजगारीको पर्याप्त अवसर सिर्जना गरी कामको लागि विदेश जानुपर्ने बाध्यात्मक परिस्थितिको अन्त्य गर्ने तथा विदेश गएकाहरूलाई समेत स्वदेश फर्कन उत्प्रेरित गर्ने, तीस वर्ष भित्रमा प्रतिव्यक्ति आय अन्य विकसित देशको दाँजोमा पुऱ्याउने र व्यापार घाटा वर्षेनी बढ्दै गएको हुनाले आन्तरिक लगानीको स्रोत क्रमशः वढाउदै र संरचनात्मक सुधार गर्दै आउँदो ३० वर्षमा विदेशी ऋणलाई शून्यमा झार्ने पहल गर्ने यसको आर्थिक नीति रहेको छ । त्रुटिपूर्ण आर्थिक नीतिको परिणामस्वरूप गरिबीको रेखामुनि रहेका जनताको सङ्ख्या अपेक्षित रूपमा घट्न सकेको छैन । गरिब र धनीबिचको खाडल झन बढेर गएको छ । राष्ट्रिय आय र सम्पतिको ठूलो हिस्सा सीमित समूहमा केन्द्रित रहेको छ । यस्तो अवस्थामा गरिबी निवारणको कार्यलाई राप्रपाले विशेष महत्त्वका साथ कार्यान्वयन गर्नेछ । गरिबी निवारणको दीर्घकालीन लक्ष्य हासिल गर्ने क्रममा प्रत्येक नेपाली जनताको निमित्त आवास, भोजन, रोजगारी, शिक्षा, स्वास्थ्यको व्यवस्थालाई राप्रपाले मुख्य पाँच प्राथमिकता र राष्ट्रिय आवश्यकताको रूपमा ग्रहण गरी त्यसको परिपूर्तिका निमित्त युद्धस्तरमा काम गर्ने लक्ष्य राखेको छ (राप्रपा घोषणापत्र, २०७४, पृ. २२) ।

न्यून आय भएका लक्षित वर्गलाई आवास सुविधा उपलब्ध गराउन विशेष आवास परियोजना कार्यान्वयन गरिनेछ । कुनै पनि नेपाली परिवार आवासविहीन नहोउन् भन्ने मान्यताअनुरूप प्रथम चरणमा सहरी विपन्न वर्ग, न्यून आय भएका तथा पिछडिएका वर्गहरूलाई सहुलियत ऋण उपलब्ध गराएर आवासको सुविधा उपलब्ध गराइनेछ र क्रमशः यो योजना अन्य वर्गमा समेत विस्तार गरिनेछ । दस वर्षभित्रमा सम्पूर्ण नेपाली परिवारको आफ्नै आवास हुने अवस्था सुनिश्चित गरिने छ । स्थानीय जनताको आवासको सुव्यवस्थित प्रवर्द्धनका लागि स्वामित्वमा साझेदारीको अवधारणा लागु गरिनेछ । यस प्रणालीमा आवास उपभोक्ताले घरको केही अंश वा तल्ला वा फ्ल्याट घर धनीलाई रकम भुक्तानी गरी खरिद गर्ने र बाँकी रकम घरमा बसेवापत मासिक भाडाको रूपमा भुक्तानी गर्दै जाने प्रणाली लागु गरिनेछ । विशेष आवास परियोजनाअन्तर्गत निर्माण हुने घरहरू प्रकोप प्रतिरोधी (सुरक्षित र बलियो) गराइनेछ । नगरपालिका तथा गाउँपालिकाका अति विपन्न र पिछडिएका वर्गलाई सहुलियतमा खाद्यान्न उपलब्ध गराउने व्यवस्था गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २२-२३) । त्यसैले राप्रपालाई विपन्न र पिछडिएका वर्गहरूका हितमा काम गर्ने पार्टी हो भन्न सकिन्छ । हरेक नेपाली जनताले मानवोचित जीवनयापनका क्रममा भोकै बस्न नपरोस् भन्ने उद्देश्यअनुरूप राप्रपाले राष्ट्रिय खाद्य सुरक्षा नीति कार्यान्वयन गर्ने लक्ष्य राखेको छ (राप्रपा घोषणापत्र,

२०७४, पृ. २३) । बेरोजगारी समस्या वर्तमान समयको सबैभन्दा विकराल र कठिन चुनौती हो । विगतका गलत नीतिहरूले गर्दा नयाँ उद्योगधन्दा खुल्ने र वैदेशिक लगानी आउने सबै बाटाहरू बन्द भए । भएका पुराना उद्योगहरू समेत त्रुटिपूर्ण व्यवस्थापनको सिकार भएर धराशायी भए ।

फलस्वरूप देश भित्र रोजगारीको सम्भावना न्यूनहुँदै गएपछि बाँच्नको लागि समेत अहिले ठूलो सङ्ख्यामा नेपाली युवाहरू विदेश पलायन हुन बाध्य छन् । करिव ५० लाख उत्पादनशील तथा सिर्जनशील युवाहरू विदेशमा छन् र तिनले पठाएको विप्रेषणबाट देशको अर्थतन्त्र धानिएको छ । यो चक्रलाई तोड्नु अनिवार्य छ । यस क्रममा राप्रपाले, आर्थिक गतिविधिको व्यापक विस्तार, सिपको विकास, वित्तीय व्यवस्था, स्वरोजगार कार्यक्रम जस्ता कार्यहरूको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्ने विशेष कार्ययोजना कार्यान्वयन गर्नेछ । रोजगारी प्रवर्द्धन हुनेगरी वैदेशिक, निजी तथा सरकारी लगानीमा व्यापक रूपले राजमार्ग, जल विद्युत, सिञ्चाइ, भवन तथा जग्गा विकास आदि पूर्वाधार विकासका महत्त्वपूर्ण आयोजनाहरू सञ्चालन गर्ने कार्यक्रमहरू रहेको देखिन्छ । विशेष कार्य योजनाको कार्यान्वयनबाट १५ वर्षभित्रै रोजगारीको पर्याप्त अवसर सिर्जना गरी कामको लागि विदेश जानुपर्ने बाध्यात्मक परिस्थितिको अन्त्य गर्ने तथा विदेश गएकाहरूलाई समेत स्वदेश फर्कन उत्प्रेरित गर्ने कार्य गरिनेछ । एक घर एक रोजगारीको अवधारणा कार्यान्वयन गरिनेछ साथै, निश्चित अवधिसम्म रोजगारी प्राप्त नगरेका युवाहरूलाई उपयुक्त मापदण्ड बनाई वेरोजगार भत्ता उपलव्ध गराइनेछ । देशभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना नभइसकेको अवस्थामा रोजगारीका लागि विदेश जानेहरूलाई आवश्यक तालिम, सिप विकास, सहुलियत ऋण र जीवन विमा व्यवस्थाजस्ता कार्यहरूमार्फत् वैदेशिक रोजगारीलाई सुरक्षित र लाभमूलक बनाइनेछ ।

वित्तीय संघसंस्थाको सहयोगमा रोजगारी प्रवर्द्धनका निमित्त एक स्वरोजगार कोष स्थापना गरिनेछ । सो कोषबाट बेरोजगारहरूलाई तालिम, सहुलियत ऋण र अन्य सहयोग उपल्ब्ध गराइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २३) । यी राप्रपाद्वारा प्रस्तावित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकिएमा देशभित्रै रोजगारीका प्रसस्त अवसरहरू सिर्जना हुन पुगी देश आत्मनिर्भरतर्फ उन्मुख हुने र युवाहरू विदेश पलायन हुनबाट रोकिने सम्भावना प्रशस्त रहेको छ । राप्रपाले सबैलाई शिक्षा भन्ने मान्यताअनुरूप विद्यमान शिक्षा प्रणालीमा आमूल सुधार गर्नेछ । यसका लागि राष्ट्रिय शिक्षा सुधार आयोग गठन गरिनेछ । विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षालाई राष्ट्र तथा जीवनको लागि उपयोगी बनाइनेछ । प्रत्येक नागरिकलाई स्वावलम्वी बनाउने तथा राष्ट्रका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने उद्देश्यअनुरूप शिक्षालाई नयाँ ढङ्गबाट विकास र विस्तार गरिनेछ । व्यावसायिक, प्राविधिक तथा गुणात्मक शिक्षालाई जोड दिइनेछ । अनौपचारिक र विशेष शिक्षालगायत खुल्ला विद्यालय, महाविद्यालय, विश्वविद्यालयमार्फत् पनि आधुनिक शिक्षामा पहुँच व्यापक रूपमा बढाइनेछ । सार्वजनिक विद्यालयहरूको शैक्षिकस्तर अभिवृद्धिमा विशेष ध्यान दिइनेछ । शिक्षाको गुणस्तर सुधार गर्न पाँच वर्षभित्र प्रत्येक गा.पा.मा कम्तिमा एक सामुदायिक माध्यमिक विद्यालयलाई नमुनाको रूपमा विकास गरिनेछ । शैक्षिक क्षेत्रमा विद्यमान पार्टीकरण र भागवण्डालाई अन्त्य

गरिनेछ तथा शिक्षालाई राजनीतिको प्रत्यक्ष प्रभावबाट मुक्त तुल्याइनेछ । शिक्षकहरूलाई राजनैतिक पार्टीको सदस्य बन्न नपाइने व्यवस्था गरिनेछ । छोरीहरूलाई शिक्षाप्रति आकर्षित गर्न १२ कक्षासम्म अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । शिक्षकहरूको वृत्तिविकासको निमित्त विशेष प्याकेज कार्यक्रम ल्याइनेछ । सार्वजनिक विद्यालयमा अङ्ग्रेजी, विज्ञान र गणित विषयको अध्यापन स्तर वृद्धि गर्न उल्लेखित विषयका शिक्षकहरूलाई थप आर्थिक सुविधा उपलब्ध गराइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २४) । दस वर्षभित्रमा सतप्रतिशत साक्षरता कायम गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

गाउँ/नगरपालिकाहरूबाट अनुदान प्राप्त गर्ने विद्यालयहरूमा माध्यमिक तहसम्मको पढाइ निःशुल्क गरिनेछ । सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विशेष कार्ययोजना सञ्चालन गरिनेछ । अङ्ग्रेजी, विज्ञान र गणितका शिक्षकहरूको दक्षता वृद्धिमा जोड दिइनेछ । सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा सुशासन प्रवर्द्धन गर्न स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ । प्रत्येक गाउँ/नगरपालिकाले हरेक वर्ष छात्रवृत्ति प्रदान गरी गाउँ/नगरपालिकाको जेहेन्दार विद्यार्थीमध्येबाट एक जना डाक्टर र एक जनालाई इन्जिनियरिङ शिक्षामा पढ्न पठाइनेछ । त्यसरी पढेर आएका व्यक्तिले कम्तिमा पाँच वर्ष सम्बन्धित गाउँ/नगरपालिकामा काम गर्नुपर्नेछ । सार्वजनिक र निजी विद्यालयमा प्रयोग हुने पाठ्यसामग्रीमा देखिएका भिन्नतालाई सम्बोधन गर्न पाठ्यसामग्रीमा आवश्यक परिमार्जन गरी एकरूपता कायम गरिनेछ । रोजगारी र उद्यमशीलताको लागि शिक्षा भन्ने मान्यता अनुरूप शिक्षाको विकास र विस्तार गरिनेछ । विद्यालयको पाठ्यक्रमले स्थानीय उत्पादन, श्रम एवं स्थानीय अर्थतन्त्र, स्थानीय रोजगार वृद्धि गर्ने कार्यलाई सुनिश्चित गर्ने गरी रोजगारमूलक व्यवसायिक शिक्षालाई जोड दिइनेछ । शिक्षण पेसालाई आकर्षक, पेसागत र मर्यादित बनाउने क्रममा गाउँ/नगरपालिकाले उत्कृष्ट विद्यार्थीहरूलाई शिक्षण पेसाप्रति आकर्षित गर्न आवश्यक प्रबन्ध मिलाउने छ । महिला, दलित तथा पछाडि पारिएका समुदायका नागरिकलाई शिक्षण पेशामा अवसर सिर्जना गर्न विशेष व्यवस्था गरिनेछ । सामुदायिक विद्यालयका आवश्यक पूर्वाधार जस्तै : सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाइ आदिको प्रबन्ध विद्यार्थी अनुपातमा गर्ने कुरा सुनिश्चित गरिनेछ ।

स्थानीय समुदायको सहमति लिएर तथा आवश्यकताअनुसार कम्तिमा शिशु शिक्षादेखि कक्षा ३ सम्म मातृभाषामा अध्ययन/अध्यापन गराउने व्यवस्था मिलाइनेछ । शिक्षामा राजनैतिक हस्तक्षेप पूर्ण रूपमा बन्द गरी शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेप मुक्त बनाउदै शान्ति क्षेत्र बनाइनेछ । शिक्षाको विकासमा निजी क्षेत्रको भूमिकालाई आवश्यक नियमन गरी प्रोत्साहन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २५) । प्रत्येक नेपाली जनता स्वास्थ्य सुविधाबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यअनुरूप स्वास्थ्य क्षेत्रको विकास गरिनेछ । स्वास्थ्य सुविधालाई अझै सस्तो एवं सुलभ, पहुँचयोग्य, गुणात्मक र भरपर्दो बनाइने तथा स्वास्थ्य सेवामा आमजनताको सहज पहुँच कायम गरिनेछ । स्वास्थ्य विमाको अवधारणा कार्यान्वयन गरी क्रमशः विपन्नवर्ग,

राष्ट्रसेवक, सुरक्षाकर्मी, मजदुरवर्ग, महिला र आम जनसमुदायलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ । सरकार तथा निजी क्षेत्रको साझेदारीमा सबैलाई स्वास्थ्य भन्ने मान्यताअनुरूप स्वास्थ्य क्षेत्रको व्यापक विकास र विस्तार गरिनेछ । निजी हस्पिटल तथा नर्सिङहोमहरूको सेवा, सुविधा, शुल्क लगायतका विषयहरूलाई व्यवस्थित गर्न अधिकार सम्पन्न राष्ट्रिय निकाय खडा गरिनेछ । काठमाण्डौंको वीर अस्पतालसरहको अस्पताल सातै प्रदेशमा समेत निर्माण गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २५-२६) । क्यान्सर, मृगौला र मुटुका बिरामीहरूले औषधी उपचार गर्न नपाएर मर्न नपरोस् भन्ने उद्देश्यले यस्ता रोगका विरामीहरूको निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ भन्ने घोषणपत्रमा उल्लेख छ (राप्रपा घोषणापत्र, २०७४, पृ. २५-२६) । आयुर्वेदिक तथा प्राचीन चिकित्सापद्वति र औषधी उपचार क्षेत्रको परिमार्जन, विकास तथा विस्तार गरिनेछ ।

महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई कम्तिमा मासिक रु.२००० निर्वाहभत्ता दिने व्यवस्था गरिनेछ । प्रत्येक गाउँ/नगरपालिकाहरूमा कम्तिमा २५ बेडको एक अस्पताल निर्माण गरिनेछ । गाउँ/नगरपालिकाको प्रत्येक वडामा कम्तिमा २ जना महिला स्वास्थ्य स्वयंसेविका नियुक्त गरिनेछ । ५ वर्ष भित्र गाउँ/नगरपालिकाका प्रत्येक नागरिकको स्वास्थ्य विमा गरिनेछ । विपन्न परिवारका छोरा छोरी जन्मिनासाथ गाउँ/नगर पालिकाद्वारा प्रतिशिशु एकमुष्ठ रु ५००० सुपोषण अनुदान प्रसुती हुने आमामार्फत् प्रदान गरिनेछ भन्ने उल्लेख भएको पाइन्छ (ऐजन) । बहुसङ्ख्यक नेपाली जनता अझै पनि कृषिमा आधारित भएको हुँदा कृषि क्षेत्रको समग्र विकासबिना जनताको जीवनस्तरमा सुधार आउन सक्दैन । सबै किसिमको जग्गा र जलवायुको अधिकाधिक उपयोग हुने गरी हरितक्रान्तिको रूपमा कृषि विकासलाई राप्रपाले विशेष महत्त्व दिनेछ । यस क्रममा, विपन्न तथा सीमान्त कृषकहरूको आर्थिक स्थितिमा सुधार ल्याउनका निमित्त बैंक तथा वित्तीय संस्थाहरूमा उनीहरूको पहुँच कायम गरिनेछ । त्यस्ता किसानहरूलाई सहुलियत ब्याजदरमा ऋणको व्यवस्था गरिनेछ । साना किसानहरूले लिएको ऋण तथा ब्याज मिनाहाको निमित्त विशेष प्याकेज कार्यक्रम कार्यान्वयन गरिनेछ । खेती किसानीलाई नाफामूलक तथा आयवृद्धिको पेसा बनाउन राप्रपाले कृषि क्षेत्रको विविधीकरण तथा कृषिजन्य उद्योग तथा ग्रामीण औद्योगीकरणमा जोड दिइनेछ । भोकमरीको समस्याबाट नेपाली जनतालाई सदाको लागि मुक्त तुल्याउन खाद्यसुरक्षा तथा खाद्यान्नमा आत्मनिर्भरता कायम गर्न दीर्घकालीन योजना कार्यान्वयन गरिनेछ । दुग्ध व्यवसाय, माछापालन, पशुपालन, कुखुरापालन, तरकारीखेती साथै नगदेबाली र व्यवसायको विकास र विस्तारको नयाँ योजनाहरू कार्यान्वयन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २६) ।

कृषि विकासको लागि सडक, सिँचाइ, ऋण सुविधा, मलखाद र अन्य सामग्रीहरूको आपूर्ति र व्यवस्था सहज र सुलभ तुल्याइनेछ । रासायनिक मलखादको आपूर्ति सहज तुल्याउन देशभित्रै एक रासायनिक मल कारखाना स्थापना गरिनेछ । कृषि क्षेत्रको विविधीकरण, व्यवसायीकरण, कृषिजन्य उद्योगको विकास तथा ग्रामीण औद्योगीकरणमा जोड दिई कृषि क्षेत्रमा संलग्न ठूलो अर्धरोजगार, वेरोजगार जनशक्तिलाई

उत्पादनशील बनाउन आवश्यक व्यवस्था गरिनेछ । खाद्य सुरक्षा, कृषि उपजको न्यूनतम बालीमूल्य, खरिदको व्यवस्था र बालीविमा, पशुविमा कार्यक्रम कायम गर्न कृषिलाई अर्थतन्त्रको मेरुदण्डको रूपमा विकास गरिनेछ । प्राङ्गारिक खेती, जडीबुटी जस्ता देशको जलवायु तथा पर्यावरणीय आधारमा तुलनात्मक लाभ भएका नगदेबाली र व्यवसायको विकास गरिनेछ । सिँचाइ, ग्रामीण विद्युतीकरणमा सहुलियतपूर्ण ऋण सुविधा, बजार व्यवस्था, स्रोत संरक्षण, नवीनतम, कृषि प्रविधि, उन्नत वीउविजन, मलखादमा विशेष ध्यान दिइनेछ । कृषकहरूको लगानीलाई सुरक्षित तुल्याइनेछ तथा कृषि कर्जाको ब्याजदर कम गरिनेछ । सहकारी क्रियाकलापलाई व्यवस्थित, व्यवसायमूलक र पारदर्शी बनाइनेछ भन्ने राप्रपाको घोषणा पत्रमा उल्लेख छ (राप्रपा घोषणापत्र, २०७४) । राप्रपाले जनमुखी भूमिसुधारको अवधारणा अघि सारेको छ । भूमिको परम्परागत चलन, भूमिसुधार आयोगको प्रतिवेदन, विज्ञका सुझावहरू र कृषकको राय सुझावमा भूउपयोग नीति अवलम्बन गरी कृषिलाई व्यवसायीकरण, आधुनिकीकरण एवं यान्त्रिकीकरण गर्नु नै जनमुखी भूमिसुधारको प्रमुख लक्ष्य हो ।

जग्गाविहीन तथा सीमान्त किसानहरूलाई जीवन निर्वाहका लागि जमिन उपलब्ध गराउने, जग्गा धनीहरूले आफूले खेती गर्न सक्ने हदसम्मको जग्गा कायम राख्ने तथा आफूले छोड्नु पर्ने जग्गाको उचित मुआब्जा जग्गाधनीले प्राप्त गर्ने जस्ता समन्वयात्मक तथा न्यायोचित व्यवस्था नै राप्रपाको जनमुखी भूमिसुधारका मौलिक विशेषता हुनेछन् (राप्रपा घोषणापत्र, २०७४, पृ. २७) । भूउपयोग नीतिको आधारमा देशमा विद्यमान खेतीयोग्य जमिनको सही र उच्चतम उपयोग हुन आवश्यक छ । कृषिमा आत्मनिर्भर बन्न सक्ने प्रशस्त आधार हुँदाहुँदै पनि कृषिप्रधान देश कृषिजन्य वस्तुको आयातमा निर्भर हुन परिराखेको तितो यथार्थ हाम्रो सामु विद्यमान रहेको छ । यो वास्तवमै लज्जाको विषय हो । यस सन्दर्भमा जनमुखी भूमिसुधारको माध्यमबाट कृषिक्षेत्रमा आमूल परिवर्तन गर्न आवश्यकता छ । यसले कृषिजन्य वस्तुमाथिको परनिर्भरता कम हुन गई नेपाल सबल र सक्षम राष्ट्र हुन सक्ने कुरामा कुनै सन्देह छैन । परनिर्भरताकै कारण विदेशी हस्तक्षेप बढ्दै गई रहेको वर्तमान परिप्रेक्ष्यमा नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सकेमा विदेशीको अनाधिकृत हस्तक्षेप बन्द हुन गई संवृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना साकार पार्न सकिन्छ (राप्रपा घोषणापत्र, २०७४, पृ. २७) । किसानका उत्पादनका स्वरूपहरू बढाउन, केलाउन, ग्रेडिङ गर्न, शीत भण्डारण, भण्डारण, प्याकिङ गर्नका लागि संरचनाहरू स्थापना गरिने छन् । यसै क्रममा, मूल्य शृङ्खलामा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । सहरी क्षेत्रमा गमला गार्डेन, कौसी गार्डेनलाई प्रोत्साहन दिइनेछ ।

साना तथा मझौला किसानलाई सहुलियतपूर्ण दरमा ऋण सुविधा दिइनेछ । किसान कल्याणकारी कोष खडा गरी ७० वर्षभन्दा माथिका किसानहरूलाई पेन्सनको व्यवस्था गरिनेछ । राष्ट्रिय भूउपयोग नीति अवलम्बन गर्ने योजना बनाई सोहीअनुरूप विभिन्न किसिमका कृषिहरू प्रवर्द्धन गरिनेछ । किसानहरूलाई निःशुल्क र सर्वसुलभ प्राविधिक सेवा प्रदान गरिनेछ । उच्च मूल्य र कम आयतन भएका कृषिजन्य

वस्तुहरूको व्यवसायिक उत्पादन गर्न अभिप्रेरित गरिनेछ । बढीभन्दा बढी जमिन, मुक्त कमैया, हलिया, हरूवा, चरुवा, सुकुमबासी र गरिब किसानहरूलाई निःशुल्क वितरण गरिनेछ । ग्रामीण ईलाकामा बाँझो जग्गा राख्न बन्देज लगाइनेछ भन्ने घोषणापत्रमा उल्लेख भएको पाइन्छ (राप्रपा घोषणापत्र, २०७४, पृ. २८) । कृषि, पूर्वाधार विकास, उद्योग, वाणिज्य, सञ्चार, पर्यटन एवं ऊर्जा प्रवर्द्धनजस्ता क्षेत्रहरूमा निजी क्षेत्रको अग्रणी भूमिका सुनिश्चत गरिनेछ । गाउँ/नगरपालिकाहरूमा एकद्वार नीति कायम गरिनेछ । निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न गाउँ/नगर पालिकालाई निजी क्षेत्रमैत्री वातावरण कायम गरिनेछ (राप्रपा घोषणापत्र, २०७४) । पार्टीले अघि बढाएको कार्यक्रम 'एक घर एक रोजगार' लाई अगाडि बढाइनेछ । बेरोजगारहरूको लागत राख्न शैक्षिक तथा गैरशैक्षिक बेरोजगारहरूको अध्ययन गरिनेछ । २५ वर्षभन्दा माथिका बेरोजगार युवाहरूलाई 'बेरोजगार भत्ता'लाई अगाडि बढाइनेछ ।

देशभित्र तथा बाहिरका बेरोजगारहरूको हक तथा हित संरक्षण गर्न पहल गरिनेछ । वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउन तथा विकृति, विसङ्गति, ठगी तथा शोषण हटाउन विशेष पहल गरिनेछ । वैदेशिक रोजगारीमा जाने नेपालीहरूलाई मापदण्ड बनाई कूल खर्चको ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ । वैदेशिक रोजगारीमा गएका गाउँ/नगरपालिका भित्रका कुनै व्यक्तिको विदेशमा निधन भएमा पीडित परिवारलाई गाउँ/नगरपालिकाले थप एक लाख आर्थिक सहयोग प्रदान गर्नेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २८) । यसबाट राप्रपाको आर्थिक विकाससम्बन्धी स्पष्ट धारणा र सोच रहेको प्रस्ट हुन्छ ।

### ४.५.३ समानुपातिक तथा समावेशिता सम्बन्धी नीति

मुलुकको शासन व्यवस्थामा सबै नेपालीको समान सहभागिता र पहुँच सुनिश्चित गर्न राप्रपाले समावेशी प्रतिनिधित्व, चरित्र, संस्कार र मान्यता स्थापित गर्नेछ । सार्वजनिक रोजगारी तथा जनप्रतिनिधित्वको क्षेत्रमा समावेशी सिद्धान्त लागु गरिनेछ । सबै तहका निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली कायम गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३५) । राप्रपाले महिलावर्गको हित र सशक्तीकरणलाई जोड दिनेछ । महिलाहरूको शिक्षा, स्वास्थ्य र सुरक्षाको निमित्त विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । राजनैतिक नियुक्ति तथा प्रतिनिधित्वको क्षेत्रमा कम्तिमा २२ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ । बालिकाहरूलाई माध्यमिक तहसम्म अनिवार्य र निशुल्क शिक्षा दिइनेछ । कक्षा ६ देखि विद्यालय जाने बालिकालाई मासिक रु १५० थप प्रोत्साहन भत्ता दिइनेछ । उच्च शिक्षामा सहभागी हुनेलाई छात्रवृत्ति वा बिना ब्याज र विना धितोको ऋणको व्यवस्था गरिनेछ । मधेशमा दलित तथा गरिबीको रेखामुनि रहेका परिवारको कक्षा ८ भन्दा माथि पढ्ने बालिकालाई निःशुल्क साइकल उपलव्ध गराइनेछ । तलव, भत्ता तथा ज्यालामा पुरुष तथा महिलाबिच समानता कायम गरिनेछ । लिङ्गका आधारमा हुने सबै प्रकारका विभेद तथा हिंसालाई अन्त्य गरिनेछ । महिलाहरूलाई स्वास्थ्यमा सरल, सुलभ र सहज पहुँच कायम गरिनेछ ।

आयआर्जन कार्यमा महिलाहरूको सहभागिता नबढाई महिला सशक्तीकरण अधुरो रहने हुँदा महिलाहरूको आर्थिक अवस्था सुदृढ तुल्याउन समेत विशेष नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

दाइजोप्रथा, बालविवाह, मानव वेचविखन, बलात्कार तथा घरेलु हिंसा जस्ता अभिशापको अन्त्यको निमित्त कठोर कदम चालिनेछ (राप्रपा घोषणापत्र, २०७४) । कुपोषणको अभिशापबाट नेपाली महिला तथा शिशुहरूलाई मुक्त तुल्याउन विशेष कार्ययोजना सञ्चालन गरिनेछ । साथै मातृशिशु तथा प्रसुती सेवाको स्तरोन्नति गरी सर्वसुलभ तुल्याइनेछ । विपन्न परिवारका छोराछोरी जन्मनासाथ राज्यले प्रतिशिशु एकमुष्ठ रु. ५००० सुपोषण अनुदान प्रदान गरिनेछ । गापा/नपाको बजेटको १० प्रतिशत महिलाको शिक्षा, स्वास्थ्य तथा रोजगारीमूलक कार्यक्रममा विनियोजित गरिनेछ । महिलाहरूको शिक्षा, स्वास्थ्य, सुरक्षा र रोजगारी उच्च प्राथमिकतामा रहनेछ । महिलाहरूको प्रजनन स्वास्थ्य तथा प्रजनन अधिकारका कार्यक्रमहरू व्यापक रूपले सञ्चालन गरिनेछ । साथै, स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरूलाई महिला मैत्री बनाइनेछ । महिलाहरूको आर्थिक अवस्था सुदृढ गर्न कृषिमा आधारित आयआर्जन तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । महिला साक्षरता अभियान सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीमा गएका महिलाहरूको अभिलेख राखी उनीहरूका स्थितिको बारेमा जानकारी राखिनेछ । समस्यामा परेकाहरूलाई आवश्यक सहयोग गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३५-३६) ।

राष्ट्रको सुरक्षा, जनताको सेवा र राष्ट्रिय विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी अवकास प्राप्त जीवनयापन गरी रहेका भूपु सैनिक, प्रहरी तथा निजामति सेवाका राष्ट्र सेवकहरूको हितको संरक्षणका निमित्त राप्रपा सदैव प्रतिबद्ध रहनेछ । उनीहरूको पेन्सन र सुविधाहरू समयानुकूल अभिवृद्धि गरिनेछ । उनीहरूका परिवारसमेतको शिक्षा र स्वास्थ्यमा सरकारले उचित व्यवस्था मिलाउनेछ । साथै उनीहरूको ज्ञान, अनुभव र सिपलाई सदुपयोग गर्न छुट्टै कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३६) । बाबुआमा गुमाएका बालबालिका तथा विपन्न, अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय एवं जोखिममा रहेका बाल बालिकाहरूका लागि वैकल्पिक पारिवारिक स्याहार तथा सुरक्षा उपलब्ध गराउने व्यवस्था गरिनेछ । गापा/नपाहरूमा बालमैत्री स्थानीय शासन अवधारणालाई थप प्रवर्द्धन गर्दै युवा र अपाङ्गमैत्री बनाई यसलाई समेत कार्यान्वयन गरिनेछ । गाउँपालिका/नगरपालिकाहरूभित्र स्थायी र अस्थायी रूपमा बसोबास गर्ने बालबालिकाहरूको जन्मदर्ता गर्ने व्यवस्था प्रभावकारी र अनिवार्य तुल्याइनेछ । गापा/नपाहरू भित्रका व्यवसाय, उद्योग, कल कारखाना तथा निजी घर खेत आदिमा बालश्रमको प्रयोग पूर्णतः निषेध गरिनेछ । साथै, दिवा शिशु हेरचाह केन्द्र स्थापनालाई प्रोत्साहित गरिनेछ ।

बाबुआमा गुमाएका बालबालिका तथा विपन्न, अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय एवं जोखिममा रहेका बाल बालिकाहरूका लागि वैकल्पिक पारिवारिक स्याहार तथा सुरक्षा उपलव्ध गराउने व्यवस्था गरिनेछ । बालबालिका विरुद्ध हुने हिंसा, श्रम शोषण एवं बेचविखन पूर्ण रूपमा अन्त्य गरिनेछ । साथै कुपोषण रोकथामका लागि पोषण कार्यक्रमहरू अनिवार्य रूपमा सञ्चालन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३६)

। अपाङ्गहरूलाई शिक्षा र व्यवसायिक सिप दिने तथा सार्वजनिक स्थललाई अपाङ्गमैत्री बनाउन जोड दिइनेछ । अपाङ्ग तथा ६५ बर्षभन्दा माथि उमेरका सबै नेपालीहरूको निशुल्क स्वास्थोपचारको व्यवस्था गरिनेछ भन्ने राप्रपाको घोषणा पत्रमा उल्लेख छ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३७) । नेपालको कुल जनसङ्ख्यामध्ये १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू (प्रदेश नीति तथा योजना आयोग, २०७६, पृ. २४८) रहेका परिप्रेक्ष्यमा राप्रपाबाट प्रस्तावित यी कार्यक्रमहरू आफैँमा जायज र महत्त्वपूर्ण हुँदाहुँदै पनि ती अपूर्ण र अपर्याप्त रहेका छन् ।

कानुनमा व्यवस्था भएबमोजिम अपाङ्गता भएका व्यक्तिहरूको सेवा सुविधाको कार्यान्वय गर्न र सोको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गताको गम्भीरताका आधारमा पूर्वाधार, आवश्यकताअनुसार सेवा सुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, दुरदराजमा रहेका अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका व्यवसायबाट उत्पादित वस्तुको बजारीकरण गर्नु, दुर्गम ग्रामीण क्षेत्रमा सहज सेवासुविधाको व्यवस्थापन र सबै भौतिक संरचनाहरू अपाङ्गमैत्री निर्माण गर्नु, पूर्ण अशक्त, अति अशक्त, बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरूको लागि सहयोगी व्यक्ति र पुनर्स्थापनाको व्यवस्था गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकतानुसार रोजगारी उपलब्ध गराउनु आवश्यक छ । जेष्ठ नागरिकको अनुभव, क्षमता र सिपको सदुपयोग गर्न विशेष कार्यक्रमको तर्जुमा गरिनेछ । जेष्ठ नागरिकहरूलाई सार्वजनिक यातायातमा विशेष छुट दिइनेछ । प्रत्येक निर्वाचन क्षेत्रमा वृद्धाश्रमको व्यवस्था गरिनेछ । जेष्ठ नागरिक कोषको व्यवस्था गरी सोको व्याजबाट उनीहरूका लागि कल्याणकारी कार्यहरू गरिनेछ । जेष्ठ नागरिकलाई विभिन्न तीर्थस्थलमा जाने व्यवस्था गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३७) ।

यी कार्यक्रमहरूका अतिरिक्त ज्येष्ठ नागरिकका विषयलाई समान रूपमा सम्बोधन र व्यवस्थापन गर्नु, ज्येष्ठ नागरिकको सङ्ख्यामा वृद्धि हुँदै जाँदा सोअनुसार सेवा सुविधाको पर्याप्त मात्रामा व्यवस्था गर्नु, ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु, परिवारलाई जिम्मेवार बनाउनु, उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु, उनीहरूका लागि उपयुक्त एवं पर्याप्त दिवा सेवाकेन्द्र, औषधोपचार सहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन गर्नु आदि आवश्यक छ । ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु पर्ने आवश्यकता रहेको छ । साथै उनीहरूले पाइराखेको भत्तामा वृद्धि गरी कम्तिमा पनि रु. ५००० सम्म पुऱ्याउनु वाञ्छनीय देखिन्छ । राप्रपाले युवावर्गको हक, हित र कल्याणको निमित्त एकीकृत राष्ट्रिय युवा नीति तर्जुमा गरी कार्यान्वियन गर्नेछ । युवावर्ग नै राष्ट्र निर्माणका मेरुदण्ड भएको हुँदा युवावर्गमा ज्ञान, सिप र प्रतिभाको विकासमा सरकारले विशेष जोड दिनुपर्दछ । युवावर्गमा स्वभाविक रूपले बढ्दै गइरहेको आकांक्षा र चाहनालाई सम्बोधन गर्न राप्रपाले युवाहरूमा श्रम, सिप र सदाचारको भावना अभिवृद्धि गर्नेछ । यस क्रममा, युवा स्वरोजगारको

प्रवर्द्धन, युवाहरूमा स्वावलम्बनको विकास एवं राष्ट्रको विकासमा युवाहरूको सहभागिता बढाउन राप्रपाले राष्ट्रिय विकास सेवा अभियान सञ्चालन गर्नेछ । युवावर्गमा स्वावलम्बनको अभिवृद्धि गर्न तथा रोजगारीको अवसर सिर्जना गर्न राप्रपाले राष्ट्रिय सिप विकास अभियान सञ्चालन गर्नेछ । यस अभियानअन्तर्गत देशका विभिन्न भागहरू खासगरी ग्रामीण क्षेत्रमा सिप विकास केन्द्रहरू खडा गरी विभिन्न विषयहरूमा तालिम र ज्ञान प्रदान गरिनेछ ।

स्थानीय कच्चा पदार्थ र प्राकृतिक स्रोतको अधिकतम् उपयोग गरी व्यवसाय प्रवर्द्धन गर्न राष्ट्रिय युवा उद्यमीहरूलाई प्रोत्साहन गरिनेछ । युवावर्गलाई विचलन गराइरहेको लागु औषध दुर्व्यसनलाई निर्मूल पार्न उपयुक्त कदम चालिनेछ । सामाजिक तथा निजी क्षेत्रसँगको समन्वयमा आर्थिक विकास तथा उत्पादनका कार्यक्रमहरूमा युवाहरूलाई समावेश गरिनेछ । विशेषगरी सीमान्तकृत, मधेसी, मुस्लिम, आदिवासी, जनजाति जस्ता पिछडिएका युवालक्षित कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका तथा नगरपालिकाहरूमा बालमैत्री स्थानीय शासन अवधारणालाई थप प्रवर्द्धन गर्दै युवा र अपाङ्गमैत्री बनाई स्थानीय शासनको अवधारणालाई समेत कार्यान्वयन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३७-३८) । विद्यार्थीहरूलाई पूर्वसेवा अनुभव प्रदान गर्न Internship को व्यवस्था गरिनेछ । स्नातकोत्तरमा अध्ययनरत विद्यार्थीहरूलाई अर्को कलेजमा केही समय त्यही रही ज्ञान तथा अनुभव आदानप्रदान कार्यक्रमको व्यवस्था गरिनेछ । शोधकार्यको लागि अनुसन्धान कोषको व्यवस्था गरिनेछ । स्वयंसेवी तालिम सञ्चालन गरी स्वयंसेवक तथा समाज सेवामा संलग्न गर्न अभिप्रेरित गरिनेछ । उच्च शिक्षा आर्जन गर्न चाहने गरिब तर जेहेन्दार विद्यार्थीलाई बिनाधितो दीर्घकालीन शैक्षिक ऋण पाउने व्यवस्था गरिनेछ । आधुनिक प्रविधिमा युवाहरूको पहुँच अभिवृद्धि गर्न कक्षा १२ भन्दा माथिका विद्यार्थीहरूलाई निशुल्क ल्यापटप उपलव्ध गराइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३८) ।

नेपाल अधिराज्यभर घडेरी नभएका, श्रमबाहेक अन्य पेसा नभएका, सरकारी, निजी वा सार्वजनिक जग्गामा बसिरहेका व्यक्ति र उक्त व्यक्तिमाथि आश्रित व्यक्तिहरू सुकुम्बासी परिवार हुन् । यस क्रममा, प्रत्येक परिवारलाई एक परिवार एक आवासको व्यवस्था गरिनेछ । प्रत्येक परिवारमा कमसेकम एक जनालाई रोजगारी एवं आयआर्जनका विषयमा क्षमता वृद्धि गरी सो व्यवसायमा लाग्न विशेष व्यवस्था गरिनेछ । भूकम्प पीडित सुकुम्बासी परिवारलाई तत्काल सुरक्षित आवासको व्यवस्था गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३८) । नेपालका आदिवासी जनसमुदायका रूपमा खस, आर्य, ब्राह्मण, क्षेत्री, दशनामी र ठकुरीहरूको अलग पहिचानलाई राज्यले मान्यता दिनेछ र तदनुरूप नीति निर्माण गरिनेछ । पिछडिएका क्षेत्रमा बसोबास गर्ने गरिबीको रेखामुनि रहेका खस आर्यहरूका लागि पनि विशेष सामाजिक सुरक्षा योजना लागु गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३८) । यसबाट खसआर्य समुदायको उचित संरक्षण तथा समतामूलक र सद्भावपूर्ण समाज निर्माणमा टेवा पुग्ने कुराको अपेक्षा गर्न सकिन्छ । प्रवासमा रहेका नेपालीहरूको हक, हित र उन्नतिको लागि राज्यले उपयुक्त ध्यान दिनुपर्दछ । यस क्रममा गैरआवासीय

नेपालीहरूलाई नागरिकता प्रमाणपत्र र राहदानी दिने, नेपालमा कारोबार, बसोबास तथा आवात जावतमा सहजता कायम गर्ने बारे राप्रपाले आवश्यक नीति तथा कानुनी व्यवस्था गर्नेछ । यस विषयमा, गैर आवासीय नेपालीलाई राष्ट्रिय हितको कार्यहरूमा संलग्न सहकार्य तथा सहचार्य गराउन राष्ट्रिय कार्यक्रम बनाइनेछ । गैरआवासीय नेपालीहरूको आवश्यकता, रुचि, सांस्कृतिक एवं आर्थिक विकासका कार्यक्रममा संलग्न गराइनेछ । विदेशमा रहेका नेपालीहरूले समेत मताधिकार प्रयोग गर्न पाउने व्यवस्था राप्रपाले मिलाउनेछ ।

गैरआवासीय नेपालीले अन्यत्र कमाएका सम्पति नेपालमा करमुक्त गरिनेछ । गैरआवासीय नेपालीलाई नेपालभित्र लगानी गर्न प्रोत्साहन गरिनेछ । नेपालको समष्टिगत विकासको प्रयासमा गैरआवासीय नेपालीहरूलाई सहभागी गराउन उचित नीति ल्याइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३९) । उनीहरू गरिबीको चक्रव्यूहबाट बाहिर निस्किरहेका छन् । उनीहरूको आफ्नै आकांक्षा छ, जसको परिपूर्ति गर्न शिक्षा, स्वास्थ्य र सुरक्षित आवास, जीविका जन्य विषयमा विशेष प्राथमिकता दिइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ३९) ।

## जनजातिसम्बन्धी नीति तथा कार्यक्रम

सम्पूर्ण जाति, वर्ग र समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमै समेटेर अगाडि बढाउनका लागि जङ्गी, निजामति सेवालगायत सरकारी अङ्गहरूमा यथोचित सहभागी गराउन, भाषा संस्कृति, भेषभुषा, रहनसहन, धर्म, लिपि आदिको विकास गर्न, आर्थिक विकासका सम्भावना पहिल्याई प्राथमिकता प्रदान गर्न र सर्वाङ्गीण समुन्नतिको निम्ति राप्रपाले विशेष कार्यक्रम सञ्चालनगर्ने नीति लिएको कुरा यो पार्टी स्थापनाको पूर्वसन्ध्या २०४८ मा पार्टीद्वारा जारी गरिएको नीति वक्तव्यमा उल्लेख गरिएको छ (राप्रपा नीति वक्तव्य, २०४८) । पिछडिएको वर्ग र समूहलाई राष्ट्रिय मूलधारमा ल्याउनका लागि सुरूमा राज्यद्वारा आर्थिक दृष्टिकोणले विपन्न वर्ग र विभिन्न जनजातिहरूको लागि विशेष छात्रवृत्ति र शैक्षिक संस्थाहरूमा न्यूनतम् उपस्थिति लागु गर्ने बेला आवश्यक भइसकेको ठानी यस सम्बन्धमा पार्टीले आवश्यक कार्य नीतिको तर्जुमा गर्नुपर्ने कुरामा जोड दिइएको छ (राप्रपाको प्रस्ताव र कार्यक्रम, २०५३, पृ. ४०) । आदिवासीहरूको आत्मनिर्भरको अधिकार परिपालन गर्न गराउन पहल गर्ने र जनजाति, तराईका मधेसी दलितको प्रतिनिधित्वको आधारमा राष्ट्रियसभा गठन गर्ने नीतिलिने कुरामा जोड दिएको छ (राप्रपा दस्तावेज, २०५४, पृ. ४७) । यसबाट राप्रपा जनजाति उत्थानको लागि कटिबद्ध रहेको पार्टी हो भन्न सकिन्छ ।

## महिलासम्बन्धी नीति तथा कार्यक्रम

महिलाको समग्र विकासका लागि नीतिगत र संरचनागत उपायहरू अवलम्वन गर्दै तात्कालिक र दीर्घकालिक कार्यक्रम बनाइ समग्र महिलाको विकास गरी दिगो विकास हासिल गर्ने र महिला सशक्तीकरण गरिनुपर्ने धारणा राप्रपाले राख्दै आएको छ (राप्रपा दस्तावेज, २०५४, पृ. ३६) । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मातहातका विभिन्न उच्च पदहरूमा महिलाको नियुक्ति, निर्वाचन र पदोन्नति समानुपात र समानताको आधारमा हुनुपर्छ । राजनैतिक दल तथा दलहरूसँग आबद्ध भएका वा नभएका पेसागत तथा

व्यवसायिक संघ संस्थाहरूले आफ्नो विधान, विनियममा महिला सहभागिताको प्रतिशत सुनिश्चित गर्नुपर्दछ। स्थानीय निकाय, प्रतिनिधिसभा र मन्त्रीपरिषद्मा महिला सदस्यको लागि यथोचित प्रतिशत सिट सुरक्षित गरिनुपर्छ भन्ने राप्रपाको नीति रहँदै आएको देखिन्छ । यस पार्टीले महिलाको मानवअधिकार भनेको पुरुष सरहको हक उपयोग गर्नु नै हो भन्ने ठान्दछ (राप्रपा दस्तावेज, २०५४) । महिलाहरूका लागि परम्परागत पेसाहरूमा अवसर विस्तार गराउन महिला निरक्षरता उन्मूलन तथा कार्यमूलक साक्षरता र प्रौढ शिक्षा अभियान सञ्चालन गरी व्यावसायिक सीप र प्रशिक्षणको विविधीकरण गरिनुपर्दछ । साथै महिला शिक्षालाई आकर्षित बनाउन बाल बालिकाहरूलाई अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरी छात्रवृत्ति र बस्ने खाने ठाउँको सहुलियत प्रदान गर्नुपर्छ भन्ने नीति राप्रपाले लिँदै आएको देखिन्छ । यसबाट महिला हकहित र उत्थानको लागि कटिबद्ध रहेको पुष्टि हुन्छ ।

### तराईवासीसम्बन्धी नीति तथा कार्यक्रम

राप्रपाले जारी गरेको नीति वक्तव्यमा तराईवासीहरूको विकासका लागि छुट्टै नीतिहरूको तर्जुमा गरिएको थिएन (राप्रपा नीति वक्तव्य, २०४८) । जनजाति र तराईवासी मधेसी समुदायका व्यक्तिहरूलाई शैक्षिक तथा आर्थिक उन्नतिका उपयुक्त अवसर प्रदान गर्न र जङ्गी तथा राजनीतिक क्षेत्रमा प्राथमिकता प्रदान गर्न पार्टीको प्रथम केन्द्रीय महाधिवेशनले गरेको मार्गदर्शनअनुरूप ठोस तथा स्पष्ट नीति र कार्यक्रम तयार गर्ने साथै सो कार्यक्रम सम्बन्धमा सरकारले गर्नुपर्ने कार्यहरू सञ्चालन गर्नेसमेतका नीतिहरू पछि आएर यस पार्टीले लिएको देखिन्छ (राप्रपाको भावी कार्यक्रम को रूपरेखा, २०५०, पृ. ८) । शक्ति संरचनामा सन्तुलन ल्याउन आर्थिक प्रतिष्ठान, संस्थानहरू, निजामति सेवाका साथै प्रहरी, शाही नेपाली सेनालगायत प्रशासनको सबै तहमा मधेसी समुदायका नागरिकलाई समुचित स्थान दिन मधेसी समुदायको प्रवेश र पदोन्नति समुचित गर्ने तथा लोकसेवा आयोगमा तराईवासी मधेसी समुदायको समुचित प्रतिनिधित्व गर्ने, सुकुम्बासीलाई दिइने सुविधा प्रदान गर्दा भेदभाव नगर्ने र नागरिकता समस्यालाई स्थायी रूपमा समाधान गर्ने जस्ता नीति तथा कार्यक्रम रहेको देखिन्छ (राप्रपा दस्तावेज, २०५४) । माथि उल्लेखित कुराहरूका आधारमा राप्रपाको सशक्तीकरण, समावेशी सिद्धान्त र समानुपातिक प्रतिबद्धतासम्वन्धी धारणाहरू स्पष्ट रहेको पुष्टि हुन्छ ।

### ४.५.४ सुशासन, सम्पदा, संस्कृति, विज्ञान तथा प्रविधि सम्बन्धी नीति

विगतको गलत राजनैतिक अभ्यासको परिणामस्वरूप कानुनी राज्यको सिद्धान्तको बारम्बार उपहास भइरहेको छ। त्यसैगरी नेपालको इतिहासमै अहिलेको जस्तो नाङ्गो र घृणित भ्रष्टाचार कहिल्यै भएको थिएन । यस्ता प्रवृत्तिले नेपाली समाजको मानसिकतामा नै नकरात्मक प्रभाव बढेर गएको छ। राष्ट्रियताको संरक्षण, प्रजातन्त्रको सुदृढीकरण एवं नेपाली जनताको आर्थिक संवृद्धिको चाहना परिपूर्तिका लागि राप्रपाले सक्षम, प्रभावकारी एवं स्वच्छ सरकारको अनुभूति गराउने तथा सुशासनको प्रत्याभूति दिलाउने छ। राप्रपाले सीमित तर सशक्त सरकारको मान्यतालाई कार्यान्वयन गर्नेछ । तसर्थ राप्रपाले कानुनी राज्यको सिद्धान्तको

कठोरताका साथ पालना गर्ने अवस्था सिर्जना गर्नेछ । अदालतबाट दण्डित भएकाहरूलाई तथा जघन्य अपराधमा संलग्न रहेर पनि राजनैतिक संरक्षणको आडमा उन्मुक्ति पाइरहेकाहरूलाई कानुनको कठघरामा खडा गरिनेछ । भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गरिनेछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रलाई नीतिगत र संरचनागत रूपमा थप सुदृढ तुल्याइनेछ । उच्च स्तरीय सम्पति छानविन आयोग गठन गरी अवैध सम्पत्ति जफत गरिनेछ र भ्रष्टचारीलाई कानुन बमोजिम कारबाही गरिनेछ । विगत केही वर्ष यता अवैध रूपमा आर्जन गरेको सम्पति विदेशमा लगेर राख्ने काम भइरहेको छ । राप्रपाले विदेशमा लुकाइएको कालो धन देशमा ल्याई जफत गर्ने व्यवस्था मिलाउनेछ ।

राप्रपाको नेतृत्वमा बन्ने सरकारले पारदर्शिता, जवाफदेहिता र कानुनी राज्य जस्ता मान्यता र सिद्धान्तलाई अवलम्बन गर्नेछ । संविधान प्रदत्त तथा प्रचलित कानुनले दिएको हकको निर्बाध उपयोगलाई सुनिश्चित गरिनेछ तर आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार हनन गर्न नपाउने तथा राष्ट्रिय कर्तव्यप्रति सचेत रहनु पर्ने नागरिक दायित्वलाई समेत सशक्त ढङ्गबाट कार्यान्वयन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४२) । मन्त्रालयको सङ्ख्या घटाउने तथा सरकारी खर्चमा व्यापक मितव्ययिता कायम गर्ने नीति कार्यान्वयन गरिनेछ । प्रशासनलाई राजनीतिकरणको प्रकोपबाट पूर्णतः मुक्त तुल्याइनेछ । ज्ञान, अनुभव र नैतिकताको धरातलमा खडा भएको सवल र सक्षम प्रशासन प्रणाली कायम गरिनेछ । नियुक्ति, सरुवा, बढुवा जस्ता प्रशासनिक निर्णयहरूलाई पारदर्शी एवं कानुनसम्मत बनाइनेछ । सार्वजनिक प्रशासन, आर्थिक क्रियाकलाप एवं ठेक्का पट्टाजस्ता कार्यसँग सम्बन्धित निर्णयहरू पारदर्शी तुल्याइने छ । सर्वसाधारण जनतालाई संविधानप्रदत्त सूचनाको हक सर्वसुलभ ढङ्गबाट प्राप्त गर्न सकिने व्यवस्था गरिनेछ । गाउँ/नगर पालिकाहरूको सञ्चालन खुल्ला सरकारको अवधारणा अनुसार गरिनेछ । नगरपालिका तथा गाउँपालिकालाई विकास र प्रगतिको केन्द्र बनाइनेछ । भ्रष्टाचारजन्य विकृति, कुशासन, सूचना प्रवाहमा अवरोध र जवाफदेहिता विहीनताको अवस्थाको अन्त्य गर्न सूचनाको हक र तेस्रो पक्षको अनुगमन गराइनेछ । गाउँ/नगरपालिकाहरूले प्रत्येक वडाका जनतासमक्ष बर्षेनी कम्तिमा दुई पटक आफ्ना कार्य योजना प्रगति विवरण अनिवार्य जानकारी गराउने व्यवस्था गर्नेछ । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका कार्यालयहरू तथा अन्य स्थानीय सरकारी कार्यालयहरूमा ब्रोड ब्याण्डको पहुँच बढाउदै ती कार्यालय वरिपरिका क्षेत्रमा निशुल्क वाइफाई, इन्टरनेट, सामाजिक मिडिया र इमेल चलाउने वातावरण सिर्जना गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४३) ।

नेपाली चलचित्र उद्योगको समग्र विकासका लागि आवश्यक पूर्वाधारहरूको निर्माण गरिनेछ तथा मौजुदा कानुनमा सुधार गरि चलचित्र उद्योगलाई आत्मनिर्भर तुल्याउन आगामि १० वर्षसम्म करमुक्त वनाइनेछ । नेपाललाई सुटिङ पर्यटनको अन्तर्राष्ट्रिय गन्तव्य स्थलको रूपमा विकास गर्नुका साथै नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न सम्पूर्ण सहयोग उपलव्ध गराइनेछ । राप्रपाले साहित्य, कला र संस्कृतिको विकासमा विशेष ध्यान दिइनेछ । राप्रपाले नेपालमा बोलिने सबै राष्ट्र भाषाको विकास, प्रवर्द्धन

एवं समुत्थान गर्न उचित व्यवस्था मिलाउनेछ । नेपालका सम्पूर्ण मातृभाषाहरूलाई राष्ट्रिय भाषाका रूपमा संरक्षण गरिनेछ । यथासम्भव मातृभाषामा प्राथमिक तहको पढाइलाई प्रोत्साहन गरिनेछ । गाउँपालिका/नगरपालिकाहरूमा साहित्य, कला, संस्कृति तथा चलचित्रको विकास र प्रवर्द्धनका निमित्त कार्यक्रमहरू सञ्चालन गरिने छन् । यस्ता कार्यहरूमा संलग्न संघ/संस्थाहरूलाई प्रोत्साहित गरिनेछ । सबै जाति, जनजाति, आदिवासी र अल्पसङ्ख्यक समुदायको संस्कृति, रीतिरिवाज, नाचगान, चाडपर्व, जात्रा, मेला र परम्पराको संवर्द्धनका निमित्त केन्द्रीय तथा स्थानीय दुवै तहबाट विशेष कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । स्थानीय धर्म-संस्कृतिलाई देशभरि र अन्तर्राष्ट्रियस्तरमा परिचित गराउनका लागि गाउँपालिका/नगरपालिकाहरूमा हिन्दू बौद्ध शैलीका मन्दिर सत्सङ्ग भवन र धर्मशालाको निर्माण गरी स्थानीय साझेदारीलाई सञ्चालनको जिम्मेवारी दिइनेछ । यसबाट उठ्ने भेटी स्थानीय शिक्षा र स्वास्थ्य क्षेत्र तथा निःसहायहरूको कल्याणमा खर्च गरिनेछ । जनकपुर, लुम्बिनी र विजयपुरलाई क्रमशः मिथिला, बौद्ध र किराँत संस्कृतिको वृहत् केन्द्रको रूपमा विकास गरिनेछ । जनकपुरको जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्न पहल गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४३-४४) ।

वैज्ञानिक आविष्कार र विकसित प्रविधि राष्ट्रनिर्माणका आधार हुन् । यी दुवै क्षेत्रलाई उच्च प्राथमिकता दिइनेछ । हालका अनुसन्धानशालाहरूलाई साधानयुक्त बनाइनेछ । वैज्ञानिकहरूलाई विशेष वैज्ञानिक भत्ताको व्यवस्था गरिनेछ । वैज्ञानिकहरूको क्षमता वृद्धि गर्न देश विदेश पठाइनेछ र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरिनेछ । देशभित्रका प्रयोगशाला र अनुसन्धान शालाहरूलाई एकीकृत गरी एउटै छातामुनि राखिनेछ । अनुसन्धान केन्द्रलाई अनुसन्धान र विकासमा लगानी गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ । विज्ञान तथा प्रविधिको पूर्वाधार लगायत सञ्चार तथा सूचना प्रविधिको क्षेत्रको विकास र विस्तारलाई तीब्र गतिमा बढाउन विशेष नीति, नियम, सुविधा तथा विशेष समर्पित क्षेत्रहरूको व्यवस्था गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४४) । राष्ट्रिय सम्पदा (प्राकृतिक एवं सांस्कृतिक दुवै) को अभिलेखन, अध्ययन तथा अनुसन्धान गरी अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय समूहमा विभाजन गरिनेछ । सोको वैज्ञानिक व्यवस्थापन गर्न केन्द्रीय, प्रादेशिक र गापा/नपालाई जिम्मेवारी दिइनेछ । सबै सम्पदाहरूलाई जीविकोपार्जन, रोजगारी एवं आयआर्जनसँग जोडिनेछ । गाईको स्थानीय जातलाई पूर्णतया संरक्षण गरिनेछ । महत्त्वपूर्ण धार्मिक स्थलहरूलाई तीर्थस्थलको रूपमा विकास गरिनेछ ।

पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र समुत्थानका लागि जनतासँगको सहकार्य र सहभागितामा विशेष योजना बनाई कार्यान्वयन गरिनेछ । मौलिक सांस्कृतिक सम्पदा एवं पुरातात्विक महत्त्वले भरिपूर्ण बस्तीहरूलाई सम्पदावस्ती घोषणा गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४५) । राष्ट्रिय योजना तथा कार्यक्रमको कार्यान्वयनमा अनुसन्धान र विकासलाई अभिन्न अङ्गको रूपमा लिइनेछ । यही नै संवर्द्धनवाद (निरन्तरता सहितको परिवर्तन) को आधारशिला हो । कुनै पनि क्षेत्रमा निर्णय गर्दा अनुसन्धान र विकासको निष्कर्षलाई मध्यनजरमा राखी निर्णय कार्यान्वयन तथा

पुनर्विचार गरिनेछ । कुनै पनि आयातित विचार एवं अवधारणालाई कार्यान्वयन गर्नु अगाडि अनुसन्धान र विकासको कसीमा समीक्षा गरेर मात्र प्रयोगमा ल्याइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४५) । प्रत्येक नगरपालिकामा एउटा नगरपालिका अध्ययन केन्द्र खडा गरी अनुसन्धान र विकासलाई अगाडि बढाउन आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

अनुसन्धान र विकासको माध्यमबाट समग्र देशको उन्नति र विकासको अपेक्षा गर्न सकिन्छ । देशको आर्थिक विकासमा बन्दको संस्कृतिले अत्यन्त नकरात्मक प्रभाव पारेको छ । साथै बन्दले गर्दा सामाजिक, शैक्षिक एवं जनजीवनमा प्रत्येक क्षेत्रलाई प्रतिकूल प्रभाव पार्ने गरेको छ । यस तथ्यलाई दृष्टिगत गर्दै राप्रपाले नेपाल बन्द जस्तो कार्य कदापि नगर्ने प्रतिबद्धता व्यक्त गर्दछ । यस्तै स्वास्थ्य, हवाई, खानेपानी, विद्युत, ग्याँस तथा पेट्रोलियम पदार्थ ढुवानी तथा वितरण आदि क्षेत्रमा हड्तालमा सम्भव भएसम्म प्रतिबन्ध लगाइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४५) । यसबाट राप्रपा सुशासन कायम गर्न, सम्पदा र संस्कृतिको संरक्षण र संवर्द्धन गर्न तथा विज्ञान तथा प्रविधिको प्रवर्द्धन गर्न संवेदनशील छ भन्ने कुराको पुष्टि हुन्छ ।

### ४.५.५ राष्ट्रिय एकता र अखण्डता सुदृढीकरण सम्बन्धी नीति

राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको आदर्श, मान्यता र योगदानको सम्मान गरिनेछ । विद्यालयहरूको पाठ्यक्रममा राष्ट्रियताको भावना जागृत हुने विषयहरू समावेश गरिनेछ । राष्ट्रिय विभूति र महान सहिदहरूको सम्मानमा विभिन्न रचनात्मक कार्यहरू सञ्चालन गरिनेछ । स्थानीय भाषा, संस्कृति र पहिचानको संरक्षण गर्दै विविधतामा एकताको मान्यतालाई सुदृढ तुल्याइनेछ । राप्रपाले भारत सरकारसँग समन्वय गरी पारस्परिक समझदारीका आधारमा दुवै देशको हितमा हुने गरी सीमालाई व्यवस्थित गर्ने बारे आवश्यक पहल गर्ने कुरालाई उल्लेख गरेको पाइन्छ । सीमा व्यवस्थापन गर्दा सीमा क्षेत्रमा बसोवास गर्ने नेपालीहरूको हितलाई समेत उचित ध्यान दिनेछ (राप्रपा घोषणापत्र, २०६४, पृ. १८) । यसबाट राप्रपा राष्ट्रिय एकताको सुदृढीकरणप्रति प्रतिबद्ध रहेको कुरालाई उजागार गर्दछ । राष्ट्रिय अखण्डता, सार्वभौमिकता एवं स्वतन्त्रताको संरक्षणप्रति राप्रपा सदैव सचेत छ । राप्रपाले राष्ट्रिय सम्पदा, स्रोत एवं मानवीय संसाधनको संरक्षण र संवर्द्धनलाई समेत राष्ट्रिय सुरक्षाको अभिन्न अङ्गको रूपमा आत्मसात् गरेको छ । राष्ट्रिय सुरक्षाको अन्तिम किल्लाको रूपमा रहेको नेपाली सेनाको परम्परागत गौरवलाई अक्षुण्ण रूपमा कायम राख्दै समयअनुसार सुधार गर्ने राप्रपाको धारणा रहेको छ । यस अलवा, राप्रपाले देशको अखण्डता र सार्वभौमिकताको रक्षाका लागि समयानुकूल सीप र दक्षताको अभिवृद्धि गरी सक्षम र सबल राष्ट्रिय सैन्य शक्तिको रूपमा नेपाली सेनाको आधुनिकीकरणमा जोड दिइँदै आएको छ ।

नेपालको राष्ट्रियतामा आँच आउने कुनै कार्य राप्रपाले गर्नेछैन र राष्ट्रिय स्वाधिनताको विषयमा कसैसँग कुनै सम्झौता नगर्ने कुरालाई समेत राप्रपाको विधानमा उल्लेख गरेको छ । राप्रपाले प्रत्येक व्यक्तिको ज्यान र धनको सुरक्षाको ग्यारेन्टी गर्ने सुरक्षा नीति र व्यवस्था कार्यान्वयन गर्नेछ । कुनै पनि प्रकारका हिंसा र आतङ्कलाई जरैदेखि निर्मुल गर्ने प्रण राप्रपाले गरेको छ । यसका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीको

आधुनिकीकरण, हतियार एवं बन्दोबस्तीको व्यवस्थापन र वृत्ति विकासमा व्यापक सुधार गर्ने कुरालाई उल्लेख गरेको छ । अपराधीको राजनीतीकरण र राजनीतिलाई अपराधीकरणबाट पूर्णतः मुक्त राख्ने योजना राप्रपाको रहेको छ (राप्रपा घोषणापत्र, २०७४, पृ. १८-१९) । देशभित्र विकसित भएको आत्मसमर्पणवादी मानसिकताको परिणामस्वरूप बाह्य शक्तिको चलखेल बढ्न गएको छ । फलतः देशको आन्तरिक राष्ट्रवाद कमजोर बन्न पुगेको छ । यसअवस्थामा राप्रपाले राष्ट्रिय स्वार्थ र स्वाभिमानको रक्षा र प्रवर्द्धनका निमित्त परराष्ट्रनीति र सम्बन्धलाई पुनः सम्मानजनक ढङ्गबाट अघि बढाउने योजना बनाएको छ । दुवै छिमेकी मुलुकहरू भारत र चीनसँग पारस्परिक मित्रता, सहयोग र साझा स्वार्थको अभिवृद्धिका लागि समानताका आधारमा सम्बन्धलाई थप सुदृढ तुल्याउने, संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्तको आधारमा विश्व समुदायसँग सम्बन्धको विकास र विस्तार गर्ने, शान्ति, स्थायित्व र संवृद्धिको लक्ष्य प्राप्तिका लागि छिमेकी मुलुकहरूसँग समझदारी कायम गरी नेपाललाई शान्ति क्षेत्रका रूपमा कायम गर्न प्रयत्नशील रहने, नेपालस्थित कुटनैतिक नियोगबाट सञ्चालन हुने विकास, निर्माण र सामाजिक सेवाका कार्यहरूलाई नेपाल सरकारको माध्यमबाट पारदर्शी ढङ्गले सञ्चालन हुने गरी नियमित गर्ने, देशभित्र बढ्दै गएको बैदेशिक हस्तक्षेप, आत्मसमर्पणवादी मानसिकता र व्यवहारको अन्त्यका लागि कूटनैतिक मर्यादा र सीमालाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने र मित्रराष्ट्र भारतसँग सन् १९५० मा भएको शान्ति तथा मैत्री सन्धिलाई समयानुकूल परिवर्तन गरी दुई देशको सम्बन्ध थप सुदृढ तुल्याउन नयाँ सन्धि गर्ने तथा राष्ट्रिय हित विपरीतका असमान सन्धिहरू खारेज र परिमार्जन गर्ने राप्रपाको प्राथमिकता, योजना र कार्यक्रम रहेको छ । प्रत्येक नेपालीले बिना कुनै झन्झट, दुःख, अवरोध नागरिकताको प्रमाणपत्र पाउनुपर्दछ भन्ने राप्रपाको भनाइ रहेको छ ।

राप्रपा कुनै पनि नेपाली नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट बञ्चित नहोस् तथा कुनै पनि विदेशीले नेपाली नागरिकता लिन नसकोस् भन्ने मान्यतालाई दृढतापूर्वक कार्यान्वयन गर्न अग्रसर रहेको छ । नागरिकता वितरणमा देखिएका कानुनी व्यवस्थालाई सुधार गरी विगतमा नागरिकता वितरणमा भएका अनिमियता छानविन गर्ने योजना तथा कार्यक्रम रहेको छ (राप्रपा घोषणापत्र, २०७४, पृ. २०) । एकल महिला, अपाङ्ग, वृद्ध, सुकुम्बासी, मुक्त कमैया, हलिया र कमलरी, अति अल्पसङ्ख्यक आदिवासी जातीय समूह र अतिदुर्गम तथा पिछडिएका क्षेत्रका दलित समुदायलाई वृहत् सामाजिक सुरक्षा योजनाअन्तर्गत् नियमित निर्वाहभत्ता र अन्य सुविधाहरू उपलव्ध गराइने छ । सबै प्रकारका जातीय, वर्गीय एवं लैङ्गिक भेदभाव र छुवाछुत प्रथालाई अन्त गरिनेछ तथा त्यस्तो कार्यमा संलग्न हुनेलाई सख्त कार्वाही गरिनेछ । जातीय आधारमा मन्दिर प्रवेशमा रोक लगाउने प्रथा पूर्णरूपमा अन्त गरिने छ । सबै जाति र समुदायलाई समान रूपमा पूजा आराधना र उपासना गर्न पाउने व्यवस्था सुनिश्चित गरिनेछ । बालविवाह र बहुविवाह गर्न दिइनेछैन । नेकपा एमालेको अल्पमतको सरकारले (२०५१-५२) मा ल्याएको सामाजिक सुरक्षा भत्ता सुरूमा ७५ वर्ष पुगेकालाई मासिक रु. १०० दिने निर्णय गरेकोमा राप्रपा सरकारमा जाने अवस्था रहेमा जेष्ठ

नागरिकले पाउने सो सामाजिक सुरक्षा भत्ता ६० वर्ष उमेर पूरा गरेपछि नै उपलब्ध गराउने उल्लेख गरिएको छ। राप्रपाले सबै धर्मका बिचमा समानता र सबै धर्मलाई बराबरीको स्वतन्त्रता प्रदान गर्दै नेपालमा प्रचलित सम्पूर्ण धर्म एवं सम्प्रदायको सम्मान, संरक्षण र संवर्द्धन गर्नेछ। यस प्राचीन गौरवलाई राप्रपाले अक्षुण रूपमा कायम राख्नेछ। धर्मको आधारमा कुनै पनि प्रकारको भेदभावलाई कानुनतः दण्डनीय तुल्याइनेछ। आ-आफ्नो धर्म र परम्पराअनुसार पूजा, आरधाना र उपसना गर्न पाउने नागरिक हकलाई सुश्चित गरिनेछ।

धर्म परिवर्तनलाई निरुत्साहित गरिनेछ। सबै जाति, जनजाति, आदिवासी र अल्पसङ्ख्यक समुदायको संस्कृति, रीतिरिवाज, नाचगान, चाडपर्व, जात्रा, मेला र परम्पराको संवर्द्धनको निमित्त राज्यको तर्फबाट विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ। विभिन्न धर्म तथा सम्प्रदायहरूको धार्मिक स्थलहरूका निर्माण, सुधार तथा व्यवस्थापनमा सहयोग गरिनेछ। वराह क्षेत्र, देवघाट, रिडी, मुक्तिनाथ, खप्तड क्षेत्र, स्वर्गद्वारी, पाथिभरा, मनकामना आदि क्षेत्रलाई धार्मिक तथा ऐतिहासिक पर्यटन गन्तव्यस्थलका रूपमा योजनावद्ध ढङ्गबाट विकास गरिनेछ। सबै धर्महरूका बिचमा समानता र सबै धर्मलाई बराबरीको स्वतन्त्रता सुनिश्चत गरिनेछ। गौहत्यालाई पूर्णतः निषेध गरिने छ। गौरक्षाको लागि प्रत्येक गाउँ/नगरपालिकाहरूमा गौशालाहरू निर्माण गरिनेछ। धार्मिक स्थलहरूका निर्माण, संरक्षण र सञ्चालनमा सहयोग गरिनेछ। विद्यालयहरूको पाठ्यक्रममा नैतिक र आध्यात्मिक शिक्षा समावेश गरिनेछ। मन्दिरहरूको आम्दानीबाट विद्यालय, महाविद्यालय, विश्वविद्यालय वा सनातन धर्म साक्षरता अध्ययन संस्थान स्थापना गर्न प्रोत्साहन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. २०-२१)। यसबाट एकता र अखण्डताको सुदृढीकरणमा राप्रपा सचेत र कटिबद्ध रहेको कुरा बुझ्न सकिन्छ।

### ४.५.६ उत्पीडित तथा अल्पसङ्ख्यक वर्ग र क्षेत्रको समुत्थान सम्बन्धी नीति

कर्णाली अञ्चल र सुदुरपश्चिमलगायत केही जिल्लाहरूमा बसोबास गर्ने जनताको जीवनस्तर उकास्न तथा ती क्षेत्रहरूको योजनाबद्ध विकासको निमित्त राप्रपाले एकीकृत दुर्गम क्षेत्र विकास परियोजना तयार गरी कार्यान्वयन गर्नेछ। यस परियोजना अन्तर्गत ती क्षेत्रहरूमा शिक्षाको विकास र विस्तारलाई जोड दिइनेछ। इन्जिनियरिङ, कृषि, पशुपालन, फलफूलखेती लगायतका प्राविधिक विषयहरूमा सिप तथा ज्ञानको अभिवृद्धि गर्ने खालका विद्यालय तथा पोलिटेक्निक कलेजहरू स्थापना गरिनेछ। दुर्गम क्षेत्रका जिल्लाहरूमा यातायात तथा सञ्चार सुविधाहरू व्यापक तुल्याइनेछ। दुर्गम क्षेत्रका जनतालाई स्वास्थ्य सेवा सहज र सुलभ ढङ्गबाट प्राप्त हुने व्यवस्था गरिनेछ। आयआर्जनका विशेष प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ। दुर्गम क्षेत्रमा उद्यमशीलताको विकास गर्न सहुलियत र सहज रूपमा ऋण तथा आर्थिक अनुदान दिने व्यवस्था गरिनेछ। ती क्षेत्रहरूको विकास तथा जनताको जीवनस्तर उठाउन पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४)। तराई/मधेस भूभागमा बसोबास गर्ने नेपाली जनताको हित र समुन्नतिको लागि राप्रपाले विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ। मधेसका विभिन्न जिल्लाहरूमा व्यापकरूपले भौतिक विकासका पूर्वाधार खडा गर्ने कार्य अघि वढाइनेछ। यसै सन्दर्भमा हुलाकी राजमार्गको

बाँकी रहेको निर्माण कार्य सम्पन्न गर्ने, मेची काली रेलमार्ग निर्माण गर्ने र विभिन्न जिल्लाहरूमा सिँचाइ सुविधा विस्तार गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । मधेशका विभिन्न जिल्लाहरूमा सुविधा सम्पन्न औद्योगिक करिडोरहरू खडा गरी ती क्षेत्रहरूको औद्योगीकरणमा जोड दिइनेछ । मिथिला, भोजपुरी र अवधी संस्कृतिहरूका संरक्षण र संवर्द्धनका लागि संस्कृति प्रवर्द्धन प्रतिष्ठान खडा गरिनेछ । थारु संस्कृतिको संवर्द्धन तथा थारु समुदायको हित र समुत्थानको लागि अलग योजना कार्यान्वयन गरिनेछ ।

जनकपुर र लुम्बिनीलाई क्रमशः मिथिला र बौद्ध संस्कृतिको वृहत् केन्द्रको रूपमा विकास गरिनेछ । मधेसी समुदायका जनतालाई सुरक्षा अङ्गलगायत राज्यको विभिन्न अङ्गहरूमा समानुपातिक सहभागिता कायम गरिनेछ । जनसङ्ख्याको अनुपातमा शिक्षा, स्वास्थ्य, रोजगारी र जनप्रतिनिधित्वको क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था गरिनेछ । आर्थिक दृष्टिकोणबाट पछाडि परेका तराई मधेशका विभिन्न समुदायको आर्थिक स्थितिमा सुधार ल्याउन आयआर्जन सम्बन्धी योजना कार्यान्वयन गरिनेछ । तराई मधेशका गाउँ/नगर पालिकाहरूमा औद्योगिक करिडोरहरू खडा गरी ती क्षेत्रहरूको औद्योगीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४०) । राप्रपाले आर्थिक, सामाजिक एवं राजनीतिक दृष्किोणबाट पछाडि परेका आदिवासी, जनजाति, अल्पसङ्ख्यक तथा मुस्लिम समुदायको हित, उत्थान र अधिकारको संरक्षण र संवर्द्धनका निमित्त विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ । जन सङ्ख्याको अनुपातमा मानव विकासको एकीकृत राष्ट्रिय सुचकाङ्कअनुसार राष्ट्रिय औषत कायम नभएसम्म शिक्षा, स्वास्थ्य, रोजगारी र प्रतिनिधित्वको क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था गरिनेछ । यस्तो आरक्षणको सुविधा आर्थिक तथा सामाजिक दृष्टिबाट पछाडि परेका अन्य समुदायमा पनि विस्तार गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४१) । आदिवासी जनजातिको जीवनस्तर उकास्न, उनीहरूको हित, सुरक्षा तथा संस्कृतिको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४१) ।

एक्काइसौँ शताब्दीमा समेत जातिगत आधारमा विभेद र छुवाछुतको मान्यता कायम हुनु मानवजातिको लागि अभिशाप हो । राप्रपा सबै प्रकारका जातीय विभेद र अश्पृस्यतालाई अन्त गर्न प्रतिबद्ध रहनेछ । जातीय आधारमा हुने, गरिने कुनै पनि प्रकारका विभेद र छुवाछुतलाई दण्डनीय तुल्याइनेछ । जातीय आधारमा छुवाछुत वा विभेदको व्यवहार गर्नेलाई कानुन बमोजिम सजाय गरिनेछ । कुनै पनि मठ मन्दिर वा धार्मिक स्थलमा जातिगत आधारमा प्रवेश निषेध गर्ने कार्यलाई अन्त गरी सबैलाई समान रूपमा मन्दिर प्रवेश गर्न पाउने व्यवस्था सुनिश्चित गरिनेछ । वर्गको आर्थिक सामाजिक स्थितिमा सुधारको निमित्त खासगरी उक्त समुदायमा शिक्षा, सीप र रोजगारीको प्रवर्द्धन गर्न राष्ट्रिय उत्पीडित प्राधिकरण स्थापना गरिनेछ । दलित तथा महादलितहरूका लागि शिक्षा, स्वास्थ्य, जन प्रतिनिधित्व र रोजगारीको क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था गरिनेछ (राप्रपा घोषणापत्र, २०७४, पृ. ४१) । मुस्लिम समुदायको भाषा, संस्कृति र परम्पराको प्रवर्द्धनको लागि राष्ट्रिय मुस्लिम आयोगमार्फत् कार्यक्रम सञ्चालन गरिनेछ । मदरसाहरूको विकास र आधुनिकीकरणको लागि राज्यको तर्फबाट सहयोग गरिनेछ । धार्मिक अल्पसङ्ख्यकहरूको राजनैतिक, धार्मिक

र सांस्कृतिक अधिकारको प्रवर्द्धन एवं संरक्षण गरिनेछ । यौनिक अल्पसङ्ख्यकहरूको पहिचान, अधिकार एवं प्रतिनिधित्व सुनिश्चित गरिनेछ । उनीहरूलाई पहिचान सहितको नागरिकता दिन कानुनी विधि सरल बनाइनेछ । लिम्बुवान लगायत सबै प्रमुख जातिगत क्षेत्रको विशिष्ट पहिचान र विकासको निमित्त राप्रपाले विशेष कार्यक्रम सञ्चालन गर्नेछ । अति विपन्न उपेक्षित समुदायहरू जस्तै वादी, मुक्त कमैया, हलिया, हरूवा, चरुवा, कमलरी, सुकुमबासी र गरिब किसानहरूलाई आय आर्जन, रोजगारी र क्षमता वृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यी समुदायहरूको सर्वाङ्गीण विकासका लागि उच्च प्राथमिकता दिइनेछ । यसले राप्रपा उत्पीडित, अल्पसङ्ख्यक, मुस्लिम तथा पिछडिएका वर्ग र क्षेत्रको समुत्थानको लागि कटिबद्ध रहेको पुष्टि हुन्छ ।

## ४.६ राप्रपाको विभाजन र एकीकरणको स्थिति

स्थापना कालदेखि नै नेपालका साना ठुला कुनै पनि पार्टी सङ्गोलमा रहेका देखिदैनन् । नफुट्दा पनि पनि गुट उपगुटले छिन्नभिन्न र थिलथिलो हुने यहाँका दलहरूका चरित्र रहँदै आएको छ । प्रजातन्त्र कालमा होस् या लोकतन्त्रमा फुट्नुको प्रमुख कारण सत्ता बनेको छ । सत्तामा पुगेपछि सरकारी स्रोत साधन दुरूपयोग गरी पार्टी कब्जा गर्ने प्रवृत्ति प्रचलनकै रूपमा स्थापित भएको छ । पार्टी फुटसँगै हरेकजसो दलले हन्डर खाएका छन् । तिनको विभाजनसँगै मुलुक अस्थिरता र सङ्क्रमणको भुमरीमा परेका उदाहरण धेरै छन् । उनीहरूमा अझै चेतना पलाएको देखिँदैन । दलहरू दलीय पद्धतिअनुरूप नचल्दा र बारम्बार विभाजित हुँदा मुलुकले सङ्कटको मार खेप्नुपरेको छ । दलीय पद्धती र संस्कार स्थापित हुन नसक्दा लोकतान्त्रिक जग अझै धरापमा छ । तिनको विभाजनका कारण नाजायज तत्त्वहरूले पनि फाइदा उठाएका छन् । वैदेशिक हस्तक्षेप अत्यधिक बढेर गएको छ । स्थापना कालदेखि नै राप्रपाको पनि सत्ता र विग्रह उसको प्रमुख चरित्र रहँदै आएको छ । राप्रपा विभाजन र एकीकरणको दुश्चक्रमा फस्दै आएको छ । नेपालमा एक सशक्त राष्ट्रवादी एवं वैकल्पिक प्रजातान्त्रिक पार्टी बन्ने उद्देश्य राखेको र त्यसलाई मूर्तरूप दिन सक्ने सम्भावना भएका ठुलो नेतृत्व पङ्क्ति भए तापनि राप्रपाका संस्थापक नेताहरूमा पञ्चायत कालदेखि नै रहको व्यक्तित्वको टकरावले एकीकृत रूपमा लामो समयसम्म टिक्न सकेन । यो प्रवृत्ति दोस्रो पुस्तामा समेत सर्नाले फुट्ने, त्यसभित्र पनि चोइटिने, तीमध्ये केही मिल्ने नेपालका वामपन्थी दलहरू जस्तै स्थिति राप्रपाका विभिन्न घटकहरूमा पनि पऱ्यो ।

संसद्मा तेस्रो ठूलो पार्टी भए पनि राप्रपाका दुवै संस्थापक नेतालाई उहाँहरूमा रहेका शासकीय अनुभव, राजनीतिक क्षमता एवं व्यक्तित्वको कदर गर्दै नेकपा एमाले र नेपाली कांग्रेस दुवै पार्टीले आफू सम्मिलित संयुक्त सरकारको नेतृत्व गर्न प्रधानमन्त्रीसमेत निर्वाचित गरेका थिए तर यी अवसरलाई पार्टी विस्तार, सङ्गठन निर्माणको साथै त्यसको सुदृढीकरणमा उपयोग गर्न र आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न नसक्दा राप्रपा विभाजित र शक्तिहीन बन्न पुग्यो । जसले गर्दा नेपालको राजनीतिमा घटेका दीर्घकालीन असर पर्ने घटनाहरूको परिणामस्वरूप आज पनि देश अस्थिरता, अराजकता र अन्यौलबाट गुज्रिरहनु परेको

छ । विभाजित राप्रपाका विभिन्न घटकहरू २०४८ र २०५६ को प्रतिनिधिसभा निर्वाचन, दुवै संविधानसभा निर्वाचन र २०७४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा एकीकरण र गठबन्धन दुवै नगरी चुनावमा जाँदा ठूलो घाटा सहन गर्नुपऱ्यो । आफ्नै सरकारको विपक्षमा उभिनेदेखि सांसद् खरिदविक्री गर्ने, पार्टीको निर्णय उल्ट्याउन पैसाको ठूलो चलखेलदेखि केन्द्रीय सदस्यकोसमेत मोलमाली भएको थियो । राप्रपाका नेता रामचन्द्र रायलाई केन्द्रीय समितिको निर्णय वदल्न र सूर्यबहादुर थापाको सरकार ढाल्न, पार्टी विभाजन रोक्न ५० लाख रूपैयाँ नगद दिएको र सो रकम उनले पार्टीका नेता सूर्यबहादुर थापालाई ल्याएर बुझाएका थिए । उनको यो कार्य प्रसंशायोग्य थियो भने अध्यक्ष थापाले ढाढसका साथ रामचन्द्र राय सर्लाहीलाई तारिफ र स्यावासी दिएका थिए (नेता रामचन्द्र रायको भनाइमा आधारित) ।

राप्रपाका सांसद्हरूमा विभिन्न प्रकारका असंसदीय आचरणहरू पनि संसद्मा समय समयमा देखा परे । उदाहरणको लागि राप्रपाका सांसद् खवारी रायले संसदीय मर्यादा पालन नगरेको कारण संसद् भवन प्रतिनिधिसभा हल प्रवेशमा रोक लगाइएको थियो । उनी कहिले चप्पल लगाएर संसद् जाने त कहिले हतियारसहित पक्राउ पर्ने भएकाले पार्टीको छवि खस्केको थियो । २०६३ मा लोकतन्त्र बहालीसँगै पुनःजीवित प्रतिनिधिसभामा तीन चिरा परेको राप्रपाका निम्ति कुर्सी व्यवस्थापन कठिन भयो । २०५९ जेठ ८ मा प्रतिनिधिसभा विघटन हुँदा राप्रपाका ११ सांसद् थिए । राजा ज्ञानेन्द्रकै ४ वर्षे शासन कालमा मन्त्री प्रधानमन्त्री हुने अवसर प्राप्तिसँगै राप्रपा विभाजनले थिलथिलिएको थियो । उसले सत्ताकै कारण फाटो र विग्रह खेप्नुपऱ्यो । पहिलो आम निर्वाचनमा नराम्रो हार खाएपछि २०४९ माघमा दुवै पार्टी एकीकृत भए । राप्रपा एकीकृत स्वरूपमा लामो समय टिक्न सकेन । बुद्धिजीवी, आमजनता, नेता तथा कार्यकर्ताहरूले दुवै राप्रपा एकीकरण भई सशक्त रूपमा अग्रसर र क्रियाशील हुनुपर्ने खाँचो महसुस गरेकाले व्यापक छलफल र परामर्शबाट सैद्धान्तिक एवं नीतिगत सवालहरूमा मतैक्य कायम भएको हो (राप्रपा नीति वक्तव्य, २०४८, पृ २) । पार्टीको अठोट र अवधारणासँग सहमत हुने अन्य साना प्रजातान्त्रिक पार्टीहरूलाई एकीकरणमा सहभागी हुन छलफलको लागि आह्वान गर्दै २०४८ माघ २५ गते दुवै पार्टीको एकीकरण भई राष्ट्रिय प्रजातन्त्र पार्टी नामकरण भयो ।

२०५१ सालको मध्यावधि निर्वाचनमा राप्रपाले विजय हासिल गरेको बीस सिट सङ्ख्याले त्रिशङ्कु प्रतिनिधिसभामा निर्णायक राजनीतिक शक्तिको रूपमा उभियो । त्रिशङ्कु संसद् कालमा सत्ता समीकरण र सत्तास्वादले यसमा चरम विवाद भयो । कहिले सूर्यबहादुर थापातिर हुन्थे त कहिले लोकेन्द्रबहादुर चन्दतिर । तिनले आफ्नै नेतालाई सहज प्रधानमन्त्री चलाउन दिएनन् । २०५४ असोजमा राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा रहेको सरकारलाई दलका अर्का नेता सूर्यबहादुर थापाकै नेतृत्वमा अविश्वासको प्रस्ताव पारित गराई २०५४ असोज २० गते सूर्यबहादुर थापा प्रधानमन्त्री बनेका थिए । नेताहरूका व्यक्तिगत टकराव र पदलोलुपताले राप्रपामा पार्टी विभाजनको रेखा कोऱ्यो । अन्ततः आफ्नै सांसद्हरूको क्रियाकलापबाट आजित भएर २०५४ पुषमा चन्द नयाँ दल खोल्ने निर्णयमा पुगे । जसले त्यस अघि

प्रतिगामी, पुनरुत्थानवादी भनेर राजनीतिक अछुतसरह मान्दै आएका नेकां र नेकपा एमाले दुवैले राप्रपाप्रतिको आफ्ना पूर्वधारणा फेर्न पुगेर समयक्रममा क्रमशः दुवै जनआन्दोलनकारी दलहरू, राप्रपाका नेताद्वय लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाको नेतृत्वमा संयुक्त सरकारमा समाहित भई नेतृत्व स्वीकार्न र सहकार्य गर्नसमेत तयार भए । यसलाई राप्रपाले आफ्नो स्थापनाको छोटो अवधिमा नै हासिल गरेको परिस्थितिजन्य प्रमुख उपलब्धी ठान्नुपर्छ । तथापि यही सत्ता समीकरणमा उत्पन्न आन्तरिक विवादबाट २०५० को काठमाडौं महाधिवेशनमा देखिएको एकता र सुदृढीकरणको देशव्यापी रूपमा फैलिएको सन्देश २०५४ को वीरगञ्ज महाधिवेशनपछि २०५४ पुष २५ गते पुनः पार्टीले विभाजनको पीडालाई सहन पर्‍यो (भण्डारी, २०५९, पृ. ८२) ।

प्रतिनिधिसभा र राष्ट्रियसभा गरी २३ सदस्य रहेको संसदीय दलबाट १० जना बाहिरिए । त्यसपछि नयाँ दलको मान्यता पाए (थापा, २०६९) । यसरी एकीकृत राप्रपा पुनः विभाजित हुनुमा पनि अलग भएको राप्रपा (चन्द) ले विभिन्न कारणहरू लिखित रूपमा बाहिर ल्याएको थियो । अध्यक्ष थापाको व्यवहार राष्ट्रिय चिन्तनका आधारलाई समाप्त पार्नेतर्फ उन्मुख रहेको, नेतृत्व अङ्कुशरहित रहनु, पाँच बर्षअघि गरिएको एकीकरण गल्ती थियो भन्ने महसुस, दोस्रो महाधिवेशनको प्रतिनिधि चयन र चुनावमा गरिएको स्वेच्छाचारिता, स्थानीय निकाय निर्वाचनको परिचालनमा निस्क्रियता र गैरजिम्मेवारीपन, सत्ता समीकरणको निर्णयलाई प्रभावित पार्न ६ जना केन्द्रीय सदस्यको निष्कासन, आफ्नो अनुकूलतामा ल्याउन महाधिवेशनलाई ६ महिना पर सार्नु, नेता चन्दलाई प्रधानमन्त्री हुनबाट रोक्न भरमग्दुर प्रयास हुनु, लामो समयसम्म केन्द्रीय कार्य समितिको बैठक नबोलाउनु, केन्द्रीय परिषद्लाई निस्क्रिय राख्नु, राष्ट्रियसभाको निर्वाचनमा अन्तरघात हुनु, मध्यावधि निर्वाचनको समीक्षा प्रतिवेदन कार्यान्वयन नहुनु, स्रोत साधन र समयको विभाजनमा पक्षपात र केन्द्रीय सदस्यहरूको मनोनयनमा त्रय नेताको सहमति नलिइनु थिए (राप्रपा चन्द के.का., २०५४, पृ. ९) ।

२०५६ को आम निर्वाचनमा पराजय खेपेपछि राप्रपा फेरि त्यही वर्षको पुस १६ मा पार्टी एकीकृत भयो । एकीकरणका बेला चन्दले भनेका थिए कि “एउटै कोइलीले बोलेर वसन्त ऋतु ल्याउदैन । वसन्त ऋतु ल्याउन बढी कोइली बोल्नुपर्ने भएकाले हामी एक भएका हौं । हिजोका तितामिठा अनुभव हामीले बिर्सेका छौं ।” राजेश्वर देवकोटा एकीकृत हुन चाहेनन्, उनी राप्रपा (राष्ट्रवादी) खोलेर बसे । राजाको प्रत्यक्ष शासनसँगै २०५९ असोज १८ पछि फेरि राप्रपाले सत्ताको स्वाद चाख्ने अवसर पायो । त्यहाँ फेरि विभाजनको खेल सुरू भयो । चन्द प्रधानमन्त्री बनेको थापालाई पचेन । थापा प्रधानमन्त्री भएको चन्दलाई पच्ने कुरै भएन । २०५९ मंसिरमा पोखरामा सम्पन्न तृतीय केन्द्रीय महाधिवेशनले निर्वाचन गरेको केन्द्रीय कार्य समितिको अध्यक्षमा पशुपतिशमशेर जबरा र सदस्यहरूमा जोगमेहर श्रेष्ठ, पद्‍मसुन्दर लावती, कमल थापा, वालाराम घर्तीमगर, दीपक बोहरा, बुद्धिमान् तामाङ, खेमराज पण्डित, प्रतिभा राणा, रेणु यादव, प्रेमबहादुर भण्डारी, राजिव पराजुली, रोशन कार्की, दुर्गा श्रेष्ठ, भूवन पाठक, सूर्यबहादुर के.सी., जगत गौचन, विक्रम पाण्डे, नरेन्द्रकुमार चौधरी, गोविन्द खनिया, ध्रुवबहादुर प्रधान, जयन्त चन्द आदि थिए ।

विधानमा भएको नयाँ व्यवस्थाअनुरूप सम्मानित केन्द्रीय सदस्यहरू सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द एवं महाधिवेशनमा पराजित अध्यक्ष पदका उम्मेदवारहरू श्री रवीन्द्रनाथ शर्मा र डा. प्रकाशचन्द्र लोहनीलाई विशेष आमन्त्रित केन्द्रीय समिति सदस्यमा राखियो । तत्पश्चात् उक्त निर्वाचित कार्यसमितिको पदाधिकारी गठन प्रक्रियामा समेत पार्टीभित्र असन्तोष उत्पन्न भयो । सूर्यबहादुर थापाको अध्यक्षतामा गठन भएको कार्यसमितिमा लगातार ११ वर्ष महामन्त्री रहनु भएका पशुपति शमशेर जबराले आफ्नो ३ वर्षको कार्यकालमा नै ३ पटकसम्म पार्टीका पदाधिकारीहरू परिवर्तन गर्नुभएको देखिन्छ । २०६० फागुनमा विग्रहको चर्को राजनीतिक नाटक मञ्चन भयो । पशुपतिशमशेर राणाको नेतृत्वमा रहेको पार्टीले केन्द्रीय परिषद्को बैठक बोलाइसकेपछि थापाको सरकारी पक्षले केन्द्रीय परिषद्को भेला आह्वान गऱ्यो । २०६० मंसिरमा पार्टीले सर्वदलीय सरकार निर्माण गर्न नसकेको अभियोगमा प्रधानमन्त्री थापालाई राजीनामा गर्न निर्देशन दिएपछि दिनहुँ ठूलो जमातको बैठक बस्यो कहिले प्रधानमन्त्री निवासमा त कहिले वरिष्ठ मन्त्रीहरूका निवासमा । भेलाको संयोजकमा मन्त्री बुद्धिमान् तामाङलाई तोकिएको थियो । केन्द्रीय अधिवेशनमा आउने कार्यकर्तालाई पाल्न, प्रचार गर्न, हल भाडा तिर्न आयोजकहरूले आर्थिक स्रोत खर्चे । तिनलाई आतेजाते खर्चका अतिरिक्त सुरक्षाका कारण कतिपय जिल्लाका पार्षदलाई हेलिकप्टरबाट समेत ओसारियो । भेलामा आएका करिव ६ सय कार्यकर्तालाई पाँच दिनसम्म राजधानीमा पालियो ।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको महङ्गो हल दुई दिनसम्म प्रयोग गरियो । खर्च कसले, कहाँबाट जुटायो सरकारले कुनै जानकारी दिएन । सहभागीका निम्ति काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक नगरपालिका तथा जिल्ला विकास समितिले खाना खर्च व्यहोरेका थिए । राप्रपाद्वारा मनोनित मेयर, उपमेयर, सभापति, उपसभापति सबै काठमाण्डौँका महङ्गा होटेलमा बसे । त्यो पनि स्पष्ट छ । उनीहरूले नगरपालिका, जिविसकै बजेट खर्च गरे (थापा, २०६९, पृ. २०९) । यो भ्रष्टचारका एक नमुना थियो । इतिहासका अनेक कालखण्डमा प्रधानमन्त्री भएका थापा राज्यसञ्चालनमा मसिहा मानिन्थे । राज्यस्रोतको उपयोग गरी सत्ता जोगाउने अनेक जुक्ति निकाल्नु उनका लागि सामान्य हो । २०३६ सालको जनमत सङ्ग्रहमा समेत तिनै थापाले साम, दाम, दण्ड, भेदको रणनीति अख्तियार गरी पञ्चायती व्यवस्था विजयी भएको घोषणा गरेका थिए । उनीहरूसँग व्यापारीलाई लाइसेन्स दिएबापत पञ्चायत जिताउन चन्दा सङ्कलन गरेको राम्रो अनुभव थियो । पञ्चायतको सफलतामा थापाको रणनीतिक धूर्तताले काम गरेको थियो । जतिबेला व्यवस्थालाई विजयी गराउने बहानामा चन्दा सङ्कलन अभियान तीव्र भएको थियो, त्यसै क्रममा जङ्गल फँडानी भए, सर्पको छालादेखि मयूरका प्वाँखसम्म तस्करी गरियो । रातारात प्रतिबन्धित वस्तुका लाइसेन्स खुला गरिए ।

सत्तारुढ हुँदा थापा र पशुपतिशमशेर राणाबिच बढेको किचलो अन्ततः पार्टी विभाजनमा परिणत भयो । अध्यक्ष र संस्थापक अध्यक्ष थापा दुवै २०६१ कार्त्तिक १८ मा मधुर मुस्कानसहित बैठक कक्षबाट बाहिरिएका थिए । दुवैको अनुहार देख्दा पत्रकार तथा राप्रपा कार्यकर्ताले अनुमान लगाइरहेका थिए विवाद

मिलेछ र त्यसैले नेताहरूका अनुहारमा चमक छाएको हो । थापाले अव राप्रपासँग मेरो राजनीतिक सम्बन्ध रहेन भनेका थिए । राप्रपा विभाजनसम्बन्धी पत्रकारहरूका प्रश्नको जवाफमा अव पार्टी विभाजन हुन्छ भनेका थिए । पार्टीलाई हुर्काउन १४ वर्ष लगानी गरेका थापाको अनुहारमा पार्टीबाट अलग भएको घोषणा गर्दा कुनै ग्लानी थिएन । उनी नयाँ विश्वाससाथ बोलिरहेका थिए । उनले पशुपतिशमशेर राणालाई यदि उनी पक्का मोहन शमशेरको नाति हो भने भिड्न आओस् अनि उनलाई जिम्दो राणा मान्नेछु समेत भनेका थिए । अन्ततः पार्टी विभाजन गरी २०६१ फागुनमा थापा र नेता डा. प्रकाशचन्द्र लोहनी राष्ट्रिय जनशक्ति पार्टीका साथ उदाए ।

२०५९ मा पोखरामा सम्पन्न तृतीय महाधिवेशनमा तत्कालीन अध्यक्ष सूर्यवहादुर थापाले विधानमा भएको बाध्यात्मक व्यवस्थाले नेतृत्व दोस्रो पुस्तामा हस्तान्तरण गरेको भए तापनि पार्टी नेतृत्वमा बस्ने उनको लालसा रहिरहेको कारण राप्रपाबाट अलग भई छुट्टै रूपमा राष्ट्रिय जनशक्ति नामक पार्टीको स्थापना गरेको पाइन्छ । २०५९ असोज १८ प्रकरणपछि सत्तामा राप्रपाको हालीमुहाली थियो । दुवै नेता चन्द र थापाले प्रधानमन्त्री पाए भने अरुले मन्त्री । २०६१ माघ १९ प्रकरणपछि शासकीय स्वरूपमा परिवर्तन आयो । मन्त्रिपरिषद् अध्यक्ष तत्कालीन राजा ज्ञानेन्द्र आफैँ भए भने मन्त्रीहरूमा अनुदारवादी पञ्चको खोजी भयो । अनुदारमध्येकै एक कमल थापा गृहमन्त्री भए । अर्कोतर्फ पार्टी नेतृत्वमा रहेको हुकुमी शैली, कार्यशून्यता, गुटवन्दी र वैचारिक रूपमा दिशाहीन हुन पुगेको थियो (राप्रपा के.का., २०६२, पृ. १५) । त्यसैले २०६२ साल पुष २६ र २७ गतेका दिन महाधिवेशनबाट अध्यक्षलाई दुई तिहाइ बहुमतले अविश्वासको प्रस्तावबाट हटाई कमल थापालाई अध्यक्ष चुनेको थियो । कमल थापाले पनि राप्रपा चोइटाउन बाँकी राखेनन् । २०६२ पुस महिनाभर राप्रपा विभाजनको नाटक राजनीतिमा फेरि रङ्गियो । ज्ञानेन्द्रले राप्रपाका ६ केन्द्रीय सदस्यलाई मन्त्री बनाएपछि त्यसमा आन्तरिक द्वन्द्व चर्कियो । २०६० मा उनै कमल थापा सूर्यबहादुर थापाको सरकारमा गृहमन्त्री थिए । त्यसबेलाको पार्टी विभाजनमा उनी सक्रिय थिए ।

पार्टी विभाजन हुँदाका बखत भने उनी सरकारबाट बाहिरिइसकेका थिए । राप्रपा 'गोरखा परिषद्' हुनेछ भनी सूर्यबहादुर थापाको नेतृत्वमा जनशक्ति पार्टी निर्माणमा सक्रिय थिए । त्यसो भन्ने थापा राष्ट्रिय जनशक्ति पार्टी घोषणा भएकै दिन राप्रपामा फर्किए । फेरि कमल समूह र राणाबिच २०६१ माघ १९ को कदमलाई समर्थन गर्ने/नगर्ने कारण विभाजन भयो । राणा समर्थन नगर्ने पक्षमा उभिए भने थापा समर्थनमा । राणाले संविधानको क्रियाशीलता र प्रजातान्त्रिक प्रक्रिया बहालीको अडान राखेपछि सुरू विवाद मन्त्रीपरिषद् विस्तारपछि चुलियो (थापा, २०६९) । सरकारमा संलग्न राप्रपाका मन्त्रीहरूले राजधानीमा 'विशेष महाधिवेशन' गरे राज्य ढुकुटीको आडमा । दुई वर्षअघि पोखरा महाधिवेशनमा दुई तिहाई मतसहित अध्यक्ष बनेका पशुपति शमशेरलाई कमल थापाले वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भिडको तालिबाट हटाए । न प्रतिनिधिको आवश्यकता पऱ्यो, न मतदानको, न त अध्यक्षविरुद्ध अविश्वास प्रस्ताव राखियो । नाटकीय तबरमा गृहमन्त्री थापालाई अध्यक्षमा सर्वसम्मतिले घोषणा गऱ्यो । राप्रपा विभाजनमा तत्कालीन मन्त्रीहरू टङ्क ढकाल,

नीरञ्जन थापा, बृजेशकुमार गुप्ता, रोशन कार्की, भूवन पाठक, तोरणबहादुर गुरुङ र प्रतापराम लोहार थिए । त्यस अतिरिक्त राजपरिषद्का सदस्यहरू रुद्रबहादुर केसी र डम्बर सम्बाहाम्फे सक्रिय थिए । राज्यको ढुकुटीमा पार्टी कब्जा गर्ने परम्परालाई कमल थापाले निरन्तरता दिएका थिए । सत्ताका कारण पाँचौँ पटक राप्रपा विभाजन भएको थियो । २०६२ पुस २६ मा अध्यक्ष घोषितसँगै थापाले भने भनेका थिए, “म पार्टीलाई राष्ट्रवादी र प्रजातान्त्रिक सङ्गठनका रूपमा अघि बढाउनेछु (थापा, २०६९) । राप्रपालाई एउटा बलियो राष्ट्रवादी, राजावादी, प्रजातान्त्रिक पार्टीका रूपमा अघि बढाउनेछु । देश सङ्कटमा परेका बेलामा श्री ५ बाट प्रभावकारी भूमिका राष्ट्रले अपेक्षा गर्नु स्वभाविक हो” (कान्तिपुर दैनिक, २०६२ पुस २७) । केन्द्रीय समितिका १४ सदस्य कमल थापातिर र २४ सदस्य राणा समूहमा रहे । दुवै मूल पार्टीको दाबीसहित निर्वाचन आयोग पुगे तर कमलले राप्रपाको मान्यता पाउन सकेनन् । उनले राप्रपाको पछिल्तिर (नेपाल) झुण्ड्याए । निर्वाचन आयोगले दुवै दललाई अलगअलग पार्टीको रूपमा लियो ।

कमल थापा नेतृत्वको नयाँ दल राप्रपा नेपालको रूपमा क्रियाशील बन्न पुग्यो । २०६३ साल कार्तिक ११ गते यसको अध्यक्ष परिवर्तन भई रवीन्द्रनाथ शर्मा नयाँ अध्यक्ष बने । संविधानसभाको पहिलो चुनावमा फुटेर लडेको राप्रपाले शून्य सिट प्राप्त गऱ्यो तर समानुपातिक निर्वाचनबाट भने राप्रपाले (८), राप्रपा नेपालले (४) र राजपा सूर्यबहादुर थापाले नेतृत्व गरेको पार्टीले (३) स्थानमा विजय प्राप्त गऱ्यो । यो लज्जाजनक परिणाम सहन गर्न राप्रपालाई गाह्रो भयो र फेरि राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय जनशक्ति पार्टी एकताको पहल गरी पार्टीको पाँचौं महाधिवेशन सम्पन्न भयो । सो महाधिवेशनबाट सूर्यबहादुर थापाको अध्यक्षतामा पार्टी एकीकरण भयो भने, राप्रपा नेपाल भने अलग अस्तित्वमा रहिरह्यो । राप्रपा नेपाल संविधानसभामा २५ सिट प्राप्त चौथौ ठूलो दलको रूपमा रह्यो । एकीकरणपश्चात् बनेको राप्रपा संविधानसभाका १३ सिट प्राप्त गरी संविधानसभाको छैटौँ ठूलो दलको रूपमा रह्यो तर यी दुवै पार्टीमा आपसी गुटबन्दी र विभाजनको ठूलो समस्या खडा रह्यो । राष्ट्रिय प्रजातन्त्र पार्टीको २०७० जेठमा ३, ४ र ५ मा सम्पन्न पाँचौं ऐतिहासिक महाधिवेशनमा पार्टीको नेतृत्व शीर्ष चार नेताले चक्रीय प्रणालीअन्तर्गत गर्ने र पालैपालो एकएक वर्ष अध्यक्षको जिम्मेवारीवहन गर्ने सहमति भएको थियो (राप्रपा विधान, २०७०) ।

सोअनुरूप स्वर्गीय नेता सूर्यबहादुर थापाले आफ्नो कार्यकालपश्चात् सहमति पालना नगरेको र नेता लोकेन्द्रबहादुर चन्दको ठाउँमा पशुपतिशमशेर राणालाई केन्द्रीय समितिको निर्णयबाट अध्यक्षको पदमा सहवरण गरेकाले नेता चन्द र राप्रपा अध्यक्ष पशुपतिशमशेर ज.ब.रा. बिच वैधानिकताको मुद्धा अदालतमा पऱ्यो । उता राप्रपा नेपालमा भने कमल थापाका प्रत्यासी नेता स्व.पदमसुन्दर लावतीले आफ्नो छुट्टै समूह खडा गरी राप्रपा नेपालका अध्यक्ष कमल थापालाई दवाब दिँदै थिए भने पार्टी संस्थापन पक्षले उनी र उनका छोरा केन्द्रीय सदस्य सगुन लावतीलगायत केही केन्द्रीय सदस्यहरूलाई निष्कासन गरिसकेको थियो । विभाजित रूपमा रहेका राप्रपाहरूलाई पुनः एकीकृत गर्ने क्रममा २०७३ साल मंसिर ६ गतेका दिन कमल थापाको नेतृत्वमा रहेको राप्रपा नेपाल र पशुपति शमशेर ज.व.रा. नेतृत्वमा रहेको राप्रपा बिच एकता भई

एकीकृत पार्टीको नाम राप्रपा भयो । पार्टी एकीकृत हँदा व्यवस्थापिका संसद्मा राप्रपाको सांसद् सङ्ख्या ३७ पुग्यो र चौँथो ठूलो दलको रूपमा स्थापित भयो (The Himalayan Times, 2016 Nov 29) । २०७३ को मंसिर (सन २०१७ फेब्रुअरी) महिनामा भएको विशेष महाधिवेसनबाट कमल थापा नवगठित राप्रपाको अध्यक्षमा निर्वाचित भए (My Republica, 2017 Feb 20) ।

चुनाव चिन्हका बारेमा पनि लोहनीले असन्तुष्टि जनाउदै एनसेलको कर छुटसम्बन्धी अर्थमन्त्रीको मौखिक प्रस्तावलाई पार्टी अध्यक्ष थापाले समर्थन गरेर खुल्लमखुल्ला भ्रष्टाचारलाई वैधानिक बनाउन सहयोग गरेकाले पार्टीबाट अलग भएको जनाउनुभएको थियो । लोहनीले पूर्वमन्त्री केशरबहादुर बिष्टसँग सहकार्य गरी वि.स. २०७३ मंसिर १७ मा एकीकृत राप्रपा राष्ट्रवादी गठन गरी अध्यक्ष बन्नुभएको थियो (My Republica, 2017 March 29) । स्थानीय तहको चुनावपछि राणाको समूह पनि संस्थापन राप्रपाबाट फुटेर २०७४ साउन २४ मा राप्रपा प्रजातान्त्रिक गठन गरी पशुपति शमशेर ज.व.रा. अध्यक्ष बन्नुभएको थियो (My Republica, 2017 Aug 6) । पछि राणा र लोहनीको पार्टी एकीकरण भई राप्रपा संयुक्त बनेको थियो । २०४७ सालमा पञ्चायतको अन्त्य भएपछि राप्रपाको गठन हुने प्रक्रियामा नै विभाजित भएको थियो । एकै दिन, २०४७ जेठ १५ गते राप्रपा (चन्द) र राप्रपा (थापा) नामका दुई पार्टीको घोषणा भएको थियो । त्यस यताको २९ वर्षमा राप्रपा जुट्ने र विभाजित रहँदै आएकाले राप्रपा कमजोर अवस्थामा पुगेको थियो । हाल आएर राप्रपा र राप्रपा संयुक्तबिच विभिन्न चरणको शीर्ष नेताहरू बिच विभिन्न चरणमा वार्ता भई पार्टी एकीकरण भइसकेको छ ।

राप्रपाका अध्यक्ष कमल थापा र राप्रपा संयुक्तका अध्यक्ष द्वय पशुपति शमशेर राणा र डा. प्रकाशचन्द्र लोहनी तीनै अध्यक्षद्वारा लिखित सम्झौतामा २०७६ फाल्गुण २४ गते राती लाजिम्पाटको लसी गार्डेन रेष्टुरेन्टमा बसी सम्झौतामा हस्ताक्षर गरेका थिए (नेपाल लाइभ, २०७६ फाल्गुण २५) र २०७६ फाल्गुण २८ गते भृकुटीमण्डपको राष्ट्रिय सभागृहमा घोषणासभाको आयोजना गरी पार्टी एकताको घोषणा गरेका थिए । सो कार्यक्रममा तमाम कार्यकर्ताहरूको दवाब र कोलाहलबाट नेतृत्वलाई गीताको कसम खाएर पार्टी फेरि फुटाउनेछैनौं भन्न लगाइएको थियो । राप्रपाका अध्यक्ष कमल थापाले आफ्नै खल्तीबाट गीताको किताब निकालेका थिए । यो देख्दा लाग्दथ्यो कि उनी पहिलादेखि नै तयारीका साथ गीताको कसम खाने सङ्कल्पसाथ आएका थिए (अन लाइन खवर, २०७६ फाल्गुण २८) । हालको एकताले नेपाली राजनीतिमा एउटा तरङ्ग पैदा गरेको थियो । संयोग वा बाध्यता के थियो ? तर टुटफुट भएका सबै राप्रपा एकाएक एकीकृत हुनु र रातको समयमा बसेर सम्झौता गर्नु त्यति हतारमा निर्णय गर्नुको कारण के थियो भनेर अड्कलबाजी लगाइएको थियो, तर कार्यक्रममा बोल्दाका बखत अध्यक्ष कमल थापाले यो एकता कुनै देशी विदेशी शक्तिको इशारामा नभई स्वत:स्फूर्त तमाम राप्रपाका कार्यकर्ताहरूको इच्छा र चाहनाबाट उत्प्रेरित भई एकता भएको हो । अव यो पार्टी देशको बलियो राष्ट्रवादी प्रजातान्त्रिक शक्तिको रूपमा उदाउने अभिव्यक्ति दिएका थिए । अध्यक्ष द्वय राणा र लोहनीले पनि अब हामी पार्टी कहिल्यै विभाजन गर्नेछैनौं भनेर

गीताको कसम खाएका थिए । दर्शकवृतमा बस्नेहरूले गडगडाहट ताली र सिठ्ठीले स्वागत गरेका थिए । सो कार्यक्रममा पार्टीका संस्थापकमध्येका एक पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले कार्यकर्ताहरूलाई सम्बोधन गरेका थिए भने अर्का संस्थापक नेता स्व. सूर्यबहादुर थापाको सबैले सम्झना गरेका थिए । सूर्यबहादुर थापाको सम्झना गरिरहँदा राप्रपाका महामन्त्री भइसकेका व्यक्ति उनका छोरा सुनिलबहादुर थापा भने कार्यक्रममा अनुपस्थित रहे । उनले पार्टी राजसंस्थाको पुनर्स्थापनाको बाटोमा गएकोले मेरो असन्तुष्टि रहेको तर पार्टीबाट अलग नभएको कुरा बताएका थिए ।

सो कार्यक्रममा मर्यादाक्रमको बारेमा पनि आपसी समझदारी नमिलेपछि कमल थापाले आफू तीन अध्यक्षमध्ये पहिलो वक्ता हुन राजी भएका थिए । उनले त्यस क्रममा नेता पशुपतिशमशेर जबरा र डा.प्रकाशचन्द्र लोहनीलाई व्यङ्ग्यात्मक रूपमा वहाँहरूसँग म अन्य विषयमा प्रतिस्पर्धा गर्न सक्छु होला तर उमेरको विषयमा भने प्रतिस्पर्धा गर्न सक्दिन । मभन्दा उहाँहरू धेरै नै वरिष्ठ हुनुहुन्छ (अनलाइन, २०७६ फाल्गुण २५) । उनको यो व्यङ्ग्य सुनेर कार्यकर्ताहरूमा हाँसो छाएको थियो । राप्रपाका एकमात्र निर्वाचित बहालवाला प्रतिनिधिसभा सदस्य माननीय राजेन्द्र लिङ्देनले आफ्नो सम्बोधनका बेला नेताहरूलाई कडा ढङ्गले आफ्नो आवाज सुन्न सचेत गराउँदै मलाई बताउनुस् नेताज्यूहरू यदि तपाईंहरू सधैं मिलेर गएको भए तपाईंहरूमध्ये आज को बाँकी रहनुहुन्थ्यो होला यो मुलुकको प्रधानमन्त्री हुन ? तपाईंहरू नफुटेको भए के यो देशमा गणतन्त्र आउँथ्यो ? के आज राजसंस्था समाप्त हुन्थ्यो ? तपाईहरूले हामीलाई आफ्ना गोठका गोठाला बनाउनुभयो । अवदेखि हामी गोठका गोठाला रहने छैनौं र तपाईंहरूको गल्ती टुलुटुलु हेरेर बस्ने छैनौं, कार्यकर्ताहरूको याद राख्नुस् भनेर नेतृत्वलाई चुनौती दिएका थिए ।

उता सभागृहभरि कार्यकर्ताहरूले तालिले नेता राजेन्द्र लिङ्देनको भाषणको स्वागत गरेका थिए (अन लाइन खबर, २०७६ फाल्गुण २५) । राप्रपा र राप्रपा संयुक्तको एकीकरणबाट राप्रपाले हिजो महाधिवेशनले पारित गरेको हिन्दूराष्ट्र र राजा सहितको लोकतन्त्रको अवधारणामा पार्टी एकता भएको थियो । पार्टीको नाम राप्रपा रहने र चुनाव चिन्ह उपयुक्त समयमा टुङ्गो लगाउने र पार्टीको झण्डा राप्रपाले प्रयोग गर्दै गरेको पुरानो झण्डा नै कायम गर्न निर्णय भएको थियो । नेतृत्वको विषयमा ३ जना अध्यक्ष समान हैसियतमा रहने समेत निर्णय भएको छ । पार्टीका अन्य समितिहरू समायोजन हुँदा ५५% राप्रपा र ४५% राप्रपा संयुक्तको गरी समायोजन गरिनेछ । महाधिवेशनको हकमा सक्रिय सदस्यहरूबाट प्रादेशिक निर्वाचन क्षेत्रको आधारमा डेड वर्षभित्र सम्पन्न गरिसक्ने निर्णय भएको थियो (अन लाइन खवर, २०७६ फाल्गुण २५) । राप्रपाका नेता नवराज सुवेदीका अनुसार, राप्रपाको टुटफुट, व्यक्ति टकराव र सत्ताको लुछाचुडीमै सम्पूर्ण समय व्यतीत भयो । सबै मिलेर गएको भए राप्रपा देशकै सबैभन्दा बलियो राष्ट्रवादी शक्ति निर्माण हुन सक्दथ्यो र कांग्रेस कम्युनिस्टहरू फेरि पछाडि पर्ने थिए (नवराज सुवेदीसँगको कुराकानीमा आधारित) । राप्रपाको पटकपटकको विभाजनको कारण तमाम कार्यकर्ताको भविष्य अन्योलमा परेको छ यसको जिम्मेवारी लिनुहुन्छ कि हुन्न ? भन्ने जगदीश खरेलको एक प्रश्नमा पशुपतिशमशेर राणाले यसको जिम्मेवारी मैले पनि लिनै पर्दछ भनेका

थिए । म पार्टी विभाजनको प्रमुख कारण नभए पनि जिम्मेवार नेता भएको हैसियतले म पनि अछुतो छैन । आगामी दिनहरूमा राप्रपा नामका पुच्छर जोडिएका तमाम पार्टीहरू एक ढिक्का भएर जानेछन् र मेरो प्रयास पनि त्यसैमा रहनेछ । एकले अर्कालाई ज्यान मार्नेहरू त मिलेर गए भने हामी किन नमिल्ने ? अवश्य मिलेर जानेछौँ भनेका थिए (Image TV, 2019 Nov 7) ।

राप्रपालाई बलियो बनाउन अवको भावी लक्ष्य के हो भन्ने प्रश्नको जवाफमा कमल थापा भन्दछन् कि राप्रपा मात्र होइन राष्ट्रियता र प्रजातन्त्रलाई बलियो बनाउन बृहत प्रजातान्त्रिक मोर्चा निर्माण गर्नुपर्दछ र म त्यसको आह्वान गर्दछु । देशमा भइरहेको ब्रह्मलुट, सर्वसत्ताबाद, धर्मपरिवर्तन, वैदेशिक चलखेल र अस्तव्यस्त अर्थतन्त्रलाई बचाउन सम्पूर्ण देशभक्त र प्रजातन्त्रवादीहरूले संयुक्त मोर्चा बनाएर अगाडि जानुपर्दछ । वृहत् प्रजातान्त्रिक एकताको कुरा राप्रपाका संस्थापक अध्यक्ष सूर्यबहादुर थापाले पनि उठाउँदै आएका थिए । उनी जीवित रहुञ्जेल उनको मुख्य राजनीतिक लाइन वृहत् प्रजातान्त्रिक एकताकै पक्षमा रहेको थियो (कमल थापासंगको कुराकानीमा आधारित) । नेपाली कांग्रेस पार्टीका प्रवक्ता बिश्वप्रकाश शर्माका अनुसार, राप्रपा परम्परागत प्रजातान्त्रिक पार्टी हो । पुराना विचार र मान्छेहरूका शैली पुरानो हुन्छ भन्ने उदाहरण राप्रपाले दिएको छ । राप्रपाले उठाउँदै आएको वृहत् प्रजातान्त्रिक गठबन्धनको कुरा स्वागतयोग्य छ (बिश्वप्रकाश शर्मासँगको कुराकानीमा आधारित) । राप्रपाका अर्का नेता विश्वबन्धु थापाका अनुसार राप्रपा फुट्नुका कारणहरूमध्ये सत्ता पनि एक कारण हो । सत्ता भनेको यति खतरनाक चिज हो, त्यसले दाजुभाइ बाबुछोरा केही भन्दैन । सत्ताको राप नै राप्रपा विभाजनको प्रमुख कारण रहेको थियो (विश्वन्धु थापासँगको कुराकानीमा आधारित) । राप्रपाको जीवन चक्रलाई **परिशिष्ट-६** मा समाविष्ट गरिएको छ ।

## ४.७ नेपालको वर्तमान संकटप्रति राप्रपाको धारणा

२०४६ सालको जनआन्दोलनले ३० वर्षसम्म कायम रहेको निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरि देशमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजसंस्थाको अवधारणा स्थापित गऱ्यो । यही मान्यताको धरातलमा नेपाल अधिराज्यको संविधान, २०४७ निर्माण भयो । यो संवैधानिक व्यवस्थापश्चात् कायम भएको न्यूनतम शान्ति, स्थायित्व र प्रजातान्त्रिक वातावरणमा विस्तारै तर निश्चयात्मक रूपमा आधुनिकीकरणको दिशातर्फ नेपाल उन्मुख भइरहेको थियो । यसैबिच २०५२ सालको लगभग अन्त्यतिर प्रथम जनआन्दोलनको उपलब्धी, नेपाल अधिराज्यको संविधान र तत्काल कायम रहेको राज्य व्यवस्थालाई चुनौती दिँदै नेकपा माओवादीले कथित जनयुद्धको घोषणा गऱ्यो । राप्रपाको बुझाइमा आमूल परिवर्तनको क्रान्तिकारी नारा दिएको भए तापनि तत्कालीन माओवादीले अवलम्बन गरेको हिंसाको बाटो र राजनैतिक विचारधारा दुवै गलत थिए । एक्काइसौं शताब्दीमा हिंसाबाट सत्ता कव्जा गर्ने र टिकाइराख्न सक्ने सम्भावना थिएन । दुर्भाग्यवस तत्कालीन राजनैतिक नेतृत्वले त्यो सामान्य प्रकृतिको विद्रोहलाई ठिक ढङ्गबाट व्यवस्थापन गर्न नस्क्दा केही वर्षमा नै माओवादी जनयुद्धको प्रभाव देशव्यापी हुन पुग्यो । अन्ततोगत्वा भारतीय संस्थापनको प्रत्यक्ष सहयोग, संलग्नता र प्रायोजनमा दुई विपरीत गन्तव्यमा हिँडेका संविधान पक्षधर नेपालका सात

राजनैतिक दल र विद्रोही माओवादीका बिचमा भारतको राजधानी नयाँ दिल्लीमा नेपालको राज्यव्यवस्था विरुद्ध आन्दोलन गर्ने बाह्र बुँदे समभ्रूदारी भयो ।

२०६२/६३ को आन्दोलन दरबार र आन्दोलनकारी शक्तिहरूका बिचमा समभ्रूदारी कायम भएपश्चात् अन्त्य भएको तथ्य सर्वविदितै छ । उपर्युक्त समभ्रूदारी विपरीत आन्दोलनपश्चात् जनआन्दोलनको म्यान्डेट भन्दै केही सीमित राजनैतिक दलहरूको एजेन्डा र स्वार्थलाई संस्थागत गर्ने, संविधान र प्रचलित कानुनी राज्यको सिद्धान्तको उपहास गर्ने तथा स्थानीय मूल्यमान्यता र संस्थाहरूलाई ध्वस्त पार्ने शृङ्खला आरम्भ भयो । यस क्रममा, प्रथम जनआन्दोलनको उपलब्धीको रूपमा रहेको तथा विश्व समुदायले समेत उत्कृष्ट प्रजातान्त्रिक संविधानको रूपमा स्वीकार गरेको 'नेपाल अधिराज्यको संविधान', २०४७ लाई जनअभिमतबिना समाप्त पारी सर्वसत्तावादी ढङ्गबाट 'अन्तरिम संविधान' बनाई लागु गरियो । करिब ७/८ हजारको सङ्ख्यामा रहेका माओवादीको लडाकु सेनाको सङ्ख्या बढाएर ३४ हजार पुऱ्याउन प्रेरित गर्नुका साथै दुई सेनाको अस्तित्वलाई संवैधानिक मान्यता प्रदान गरी संस्थागत गरियो । जनआन्दोलनको बलमा पुनर्स्थापित प्रतिनिधिसभालाई विघटन गरी चुनावको मुख नै नदेखेको माओवादीलाई तत्कालीन एमाले सरह ८३ सिटमा टीका लगाएर कथित अन्तरिम संसद्को निर्माण गरियो । शान्ति सम्झौता अनुरूप ६ महिनाभित्र समायोजन गरिसक्नु पर्ने व्यवस्था विपरीत माओवादी सेनासम्बन्धी अन्तिम टुङ्गो नै नलगाई तथा दुई सेनाको अस्तित्वलाई कायम राखी संविधानसभाको निर्वाचन गरियो । नेपाली जनताको अभिमतबिना नै सदियौंदेखि कायम रहँदै आएको नेपालको हिन्दूराष्ट्रको पहिचानलाई अन्त्य गरी तथाकथित धर्मनिरपेक्षता लाद्ने काम गरियो । प्रथम जनआन्दोलनपश्चात् आफैंले राष्ट्रियता र एकताको प्रतीकको रूपमा स्थापित गरेको संवैधानिक राजसंस्थालाई जबरजस्ती पाखा लगाइयो । पर्याप्त बहस र तयारीबिना नै जातीय आधारको सङ्घीयतासम्बन्धी अमूर्त अवधारणालाई संविधानको अङ्ग बनाउने कार्य गरियो । राष्ट्रिय हित विपरीतको नागरिकता ऐनलाई कार्यान्वयन गरी लाखौं विदेशीहरूलाई नेपाली नागरिकता वितरण गरियो । उपरोक्त बमोजिमको गलत नीति र त्रुटिपूर्ण मार्गचित्रको परिणामस्वरूप देश अहिले सङ्कटको चक्रव्युहमा नराम्रोसँग फसेको छ भन्ने राप्रपाको बुझाइ रहेको देखिन्छ (राप्रपा घोषणापत्र, २०७४) ।

कुनै पनि मुलुकको राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र समग्र राष्ट्रिय अस्तित्व शून्यमा खडा भएको हुँदैन । केही निश्चित मूल्य, मान्यता र आधारस्तम्भको जगमा देश बनेको हुन्छ । सदियौंदेखिको अभ्यासबाट कायम भएको नेपालको अस्तित्वको आधारलाई विकल्पको राम्रो सोचाइ र तयारीबिना नै हठात ध्वस्त बनाउने काम भयो । विगतका मान्यता, परम्परा र संस्थालाई विस्थापित गरेपछि उत्पन्न रिक्ततालाई ठिक ढङ्गबाट समायोजन र व्यवस्थापन गर्न नसक्नु नै वर्तमान सङ्कटको मुख्य कारण हो । शान्ति, स्थायित्व, सामाजिक न्याय र समावेशी प्रजातन्त्रजस्ता आन्दोलनको भावना राम्रै भए तापनि गलत मार्गचित्रको कारणले अपेक्षित सफलता प्राप्त हुन सकेन । दिगो शान्तिको स्थापना, प्रजातन्त्रको सुदृढीकरण, जनताद्वारा छानिएका प्रतिनिधिहरूबाट संविधानको निर्माण र मुलुकको समग्र आर्थिक विकास आन्दोलनको

वास्तविक गन्तव्य थियो तर गलत बाटो, गलत नीति र सत्तामुखी चिन्तनका संवाहकहरूको कारणले गर्दा हामी जहाँ जान हिडेका थियौं अहिले ठिक विपरीत गन्तव्यमा पुगेका छौं । विगत दुई दशकदेखि नेपाल निरन्तर अन्यौल, अनिश्चितता र अराजकताको दलदलमा फसेको भए तापनि हाल विद्यमान सङ्कटपूर्ण अवस्थाको सिर्जना अनायस वा हठात् भएको होइन । प्रजातन्त्रप्रतिको लगाव वा चाहना नभएको होइन । सङ्घर्ष गरेर प्रजातन्त्र प्राप्त हुन्छ तर केही वर्षपछि प्रजातन्त्रका संवाहकहरू स्वयं नै प्रजातान्त्रिक मूल्यमान्यता ध्वस्त पार्न जानेर वा नजानेर क्रियाशील हुन्छन् । प्राप्त भएको प्रजातन्त्रलाई पनि किन हामी संस्थागत गर्न सकिरहेका छैनौं ? प्रजातन्त्रको निमित्त निरन्तर सङ्घर्ष भयो तर प्रजातन्त्र प्राप्तिपश्चात नेपाल कस्तो हुनेछ हामी कुन दिशातर्फ जानेछौं भन्ने बारे गम्भीर बहस हुनुपर्दथ्यो । सम्भवतः यही कारणले ६ दशकपछि पनि हामीले परिवर्तनलाई संस्थागत गर्न सकेका छैनौं ।

प्रजातन्त्रलाई नारा बाहेक समग्र विचार दर्शनको आधार बनाउन सकेका छैनौं । त्रुटिपूर्ण मार्गचित्र एवं गलत नीति र अवधारणाको परिणामस्वरूप अहिले देहाय बमोजिमको चुनौती, जटिलता र समस्याहरू उत्पन्न भएका छन् भन्ने राप्रपाको धारणा रहेको देखिन्छ । गत एक दशकको राजनैतिक अभ्यासलाई आधार मान्ने हो भने वर्तमान अवस्थासम्म आइपुग्दा नेपालको प्रजातन्त्र र प्रजातान्त्रिक शक्तिहरू विस्तारै उग्रवामपन्थी धरापमा फस्दै गइरहेको देखिन्छ । उग्रवामपन्थी समूहले आफ्नो अभीष्ट पूरा गर्न अघि सारेको रणनीतिक एजेन्डालाई नेपालका प्रजातान्त्रिक शक्तिहरूले स्वीकार गर्न बाध्य हुनु नेपालको वर्तमान राजनीतिको तीतो यथार्थता हो । नेपालको इतिहासमा सम्भवतः सन् १८१६ पश्चात् पहिलो पटक मुलुकको राष्ट्रिय अखण्डता र सार्वभौमिकता अहिले सर्वाधिक चुनौतीपूर्ण स्थितिमा खडा भएको छ । जातीय आधारमा सङ्घीयता, एक मधेस एक प्रदेश, आत्मा निर्णयको अधिकार जस्ता मान्यताहरूले नेपालको राष्ट्रिय अखण्डता माथि नै गम्भीर प्रश्न चिन्ह खडा गर्न सक्दछ । व्यापक रूपमा बढिरहेको बाह्य शक्तिहरूको चलखेल, प्रभाव र हस्तक्षेपले राष्ट्रिय सार्वभौमिकता खण्डित हुने खतरा देखिएको छ । देशभित्रका कतिपय राजनैतिक दलहरूमा व्याप्त रहेको आत्मसमर्पणवादी मानसिकता र चिन्तनले राष्ट्रियतालाई कमजोर पारेको छ । नेपालको इतिहासमा पहिलो पटक सानै रूपमा भए पनि विखण्डनको आवाज उठ्न थालेको छ । आधुनिक नेपाल निर्माण पछिको २ शताब्दीभन्दा लामो इतिहासमा अनेकौं राजनीतिक उतारचढाव देखा परे । राजनीतिक परिवर्तन भए तर देशै टुक्राउने आवाज कहीँ कतैबाट उठेको थिएन । अहिले विखण्डकारी आवाज अत्यन्त प्रारम्भिक र नगण्य अवस्थामा छ ।

विगतमा एउटा भरुवा बन्दुक र एउटा पेस्तोल बोकेर करिव १०० जना जतिले सुरू गरेको कथित जनयुद्ध १ दशक नपुग्दै डर लाग्दो शक्ति बनेको तितो यथार्थ हाम्रो सामुन्ने छ । विगतमा जस्तै केही प्रमुख भनिने राजनीतिक दलहरूको अकर्मण्यता, स्वार्थ र सत्ता लिप्साको कारणबाट अहिले निकै सानो हैसियतमा रहेको विखण्डकारी तत्त्व कालान्तरमा खतरनाक अवस्थामा पुग्ने हो कि भन्ने अहिले सबैभन्दा ठूलो चिन्ताको विषय बनेको छ (थापा, २०७३) । विगतमा माओवादीको हिंसात्मक जनयुद्धलाई समयमै नियन्त्रण गर्न नसक्दा

देशले अत्यन्त ठुलो मूल्य चुकाउनु परेको हाम्रो तितो अनुभव ताजै छ । अहिले पनि तिनै राजनीतिक दलहरू र तिनै नेताहरू राज्यसत्ताको बागडोरमा रहेका छन् । यिनीहरूको अकर्मण्यता, गलत नीति र सत्ता स्वार्थले अहिले सूक्ष्म रूपमा रहेको विखण्डकारी शक्ति र प्रवृत्ति कालान्तरमा राष्ट्रिय सुरक्षा र अखण्डताको लागि डरलाग्दो खतरा बन्ने हो कि भन्ने चिन्ता गर्नुपर्ने अवस्था सिर्जना भएको राप्रपाको ठहर छ । यो ठहर सत्यताको नजिक छ भन्ने शोधार्थीको समेत आफ्नो विश्लेषण र धारणा रहेको छ । विगत केही दशकयता नेपालको आन्तरिक मामिलामा बाह्य शक्तिहरूको चलखेल र प्रभाव व्यापक हुन पुग्न गई स्वाधिनता र राष्ट्रिय अखण्डतामा गम्भीर चुनौतीहरू खडा भएका छन् । साथै अपरिपक्क र दिशाहीन परराष्ट्रनीति एवं कूटनीतिक मर्यादा र व्यवहारमा देखिएको विचलनको परिणामस्वरूप नेपाल बाह्य शक्तिहरूको रणनीतिक प्रतिस्पर्धास्थल बन्न सक्ने खतरा बढेर गएको छ ।

नेपाली पहिचान र संस्कृतिमाथि गम्भीर अतिक्रमण भइरहेको छ । धर्मनिरपेक्षताको आडमा योजनाबद्ध एवं सङ्गठित रूपले धर्म परिवर्तन गराउने कार्य तीव्र गतिले अघि बढिरहेको छ । यसबाट राष्ट्रको सनातन धर्म, संस्कृति र पहिचान सङ्कटमा पर्न सक्ने खतरा स्पष्ट छ । त्यसैगरी यसबाट परम्परादेखि नेपाली समाजमा कायम रहँदै आएको सामाजिक एवं सांस्कृतिक सद्भाव र एकतामा खलल आउन सक्ने प्रबल सम्भावना रहेको छ भन्ने शोधार्थीको विश्लेषण रहेको छ । यसै क्रममा नेपालको राष्ट्रिय पहिचानलाई कमजोर बनाउने योजनाबद्ध र सङ्गठित प्रयास भइरहेको समेत प्रस्ट देखिन्छ । धर्मनिरपेक्षताको आडमा योजनाबद्ध ढङ्गले लोभ लालच, भ्रम र त्रास देखाई धर्म परिवर्तन गराउने कार्य गइरहेको छ । धर्म परिवर्तनको निशानामा अहिले सबैभन्दा बढी आदिवासी, जनजाति र दलित समुदायका व्यक्तिहरू परेका छन् । विगत केही वर्ष यतामात्र लाखौंको सङ्ख्यामा धर्म परिवर्तन गराइएको आशङ्का छ । सिङ्गै गाउँका गाउँ अनुचित प्रभावका आधारमा धर्म परिवर्तन गराइएको छ । साथै कतिपय स्थानमा कानुनद्वारा निषेधित गौहत्यासमेत भइरहेका छन् । यसको ज्वलन्त उदाहरणको रूपमा गत बर्ष बाँके र सुर्खेतमा भएको कत्लेयाम गौहत्यालाई लिन सकिन्छ । जसको परिणामस्वरूप एकातिर नेपालीको राष्ट्रिय पहिचान सङ्कटमा पर्ने टड्कारो खतरा देखिन्छ भने अर्कोतर्फ नेपाली समाज धार्मिक द्वन्द्वमा फस्न सक्ने सम्भावना बढेर गएको छ ।

नेपाल विभिन्न, धर्म, जाति, संस्कृति, भाषा, भेषभुषा भएको राष्ट्र हो । अनेकतामा एकता नै हाम्रो राष्ट्रियताको सुदृढ आधारस्तम्भ हो । वास्तवमा जनताको प्रत्यक्ष अभिमतबिना हिन्दूराष्ट्रको संवैधानिक व्यवस्थालाई अन्त्य गर्ने घोषणा एवं परम्परागत मान्यताहरूप्रति वितृष्णा फैलाउने कार्य नेपालको राष्ट्रिय पहिचानलाई क्रमशः कमजोर बनाउँदै लगी अन्ततः नेपालको अस्तित्वलाई नै धरापमा पार्न चाहने षड्यन्त्रको एक कडी हो भन्ने तथ्य विगत केही वर्ष यताका घटनाक्रमहरूले पुष्टि गरिरहेका छन् । गत दुई दशकको राजनीतिक घटनाक्रमको विश्लेषण गर्ने हो भने स्पष्ट हुन्छ कि नेपाललाई अस्थिर तुल्याई आफ्नो अभीष्ट पूरा गर्न चाहने राष्ट्रिय/अन्तर्राष्ट्रिय शक्तिहरूको चलखेल, गठबन्धन र नियोजित षड्यन्त्र विभिन्न रूपमा प्रकट भइरहेका छन् । नेपालमा विदेशीको चलखेल, प्रभाव र हस्तक्षेप बढ्नुमा बाह्य शक्तिलाई मात्र दोषारोपण

गर्नुको सट्टा हामीले आफ्नै कमजोरी र हीनताबोधलाई पनि जिम्मेवार ठान्नुपर्दछ । विदेशीको आशीर्वाद, सहयोग र सम्बन्ध नभई सत्तामा पुग्न सकिन्न र कथम्कदाचित् पुगिहालियो भने पनि टिक्न सकिन्न भन्ने आत्मसमर्पणवादी मानसिकता नै यो रोगको मूल जड हो । अहिले देश गम्भीर मोडमा आइपुगेको छ । विदेशी शक्तिहरूको हस्तक्षेप नाङ्गो रूपमा बढेर गइ रहेको छ । विडम्बना नै मान्नुपर्छ, नेपालका प्रायः सबै ठूला राजनीतिक दलहरू सत्ता बाहिर हुँदा चर्को राष्ट्रियताको कुरा गर्ने, सत्तासीन भएपछि तिनै विदेशी शक्तिहरूका अगाडि लम्पसार पर्ने र तिनै विदेशी प्रभुहरूका इसारामा राष्ट्रघाती कार्यहरू गर्ने अनि जनताले ती कार्यहरूको विरोध गर्नुपर्ने अवस्था वर्तमान समयमा देखिदै आएको छ ।

देशको समग्र आर्थिक अवस्था सन्तोषजनक छैन । आर्थिक संवृद्धिको मूख्य आधार आर्थिक वृद्दि हो तर हाम्रो आर्थिक वृद्धिदर अत्यन्त निराशाजनक छ । विभिन्न कारणले आर्थिक वृद्धि सकरात्मक देखिए तापनि सरकारी तथ्याङ्कअनुसार नै विगत दश वर्षको सरदर आर्थिक वृद्धिदर ४ प्रतिशतभन्दा कम रहेको छ । अर्कोतर्फ मुद्रास्फीति दर वार्षिक १० प्रतिशतभन्दा बढी छ । व्यापार घाटा निकै बढेको छ । उत्पादन र उत्पादकत्व बढ्न नसक्नु तर अर्कोतर्फ आयात अत्यधिक वृद्धि हुनुले स्वभावतः व्यापार घाटा तीव्र गतिमा बढी रहेको छ । अझै पनि देशको कूल जनसङ्ख्याको एक तिहाइ निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । गरिब र धनी बिचको खाडल झन् बढेर गएको छ । रोजगारीका अवसरहरू सिर्जना हुन नसकेका कारणले गर्दा लाखौं नेपाली युवाहरू रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन् । समग्रमा नेपालको अर्थतन्त्र विप्रेषण (Remittance) मा टिकेको छ भन्दा सायद अत्युक्ति हुने छैन । यस प्रकार २०६२/६३ को परिवर्तनपश्चात् केही राजनैतिक दलहरूको गलत नीति, भ्रष्ट प्रवृत्ति र अकर्मण्यताको कारणले गर्दा नेपालको अर्थतन्त्र सङ्कटग्रस्त हुन पुगेको छ ।

सुशासनको नाममा भागवण्डा तन्त्रमा निहित कुशासन र उदारीकरणको नाममा प्रतिस्पर्धा विरोधी सिण्डिकेट संस्थागत हुनाका कारणले नेपाली अर्थतन्त्र विश्व बजारमा लङ्गडो भएको छ । प्रशासनिक संरचनाको समग्र कार्यकुशलता र क्षमतामा व्यापक ह्रास आएको छ । यो प्रक्रियाले देशको ग्रामीण र सहरी दुवै क्षेत्रमा रोजगारीको विस्तारलाई नकारात्मक रूपमा प्रभावित पारेको छ । यसै कारण लाखौँलाख नेपाली देशभित्र रोजगारी नपाएर दुई छाक खान र आङ ढाक्ने एकसरो लुगा लगाउन पनि नसक्ने भएपछि बाध्य भएर देश छोडी थोरै ज्यालामा विदेश जान बाध्य भएका छन् । विश्व मानचित्रमा नेपाल एउटा प्वाल परेको कचौरा बोकेर हिँड्ने माग्नेको देश जस्तो नयाँ रूप हुन थालेको छ भने यस्तो अवस्थामा पनि आफूलाई 'अग्रगामी' भन्नेहरू देशको साधन स्रोतको दुरूपयोग गर्न कस्सिएर लागेका छन् । यही प्रवृत्ति कायम रहे नेपाल केही वर्षमा दक्षिण एसियाको सबैभन्दा गरिब देश हुन पुग्नेछ भन्ने राप्रपाको बुझाइ र धारणा रहेको छ । नेपालको राष्ट्रिय उत्पादनको वृद्धिदर कछुवाको चालमा रहेको छ । उदाहरणको लागि १९८५ देखि १९९० सम्म उत्पादन वृद्धिदर ४.७ प्रतिशत थियो । १९९० देखि १९९५ सम्म यो ४.८, १९९५ देखि सने २००० सम्म ४.८, २००१ देखि २००५ सम्म ४.१, २००५ देखि २०१० सम्म ४.१, २०१० देखि २०१५ सम्म

४.६ र २०१५ देखि १६ मा ०.७७ देखिएको छ । सालाखाला ४ प्रतिशत हाराहारीको वृद्धिलाई राम्रो भन्ने पनि होलान् तर यही गतिमा जाने हो भने नेपालको वर्तमान ७०० अमेरिकी डलर बराबरको प्रतिव्यक्ति आम्दानी १४०० अमेरिकी डलर पुग्न पनि १६ वर्षभन्दा बढी समय लाग्नेछ । यो बेलासम्म हाम्रा नजिकका दुई छिमेकी चीन र भारत कहाँ पुगिसकेका छन् र हामी कहाँ रहनेछौ ? यी प्रश्न अब नेपालीले सोध्न थालेकाछन् र बुझ्न थालेका छन् भन्ने राप्रपाको धारणा छ (राप्रपा घोषणापत्र, २०७४) ।

भावी राजनैतिक प्रणाली र संविधानको सुस्पष्ट खाका र स्वरूपबारे सहमति नै कायम नगरी स्थापित संस्था, संविधान र प्रणाली नष्ट पार्ने काम गरिएका राज्यका सबै अङ्ग नकरात्मक रूपमा प्रभावित भएका छन् । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबिच शक्ति पृथकीकरण एवं परस्पर नियन्त्रण र सन्तुलनको मान्यता कमजोर भएको छ । राज्यका प्रायः सबै अङ्गहरू पार्टीकरणको रोगबाट ग्रस्त रहेका छन् । न्यायालय, संवैधानिक अङ्गहरू, विश्वविद्यालय, कुटनैतिक नियोगहरू पार्टीगत भागवण्डाको सिकार भएका छन् । राजनैतिक परिवर्तनको वावजुद राज्यको निरन्तरता र सरकारको स्थायीत्वको अनूभुति दिलाउनु पर्ने प्रशासनिक संयन्त्र अहिले पक्षघातको दीर्घरोगबाट ग्रस्त भएको देखिन्छ । प्रशासनमा भएको तीव्र राजनीतीकरणले गर्दा योग्य र सक्षम व्यक्तिहरू हुँदाहुँदै पनि सिङ्गो प्रशासन यन्त्रको क्षमतामा उल्लेख्य ह्रास आएको छ । राज्य संयन्त्र निष्प्रभावी बनेको छ भन्ने राप्रपाको धारणा र बुझाइरहेको छ ।

## ४.८ राप्रपा नेताहरूमा वंशजको राजनीति स्थिति

राप्रपामा वंशजको राजनीतिले स्थान पाएको कुरालाई नकार्न सकिन्न । राप्रपाका संस्थापक नेताहरू सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दका उत्तराधिकारीका रूपमा उनीहरूकै छोराहरू सक्रिय रहेका छन् । नेता सूर्यबहादुर थापाले छोरा सुनिलबहादुर थापाका लागि चुनावमा जनतासँग म अब उमेरले बुढो भएँ तपाईहरूका सेवा र सहयोग गर्न मेरो उत्तराधिकारीका रूपमा छोरालाई चुनाव लडाएको छु । सहयोग गरी मलाई नै मत दिएको सरह म ठान्नेछु र मेरो उत्तराधिकारीले मैलेभन्दा बढी तपाईंहरूको दुःखसुखमा साथ दिनेछ भन्ने विश्वास दिलाउन चाहान्छु भनी गाउँगाउँमा गएर प्रचार गरेका थिए । धनकुटाका जनताले सूर्यबहादुरको आग्रहलाई स्वीकार गरी उनका छोरा जो संयुक्त राष्ट्रसंघको सेवा निवृत्त भएर आएका सुनिलबहादुर थापालाई धनकुटाको क्षेत्र नं. २ बाट भारी मत दिएर विजय गराई संविधानसभाको सभासद् बनाएका थिए । त्यसैगरी नेता लोकेन्द्रबहादुर चन्दले पार्टीको समानुपातिक सिटमा आफ्ना सुपुत्र जयन्त चन्दलाई संविधानसभाको सदस्य सभासद् पदमा सिफारिस गरे ।

दुवै संस्थापक नेताका छोरा सांसद र मन्त्री पटक पटक भए । यसबाट के थाहा हुन्छ भने राप्रपाका नेताहरूको आफ्ना सन्तानप्रतिको मोह राजनीतिमा स्थापित गर्ने रहर देखिन्छ । त्यसैगरी कमल थापाले राप्रपा नेपालले प्राप्त गरेको सिटको आधारमा नेपाल सरकारले विभिन्न विधाबाट २६ जना मनोनित गर्न पाउने व्यवस्थाका आधारमा १ सिट प्राप्त गरेको थियो । सो सिटमा आफ्ना भाइ गणेश थापालाई संविधानसभाको सदस्य सिफारिस गरेपछि पार्टीमा नातावाद कृपावाद छायो भनी कमल थापाको विरोध भएको थियो ।

त्यसैगरी पद्मसुन्दर लावतीले बुहारी बविता मोक्तान, केशरबहादुर बिष्टले छोरा विराज बिष्टलाई सभासद् बनाएका थिए । राप्रपामा आफ्नै मेहनत र परिश्रमबाट नेतृत्वमा आउन सफल नेताका छोराहरू उल्लेख्य रूपमा नदेखिए पनि आफ्ना पिताको राजनीति सम्हाल्ने लक्ष्य लिएर हिड्ने थुप्रै नेता तथा कार्यकर्ताहरू पार्टीमा रहेका छन् । **(परिशिष्ट-७)** । राप्रपाका नेताहरूले आफ्नो उत्तराधिकारी बनाउने प्रयत्नहरू गरेका छन् भने नेता पशुपतिशमशेर जबरा, प्रकाशचन्द्र लोहनी, राजेश्वर देवकोटा, विश्ववन्धु थापालगायतका नेताहरूका भाइ सन्तान पार्टी प्रवेश गरी राजनीति गरेका देखिँदैनन् ।

## ४.९ स्थापना र विस्तारको क्रममा राप्रपाले झेलेको संघर्ष तथा प्रमुख घटनाक्रमहरु

वि.सं.२०४७ सालमा पञ्चायतको अन्त्य भएपछि राप्रपा गठनको पहल भएको थियो । त्यतिबेला पार्टी स्थापनामा सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्दका साथै प्रकाशचन्द्र लोहनी, पशुपतिशमशेर जवरा, कमल थापा, बुद्धिमान तामाङ, पदमसुन्दर लावती, रवीन्द्रनाथ शर्मालगायत संलग्न थिए । तर एकताको पहल हुँदैगर्दा बीचमै नेताहरुबीच विवाद भई एकैदिन, वि.सं. २०४७ जेठ १५ गत्ते, राप्रपा (चन्द) र राप्रपा (थापा) नामका दुई पार्टीको घोषणा भएको थियो । त्यस यताका ३० वर्षमा राप्रपा विभिन्न कालखण्डमा विभाजित हुँदै कमजोर अवस्थामा पुगेको पाइन्छ । अहिले भने विभाजित राप्रपा एक भएको छ । २०७६ फागुनमा कमल थापा नेतृत्वको राप्रपा र पशुपतिशमशेर राणा तथा डा. प्रकाशचन्द्र लोहनी अध्यक्ष रहेको राप्रपा संयुक्तबीच एकता भएर हाल सिङ्गोरुपमा राप्रपा रहेको छ । राप्रपामा हाल राणा, लोहनी र थापा अध्यक्ष रहेका छन् (रातोपटी, २०७७, जेठ १५) । एकीकृत पार्टीको वैचारिक सिद्धान्त राष्ट्रियता, प्रजातन्त्र र उदारवाद रहेको छ । लामो विभाजन र टुट्फुट्पछि हाल पार्टी एकीकृत भएपछि, सो पार्टीका नेता तथा कार्यकर्ताहरु उत्साहितहुँदै पार्टीलाई एकढिक्का बनाएर अघि बढाउनु पर्ने कुरामा जोड दिँदै आएको पाइन्छ । स्थापनाकालदेखि पटक-पटक टुट्फुट्को श्रृङ्खलाबाट गुज्रेको राप्रपा अव कहिल्यै नफुट्ने बाचा वन्धनसहित एकताबद्ध भएको छ । विगतमा आपसी टकराव, व्यक्तित्वको दम्भ, एजेण्डामा सम्झौता, सत्तालिप्सा लगायतका कारण यो पार्टी विभाजित हुँदै आएकाले कमजोर अवस्थामा पुगेको कतिपयको टिप्पणी रहँदै आएको छ ।

स्थापनाकालदेखि नै राप्रपाले संघर्षको विभिन्न उत्तारचढाव तथा उल्झनहरु झेल्दै र सामना गर्दै आएको देखिन्छ । राप्रपामा संलग्न नेता तथा कार्यकर्ताहरु पञ्चायती पृष्ठभूमिबाट आएका कारण काँग्रेस-बाममोर्चा लगायत आन्दोलनकारी दलहरुको राप्रपालाई हेर्ने दृष्टिकोण फरक र व्यवहार शत्रुतापूर्ण देखिन्थ्यो । फलतः राप्रपालाई २०४६ सालको परिवर्तनपछि सङ्गठन निर्माण गर्न प्रतिकूल अवस्था थियो । सङ्गठनको निर्माण गर्ने क्रममा देशका विभिन्न ठाउँहरुमा नेता तथा कार्यकर्ताहरू कुटिने, पिटिने, लखेटिने, उनका घर कार्यालयहरू जलाउने, भत्काउने र भौतिक कारबाहीको समेत राप्रपाले सामना गर्नु परेको थियो । तत्कालीन अन्तरिम सरकारको प्रत्यक्ष निर्देशनमा प्रत्येक जिल्लामा काँग्रेस-बाममोर्चाको संयुक्त गुण्डाहरुको समूहले आमसभा आयोजना गर्न नदिने, सभा शुरुभइहाले गोली चलाउने, ढुङ्गामुढा गर्ने, सांघातिक आक्रमण गर्ने, सवारी साधन तोडफोड गर्ने, झण्डा तथा साइनबोर्ड जलाउने, राप्रपाका कार्यकर्तालाई पक्राउ गरी झुट्टा

मुद्दा लगाउने, निर्लज्ज गाली गलौज गर्ने, राप्रपाका नेतृत्व बिरुद्ध राजपरिवारलाई समेत मुछेर झुट्टा आरोपहरु लगाई राज्य आतङ्क खडा गरेको पाइन्छ । यस्ता डर, त्रास र गुण्डागर्दीको परवाह नगरी संगठन निर्माण कार्यमा जुट्न थालेपछि केन्द्रीय सदस्य खेमराज पण्डितलाई कालो मोसो, राप्रपा सिन्धुपाल्चोकका नेता कर्मावाङ्देल लामालाई लामो साँघुमा आक्रमण, बाँकेको सीतापुरमा एक गर्भिणी महिला कार्यकर्तालाई समेत आक्रमण गरी बेहोस पार्ने, सुनसरीको इटहरीमा राप्रपा (थापा) को कार्यालयको झण्डा झिकी आगो लगाउने र साइनवोर्ड फ्याँक्ने, महोत्तरीको लुपा भन्ने ठाउँमा राप्रपा (चन्द) का नेता महेन्द्र रायलाई हातपात गरी घाइते पार्ने, राप्रपा (चन्द) को बर्दियास्थित कार्यालयमा आगजानी गर्ने, राप्रपा (चन्द) का नेता फत्तेसिँह थारुलाई कालो मोसो दलेर शहर घुमाइएकोमा काँग्रेस र बामपन्थीहरुले जप्ने गरेको प्रजातन्त्र र मानव अधिकारको धज्जी उडाई रहेको देखिन्थ्यो । प्रजातन्त्रमा संगठन र वाक स्वतन्त्रता, विना हात हतियार भेला हुने स्वतन्त्रता, सभा सम्मेलन गरी जनतासँग सम्पर्क राख्ने वातावरणमा समेत गम्भीर बाधा पुऱ्याइएको थियो ।

वि.सं. २०४७ जेठ २२ गत्ते सिन्धुपाल्चोकको मेलम्चीमा आयोजित आमसभामा उनीहरुले राप्रपा (चन्द) का केन्द्रीय कार्यकारिणी मन्त्री पशुपतिशमसेर ज.ब.रा. को हत्या गर्ने असफल प्रयास गरे । यसरी ढुङ्गामुढा गरी प्रजातन्त्रलाई एकलौटी गर्ने षड्यन्त्र विफल पार्न राप्रपाका नेता तथा कार्यकर्ताहरुले आफ्नो खुट्टा नकमाई दृढतापूर्वक प्रतिरोध गर्दै अगाडि बढेका थिए । यस्तो विषम परिस्थितिमा राप्रपाले पनि बन्दुक उठाउन थालेको भए मुलुक गृहयुद्धमा फस्ने सम्भावना रहन्थ्यो । तर राप्रपाले संयम्ता अपनाएको देखिन्छ । शान्तिपूर्वकनै विरोध गर्ने र आफ्नो संगठनको कार्यक्रम निरन्तर अगाडि बढाउने सुझ्बुझ्पूर्ण क्रियाकलाप राप्रपाले जारी राख्यो । यस्तो स्थितिमा झन उल्टो 'गोवेल्स' शैलीमा राप्रपालाई नै अति रन्जित पार्ने कार्यमा सरकारी सञ्चार माध्यमको पनि व्यापक दुरुपयोग भएको देखिन्छ । पूर्वपञ्चहरुका सम्बन्धमा नेपाली काँग्रेसका नेताहरु बीच पनि परस्पर विरोधी धारणा रहेको देखिन्छ । जस्तो कि तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइराला पूर्वपञ्चहरुलाई सत्ताको गुलियो हातमा देखाई लोभ्याएर पार्टीमा भित्र्याउन खोज्थे भने पार्टीका शभापति एवं प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई तत्कालीन माले पार्टीका हातमा डण्डा थमाएर राप्रपाको नेताहरुको डढेल्नो सेक्न चाहन्थे ।

राप्रपा विरुद्ध आएका चरणवद्ध आक्रमणहरुकै क्रममा खोटाङमा आयोजित राप्रपा (चन्द) को आमसभा बिथोल्न आएका बाम-काँग्रेस गठवन्धनका लठैतहरुलाई परशुराम राईसमेतका नेता कार्यकर्ताहरुले प्रतिकार गरेका थिए । प्रशासनले शान्ति सुरक्षा कायम गर्ने दायित्वबाट पर हटेर उल्टै राईसमेतलाई हिरासतमा लिई झुट्टा मुद्दासमेत लगाएको पाइन्छ । यस्तै उदयपुरमा पार्टी आमसभामा हमला गरी एक महिला कार्यकर्ता प्रति नरपिशाचहरुले ज्यादतिसमेत गरेका थिए । उनीहरुले सल्यानको कोटमारामा आक्रमण गरेका थिए भने पाँचथरमा अमर दिपको आँखा नै फोडिदिएका थिए । यसैगरी विभिन्न ठाउँमा घटनाहरु घटेका थिए । त्यसमध्येका प्रमुख काण्डहरुलाई तल संक्षिप्तरुपमा प्रस्तुत गरिएका छन् ।

### (क) सिन्धु काण्ड

राप्रपाको इतिहासमा सत्तासीन पार्टीद्धारा राप्रपा विरुद्ध घटाइएका घटनाहरु मध्ये सिन्धु काण्डलाई एक प्रमुख काण्डको रुपमा लिइने गरिन्छ । राप्रपा (चन्द) स्थापना भएको एक हप्तापछि नै यो काण्ड घटाइएको थियो । तत्कालीन समयमा पार्टी संगठन गर्ने क्रममा सिन्धुपाल्चोक जिल्लाको मेलम्चीमा आयोजित पहिलो आमसभामा नै सत्तासीन पार्टीबाट परिचालित गुण्डा तथा अराजक जत्थाका भिडबाट राप्रपाका केन्द्रीय कार्यकारिणी मन्त्री एवं सिन्धुपाल्चोकका जनप्रिय नेता पशुपतिशमसेर जवराको हत्या गर्ने दुष्प्रयास भएको थियो तर सभामा उपस्थित जनसमुदायको सशक्त प्रतिकारले उक्त षड्यन्त्र विफल भएको देखिन्छ । तत्पश्चात पनि सोही जिल्लाको जलविरे र लामोसाँघुमा सत्तासीन पार्टीका गुण्डाहरुले सिन्धुपाल्चोकमा राप्रपा र व्यक्तिगत रुपमा नेता राणाको लोकप्रियताबाट अत्तालिएर त्यस्तै घट्ना दोहोऱ्याएका थिए । तथापी राप्रपा आफ्नो लक्ष्यमा अगाडि बढि रहेको देखिन्थ्यो ।

यसरी नै राप्रपा (चन्द) का केन्द्रीय अध्यक्ष लोकेन्द्रबहादुर चन्द समेत उपस्थित रहेको वि.सं. २०४७ असोज ४ गत्तेको सदरमुकाम चौतारामा आयोजित आमसभामा पनि सोहि किसिमका गुण्डागर्दी र ढुङ्गामुढा बर्साउने तत्वहरु पराजित भए । यसरी स्थापनाको शुरुवाती दिनदेखि नै राप्रपाले विभिन्न खाले बाधा अड्चन र सङ्घर्षको स्थिति झेल्नु परेको थियो । यस पछाडीको एउटै मक्सत बदलिँदो राजनैतिक परिस्थतिमा सत्तासीन राजनैतिक दलहरुले प्रजातन्त्रलाई आफ्नो मात्र पेवा सम्झी राप्रपालाई शुरुदेखि नै दवाएर सङ्गठन विस्तारगर्न नदिई कहिल्यै उठ्न नदिने थियो । उक्त जिल्लाको विभिन्न भागमा यस्ता थुप्रै घटनाहरुका सामना गर्दै संगठन र आर्जित विश्वासबाट नेता राणा सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नं. ३ बाट लगातार तीन पटक विजयी भई राप्रपाबाट शुरुदेखि नै प्रतिनिधिसभामा प्रतिनिधित्व गर्न सफल भए (खनिया, २०५९, पृ. २४) । राप्रपाको लागि यो गौरवको विषय बनेको थियो ।

### (ख) पथरी काण्ड

सत्तासीन पार्टीहरुबाट राप्रपाविरुद्ध घटाइएका घटनाहरुको अर्को श्रृङ्खलाको रुपमा पथरी काण्डलाई लिइन्छ । उक्त काण्ड मोरङ्ग जिल्लाको पथरी बजारमा भएको थियो । राप्रपा चन्दको स्थानीय कार्यालय उद्घाटन र सभागर्ने कार्यक्रमअनुरुप केन्द्रीय नेताद्वय पद्मसुन्दर लावती र कृष्णकुमार राई कार्यक्रमस्थल पथरीमा पुगेका बेला नेकपा एमालेले निहुँ खोजी सोही स्थानमा आफ्नो कार्यक्रम पनि रहेको जनाई राप्रपाको सभामा आक्रमण गरी राप्रपाका यूवा नेता लोकबन्धु कार्कीसहित अन्य कार्यकर्ताहरुलाई सख्त घाइते बनाएपछि उपचारको लागि कोशी अञ्चल अस्पतालमा भर्ना गर्नु परेको थियो (खनिया, २०५९, पृ. २४) । त्यहाँ राप्रपालाई कार्यालय स्थापना र कार्यक्रम सञ्चालन गर्न दिँदा राप्रपाले लिइएको विचार र सिद्धान्तबाट प्रभावित भई आफ्नो पकडमा रहेका जनताको ठूलो हिस्सा राप्रपामा प्रवेश गर्छन भन्ने भय र त्रासबाट विचलित भई एमालेका नेता तथा कार्यकर्ताहरुका अराजक जत्थाले उक्त कार्यक्रम विथोल्ने दुराशाय राखी आक्रमण गरेका थिए । यो त एउटा प्रतिनिधि घटनामात्र थियो । राप्रपालाई पथरी मात्र नभई देशका विभिन्न

भागहरुमा आफ्ना कार्यालय स्थापना गर्न र राजनैतिक रुपमा संगठित हुन पाउने प्रजातान्त्रिक हकसमेत उपभोगगर्न दिइएको थिएन । यसरी राप्रपाले आफ्नो स्थापनाकालदेखि नै विभिन्न किसिमका व्यवधानहरु भेल्दै र संघर्षगर्दै आएको देखिन्छ ।

### (ग) बनेपा काण्ड

राप्रपा (चन्द) ले मात्र नभई राप्रपाकै अर्को खेमा राप्रपा (थापा) ले पनि आफ्नो स्थापनाकालमा विभिन्न प्रकृतिका कयौं घटनाहरुका सामना गर्नु परेको थियो । बनेपा काण्ड यसको एक ज्वलन्त उदाहरण हो । राप्रपा (थापा) को वि.सं. २०४७ कार्तिक २९ गत्ते भापाको विर्तामोडमा विशाल आमसभा सम्पन्न भएपछि त्यसबाट उत्साहित भई अन्यत्र पनि सभागर्ने क्रममा वि.सं. २०४७ मार्ग २६ गत्ते काभ्रेपलान्चोक जिल्लाको बनेपा बजारमा आयोजित सभालाई संवोधन गर्न पुगेका पार्टी अध्यक्ष सूर्यबहादुर थापाले मन्तव्य प्रकट गर्ने क्रममा सत्तापक्षको उश्रृङ्खल क्रियाकलापका कारण भिडन्त हुन गई भयावह र अनियन्त्रित अवस्थाको सिर्जना हुन पुग्यो । सो घटनालाई काठमाण्डौंबाट प्रहरी फोर्स लगेर साम्य पारिएको थियो । यस काण्डमा बासुदेव मुस्याजुले जीवन बलिदान गर्नु पऱ्यो भने सयौंका संख्यामा नेता तथा कार्यकर्ताहरु घाइते हुन पुगे ।

सरकारको तर्फबाट बहुदलीय प्रजातान्त्रिक अभ्यास रोक्न राज्य आतङ्कको सहारामा छेकवार लगाइनु, नयाँ संविधानले प्रदान गरेका प्रजातान्त्रिक अधिकारहरु केवल सत्तामा रहनेलाई मात्र एकाधिकार रहने गरी बनेपामा भएको दुर्व्यवहार विरुद्ध राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाले एक पत्राकार सम्मेलनको आयोजना गरी उक्त घटनाले देशको राजनीतिलाई भयावह, कोलाहलपूर्ण र रक्तरञ्जित पार्न सक्ने चेतावनी दिएका थिए । थापाले यो स्थिति कायम रहेमा सार्वजनिक सुरक्षा, निष्पक्षता र निर्वाचनमा स्वतन्त्ररुपले सरिक हुने जनताको मौलिक अधिकार सुनिश्चित गर्न वैकल्पिक उपचार खोज्नुपर्ने अवस्था आउने भविष्यवाणी समेत गरेका थिए । जुन स्थिति आज सत्य सावित हुन खोज्दै छ । सत्तापक्षले जनता र प्रतिपक्षलाई आतङ्कित पारेर आगामी चुनावको परिणाम आफ्नो अनूकुल पार्ने अभिष्ट आकांक्षा राखेको उल्लेख गर्दै उनले यस्तो आकांक्षालाई विफल पार्न जे जस्ता उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ, त्यसको लागि पनि आफ्नो पार्टी तयार रहेको बताएका थिए । यसरी राप्रपा (थापा) ले पनि आफ्नो स्थापनाकालदेखि नै विभिन्न किसिमका संघर्षहरु भेल्दै आएको देखिन्छ ।

### (घ) जनकपुर काण्ड

राप्रपा स्थापनाको शुरुवाती दिनहरुमा सत्तासीन पार्टीका मतियारहरुद्धारा घटाइएका प्रमुख काण्डहरु मध्ये जनकपुर काण्डलाई पनि एक प्रमुख काण्ड मानिन्छ । वि.सं. २०४७ मंसिर ८ गत्ते राप्रपा (चन्द) का अध्यक्ष लोकेन्द्रबहादुर चन्द सहित आएको टोली उपर जनकपुरधाममा सरकार समर्थित उश्रृङ्खल समुहले एक्कासी आक्रमण गर्नुको साथै पार्टी कार्यालय तोडफोड र हेमबहादुर मल्लको घरको कार तथा अन्य सर-सामानमा आगो समेत लगाएको हुँदा स्थिति नियन्त्रणमा ल्याउन प्रहरीले अश्रु ग्याँसको प्रयोग र लाठी चार्ज समेत गर्नु परेको थियो । उक्त काण्डमा राजेश्वर देवकोटा, प्रकाशचन्द्र लोहनी, बद्रीबहादुर कार्की, उदयकान्त

ठाकुर, गिरिजानन्द झा आदिको साथै डि.एस.पी. लगायत १० जना प्रहरी समेत घाइते भएका थिए । यस किसिमका घट्ना उपर प्रम र गृहमन्त्रीको ध्यानाकर्षण गराउँदा समेत कुनै सुनुवाई नै भएको थिएन । बरु यस्ता घटनामा डि.एस.पी. समेत प्रहरी फोर्सले नै राप्रपालाई सहयोग र संरक्षण गऱ्यो भनी डि.एस.पी. उपर कारवाहीको लागि सत्तासिन कार्यकर्ताले केन्द्रमा समेत दवाव दिएका थिए । साङ्घातिक आक्रमणका घटना र चरणबद्ध रुपमा यस्ता घटनालाई चरमोत्कर्षतर्फ लैजान सत्तापक्षले दिएको प्रत्यक्ष र अप्रत्यक्ष दुवै सहयोगले प्रजातान्त्रिक अभ्यासको सट्टा आतङ्कवादलाई प्रश्रय दिइरहेको छ भन्ने पुष्टि भइसकेको थियो भने केबल शव्द आडम्बरलाई मात्र प्रजातन्त्र ठान्ने रोग सत्तापक्षमा सल्केको देखिन्थ्यो । यसरी सत्तासीन दलहरुका रवैयाका कारण स्थापनाकालदेखि नै राप्रपाले आफ्नो सङ्गठन निर्माण र विस्तारका दौरान विभिन्न कठिनाई र उल्झनहरुको सामना गर्नु परेको थियो ।

### (ङ) जलेश्वर काण्ड

सत्तासीन पार्टीहरुका रवैया, उन्माद र अराजकताका कारण घटाइएका काण्डहरुकै अर्को श्रृङ्खलाको रुपमा जलेश्वर काण्डलाई लिन सकिन्छ । वि.सं. २०४७ मंसिर ९ गत्ते महोत्तरी जिल्लाको जलेश्वरमा राप्रपा (चन्द) ले आयोजना गरेको आमसभामा अघिल्लो दिन जनकपुरधाममा जस्तैः पुर्व नियोजित षड्यन्त्र अनुरुप राप्रपा (चन्द) का केन्द्रीय अध्यक्ष एवं पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, राजेश्वर देवकोटा, पदमसुन्दर लावती, मोहम्मद मोहसिन, हेमबहादुर मल्ल, रणबहादुर शाह, खेमराज पण्डित आदि केन्द्रीय नेतृत्व र विन्देश्वरीप्रसाद सिँह, देवेन्द्र झा, गणेश यादव, प्रकाशबहादुर शाह, शेरबहादुर थापा आदि २१ जनालाई घाइते बनाइएको थियो । महोत्तरीकी महिला नेतृ श्रीमति मिश्री गिरीलाई वद्नाम गर्ने उद्देश्यले उनको साडी खोल्ने प्रयत्न भएको तर त्यसलाई विफल पारिएको थियो । स्थानीय गेष्ट हाउस समेत तोडफोड गरिएको थियो । सरकारबाट यस्तो राज्य आतङ्क खडागरी ज्यानैलिने उद्देश्यले राप्रपाका केन्द्रीय नेता उपरको आक्रमणले झन प्रोत्साहन पाउँदै गयो । बनेपा काण्डमा राप्रपा (थापा) का नेता, कार्यकर्ताहरुमाथि गरिएको सांघातिक हमलाको राप्रपा (चन्द) का अध्यक्ष लोकेन्द्रबहादुर चन्दले तीव्र निन्दा र भत्सर्ना गरेका थिए भने जलेवरमा राप्रपा (चन्द) का नेता, कार्यकर्तालाई गरिएको सशस्त्र आक्रमणको आफै उपर परेको घट्ना सरह उच्च संवेदनशीलताका कारण राप्रपा (थापा) का अध्यक्षले प्रेस विज्ञप्ति मार्फत कडा शव्दमा विरोध प्रकट गर्दै यस्ता घट्ना अब आयन्दा नदोहोऱ्याउन चेतावनी समेत दिएका थिए ।

### (च) वीरगञ्ज काण्ड

यो काण्ड पनि राप्रपा स्थापनाको शुरुवाती काण्डै थियो, जुन काण्ड सत्तासीन दलहरुद्धारा परिचालित गुण्डाहरुले घटाएका थिए । वि.सं. २०४७ मंसिर २७ गत्ते को दिन सत्तापक्षको आतङ्कवादी क्रियाकलापको कारण बनेपामा आयोजित आमसभालाई पूर्णरुपमा सम्वोधन गर्न नपाउनु भएपनि राप्रपा (थापा) का अध्यक्ष सूर्यबहादुर थापा राज्य आतङ्कवादका किल्ला, पर्खाल र अवरोधहरुलाई पारगर्दै पुष ११ गत्ते वीरगञ्जमा तिसौं हजार आफ्ना समर्थक, कार्यकर्ताहरु बीच पुगेरै छाडे । एउटा स्वयंसिद्ध तथ्य जस्तै र पूर्व

अनुमानअनुरुप नै सिन्धुपाल्चोक, मोरङ्ग, बनेपा, जनकपुर, जलेश्वरदेखि राप्रपाको नेताहरुको पानी खेदोगर्दै सत्तापक्षको आतङ्कवादी डफ्फा वीरगञ्ज पनि पुऱ्याइएको थियो । कालो झण्डा देखाउने, नेताहरु चढेको गाडी जलाउने, हातपात गर्ने, ढुङ्गामुढा बर्साउने नियति वीरगञ्जमा पनि दोहोरियो । उक्त सभालाई संवोधनगर्दै अध्यक्ष थापा लगायतका वक्ताहरुले प्रस्तुत गरेका राजनीतिक विश्लेषण र भविष्यवाणी त्यसबेला पानीमा देखिने प्रतिविम्व ऐनामा देखिने प्रतिविम्व जस्तै बनेको थियो । उक्त अवसरमा भनिएको थियो- आतङ्कका कारण सार्वभौमसत्ताका मालिक नेपाली जनता भय, असुरक्षाको शिकार बनेका छन्, संवैधानिक हक, अधिकारको उल्लङ्घन नयाँ संविधानमा लेखेको मसी सुक्न नपाउँदैदेखि जारी रहेको छ । जनताले विकल्पका कुरा सुन्न, छान्न र बुझ्न पनि पाएका छैनन् । स्वतन्त्र र निष्पक्ष निर्वाचन होस् भन्ने आम विश्वको धारणा र इच्छालाई कुण्ठित बनाइएको छ ।

## (छ) धनगढी काण्ड

राप्रपाको इतिहासमा बिर्सन नसकिने क्षण भनेको वि.सं. २०४७ माघ १८ गत्ते राप्रपा (थापा) को धनगढीमा आयोजित आमसभामा गरिएको प्रशासन समर्थित काँग्रेस-बाममोर्चाका गुण्डाहरुको ज्यादति पनि एक हो । उक्त आमसभास्थलमा विरोधको लागि कालो झण्डा गाडिएको थियो, राप्रपाको झण्डा जलाइएको थियो र कैयौं नेता, कार्यकर्ताले अनाहकमा पिटाई खानु परेको थियो । यस काण्डमा पनि राप्रपा (थापा) ले पर्याप्त सहिष्णुता अपनाए पनि मूर्खहरुको अगाडि सबै प्रयास व्यर्थ भए । सत्ता बाहिर रहेका बिपक्षी प्रजातान्त्रिक पार्टीहरुका टाउकामा आतङ्कवादको भूत खन्याएर विरोधी पक्षलाई निमिट्यान्न पार्ने दुस्साहसले सत्ताकै गर्भबाट जन्माइएको आतङ्कवादले मातृकोखकै शिकारगर्न तत्पर भष्मासुरको हात सावित हुने अनुमान त्यही समयमा नै नऔंल्याइएको भने होइन । प्रजातन्त्रको सिउँदो विधवाको जस्तै पार्ने दुर्व्यवहार स्वयं अन्तरिम सरकारबाट नै भएको थियो (खनिया, २०५९) । यसरी राप्रपाले शुरुदेखि नै संघर्ष गर्दै हालको अवस्थामा आइपुगेको छ । अहिले पनि राप्रपा देशी विदेशी षड्यन्त्रमा फस्दै आएको छ । यहि षड्यन्त्रका कारण उसले पटक पटक विभाजनको मार खेप्दै आउन पऱ्यो । विभाजनकै कारण वर्तमान राष्ट्रिय राजनीतिमा राप्रपा कमजोर स्थितिमा रहन पुगेको देखिन्छ ।

## (ज) हेटौंडा काण्ड

सत्तासीन राजनीतिक दलहरुबाट राप्रपा विरुद्ध घटाइएका काण्डहरुको श्रृङ्खलाको अर्को काण्डको रुपमा हेटौंडा काण्डलाई लिन सकिन्छ । देशभर काँग्रेस-बामपन्थी गठवन्धनबाट राप्रपा विरुद्ध खडा गरिएको राज्य आतङ्क, हिंसा र गुण्डागर्दीको विरोधमा हेटौंडामा निस्केको जुलुसमाथि वि.सं. २०४७ कार्तिक ९ गत्ते काँग्रेस एमालेका नेताहरुको अगुवाईमा आएको हिंस्रक जत्थाले १० जना भन्दा बढी राप्रपाका नेता तथा कार्यकर्तालाई घाइते बनाएको थियो ।

यस अतिरिक्त माओवादी द्वन्द्वको कारण विगतमा देशको राजनीतिक अवस्था त्रास र भयको स्थितिमा थियो । द्वन्द्वकालमा राप्रपा माओवादीको निशानामा परेको थियो । फलतः सयौँले ज्यान गुमाएका

थिए भने हजारौँको सङ्ख्यामा विस्थापित हुन पुगे । अपहरण, हिंसा, तोडफोड, आगजनी र कुटपिट जस्ता भौतिक कारबाही ठूलो सङ्ख्यामा राप्रपाका नेता तथा कार्यकर्ताहरूले भोग्नुपरेको थियो । माओवादीले स्थानीय निकायमा नियुक्त भएका राप्रपा र अन्य दलसँग नजिक नेता तथा कार्यकर्ताहरुलाई धेरै ठाउँमा निर्मम्तापूर्वक हत्या गरेका थिए । राप्रपामा आस्थावानरहि विभिन्न पदीय जिम्मेवारीमा रहेको अवधीमा धेरैले शहादत प्राप्त गरे । सहादत प्राप्त गर्ने रापपाका प्रमुख नेता तथा कार्यकर्ताहरुमा कृष्णचरण श्रेष्ठ (सांसद, ३ नं. क्षेत्र, सिरहा), जोगबहादुर गुरुङ (प्रतिनिधिसभा उम्मेदवार, २०५१, गोरखा), गोपाल गिरी (प्रमुख, बीरगंज न.पा., पर्सा), हर्कबहादुर गुरुङ (प्रमुख, पोखरा न.पा., कास्की), धनबहादुर बम (प्रमुख, धनगढी न.पा., कैलाली), राजेन्द्र श्रीबास्तब (प्रमुख, गुलरिया न.पा.,बर्दिया), गितानिधि रायमाझी (प्रमुख, इटहरी न.पा., सुनसरी), चन्द्रकान्त भट्टराई (प्रतिनिधिसभा उम्मेदवार, २०५१, इलाम), दीपेन्द्र थापा (के.सदस्य, रा.प्र.बि.सं., नुवाकोट), रमेश मल्ल (के.सदस्य, रा.प्र.बि.सं., चितवन), गंगाप्रसाद सुबेदी (उपाध्यक्ष, जिल्ला कार्य समिति, सुर्खेत), मनोहर मल्ल (युवा नेता, धनुषा), शोभाखर भुषाल (जिल्ला अध्यक्ष, अर्घाखाँची), मोहनबहादुर कुँवर (युवानेता, बाग्लुङ), भगिरथ यादव (क्षेत्रीय अध्यक्ष, रुपन्देही), केशव कन्दङवा (जिल्ला उपाध्यक्ष, झापा), बद्रीबहादुर कार्की (पूर्व जिल्ला पञ्चायत सभापति, धनुषा), चन्द्रबहादुर जोशी (जिविस सदस्य, धनकुटा), रामप्रसाद यादव (जिविस सदस्य, सिरहा), राजदेव यादव (पूर्व गाविस अध्यक्ष, औरही, महोत्तरी), मणिकबारी धमौरा (पूर्व गाविस अध्यक्ष, महोत्तरी), गिरीधारीलाल यादव (पूर्व गाविस अध्यक्ष, शिवपुर, धनुषा), किरण के.सी. (क्षेत्रीय सदस्य, बर्दिया), मानबहादुर गुरुङ (पूर्व गाविस अध्यक्ष, धादिङ) आदि रहेका थिए (खनिया, २०७३) ।

राप्रपाको इतिहास टुट्फूट र षड्यन्त्रले भरिपूर्ण छ । स्थापनाकालदेखि नै राप्रपाले निरन्तर विभाजन र एकताको श्रृङ्खला पारगर्दै आएको छ । कार्यकर्ता भन्दा नेता प्रधान पार्टी भएकोले नेताहरुकै पदको खिचातानी र सत्ता राजनीति नै विवादको कारण बन्दै आएको देखिन्छ । त्यसमा पञ्चायतकालदेखिको इगोले मलजल पुऱ्याउँदै आएको छ । देशी विदेशी षड्यन्त्रको कारण राप्रपामा निरन्तर विभाजनको स्थिति देखा पऱ्यो । देशका तीन आधार स्तम्भहरू जस्तैः (क) राजसंस्था (ख) हिन्दूराष्ट्र र (ग) नेपाली सेनासँग बिचार र भावना मिल्ने, मेल खाने र मौलिक पहिचान बोकेको एउटै मात्र पार्टी राप्रपा भएकोले देशमा अस्थिरता चाहानेहरूको नजरमा राप्रपालाई अर्को मुख्य बाधक शक्ति ठहऱ्याई उनीहरुले मुख्य बाधक शक्ति राप्रपालाई नै ठानी सके उठ्नै नदिने नसके अनेक षड्यन्त्र रची पार्टीलाई पटक पटक विभाजन गराउने कार्य हुँदै आयो । यदि राप्रपा स्थापित भयो भने राप्रपाले लिएको विचार, सिद्धान्त र राप्रपाले उठाएका एजेन्डाहरू स्थापित हुन्छन् । त्यसपश्चात् राजसंस्था, हिन्दूराष्ट्र नेपाल साथै नेपाली सेनालाई राप्रपाले राष्ट्रियताको बिम्ब र अनुशासित संस्थाको रूपमा लिएको कारण पुनः देशमा ती तीन मूख्य आधार स्तम्भहरू स्थापित् भए परिणाम देश राष्ट्रिय एकताको मालामा गाँसिने, अन्तर्राष्ट्रिय प्रभाव क्रमैसँग कम हुँदै जाने, विदेशीहरूको अभीष्ट पूरा नहुने र मुलुकमा एकताको भावना स्वतः स्थापित हुने डरले राप्रपालाई सधैं कमजोर, विभाजित र आलोचित

पार्टी बनाई राख्ने षड्यन्त्र हुँदै आएको देखिन्छ । राप्रपाको विभाजन र फुटमा दरबार पनि कारक बन्यो । जब राजा ज्ञानेन्द्रले सक्रिय शासनको सुरुवात गरे, त्यसपछि राप्रपामा विवाद बढ्दै गयो । वि.सं. २०५९ असोज १८ गत्ते लोकेन्द्रबहादुर चन्दलाई राजाले प्रधानमन्त्री बनाए । त्यतिवेला राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा थिए । थापा निवास मालिगाउँमा बसेको बैठकले त्यो कदमलाई परिस्थितिजन्य बाध्यताको संज्ञा दियो । तर सूर्यबहादुर थापा भित्रभित्र त्यो कदम स्वीकार गर्ने पक्षमा थिएनन् । त्यस कदमप्रति दलहरु र भारतको समर्थन नभएपछि चन्द हटेर थापा फेरि प्रधानमन्त्री बने ।

दरवारले पालैपालो प्रधानमन्त्री बनाए पनि दुवैलाई बलियो हुन भने दिएन । फलतः चन्द र थापाबीच विवाद चुलिँदै गयो । वि.सं. २०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले पूरै शासन आफ्नो हातमा लिए । यो कदमलाई राप्रपाबाट स्वागत गराउने प्रयास गरियो । तर राप्रपा अध्यक्ष पशुपतिशमशेर राणा र पूर्वअध्यक्ष सूर्यबहादुर थापा दुवै यसको विपक्षमा उभिए । दरवारले त्यसपछि राप्रपा कब्जा गर्ने वा फुटाउने रणनीति अख्तियार गऱ्यो । वि.सं.२०६२ पुष २६ र २७ गत्ते काठमाण्डौँमा विशेष भेला बोलाएर राप्रपाको अध्यक्ष कमल थापा भएको घोषणा गरियो । तर निर्वाचन आयोगले त्यसलाई मान्यता दिएन । त्यसपछि त्यो समूह राप्रपा नेपाल नामाकरण गर्दै निर्वाचन आयोगमा दर्ता भयो । राप्रपा नेपाल गठन हुनुअगावै राजाकै सक्रिय शासनको बेला राप्रपाका संस्थापक अध्यक्ष सूर्यबहादुर थापा अलग भई राष्ट्रिय जनशक्ति पार्टी गठन गरे । यसरी पार्टी स्थापनाको एक दशकमा पूर्वपञ्चहरु राप्रपा, राप्रपा नेपाल र राष्ट्रिय जनशक्ति पार्टी गरी तीन पार्टीमा विभाजित भए । यसरी कहिले व्यक्तित्वको टकराव त कहिले दरवारको कारण राप्रपामा फुट र विभाजनको अवस्था आयो । अहिले भने विभाजित राप्रपा एक भएका छन् ।

साथै राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको विरुद्धमा भएको २०६२/६३ को दोस्रो जनआन्दोलनपश्चात् पुनः एक पटक राप्रपालाई २०४७ सालको जस्तै घटनाहरू सहन गर्नुपरेको थियो । राजाको मतियार भन्दै आन्दोलनकारीहरुले राप्रपाका नेता तथा कार्यकर्ताहरुले अपमान, हिंसा र पिडा भ्Œेल्नु परेको थियो । यस्ता विविध घटनाहरूका बिच राप्रपाको स्थापना, निर्माण र विस्तार भएको भएको देखिन्छ । हाल देशमा एउटा वैकल्पिक शक्तिको आवस्यकता रहेको देखिन्छ । यस्तो शक्ति जो राष्ट्रवादी होस्, जसले मन, वचन र कर्मले प्रजातन्त्रमा विश्वास गरोस् अनि नेपाली जनताको चाहनाअनुरुप सुशासन र सम्वृद्ध प्रदान गर्न सकोस् । यस्तो विकल्प बन्न सक्ने योग्यता र क्षमता राप्रपामा देखिन्छ ।

# परिच्छेद : पाँच
# संसदीय अभ्यासमा राप्रपाको सहभागिताको अवस्था

विभिन्न राजनीतिक दलहरूको संसदीय अभ्यासमा आ-आफ्नै भूमिका र सहभागिताको अवस्था रहेका हुन्छन् । त्यसैले यस परिच्छेदमा संसदीय व्यवस्था र यसको महत्त्व, नेपालमा संसदीय प्रणालीको विकासक्रम, नेपालको वर्तमान संसदीय व्यवस्था, राप्रपाको संसदीय अभ्यास, निर्वाचन र निर्वाचन प्रणाली, संसदीय निर्वाचनमा राप्रपाको सहभागिताको स्थिति, राप्रपा सम्मिलित संयुक्त सरकारहरू, राप्रपाले सरकारमा रहँदा देश र जनताको पक्षमा गरेका राम्रा कामहरू, राप्रपाको सक्रियतामा सम्पन्न अन्तर्राष्ट्रिय सन्धिहरू र संविधान सुधारसम्बन्धी राप्रपाको धारणा आदिका बारेमा खोजमूलक अनुसन्धान गरी तिनका बारेमा विस्तृत रूपमा वर्णन गरिएको छ ।

## ५.१ संसदीय व्यवस्था र यसको महत्त्व

संसदीय व्यवस्था प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत पर्ने हुँदा शासन व्यवस्थामध्येमा यो एक महत्त्वपूर्ण र जनउत्तरदायी व्यवस्था मानिन्छ । वर्तमान समयमा राज्यहरूको विशाल क्षेत्रफल र ठूलो जन घनत्वको कारण प्राचीन ग्रिक नगरराज्यको जस्तो प्रत्यक्ष प्रजातन्त्र सम्भव देखिँदैन । जनताले आफ्नो सार्वभौम सत्ताको उपयोग संसद् अथवा व्यवस्थापिकामा आफूले चुनेर पठाएको जनप्रतिनिधिमार्फत गर्ने भएकाले राज्य सञ्चालनमा संसद्को स्थान सर्वोच्च रहेको पाइन्छ । आधुनिक युगमा राज्य शक्तिको स्रोतको प्रयोग वा सञ्चालनको आधारमा अधिनायकवादी, सर्वाधिकारवादी, तानाशाही व्यवस्था र प्रजातान्त्रिक व्यवस्था गरी मुलतः २ प्रकारका राजनीतिक शासन पद्धति वा व्यवस्थाको विकास भएको देखिन्छ । अधिनायकवादी, सर्वाधिकारवादी, तानाशाही व्यवस्थाले राज्य शक्तिको स्रोत जनतालाई नमानी कुनै एक व्यक्ति, वर्ग, वा समुदायको हितको लागि राज्यशक्तिको प्रयोग गर्दछन् । जनताका मौलिक हक र अधिकारहरूको ग्यारेन्टी गरिएको पाइँदैन । राज्यमा शासक र शासित दुई वर्ग स्पष्ट रूपमा देखा पर्दछ । विधिको नभएर हुकुमे शासन हुन्छ । नियम कानुन केवल हात्तीको देखाउने दाँतको रूपमा रहने गर्दछ ।

निरङ्कुश राजतन्त्र, कुलीनतन्त्र, सैनिक शासन, साम्यवादी व्यवस्था आदि यसका उदाहरण हुन् । अर्कोतिर प्रजातान्त्रिक व्यवस्था भन्नाले जनताद्वारा जनताका लागि जनताले नै गर्ने शासन व्यवस्था भन्ने गरिन्छ (दाहाल, २०५३, पृ. ३३७) । प्रजातान्त्रिक पद्धति वा व्यवस्थामा राज्यशक्तिको स्रोत जनतालाई नै मानी विधिको शासनअनुरूप, जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले देश र जनताको भलाइ एवं कल्याणका लागि राज्य शक्तिको स्रोतको समूचित उपयोग गर्दछन् । अध्यक्षात्मक र संसदीय व्यवस्था (पद्धति) लाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । संसदीय व्यवस्थामा जनताले छानेका प्रतिनिधिहरूको सभा (संसद्) मा बहुमत प्राप्त व्यक्ति वा दलको नेतालाई प्रधानमन्त्रीमा राष्ट्रप्रमुखद्वारा नियुक्त गरिन्छ । मन्त्रीपरिषद्को सदस्य संसद् वा व्यवस्थापिकाको पनि सदस्य हुने गर्दछ । मन्त्रीमण्डलको गठन र विघटन पनि व्यवस्थापिकाको

बहुमत सदस्यहरू कै नियन्त्रण रहेको हुन्छ । त्यसैले आधुनिक युगमा जुनसुकै देशको जस्तोसुकै शासन प्रणालीमा संसद्को भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । त्यसैले ग्रेट ब्रिटेन वा संयुक्त अधिराज्यको संसद्लाई विश्वका सबै सभ्य राष्ट्रका संसद्हरूको जननी भनिन्छ (Bhagawan and Bhusan, 1995, पोखरेल, २०७५, पृ. ४७)।

नेपालमा व्यवस्थापिकालाई पटकपटकका संविधानको निर्माणपश्चात् फरकफरक नाम दिइएको भए तापनि २०७२ सालको नेपालको संविधानले यसको नाम सङ्घीय संसद् राखेको छ, जसमा प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका रहेको छ । संसदीय प्रणालीअन्तर्गत मन्त्रिपरिषद्को सदस्य संसद्को सदस्य रहन्छ । संसदीय दलको नेता भएको हैसियतले मन्त्रीमण्डलको नेतृत्व प्रधानमन्त्रीले सम्हालेको हुन्छ । निश्चित समयको लागि निर्वाचित सदस्यहरू रहेको संसद्को विश्वासको आधारमा नै मन्त्रीपरिषद् बन्ने बिग्रने हुनाले नै यस शासन पद्धतिलाई संसदीय प्रणाली भनि नामकरण गरिएको हुनुपर्दछ । यसरी माथिका परिभाषाहरूलाई अध्ययन गर्दा संसदीय व्यवस्थामा राष्ट्रप्रमुख र सरकारप्रमुखको व्यवस्था गरिएको हुन्छ । नेपालमा वि.सं. २०१५ मा पहिलो पटक बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आधारमा संसदीय शासन व्यवस्थालाई अङ्गिकार गरिएको थियो तर २०१७ सालपछि पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपश्चात् संसदीय शासन प्रणालीको अन्त भएको थियो । २०४६ सालमा भएको जन आन्दोलनको परिणामस्वरूप नेपालमा पुनः बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थाको प्रादुर्भाव भई मुलुकले संसदीय शासन प्रणालीलाई अँगालेर आएको छ । संसदीय शासन प्रणालीमा वयस्क मताधिकारको आधारमा प्रतिनिधिमूलक प्रजातन्त्रको स्थापना भएको हुन्छ । राजनीतिक प्रणालीभित्र शक्तिको केन्द्रको रूपमा संसद्को भूमिका, संसद्प्रति कार्यकारिणीको सामूहिक उत्तरदायित्व, सरकारको रूपरेखामा प्रतिपक्षको महत्त्वपूर्ण स्थान हुन्छ । संसदीय शासन प्रणालीमा राज्यप्रमुख र निजामति सेवाको राजनीतिमा तटस्थ भूमिका जस्ता कुराहरूले मान्यता प्राप्त गरेको हुन्छ । राज्यप्रमुख नाम मात्रको कार्यकारिणी प्रमुख रहन्छ ।

संसद्लाई विधायिका र विधानसभाको रूपमा दोहोरो भूमिका निर्वाह गर्ने प्रभावकारी संस्थाको रूपमा लिइएको छ । यस व्यवस्थामा संसद्ले कुनै पनि कानुन चाहे त्यो संवैधानिक कानुन होस् वा सामान्य कानुन एकै प्रक्रियाद्वारा संसोधन र परिवर्तन गर्न सक्ने, संवैधानिक कानुन र अन्य कानुनमा कुनै विभेद नगर्ने, संसद्निर्मित कानुनलाई अदालतसमेतले अवैधानिक घोषणा गर्न नसक्ने जस्ता सिद्धान्तहरूको अवलम्बनद्वारा संसदीय सर्वोच्चताको सिद्धान्त स्वीकार गरिएको पाइन्छ । संसदीय व्यवस्थामा विधायिका र कार्यपालिकाका बिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । कार्यकारिणीको हातमा नेतृत्व, निर्देशन र आदेशात्मक शक्ति हुन्छ भने विधायिकाको हातमा आलोचनात्मक छलफल र परीक्षणको शस्त्र हुन्छ । संसद्ले शासन गर्दैन, केवल आलोचनाभन्दा बढी केही गर्न सक्दैन । सिद्धान्ततः संसद्ले सरकारलाई नियन्त्रण गर्ने भनिए तापनि व्यवहारमा सरकारले सदनलाई नियन्त्रण गर्दछ । सरकारका नीति र सरकारका विधानहरूलाई नै मुख्य रूपमा संसद्ले पारित गर्दछ । बहुमतले सरकारको निर्माण गर्छ भने अल्पमतले प्रतिपक्षको भूमिका निर्वाह गर्दछ ।

प्रतिप्रक्षको मूख्य कर्तव्य केही प्रस्ताव गर्नु होइन, हरेक कुराको विरोध गर्नु र सरकारलाई असफल पार्नु हो । धेरै कुरामा प्रतिपक्षले सरकारसँग सङ्घर्ष गर्दछ र सरकारले प्रतिपक्षको सामना गर्दछ ।

यही मान्यताले नै संसदीय प्रणालीको प्राण भरिएको हुन्छ । सरकारमा सत्तारुढ दलको आधिपत्य रहने हुनाले संसद्को कार्यकारिणी उपरको नियन्त्रण प्रभावकारिताभन्दा पार्टी नियन्त्रणले सर्वोच्चता प्राप्त गरेको हुन्छ । यही वास्तविकताअनुरूप संयुक्त अधिराज्यमा विगत ९० वर्षको इतिहासमा सन् १९२० मा वालविन क्याविनेटलाई संसद्ले हटाएदेखि बाहेक संसद्ले केवल सरकार उपरको अप्रत्यक्ष र सीमित नियन्त्रण, आलोचना र विरोधमात्र गर्न सकेको छ । प्रतिनिधिमूलक प्रजातन्त्रमा संसद्को भूमिका गौण हुन पुगी राजनीतिक दलको परोक्ष सर्वोच्चता कायम रहेको कारणले संसद्को प्रभावकारिता न्यून हुँदै गइरहेको वास्तविकता हो तर जे जस्तो भएतापनि प्रतिनिधिमूलक प्रजातान्त्रिक शासन व्यवस्थामा संसद्को भूमिका महत्त्वपूर्ण हुन्छ । सक्षम र प्रभावकारी संसद्ले जनमतलाई परिचालन गरी सरकारलाई सचेत गराउँदछ । आधुनिक संसद्ले जन इच्छाको प्रतिनिधित्व गर्ने मात्र नभई त्यसको प्रस्तुतीकरण पनि गर्दछ । प्रतिनिधिमूलक कार्यअन्तर्गत संसद्ले शिक्षा र प्रोपोगाण्डाद्वारा जनसमुदायलाई एकीकृत पार्ने कार्य गर्दछ भने प्रस्तुतीकरण कार्यको रूपमा संसद्ले सामुदायिक समस्याहरूको समाधान गर्ने प्रयास गर्दछ । राष्ट्रको वृहत्तर हितलाई ध्यान दिएर संस्थाको हैसियतमा कानुन निर्माताको रूपमा कार्यगर्नु तथा आमनिर्वाचन क्षेत्रका समस्याहरू समाधानको निमित्त राजनीतिज्ञको हैसियतमा कार्य गर्नुपर्ने गरी संसद्को दोहोरो कर्तव्य रहेको हुन्छ । यिनै माथि उल्लेखित तथ्यहरूको विद्यमानताको कारणले संसदीय शासनप्रणालीको महत्त्व रहन गएको देखिन्छ ।

## ५.२ नेपालमा संसदीय प्रणालीको विकासक्रम

नेपालमा संसदीय व्यवस्थाको सुरूवात एकिन रूपमा भन्नुपर्दा वि.सं. २०१५ सालदेखि सुरू भएको देखिन्छ । तथापि यस्तो क्रियाकलाप २००७ सालभन्दा अघि पनि भएको पाइन्छ । नेपालमा संसदीय प्रणालीको स्थापनाको निम्ति नेपालीहरूले लामो र कठिन प्रकृतिको सङ्घर्ष गरे पनि यस शासनपद्धतिको प्रत्यक्ष अभ्यास र अनुभवको इतिहास छोटो छ । नेपाल अधिराज्यको संविधान, २०१५ बाट प्रारम्भ गरिएको संसदीय प्रजातन्त्रको प्रयोगलाई राजा महेन्द्रद्वारा २०१७ साल पौष १ गते बलपूर्वक समाप्त गरिएकोले त्यस बखतको प्रयोग र अनुभव हाम्रा लागि स्थायी हुन सकेन । त्यसपछिका ३० बर्ष राजाको प्रत्यक्ष र निरङ्कुश व्यवस्थालाई फालेर त्यसका ठाउँमा संसदीय प्रणाली स्थापनार्थ सङ्घर्ष र बलिदानपूर्ण वर्षका रूपमा व्यतित हुन पुग्यो । यसै क्रममा २०४६ सालको जनआन्दोलनको सफलतापछि निर्मित 'नेपाल अधिराज्यको संविधान', २०४७ ले नेपालमा पुनः दुई सदनात्मक संसदीय प्रणालीलाई संवैधानिक सर्वोच्चताभित्र संसद्को विशिष्टतालाई स्थापित गऱ्यो । राजनैतिक अस्थिरताको समयमा २००२ साल माघ ४ का दिन जुद्ध शमशेरले आफ्नै हातले सार्वजनिक उपस्थितिमा प्राइमिनिस्टरी श्रीपेच लगाइदिएर राज्य त्याग गरेकोले पद्म शमशेर नेपालको श्री ३ महाराज एवं प्रधानमन्त्री भएको पाइन्छ । प्रधानमन्त्री हुनासाथ सार्वजनिक भाषणमा मैले आफूलाई राष्ट्रको नोकर सम्झेको छु भनेका थिए (श्रेष्ठ, २०४८, पृ. ६८) । देशमा शासन व्यवस्थामा

सुधारको खाँचो महसुस गरी उनले आफ्ना भाइ भतिजाहरूसँग २००३ सालदेखि नै सरसल्लाह गर्दै आएको भेटिन्छ । जसका लागि २००४ सालमा सिंह शमशेरको नेतृत्वमा सुधार समिति गठन गरे, जसलाई पछि संविधान निर्माणको अभिभारा पनि सुम्पियो । भारतबाट श्री प्रकाश गुप्ताको नेतृत्वमा डा. रामउग्र सिंह र रघुनाथ सिंहसहित ३ सदस्यीय प्रतिनिधिमण्डल झिकाइयो ।

उक्त समितिले निर्माण गरेको संविधानको मस्यौदामा अनेक छाँटकाँट गरी २००४ साल माघ १३ गते नेपाल सरकार वैधानिक कानुन, २००४ नामक संविधानको घोषणा गरे (वैधानिक कानुन, २००४) । यस वैधानिक कानुनमा मौलिक हक र कर्तव्यको व्यवस्थाका साथै कार्यकारिणी सभा (मन्त्रीपरिषद्) को व्यवस्था, प्रधानन्यायलयको स्थापनासहित न्यायपालिकाको व्यवस्था, संविधान पुनः निरीक्षण कमिसनको व्यवस्था, लोकसेवा आयोग, महालेखा परीक्षकको व्यवस्था, स्थानीय निकायका रूपमा पञ्चायती सभाका साथै व्यवस्थापक सभाको व्यवस्था भएको देखिन्छ (अर्याल, २०५८, पृ. ३७) । आर्थिक विधेयक, सरकारी टक, सरकारले कुनै देशी वा विदेशीसँग कर्जा उठाउने विषय र हातहतियार राख्ने र प्रयोग गर्ने विषयका मस्यौदा वा संशोधन प्रस्ताव सरकारका तर्फबाट मात्र प्रस्तुत गरिने व्यवस्था थियो भने व्यवस्थापिका सभाका दुवै सभामा कुनै सदस्यको चारित्रिक विषय, कुनै न्यायाधीशले आफ्नो अख्तियारभित्र गरेको कामको विषयमा संसद्मा छलफल हुन सक्दैनथ्यो । यसरी हेर्दा यो संविधान संसदीय प्रणालीको नजिक देखिँदैन । मन्त्रीहरूको नियुक्ति श्री ३ बाट हुन्थ्यो भने त्यसमा व्यवस्थापक सभा (संसद्) को कुनै नियन्त्रण थिएन । न त यसमा संविधानमा संसद्मा प्रतिनिधित्व भएको दलीय आधारमा नै सरकार गठन हुने अवस्था नै थियो । श्री ३ ले आवश्यक ठानेमा देशमा सङ्कटकाल अवस्थाको घोषणा गरी सबै अधिकार आफैँमा लिन सक्ने (वैधानिक कानुन, २००४) अप्रजातान्त्रिक व्यवस्था थियो ।

अर्को कुरा संसद्को लोकप्रिय सदन (राष्ट्रसभा) मा पनि २८ सदस्य मनोनित गर्ने गैरप्रजातान्त्रिक व्यवस्था थियो । वास्तवमा भन्ने हो भने वैधानिक कानुन, २००४ राणा शासनलाई अझ लामो समयसम्म टिकाइराख्ने उद्देश्यले जारी गरिएको पाइन्छ । २००५ साल बैशाख १ गतेबाट लागु गरिने भनिएको यो संविधान पूर्ण रूपमा लागु हुन सकेन । जे होस् नेपालको संवैधानिक र संसदीय व्यवस्थाको विकासको इतिहासमा प्रथा लिखित संविधानको रूपमा रहेको पाइन्छ (अर्याल, २०५८) । राणाशासनको पतन भएपछि २००७ साल फागुन ७ गतेको घोषणाअनुसार अर्को निर्वाचनबाट संविधान बनी घोषणा नभइञ्जेलसम्मका लागि अन्तरिम संविधान, २००७ चैत्र २९, २००७ मा राजासहितको मन्त्रीमण्डलले घोषणा गरेको संविधान हो (शिवाकोटी, २०७२) । अन्तरिम संविधानको प्रारम्भमा व्यवस्थापिकासम्बन्धी अधिकार राजासहितको मन्त्रिपरिषद्लाई दिइए पनि यसको संशोधनबाट सल्लाहकारको गठन गरी यसलाई व्यवस्थापिकाको रूप दिएर राजाको सल्लाहकारका रूपमा सीमित गरिएको थियो (नेपालको अन्तरिम शासन विधान, २००७) । यसको निरन्तरता पञ्चायतको राष्ट्रिय पञ्चायतसम्म रह्यो । राजामा सम्पूर्ण व्यवस्थापकीय अधिकार नीहित गरिएको र दोस्रो संशोधनबाट यो सल्लाहकार परिषद् राजाको सल्लाहका लागि भनी देखाउने काममात्र

भएको थियो । यसलाई राजपरिवारको बारेमा कुनै किसिमको छलफल गर्न निषेध गरिएको थियो । न्यायपालिकाका लागि धारा ३० (१) मा प्रधानन्यायालयको व्यवस्था गरिएको थियो (नेपालको अन्तरिम शासन विधान, २००७) । संविधानको दोस्रो संशोधनले न्यायाधीशको नियुक्ति एक वर्ष नोकरी पुगेपछि सदर गर्ने गरी नियुक्ति गर्ने व्यवस्थाले प्रधान न्यायाधीशको सल्लाहबेगर पनि एक वर्ष नियुक्ति गर्ने व्यवस्था भयो । साथै प्रधान न्यायालयको फैसला अन्तिम हुने व्यवस्थासमेत हटाइएकाले न्यायपालिकाको अधिकार सीमित गरियो र राजा कहाँ अधिकार सुम्पने काम भयो । न्यायलयले गरेका निर्णय र फैसलालाई उल्टाउने, माफी दिने र मुल्तबीमा राख्ने अधिकार राजालाई सुम्पियो (शिवाकोटी, २०७२, पृ. ४३) ।

चौंथो संशोधनमा संसद्को निर्वाचन गर्ने भन्ने व्यवस्था गरियो र यसले राणाविरोधी आन्दोलनबाट प्राप्त विधानसभाको निर्वाचनको अधिकार खोसिन पुग्यो । छोटो समयका लागि बनेको यो अन्तरिम संविधानले राजाका हातमा वैधानिक अधिकार हस्तान्तरण गर्ने काम गरिएको थियो । यो संविधानलाई गृह मन्त्रालयको २००८ साल असारको सूचनाले धारा ३० (३) लाई संशोधन गरी गैरनागरिकलाई पनि प्रधान न्यायाधीश र अन्य न्यायाधीश नियुक्त गर्न सकिने व्यवस्था गऱ्यो । संविधानको दोस्रो संशोधन २००९ सालको वैशाख २६ मा प्रधान न्यायाधीश नियुक्ति गर्दा लिनु पर्ने सल्लाहको व्यवस्था हटाउने काम भयो । २००९ साल जेठ २४ गते पुनः संशोधन गरी सल्लाहकार सभाको गठन गर्ने व्यवस्था गरी व्यवस्थापिकाको अधिकार राजालाई हस्तान्तरण गरियो । २०१० साल माघ ७ गते अन्तरिम संविधान संशोधन गरी कार्यकारी व्यवस्थापकीय तथा न्यायपालिकाको सम्पूर्ण अधिकार राजामा निहित गरियो । यसपछि २०१२ सालको माघ १५ मा अर्को संशोधन गरी यसअघि राजा र मन्त्रिपरिषद्को कार्यपालिकाको व्यवस्थालाई अन्त्य गरी राजालाई शासनमा सहयोग गर्नका लागि एक मन्त्रिपरिषद्को गठन गरिनेछ भनी मन्त्रिपरिषद्लाई राजाको सहयोगीका रूपमा मात्र सीमित गरिएको थियो । अर्को संशोधन २०१५ साल जेठ २ गते गरियो । यसले राजाबाट तजबीजले सबै मन्त्रीको नियुक्ति गर्ने व्यवस्था भयो । त्यसपछि २०१५ साल जेठ १९ र २०१६ जेठ १४ गते संशोधन गरियो । जनताको अधिकार खोसी राजामा सुम्पिने र प्रतिगमनलाई संस्थागत गर्ने काम गरेकाले यो संविधान नेपाली जनताको अधिकार खोस्ने संविधानको रूपमा रहेको देखिन्छ (शिवाकोटी, २०७२, पृ. ४२-४४) ।

दरवारले चार पटकसम्म मस्यौदा अस्वीकार गरी आफ्नो अनुकूल हुने गरी यसलाई २०१५ फागुन १ गते भाग १०, धारा ७७ तथा परिच्छेद १० समेत समावेश भएको नेपाल अधिराज्यको संविधान २०१५ घोषणा गरेको थियो । यो संविधान वास्तवमा राजाअन्तर्गतको संसद्का रूपमा संसदीय प्रणालीको विधान बन्न पुग्यो । यसको मुख्य विशेषताहरूमा राजाद्वारा प्रदत्त र लिखित संविधान हुनु हो । यो संविधानलाई मूल कानुनका रूपमा मानिएको थियो । यो संविधानमा राज उत्तराधिकारीको व्यवस्थालाई उल्लङ्घन नहुने गरी संविधानभन्दा राजाको उत्तराधिकारीलाई माथि राखेको थियो । यस संविधानले हिन्दू धर्मावलम्वीबाहेक अरु धर्म अङ्गिकार गर्ने श्री ५ हुन नसक्ने व्यवस्था गरी हिन्दूधर्मको पहिलो राज्यको रूपमा घोषणा गर्ने काम

भएको थियो । यसरी लोकतान्त्रिक संविधान भनिए तापनि निरङ्कुश राजतन्त्र र आर्य हिन्दूराज्य जस्ता कुरालाई संस्थागत गर्ने काम गरेकाले यसले लोकतान्त्रिक मूल्य र मान्यता विपरीत तानाशाही राजतन्त्र र प्राचीन धार्मिक व्यवस्थालाई संस्थागत गर्नुले २००७ सालमा प्राप्त गणतन्त्र र लोकतान्त्रिक अधिकारलाई खोस्ने र प्रतिगमनको कार्यलाई संस्थागत गरेको रूपमा लिनुपर्ने हुन्छ । यसमा भएका मौलिक अधिकारहरूले लोकतान्त्रिक मूल्यलाई अधिकारका रूपमा स्थापित गर्ने काम भने पहिलो पटक गरेको थियो (शिवाकोटी, २०७२, पृ. ४५) । यस संविधानमा राष्ट्रिय परिषद् गठन गर्ने व्यवस्था थियो । राष्ट्रिय परिषद्को मुख्य काम श्री ५ को स्वर्गारोहण भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेमा वंशानुक्रम ऐन, रीत र परम्परा अनुसार श्री ५ को उत्तराधिकारी राज्यारोहणको घोषणाको आदेश दिने, श्री ५ को उमेर १८ वर्ष नपुगकोमा उपराज वा उपराज परिषद्को व्यवस्था मिलाउने, श्री ५ शारीरिक वा मानसिक रूपमा अस्वस्थ भएमा उपराज परिषद्को व्यवस्था मिलाउने, श्री ५ बाट आवश्यक ठानेमा कुनै पनि काम गर्दा वा शक्ति प्रयोग गर्दा परामर्श लिन सक्ने पनि रहेको थियो ।

राष्ट्रिय परिषद, संसद् वा व्यवस्थापिकाको हस्तक्षेपबिना काम गर्न सक्ने संस्थाका रूपमा व्यवस्था गरिएको थियो (नेपाल अधिराज्यको संविधान, २०१५ भाग ५ धारा १९) । कार्यकारी अधिकार राजा र मन्त्रीपरिषद्मा राखिएको थियो । सङ्कटकालीन अवस्था भने राजामा निहित थियो (नेपाल अधिराज्यको संविधान, २०१५ भाग ५ धारा २२) । राजा महेन्द्रले संसदीय व्यवस्था हटाएर पञ्चायत व्यवस्था लागु गरेका थिए । यो संविधानमा संसदीय व्यवस्था र राजतन्त्रलाई समन्वय गर्ने प्रयास गरे पनि राजालाई शक्तिको स्रोतका रूपमा मानिएकाले यो देखाउनको लागि मात्र संसदीय व्यवस्था थियो र वास्तवमा यसले नै निरङ्कुश राजतन्त्रलाई पुनर्स्थापित गरेको थियो । यो संविधान २०१७ साल पौष १ गते संसदीय व्यवस्था विघटनपछि पञ्चायती व्यवस्थाका लागि निर्माण भएको संविधानका रूपमा रहेको थियो (नेपालको संविधान, २०१९) । यो संविधान २०१९ पुष १ गते घोषणा भएपछि यसको पहिलो संशोधन २०२३ साल माघ १४ गते, दोस्रो संशोधन २०३२ साल मार्ग २६ गते र तेस्रो संशोधन २०३७ साल पुस १ गते भएको र प्रत्येक संशोधनले केही आधारभूत कुराबाहेक संविधानको संरचनालाई नै परिवर्तन गरिए पनि २०४६ सालको जनआन्दोलनले यो संविधानलाई राजाको आदेशबाट खारेज गरी २०४७ कात्तिक २३ गते यो संविधान खारेज भई नयाँ संविधान लागु भएको थियो । बहुदलीय प्रजातन्त्र प्राप्तिकोलागि गरिएको संयुक्त जनआन्दोलनको सामु जब पञ्चायती व्यवस्थाले घुँडा टेक्यो तब नेपालको राजनीतिकक्षितिजमा नयाँ राजनीतिकव्यवस्थाको उदय भयो ।

२०४६ साल चैत्र २६ गते राति प्रारम्भमा पञ्चायती संविधानबाट निर्दल भन्ने शब्द झिकी बहुदल राख्ने काम भयो तर आन्दोलनले उचाइ ग्रहण गर्दै गएपछि राजा वीरेन्द्रले नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा आन्दोलनकारीहरूको सरकार बनाउनु पर्‍यो । २३ कात्तिक, २०४७ मा जारी नेपाल अधिराज्यको संविधानले मुलुकमा विधिवत् संसदीय शासन प्रणालीको वीजारोपण गर्‍यो (पोखरेल, २०७५) । यो संविधानको प्रस्तावनामा संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय

प्रजातन्त्रलाई सुदृढीकरण गर्ने उद्देश्य किटान गरियो । प्रस्तावनाको यो प्रतिबद्धतालाई कार्यन्वयन गर्नका लागि संविधानमा संसदीय शासन प्रणाली विषयक विभिन्न व्यवस्थाहरू गरिए (नेपाल अधिराज्यको संविधान, भाग १९ धारा ११६) । प्रतिनिधिसभाको निर्वाचन, वालिग मताधिकारका आधारमा हुने, प्रतिनिधिसभामा बहुमतप्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने, प्रधानमन्त्रीको सिफारिसमा संसद्का सदस्यहरूमध्येबाट मन्त्रीहरू नियुक्त हुने, प्रधानमन्त्री र अन्य मन्त्रीहरू प्रतिनिधिसभाप्रति सामूहिक रूपमा उत्तरदायी हुने र मन्त्रीहरू मन्त्रालयसम्बन्धी आफ्ना कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र प्रतिनिधिसभाप्रति उत्तरदायी हुने, मन्त्रीपरिषदको कार्यकाल ५ वर्षको भए पनि प्रतिनिधिसभाको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतले अविश्वासको प्रस्ताव पारित गरेमा वा विश्वासको मतमा पराजित भएमा प्रधानमन्त्री पदमुक्त हुने र प्रधानमन्त्री पदमुक्त हुँदा मन्त्रीपरिषद् नै पदमुक्त हुने व्यवस्था थियो ।

निरङ्कुश राजतन्त्रलाई यो संविधानले संवैधानिक बनायो । श्री ५ राष्ट्राध्यक्षमात्र रहन गए र प्रधानमन्त्री सरकार प्रमुख बने । मुलुकको शासनको मूल अभिभारा मन्त्रिपरिषद्को काँधमा आयो । संसद्ले पारित गरेको कुनै विधेयक श्री ५ लाई अस्वीकार गर्ने अधिकार रहेन । वस्तुतः संसद् अधिकारसम्पन्न तथा आदेशात्मक भयो । यो संविधान बमोजिम मुलुकमा २०४८, २०५१ र २०५६ साल गरी तीनवटा आमनिर्वाचन भए । यस कालखण्डमा मुलुक संसदीय शासन व्यवस्थाका अनेक तितामिठा अनुभवहरूबाट बित्यो । २०४७ सालदेखि २०६१ सालमा राजा ज्ञानेन्द्रले सत्ता हातमा नलिएसम्मको अवधिमा नेपालले संसदीय शासनको अभ्यास गर्‍यो । आफ्नो अनुकूल हुनासाथ राजा ज्ञानेन्द्रले १८ असोज २०५९ र १९ माघ २०६१ का दुई प्रतिगामी कदमद्वारा मुलुकको सत्ता आफ्नो हातमा मात्रै लिएनन् उनले संसदीय शासन व्यवस्थामाथि पनि प्रहार गरे । उनको कदमले संसद्वादी दलहरू सत्ताच्यूत भई सडकमा आउन बाध्य भए । यसले संसदीय शासनको अभ्यासमा समेत गतिरोध उत्पन्न भयो । विगतमा एक अर्काका कट्टर शत्रुजस्ता संसद्वादी दल र माओवादीहरू नजिक हुन पुगे । जब संसद्वादी ७ दल र माओवादीले उनको निरङ्कुश तन्त्रका विरुद्ध एकसाथ आन्दोलनमा उत्रे, तब ज्ञानेन्द्रतन्त्र तासको घरझैँ धराशायी हुन पुग्यो । माओवादी जनयुद्ध र १९ दिने जन आन्दोलनले गुमेको लोकतन्त्रमात्र फिर्ता गरेन निरङ्कुश राजतन्त्रलाई समाप्त गरेर गणतन्त्रको समेत स्थापना गर्‍यो ।

नेकपा (माओवादी) संसदीय शासन व्यवस्थाबाट विरक्तिएको भए पनि ऐतिहासिक दोस्रो जनआन्दोलनको सफलता पछि राजाले विघटन भएको प्रतिनिधिसभालाई पुनर्स्थापना गरे । संसद्वादी सात दल र नेकपा (माओवादी) ले आपसी सहमतिबाट अन्तरिम संविधान जारी गरे र त्यसैमा व्यवस्था गरिएको प्रावधान अनुसार संविधानसभाको निर्वाचन भयो । त्यही संविधानसभाको पहिलो वैठकले १५ जेठ २०६५ का दिन नेपालमा विधिवत् राजतन्त्रको अन्त्य गरी गणतन्त्रको घोषण गर्‍यो । संसदीय व्यवस्था भनेपछि हुरुक्क हुने नेपाली कांग्रेस, नेकपा एमालेलगायत अन्य संसद्वादी राजनीतिक दल र संसदीय व्यवस्था पटक्कै नरुचाउने नेकपा (माओवादी) बिचको द्वन्द्व यो अन्तरिम संविधानमा पनि प्रस्टै देखियो । यो संविधानमा

विधायिकाको नाम व्यवस्थापिका संसद् राखिएको थियो । अन्तरिम संविधान सात राजनीतिक दल र तत्कालीन नेकपा (माओवादी) बिचको सहमतिको दस्तावेज थियो (पोखरेल, २०७५, पृ. ११९) । अन्तरिम संविधानअनुसार नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानुनबमोजिम मन्त्रीपरिषद्मा निहित थियो । राजनीतिक सहमतिको आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रीपरिषद् गठन हुने व्यवस्था थियो तर संविधानसभाको निर्वाचनपश्चात् संविधानमा पाँचौं संशोधन गरियो । जसअनुसार प्रधानमन्त्रीको नियुक्तिमा सहमति कायम हुन सकेन भने व्यवस्थापिका संसद्को तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतको आधारमा प्रधानमन्त्री निर्वाचित हुने व्यवस्था थपिएको थियो (नेपालको अन्तरिम संविधान, २०६३ भाग ५ धारा ३८ (२)) ।

प्रधानमन्त्रीले नियुक्ति गर्दा सम्बन्धित दलको सिफारिसमा व्यवस्थापिका संसद्का सदस्यहरूमध्येबाट नियुक्ति गर्नुपर्दथ्यो (नेपालको अन्तरिम संविधान, २०६३ भाग ५ धारा ३८ (५)) । तर यो प्रावधानको अपवादको रूपमा प्रधानमन्त्रीले राजनीतिक सहमतिको आधारमा व्यवस्थापिका संसद्को सदस्य नभएको कुनै व्यक्तिलाई नियुक्त गर्न सक्ने व्यवस्था थियो (धारा ४०) । प्रधानमन्त्री र मन्त्रीहरू व्यवस्थापिका संसद्प्रति सामूहिक रूपमा उत्तरदायी हुने र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र व्यवस्थापिका संसद्प्रति उत्तरदायी हुने व्यवस्था गरिएको थियो (नेपालको अन्तरिम संविधान, २०६३) । प्रधानमन्त्री विश्वासको मतमा पराजित भयो अथवा उसका विरुद्ध राखिएको अविश्वासको प्रस्ताव व्यवस्थापिका संसद्को तत्काल कायम रहेका सदस्य सङ्ख्याको बहुमतद्वारा पारित भयो भने पदमुक्त हुने व्यवस्था गरेको थियो । जनताबाट निर्वाचित व्यवस्थापिका संसद्, त्यसको सहमति वा बहुमतका आधारमा प्रधानमन्त्रीको नियुक्ति र प्रधानमन्त्री लगायत सम्पूर्ण मन्त्रिपरिषद् सामूहिकरूपमा विधायिकाप्रति उत्तरदायी हुने व्यवस्थालाई संसदीय नै भन्नुपर्छ तर पनि यो पूर्णरूपले विगतको जस्तो वेस्ट मिनिस्टर मोडेलको नभएर सहमतिय मोडेलको संसदीय व्यवस्था देखिन्छ । वस्तुतः संविधानसभाको निर्वाचन अघि संविधानले स्पष्ट रूपमा सहमतिय मोडेल प्रस्तुत गरेको थियो । त्यसबेला प्रधानमन्त्री हुन पनि दलहरूमाझ राजनीतिक सहमति आवश्यक थियो र कथंकदाचित त्यस्तो सहमति जुट्न सकेन भने पनि व्यवस्थापिका संसद्का दुई तिहाइ सदस्यको समर्थन जरुरी थियो ।

संविधानसभाको निर्वाचनमा एनेकपा (माओवादी) सबैभन्दा ठूलो दलका रूपमा स्थापित भएपछि सहमतिय राजनीतिका अन्य पक्षधरहरू सशङ्कित भए । अन्ततः संविधानमा संसोधन गरेर सहमतिको प्रावधानलाई बहुमतको प्रावधानमा बदलियो । प्रधानमन्त्रीले मन्त्रीपरिषद्मा मन्त्रीहरू समावेश गर्दा राजनीतिक सहमतिको आधारमा गर्नुपर्ने व्यवस्था थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धतिसँगै समानुपातिक प्रतिनिधित्वको अवलम्बन गरेका कारण पनि कुनै एक राजनीतिक दलको स्पष्ट बहुमतको सम्भावना रहेको थिएन । यसले पनि मुख्य राजनीतिक दलहरू माझ सहमति गर्नुको विकल्प थिएन । अन्तरिम संविधान, २०६३ आम सहमतिको दस्तावेज हुनु पर्थ्यो सो भएन भन्ने राप्रपाको ठहर थियो । यो

संविधान अधुरो र त्रुटिपूर्ण रहेको थियो (राप्रपा दस्तावेज, २०६४) । यसलाई सच्याउनको लागि राप्रपाले यथा समयमा नै विधिवत पद्धति अपनाएको थियो तर प्रचण्ड बहुमतीय निरङ्कुशताको बलमा पद्धतिगत राप्रपाको संशोधन प्रस्तावलाई खारेज गरेको थियो । संविधानमा दोस्रो संशोधन प्रस्ताव दर्ता गराउन सरकार फेरि बाध्य भयो । त्यस समयमा पनि मधेसको समस्यालाई संवोधन गर्न र आदिवासी जनजातिले प्रस्तुत गरेका जायज मागहरू पूरा गराउनको निम्ति सम्बन्धित पक्षहरूलाई वार्ताको टेवलमा राखेर वार्ता र संवादको माध्यमबाट सहमति बनाएपछि मात्र संविधानमा दोस्रो संशोधन गर्नुपर्छ भन्ने राप्रपाको भनाइ थियो ।

सरकारले कानमा तेल हालेर बस्यो । हेपाहा प्रवृत्ति कायम राख्यो । त्यसैले अहिले पनि मधेसको समस्या संवोधन हुन सकेको छैन । आदिवासी जनजातिहरूका जायज मागहरू पूरा भएका छैनन् । यिनीहरू आन्दोलित छन् । सम्बन्धित पक्षहरूलाई वार्तामा राखी संवादको माध्यमबाट सहमति कायम गरिनुपर्दछ भन्ने राप्रपाको ठहर थियो । वार्ता र संवादबाट सहमति खोजिनु नै समस्याको समाधानको उपाय हो । कुनै पनि हालतमा दमन समाधानको बाटो होइन । समयमा नै समाधानको बाटो सरकारले नखोज्ने हो भने अकल्पनीय दुर्घटना पनि हुन सक्दछ । तसर्थ सम्बन्धित पक्षहरूलाई सहमतिमा ल्याएर अन्तरिम संविधानमा तेस्रो संशोधन गरिनुपर्दछ भन्ने राप्रपाको दृष्टिकोण रहेको थियो । यसभन्दा अघि दुई पटक राप्रपाको सुझावलाई सरकारले नसुनेकै कारणबाट समस्याहरू समाधान भएनन् । अन्तरिम संविधानमा धेरै असहमतिहरू भए तापनि संविधानको मर्म र भावनाहरूलाइ भने राप्रपाले आत्मसात् गरेको थियो (राप्रपा दस्तावेज, २०६४) । २०७२ अशोज ३ गते 'नेपालको संविधान' जारी भयो (नेपालको संविधान भाग ३५, धारा ३०७) । नेपालको इतिहासमा पहिलोपटक संविधानसभाले बनाएको यो संविधानले पनि मुलुकमा संसदीय शासन व्यवस्थालाई नै निरन्तरता दियो तर यस पटक संसदीय अभ्यासका विगतका अनुभवको आधारमा केही अनौठा प्रावधानहरू समावेश गरिएका छन् जसलाई हेर्दा यो साँच्चै संसदीय व्यवस्था त हो भन्ने प्रश्न उठ्छ । तर जे होस् संविधानले नै शासन व्यवस्थालाई संसदीय भनिसकेपछि त्यसलाई स्वीकार गर्नुको विकल्प छैन ।

यो संविधानले नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ भन्ने उल्लेख गरेको छ (नेपालको संविधान, भाग ७, धारा ७४) । संविधानले सङ्घीय संसद्को व्यवस्था गरेको छ जसमा प्रतिनिधिसभा र राष्ट्रियसभाका रूपमा दुई सदन छन् । लोकप्रिय मतको प्रतिनिधित्व प्रतिनिधिसभाले गर्छ जसमा पहिलो हुने निर्वाचित हुने प्रणालीअनुसारको प्रत्यक्ष निर्वाचनबाट १६५ र दलीय आधारमा हुने समानुपातिक निर्वाचन प्रणालीबाट ११० गरी जम्मा २६५ सदस्य हुन्छन् (नेपालको संविधान, भाग ८, धारा ८४) । यही सदनमा बहुमत ल्याउने संसदीय दलको नेता प्रधानमन्त्री बन्छ र उसको नेतृत्वमा मन्त्रीपरिषद् गठन हुन्छ । निर्वाचनमा कुनै एक दलको स्पष्ट बहुमत नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री बन्छ तर त्यो पनि सम्भव भएन भने प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको नेता राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त हुन्छ । एकल बहुमतबाट बाहेक बनेका प्रधानमन्त्रीले भने एक

महिनाभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्छ (नेपालको संविधान, भाग ७, धारा ७६) । संसद्मा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री बन्ने, उसकै अध्यक्षतामा मन्त्रीपरिषद् बन्ने, प्रधानमन्त्री नै वास्तविक कार्यकारिणी अधिकारले युक्त हुने, प्रधानमन्त्री र उसको मन्त्रिपरिषद् संसद्प्रति उत्तरदायी हुने र संसद्ले अविश्वासको प्रस्तावद्वारा सरकार अपदस्थ गर्न सक्ने संसदीय व्यवस्थाका सबै विशेषता यो संविधानमा छ । यस अर्थमा नेपालले अपनाएको वर्तमान शासन प्रणाली संसदीय नै हो भन्न सकिन्छ ।

विगतमा संसदीय व्यवस्था राजनीतिक अस्थिरताको स्रोत बनेको र बहुमत प्राप्त राजनीतिक दलको सरकारले पनि एक कार्यकाल पूरा गर्न नसकेको तितो यथार्थतालाई आत्मसात् गर्दै यस पटक केही थप व्यवस्था पनि गरिएका छन् । जसअनुसार अब मन्त्रिपरिषद् गठन भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने, त्यसपछि ल्याएको अविश्वासको प्रस्ताव पराजित भयो भने एक बर्ष पुनः अविश्वासको प्रस्ताव ल्याउन नपाइने व्यवस्था छ । यो विगतमा गरिएको संसदीय अभ्यासभन्दा नितान्त नौलो व्यवस्था हो । नयाँ संविधानमा अविश्वासको प्रस्ताव ल्याउदा बैकल्पिक प्रधानमन्त्रीको नाम पनि प्रस्ताव गर्नु पर्ने प्रावधान राखिएको छ । त्यतिमात्र होइन, प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न नपाउने व्यवस्था गरिएको छ । यी पछिल्ला प्रावधानहरू अन्य संसदीय व्यवस्थामा नहुने हुँदा यो संविधानले ग्रहण गरेको शासन व्यवस्थालाई सहजै सुधारिएको संसदीय व्यवस्था भन्न सकिन्छ । यो संविधानअनुसार संसदीय प्रणालीको अभ्यास अब केन्द्रीय तहमा मात्र होइन प्रदेश तहमा पनि हुन्छ किनकि प्रदेश तहमा पनि प्रादेशिक संसद्को व्यवस्था गरिएको छ र त्यहाँ पनि प्रदेश सभामा संसदीय अभ्यास प्रारम्भ भएको छ । यो नयाँ संविधानअनुसार जम्मा एक पटक आमनिर्वाचन भएको छ । केन्द्रीय तहका अतिरिक्त सातै प्रदेशमा निर्वाचन पछि भर्खरै संसदीय अभ्यासको प्रारम्भ भएको छ र नेपालको हकमा यो नितान्त नौलो प्रयोग भएकाले आगामी दिनमा यो अभ्यासले कुन रूप लिने हो अहिले नै एकिनका साथ भन्न सकिने अवस्था छैन ।

## ५.३ नेपालको वर्तमान संसदीय व्यवस्था

२०७२ सालको नेपालको संविधानको प्रस्तावनामा संविधानको स्रोत, सिद्धान्त, उपकरण र लक्ष्यहरूको उद्घोष गरिएको छ । यसले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाबाट लोककल्याणकारी राज्यको स्थापना गर्ने वृहत् उद्देश्य लिएको छ । यो संविधानमा अन्तरिम संविधानले पितृसत्तात्मक व्यवस्थालाई अन्त्य गर्ने भनिएको भए पनि वर्तमान संविधानमा सो कुरा उल्लेख नभएकाले महिला आन्दोलनकारीबाट यसको आलोचना भएको छ । यस संविधानको प्रस्तावनाले नेपाली जनताको सार्वभौमिक अधिकार प्रयोग भई यो संविधान जारी भएको भनि यसको शक्तिको स्रोत र संरचनालाई प्रस्ट गरेको छ । साथै संविधानसभाको निर्माण गर्दा भएका ऐतिहासिक आन्दोलनहरूलाई उल्लेख गरी यो संविधान नेपाली जनताले मुखरित गरेको इच्छा र आकांक्षालाई मूर्तरूप दिएको भनी यसको पृष्ठभूमिलाई प्रस्ट गरेको छ । साथै प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र,

निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य मान्यतालाई संविधानको सिद्धान्तका रूपमा स्थापित गरेको छ । यसबाट उदार लोकतान्त्रिक सिद्धान्तलाई नै संविधानको प्रमुख आधार बनाएको समेत प्रस्ट गर्ने काम भएको छ ।

नेपालका विभिन्न आन्दोलन तथा जनयुद्ध, जनवादी गणतन्त्र स्थापना गर्न अभिप्रेरित भएको भएता पनि यो संविधानको निर्माण गर्दा उदारवादी लोकतन्त्रको मूल्य र मान्यतालाई नै संस्थागत गरेको कुरा यसको प्रस्तावनाबाट प्रस्ट हुन्छ । नेपालको नयाँ संविधान, २०७२ पहिलो पटक संविधानसभाले जारी गरेकाले यो स्वयं ऐतिहासिक रहेको छ । यो संविधानको पक्षमा संविधानसभाका ६०१ मध्ये तत्काल कायम रहेका ५९८ मध्ये ५०७ अर्थात् ८५ प्रतिशतबाट पारित भएको र यसको विपक्षमा २४ मत रहे पनि पछि संविधान जारी हुँदा ५३७ ले हस्ताक्षर गरे । यसमा विपक्षमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका सभासदले पनि हस्ताक्षर गरेका थिए । राप्रपाको १३ र राप्रपा नेपालका २५ गरी सभासद्को सङ्ख्या ३८ थियो । सूर्यबहादुर थापाको स्वर्गारोहणपछि ३७ सिट कायम हुन आएको थियो । दुवै पार्टीले नेपालको संविधान, २०७२ लाई हस्ताक्षर गरी अनुमोदन गरेका थिए । रोचक कुरा त के छ भने राजावादी र लोकतान्त्रिक गणतन्त्रको विपक्षमा उभिएको राप्रपा नेपालले पनि हस्ताक्षर गरेको थियो । यसमा तराई केन्द्रित दलहरूका ५७ जना सभासद अनुपस्थित रहेका कारण हस्ताक्षर हुन सकेन । यसको प्रतिशत ९.५ प्रतिशत रहेको थियो । यो संविधानले राजतन्त्रलाई अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नु यसको अर्को युगान्तकारी विशेषता रहेको छ । यसभन्दा अघिका कुनै पनि संविधानमा सङ्घीय गणतन्त्रको व्यवस्था गरिएको थिएन ।

यस संविधानको ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन् भने यसले सङ्घीयतामा प्रस्ट गरी सात प्रदेशमा मुलुकलाई विभाजित गरेको छ । यसलाई रूपान्तरित संसद्ले गर्न सक्ने र यी प्रदेशहरूको नामकरण र राजधानी प्रदेश सभाले तोक्न सक्ने तथा यसका सिमाङ्कनलाई आयोगद्वारा परिमार्जन गर्न सक्ने व्यवस्थासमेत गरेको छ (नेपालको संविधान, २०७२) । यसको शासकीय स्वरूपमा संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री हुने व्यवस्था रहेको छ र संसदीय व्यवस्थालाई स्वीकार गरिएको छ तर यसमा अविश्वासको प्रस्ताव राख्ने जस्ता कार्यहरू र संसद्को विघटनको अलग किसिमको व्यवस्था रहेको छ । सरकार बनेको २ वर्षभित्र अविश्वासको प्रस्ताव ल्याउन नसक्ने र एउटा अविश्वासको प्रस्ताव ल्याएपछि १ वर्षसम्म अर्को प्रस्ताव ल्याउन नपाउने गरी सरकारको स्थिरताको व्यवस्था गरिएको छ । यस्तै राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष, प्रदेश सभाका सभामुख र उपसभामुख फरक फरक लिङ्ग वा समुदायबाट हुनुपर्ने व्यवस्था गरिएको छ । यो संविधान दुई तिहाइ बहुमतबाट मात्र संशोधन हुने भएकाले यो कठोर संविधानका रूपमा रहेको छ । केही प्रावधान असंशोधनीयसमेत रहेका छन् । संसद्मा समावेशी प्रतिनिधित्व, मिश्रित निर्वाचन पद्धति, प्रतिनिधिसभा र राष्ट्रियसभासहित केन्द्रमा सदन र प्रदेशमा एक सभा रहने व्यवस्था छ । संविधानले नै केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकारलाई विभाजन गरेको छ । एकीकृत न्यायपालिका, केन्द्रमा सर्वोच्च अदालत, प्रदेशमा उच्च

अदालत र तल्लो तहमा जिल्ला अदालतको व्यवस्था गरिएको छ । सर्वोच्चमा संवैधानिक विवादहरू हेर्न संवैधानिक बेञ्चको व्यवस्था गरिएको छ । नागरिकताको हकमा कुनै पनि नेपालीलाई नागरिकताबाट बञ्चित नगरिने र आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था गरिएको छ । यस्तै थारु, मुस्लिम, महिला, मधेसी, दलित, जन जातिहरूको संवैधानिक आयोगको व्यवस्था गरिएको छ । यस्तै संविधान जारी भएपछि बोलाइएको संसद्ले ७ दिनभित्र प्रधानमन्त्रीको निर्वाचन, २० दिनभित्र सभामुखको निर्वाचन र त्यसपछि १ महिनाभित्र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने व्यवस्था भए पनि अदालत तथा संवैधानिक प्रमुखहरूलाई पुनः नियुक्ति नगरिने व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२) ।

यो संविधान जारी गर्ने काम मधेसी मुलका राष्ट्रपति, जनजाति मूलका सभाध्यक्ष तथा आर्य मूलका तीन दलका नेताहरू लगायतले गरेका थिए । यो संविधानको सिद्धान्त तथा उद्देश्यहरू यसको प्रस्तावना तथा प्रारम्भिक खण्ड भाग १ मा गरिएको छ भने यसको नाम र प्रारम्भ भाग ३५ र धारा ३०७ मा र यसको प्रारम्भ धारा ३०८ बाट गरेको छ । नेपालको संविधान, २०७२ को प्रारम्भिक खण्ड भाग १ मा रहेका धारा १ देखि ९ सम्मले यो संविधानको चरित्र, सिद्धान्त तथा प्रतीकहरूका बारेमा व्यवस्था गरेको छ । नेपालको यस नयाँ संविधानको धारा १ मा संविधानलाई मूल कानुन मानिएको छ । योसँग बाझिएका कानुनहरू स्वतः बदर हुने व्यवस्था गरिएको छ । संविधानको भाग २ को धारा १० देखि १५ सम्म नागरिकतासम्बन्धी व्यवस्था गरिएको छ । नागरिकतासम्बन्धी नेपालको संविधान, २०७२ विवादरहित हुन भने सकेन । मधेस आन्दोलन र महिला अधिकारवादीहरूले असमान भयो भनी विरोध गरिरहेको अवस्था छ ।

नेपालको संविधान, २०७२ को भाग ३ को धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ । मौलिक अधिकार भनेको राज्यविरुद्धको हक हो । यदि यो राज्यले दिएको अधिकार हनन गरेको खण्डमा धारा ४६ मा संवैधानिक उपचारको हकको व्यवस्था गरेको छ तर यी मौलिक हकहरूको कार्यान्वयनको सम्बन्धमा भने तत्कालै लागु नहुने व्यवस्था पनि रहेको छ । यसैले गर्दा धारा ४७ मा मौलिक हकको कार्यान्वयनका लागि आवश्यकताअनुसार संविधान जारी भएको ३ वर्षभित्र कानुन बनाई लागु गर्ने बाध्यकारी व्यवस्था गरिएको छ । यी ३२ वटा हक र कर्तव्यहरूमा राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुन पालना गर्नु, राज्यले चाहेको बेला अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु जस्ता रहेका छन् (नेपालको संविधान, २०७२) ।

## ५.४ राप्रपाको संसदीय अभ्यास

वि.सं. २०४७ को संविधानले सार्वभौमिकता जनताको हातमा सुम्प्यो । जसले सामान्य र स्वतन्त्र निर्वाचनद्वारा दलका प्रतिनिधिहरूलाई निवाचित र नियन्त्रण गरी राज्यको गठन तथा राजनीतिक, आर्थिक र सामाजिक विकासमा प्रभाव पार्ने अवसरहरूलाई प्रदान गर्‍यो । तत्पश्चात् जनताले यो अधिकार संसदीय, प्रान्तीय र स्थानीय चुनावहरूमा प्रयोग गर्दै आइरहेका छन् । ६० प्रतिशत भन्दा बढीको सहभागिताबाट यो

प्रमाणित हुन्छ कि जनताहरू आफ्ना राजनीतिक भूमिका खेल्न तयार रहेका हुन्छन् । स्थापना कालदेखि नै राप्रपाले नेपालमा सम्पन्न सबै प्रकारका संसदीय, प्रान्तीय र स्थानीय निर्वाचनहरूमा सामेल बन्दै आएको छ । २०४८ को संसदीय निर्वाचनमा दुवै दलहरू राप्रपा (चन्द) र राप्रपा (थापा) ले देशभर आफ्ना उम्मेदवारहरू उठाएका थिए । कूल २०५ निर्वाचन क्षेत्रमध्ये राप्रपा (चन्द) ले ३ निर्वाचन क्षेत्र र राप्रपा (थापा) ले १ निर्वाचन क्षेत्रबाट विजय हासिल गरेका थिए (खनिया, २०५९) । यस चुनावबाट दुवै राप्रपाले राष्ट्रिय दलका रूपमा मान्यता पाएका थिए (राणा, २०७४) । दुवै राप्रपाहरू विभाजित भएर चुनावमा होमिनु पराजयको मूल कारण रहेको थियो । त्यस्तै २०५१ को मध्यावधि चुनावमा राप्रपाले विगतबाट पाठ सिक्दै संयुक्त रूपमा भाग लिएका थिए र पूरै २०५ सिटमध्ये २० सिटमा जित हासिल गरी कूल मत परिणामको १७.९३ प्रतिशत मत राप्रपाले प्राप्त गरेको थियो ।

२०५६ सालको प्रतिनिधिसभाको निर्वाचनमा राप्रपाका कुल निर्वाचितहरूको सङ्ख्या १० जिल्लामा गरी ११ जना रहेको थियो । उक्त निर्वाचनमा राप्रपाले देशभरिमा तेस्रो स्थान हासिल गरेको थियो । नेपालको पहिलो संविधानसभा ६०१ सदस्यहरूको एक सदनात्मक निकाय थियो जसले मे २८, २००८ देखि मे २८, २०१२ सम्म काम गर्‍यो । यो अप्रिल १०, २००८ मा सम्पन्न भएको पहिलो संविधानसभा निर्वाचनको परिणामका रूपमा गठन भएको थियो । यो संविधानसभालाई नयाँ संविधान लेख्ने र दुई वर्षको लागि अन्तरिम व्यवस्थापिकाको रूपमा काम गर्ने जिम्मेवारी सुम्पिएको थियो (BBC, 2008) । एकल सिट क्षेत्रहरूमा २४० सदस्य निर्वाचित भएका थिए, ३३५ समानुपातिक प्रतिनिधित्वबाट निर्वाचित भएका थिए भने २६ सिटहरू मनोनित सदस्यहरूका लागि आरक्षित थिए (Nepalnews, 2008) । यस निर्वाचनको बेलामा राप्रपा तीन खेमा (राप्रपा, राप्रपा नेपाल र राजपा) मा विभाजित अवस्थामा रहेको थियो । राप्रपा, राप्रपा नेपाल र राजपामध्ये कुनै पनि खेमाको राप्रपाले एक सिटमा पनि जित हासिल गर्न सकेनन् । यस निर्वाचनमा राप्रपाले कूल खसेको मतको ३.०१ प्रतिशत मत प्राप्त गरेको थियो भने राप्रपा नेपाल र राजपाले क्रमशः ०.७४ र ०.७८ प्रतिशत मत प्राप्त गरेका थिए । यद्यपि राप्रपा, राप्रपा नेपाल र राजपाले समानुपातिक प्रतिनिधित्वबाट क्रमशः ८, ४ र ३ सिटहरू प्राप्त गरेका थिए (यादव, २०७२) । नेपालको संविधानसभा चार बर्षपछि संविधान जारी नगरी विघटन भएको थियो र त्यसपछि दोस्रो संविधानसभा निर्वाचनको लागि मितिसमेत प्रस्तावित गरिएको थियो । वि.सं. २०६२ सालको नयाँ दिल्लीमा माओवादी पार्टी र गैर माओवादी पार्टीहरू मिलेर सुरू भएको राजनीतिक प्रक्रियाले जनभावना अनुरूप काम गर्न असफल भएकोमा जनतामा ठूलो निराशा छाएको थियो ।

नेपालको पहिलो संविधानसभाको विघटनपश्चात् दोस्रो संविधानसभाको निर्वाचन २०७० मंसिर ४ गते सम्पन्न भयो । यो निर्वाचन ५७५ सिटका लागि भएको थियो । जसमा २४० सिट प्रत्यक्ष र ३३५ सिट समानुपातिक प्रतिनिधित्वका लागि भएको थियो । राप्रपा र राप्रपा नेपालले दोस्रो संविधानसभाको निर्वाचनमा भाग लिएका थिए । राप्रपा नेपालले प्रत्यक्षतर्फ एक सिट पनि जितेन भने समानुपातिक प्रतिनिधितर्फ २५

सिट प्राप्त गरेको थियो । राप्रपाले प्रत्यक्षतर्फ ३ सिट र समानुपातिक प्रतिनिधित्वतर्फ १० सिट प्राप्त गर्न सफल भएको थियो । राप्रपाको प्रत्यक्षतर्फका विजेताहरूमा दीपक बोहरा, विक्रम पाण्डे र सुनिलबहादुर थापा थिए । तत्पश्चात २०७४ मा प्रतिनिधिसभाको चुनाव भएको थियो । यस बेला राप्रपा तीन भाग (राप्रपा, राप्रपा प्रजातान्त्रिक र संयुक्त राप्रपा राष्ट्रवादी) मा विभाजित भएर चुनावमा भाग लिएका थिए । यस पटकाको प्रत्यक्षतर्फको चुनावमा राप्रपाले १ सिट (राजेन्द्र लिङ्देन) प्राप्त गऱ्यो भने राप्रपा प्रजातान्त्रिक र संयुक्त राप्रपा राष्ट्रवादीले प्रत्यक्षतर्फ एक सिट पनि प्राप्त गर्न सकेनन् । यस चुनावमा राप्रपा, राप्रपा प्रजातान्त्रिक र संयुक्त राप्रपा राष्ट्रवादीले खसेको कूल मतमध्ये प्रत्यक्ष निर्वाचन प्रणालीमा क्रमशः १.१७ %, १.२३ % र ०.३४ % मत प्राप्त गरेका थिए । त्यसरी नै राप्रपाका विभिन्न खेमाहरूले २०७४ को प्रान्तीय चुनावमा समेत सहभागिता जनाएका थिए । राप्रपाले सग्लो रूपमा होस वा विभाजित रूपमा होस् सबै प्रकारका स्थानीय निर्वाचनहरूमा सहभागी बन्दै आएको देखिन्छ । यसले वि.सं. २०४९, २०५४ र २०७४ का सबै स्थानीय निर्वाचनहरूमा भाग लिँदै आएको छ ।

संसदीय निर्वाचनहरूमा राप्रपाले गर्दै आएको अभ्यासहरूलाई तल खण्ड ५.६ मा विस्तृत रूपमा वर्णन गरिएको छ । शासन सञ्चालनमा पोख्त रहेका पूर्वपञ्चहरू सम्मिलित राप्रपाले पहिला एमालेको र पछि कांग्रेसको सहयोगमा पटकपटक सरकारको नेतृत्व गर्ने र अन्य दलहरूले नेतृत्व गरेका सरकारहरूमा सहभागी हुने अवसरहरू प्राप्त गरेको थियो । कतिपय अवस्थामा संसद्मा पनि प्रभावकारी भूमिका निभाउन सक्ने हैसियत प्राप्त गरी प्रतिनिधिसभा सदस्य रामविलास यादव उपसभामुखसमेत बन्न पुगेका थिए । कुनै समयमा नेपालकै तेस्रो ठूलो दलको रूपमा समेत स्थापित हुन पुगेको थियो । राजा ज्ञानेन्द्रको सक्रिय शासनकालमा समेत राप्रपाका कतिपय नेताहरू सरकारमा सहभागी बन्न पुगेका थिए । वि.सं. २०६३ को परिवर्तनपश्चात् राप्रपाले आफूलाई सफल यथास्थितिवादीको कित्ताबाट लोकतान्त्रिक कित्तामा उभ्याउने कोशिस गऱ्यो । त्यसमा राप्रपा सफल भयो । जेष्ठ सदस्यको हैसियतले राप्रपाका अध्यक्ष स्व. सूर्यबहादुर थापाले संविधानसभाका अध्यक्ष सभामुख बनी लोकतन्त्रमा निर्वाचित नेताहरू सुशील कोइराला, शेरबहादुर देउवा, माधवकुमार नेपाल, खड्गप्रसाद ओली, पुष्पकमल दाहाल (प्रचण्ड), बाबुराम भट्टराई लगायतका लोकतन्त्रवादी सभासद्हरूलाई आफ्नै हातले लोकतन्त्रको शपथ खुवाएर आफूलाई लोकतान्त्रिक नेता र राप्रपालाई लोकतन्त्रवादी पार्टीको रूपमा प्रमाणित गर्न सकेका थिए । यसबाट के बुझ्न सकिन्छ भने राप्रपा संसदीय व्यवस्थाप्रति सकरात्मक छ र संसदीय अभ्यासहरूमा सक्रिय सहभागिता जनाउँदै आएको पार्टी हो भन्न सकिन्छ ।

## ५.५ निर्वाचन र निर्वाचन प्रणाली

नेपालको नयाँ संविधानमा निर्वाचन आयोगको गठन, कार्यविधि, अधिकार र कर्तव्यको निर्धारण गरिएको छ (नेपालको संविधान, भाग २४ धारा २४५-२४७) । जनताले आफूमध्येबाट प्रतिनिधि छानी शासन गर्न र शासनमाथि नियन्त्रण गरिने छनोट नै निर्वाचन हो । विश्वमा ई.पू. छैठौँ शताब्दीदेखि नै निर्वाचनलाई

लोकतन्त्रमा अपरिहार्य मानिएको छ । लोकतन्त्र भन्ने शब्द पहिलो पटक ग्रिक, युनानमा प्रयोग गरिएको थियो । त्यसवेला बढी मत निर्वाचन पद्धति लागु गरिएको अभिलेख छ । राजनीतिक केन्द्रविन्दुको रूपमा निर्वाचन रहेको हुन्छ । त्यसैले निर्वाचनलाई लोकतान्त्रिक व्यवस्थाको मेरुदण्डको रूपमा लिइन्छ । निर्वाचनको माध्यमबाट नै नागरिकहरूले आफ्नो अभिमत प्रकट गर्ने र प्रतिनिधिको छनोट गर्ने गर्दछन् । प्रतिनिधिमूलक प्रणालीमा निर्वाचनको माध्यमद्वारा उपयुक्त उम्मेदवार छनोट गर्न पाउने र स्वार्थ तथा शक्तिका भोकाहरूलाई पराजय गराउन सकिने हुँदा निर्वाचनमा जनविश्वास बढी पाइन्छ । निर्वाचनबाट बहुदलीय प्रजातान्त्रिक प्रणालीको सुदृढीकरणमा पनि मद्दत पुग्दछ तर नेपालका राजनीतिक दलहरू जनसङ्गठनको रूपमा भन्दा पनि राज्यसत्ताका एक बलियो अङ्गका रूपमा विकसित हुँदै गइरहेको छन् ।

निर्वाचनको सन्दर्भमा कुनै पनि मुलुकमा अपनाइएको व्यवस्था सिद्धान्त, कार्यविधि, उम्मेदवार निर्वाचित हुने आधार तथा यसका सम्बन्धमा भएका कानुनी व्यवस्था समेतको समग्र स्वरूपलाई निर्वाचन प्रणाली भनिन्छ (खनिया, २०६३) । नेपालका केही जिल्लाहरूका हरेक निर्वाचनमा मतदान केन्द्रको अनधिकृत रूपमा हुने कब्जा, हत्या, हिंसा, धाँधली भड्किलो प्रचार हालसम्म अवलम्बन भइरहेको निर्वाचन प्रणालीको अभिन्न अङ्ग भइसकेको छ । साँच्चै भन्ने हो भने निर्वाचन अव निर्वाचन नभई हिंसात्मक नाटकमा रूपान्तरित हुँदै गएको छ (राप्रपा नेपाल के. का., २०६३) । प्रजातन्त्रको लागि निर्वाचन प्रणालीको छनोट एक महत्त्वपूर्ण संस्थागत निर्णय हो । देशमा उत्पन्न राजनीतिक सङ्कटले निर्वाचन प्रणालीमा परिवर्तन वा सुधारको लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ (आई.डि.ई.ए र ई.एस.पी., २००६, पृ. १) । स्वतन्त्र र निष्पक्ष निर्वाचनले मात्र नपुगेर उपयुक्त निर्वाचन प्रणालीको छनोटले पनि महत्त्व राख्दछ । विधायिकाका प्रतिपक्षको निगरानी प्रवर्द्धन गर्न, निर्वाचन प्रणालीलाई दिगो तुल्याउन, अन्तर्राष्ट्रिय मापदण्डलाई दृष्टि दिन, राजनीतिक दलहरूलाई उत्साहित तुल्याउन, जनप्रतिनिधि एवं सरकारलाई जवाफदेही तुल्याउन, स्थिर र कुशल सरकारलाई सहज पुऱ्याउन, दलहरूको मेलमिलापलाई प्रोत्साहित गर्न, निर्वाचनलाई पहुँचयोग्य र अर्थपूर्ण बनाउन उपयुक्त निर्वाचन प्रणालीले प्रर्याप्त सहयोग पुऱ्याउन सक्छ (मेचीकाली मासिक, २०६२, पृ. ८) । पूर्ण बहुमत प्रणाली अनुसार मतदान भएको कूल सदर मतमध्ये कम्तीमा ५० प्रतिशतभन्दा बढी मत ल्याउने उम्मेदवार मात्र विजयी भएको मानिन्छ (राप्रपा नेपाल के. का., २०६३) ।

पहिलो पटकमा बहुमतप्राप्त गर्न नसकेमा सबैभन्दा बढीमत ल्याउने दुई उम्मेदवारबिच मात्र पुनः दोस्रो चरणको मतदान गराउनु पर्ने भएकाले हाम्रो जस्तो गरिव राष्ट्रको लागि खर्चिलो पनि हुन्छ । निर्वाचनमा खसेको कूल सदर मतमध्ये सबैभन्दा बढी मत पाउने उम्मेदवार विजयी हुने यस प्रणालीलाई पहिला हुनेले ओहदा पाउने वा सापेक्षित बहुमत प्रणाली पनि भनिन्छ । नेपालले पनि हाल यही निर्वाचन प्रणाली अपनाएको छ । सबैभन्दा बढी मत ल्याउनेबाहेक अन्य उम्मेदवारको मतको कुनै महत्त्व नहुने हुनाले यो प्रणाली आलोचनामुक्त भने छैन । नेपालको पहाडी जिल्लाहरूमा जनसङ्ख्या घटेको छैन, तर उपत्यका र तराईका जिल्लाहरूमा जनसङ्ख्या बढेको कारणबाट २०५१ मा पहाडी जिल्लाहरूमा निर्वाचन क्षेत्रको सङ्ख्या

घटेको छ । यही क्रम र पद्धतिलाई निरन्तरता दिने हो भने देशको २० प्रतिशत भूभागमा ६० प्रतिशत भन्दा बढी निर्वाचन क्षेत्र कायम भई विधायिकाको प्रतिनिधित्वमा भौगोलिक असन्तुलन कायम हुन सक्छ तापनि यो निर्वाचन प्रणाली सरल छ । उपरोक्त दुवै प्रणालीमा अन्तरनिहित कमजोरीहरू हटाउन सकिने यस निर्वाचन प्रणालीमा जनमत र निर्वाचित सिट सङ्ख्याको अनुपात समान हुनु, साना ठूला सबै दलहरूले आ-आफ्नो हैसियत अनुसारको संसद्मा स्थान पाउनु, विभिन्न जाति, भाषा, धर्म भएका र पिछडिएका तथा अल्पसङ्ख्यक जातिको पनि संसद्मा प्रतिनिधित्व हुन सक्नु, व्यक्तिभन्दा दललाई मान्यता दिने व्यवस्था हुनु, जनमत खेर नजाने आदि विशेषता रहेका छन् ।

सामाजिक न्याय र सामाजिक प्रजातन्त्रको दर्शनमा आधारित यो निर्वाचन प्रणालीमा पनि एकल सङ्क्रमणीय मत प्रणाली र सूची प्रणाली प्रमुख छन् । उपरोक्त प्रणालीहरूमा विद्यमान भिन्न भिन्न फाइदा र बेफाइदाहरूले गर्दा आजकाल कतिपय देशहरूले संसारको केही प्रतिशत सिट बहुमतीय प्रणाली र बाँकी सिट समानुपातिक प्रणालीअनुसार निर्वाचित हुने मिश्रित प्रणाली अपनाउन सुरू गरेका छन् । २०४७ सालको संविधानअनुसार नेपालले संसदीय निर्वाचन प्रणालीमा बहुमतीय प्रणाली अपनाएको देखिन्छ भने पछि अन्तरिम संविधान, २०६३ बमोजिम मिश्रित प्रणाली अपनाउने बारे सात दल र नेकपा (माओवादी) बिच सहमति भएको थियो । २०७२ को नयाँ संविधानले पनि मिश्रित प्रणाली अपनाउनु पर्ने व्यवस्था गरेको छ ।

## ५.६ संसदीय निर्वाचनमा राप्रपाको सहभागिताको स्थिति

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् नेपाल अधिराज्यको संविधान, २०४७ मा संसदीय शासनप्रणाली अवलम्बन गरिएको थियो । शक्ति पृथकीकरणको सिद्धान्तअनुसार सरकारको एक प्रमुख अङ्गको रूपमा व्यवस्थापिका रहेको थियो । श्री ५, प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदन सहितको व्यवस्थापिकालाई संसद् भनिन्थ्यो (नेपाल नेपाल अधिराज्यको संविधान २०४७, भाग ८ धारा ४४) । जसमध्ये प्रतिनिधिसभाको गठन २०५ निर्वाचन क्षेत्रबाट एक व्यक्ति एक मतका आधारमा गोप्य मतदानद्वारा गरिन्थ्यो । साधारणतया प्रत्येक ५/५ वर्षमा हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा भाग लिनको लागि मान्यता प्राप्त गर्न संविधानको धारा ११३ बमोजिम दर्ता भएका राजनीतिक दलहरूमध्ये राप्रपा पनि एक हो । नेपालमा हाल सम्म ४ वटा संसदीय आम निर्वाचनहरू (२०४८, २०५१, २०५६ र २०७४) र २ वटा संविधानसभाका निर्वाचनहरू (२०६४ र २०७०) सम्पन भएका छन् । २०४७ सालमा राप्रपाको स्थापनापश्चात् २०७४ साल सम्ममा भएका ६ वटा आमनिर्वाचनमा राप्रपाको उम्मेदवारी, निर्वाचन परिणाम र यसका सम्बन्धित अन्य पक्षहरुलाई विस्तृत रुपमा **परिशिष्ट-८** मा समाविष्ट गरिएको छ ।

### क. प्रतिनिधिसभा सदस्य निर्वाचन, २०४८ र राप्रपा

२०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् घोषणा भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले वालिग मताधिकार, संसदीय शासनप्रणाली, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, स्वतन्त्र एवं सक्षम न्यायप्रणालीलाई आत्मसात् गरेपछि अन्तरिम शासन व्यवस्थालाई निर्वाचित संसद् र

सरकारले प्रतिस्थापन गर्न २०४८ वैशाख २९ गते २०५ प्रतिनिधिसभा सदस्यको लागि १,११,९१,७७७ मतदातामध्ये ७२,९१,०८४ (६५.१५%) ले मतदान गरका थिए (खनियाँ, २०६३, पृ. २४) । यो निर्वाचनमा पहिलो पटक १८ वर्ष उमेरका साँढे आठ लाख नयाँ मतदाता थपिएका थिए । राजनीतिक पार्टीहरू चुनावको समयसम्म पनि व्यवस्थित भइसकेका थिएनन् जसले गर्दा अधिकांश पार्टी गतिविधिहरू उम्मेदवारका वरिपरि नै बढी केन्द्रित थिए । यस निर्वाचनमा उम्मेदवारको व्यक्तित्वको तुलनामा पार्टीको प्रतिष्ठा नै महत्त्वपूर्ण थियो । एकातिर राजनीतिक दलहरूको चुनावी तयारी संस्थागत रूपमा हुन सकेको थिएन भने अर्कोतिर कांग्रेस र एमालेले राप्रपाका दुवै समूहलाई राजनीतिक परिदृश्यबाट नै सखाप पार्ने किसिमले संयुक्त प्रहार गरेका थिए । नेपाली कांग्रेस पञ्चायतको अन्त्यपछि चुनाव जित्ने सवालमा बढी विश्वस्त थियो तर एमाले भने बढी तयारी र समर्पणका साथ जुटेकोले अन्तरिम सरकारको प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईसमेत पराजित हुन पुगे ।

खेलको नियम नै परिवर्तन भएको अवस्थामा उपर्युक्त रणनीति निष्प्रभावी बने । निर्वाचनको आचारसंहिता पालन गराउन उपयुक्त कानुनी, संवैधानिक प्रावधानको अभावमा नेपाली कांग्रेस र एमालेले अत्यन्त खर्चिलो र भड्किलो प्रचार शैली अपनाएका थिए । सत्तासीन नेकाँ र एमालेले चुनावमा सङ्कलन गरेको अथाह चन्दा, त्यसको दुरूपयोग तथा भ्रष्टाचार एवं अनुत्तरदायी प्रयोगबाट निर्वाचनमा स्थायी रूपमा विकृतिहरू भित्रिएका थिए । जनआन्दोलनको भावनाअनुरूप बहुदलीय व्यवस्था सुदृढीकरण गर्ने प्रकारको परम्परा पहिलो आमनिर्वाचनले नै बसाल्न सकेन । नकरात्मक किसिमको चुनाव प्रचार, चुनावी हिंसा, झुट्टा चुनावी नारा तथा आश्वासनले गलत दिशा निर्देश गऱ्यो । पार्टीको सङ्गठनात्मक समर्थन प्राप्त गर्ने निजामति, प्रहरी र शिक्षा सेवामा व्यापक रूपमा पार्टीकरण गरियो । जसको परिणामस्वरूप भ्रष्टाचार, पक्षपात, कुशासन, विकास प्रक्रियामा गतिरोध आदि राष्ट्रिय समस्याले व्यापकता पाए । यस आम निर्वाचन २०४८ लाई अधिकांश जनताले महत्त्व दिएका थिए र मतदान गर्न इच्छुक पनि भए । प्रचारसाधनमध्ये गरिब र श्रमिकलाई पोस्टर, पम्पलेट, कम शिक्षित कृषक व्यापारीलाई रेडियो र शिक्षितलाई घोषणापत्र र अन्य पत्रहरू प्रभावकारी देखिएको थियो । उम्मेदवार चयनमा पार्टीगत सामिप्य, उम्मेदवारको इमान्दारिता र विगतमा उसको योगदान आदि तत्त्वहरू हेरिन्छ । मतदातामा रेडियो, टि.भी.बाट भएको प्रसारमा निष्पक्षता नहुने आभास विपक्षी पार्टीका कार्यकर्ता र मतदातामा पाइएको थियो । यस्तै स्थानीय प्रशासनको निष्पक्षतामा पनि प्रश्न चिन्ह उठेको थियो ।

निर्वाचनमा सफलता हासिल गर्न पनि समाजका जातजाति र सबै भौगोलिक क्षेत्रमा पार्टीको विस्तार आवश्यक पर्छ । यस्तै समाजका राजनीतिक रूपमा सक्रिय जनसङ्ख्या अर्थात् युवा र शिक्षित मतदाताको समर्थनले निर्णायक राजनीतिक शक्ति वा पार्टीको निर्माण हुन्छ । यी दुवै पक्षमा राप्रपा कमजोर देखिएको थियो । पार्टीको प्रतिष्ठा र सङ्गठनात्मक संरचना सुदृढ नपारुञ्जेल वैकल्पिक पार्टीको रूपमा खडा हुन असम्भव देखिन्छ । निर्वाचन आयोगलाई बढी साधन स्रोत सम्पन्न र सत्तासीन पार्टीको प्रभावबाट मुक्त

नपारुञ्जेलसम्म चुनाव निष्पक्ष हुन सक्दैन । प्रशासन, प्रहरीको आडमा विजय हासिल गर्ने मानसिकता भने जनाधार कार्यकर्ता पङ्क्ति सुदृढ भएका पार्टीको नेतृत्वको मानसिकताबाट अझै हट्न सकिराखेको देखिँदैन । राष्ट्रिय प्रजातन्त्र पार्टीको नामबाट दुईवटा पार्टीहरू स्थापना भएको एक बर्षको अवधीभित्र नै आम निर्वाचनमा भाग लिनुपर्ने चुनौती खडा भयो ।

एमाले र एकता केन्द्रको ध्रुवीकरणबाट राप्रपा (चन्द) र राप्रपा (थापा) ले बेलैमा शिक्षा लिई निर्वाचनका निमित्त संयुक्त रूपमा घोडा दाउन देशभरका कार्यकर्ताहरूले सुझाव दिँदै पनि आएका थिए । वाम कांग्रेसको एक बर्षे कार्यकालले सकरात्मक उपलब्धी सिर्जना गर्न नसकेको अवस्थामा राप्रपा संयुक्त रूपमा चुनावी मैदानमा उभिनुपर्छ भनि राष्ट्रवादी एवं देशभक्त, बुद्धिजीवी, पत्रकार र आमजनताको चाहना थियो । अझ सत्ताधारीबाहेक अन्य प्रजातान्त्रिक पार्टीहरूबिच पनि चुनावी तालमेल मिलाउन सके सुनमा सुगन्ध हुने अपेक्षा अभिव्यक्त भएको थियो । नेकालाई समर्थन गर्ने बाह्य शक्तिहरू विशेषतः भारत र अमेरिका, राप्रपा (थापा) र राप्रपा (चन्द) लाई एक ठाउँमा उभिन नदिने चालबाजीमा क्रियाशील थिए । यसको लागि दुई राप्रपाबिच कटूता उत्पन्न गर्ने भगिरथ प्रयत्न गरिरहेकोतर्फ पनि दुवै पार्टीका कार्यकर्ताहरूबाट नेताहरूको ध्यानाकर्षण गराइएको थियो तर राप्रपा (थापा) नेकांको विकल्प बन्ने र राप्रपा (चन्द) नेकपा एमालेको विकल्प बन्ने झिँगे दाउमा भुले । व्यापक समझदारीको आधारमा उम्मेदवार तय गर्नुपर्ने आवश्यकता सर्वसाधारण मतदाताले समेत अँगालेको परिस्थिति थियो । दुई राप्रपाले मिलाएर उम्मेदवारी दिन नसकेमा त्यो कदम आत्मघाती हुने जसको भविष्यमा जतिसुकै प्रायश्चित्त गरेपनि क्षतिपूर्ति नहुनेतर्फ पनि गाउँ र जिल्ला स्तरीय कार्यकर्ताहरूले सचेत गराएका थिए । विडम्वना, राप्रपाका दुवै गुटले चुनावमा छुट्टाछुट्टै भाग लिन पुगे । त्यसपछि कार्यकर्ता र जनताले दुवैतर्फका नेताहरूको बिर्को लागेको विवेकलाई धिक्कार्न पुगे ।

स्वतन्त्र र साना तथा नयाँ पार्टीहरूलाई राज्यआतङ्कको आडमा प्रतिस्पर्धामा आउन नदिई कांग्रेस र एमाले दुई पार्टीबिच चुनावी औपचारिकता पूरागरी स्वतः सत्तासीन र प्रमुख प्रतिपक्ष दल हुने नकचरो खेलको रूपमा सीमित हुनु पुनर्स्थापित बहुदलीय प्रजातन्त्रको लागि निश्चय नै चीरहरण जत्तिकै दुःखदायी अवस्था थियो । २०४८ को आमनिर्वाचनमा देशमा भएका सबै राजनीतिक पार्टीहरू आमचुनावमा लड्न आ-आफ्नो तयारीमा लाग्न थालेपछि पञ्चहरूले विभाजित भएर बनेको एउटै नामको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीको छोटकरीमा रा.प्र.पा. (चन्द) र रा.प्र.पा. (थापा) भन्ने नामबाट दुवै पार्टी चुनावमा लाग्न तयार भए (राणा, २०७४, पृ. २३१) । नाम एउटै भए पनि चुनाव चिह्न रा.प्र.पा.(चन्द) को हलो र झण्डा फरक थियो । रा.प्र.पा. (थापा) को चुनाव चिह्न गाई र झण्डा पनि फरक थियो । यिनीहरू चुनावमा आ-आफ्नो उम्मेदवारी दिएर चुनावको प्रचार प्रसारमा मतदातासमक्ष गएका थिए तर पञ्चहरूको पार्टी भनेर बहुदलवादी पार्टीका कार्यकर्ताहरूले ती पार्टीका नेता तथा कार्यकर्ताहरूलाई पिट्ने, कुट्ने, चुनावका साधनहरूलाई जलाइदिने, कार्यकर्ताका घरहरू, ट्रयाक्टरहरू, मोटरहरू, मोटरसाइकलहरू आदि लुट्ने र आगजानी गरी

खतम पार्ने काम गरेका थिए । सरकार र दलका जिम्मेवार पार्टीका नेताहरूले त्यसरी संविधानले दिएको प्रजातान्त्रिक अधिकारको ठाडो उल्लङ्घन हुँदा पनि एक शव्द बोल्न चाहेनन् । मानौँ भूतपूर्व पञ्चहरूलाई आफ्नो पार्टी खोलेर चुनाव लड्ने अधिकारै नभएको जस्तो व्यवहार गरियो ।

२०४७ सालको संविधान देशमा लागु भएर प्रजातान्त्रिक व्यवस्था लागु भइसकेपछि पनि कानुनको मर्यादा देशमा पालन नगरिनु लज्जाजनक कुरा थियो । मानौं पूर्वपञ्चहरूको नागरिक अधिकार नै नभए सरह भएको थियो । संवैधानिक अधिकारको हक देशमा भएका बहुदलवादी पक्षका जनताको मात्र भएको जस्तो भान हुन्थ्यो । राप्रपा (चन्द) ले १५४ र राप्रपा (थापा) ले १६३ निर्वाचन क्षेत्रमा छुट्टा छुट्टै उम्मेद्वारहरू दर्ता गराएको स्थितिमा चुनावमा विजय हासिल गर्ने कुनै सम्भावना नै थिएन । स्पष्ट रूपमा सैद्धान्तिक भिन्नता नदेखिएको केवल व्यक्तित्वको टकरावले मात्र दुई पार्टी गठन भएकोले कुन समूहको उम्मेदवारलाई मत दिने भन्ने सम्बन्धमा मतदातामा द्विविधा भई मत विभाजन हुन पुग्यो, जसको कारण राप्रपाका दुवै समूहले चुनाव जित्ने सम्भावनालाई गुमाउन पुग्यो । पदलोलुपता र व्यक्तिगत स्वार्थलाई महत्त्व दिँदा निर्वाचन परिणाम अत्यन्त घातक सिद्ध भयो । पञ्चहरूले मुठ्ठी भर भनेका व्यक्ति र पार्टीहरू डोका र डालाभरि देखिए । लाखौँ लाख भनी पुकारिएका पञ्चहरू मुठी भरमा परिणत भए । **(परिशिष्ट-९)** । तर दुवै रा.प्र.पा. ले राष्ट्रिय पार्टीको मान्यता पाएका थिए । संविधानमा देशभर खसेको मतको ३ प्रतिशत मत प्राप्त गर्ने पार्टी राष्ट्रिय पार्टीमा दर्ता हुने प्रावधान थियो (राणा, २०७४, पृ. २३२) ।

सिन्धुपाल्चोक - २, कपिलवस्तु - ४, जाजरकोट - १ र मुस्ताङमा दुई पार्टीको संयुक्त मत विजयी उम्मेदवारको भन्दा बढी हुँदा पनि विभाजित रूपमा स्थापना र निर्वाचन लड्नु प्रत्युत्पादक बन्न पुग्यो । यस्तै मकवानपुर - १, सर्लाही - ४, नुवाकोट - ३ लगायतका थुप्रै निर्वचन क्षेत्रमा राप्रपा विभाजनको प्रत्यक्ष असर निर्वाचन परिणममा पर्‍यो । राप्रपाका अधिकांश हस्ती भनिने नेताहरूले पराजय बेहोर्नु पर्‍यो । कुल मतसङ्ख्याको ४ प्रतिशत र ४.१ प्रतिशत मत प्राप्त गरेको संजमो र नेसपाले प्रतिनिधिसभामा ९ र ६ स्थानमा विजय हासिल गरे भने ६.५६ प्रतिशत र ५.३८ प्रतिशत मत हासिल गर्ने राप्रपा (चन्द) र राप्रपा (थापा) ले क्रमशः ३ सिट र १ सिटमा थन्किनु पर्‍यो । २०४८ को आमनिर्वाचनमा राप्रपा (चन्द) का श्री पशुपतिशमशेर जबरा (सिन्धुपाल्चोक - ३), डा. प्रकाशचन्द्र लोहनी (नुवाकोट - १) र श्री रामकृष्ण आचार्य (रसुवा) तथा राप्रपा (थापा) बाट श्री अकवरबहादुर सिंह (दार्चुला - २) मात्र निर्वाचित भएका थिए (खनिया, २०६३, पृ. ३०) । पार्टी विभाजन भए पनि उम्मेदवारी मात्र संयुक्त रूपमा दिन सकेको भए पनि राप्रपाले तेस्रो स्थानमा ओगट्न सक्ने स्पष्ट देखिन्थ्यो । एक निर्वाचन क्षेत्रमा राप्रपाको एउटामात्र उम्मेदवार हुनेवित्तिकै दुई उम्मेदवारले प्राप्त गरेको संयुक्त मतभन्दा वढी मत आउने जनलहर सिर्जना हुन सक्थ्यो ।

साथै दुवै समूहबाट कांग्रेस, एमालेतर्फ पार्टी प्रवेश र विचलन पनि धेरै हदसम्म रोकिन सक्दथ्यो । २०४८ को यस निर्वाचनले दुवैतर्फका नेताहरूलाई 'न्याउरी मारी पछुतो' भएको थियो र गुमेको मौका कहिल्यै नफर्कने गरी फुत्किएको थियो । ११६ वटा निर्वाचन क्षेत्रमा दुवै राप्रपाका उम्मेदवारहरू चुनावी

मैदानमा उत्रिएका थिए भने ४५ वटा निर्वाचन क्षेत्रमा राप्रपा (थापा) र ४१ वटा निर्वाचन क्षेत्रमा राप्रपा (चन्द) को मात्र उम्मेदवार थिए । तर मनाङ, अर्घाखाँची - १, रुकुम - १ मा दुवै पार्टीले उम्मेदवार खडा गर्न असमर्थ रहे (खनिया, २०५९) । एक मात्र निर्वाचन क्षेत्र रहेका डडेलधुरा, जुम्ला, हुम्ला, कालिकोट र बाजुरामा एकमात्र राप्रपाका उम्मेदवार रहे भने एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामध्ये पनि ताप्लेजुङ, इलाम, दोलखा, सर्लाही, धादिङ, चितवन, स्याङ्जा, रोल्पा र बझाङमा राप्रपा (थापा) र राप्रपा (चन्द) ले मिलेर उम्मेदवारी दिएका थिए । यसरी केन्द्रमा विभाजित हुँदा पनि जिल्लामा समझदारी हुनु ज्यादै विवेकशील निर्णय मान्नुपर्दछ । त्यसो त अधिकांश केन्द्रीय नेताहरूको निर्वाचन क्षेत्रमा एक अर्काको विरुद्ध उम्मेदवारी दिइएको थिएन ।

केही जिल्लामा सम्पूर्ण कार्यकर्ताहरू एउटैमा राप्रपा गठन गरेरमात्र बसेका थिए तर चुनावको समयमा उम्मेदवारी चाहने महत्त्वाकाङ्क्षीहरूले जिल्ला तहमासमेत पार्टी समिति गठन नभए पनि उम्मेदवार हुने लहडले मात्र अन्तिम समयमा अर्को पार्टीको टिकट ल्याई निर्वाचन कार्यालयमा उम्मेदवारी दर्ता गरी जिल्लाको पारस्परिक सौहार्दतामा चोट पुऱ्याएका थिए । त्यसो हुँदाहुँदै पनि तेह्रथुम, धनकुटा, ओखलढुङ्गा, नवलपरासी र पाल्पा जिल्लाका सबै निर्वाचन क्षेत्रमा राप्रपा (थापा) का मात्र निर्वाचनमा उम्मेदवार बनेका थिए भने प्युठान, दाङ, डोटी र वैतडीमा राप्रपा (चन्द) बाट मात्र निर्वाचनमा उम्मेदवारी परेको थियो । यसरी राप्रपाले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०४८ मा सक्रियताका साथ भाग लिई संसदीय अभ्यास गरेको देखिन्छ । चुनावपश्चात् नेपाली कांग्रेस पार्टी बहुमतमा र प्रमुख प्रतिपक्ष पार्टीमा नेकपा एमाले आयो । नेपाली कांग्रेसले आफ्नो सरकार गठन गऱ्यो । सरकारको प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भए, सभामुखमा दमननाथ ढुङ्गाना चुनिए । विपक्षी दलका नेतामा नेकपा एमालेका नेता मनमोहन अधिकारी भएका थिए । नेपाली कांग्रेस सरकारमा आएपछि पूर्वपञ्चहरूको सरकारमा रहेर राष्ट्रको सेवा गर्दै आएका धेरै योग्य र अनुभवी उच्च पदमा रहेका कर्मचारीहरूलाई दलगत भावना र पूर्वाग्रही धारणा राखेर हटाइएको थियो । चुनावबाट आएको दलको सरकारवाट प्रशासनमाथि भएको अनमियतता र ताण्डव नृत्यले गर्दा सम्पूर्ण प्रशासनभित्र ठूलो नैराश्य फैलिन पुग्यो । प्रशासनमा अनुभव र योग्यताकम भए तापनि दलसित सम्बन्धित आ-आफ्ना नाता कुटुम्बले प्रोत्साहन पाउन थाले ।

सबै क्षेत्रमा काम गर्ने राष्ट्रसेवकहरूलाई पञ्चायत पक्षका हुन् भन्ने आशङ्काले हेरेर टाठाबाठा चाकडी र चाप्लुसीमा लाग्न सक्ने व्यक्तिहरूले प्रोत्साहन र मौका पाउन थाले भने इमान्दार तथा नैतिकवान व्यक्तिहरू प्रशासनबाट बढारिएर बाहिर फ्याँकिए । त्यसले गर्दा बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना भएपछि दलको सरकारले राम्ररी जनतालाई सेवा पुऱ्याउन सकेन । फटाहा तथा अनैतिक चरित्र भएका शक्तिपूजक व्यक्तिहरूको सरसल्लाहमा दलका नेता तथा मन्त्रीहरू फस्दै गए । त्यस्तो परिस्थितिले गर्दा ३० वर्षसम्म निर्दलीय व्यवस्थापछि स्थापना भएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा आमजनताले न अपेक्षा गरेअनुसार अधिकारहरू प्राप्त गरे न त प्रजातन्त्र आएको अनुभूति नै गर्न पाए । २०४८ सालमा पहिलो

पटक भएको आमचुनाव जित्ने नेपाली कांग्रेसको सरकारले आफ्नो पार्टीको नीति र कार्यक्रमअनुसार केही पनि गरेर देखाउन सकेन । उल्टै सरकारको मन्त्रीमण्डलमा पुग्ने र नपुग्नेहरू र ठूला नेताहरूकै बिच आपसी खिचातानी र मनमुटाव बिस्तारै बिस्तारै भुसमा सल्किएको आगो जस्तै बढ्न थालेको परिदृश्य देखियो ।

## ख. मध्यावधि निर्वाचन, २०५१ र राप्रपा

२०४८ मा नेपाली कांग्रेसले पूर्ण बहुमत हासिल गरेपछि श्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेकांको एकमना सरकार गठन भयो (खनिया, २०६३) तर जनताको अपेक्षा विपरीतका सरकारका गतिविधिको विरोध विपक्षी पार्टीहरूका साथै आफ्नो पार्टीभित्रैबाट झापाको कलवलगुढीमा भएको राष्ट्रिय सम्मेलनमा सर्वमान्य नेता श्री गणेशमान सिंह, पार्टी सभापति श्री कृष्णप्रसाद भट्टराई लगायत अन्य वरिष्ठ नेताहरूबाटसमेत विभिन्न समयमा विरोध हुँदै आएको थियो । यसै क्रममा प्र.म. कोइरालाले मन्त्रीमण्डलका वरिष्ठ सदस्यहरूको निष्काशन, उपनिर्वाचनमा पार्टी सभापति भट्टराई विरुद्धको अन्तर्घात आदि विविध कारणहरूले नेकांभित्र विकसित पार्टीगत अन्तरकलहले गर्दा श्री ५ बाट सरकारको नीति तथा कार्यक्रमबारे संसद्मा बक्सेको शाही सम्बोधनउपर सरकारले प्रस्तुत गरेको धन्यवाद प्रस्ताव नेपाली कांग्रेसका ३६ जना प्रतिनिधिसभाका सदस्यहरूले बहिष्कार गरी असफल पारेपछि प्र.म.कोइरालाले पार्टीभित्रको आन्तरिक कलह मिलाएर अघि बढ्नुको सट्टा श्री ५ समक्ष राजीनामा दिई प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचन घोषणा गर्न सिफारिस गरे ।

सोहीबमोजिम श्री ५ बाट २०५१ आषाढ २८ गते प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनको घोषणा भयो । यस घटनाको राप्रपाले हार्दिक स्वागत गरेको थियो किनकि विगत केही समयदेखि देशमा विद्यमान अन्यौल र अनिश्चितताको निराकरणको लागि नयाँ जनादेश प्राप्त सरकारको गठन हुनु नै उपयुक्त संवैधानिक विकल्प हो भन्ने ठहर गरी राप्रपाले पहिलेदेखि नै मध्यावधि निर्वाचनको माग गर्दै आएको थियो । यसबाट तत्कालीन समयमा देशमा विद्यमान राजनीतिक घटनाक्रमले राप्रपाको मध्यावधि निर्वाचन माग गर्ने निर्णय सही र समसामयिक ठहरिएको थियो । नेकांको आन्तरिक गृहकलहबाट भए पनि राप्रपाको राजनीतिक विजय भएको थियो । प्रतिनिधिसभा विघटन हुनासाथ राप्रपाले विज्ञप्ति प्रकाशन गरी मध्यावधि निर्वाचनको निर्णय पूर्णतया संविधानको भावना र संसदीय परम्परा अनुकूल रहेको बताएको थियो । उक्त विज्ञप्तीमा एक प्रकारको राजनीतिक सङ्कट खडा हुन लागेको अवस्थामा संविधानको अक्षर र भावनालाई नै मूल आधार मानेर श्री ५ बाट जुन निर्णय बक्स्यो, त्यसले एउटा स्वरूप र ऐतिहासिक परम्परा बसालेको छ र दुरगामी महत्त्व राख्ने यस परम्पराले देशमा स्थापित प्रजातन्त्रलाई सुदृढ तुल्याउन थप बल प्रदान गरेको छ भन्ने उल्लेख थियो (राप्रपा के.का., २०५१, पृ. १) । मध्यावधि निर्वाचनको सन्दर्भमा २०५१ श्रावण १ गते प्रधानमन्त्रीज्यूको निमन्त्रणामा राप्रपाका अध्यक्ष श्री सूर्यबहादुर थापा तथा महामन्त्रीहरू रवीन्द्रनाथ शर्मा, पशुपतिशमशेर जबरा र डा.प्रकाशचन्द्र लोहनीले निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्ने सम्बन्धमा पार्टीका तर्फबाट वार्तामा प्रस्तुत पाँच सूत्रीय मागहरू निम्नानुसारका थिए :

(१) मुलुकको विद्यमान परिस्थितिमा एकपक्षीय रूपमा सरकारबाट स्वतन्त्र र स्वच्छ निर्वाचन हुन नसक्ने भएकाले सबै पक्ष समावेश गरिएको मन्त्रीपरिषद् गठन गर्ने,

(२) आमनिर्वाचन सम्पन्न नभएसम्म सरकारी सञ्चार माध्यमहरूको परिचालन सम्बन्धी नीतिको तर्जूमा, त्यसको कार्यान्वयन गर्न अधिकार सम्पन्न सर्वदलीय समिति गठन गर्ने,

(३) निर्वाचन आयोगलाई सशक्त तुल्याउन आवश्यक प्रशासनिक एवं कानुनी आधार तयार गर्ने, निर्वाचन आयोगमा थप आयुक्तहरू नियुक्ति गर्ने तथा आयुक्तहरूलाई निजको पदावधि समाप्त भएपछि अन्य कुनै सरकारी वा राजनीतिक नियुक्ति गर्न नपाइने व्यवस्था गर्ने, निर्वाचन सम्बन्धी कानुनी त्रुटि र कमजोरीहरूलाई निराकरण गर्न ऐन नियममा सुधार गर्ने,

(४) सरकारी साधन र स्रोतको दुरूपयोग पूर्ण रूपमा नियन्त्रण गर्ने । चुनाव सम्पन्न नभएसम्मका लागि विभिन्न तहहरूलाई दिइने सबै प्रकारका अनुदान रकमहरूको निकासा बन्द गर्ने । उपरोक्त कार्यहरूको नियन्त्रण र निगरानी गर्ने तथा सो कार्यको उल्लङ्घन गर्ने पदाधिकारीहरूलाई सजाय गर्न सक्ने अधिकार निर्वाचन आयोगलाई दिने,

(५) चुनावमा खटिएका कर्मचारीहरूलाई पूर्ण रूपमा निर्वाचन आयोगको मातहतमा रहने व्यवस्था गर्ने । चुनाव अवधीभर अन्य कर्मचारीहरूको सरुवा, बढुवा र अन्य परिचालन सम्बन्धमा उपयुक्त व्यवस्था गर्न एक उच्चस्तरीय समिति गठन गर्ने,

यस्तै पार्टी अध्यक्ष सूर्यबहादुर थापाको अध्यक्षतामा २०५१ श्रावण ८-१० सम्म काठमाडौँमा बसेको राप्रपा केन्द्रीय कार्य समितिको बैठकले समीक्षा गरी पारित राजनीतिक प्रस्तावमा यस्तो भनिएको थियो । मुलुकमा व्याप्त अन्यौल र अनिश्चितताको निराकरणको निमित्त नयाँ जनादेश प्राप्त सरकारको गठननै उपयुक्त संवैधानिक उपाय हो भन्ने ठहर गरी विगत डेढ बर्षदेखि मध्यावधि चुनावको माग गर्दै आएको राप्रपाको निमित्त यो घोषणा स्वभावतः ठूलो राजनीतिक विजय थियो । यसै क्रममा चुनाव स्वच्छ र निष्पक्ष रूपमा सम्पन्न गर्न राप्रपाले सर्वपक्षीय सरकार गठनको साथै माथि उल्लेखित विभिन्न पाँच सूत्रीय माग राखेको थियो । प्रधानमन्त्रीसँगको औपचारिक वार्तामा राप्रपाले ती मागहरू कार्यान्वयनका लागि दलगत स्वार्थको पूर्वाग्रहभन्दा माथि उठेर ठोस कदम चाल्न प्रधानमन्त्रीलाई आग्रह गरेको थियो तर केवल वक्तव्य दिएर औपचारिकता निर्वाह गर्नेबाहेक प्रधानमन्त्रीले कुनै सकरात्मक अग्रसरता देखाउन सकेका थिएनन् । सरकारको काम कारबाहीको स्थिति अझै धमिलिँदै गएको थियो । निर्वाचनको मिति घोषणा भइसकेपछि पनि चुनाव क्षेत्र हेरफेर गर्न आयोग गठन हुनुले सरकारको दुराशयलाई थप पुष्टि गरेको थियो । स्वच्छ र निष्पक्ष चुनाव हुन सक्थ्यो भन्ने कुरामा विश्वास गर्ने आधार समाप्त भइसकेको थियो । उक्त राजनीतिक प्रस्तावमा एकातिर सरकारले स्वच्छ र निष्पक्ष निर्वाचन गराउनेतर्फ जनतालाई आश्वस्त तुल्याउन सकेको थिएन भने अर्कोतर्फ मिति घोषणा भइसकेको चुनावलाई उपेक्षा गरेर सार्वभौम जनताले पाएको निर्णय गर्ने अधिकारलाई नै उल्टाउने तथा अपहरण गर्ने जस्ता अवैधानिक, जनविरोधी एवं प्रतिगामी प्रवृत्तिलाई बढावा दिन खोजिएको

छ भनिएको थियो । प्रतिनिधिसभाको विघटन र त्यसपछिका घटनाक्रमका बारेमा राप्रपाले संविधानसम्मत प्रस्ट धारणा जनतासमक्ष राखिसकेको थियो तर विडम्वना अक्षर र भावना माथि आक्रमण गर्न उद्दत रहेका थिए ।

शक्तिको प्रदर्शनद्वारा आफ्नो अनुकुल संविधानको परिभाषा खोज्ने प्रयास भइरहेको थियो । झन् त्यसमाथि सत्तारुढ दल र विशेषगरी प्रधानमन्त्रीको काम कारबाही र व्यवहारबाट देशमा गहिरो विश्वासको सङ्कट सिर्जना भएको थियो । यस्तो राजनैतिक र संवैधानिक सङ्कटबाट राष्ट्रलाई मुक्ति दिलाउने उपाय संविधानको परिधिभित्रै र परस्पर समझदारीको आधारमा खोजिनु पर्दछ भन्ने राप्रपाको दृढ धारणा रहेको थियो (राप्रपा के.का., २०५१) । तसर्थ तत्कालीन परिस्थितिमा राप्रपाले देहायको कदमप्रति राष्ट्रको ध्यान आकर्षित गरेको थियो । प्रजातान्त्रिक व्यवस्थामा जनतालाई नै निर्णय गर्ने अधिकार दिइनुपर्छ । यस प्रयोजनको लागि तोकिएको मितिमा आमचुनाव स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्न सबै पक्षबाट प्रतिबद्वता जारी हुनुपर्छ । बारम्बार उठिरहने विभिन्न संवैधानिक विषयहरूमा सर्वोच्च अदालतद्वारा आधिकारिक व्यवस्था गराइनुपर्छ । सर्वपक्षीय सरकारको गठनको साथै निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्नेबारे राष्ट्रिय सहमति कायम गर्न सर्वदलीय राउन्ड टेवल बैठकको आयोजना गरिनुपर्छ । पञ्चायती व्यवस्थाको अन्त्यपछि नेपालको राजनीतिमा द्वयाधिकार कायम गरेको नेकां र एमालेको जनविरोधी र आत्मकेन्द्रित गतिविधिले जनताको प्रजातान्त्रिक शासन व्यवस्था अन्तर्गत् उच्च जीवनस्तर बिताउने अपेक्षाले गठन गरेको प्रतिनिधिसभाको कार्यविधि पूरा नहुँदै चुनाव हुन पुग्यो । सरकार सञ्चालन हुँदा पनि प्रमुख प्रतिपक्षी दलको निरन्तरको विरोध र टकरावको राजनीतिले नै प्रधानता पाइराख्यो ।

राप्रपालाई प्रतिगामी र पुनरुत्थानवादी भनी यसले उठाएका राष्ट्रिय हक, हित र जनकल्याणका सवालमा कांग्रेस-एमाले सदैव बक्रदृष्टि राख्दथे । एकातिर सक्षम, सुदृढ र कार्यान्मुख सरकार नहुनु र प्रमुख प्रतिपक्ष पनि गैरजिम्मेवार र असहिष्णु हुनाले नयाँ जनादेशबाट राजनीतिक वातावरण परिवर्तन गर्न राप्रपाले मध्यावधि निर्वाचनको माग गरेको थियो । कर्मचारी हड्ताल, टनकपुर सन्धी, दासढुङ्गा काण्डको नाममा एमालेले सडक र सदनमा धर्ना, बन्द, जुलुस आदि अनेक झपडको स्थिति ल्यायो । बरु संसद्मा थोरै सिट भए पनि जिम्मेवारी विपक्षी दलको भूमिका राप्रपाले निर्वाह गरेको थियो । प्रतिनिधिसभाको मध्यावधि निर्वाचन, २०५१ मा राप्रपा २० स्थानमा विजयी भएको थियो । प्रतिनिधिसभाको यस मध्यावधि निर्वाचनमा राप्रपाका १० जना केन्द्रीय नेताहरू २/२ वटा निर्वाचन क्षेत्रमा उम्मेदबार भएका थिए । २०४८ सालको संसदीय निर्वाचनमा नेपाली कांग्रेस र एमालेले क्रमशः ३७.७५ प्रतिशत र २७.९८ प्रतिशत मतबाट ५३.६६ प्रतिशत र ३३.६६ प्रतिशत सिट हासिल गरेका थिए । राप्रपाले भने ११.९४ प्रतिशत मतबाट मात्र १.९५ सिटमा विजयी भएको थियो । यही परिणति २०५१ को मध्यावधि चुनावमा समेत दोहोरिएको थियो । सिट सङ्ख्यामा ५ गुना वृद्धि भए तापनि यस निर्वाचनमा राप्रपाले १७.९३ मत प्रतिशतबाट ६.७६ प्रतिशत सिटमा चित्त बुझाउनु परेको थियो । तत्कालीन अवस्थामा यस स्थितिबाट मुक्ति पाउन समानुपातिक निर्वाचन

प्रणाली अपनाउनुपर्ने स्थिति देखिन्थ्यो । (**परिशिष्ट-१०**) । २०५१ को मध्यावधि निर्वाचनमा पनि ३ वटा निर्वाचन क्षेत्रमा राप्रपा आधिकारिक उम्मेदवारविहीन हुन पुग्यो । जिल्लागत मत हेर्दा बैतडी, धनकुटा, सिन्धुपाल्चोक, बाँके, महोत्तरी र रसुवासमेत गरी ६ जिल्लामा राप्रपाले सबैभन्दा बढी मत हासिल गरेको थियो । प्रथम स्थानमा २० उम्मेदवारहरू आउन सके भने दोस्रो र तेस्रो स्थानमा क्रमशः ३४ र १११ उम्मेदवारहरू यस निर्वाचनमा आउन सक्नु निर्वाचनको ठूलो सफलता मान्नुपर्दछ । यस हिसाबबाट राप्रपाको लागि मध्यावधि निर्वाचन, २०५१ उपलब्धीमूलक रह्यो ।

प्रयाप्त तयारीका साथ निर्वाचनमा जुटेको भए, केन्द्रीय नेताहरू उम्मेदवार नवनी अन्य उम्मेदवारको लागि साधन जुटाउन र प्रचार प्रसारमा जुट्न सकेको भए निश्चय नै अन्य कमीकमजोरी हट्न गई अन्य थुप्रै उम्मेदवारहरू विजयी हुन सक्दथे । मध्यावधि निर्वाचन २०५१ को प्रमुख उपलब्धी के मान्नुपर्छ भने राप्रपाका पार्टी नेता लोकेन्द्रबहादुर चन्दले दुई वटा निर्वाचन क्षेत्रबाट विजयी भएका थिए भने पार्टी अध्यक्ष सूर्यबहादुर थापा, उपाध्यक्ष पद्मसुन्दर लावती, महामन्त्रीद्वय पशुपतिशमशेर जबरा र डा.प्रकाशचन्द्र लोहनी र प्रवक्ता कमल थापा एक/एक निर्वाचन क्षेत्रबाट निर्वाचित भएका थिए र अर्का निर्वाचन क्षेत्रहरूमा पनि उनीहरू निकटतम प्रतिद्वन्दीको स्थिति कायम गर्न सफल भएका थिए । सहअध्यक्ष राजेश्वर देवकोटा, उपाध्यक्ष द्वय जोगमेहर श्रेष्ठ र परशुनारायण चौधरी, महामन्त्री रवीन्द्रनाथ शर्मा, कोषाध्यक्ष डा. यादवप्रसाद पन्त र प्रवक्ता नारायणदत्त भट्टले दोस्रो स्थानमै चित्त वुझाउनु परेको थियो । झिनो मत अन्तरमा पराजित उपरोक्त वरिष्ठ नेताहरूलाई यस निर्वाचनमा जिताउन सकेको भए प्रतिनिधिसभामा राप्रपाको भूमिका गहकिलो हुनाका साथै राष्ट्रियसभाको निर्वाचन विवादरहित रहन सक्दथ्यो (खनिया, २०६३) । प्रजातन्त्र पुनर्स्थापनापश्चात् दोस्रो आमचुनावको परिणाम त्रिशङ्कु संसद् बन्न पुग्यो । यस निर्वाचनले प्रमुख प्रतिपक्षदल एमालेलाई सत्तासीन बनायो भने ११३ सिट भएको कांग्रेस दुई तिहाइ बहुमतको माग गर्दा ८३ सिटमा सीमित हुन पुग्यो । साँढे ३ बर्षपछि नै अधिकांश निर्वाचन क्षेत्रहरूमा राप्रपा पनि त्रिपक्षीय प्रतिस्पर्धामा सामेल हुन पुग्यो । यसै निर्वाचनले राप्रपालाई प्रतिगामी र पुनरुत्थानवादी भनि राजनीतिक रूपमा कांग्रेस एमालेले अछुतो मान्दै आएकोमा तत्कालीन संसद्मा निर्णायक राजनैतिक शक्ति बन्न पुग्यो ।

नेपालको राजनीतिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सिटसङ्ख्या हासिल भएकोले ठूलो सांसद् सङ्ख्या नभए पनि राप्रपाबिना स्थायी सरकार गठन गर्न कांग्रेस एमाले दुवैलाई अर्को विकल्प उपलब्ध थिएन । जसले गर्दा राप्रपाले कांग्रेस र एमालेको समर्थनमा आफ्नै नेतृत्वमा संयुक्त सरकार बनाउन सफल भएको थियो भने शेरबहादुर देउवाको संयुक्त सरकारमा पनि महत्त्वपूर्ण हिस्सा ओगट्नसमेत पुगेको थियो । नेपाली कांग्रेसभन्दा कूल मत कम ल्याएर पनि एमाले कांग्रेसभन्दा बढी सिटमा विजयी भएको थियो । संसद्मा उपस्थित अन्य दुई दल नेसपा र नेमकिपा पनि सत्ता समीकरणको लागि उत्तिकै महत्त्वपूर्ण स्थान ओगटेका थिए । नेमकिपा र नेसपाले सिट सङ्ख्याको हिसाबले २०४८ को निर्वाचनमा भन्दा यस पटकको निर्वाचनमा नेसपाको आधार सिट घट्यो भने नेमकिपाले आफ्नो सांसद सङ्ख्या दोब्बर बढाए पनि राष्ट्रिय पार्टीको

हैसियत कायम गर्न नसक्दा एक सांसद् विनोदकुमार शाहलाई एमालेले तान्यो । नेमकिपाकै अर्का सांसद भक्तबहादुर रोकाय नेपाली कांग्रेसमा प्रवेश गरे । परी थापा र नवराज सुवेदी स्वतन्त्र उम्मेदवारका रूपमा विजयी भएका थिए ।

राप्रपाका विद्रोही उम्मेदवार ज्योतेन्द्रमोहन चौधरी र नेपाली कांग्रेसका विद्रोही उम्मेदवारहरू पाल्टेन गुरुङ, मोतिप्रसाद पहाडी, नरेशबहादुर सिंह, शरदसिंह भण्डारी विजयी भएपछि त्रिशङ्कु संसद्को कारण नेपाली कांग्रेसले विना हिचकिचाहट भित्र्याएको थियो । आफू आँउदो सरकारको नेतृत्व गर्ने घोषणाका साथ "आगामी सरकार एमालेको देशभक्त र प्रजातन्त्रवादीको" भन्ने नाराले कांग्रेससँग असन्तुष्ट सहरी क्षेत्रकोमत आफूतर्फ आकर्षण गर्न एमाले सफल भयो । शिक्षित समुदाय र विभिन्न पेसागत क्षेत्रको समर्थन नेपाली कांग्रेसउपर कायम नै रह्यो तर राप्रपा भने कुनै निश्चित भोट बैंक सुनिश्चित गर्न नसके पनि मतसङ्ख्या वृद्धि भएकोले समाजका उच्च मध्यम वर्गीय क्षेत्रीहरू, तराईवासी र जनजातिको मत केही मात्रामा तान्न सफल भयो । २०५१ सालको मध्यावधि निर्वाचनमा कांग्रेसले एमालेको प्रभाव क्षेत्र मेची अञ्चल र पूर्वी पहाडमा आफ्नो प्रतिनिधित्व बढाउन सफल भयो भने एमालेले नेकांको गढ मानिएको सुदुरपश्चिममा अधिक सिट हत्याउन सफल भयो । राप्रपाले राष्ट्रव्यापी रूपमा सबै विकास क्षेत्रमा आफ्नो प्रतिनिधित्व गराउन सके पनि अञ्चलगत रूपमा हेर्दा भने सेती, कर्णाली, धवलागिरि, गण्डकी र सगरमाथामा एक सिट पनि हासिल गर्न सकेन । त्यसो त मत सङ्ख्याको अनुपातमा राप्रपाले सिट सङ्ख्या ल्याउन कुनै पनि विकास क्षेत्र, अञ्चल, जिल्लामा सकेन । बाँके र बैतडीका सबै निर्वाचनमा मात्र पूरै सिट आफ्नो कब्जामा राख्न सफल भएको थियो । विकास क्षेत्रको आधारमा राप्रपाको निर्वाचन परिणामलाई समीक्षा गर्दा कुल सदस्य सङ्ख्याको ५०% अर्थात् १० सिट मध्यमाञ्चल विकास क्षेत्रमा नै हासिल गरेको थियो ।

लोकप्रिय मतको आधारमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा राप्रपा पनि एमालेकै हाराहारीमा पुग्न सकेको थियो । बाग्मतीजस्तो महत्त्वपूर्ण अञ्चलमा राप्रपाले नेकांभन्दा बढी सिट ल्याउन सफल भएको थियो । राप्रपाले १६ जिल्ला र २२ सिट भएको हिमाली क्षेत्रमा ३ सिट, ३९ जिल्ला र ९५ सिट भएको पहाडी क्षेत्रमा ८ सिट र बाँकी २० जिल्ला र ८८ निर्वाचन भएको तराईमा सबैभन्दा अधिक ९ जना प्रतिनिधिसभा सदस्य निर्वाचित गराउन सफल भएको थियो । ६५ दलले निर्वाचनमा भाग लिएकोमा जम्मा ५ दलले मात्र संसद्मा प्रतिनिधित्व गर्न पाएका थिए । मतदानको दिनमा भएको झडप, हिंसा र बुथ लुट्ने कार्यले गर्दा २५ जिल्लाका ६ मतदान केन्द्रमा पुनः मतदान भएको थियो । यसमा सबैभन्दा बढी रौतहट, धनुषा, महोत्तरी र सप्तरी जिल्लामा थिए । २०५१ को मध्यावधि चुनावमा राप्रपालाई प्राप्त गर्नुसिवाय गुमाउनु केही हुँदैन भन्ने अपेक्षा हुँदाहुँदै पनि राप्रपा (थापा) बाट २०४८ को आमनिर्वाचनमा निर्वाचित एक मात्र सांसद अकबरबहादुर सिंह पार्टी नेतृत्वसँग असन्तुष्ट रहनुभयो र दार्चुला जिल्लामा सिट सङ्ख्या २ बाट घटेर १ मा पुग्दा आधिकारिक टिकट नपाई स्वतन्त्र उठ्दा पराजित हुन पुगे । राप्रपाका विरुद्ध अनर्गल प्रचारप्रसार भए तापनि २०५१ को मध्यावधि चुनावमा राप्रपाले राम्रो अवसर प्राप्त गर्न सफल भएको थियो । यसरी राप्रपाले २०५१

को मध्यावधि चुनावमा सक्रिय रूपमा भाग लिएर संसदीय र प्रजातान्त्रिक चरित्र प्रदर्शन गरेको थियो । वि.सं. २०५१ को मध्यावधि चुनावपछि राप्रपाले संसद्मा तेस्रो स्थानमा विजय प्राप्त गरेको थियो । जसका कारण राप्रपा तत्कालीन शासन व्यवस्थाको चाबीको रूपमा रहेको थियो ।

राप्रपाले नेपाली कांग्रेस वा नेकपा एमाले जसलाई समर्थन गर्‍यो त्यसैको सरकार बन्ने अवस्था रहन्थ्यो । बहुदलीय प्रजातन्त्र प्राप्तिको करिव पाँच वर्ष नबित्दै नेपालको राजनीतिमा पूर्वपञ्चहरूको समर्थनवेगर सरकार निर्माण गर्न कठिन थियो । राप्रपाको सहयोग नलिई सरकार गठन गर्न नसकिने असहज अवस्थालाई बुझेर राप्रपाभित्र रहेका केही नेताहरूले सरकारमा गएर हामीले प्रतिगामी, निरङ्कुश साथै पञ्चेवाला छवीलाई परिवर्तन गरी राप्रपा पनि एक वैकल्पिक पार्टी हो भन्ने विश्वास जनतामा जगाउनुपर्दछ भनी पर्शुनारायण चौधरी, रवीन्द्रनाथ शर्मा, ठाकुरसिंह थारु लगायतका नेताहरूले पार्टीमा बलियो ढङ्गबाट कुरा राख्न थाले । राप्रपाका दुवै संस्थापक अध्यक्षहरू सूर्यवहादुर थापा र लोकेन्द्रबहादुर चन्दले प्रतिनिधिसभामा चुनाव जिती आफूलगायत २० सिट राप्रपालाई विजयी गराएका थिए । पहिला पञ्चायतमै पटकपटक प्रधानमन्त्री भइसकेका नेताहरू आफू र आफ्नो नेतृत्वमा सरकार निर्माण हुने भए सरकारमा जाने नत्र नजाने मानसिकतामा रहेका नेताद्वय पार्टीभित्रको कुरा सुनेर गम्भीर परिस्थितिको आँकलन गर्दै बसिरहेका थिए । नेता चन्दलाई वामदेव गौतमले प्रधानमन्त्री बनाउने प्रस्ताव लिएर आए । नेकपा एमालेको सहयोगमा प्रधानमन्त्री बनाउने प्रस्ताव आयो तर सूर्यबहादुर थापा लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाउने पक्षमा थिएनन् । उनी आफू प्रधानमन्त्री भए ठिक नत्र लोकेन्द्रलाई बन्न नदिने अवस्थामा थिए ।

सूर्यबहादुर थापाको भित्री चाहना नेता लोकेन्द्रबहादुर चन्द, दीपक बोहराहरूले वुझे । सो कुरा बुझेपछि वामदेवसँग साँठगाँठ गरी नेता बोहराले यदि सूर्यबहादुर थापाले लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बन्न नदिने हो भने राप्रपा संसदीय दलमा र पार्टी केन्द्रीय समितिमा ४० प्रतिशत पुर्‍याएर भए पनि नेता चन्दलाई प्रधानमन्त्री बनाई छाड्ने खेल प्रारम्भ भयो । वामदेव गौतमले राप्रपाका केन्द्रीय सदस्यहरूलाई प्रभावमा पार्नको लागि पैसाको वन्दोवस्त मिलाएका थिए । तत्कालीन समयमा शेरबहादुर देउवाको सरकार थियो । शेरबहादुर देउवाविरुद्ध अविश्वासको प्रस्ताव ल्याउनलाई राप्रपा केन्द्रीय समितिले सरकारबाट फिर्ता बोलाउनु पर्ने र शेरबहादुर देउवाको सरकार ढाल्नुपर्ने सर्तमा एमालेका नेता वामदेव गौतमले राप्रपाका नेता दीपक बोहरासँगको सल्लाहबमोजिम डोल्पाका नेता नरबहादुर बुढालाई रु. ५० लाख दिएर राप्रपाका केन्द्रीय सदस्यहरू रामचन्द्र राय (सर्लाही), रेणुकुमारी यादव (सप्तरी), ठाकुरसिंह थारु (बाँके), रामलोचन महतो (सिराहा), र भगवानदास गुप्ता (कपिलबस्तु) लाई रु १०/१० लाख पठाएका थिए (रामचन्द्र रायसंगको कुराकानीमा आधारित) । नरबहादुर बुढाले रामचन्द्र रायको घरमा त्यो पैसा लिएर आएका थिए । पछि रामचन्द्र राय, ठाकुरसिंह थारु लगायतका नेताहरूले सो पैसा राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाको निजी निवास मालिगाउँमा लगेर थापालाई बुझाई आफ्नो इमान्दारिता प्रस्तुत गरेका थिए । यो कुरा सबै केन्द्रीय सदस्यहरूले थाहा पाएपछि नेता थापालाई आर्थिक व्यवस्थापन गर्न गाह्रो भएको थियो (ऐजन) । ५० लाख

ल्याएर दिने सबै पाँच नेताहरूलाई थापाले सो पैसा बाँडेर लानलाई छुट दिए र इमान्दारिताको तारिफ गरे । अध्यक्ष थापालाई अन्य केन्द्रीय सदस्यहरूलाई पनि आर्थिक सहयोग गर्नुपर्ने बाध्यता बनेको थियो । हामीलाई पनि चाहिन्छ भन्नेहरूलाई थापाले आफ्नो बुताबाट सहयोग गर्नुपरेको थियो ।

नेता पर्शुनारायण चौधरीलाई थापाले रु. ५ लाख सहयोग गरेका थिए । नेता चौधरीले पाँच लाखमा रु. ५ हजार कम थियो भनेर आपत्ति जनाएपछि थापाले चौधरीलाई रु. ५ हजार फेरि थप गरिदिएका थिए । पछि शेरबहादुर देउवाको सरकार आफ्नै सांसद्हरूका कारण ढल्न गयो भने राप्रपाले लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा पठाउने निर्णय गर्‍यो । यही बिचमा राप्रपालाई आर्थिक चलखेलदेखि पार्टी विभाजनमा प्रत्यक्ष प्रभाव पार्ने घटनाहरूमा सामेल भएको र नेतृत्वलाई असहयोग गरेको कारण अध्यक्ष सूर्यबहादुर थापाले ६ जनालाई केन्द्रीय सदस्य पदबाट निष्कासन गरेका थिए । जसमा पर्शुनारायण चौधरी (दाङ), आङ्छिरिङ लामा (रामेछाप), रामकृष्ण आचार्य (रसुवा), ठाकुरसिंह थारु (बाँके), रामलोचन महतो (सिराहा), र नरेन्द्र खनाल (झापा) रहेका थिए । लोकेन्द्रबहादुर चन्द राप्रपाको तर्फबाट प्रजातन्त्र प्राप्तिपछि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को (१) बमोजिम २०५३ फाल्गुण २७ गते प्रधानमन्त्री भए । शेरबहादुर देउवाको सरकार जसरी पनि ढाल्ने योजनाका साथ नेकपा एमाले लागेको थियो । उता देउवा प्रधानमन्त्री टिकाउनका लागि धमाधम मन्त्रीहरू सरकारमा थपिरहेका थिए । राप्रपाबाट सरकारमा रहेका मन्त्रीहरूले सरकारलाई अविश्वासको प्रस्तावमा समर्थन गर्नको लागि २०५३ मंसिर २१ गते राप्रपाका पद्मसुन्दर लावती, कमल थापा, सर्वेन्द्रनाथ शुक्ला, रामकृष्ण आचार्यले सरकारको मन्त्री पदबाट राजीनामा दिएका थिए । यति हुँदा पनि सरकारको अविश्वासको प्रस्ताव विफल भएको थियो तर सरकारले विश्वासको मत लिन भएको मतदानमा स्वयं कांग्रेसका २ जना सांसद्को अन्तर्घातले शेरबहादुर देउवाले श्री ५ समक्ष राजीनामा पेस गर्नुपरेको थियो (खनिया, २०५९) ।

## राप्रपाको चुनाव घोषणपत्र, २०५१

उदार आर्थिक नीति अवलम्बन गरेपछि आर्थिक स्थिरता र प्रतिस्पर्धात्मक वातावरणलाई कायम राख्ने बेलाबखत राज्यको हस्तक्षेप, नियन्त्रण र निर्देशन आवश्यक हुन आउँछ भन्ने राप्रपाको धारणा रहेको थियो । त्यस्तो हस्तक्षेप र नियन्त्रण पनि सकभर प्रशासकीय भन्दा नीतिगत रूपमा हुनु उचित देखिन्छ । स्वार्थवस खास तत्त्वहरूलाई पोस्ने किसिमको निजीकरणको राप्रपा घोर भर्त्सना गर्दछ भन्ने समेत घोषणा पत्रमा उल्लेख थियो । निजीकरण गर्न औचित्य देखिएका संस्थानहरूको मूल्याङ्कन गरी पारदर्शी रूपमा बढीसे बढी सर्वसाधारण जनतालाई स्वामित्व दिलाई सहभागी बनाउन खुल्ला बजार प्रक्रियाबाट त्यस्ता संस्थानको शेयर विक्री गरी त्यसबाट प्राप्त हुने रकम आन्तरिक ऋणमोचन गर्नका निमित्त प्रयोग गरिनेछ । नेपाल भारत बिचको मौजुदा व्यापार सन्धिउपर पुनरावलोकन हुनु दुवै देशको हितमा वाञ्छनीय हुनेछ । आधुनिक आर्थिक क्षेत्रमा राज्यको भूमिका घटाएर अविकसित ग्रामीण क्षेत्रको सुधार र पुनर्निर्माणको निम्ति राज्यको अहम् भूमिका रहनेछ । आम जनताको दैनिक जीवनस्तरमा प्रत्यक्ष र गुणात्मक सुधार ल्याउन

सामाजिक सेवाका क्षेत्रमा बढी विनियोजन गर्नुपर्छ र खेर गइरहेको अपार श्रमशक्तिलाई उत्पादनशील रोजगारीको व्यवस्थामा राप्रपाले ठूलो महत्त्व दिएको छ । कृषि विकास नै आर्थिक विकासको आधार भएकोले सिञ्चाइ सुविधा, स्थानीय श्रम र सिपको उपयोग हुने उपयुक्त प्रविधि, उन्नत मल, वीउ, कीटनाशक औषधी, कृषि औजारका साथै ऋण सुविधा ठिक समय र सहुलियतका साथ किसानको घरदैलोमा पुऱ्याउने कामलाई राप्रपाले प्राथमिकता दिनेछ भन्ने उल्लेख थियो ।

विद्युत विकासको निमित्त सानो र मझौला खालका चाँडो उत्पादन हुन सक्ने जलविद्युत आयोजनाहरू सरकारी र निजी क्षेत्रबाट व्यापकस्तरमा सञ्चालन गर्ने कार्यक्रमलाई पार्टीले अत्यधिक महत्त्व दिएको छ । लोडसेडिङ जस्तो अन्यौलको स्थितिलाई तीन वर्षभित्रै समाप्त पार्ने राप्रपाको अठोट रहेको छ । ग्रामीण विद्युतीकरणमा विशेष जोड दिइनेछ । निरपेक्ष गरिबी हटाउन कृषक परिवारलाई जीवन यापन गर्न चाहिने न्यूनतम जग्गा जुटाइदिनु भूमिसुधारको लक्ष्य र उद्देश्य हुनेछ भन्ने कुरासमेत राप्रपाको त्यस चुनावी घोषणापत्रमा उल्लेख थियो । ग्रामीण अर्थतन्त्रको पुनर्निर्माणको अर्को आधार विकेन्द्रीकरण हो । महङ्गी र जनसङ्ख्या नियन्त्रणमा प्रभावकारी कदम चालिनेछ । अधिराज्यका विभिन्न क्षेत्रमा सहरीकरणको प्रक्रियालाई क्षेत्रीय विकास र सन्तुलित नीतिको रूपमा अगाडि बढाउन राप्रपा कटिबद्ध छ । कुनै पनि निश्चित समयलाई आधारमानी सरल तरिकामा नागरिकता प्रमाणपत्र वितरण गरिने छ । शिक्षा, स्वास्थ्य, सञ्चार, पर्यटन, पर्यावरण, वन र वन्यजन्तु संरक्षण, यातायात, पिउने पानीसम्बन्धी कार्यक्रम र मूल्यवृद्धि, असुरक्षा, भ्रष्टाचार र बेरोजगारीको अन्त्यको साथै महिला, युवक, मजदुर, बालक, भू.पु. राष्ट्रसेवक दुर्गम क्षेत्रका वासिन्दा, सुकुम्बासी, जनजाति, पिछडिएका वर्ग, दलित र मधेसीका समस्या समाधानको लागि छुट्टाछुट्टै कार्यक्रमको विवरणसमेत चुनाव घोषणापत्रमा उल्लेख थियो ।

### ग. प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६ र राप्रपा

२०५१ को मध्यावधि निर्वाचनपश्चात् देशमा गठित कुनै पनि सरकारले स्थायित्व प्राप्त गर्न नसकेको कारण साढे ४ वर्षे कार्यकाल पूरा गरेपछि प्रतिनिधिसभा विघटन गरी २०५६ वैशाख २० र जेठ ५ गते दुई चरणमा प्रतिनिधिसभा सदस्यको लागि तेस्रो पटक निर्वाचन सम्पन्न भएको थियो । संसद्को आठौँ देखि पन्ध्रौँ नियमित अधिवेशन समेत आह्वान भएका थिए । तेस्रो प्रतिनिधिसभाको कार्यकालमा एक चौथाइ सांसद्ले विशेष अधिवेशन श्री ५ समक्ष निवेदन दिन पाउने संवैधानिक प्रावधानले गर्दा एक वर्षमा दुईवटा नियमित अधिवेशनको अतिरिक्त औषतमा वार्षिक २ वटा नै अधिवेशन पनि बोलाइएका थिए । यी अधिवेशन देश र जनताको ज्वलन्त समस्याहरूको समाधान खोज्नको लागि नभई, भइरहेको सरकार गिराउने र नयाँ सरकारको निर्माण गर्ने सोचाइले बोलाइएका थिए । नेपाली कांग्रेसको बहुमत रहँदा त बर्षको एक पटक सरकारको नेतृत्व वा प्रधानमन्त्री फेरिएको पाइन्छ भने त्रिशङ्कु संसद्मा सरकारको फेरबदल हुनुलाई कुनै अस्वभाविक घटना मान्न सकिन्नथ्यो । साना पार्टी र स्वतन्त्र सांसदहरू प्रायः कुनै पनि सरकारबाट बाहिर रहनु नै परेन (खनिया, २०६३) । यसबिच (२०५१ देखि २०५६) मा गठन भएका विभिन्न सरकारमा

उनीहरूका सहभागिताले स्पष्ट पार्दछ । (**परिशिष्ट - ११**) । उपरोक्त पृष्ठभूमिमा हुन गएको २०५६ को आम निर्वाचन स्थिर सरकारको अपेक्षामा केन्द्रित थियो ।

सरकार गठन र विघटनका क्रममा पार्टीभित्र उत्पन्न विवाद, सरकारले गरेको विभिन्न कार्यहरूको सवालमा भएका गतिरोधका कारण नेकपा (एमाले) र राप्रपा दुवै एकीकृत पार्टीहरू आफ्नो पुरानो नाम लिई नेकपा (माले) र राप्रपा (चन्द) को रूपमा समेत टुक्रिन पुगे तर नेपाली कांग्रेसले भने पार्टीभित्र उत्पन्न, घात, प्रतिघात र अन्तर्घातका सबै तिक्ततालाई पचाउन सक्नाले जनताका बिच लोकप्रिय नहुँदा नहुँदै पनि अविभाजित र निर्वाचन गराउने सरकारको प्रधानमन्त्री, गृहमन्त्री र सरकारमा बहुमत मन्त्रीहरू रहेको कारण धाँधली नै गरेर भए पनि पुनः प्रतिनिधिसभा सदस्य निर्वाचनमा बहुमत हासिल गर्न सक्यो । २०५६ को आम निर्वाचनमा नेपालका आदिवासी जनजाति समूहबाट उम्मेदवार बनेका प्रतिनिधि सदस्य उम्मेदवारहरूमध्ये सबैभन्दा बढी प्रतिशत (३२.८%) उम्मेदवार बनाउने पार्टी नै राप्रपा थियो (खनिया, २०६३, पृ. ४९) । यसबाट राप्रपा समावेशी सिद्धान्तमा विश्वास राख्ने राजनीतिक पार्टी हो भन्न सकिन्छ । बहुमतको सरकारको माग गर्ने दुई पार्टीहरूमध्ये निर्वाचन सरकारमा संलग्न पार्टीहरू नेकां र एमाले नै २०४८ सालको निर्वाचन परिणामकै सरह पूर्ण बहुमत प्राप्त पार्टी र प्रमुख प्रतिपक्षी पार्टी बन्न पुगे तर २०५ निर्वाचन क्षेत्रका विजयी र निकटम प्रतिद्वन्दीको सङ्ख्या हेर्दा हरेक पछिल्लो आमचुनावमा यस्ता दुई प्रमुख उम्मेदवारहरूको सङ्ख्या क्रमिक रूपमा नेकां र एमालेकै उम्मेदवारहरू २०४८ मा १२३, २०५१ मा १४० र २०५६ मा १४६ निर्वाचन क्षेत्रहरूमा देखिए । यसबाट सामान्य रूपमा नेपाल दुईदलीय पद्धतितर्फ उन्मुख हुन लागेको जस्तो देखिए तापनि २०४८ को निर्वाचनभन्दा २०५१ को निर्वाचनमा तेस्रो ठूलो दलको रूपमा राप्रपाले लोकप्रिय मतको आधारमा त्रिपक्षीय प्रतिस्पर्धाको स्थिति ल्याएको थियो ।

सांसद सङ्ख्याको पनि पाँच गुणाले बढोत्तरी गरी संसद्मा निर्णायक स्थान ल्याएको थियो । संयुक्त सरकारमा राप्रपा कांग्रेस र एमालेभन्दा पनि बढी हावी हुँदै गएको हुनाले राप्रपाभित्र पहिलेदेखि नै विद्यमान दुई समूहलाई विभिन्न पदीय र अन्य प्रलोभनमा पारी उनीहरूबिच फाटो बढाई अन्ततोगत्वा विभिन्न शक्तिको खेलमा राप्रपालाई विभाजनको स्थितिसम्म पुऱ्यायो । संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सदस्य सङ्ख्यामा नेकां, एमाले र नेसपाले निर्वाचन सरकारमा बसी गरेको धाँधलीको परिणाम हो भन्ने कुरा उक्त निर्वाचन सरकारमा बसेको एमाले नै स्वीकार गरी यसको मुख्य दोष नेकांलाई लगाएको थियो । राजमो र संजमोले क्रमशः ५ र १ स्थानका विजय हासिल गर्नु पनि आफ्नो पार्टीको बलबुतामा नभई बामपन्थीहरूको चुनावी गठबन्धनको फल हो । निर्वाचन सरकारमा नरहेर पनि पार्टी विभाजित भएको स्थितिमा समेत संसद्मा रहेको आफ्नो सिट सङ्ख्या यथावत् सुरक्षित राख्न राप्रपा सफल भएको थियो । राप्रपा विभाजित भएपछि २०५६ को आमचुनावमा राप्रपाको अस्तित्व समाप्त पार्न नेकां-एमालेको गठवन्धन र धाँधली पनि निष्प्रभावी रह्यो र संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका आदि केही पश्चिमी मुलुकका सयौँ वर्षको प्रजातान्त्रिक एवं संसदीय अभ्यासको क्रममा विकसित परिस्थितिको परिणाम स्वरूप मात्र

दुईदलीय स्थितिमा आइपुगेका हुन् तर नेपालजस्तो भर्खर एक दशकको संसदीय प्रजातन्त्रको अभ्यास, त्यसमा पनि हरेक निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपले सम्पन्न हुन नसकी स्वच्छ प्रतिस्पर्धा हुन नसकेको ३ वटा निर्वाचन प्रणालीलाई आधार मानी उपर्युक्त निष्कर्ष निकाल्नुलाई पनि राजनीतिक पूर्वाग्रह कसरी नमान्ने ? बहुजाति धर्म, भाषा, संस्कृति, भौगलिक क्षेत्र आदि भएको नेपालका आधा शताब्दीको बहुदलीय राजनीतिक इतिहास भारतमा समेत दलीय व्यवस्था सार्थक हुन नसकेको द्विदलीय व्यवस्था हरेक किसिमका जालझेल गरेर लुटेको जनमतको आधारमा ठोकुवा गर्न इच्छुक राजनीतिक विश्लेषकहरूमा पनि केही दशक कुर्न धैर्यताको खाँचो थियो ।

जसरी भए पनि सत्तामा बसेर चुनाव लड्ने, स्थानीय प्रशासन तथा निर्वाचनमा संलग्न निजामति र प्रहरी कर्मचारीलाई अनुचित प्रभावमा पारी गुण्डागर्दी र धाँधलीका हरेक हतकण्डा अपनाई निर्वाचनमा बहुमत हासिल गर्ने, निर्वाचन जितेपछि कालो बजारी, तस्करी र भ्रष्टाचारबाट देशमा ब्रह्मलुट गरी अकुत सम्पत्ति जम्मा गर्ने र त्यसैको केही अंश खर्च गरी पुनः राष्ट्रिय र स्थानीय शासनसत्ता कब्जा गर्ने राजनैतिक दुष्चक्र आज नेपालको कटु यथार्थ बनेको छ । दुई डुङ्गामा खुट्टा हालेर बसेको सर्वसत्तावादी एवं अवसरवादी चरित्रको नेकपा (एमाले) वैकल्पिक प्रजातान्त्रिक दल बन्ने हो कि होइन शङ्कास्पद नै छ भने आफूलाई प्रजातन्त्रको मसिहा ठान्ने नेपाली कांग्रेसको भ्रष्ट हैकमवादी र जनताबाट प्राप्त जनमतलाई बारम्बार भकुण्डो खेल्ने र जनसमर्थनका आडमा सरकार र पार्टीको नेतृत्वमा बस्नेको व्यक्तिगत स्वार्थपूर्ति गर्ने, बहुदलीय र प्रजातान्त्रिक चरित्रको नामोनिशान नभएको अवस्थामा जनताको जनादेश पनि चाँडोचाँडो बदलिइरहेकाले पनि नेपालको राजनैतिक दलहरूको जनतामा विश्वास र लोकप्रियताले स्थायित्व लिन सकिरहेको थिएन । २०५६ को निर्वाचनमा १० जिल्लाबाट ११ जना सांसद विजयी गराएर राप्रपा पुनः तेस्रो स्थान ओगट्न समर्थ भएको थियो । राप्रपा विभाजन भएपछि विगतको प्रतिनिधिसभामा पनि राप्रपाका ११ जना सांसद नै रहेका थिए । त्यसमध्ये ८ जना सांसदहरू प्रजातन्त्र पुनर्स्थापनापश्चात् नयाँ अनुहार लिएर संसद्मा प्रवेश गरेका थिए ।

पार्टीका तिन जना वरिष्ठ नेताहरू सूर्यबहादुर थापा, पशुपतिशमशेर जबरा र बुद्धिमान तामाङ मात्र पुनः निर्वाचित हुन सफल भएका थिए । **(परिशिष्ट-१२)** । राप्रपाका निकटतम प्रतिद्वन्दिहरूमध्ये ७ जना नेपाली कांग्रेसका उम्मेदवारहरू र ४ जना नेकपा (एमाले) का उम्मेदवारहरू थिए । १८ जना राप्रपाका उम्मेदवारहरू दोस्रो स्थानमा थिए जसमा पार्टीका उपाध्यक्ष डा. प्रकाशचन्द्र लोहनी केवल १५ मतले पराजित हुनुभएको थियो । विद्रोही उम्मेदवारका कारण रोल्पा - १ र तेह्रथुममा राप्रपाको सिट गुम्न पुगेको थियो । राप्रपा विभाजनको कारण सर्लाही - २ मा सूर्यबहादुर थापा, नुवाकोट - १ मा डा. प्रकाशचन्द्र लोहनी, रोल्पा - १ मा भुपनारायण घर्तीमगरका पराजित मतभन्दा बढी मत राप्रपा (चन्द) को मत जोड्दा रूपन्देही - १, रूपन्देही - ४, कपिलवस्तु - ३ र गोरखा - २ मा विजयी उम्मेदवारभन्दा बढी मत थियो तर दुर्भाग्यवश राप्रपा (चन्द) का नेताहरू लोकेन्द्रबहादुर चन्द, पद्मसुन्दर लावती र राजेश्वर देवकोटाहरूले दुवै निर्वाचन

क्षेत्रहरूमा दोस्रो स्थानसमेत हासिल गर्न सकेनन् । राप्रपाले २०५१ मा विजय गरेका २० निर्वाचन क्षेत्रमध्ये १५ वटा सिट पार्टी विभाजनको कारण ११ सिट नेकांलाई र ४ सिट एमालेलाई बुझाउनु पर्‍यो । नेपाली कांग्रेसले विजय हासिल गरेको ६ सिट र नेसपाको १ सिट २०५६ को निर्वाचनमा राप्रपाले हात लगाई राप्रपाको तर्फबाट प्रतिनिधिसभामा पहिलो पटक महिला सांसदको रूपमा श्रीमती रेणुकुमारी यादव विजयी हुनुभएको थियो ।

विकास क्षेत्रको आधारमा २०५१ को तुलनामा राप्रपाले पूर्वाञ्चलमा १ सिट बढाई ३, मध्यमाञ्चलमा ६ सिट गुमाई ४, पश्चिमाञ्चलमा यथावत २ सिट, मध्यपश्चिमाञ्चलमा २ सिट गुमाई २ सिट र सुदुर पश्चिमाञ्चलमा दुवै सिट गुमाई शून्य सिटको स्थितिमा पुगेको थियो । अञ्चलगत रूपमा सगरमाथा, जनकपुर, बाग्मती, लुम्बिनीमा २/२ र कोशी, राप्ती र भेरी अञ्चलमा १/१ सिट रहेको थियो । पहिले प्राप्त गरेको मेची, नारायणी र महाकालीमा सबै सिट गुमाएको थियो । २०५६ को निर्वाचनसम्म आइपुग्दा पनि राप्रपाले आर्जन गरेको मत सङ्गठनात्मक आधारमा नभई व्यक्तिगत क्षमता र व्यक्तित्वमा बढी निर्भर रहनु चुनौतीको विषय थियो । राप्रपा पनि अन्य पार्टीमा जस्तै नयाँ अनुहारलाई विजय हासिल गर्न सरल भएको थियो । चुनावमा प्रतिस्पर्धा अधिक वृद्धि भई २५% मतको हाराहारीमा मत ल्याई निर्वाचित हुन सकेका थिए भने ज्यादै कममत अन्तरमा हारजितको निर्णय भएको थियो । २०५६ कै चुनावमा १०० भन्दा कममतको अन्तरमा एमालेका ३ र राप्रपा, नेका र नेसपाका १/१ उम्मेदवार पराजित भएका थिए । यस्तै १०१ देखि ५०० सम्मको अन्तरमा नेकाले ८ स्थान र एमालेले ५ स्थानमा विजय हासिल गरेको थियो । ५०१ देखि १००० मत अन्तरमा नेकाको १३, एमालेबाट ८, राप्रपा र नेसपाका १/१ उम्मेदवार निर्वाचित भएका थिए ।

संसद्मा तेस्रो ठूलो पार्टीको रूपमा राप्रपा गणना भए तापनि २०५६ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा राप्रपाले नेकांभन्दा २० वटा निर्वाचन क्षेत्रमा, नेकपा (एमाले) भन्दा २७ वटा निर्वाचन क्षेत्रमा बढी मत प्राप्त गरेको थियो । अर्कोतिर राप्रपाको लागि चुनौतीपूर्ण विषय राप्रपाभन्दा साना पार्टीहरूमध्ये नेकपा (माले) ले ७ निर्वाचन क्षेत्र, राष्ट्रिय जनमुक्ति पार्टीले १, नेपाल सद्भावना पार्टीले २३, संयुक्त जनमोर्चाले ३, राष्ट्रिय जनमोर्चाले ९ र नेमकिपाले ४ निर्वाचन क्षेत्रमा राप्रपाभन्दा बढी मत प्राप्त गरेका थिए । स्थान विश्लेषण गर्दा नेकां प्रथम, दोस्रो र तेस्रो स्थानमा क्रमशः १११, ७६ र १६ उम्मेदवार रहेका थिए । यस्तै एमाले प्रथम स्थानमा ७१ र द्वितीय स्थानमा ९० निर्वाचन क्षेत्रमा रहेको थियो । राप्रपाले ११ स्थानमा प्रथम, १८ स्थानमा द्वितीय र ४९ स्थानमा तेस्रो स्थानमा रहेको थियो भने राप्रपा (चन्द) ४ स्थानमा दोस्रो र २१ स्थानमा मात्र तेस्रो स्थानमा मत हासिल गरेको थियो । यस निर्वाचनमा राप्रपाले देशभरि हासिल गरेको कूल मतको सङ्ख्या ९,०२,३२८ थियो भने राप्रपा (चन्द) ले मात्र २,९५,८१२ मत प्राप्त गरेको थियो । २०५४ पुस २५ गते राप्रपा विभाजित भएपश्चात् सम्पन्न २०५६ को निर्वाचन समग्रमा राप्रपाको निमित्त निराशाजनक नै रह्यो । पार्टीका दुई नेतृत्वले सरकारको नेतृत्व गर्ने (प्रधानमन्त्री बन्ने) अवसर पाइसक्दा पनि उनीहरू बिचको टकराव र व्यक्तिगत सङ्कीर्ण भावनाका कारण पार्टीले अग्रगति लिनुको सट्टा अधोगतितर्फ

धकेलिनु पर्‍यो । राप्रपाका सबै प्रतिनिधिसभाका सदस्यहरूले मन्त्रीमण्डलमा समावेश हुने गौरवमय अवसरलाई पार्टी सङ्गठन सुदृढीकरणतर्फ उपयोग गर्न सकेनन् । केही सांसद्‌लाई अपवादमा छाडेर २०५१ मा निर्वाचित सांसदहरू राप्रपाको लागि २०५६ को चुनावमा कलङ्क नै सावित भए । उनीहरूले जनताको विश्वास आर्जन गर्न सकेनन् । पार्टी विभाजनलाई आफ्नो पराजयको कारण देखाई आफ्नो अलोकप्रियता छोप्ने प्रयास गरिए पनि आखिर सत्य कुरा छुपाउन सकिँदैन । हरेक मन्त्रीमण्डलमा रोजीरोजी मन्त्रालय चाहारेका मन्त्रीहरू पदबाट खुस्केको १ वर्षपछि चुनाव हुँदा १५ जनाले लज्जास्पद हार व्यहोर्नु पर्‍यो । पार्टीलाई अलोकप्रिय पार्ने र पार्टी विभाजनको कारक तत्त्व पनि आम कार्यकर्ता नभई सांसद्‌हरू वा मन्त्रीहरूको मण्डली नै थियो । जनताले अस्वीकार गर्नुअघि नै केही बहालवाला सांसद्‌हरूलाई पार्टीले टिकट दिन अस्वीकार गर्नुपर्दथ्यो ।

जनताले राप्रपालाई अस्वीकार गरेको थिएन । राप्रपालाई जनताले समग्रमा नै अस्वीकार गरेको भए अन्य आठ जना नयाँ अनुहार पार्टी विभाजनको अवस्थामा पनि कसरी विजयी हुन सक्थे ? २०५६ को आमनिर्वाचन यथार्थमा राप्रपाको पक्षमा जनलहर ल्याउन सकिने चुनाव हुन सक्दथ्यो तर प्रतिकूल परिस्थितिमा पनि कैलाली, कञ्चनपुर, कपिलवस्तु, मकवानपुर र सिराहा जिल्लाका सबै निर्वाचन क्षेत्रमा पार्टीको मत २०५१ को मध्यावधि निर्वाचनमा भन्दा बढेको थियो । बाँकी ७० जिल्लामा यही स्थिति ल्याउने वातावरण "भाइ फुटे गँवार लुटे" भन्ने परिस्थितिका कारण गुमेको थियो । पार्टीको उम्मेदवारको पक्षमा जनलहर सिर्जना गर्ने राजनीतिक इच्छाशक्ति हुने हो भने असम्भव भन्ने कुरा पनि केही रहेनछ भन्ने कुराको प्रमाणस्वरूप २०५१ को निर्वाचनमा भन्दा श्रीमती रेणुकुमारी यादवले सप्तरी ३ मा ११५७५ मत सङ्ख्या वृद्धि गरी विजयी हुनु भएको थियो । मध्यावधि निर्वाचनमा तेस्रो स्थानमा रहेकोमा यस निर्वाचनमा ७७३० मत सङ्ख्या वृद्धि गरी धनुषा ४ मा कृष्णप्रताप मल्लले विजयको सिन्दूर पहिरिएका थिए ।

यसैगरी उत्साहजनक मत सङ्ख्या वृद्धि गरी विजयी हुनेमा कपिलवस्तु - २ मा वृजेशकुमार गुप्ताको ८१४८, सर्लाही - ३ मा रामचन्द्र रायको ७२५७ मत वृद्धिलाई पार्टी विभाजनले रोक्न सकेन । चुनावमा विजय हासिल गर्न नसके तापनि मोरङ - ५, उदयपुर - १, सिराहा - २, महोत्तरी - ४, सर्लाही - २, चितवन - ४, बर्दिया - २, डोटी - २ र रूपन्देही - १ मा मत सङ्ख्या उल्लेखनीय रूपमा बढोत्तरी भएको थियो तर दुःखकासाथ उल्लेख गर्नुपर्दछ कि जनउत्तरदायी सांसद् नहुँदा महोत्तरी - २ मा ११२६२ मत सङ्ख्या घटी यस चुनावमा सिट गुमाउन परेको थियो । मनाङ, डोल्पा र बाजुरामा राप्रपाका दुवै समूहबाट उम्मेदवारसमेत भएन । दुई राप्रपाको मत जोड्दा ७० वटा निर्वाचन क्षेत्रमा मत सङ्ख्या घटेको थियो । यस्तै १० प्रतिशतभन्दा कम मत परेको निर्वाचन क्षेत्रको सङ्ख्या ९० थियो । राप्रपा विजयी भएको निर्वाचन क्षेत्रमा मतको अन्तर न्यून रहेको थियो भने अधिकांश पराजित स्थानको मतको अन्तर ज्यादै बढी रहेको थियो ।

## राप्रपाको २०५६ को चुनावी घोषणापत्र

नेपालको माटोमा उम्रिएर नेपाल र नेपालीको संवेदनशीलतालाई बुझ्ने पार्टी राप्रपा हो भन्ने कुराहरू उक्त घोषणा पत्रमा उल्लेख थियो (खनिया, २०५९, पृ. १८७) । राष्ट्रिय मूल मान्यताको संवर्द्धन एवं जन जीवनको सुरक्षा गर्न राप्रपा सक्षम छ । राष्ट्रियता र प्रजातन्त्र प्रतिको आस्था र निष्ठालाई सर्वोपरि साध्य मान्दै आगामी दिनहरूमा पार्टी क्रियाशील रहनेछ । संविधान राप्रपाको मार्गदर्शन हो र संवैधानिक राजतन्त्रलाई राष्ट्रिय एकताको प्रतीकको रूपमा उच्च सम्मान र आदर गर्दछ । देशको भू-राजनीतिक स्थिति र विश्वव्यापीकरण, सापेक्ष परराष्ट्र नीति र आर्थिक नीतिको परिचालन सबै खाले आतङ्कवादको प्रतिकार, मधेसी, जनजाति, अल्पसङ्ख्यक र पिछडिएका दलित जाति र वर्गको उत्थान, मानवअधिकारको संरक्षण र पालना, निष्पक्ष एवं प्रभावशाली सार्वजनिक प्रशासन, विकृत र अपराधजन्य राजनीति वातावरणको अन्त्य तथा सक्षम, योग्य, अनुभवी र कुशल सरकारद्वारा देशमा सुशासन राप्रपाको नीतिगत प्रतिबद्धता छन् (खनिया, २०५९, पृ. १८८) । विगतका घोषणापत्रमा उल्लेखित सवालहरू र थप महत्त्वपूर्ण बुँदा समावेश गर्दै, संक्षिप्त एवं सूत्रबद्ध रूपमा राप्रपाले निम्न कुराहरू घोषणा गरेको थियो ।

- जनतालाई उधारो सपना होइन, यथार्थ वर्तमान र सुन्दर भविष्य चाहिएको छ ।
- देशको प्रमुख आवश्यकताः स्थायी शान्ति र भरपर्दो सुरक्षा ।
- देशको कलङ्क : भ्रष्टाचार निराकरणको लागि राप्रपाको सरकार ।
- सुशासनको भरपर्दो आधार : निष्पक्ष र दवावरहित सार्वजनिक प्रशासन ।
- ग्रामीण अर्थतन्त्र पुनर्निर्माणको अर्को आधार : रोजगारमूलक कृषि विकास विकेन्द्रीकरण र भूमिसुधार
- गरिबी निवारणको सशक्त माध्यमः उत्पादनशील रोजगारी र ग्रामीण उद्यम ।
- सहरी र आधुनिक क्षेत्रलाई बजार अर्थतन्त्रमा पठाऊँ : गाउँ र पिछडिएका क्षेत्रलाई सरकारी संरक्षण दिऊँ ।
- कृषि, पर्यटन र जलस्रोतः एकीकृत विकासको आधार, निजीकरण
- उदारवादको सार : औद्योगिकीकरण र निर्यातमुखी अर्थतन्त्रको प्रमुख आधार ।
- सेवानिवृत्त कर्मचारी, सैनिक र प्रहरीः अनुशासन, मर्यादा र राष्ट्रको रखवारी ।
- सामाजिक सेवामा बढी विनियोजनः गरिबीको नियोजन ।
- जनजाति समस्या र समाधानः नेपाली संस्कृति र वीरताको पहिचान ।
- मधेसी, दलित, अल्पसङ्ख्यक र पिछडिएका जातिको सम्मान र संरक्षण गरौँ : भावानात्मक एकता र राष्ट्रियताको दियो जलाऊँ ।
- महिलावर्गको सशक्तीकरणः सभ्य, सन्तुलित र समुन्नत समाजको निर्माण ।
- युवाशक्तिको परिचालन र पहिचानः राष्ट्रियता र प्रजातन्त्रको लागि सशक्त योगदान । विकास र सन्तुलनको लागि वैकल्पिक सहरहरूको विस्तार ।

- परराष्ट्र नीतिको मूल आधारः विश्वशान्ति राष्ट्रिय स्वार्थको प्रवर्द्धन ।
- सामाजिक रूपान्तरणको मूल माध्यमः विपन्नवर्गलाई गुणस्तरीय शिक्षाको वरदान ।
- राप्रपाको कल्पनाको एक्काइसौँ शताब्दीको नेपालः हरित क्रान्ति, स्वेत क्रान्ति, पर्यटन र उद्योगले झलमल्ल ।
- राप्रपाको सुदृढिकरण र विस्तारः राष्ट्रिय चरित्र र संस्कृतिको उत्थान

माथिका नाराहरू घोषणापत्रमा उल्लेख थिए ।

## घ. संविधानसभा निर्वाचन, २०६४ र राप्रपा

२०६३ कार्तिक २२ गते भएको निर्णय तथा नेपाल सरकार र नेकपा (माओवादी) बिच भएको विस्तृत शान्ति सम्झौताका आधारमा २०६४ जेठ मसान्तभित्र संविधानसभाको निर्वाचन गर्ने नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएकोले सो निर्वाचन सम्पन्न गर्न २०६३ कार्तिकदेखि विभिन्न चरणमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको नियुक्ति भयो । आयोगको गठन हुँदाका अवस्थामा संविधानसभा सदस्य निर्वाचनका लागि छुट्टै कानुनी व्यवस्था भइसकेको थिएन तथापि राजनीतिक सहमति बमोजिम तयभएका मितिमा संविधानसभा सदस्यको निर्वाचन गराउने लक्ष्य लिएर आयोगले आवश्यक कानुनी तथा संस्थागत व्यवस्था मिलायो । यसैबिच विविध कारणले दुई पटकसम्म निर्वाचनको मिति संशोधन भयो । अन्ततः २०६४ चैत २८ गते संविधानसभा सदस्यका निर्वाचन गर्ने गरी नेपाल सरकारले निर्वाचनको मिति तोकेकोमा तोकिएकै मितिमा शान्तिपूर्वक सम्पन्न गरेको थियो (निर्वाचन आयोग, २०६५) । नेपालका इतिहासमा पहिलो पटक सम्पन्न भएको यस संविधानसभा सदस्य निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अङ्गीकार गरिएको थियो ।

वि.स. २०६३ साल माघ १ गते जारी गरिएका नेपालका अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा ४२५ सदस्यीय संविधानसभाको गठन हुने, तीमध्ये २०५ जना पहिलो हुने निर्वाचित हुने निर्वाचनबाट र २०४ जना सदस्य समानुपातिक निर्वाचनबाट निर्वाचित हुने प्रावधान थियो । निर्वाचन क्षेत्र निर्धारण आयोगले पहिलो निर्वाचित हुने प्रणालीअन्तर्गत् देशलाई २४० निर्वाचन क्षेत्रमा विभाजित गरेकोले समानुपातिक निर्वाचन प्रणालीतर्फ पनि सो सङ्ख्या २०४ बाट २४० पुऱ्याइयो । मनोनयन गरिने सदस्य सङ्ख्या १७ पुऱ्याई ४९७ सदस्यीय संविधानसभा गठन गर्ने व्यवस्था भयो । २०६४ साल जेठ महिनामा हुने भनिएको निर्वाचन २०६४ मंसिर ६ गते गर्ने मिति तोकिए पनि सो निर्वाचन स्थगित भएपछि पुनः राजनैतिक सहमति जुटाई व्यवस्थापिका संसद्बाट अन्तरिम संविधान तेस्रो संशोधन गरी पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ २४० र समानुपातिक निर्वाचन प्रणालीतर्फ ३३५ गरी जम्मा ५७५ र मनोनित २६ गरी जम्मा ६०१ सदस्य रहेका संविधानसभा गठन गर्ने व्यवस्था गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम देहायको मिश्रित निर्वाचन प्रणाली अङ्गीकार गरी २०६४ साल चैत्र २८ गते संविधानसभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो (निर्वाचन आयोग, २०६५) । पहिलो निर्वाचित हुने निर्वाचन

प्रणालीअन्तर्गत् सम्पूर्ण देशलाई जनसङ्ख्या र क्षेत्रको आधारमा २४० वटा निर्वाचन क्षेत्रमा विभाजन गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले निर्वाचित हुने गरी २४० जना संविधानसभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो (निर्वाचन आयोग, २०६५) ।

## समानुपातिक निर्वाचन

यस निर्वाचनमा ५५ राजनैतिक दलले "उम्मेदवारको बन्दसूची" बुझाएका थिए भने कानुनबमोजिम सूची पेश नगर्ने एउटा दलको सूचीलाई आयोगले रद्द गरेको थियो । दलले आयोगमा पेश गरेको उम्मेदवारको बन्दसूचीमा उल्लेखित उम्मेदवारमध्ये दलहरूले प्राप्त गरेको मत प्रतिशतका आधारमा सम्बन्धित दलको केन्द्रीय कार्यसमितिको निर्णयबाट कोटा मिलाई छानी पठाएको उम्मेदवारमध्येबाट आयोगले विजयी उम्मेदवार घोषणा गर्ने प्रावधान रहेको थियो (निर्वाचन आयोग, २०६५) । २०६४ चैत २८ गते संविधानसभा सदस्यको निर्वाचनगर्न मिति तोकिएपछि समानुपातिक निर्वाचन प्रणालीका लागि २०६४ माघ २८ गते निर्वाचन कार्यक्रम प्रकाशन गरी २०६४ फागुन ८ गते दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि मिति २०६४ फागुन १० गते निर्वाचन कार्यक्रम प्रकाशन गरी फागुन १३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने गरी निर्वाचन कार्यक्रम निर्धारण भएको थियो । फागुन ८ गते ३७ राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गरका थिए । मुलुकमा विकसित तत्कालीन राजनैतिक परिस्थितिलाइ दृष्टिगत गरी नेपाल सरकारको अनुरोधमा समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूची पेश गर्ने दिन १२ गते हुने गरी आयोगले कार्यक्रम संशोधन गरेको थियो । अनेकौं असहजताका बिच निर्वाचनका सम्पूर्ण तयारीहरू सम्पन्न गरिए । निर्वाचनका लागि मुलुकबासी तयार रहेकाले निर्वाचन सम्पन्न गर्ने राजनीतिक सहमति बन्नेबित्तिकै २०६४ चैत २८ गते संविधानसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो (निर्वाचन आयोग, २०६५, पृ. १) ।

२०६४ चैत्र २८ मा भएको संविधानसभा निर्वाचनमा ५४ वटा राजनीतिक दलले भाग लिएका थिए (यादव, २०७२, पृ. ४९५) । संविधानसभामा रहने ६०१ सदस्यमध्ये २४० प्रत्यक्ष प्रणालीबाट र ३३५ समानुपातिक प्रणालीबाट एवं २६ जना मन्त्रीमण्डलबाट मनोनित हुने व्यवस्था थियो । प्रत्यक्ष निर्वाचनमा २४० स्थानका लागि ३९४६ उम्मेदवार थिए भने कुल मतदाता १,७६,११,८३२ मध्ये १,०३,०६,१२० मत खसेको थियो । समानुपातिकमा ५,७०१ जना उम्मेदवार थिए । प्रत्यक्ष र समानुपातिक गरी दुवैमा ५४ राजनैतिक दलले चुनाव लडे पनि प्रत्यक्षतर्फ ९ वटा राजनैतिक दलका उम्मेदवार मात्र विजयी भएका थिए भने समानुपातिकतर्फ २५ राजनैतिक दलका उम्मेदवार विजयी भएका थिए । नेपालको अन्तरिम संविधान, २०६३ अनुसार संविधानसभा सदस्यको निर्वाचनको प्रयोजनको लागि २०६३ मंसिर मसान्तसम्म अठार वर्ष उमेर पूरा भएका नेपाली नागरिक कानुनबमोजिम मतदाता हुने हुँदा आयोगद्वारा विभिन्न मितिमा सञ्चालित कार्यक्रमअन्तर्गत् नाम सङ्कलन भई संविधानसभा सदस्य निर्वाचनमा मतदान गर्ने मतदाताको सङ्ख्या १,७६,११,८३२ थियो (निर्वाचन आयोग, २०६५) । यस निर्वाचनमा राप्रपा, राप्रपा नेपाल र राजपाले विभाजित

रूपमा निर्वाचनमा भाग लिएका थिए । **(परिशिष्ट-१३)** । पहिलो संविधानसभाको निर्वाचनमा राप्रपाले २३२ स्थानमा उम्मेदवारी दिएकोमा कुनै पनि स्थानमा विजय हासिल गर्न सकेन तर देशैभरि गरी ३,१०,२१४ मत प्राप्त गरेको थियो जुन मत प्रतिशत कूलमतको ३.०१ प्रतिशत थियो ।

त्यस्तै राप्रपा नेपालले २०४ स्थानमा उम्मेदवार खडा गरेकोमा कुनै पनि स्थानमा निर्वाचित हुन सकेन र यसले प्राप्त गरेको मत ७६,६८४ थियो । यो मत परिणाम कूलमत परिणामको ०.७४ प्रतिशत थियो । त्यस्तै राप्रपाबाट छुट्टिएर गएको अर्को खेमा राष्ट्रिय जनशक्ति पार्टी (राजपा) ले पनि यस निर्वाचनमा सहभागिता जनाएको थियो । यसले १९८ निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवारी पेश गरेको थियो । अन्य राप्रपाहरूले जस्तै यसले पनि कुनै स्थानमा जित हासिल गर्न सकेन । राजपाले प्राप्त गरेको कूल मत ७९,९२५ थियो जुन मत देशभरि खसेको कूल मतको ०.७८ प्रतिशत थियो । यसरी राप्रपा विभाजित अवस्थामा रही पहिलो संविधानसभाको चुनाव, २०६४ मा भाग लिँदा नराम्रोसँग पराजित हुन पुगेको थियो । राप्रपाका कुनै पनि खेमाले प्रत्यक्षतर्फ जित हासिल गर्न नसके तापनि समानुपातिकतर्फ भने केही सिट सङ्ख्या प्राप्त गरेका थिए । जसअनुसार राप्रपाले ८, राप्रपा नेपालले ४ र राजपाले ३ सिट प्राप्त गरेका थिए (यादव, २०७२, पृ. ४९६) । राप्रपाका प्रभावशाली नेताहरूदेखि स्वयं अध्यक्ष पशुपतिशमशेर जबराले समेत जीवनको पहिलो पटक यस चुनावमा हार व्यहोर्नु परेको थियो । राप्रपाले समानुपातिकतर्फबाट प्राप्त गरेका सभासदहरूमा लोकेन्द्रबहादुर चन्द (वैतडी), श्रीमती प्रतिभा राणा (बर्दिया), सूर्यबहादुर के.सी. (कास्की), चलनबहादुर तामाङ (सिन्धुपाल्चोक), नबोदिता चौधरी (सुनसरी), अलाउदीन अन्सारी (नवलपरासी), दालकुमारी सुनुवार (रामेछाप) र बविता धोवी (रूपन्देही) रहेका थिए । यसरी विभिन्न प्रकारका राप्रपाले संविधानसभाको पहिलो चुनावमा भाग लिएर संसदीय व्यवस्थामा सक्रिय सहभागिता देखाएका थिए ।

२०६४ सालको संविधानसभाको निर्वाचन परिणामले नेकपा माओवादी उत्साहित भएको थियो भने नेपाली कांग्रेस र नेकपा एमाले किंकर्तव्यविमुढ भएका थिए । २०६५ वैशाख ४ को बैठकमा जनताले आफ्नो दललाई सरकारमा बस्ने आदेश नदिएको भन्दै नेकपा एमालेका मन्त्रीहरूले राजीनामा दिएका थिए । वैशाख ६ मा माओवादी अध्यक्ष प्रचण्ड र नेता बाबुराम भट्टराई प्रधानमन्त्री कोइरालाको निवास गई नयाँ संविधान निर्माण गर्न र सत्ता सहकार्यमा सहयोग गर्न अनुरोध गर्दै अध्यक्ष प्रचण्डले सरकारको नेतृत्व आफैँ गर्ने मनसायसमेत प्रकट गरेका थिए । माओवादी नेताहरूले राजतन्त्रबारे विभिन्न धारणा प्रकट गरिरहेका थिए । संविधानसभाका शीर्ष नेताहरूको बैठकले जेठको मध्यतिर संविधानसभाको बैठक बोलाउने सुझाव दिएअनुरूप प्रधानमन्त्री कोइरालाले विभिन्न दलहरूसँग छलफल गरी २०६५ वैशाख ३० मा संविधानसभाको ऐतिहासिक बैठक जेठ १५ मा हुने आह्वान गरे । संविधानसभाको पहिलो बैठकबाट देशमा गणतन्त्र घोषणा हुने प्रायः निश्चित रहेकोले औपचारिकता मात्र बाँकी थियो तर कस्तो स्वरूपको राष्ट्रपति हुने, निर्वाचन प्रक्रिया के हुने भन्ने कुराहरूमा दलहरूको फरक फरक धारणा थियो । नेकपा माओवादी कार्यकारी राष्ट्रपतीय प्रणालीको पक्षमा थियो भने कांग्रेस र एमाले संवैधानिक राष्ट्रपतीय प्रणालीको पक्षमा थिए ।

सरकारको गठन र विघटन संविधानसभाको बहुमतको आधारमा हुने पक्षमा कांग्रेस र एमाले थिए भने माओवादीलाई यो प्रस्ताव मान्य थिएन । दलहरूका बिच अनेकौँ पटक वार्ता भए पनि कुनै सहमति हुन नसकेकोले देशको भविष्य अन्योलग्रस्त थियो । यस्तो स्थितिमा २०६५ जेठ ८ मा कांग्रेस, एमाले र फोरम गरी तीन प्रमुख दलहरूले संवैधानिक राष्ट्रपति राख्ने, संविधानसभाको बैठकको साधारण बहुमतबाट सरकार निर्माण र विघटन गर्ने समझदारी गऱ्यो ।

माओवादीले यो व्यवस्था नमान्ने, नयाँ संविधान नबनेसम्म प्रधानमन्त्रीले नै राष्ट्राध्यक्षको कार्यभार सम्हाल्ने, राष्ट्रपतिको निर्वाचन गर्ने नै हो भने प्रधानमन्त्री र राष्ट्रपति दुवै पद माओवादीलाई दिनुपर्ने अडान लिए पनि अल्पमतमा परेकोले यिनको विचार सेलायो । अन्ततः संविधानसभाको बैठक बस्नुभन्दा अघिल्लो दिन अर्थात् २०६५ जेठ १४ मा माओवादी, कांग्रेस र एमालेबिच प्रधानमन्त्री निवास बालुवाटारमा संवैधानिक राष्ट्रपति राख्नमा सहमति भएको थियो (यादव, २०७२, पृ. ४९७) । २०६५ जेठ १५ मा ११ बजे बस्ने संविधानसभाको ऐतिहासिक बैठक राजनीतिक दलहरूको लामो छलफलपछि राति ९ : १५ मा सुरू भएर ११ : २५ मा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्ने प्रस्ताव पारित भएको थियो (गोरखापत्र, २०६५ जेठ १६) । ५६४ सभासद्ले मतदानमा भाग लिएकोमा राजतन्त्रको पक्षमा ४ मत र गणतन्त्र कार्यान्वयनको पक्षमा ५६० मतपरेको थियो । राजाका नजिक रहेका पूर्वपञ्चहरूको पार्टी राप्रपा (पशुपतिशमशेर जबरा अध्यक्ष) र राजपा (सूर्यबहादुर थापा अध्यक्ष) का सभासद्हरूले गणतान्त्रिक नेपालको पक्षमा भोट हालेका थिए । राजपाका संसदीय दलका नेता डा. प्रकाशचन्द्र लोहनी रहेका थिए तर राप्रपाका संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द संविधानसभामा गणतन्त्रको पक्ष र विपक्षमा मतदान गर्ने बेलामा अनुपस्थित थिए भने बाँकीले परिवर्तनलाई आत्मसात् गर्ने भनेर गणतन्त्रको पक्षमा मतदान गरेका थिए । हिन्दूराष्ट्रको पक्ष र धर्मनिरपेक्षताको विपक्षमा आफ्नो मत राखेका थिए ।

राप्रपाका सबै सभासद्हरूले हिन्दूराष्ट्र नेपाल हुनुपर्दछ भनी प्रतिभा राणाले संशोधन पेश गरेकी थिइन् तर राप्रपा नेपालका ४ जना सभासद्ले भने विपक्षमा मतदान गरेका थिए । त्यसको संसदीय दलका नेता स्व. चन्द्रबहादुर गुरुङ (स्याङ्जा) रहेका थिए । पहिला एकै ठाउँमा रहेका राप्रपा विभाजित भएर तीन पार्टीमा रूपान्तरित हुँदा राप्रपाको पहिलो संविधानसभामा कमजोर उपस्थिति देखिन्थ्यो । यसरी संविधानसभाको उक्त ऐतिहासिक निर्णयबाट शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य भएको थियो । गणतन्त्रको स्थापना नेपालको इतिहासको युगान्तकारी घटना थियो । पहिलो संविधानसभा चुनाव अघि राप्रपाले २०६४ वैशाख २० गतेका दिन प्रधानमन्त्रीलाई १५ बुँदे ज्ञापनपत्र प्रस्तुत गरेको थियो । सो ज्ञापनपत्रको १ नं बुँदामा नै संविधानसभाको निर्वाचनको मिति घोषणा गरी मुलुकमा विद्यमान अन्यौल र अनिश्चितताको वातावरण अन्त्य गर्न माग गरिएको थियो । यसै सन्दर्भमा २०६४ मंसिर ६ गते संविधानसभाको निर्वाचनको मिति पनि सरकारले घोषणा गरेको थियो । यसलाई राप्रपाले सकारात्मक कदम ठानेर स्वागत गरेको थियो तर २०६४ जेठ, आषाढ ६ गते र २०६४ मंसिर ६ गतेमा पनि संविधानसभाको

निर्वाचन गराउन गठबन्धन दल र सरकार असफल भए । संविधानमा नै लेखिए तापनि दुई दुई पटकसम्म संविधानसभाको निर्वाचन सम्पन्न गराउन नसकेर सरकारले नेपाली जनताको चाहनामा बज्रपात गराएको थियो । यसबाट गठबन्धन सरकार नैतिक रूपमा परास्त भइसकेको थियो र सरकारले वैधानिकता गुमाइसकेको थियो । यति हुँदाहुँदै पनि संविधानसभाको निर्वाचनको विकल्प थिएन । त्यस कारण संविधानसभाको निर्वाचनको मिति चाँडोभन्दा चाँडो घोषणा गरिनुपर्दछ । निर्वाचनको मिति घोषणा गरेर मात्र हुँदैन । स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित चुनाव सम्पन्न गराउनका लागि भयरहित वातावरणको सृजना सरकारले गर्नै पर्दछ । शान्ति सुरक्षाको पुनर्वहाली हुनै पर्दछ र संविधानसभाको निर्वाचनले देशको विद्यमान समस्याहरूलाई सम्बोधन गर्न सक्दछ र देशले समावेशी, साझेदारी र सहभागितामूलक नयाँ संविधान पाउँदछ भन्ने राप्रपाको धारणा रहेको थियो (राप्रपा दस्तावेज, २०६४) ।

## ङ. दोस्रो संविधानसभा निर्वाचन, २०७० र राप्रपा

पहिलो संविधानसभा निर्वाचनबाट गठित संविधानसभाले संविधानको निर्माण गर्न असफल भएपछि नेपालमा दोस्रो पटक संविधानसभाको निर्वाचन २०७० मंसिर ४ मा प्रत्यक्षतर्फ २४० र समानुपातिकतर्फ ३३५ गरी ५७५ स्थानको लागि निर्वाचन सम्पन्न भएको थियो (यादव, २०७२) । यस निर्वाचनमा नेपाली कांग्रेसले प्रत्यक्षतर्फ १०५ र समानुपातिकतर्फ ९१ स्थान ल्याई जम्मा १९६ स्थानमा जित हासिल गरी सबैभन्दा ठूलो पार्टी बन्न पुग्यो भने एमाले प्रत्यक्ष र समानुपातिकमा गरी कूल १७५ सिट प्राप्त गरी दोस्रो ठूलो पार्टी बन्न पुग्यो तर पहिले संविधानसभाको चुनावबाट पहिलो बन्न पुगेको एनेकपा माओवादी यस पटक तेस्रो ठुलो पार्टीको रूपमा खुम्चिन पुग्यो । यस निर्वाचनमा पनि राप्रपा सग्लो रूपमा नभई राप्रपा र राप्रपा नेपालका नाममा चुनावमा भाग लिन पुगे । जसमा प्रत्यक्षतर्फ राप्रपा नेपालले २३८ स्थानमा आफ्नो उम्मेदवारी दर्ज गरेकोमा कुनै पनि स्थानबाट जित हासिल गर्न सकेन भने राप्रपाले २३५ स्थानमा उम्मेदवारी दिएकोमा ३ स्थानमा विजय हासिल गरेको थियो । ती जित्ने सभासदहरूमा दीपक बोहोरा (रूपन्देही - १), विक्रम पाण्डे (चितवन - ४), र सुनिलबहादुर थापा (धनकुटा - २), थिए (निर्वाचन आयोग, २०७०) ।

दोस्रो संविधानसभाको चुनावमा राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा आफू चुनावमा लडेनन् तर उनको ठाउँमा छोरा सुनिलबहादुर थापालाई चुनाव लडाई प्रत्यक्षमा निर्वाचित गराएका थिए । चक्रीय प्रणालीअन्तर्गत् अध्यक्ष बन्ने चार शीर्ष नेताहरूमध्ये पशुपतिशमशेर राणा, लोकेन्द्रबहादुर चन्द र डा. प्रकाशचन्द्र लोहनी चुनाव लडे तर तीनै जना शीर्ष नेताहरू चुनावमा पराजित भए । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत राप्रपा नेपालले २४ स्थानमा जित हात पारेको थियो भने राप्रपाले मात्र १० स्थानमा । **(परिशिष्ट-१४)** । समानुपातिकतर्फ राप्रपा नेपालले ६,३०,६९७ (६.६६ प्रतिशत) र राप्रपाले २,६०,२३४ (२.७५ प्रतिशत) मत प्राप्त गरेको थियो (निर्वाचन आयोग, २०७०) । समानुपातिकतर्फ राप्रपाको सभासद हुनेहरूमा सूर्यबहादुर थापा (धनकुटा), जयन्त चन्द (बैतडी), पर्शुराम तामाङ (धादिङ), आनन्दी पन्त (कञ्चनपुर), गीता सिंह (बाँके), इस्तयाक अहमद खान (रूपन्देही), राज्यलक्ष्मी श्रेष्ठ (नुवाकोट), रमेश लामा (सिन्धुपाल्चोक),

लक्ष्मी पासवान (धनुषा), र सरोजा शर्मा (नवलपरासी) रहेका थिए । यस निर्वाचनमा सुशील कोइराला, शेरबहादुर देउवा, माधवकुमार नेपाल र वामदेव गौतम दुई दुई निर्वाचन क्षेत्रबाट विजयी भएका थिए भने पुष्पकमल दाहाल, झलनाथ खनाल, विजयकुमार गच्छादार, उपेन्द्र यादव र डा. बाबुराम भट्टराई आदिले दुई दुई स्थानबाट उम्मेदवारी दिएका भए तापनि एक एक स्थानबाट मात्र विजयी भएका थिए ।

विभिन्न दलका पहिलो र दोस्रो पुस्ताका नेताहरूले निर्वाचनमा पराजय भोग्नु परेको थियो । शेरबहादुर देउवा, रामचन्द्र पौडेल, नारायणमान विजुक्छे र विजयकुमार गच्छदार २०४८ देखि २०७० सम्मका प्रत्येक निर्वाचनमा विजयी भएका थिए । यस निर्वाचनमा विजयी हुने सबैभन्दा कम उमेरका सभासद् सप्तरीका ताराकान्त चौधरी थिए जसको उमेर मात्र २९ वर्षको थियो । २०७० माघ २७ गते संसद्को बैठकमा उपस्थित ५५३ सदस्यहरूमध्ये ४०५ सभासद्हरूका मत प्राप्त गरी सुशील कोइराला प्रधानमन्त्री पदमा निर्वाचित भएको घोषणा जेष्ठ सदस्यका रूपमा सभामुखको भूमिका निर्वाह गरिरहेका सूर्यबहादुर थापाले गरे । यो सरकार नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार थियो । २०७० चैत्र २४ मा राप्रपाका सुनिलबहादुर थापा वाणिज्य तथा आपूर्ति मन्त्री र गिरीबहादुर केसी सोही मन्त्रालयमा राज्यमन्त्रीमा नियुक्त भएका थिए । २०७१ भदौ १३ गते नेपाल सरकारले संविधानसभाको लागि मनोनित गर्नुपर्ने २६ जनामध्ये १७ जनालाई मनोनित गऱ्यो, जसमध्ये राप्रपा नेपालका गणेश थापा समेत थिए । यसरी राप्रपाले दोस्रो संविधानसभाको निर्वाचन र त्यसपछि नेपाली कांग्रेसको नेतृत्वमा बनेको सरकारमा समेत सक्रिय रूपमा भाग लिएको थियो । तत्कालीन राप्रपा नेपालका अध्यक्ष संसदीय दलका नेता कमल थापाले अगष्ट १४, २०१४ का दिन सार्वजनिक महत्त्वको प्रस्ताव राख्ने क्रममा संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले समय समाप्त भयो तपाईलाई १० मिनेटको समयमा पुनः २ मिनेट थपी १२ मिनेटमा सक्नुपर्ने आफ्नो प्रस्ताव अव ३० सेकेण्डमा सक्नुस् माननीयज्यू भनेर जानकारी गराएका थिए तर कमल थापाले आफूलाई थोरै समय दिनुपऱ्यो, यो करिव ७ महिनापछि सार्वजनिक महत्त्वको प्रस्ताव राख्न गइरहेको छु भनेर अनुरोध गर्दा सभामुखले यो तपाई हामीले बनाएको नियम हो यसलाई परिवर्तन गर्न सकिँदैन भनेका थिए (संसदीय गतिविधि रेकर्ड, २९ साउन, २०७१) ।

कमल थापाले आपत्ति जनाउँदै कहाँ लेखेको छ ? बोल्न, समय दिन मिल्दैन भनेर ? त्यसो भए मलाई नबोलाई त्यही बसेकै ठाउँमा ढ्याप्ढ्यापेमा बोल्न दिएको भए भइहाल्थ्यो भन्दै यस्तै गतिविधि र निरङ्कुश शैलीका कारण संसद् अवरुद्ध भइरहन्छ भन्दै रोष्ट्रमबाट बाहिरिएर संसद्को संसद् प्रक्रिया अवरुद्ध गराएका थिए । राप्रपा नेपालका सांसदहरूले संसदीय प्रक्रिया अवरुद्ध गराएपछि सभामुखले कमल थापाको प्रस्तावलाई संसद्बाट मेटाउन दिएको आदेशलाई फिर्ता गरी त्यसको समर्थक र प्रस्तावक दुई जनालाई ५/५ मिनेट बोल्न दिने प्रस्ताव राखे र नाम पेश गरे । प्रस्तावकमा दिलनाथ गिरी र समर्थकमा सुशीलकुमार श्रेष्ठ थिए तर दुवै जनाले आफूहरुबाट प्रस्तावित नेता कमल थापाले बोल्न पाउनुपर्ने र आफूहरु नबोल्ने जवाफ दिएर निरन्तर संसद् अवरुद्ध गर्न रोष्ट्रमको अगाडि उभिएर आपत्ति जनाएपछि अन्तमा सभामुख सुवास

नेम्वाङले कमल थापालाई पुनः समय दिएका थिए । कमल थापाले पेश गरेको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव थियो । उनले बोल्ने क्रममा अप्रत्याशित रूपमा भएको यो घटनामा आफूले माफी माग्दछु भन्दै प्रस्ताव पेश गरे ।

कमल थापाले "स्थानीय निकाय जन प्रतिनिधिविहीन हुँदा सेवाग्राही जनता सेवाबाट बञ्चित भएको, विकास निर्माणका कार्य अवरुद्ध भएको र साधन स्रोतको व्यापक दुरूपयोग भएको हुँदा तत्काल स्थानीय निकायको निर्वाचनको मिति घोषणा गरियोस्" भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत गर्नु भएको थियो (सगरमाथा टेलिभिजन, २०७१) । राप्रपा वि.सं.२०७० माघ २७ गते बनेको नेपाली कांग्रेसको सुशील कोइरालाको सरकारमा सामेल भएको थियो । नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपा र साना दलहरूको संयुक्त सरकारमा राप्रपाका २ जना मन्त्रीहरू थिए । जसमा सुनिलबहादुर थापा र गिरीबहादुर के.सी. रहेका थिए । राप्रपाभित्र समानुपातिक सांसद र सरकारमा बन्ने मन्त्रीको विषयले ठूलो विवाद भएको थियो । समानुपातिक सांसद् बनाउने विषयमा नेतृत्वले कार्यकर्ताको मर्म र भावना विपरीत ठूलाठूला नेताहरूलाई मात्र भाग लगाउने ढङ्गले समानुपातिक सांसद्को समझदारी बनाएको कुरा केन्द्रीय समितिका अधिकांश केन्द्रीय सदस्यहरूलाई चित्त बुझेको थिएन । नेतृत्वले सबैभन्दा बढी मत प्राप्त गर्ने १० वटा जिल्लालाई समानुपातिक सांसद चयन गर्ने निर्णय गऱ्यो । १० जिल्ला बाहेक ६५ जिल्लाका तमाम कार्यकर्ताले प्राप्त गरेको मत र उनीहरूको पार्टीप्रतिको निष्ठा, इमान्दारिता र लगानीको अवमूल्यन हुने गरी गरिएको निर्णयको विरुद्ध राप्रपाका ४६ केन्द्रीय सदस्यहरूले हस्ताक्षर गरी केन्द्रले छनोट गरेका सभासद्का निर्णय उल्ट्याउन माग गरे । यो विषयलाई नेतृत्वले कुनै महत्त्व नदिएपछि ४६ केन्द्रीय सदस्य निर्वाचन आयोग पुगेका थिए । पछि सभासद्को विषयलाई बढी नचर्काऔँ भनी तत्कालीन अध्यक्ष सूर्यबहादुर थापाले असन्तुष्टहरूलाई छुट्टै छलफलका लागि बोलाएका थिए ।

थापाले आफ्नै निजी निवास मालिगाउँमा बोलाएका नेताहरू भूवन पाठक, तोरणबहादुर गुरुङ, जगत गौचन, राजेश गिरी, धनबहादुर बुढा, मिना सुवेदी, रोशन कार्की लगायतको उपस्थितिमा तपाईहरूको भावनालाई सम्बोधन हुनेगरी म पार्टीका आगामी निर्णयहरू गर्नेछु भनेर सम्झाइबुझाई गरेका थिए । पछि सरकारमा पठाउने क्रममा उनले त्यही असन्तुष्टमध्येका एक गिरीबहादुर के.सी.लाई र आफ्ना छोरालाई सुशील कोइरालाको सरकारको मन्त्रीमा सिफारिस गरेका थिए । जसअनुसार सुनिलबहादुर थापा वाणिज्य तथा आपूर्ति मन्त्री र गिरीबहादुर के.सी. वाणिज्य तथा आपूर्ति मन्त्रालयका राज्यमन्त्री बनेका थिए । राप्रपाको तर्फबाट एउटा मन्त्रालय मात्र पाए पनि राप्रपाका मन्त्री सुनिलबहादुर थापाले केही महत्त्वपूर्ण कार्यहरू गरेका थिए । नेपाल आयल निगम लामो समयदेखि घाटामा थियो । सुनिलबहादुर थापा मन्त्री भएपछि उनले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको जे मूल्य रहन्छ, त्यसलाई स्वतः नेपालमा पनि त्यही मूल्य निर्धारण हुने नीति बनाए । जसको कारण घाटामा गएको नेपाल आयल निगम नाफामा पुगेको थियो । रक्सौलदेखि अम्लेखगञ्जसम्म पाइप लाइनबाट इन्धन सप्लाई हुने पाइप लाइन निर्माण कार्यको थालनी गराए । यो

सम्पन्न भई अहिले इन्धन पाइप लाइनबाट सप्लाइ हुने गर्दछ । संविधानसभामा ज्येष्ठ सदस्यको नाताले राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा संविधानसभाका अध्यक्ष बन्ने अवसर प्राप्त भएको थियो । पाका नेता सूर्यबहादुर थापा करिव ५७ बर्ष पहिला २०१५ सालमा सल्लाहकार परिषद्का अध्यक्ष बनेका थिए ।

५ पटक प्रधानमन्त्री, ३ वटा राजाका प्रधानमन्त्री भएका थापाले लोकतान्त्रिक गणतन्त्र नेपालमा संविधानसभाका अध्यक्ष बनेर परिवर्तनका मूख्य ठूला दल र तिनका नेताहरूलाई लोकतन्त्र र लोकतान्त्रिक संविधानको शपथ खुवाएका थिए । राप्रपा पटकपटक प्रतिगामीका संज्ञाले चिनिने परिस्थिति निर्माण भइरहेको सन्दर्भमा नेता सूर्यबहादुर थापाले सबै सभासद्लाई शपथ खुवाउनु राप्रपाको लागि यो एउटा ऐतिहासिक अवसर थियो । यसबाट राप्रपा एउटा प्रजातान्त्रिक छवी बोकेको लोकतान्त्रिक पार्टी हो भन्ने ठूलो उदाहरण बनेको थियो । यसलाई राप्रपाको लागि महत्त्वपूर्ण उपलब्धी मान्नुपर्दछ । नेता सूर्यबहादुर थापा संविधानसभाको अध्यक्ष बनेपछि लामो समय राप्रपा संसदीय दलको नेता चुनिन पाएको थिएन । त्यसको कारण सूर्यबहादुर थापा, नयाँ दलबाट सभाध्यक्ष चुनिएपछि आफू राप्रपा संसदीय दलको नेता हुने चाहना भएकोले उनले संसदीय दलको नेता चुन्न ढिलाइ गरिरहेका थिए । संसद्मा प्रत्यक्ष चुनावमा विजयी सभासद् महामन्त्री दीपक बोहरा सूर्यबहादुर थापाको आगामी राजनैतिक कदम कस्तो हुन्छ ? र आफू के गर्ने भन्ने विषयमा पर्ख र हेर को नीतिमा थिए । सूर्यबहादुर थापाले आफ्ना छोरा सुनिलबहादुर थापालाई मन्त्री बनाए र उनको राज्यमन्त्रीमा उनी भन्दा धैरै पुरानो पाका नेता गिरीबहादुर के.सी.लाई बनाए ।

गिरीबहादुर के.सी. दीपक बोहराका आफ्नै भिनाजु थिए तर पनि बोहोराले आफूलाई मन्त्री नबनाए पछि थापासँग रुष्ट भई संसदीय दलको नेतामा चुनाव लड्ने निर्णय गरे । संसदीय दलमा बोहराको बहुमत भएकाले थापाले ११ पटकसम्म बैठक स्थगित गरेका थिए । अन्तमा नसकेपछि बोहोरालाई सर्वसहमतिमा संसदीय दलको नेता बनाइयो (काठमाण्डु पोष्ट, २०७१) । दीपक बोहोरा राप्रपाका महामन्त्री थिए भने सुर्यबहादुर थापा सोही पार्टीका अध्यक्ष थिए । पार्टीका संस्थापक अध्यक्ष, वर्तमान अध्यक्ष एक उच्च कदका नेता पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापालाई राप्रपाको संसदीय दलको नेता हुनबाट रोक्ने क्षमता दीपक बोहराले प्रदर्शन गरेका थिए । बोहराको राजनीति समय सन्दर्भअनुसार आफ्नो लागि के हुन्छ ? म के बन्ने ? मैले सहयोग गरेँ भने मलाई के प्राप्त हुन्छ ? भन्ने ढङ्गको रहँदै आएको देखिन्छ । आफ्नो स्वार्थका लागि जस्तो सुकै मूल्य चुकाउन तयार हुने बोहोरा पञ्चायत कालका अनुदार खेमाका नेता मानिन्थे । व्यक्तिगत रूपमा सूर्यबहादुर थापासँग उनको कहिल्यै राम्रो सम्बन्ध बन्न सकेन ।

उनी नेता लोकेन्द्रबहादुर चन्द र पछि नेता पशुपतिशमशेर राणासँग नजिक भएर आफ्नो राजनीतिक बन्दोवस्त, महत्त्वकांक्षा पूरा गर्दथे । पटकपटक पञ्चायतदेखि लोकतान्त्रिक गणतन्त्रसम्म मन्त्री बनेका दीपक बोहरालाई हमेशा पार्टी एकता र टुटफुटको एक प्रमुख पात्र मानिन्छ । राप्रपा संसदीय दलको नेतामा उनको खासै चाहना थिएन । खाली उनले सूर्यबहादुर थापालाई आफूलाई मन्त्री बनाए संसदीय दलको नेतामा नबस्ने तर मन्त्री सिफारिस नगरे संसदीय दलको नेतामा चुनाव लड्ने चाहना राखेका थिए । पछि सूर्यबहादुर थापाले

आफ्नो छोरा सुनिलबहादुर थापालाई मन्त्री बनाएपछि उनी सूर्यबहादुर थापासँग रुष्ट भएर उनलाई बदलाको भावनास्वरूप संसदीय दलको नेता बनेका थिए । संसद्मा भएका ३१ राजनीतिक दलहरूमध्ये राप्रपाको मात्र संसदीय दल गठन हुन सकेको थिएन । बल्लबल्ल चुनाव गरी संसदीय दलको उप-नेतामा राप्रपाका अर्का महामन्त्री बिक्रम पाण्डे सर्वसहमतिमा बनेका थिए । प्रमुख सचेतकमा पर्शुराम तामाङ भएका थिए । राप्रपाले संविधानसभामा गणतन्त्रको पक्षमा मतदान गरेको थियो । हिन्दूराष्ट्रको विषयमा राप्रपा पहिलादेखि नै प्रस्ट थियो ।

हिन्दूराष्ट्र नेपाल हुनुपर्दछ, धर्मनिरपेक्षता खारेज हुनुपर्दछ भनी पहिलो संविधानसभादेखि नै राप्रपाले उठाउँदै आएको थियो । संविधानसभाले बनाएका कानुनहरूमा संशोधन गर्नाका लागि माननीय सांसदहरूलाई ७२ घन्टे समयावधी दिएर संशोधन प्रस्ताव राख्न दिएको थियो । त्यसमा राप्रपाका संसदीय दलका नेता दीपक बोहराले आफूले संशोधन प्रस्ताव संविधानसभामा राखेका थिए । उनी लगायत अन्य ३ जना माननीयहरूले पनि प्रस्ताव राखेका थिए । जसमा नेता दीपक बोहराले हिन्दूराष्ट्र नेपाल हुनुपर्दछ भनेका थिए भने आनन्दी पन्त, इसयाक मोहमद खान र पर्शुराम तामाङले क्रमशः महिला आयोग, मुस्लिम आयोग र आदिवासी जनजाति आयोगको संशोधन प्रस्ताव राखेका थिए । विविध चार विषयमा संशोधन प्रस्ताव राखेकोमा दुइटा प्रस्ताव कार्यान्वयन भएको थियो । महिला आयोग र आदिवासी जनजाति आयोग राप्रपाले उठाएको संशोधन प्रस्तावको परिणाम हो । यो राप्रपाका कारण आज पनि यी दुई आयोगहरूले जनतालाई सेवा र लाभ प्रदान गरिरहेका छन् । राप्रपा कुनै राजनीतिक दल र कुनै पनि सरकारसँग सहकार्य गर्न पछि परेन । जसको सरकार बन्छ र सरकारमा सामेल गर्ने प्रस्ताव आउँछ, हमेशा सरकारमा जान तयार हुन्थ्यो राप्रपा । सत्ताबाट कहिल्यै बिमुख हुन नचाहने राप्रपाको ढुलमुले नीतिका कारण पार्टी सदा बदनाम र आलोचित हुने गरेको थियो । प्रधानमन्त्री सुशील कोइरालाको सरकारमा सामेल राप्रपा उनको सरकार ढलेपछि बनेको के.पी. ओलीको सरकारमा पनि राप्रपा सामेल भएको थियो ।

खड्गप्रसाद ओलीको नेतृत्वमा २०७२ अशोज २४ मा सरकार निर्माण भयो (यादव, २०७२, पृ. ५१७) । नेकपा एमाले, नेकपा माओवादी, राप्रपा नेपाल, नेपाल लोकतान्त्रिक फोरम, नेकपा माले, संयुक्त जनमोर्चा र राप्रपा गरी गठबन्धनको सरकार निर्माण भयो । नेपालको इतिहासमा पहिलो पटक ६-६ जना उपप्रधानमन्त्री रहेको जम्बो मन्त्रीपरिषद् निर्माण भयो । ओली नेतृत्वको यस सरकारमा राप्रपा अलिपछि प्रवेश गऱ्यो तर समर्थन पहिल्यै दिएको थियो । राप्रपाका तर्फबाट पहिला दीपक बोहरा श्रम तथा रोजगार मन्त्री भएर सरकारमा प्रवेश गरे । त्यसको केही महिनापछि राप्रपाका अर्का संविधानसभा सदस्य जयन्त चन्द वाणिज्य मन्त्रीको जिम्मेवारी लिएर सरकारमा सामेल भए (काठमाण्डु पोष्ट, २०७२) । राप्रपाको राजनीति मौका मिले सत्तामा जाने र त्यसमा कसलाई पठाउने भन्ने विषयमा मात्र केन्द्रित थियो । देशभरि सङ्गठन गर्ने, पार्टी सङ्गठनलाई मजबुत बनाउन कार्यक्रमहरू लिएर जाने यस्ता कुनै साङ्गठनिक कार्यक्रमहरू भएका थिएनन् । राप्रपाभित्र नेतृत्व र चक्रीय प्रणालीलाई संस्थागत गर्ने कार्यमा ठूलो आपसी विवाद

चलिरहेको थियो । उता राप्रपा नेपाल गणतन्त्र स्थापनापश्चात् पहिलो पटक के.पी. ओलीको सरकारमा सामेल भएको थियो ।

राप्रपा नेपालले गणतन्त्र, धर्मनिरपेक्षता र सङ्घियताको विपक्षमा मतदान गरेको थियो । साथै संविधानसभा बैठक वहिष्कार गरी संसद्बाट बाहिरिएको राप्रपा नेपाल पछि लोकतान्त्रिक गणतन्त्रको सरकारमा सामेल हुँदा नेपाली जनताबाट आलोचित भएको थियो । सरकारमा राप्रपा नेपालका अध्यक्ष कमल थापा स्वयं उपप्रधानमन्त्री सहितको जिम्मेवारी सम्हालेका थिए । राप्रपा नेपालको तर्फबाट उपप्रधानमन्त्री, स्थानीय विकास र परराष्ट्र मन्त्रीमा कमल थापा र भूमिसुधार तथा व्यवस्था मन्त्रीमा रामकुमार सुब्बा गएका थिए । जम्मा ३ वटा मन्त्रालय र मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री सहित ६ जना राप्रपा नेपालको तर्फबाट सरकारमा सामेल भएको थियो । स्थानीय विकास र भूमिसुधार तथा व्यवथा मन्त्रालयहरूका राज्यमन्त्रीहरूमा क्रमशः श्रीमती कुन्तीकुमारी शाही र बिक्रमबहादुर थापा रहेका थिए भने स्थानीय विकास र भूमिसुधार तथा व्यवथा मन्त्रालयहरूका सहायक मन्त्रीहरूमा क्रमशः विराज बिष्ट र दिनेश श्रेष्ठ रहेका थिए । यसरी ओलीको सरकारमा राप्रपा नेपालका तर्फबाट ६ जना मन्त्रीहरू थिए । कमल थापाले स्वयं दुइटा मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए ।

परराष्ट्र मन्त्रालय आफूले मात्र सम्हालेका थिए । राप्रपा नेपालभित्र पछि राप्रपा नेपालका सहअध्यक्ष केशरबहादुर बिष्टले अध्यक्ष कमल थापाको कार्यशैली ठिक नभएको र आफू पार्टीको सहअध्यक्ष भए पनि सो पदको पदीय हैसियतअनुसार पार्टीले आफूलाई अधिकार नदिएको भनी नेतृत्वको आलोचना गरेपछि बिष्ट र थापाबिच सम्बन्ध बिग्रिएको थियो । त्यसपछि राप्रपा नेपालको केन्द्रीय परिषद् बैठक २०७२ जेठ २० गते वीरगञ्जको होटेल सुरजमा भएको बैठकमा अध्यक्ष कमल थापाले सहअध्यक्ष बिष्टलाई खवर नै नगरी केन्द्रीय परिषद्को बैठकबाट बिष्टलाई सहअध्यक्ष पदबाट पदमुक्त गरेका थिए (अन्नपूर्ण पोष्ट, २०७३) । पछि केशरबहादुर बिष्टले राप्रपा नेपाल पार्टी परित्याग गरेका थिए । उनी पार्टीबाट अलग भएपछि उनका छोरालाई स्थानीय विकास सहायक मन्त्री पदबाट फिर्ता बोलाइएको थियो र सो ठाउँमा राप्रपा नेपालका रेशम लामालाई सहायक मन्त्रीमा नियुक्त गरिएको थियो । तत्कालीन समयमा देशले नाकाबन्दीको ठूलो सास्ती खेपेको थियो । स्थानीय विकास मन्त्री भएर सङ्घीयतालाई संस्थागत गर्ने, नामाङ्कन, सीमाङ्कन गर्ने, निर्वाचन क्षेत्रदेखि गाउँपालिका, नगरपालिकाको स्वरूप तयार गर्ने विविध कार्यहरू भएका थिए तर सङ्घीयता, धर्मनिरपेक्षता र गणतन्त्रको विरोध गर्ने राप्रपा नेपालले लोकतन्त्रको संविधान, सुन्दर संविधान हो भनी कार्यान्वयन गर्दा आलोचित बनेको थियो ।

राष्ट्रपतिको चुनावमा भाग लिएको, संविधानलाई विश्वकै राम्रो, सुन्दर संविधान अन्तर्राष्ट्रिय जगतमा समेत गएर भनेको, सङ्घीयताको विरोध गर्ने पार्टी स्थानीय विकास मन्त्री बनी सङ्घीयतालाई कार्यान्वयन गर्न लागेको भनेर ठूलो आलोचना राप्रपा नेपालले सहनु पर्‍यो । राप्रपा र राप्रपा नेपालको एकीकरणको प्रयास पहिलेदेखि नै बेलाबेलामा हुँदै आए पनि सार्थक निचोडमा पुग्न सकेको थिएन । कहिले वार्ता प्रक्रिया विविध

कारणले लम्बिने गर्दथ्यो त कहिले समय, मिति, स्थान तोकेर पनि वार्ता अवरुद्ध हुन्थ्यो । बाहिरबाट हेर्दा राप्रपाको राजनीतिमा बाह्य शक्तिको प्रत्यक्ष चलखेल भएको भान हुने गर्दथ्यो । २०७३ साल साउन २५ गते विभिन्न चरणको वार्तापछि राप्रपा एक हुने निश्चितप्रायः भएको थियो । राप्रपा र राप्रपा नेपालका दुवैको सहमतिअनुसार पार्टी एकीकरणको टुङगो लगाई भृकुटीमण्डपको राष्ट्रिय सभागृह हल बुकिङ गरी २०७३ साउन २५ गते घोषणा गर्ने निर्णय एकाएक परिवर्तन भएको थियो । राप्रपाका तमाम देशभरिका नेता कार्यकर्ताहरूको पार्टी एकताको उत्साहलाई निरुत्साहित गरियो ।

राप्रपा नेता पशुपतिशमशेर राणाले एकाएक एकताको कुरालाई तत्काल टुङ्गोमा पुऱ्याउन नसकिने जानकारी गराएका थिए । यसको करिव ४ महिनापछि २१ नोभेम्बर, २०१६ का दिन कमलादीको नेपाल एकेडेमीमा भव्य कार्यक्रमका साथ सम्पन्न भएको थियो । राप्रपा र राप्रपा नेपाल एकीकरण भएर राप्रपा बन्यो । अध्यक्ष कमल थापा बने भने राष्ट्रिय अध्यक्षमा पशुपतिशमशेर जबरा रहेका थिए । राप्रपा तत्कालीन समयमा सरकारमा थियो । पुष्पकमल दाहाल (प्रचण्ड) दोस्रो पटक नेपाली कांग्रेस, लोकतान्त्रिक फोरम नेपाल, राप्रपा, समाजवादी प्रजातान्त्रिक जनता पार्टी र अखण्ड नेपाल पार्टीको सहयोगमा नेकपा माओवादी केन्द्रको सरकार निर्माण भएको थियो । राप्रपा नेपाल र नेकपा एमाले लगायतका दलहरू विपक्षमा थिए । राप्रपाका दीपक बोहरालाई आपूर्ति मन्त्रालय र विक्रम पाण्डेलाई भूमि सुधार तथा व्यवस्था मन्त्री बनाइएको थियो । यसै क्रममा राप्रपा र राप्रपा नेपाल एकीकरण भएको थियो । सरकारमा रहेकाहरूले पार्टी एकीकरण भएपछि कमल थापा लगायत केही मन्त्रालय लिएर सरकारमा जानुपर्दछ भन्ने धारणा राखे भने राप्रपा नेपाल समूहका नेताहरूले सरकारमा जान हुँदैन भन्ने धारणा राखे ।

सरकारबाट बाहिरिनुपर्दछ भन्ने धारणा राखे । अन्ततोगत्व राप्रपाका अध्यक्ष कमल थापा सरकारमा उपप्रधानमन्त्रीसहित स्थानीय विकास मन्त्रालय लिएर सामेल भए । राप्रपाको महाधिवेसनको तयारी र पार्टी एकीकरणलाई संस्थागत गर्ने कार्यले पार्टीको महाधिवेशनभन्दा अगाडि कमल थापा सरकारमा सामेल थिएनन् तर राप्रपाका दुई मन्त्री महाधिवेशनका समयमा पनि सरकारमै थिए । राप्रपाको एकता महाधिवेशन काठमाडौँको भृकुटी मण्डपमा २०७३ फाल्गुण ६ देखि ११ गते सम्म भव्य रूपमा सम्पन्न भएको थियो । महाधिवेशनले भारी मतका साथ अध्यक्षमा कमल थापालाई चयन गरेको थियो । उनका प्रत्याशी प्रदीपबिक्रम राणाले महाधिवेशनमा उनीप्रति गरिएको निरङ्कुश व्यवहारका कारण उम्मेदवारी दिएका थिए । सामान्य कार्यकर्ता राणा अप्रत्यासित रूपमा अध्यक्षका उम्मेदवार बनेका थिए । कमल थापालाई नेता लोकेन्द्रबहादुर चन्द, पशुपतिशमशेर राणा, डा. प्रकाशचन्द्र लोहनी लगायत सबैको समर्थन रहेको थियो । महाधिवेसन सकिनेबित्तिकै राप्रपा सरकारमा जाने कि सरकारबाट फिर्ता आउने विषयले विवाद उत्पन्न भएको थियो । पछि अध्यक्ष थापा सरकारमा सामेल भए । उनी लगायत दिलनाथ गिरी र पर्शुराम तामाङ सरकारमा सामेल भए । तत्कालीन सरकारमा माओवादीका हितराज पाण्डेलाई स्थानीय विकास मन्त्रीबाट फिर्ता बोलाई उपप्रधानमन्त्रीसहित कमल थापालाई स्थानीय विकास मन्त्री र जीवनबहादुर शाहीलाई पर्यटन तथा नागरिक

उड्यन मन्त्रीबाट फिर्ता बोलाई दिलनाथ गिरीलाई पर्यटन तथा नागरिक उड्यन मन्त्री बनाइएको थियो । सोही मन्त्रालयमा पर्शुराम तामाङलाई पर्यटन तथा नागरिक उड्यन राज्यमन्त्री बनाइएको थियो ।

राप्रपा र राप्रपा नेपाल एकता भएपछि राप्रपा संसद्मा ३७ सिटसहित चौँथो ठूलो दल बन्न पुग्यो । राप्रपालाई सरकारमा आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाएर सामेल गर्नु पछाडिका मुख्य कारण संसद्मा दुई तिहाई पुऱ्याउनु थियो । राप्रपा सामेल हुनेबित्तिकै संसद्मा दुई तिहाई सिट पुग्ने र संविधान संशोधन गर्नुपरे सहज हुने अवस्था रहन्थ्यो (अन्नपूर्ण पोष्ट, २०७४, वैशाख १८) । राप्रपा सरकारमा भएकै बेला एकीकृत राप्रपा पार्टीको विधान महाधिवेशनपश्चात् निर्वाचन आयोगमा दर्ता गरिएको थियो । त्यसको केही समयपश्चात् निर्वाचन आयोगले राप्रपाको विधानबाट हिन्दूराष्ट्र र राजसंस्थाको विषयमा निर्णय गऱ्यो । राप्रपाको विधानबाट राजसंस्था र हिन्दूराष्ट्रको बुँदालाई हटाई अन्य विषयलाई दर्ता गरेपछि राप्रपाले निर्वाचन आयोगसँग आफ्नो सैद्धान्तिक एजेन्डालाई जस्ताको तस्तै राख्नुपर्ने नत्र आफ्नो पार्टी निर्वाचन आयोगको विरुद्धमा आन्दोलन गर्ने चेतावनी दिएको थियो । राप्रपाको चेतावनीलाई निर्वाचन आयोगले टेरपुच्छर लगाएन भने राप्रपाले निर्वाचन आयोगको विरुद्ध आन्दोलन गर्ने घोषणा गऱ्यो । राप्रपाले निर्वाचन आयोगको विरुद्ध विभिन्न चरणमा आन्दोलनहरू गऱ्यो, धर्ना, जुलुस र निर्वाचन आयोग घेर्नेदेखि अधिराज्यका ७७ वटै जिल्लामा र ७५३ स्थानीय निकायमा धर्ना दिने काम गऱ्यो । आफ्नो विचारप्रति प्रतिबन्ध लगाएको सो निर्णय वास्तवमै राप्रपाका लागि आपत्तिजनक थियो ।

राप्रपाका अध्यक्ष कमल थापा आफू सरकारमा भएरै पनि यो आन्दोलनको लागि सडकमा आए । पार्टीका वरिष्ठ नेता पशुपतिशमशेर राणामाथि आन्दोलनका क्रममा लाठी प्रहार गरियो । सयौँ कार्यकर्ता घाइते भएका थिए । कमल थापा स्वयं आन्दोलनकारीसँग आन्दोलनमा सरिक थिए । राप्रपालाई सो घटनाले ठूलो द्विविधामा पाऱ्यो । सरकारमा पनि रहने र सडकमा पनि आन्दोलन गर्ने भनी राप्रपा र पार्टीका अध्यक्ष कमल थापाको आलेचना भएको थियो (माई रिपब्लिका, २०७४) । राप्रपा आन्तरिक रूपमा पनि एक हुन सकेको थिएन । पार्टी एकताको मर्म र भावना बुझेर नेता कमल थापाले सबैलाई समेट्न सकेका थिएनन् । डा. प्रकाशचन्द्र लोहनी राप्रपाबाट अलग भइसकेका थिए । उनको भनाइअनुसार थापाले पार्टीको पहिलो केन्द्रीय समितिको बैठकबाट आफूलाई निर्देशन समितिको अध्यक्ष बनाउने सहमति भएअनुसार अध्यक्ष कमल थापाले सहमति पालन नगरेको भनेर राप्रपाबाट अलग भएका थिए । उनले अलग भएपछि अरु नै विषयमा असन्तुष्टि राखेका थिए । यता राणासँग पनि कमल थापाको सम्बन्ध राम्रो जमेको थिएन । राप्रपा पटकपटक सरकारमा गएको नेपाली जनतालाई मन परेको थिएन । यस पटक राप्रपा सरकारमा पहिला जस्तो छुट्टै गएको थिएन । राप्रपा सरकारमै थियो, खाली थप मन्त्रीहरू सामेल भएका थिए तर राप्रपाका अध्यक्ष कमल थापा सरकारमा गएपछि आम नेपाली जनता, विश्व जगतले राप्रपा फेरि सत्ताको पदलोलुप भएर सरकारमा गयो भन्ने बुझे । यसलाई राप्रपाले प्रस्ट्याउन सकेन र धेरै आलोचना भएको थियो । राप्रपा एकता महाधिवेशनको उत्साह, पार्टीप्रतिको आकर्षणका कारण पार्टी प्रवेशको लहर बढेको थियो । आम

सर्वसाधारणले हेर्ने दृष्टिकोण राप्रपा सरकारमा गएपछि, त्यसमा पनि कमल थापा स्वयं सामेल भएपछि राप्रपालाई विश्वास गर्न सकेका थिएनन् । जनताप्रतिको विश्वास घट्दै गएको थियो । राप्रपा यो विविध विषय र परिस्थितिबाट जानकार भइकन पनि सत्ताप्रतिको मोहका कारण सत्ताबाट टाढा हुन सकेन ।

राप्रपा सत्तामा रहेकै बेला प्रधानन्यायधीश सुशीला कार्कीलाई नेपाली कांग्रेस र माओवादीका २४९ सांसदहरूले हस्ताक्षर गरी कांग्रेसका सांसद मिन विश्वकर्माले महाअभियोग दर्ता गरेका थिए । सुशीला कार्की नेपालको इतिहासमा पहिलो महिला प्रधानन्यायधीश बनेकी थिइन् । उनको अवधीमा उनले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताका नीति अपनाउने प्रतिबद्धता गरेकी थिइन् । तत्कालीन समयमा सबैभन्दा बढी चर्चामा रहेका लोकमानसिंह कार्की अख्तियार प्रमुखलाई पदच्यूत गर्न सफल प्रधानन्यायधीस सुशीला कार्कीले सरकारले निर्णय गरी बनाएको प्रहरी महानिरीक्षक जयबहादुर चन्दलाई अयोग्य ठानी नवराज सिलवाललाई प्रहरी प्रमुख बनाउने सर्वोच्च अदालतले निर्णय गरेको थियो । यो विषयले ठूलो रूप लियो । त्यतिमात्र होइन हत्या आरोपी बालकृष्ण ढुङ्गेल माओवादी सभासद् खुलेआम सडकमा हिँड्दा पनि नेपाल प्रहरीले कहिल्यै पक्रेर हिरासतमा राखेन । उनलाई पक्राउ पुर्जी दिलाई जेल हाल्ने कार्य उनकै पालामा भयो । यस्तो स्वच्छ छवि भएकी प्रधानन्यायधीश सुशीला कार्कीमाथि तत्कालीन सरकारले महाअभियोग लगाएर हटाउन लागेपछि राप्रपा यसको विपक्षमा उभियो । यदि सुशीला कार्कीजस्तो निष्ठावान प्रधानन्यायधीशलाई महाअभियोग लगाई हटाउने हो भने राप्रपा सरकारबाट बाहिरिन तयार छभन्दा पनि कांग्रेसले महाअभियोग दर्ता गऱ्यो । त्यसपछि सरकारबाट राजीनामा दिएर राप्रपाका सबै मन्त्रीहरू बाहिरिएका थिए । तत्कालीन प्रचण्ड सरकारमा रहँदा राप्रपाका अध्यक्ष कमल थापा र नेपाली कांग्रेसका विमलेन्द्र निधि बिच प्रोटोकलका विषयमा मतभेद देखिन्थ्यो । मर्यादाक्रममा को ठूलो भन्ने विषयले उनीहरूका बिच सम्बन्ध चिसिएको थियो ।

विमलेन्द्र निधिले आफू गृहमन्त्री हुँदा जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक बनाएका थिए । सर्वोच्चले उनलाई अयोग्य ठहर गरेपछि बिमलेन्द्र निधिले गृहमन्त्रीबाट राजीनामा दिएका थिए तर त्यसको केही दिनपछि उनलाई पुनः त्यही जिम्मेवारीमा पुनर्स्थापित गरिएको थियो । तत्कालीन प्रचण्डको नेतृत्वको सरकार नेपाली कांग्रेससँग आलोपालो गरी चलाउने सहमतिका साथ बनेको थियो । त्यही सहमतिलाई पालना गर्दै पछि उनले प्रधानमन्त्री पदबाट राजीनामा दिए र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई समर्थन गरेका थिए । यस बिचमा सरकारबाट बाहिरिएपछि राप्रपामा ठूलो गुटबन्दी सिर्जना भयो । सरकारमा रहन चाहने दीपक बोहरा, बिक्रम पाण्डे लगायत कमल थापाको कार्यशैली मन नपराउने नेता तथा केन्द्रीय सदस्यहरूबिच असमझदारी बढ्दै गयो । पशुपतिशमशेर राणाले आफूले पार्टी एकतापछि चुनाव चिन्ह हलो राख्ने सहमति भएको बताउँदै आएका थिए । पछि केन्द्रीय समितिको बैठकमा अध्यक्ष कमल थापाले हलो राख्ने कि गाई राख्ने भन्ने विषयमा केन्द्रीय समितिलाई मत विभाजन गराई केन्द्रीय सदस्यहरूको राय व्यक्त गर्न लगाएपछि केन्द्रीय समितिमा गाईको पक्षमा अधिकांस केन्द्रीय सदस्यहरूले विचार व्यक्त गरेका थिए । राणा पक्षका नेता रोशन कार्की, भुवन पाठक, तोरणबहादुर गुरुङ, राजेश गिरी लगायतले चुनाव चिन्ह गाई

नै राख्नु उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरेका थिए भने थापा पक्षका अधिकांश नेताहरूले गाई भनेका थिए । पशुपतिशमशेर राणा त्यस्तो महत्त्वपूर्ण बैठकमा एकछिन उपस्थित भएर भारत जानुपर्ने दिल्लीको टिकट भएकोले म अहिलेलाई हिँडे भनेर बैठकबाट बाहिरिएका थिए ।

राणा नेपाल फर्के लगत्तै राप्रपाभित्र ठूलो खैलाबैला मच्चियो । प्रस्ट रूपमा दुई भागमा पार्टी विभाजित भएको थियो । कमल थापासँग रहेका अधिकांश सांसद, मन्त्रीहरूको दोहोरो चरित्र देखिन्थ्यो । थापासँग नजिक रहँदा थापाको र पछि राणासँग लाग्ने परिस्थिति निर्माण भएको थियो । राप्रपालाई विभाजन गराउन दरबार, तत्कालीन सरकार, देशीविदेशी सबै लागि परेको अवस्था थियो । स्थानीय चुनाव भइरहेको बखत राप्रपा विभाजित हुने अवस्थामा पुगेको थियो । विभिन्न चरणको स्थानीय निकाय चुनावको मुखमा पार्टी विभाजनको हल्लाले प्रत्यक्ष कार्यकर्तामा नैराश्य छाएको थियो । राणा र थापा बिच असमझदारी यति बढेको थियो कि एकअर्का बसेर छलफल गर्न समेत उपयुक्त ठानेका थिएनन् । दरबारियाहरूले कमल थापालाई कमजोर बनाउनका लागि कमल थापासँग नजिक भएका केही सांसद र पूर्वमन्त्रीहरूलाई पशुपतिशमशेर राणाको पक्षमा लाग्न दवाव दिएका थिए । यता कांग्रेसका विमलेन्द्र निधि राप्रपा फुटाउन र कमल थापालाई कमजोर बनाउन राणा पक्षकालाई सरकारमा सामेल गर्न हैसियतभन्दा बढी मन्त्री दिने तर जसरी पनि राप्रपा विभाजन गरी छाड्ने कसरतमा लागेका थिए । सोही अनुसार कमल थापालाई कमजोर बनाउन दरबार, सरकार र विदेशीहरूसमेत खुलेर लागेका थिए । राप्रपा पार्टी विभाजनको लागि केन्द्रीय सदस्यहरूको हस्ताक्षर सङ्कलन भइरहेको थियो । त्यसै क्रममा नेता राणाले राप्रपाका केन्द्रीय सदस्यहरू धनबहादुर बुढा, राजेश गिरी र राजेन्द्र गुरुङलाई बोलाए ।

राजेन्द्र गुरुङलाई नेता राणाले आफ्नो निजि निवासको भेटघाट कक्षमा अन्यले सही गरेको कागज दिँदै त्यसमा सही गर्नु भनेर भने । शोधकर्ता प्रत्यक्षदर्शी भएको यो घटनामा शोधार्थी पनि राप्रपाको तत्कालीन केन्द्रीय सदस्य रहेको थिएँ । नेता राजेन्द्र गुरुङले कुनै टीकाटिप्पणी नगरी सही गरे राणाको पेपरमा । त्यसको केही बेरपछि धनबहादुर बुढा र म स्वयं राजेश गिरीलाई सही गर्न अनुरोध गरे । नेता राणाको पक्षमा लामो समयदेखि काम गर्दै आएका हामी दुई भाइ त्यो दिन नेता राणासँग प्रतिप्रश्न गर्न थाल्यौं । केका लागि सही गर्ने अध्यक्ष ज्यू ? राप्रपा पार्टी विभाजन हुन लागेको हो ? के अब हामी सँगै रहन सक्दैनौं ? यसमा कस्को हात छ ? आदि प्रश्न गर्दा राणाले जवाफ दिएका थिए । अब हामीसँगै रहन सक्दैनौँ । पार्टी फुटाउनै पर्ने दवाब मलाई आएको र यो नै अन्तिम सत्य हो । तिमीहरू मेरो मान्छे भोलि चुनाव लड्नुपर्छ । कमलले पार्टी चलाउन सक्दैन, उसलाई कुनै विदेशीले आर्थिक सहयोग गर्दैन । कांग्रेससँग मिलेर चुनाव लड्ने म तिमीहरूको संरक्षण गर्छु भनी नेता राणाले भनेपछि हामी छाँगाबाट झरेजस्तै भयौं । हामीले पार्टी फुट्नु दुर्भाग्य हो, यसले कसैलाई राम्रो गर्दैन भनेर भन्दा अब विकल्प केही नरहेको राणाले बताएपछि, एकछिनमा हामी आउँछौँ भनेर बाहिरिन खोज्दा राणा निराश भएका थिए । सही गरेर मात्र जानु भने तर हामीले एकछिनमा आउने कुरामा अडिग भयौँ । उनको खाली कागजमा ४५ जनाले सही गरिसकेका थिए ।

४० प्रतिशत पुऱ्याउन उनलाई जम्मा २ वटा सही मात्र बाँकी चाहिइएको थियो । यदि हामी धनबहादुर बुढा र म राजेश गिरीले सही गरेको भए त्यही दिन राप्रपा फुट्ने निश्चित भएको थियो ।

हाम्रो सहीको पर्खाइमा बसेका राणाका भित्री बैठकमा दीपक बोहरा, सुनिलवहादुर थापा र बिक्रम पाण्डे पर्खिरहेका थिए । केही साथीहरू निर्वाचन आयोगमा जानलाई तयारीसमेत गरिरहेका थिए । सबैमा पूर्ण विश्वास थियो कि ४०% पुऱ्याउन सकियो भनेर किनकि पशुपतिशमशेर जबराका अत्यन्तै निकटमध्येका हामी दुई भाइको हस्ताक्षर मात्र गर्न बाँकी थियो । त्यसको कारण म राजेश गिरी झापामा थिएँ । स्थानीय निकायको चुनाव थियो । भर्खरै आफ्नो निर्वाचन क्षेत्र अन्तर्गत गौरीगञ्ज गाउँपालिकामा अध्यक्षको उम्मेदवारलाई विजयी बनाई म झापातिरै अलमलिनु परेका कारण काठमाडौँमा थिइन भने धनबहादुर बुढा र मलाई सँगै हस्ताक्षर गराउने भनेर नेता राणा ढुक्कले अरुलाई हस्ताक्षर गराउँदै बसेका थिए । हाम्रो असहयोगका कारण राप्रपा विभाजनबाट रोकियो । यो खवर नेता बुद्धिमान तामाङले कमल थापालाई जानकारी गराएका थिए । पछि कमल थापासँग म राजेश गिरीको भेट भयो । मैले सबै घटना अध्यक्ष थापालाई बताएँ । त्यतिका समयसम्म कमल थापालाई सुनिलबहादुर थापा, किरण गिरी, दीपक बोहरा लगायत नेताहरूले आफू तपाईसँगै रहेको र पार्टी विभाजन कुनै हालतमा पनि हुनुहुँदैन भन्दै विश्वास दिलाएका थिए । अध्यक्ष थापालाई विश्वास दिलाएर धोका दिन तयार नेताहरूलाई कमल थापाले चिन्न सकेनन् । त्यति मात्र होइन त्यो सूचना पाएपछि कमल थापाले ४० जना केन्द्रीय सदस्यहरू मनोनित गरे ।

त्यसमा पनि १८ जनाले अध्यक्ष थापालाई धोका दिए । आफूसँग लामो समय काम गरेको र त्यस्तो अफ्ठेरो अवस्थामा साथ पाइन्छ भनेर मनोनित गरेका ४० मध्ये १८ जनाले धोका दिएपछि राप्रपा पार्टी विभाजनको लागि निर्वाचन आयोगमा पुगेको थियो । त्यतिमध्ये केहीले हस्ताक्षर गरेका थिए । पछि आफूले जबर्जस्ती गरेकाले हस्ताक्षर गरेको भनी सफाइ दिएका थिए । प्रह्लाद शाह, लिला श्रेष्ठ, बिन्दा गिरी, निरञ्जन थापा लगायतले हस्ताक्षर गरे पनि आफू कमल थापासँग रहेको बताएका थिए । प्रदीप उदय, रविन चामलिङ, किरण गिरी, दिलिप बस्नेत लगायत १८ जना मनोनितहरूले कमल थापालाई असहयोग गरेका थिए । राप्रपा पार्टी विभाजन नहोस् भनेर राप्रपाका सबै केन्द्रीय सदस्यहरूलाई सम्पर्क गर्ने, भेटघाट गरी परामर्श लिने र पार्टीलाई एकजुट राख्न मकवानपुर राप्रपाका अध्यक्ष कमल थापाका भाइ गणेश थापा पूर्णरूपमा सक्रिय थिए । उनकै पहलमा केन्द्रीय सदस्यहरूलाई राणा पक्षले आर्थिक प्रलोभन देखाएर, राजनीतिक नियुक्तिको आश देखाएर हस्ताक्षर गर्न लगाउने सम्भावना बढेको कारण सबै आफ्ना पक्षका नेता तथा केन्द्रीय सदस्यहरूलाई मकवानपुरको होटेल एभोकाडो र होटेल रिसोर्टमा गरी दुई ठाउँमा राखिएको थियो । केन्द्रीय समितिको बैठक होटेल एभोकाडोमा सञ्चालन गरिएको थियो । राप्रपामा जबजब पार्टी विभाजनको प्रसङ्ग चल्छ हरेक समय आर्थिक लेनदेनको चर्चा चल्ने गरेको छ । यस पटक पनि सांसद भएकालाई मन्त्री बनाइदिने र अन्यलाई उसको आवश्यकताअनुसारको चाहना पूरा गर्ने प्रतिबद्धता गर्दै सदस्यहरूको हस्ताक्षर गराइएको थियो । राणा पक्षले निर्वाचन आयोगमा पार्टी विभाजन गर्न र आफूलाई

वैधानिकता दिन गरेको अनुरोधमा फैसला तत्काल सुनाउन सकेन । राप्रपाले निर्वाचन आयोगमा हस्ताक्षर नक्कली गरेको र त्यसमा सत्यता नभएको भनी उजुर गरेको थियो । पछि निर्वाचन आयोग पूर्वाग्रही भएर सरकारसमेत लागेर राप्रपाबाट विधिवत रूपमा राप्रपा प्रजातान्त्रिकको नाममा पार्टी विभाजन भयो ।

विभाजन भएको केही दिनमै राप्रपा प्रजातान्त्रिक सरकारमा सामेल भएको थियो । राप्रपाले वैधानिकताको लागि सर्वोच्च अदालतमा समेत मुद्दा दायर गऱ्यो तर अन्ततोगत्व राप्रपा प्रजातान्त्रिक साउन २२, २०७४ (अगस्ट ६, २०१७) का दिन गठन हुन पुग्यो । राप्रपाका केन्द्रीय सदस्यहरूले हस्ताक्षर गरेको कुरालाई निर्वाचन आयोगले मान्यता प्रदान गऱ्यो । व्यक्ति उपस्थित हुनुपर्ने कुरालाई पूर्वाग्रही भएर निर्वाचन आयोगले व्यक्ति उपस्थित नभए पनि उसको हस्ताक्षरलाई वैधानिकता प्रदान गरेको थियो । राप्रपा पटकपटकको फुटले जनताको नजरमा तिरस्कृत पार्टी बनेको थियो । अझ आमनिर्वाचनको मुखमा आएर राप्रपा विभाजित भएको थियो । तत्कालीन समय देशमा शेरबहादुर देउवाको सरकार थियो । लोकतान्त्रिक गठबन्धन बनाउनका लागि चुनावमा मिलेर जाने सर्तअनुरूप राप्रपा फेरि शेरबहादुर देउवाको सरकारमा सामेल भयो । शेरबहादुर देउवाको सरकारमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेपाल लोकतान्त्रिक फोरम, राप्रपा, राप्रपा प्रजातान्त्रिक, नेकपा संयुक्तको गठबन्धनको चुनावी सरकारमा राप्रपा समावेश भयो । जसमा राप्रपा अध्यक्ष कमल थापा उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री, दिलनाथ गिरी सहरी विकास मन्त्री, बिक्रमबहादुर थापा महिला तथा समाजकल्याण मन्त्री, जयन्त चन्द आपूर्ति मन्त्री, कुन्तीकुमारी शाही, सहरी विकास राज्य मन्त्री, भाष्कर भद्रा ऊर्जा राज्यमन्त्री, सुशील श्रेष्ठ आपूर्ति राज्यमन्त्री र श्रीमती कान्ता भट्टराई समाज कल्याण राज्यमन्त्री गरी ४ मन्त्रालयमा ८ जना मन्त्री बनेका थिए ।

यो कार्यकालमा कमल थापाले विगतका सरकारले निर्णय गरी चाइनालाई कालीगण्डकी परियोजना निर्माण कार्यको ठेक्कालाई रद्द गरी त्यसलाई राष्ट्रिय गौरवको आयोजना बनाएका थिए र नेपाल र नेपालीले नै गर्न पाउनुपर्छ भन्ने मूल उद्देश्य रहेको थियो । चुनावको मुखमा बनेको सरकार त्यसमा पनि चुनावी सरकार भइसकेको अवस्थामा पनि आफूसँग फरक मत राखेको, मन्त्रीपरिषद्को बैठकमा जबाफ फर्काएको भनेर सहरी विकास मन्त्री दिलनाथ गिरीलाई मन्त्री पदबाट मुक्त गरेका थिए । मन्त्री दिलनाथ गिरीको भनाइमा उनलाई मन्त्रीको हैसियतमा कार्य सञ्चालनमा सचिव र राज्यमन्त्री कुन्तीकुमारी शाहीले असहयोग गरेको, सचिवले, राज्यमन्त्री र बिचौलियासँग साँठगाँठ गरी आफूलाई अफठ्यारोमा पारेको अवस्थामा सो विषयमा प्रधानमन्त्रीले सोधेको र जबाफ दिँदा अध्यक्ष थापाले राजीनामा मागेको कुरा बताएका थिए । यसरी शेरबहादुर देउवाले आमनिर्वाचन सम्पन्न गरे । आफ्नो नेतृत्वमा देशमा चुनाव सम्पन्न गरी बहुमत प्राप्त नेकपालाई सरकार बनाउन बाटो खुल्यो र ओलीको नेतृत्वको सरकार गठन भयो ।

### च. प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन, २०७४ र राप्रपा

२०७४ मा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन एकैसाथ सम्पन्न भएका थिए । यी दुवै चुनावहरूमा राप्रपाको सक्रिय सहभागिता थियो । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन

ऐन, २०७४, दुवै ऐनको दफा ७ को उपदफा (१) र (२) बमोजिम पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको निर्वाचन कार्यक्रम आयोगबाट मिति २०७४ भदौ २२ मा स्वीकृत भएको थियो । समानुपातिक निर्वाचन प्रणालीतर्फ २०७४ साल असोज ९ गते राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेस गर्ने कार्यक्रम रहेकोमा सो मिति केही पर सारिदिन राजनीतिक दलहरूबाट आग्रह भएअनुरूप २०७४ साल अशोज २९ गते उम्मेदवारको बन्दसूची पेस गर्ने गरी आयोगबाट मिति २०७४ भदौ २६ मा निर्वाचन कार्यक्रम संशोधन गरिएको थियो (निर्वाचन आयोग, २०७४) । पहिलो निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ पहिलो चरणमा निर्वाचित हुने जिल्लाका लागि २०७४ साल कार्त्तिक ५ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्नेदेखि कार्त्तिक ८ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र दोस्रो चरणमा निर्वाचित हुने जिल्लाका लागि २०७४ साल कार्त्तिक १६ गते उम्मेदवारको मनोनयन दर्ता गर्नेदेखि कार्त्तिक १९ गते उम्मेदवारहरूलाई निर्वाचन चिन्ह प्रदान गर्ने गरी निर्वाचन कार्यक्रम स्वीकृत भएको थियो ।

उक्त कार्यक्रम स्वीकृत हुँदा सबै मतदान केन्द्रबाट मतपेटिकाहरू निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि मतगणना सुरू हुने व्यवस्था उल्लेख भएकोमा पहिलो चरणमा निर्वाचन भएका जिल्लामा २०७४ साल मंसिर २१ गते अपराह्नदेखि मतगणना गर्न सकिने गरी आयोगबाट २०७४ भदौ २८ मा निर्वाचन कार्यक्रम संशोधन गरिएको थियो (निर्वाचन आयोग, २०७४) । नेपालको नयाँ संविधान, २०७२ को धारा २९६ को उपधारा (१) ले रूपान्तरित व्यवस्थापिका संसद्को कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम रहने व्यवस्था गरेकोले यस अगावै स्थानीय तह, प्रदेशसभा र सङ्घीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने अवस्था रहेको हुँदा नेपाल सरकारबाट २०७४ साल भदौ ५ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन मिति २०७४ साल मंसिर १० गते एकै चरणमा सम्पन्न गर्ने गरी मिति घोषणा भएकोमा २०७४ साल भदौ १४ गते उक्त निर्वाचन २०७४ साल मंसिर १० गते र मंसिर २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने मिति घोषणा गऱ्यो । भदौ १५ गते निर्वाचन आयोगलाई निर्वाचन क्षेत्रनिर्धारण आयोगको प्रतिवेदन प्राप्त भयो । त्यसपछि प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसम्बन्धी ऐनहरू २०७४ साल भदौ २२ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भएपछि निर्वाचनको तयारीले तीब्रता पाएको थियो । निर्वाचन सम्पन्न गर्न सामन्यतः १२० दिनको अवधी आवश्यक हुनेमा उपलब्ध ८० दिनको समय सीमाभित्रै नेपालको संविधान कार्यान्वयन प्रक्रियास्वरूप निर्वाचन सफलतापूर्वक सम्पन्न भएको थियो ।

नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (क) बमोजिम सङ्घीय संसद्का सदस्य र धारा १७६ बमोजिम प्रदेश सभाका सदस्यको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न गठन भएको नेपालको संविधानको धारा २८६ बमोजिमको निर्वाचन क्षेत्र निर्धारण आयोगले प्रतिनिधिसभाका लागि १६५ र प्रदेशसभाको लागि ३३० निर्वाचन क्षेत्र निर्धारण गरेको प्रतिवेदन २०७४ साल भदौ १५ गते सो आयोगका सदस्य श्री बेगेन्द्रराज शर्मा पौड्यालले निर्वाचन आयोगमा उपलब्ध गराएका थिए । संविधानको धारा १७५ मा प्रदेश व्यवस्थापिका एक सदनात्मक हुने र यसलाई प्रदेशसभा भनिने उल्लेख छ । प्रदेशसभामा

रहने कूल सदस्यमध्ये ६० प्रतिशत सदस्य बालिग मताधिकारको आधारमा पहिलो निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम र ४० प्रतिशत सदस्य राजनीतिक दललाई प्राप्त मतका आधारमा समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने व्यवस्था छ । प्रत्येक प्रदेशसभामा सम्बन्धित प्रदेशबाट प्रतिनिधिसभामा सम्बन्धित प्रदेशबाट प्रतिनिधिसभामा पहिलो निर्वाचित हुने प्रणालीबमोजिमको निर्वाचनबाट निर्वाचित हुने र यो सङ्ख्यालाई ६ प्रतिशत मानी बाँकी ४० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेशसभा सदस्य निर्वाचनको लागि राजनीतिक दलहरूले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व हुने गरी र प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यानमा राखी उम्मेदवारी दिनुपर्ने व्यवस्था छ । नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७४/०५/०५ को बैठकबाट संवत् २०७४ साल मंसिर १० गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन एकैचरणमा सम्पन्न गर्नेगरी निर्वाचनको मिति घोषणा भएको थियो ।

आयोगको मिति २०७४/०५/१५ को बैठकबाट विभिन्न हिमाली तथा उच्च पहाडी भेगका ३२ जिल्लामा संवत् २०७४ साल मंसिर १० गते पहिलो चरणमा र बाँकी ४५ जिल्लामा मंसिर २१ गते दोस्रोचरणमा सम्पन्न गर्ने निर्णय भएको थियो (निर्वाचन आयोग, २०७४) । त्यसपछि मतदाता नामावली तयार पार्ने काम भयो । अन्तिम मतदाता नामावलीमा नाम रहेका मतदाताको सङ्ख्या १ करोड ५४ लाख २७ हजार ९३८ थियो । उक्त सङ्ख्यामध्ये ७७ लाख ७६ हजार ६ सय २८ पुरुष, ७६ लाख ५१ हजार १४३ महिला र १६७ तेस्रो लिङ्गी रहेका थिए । मतदाताको सहज पहिचानको लागि आयोगले दोस्रो संविधानसभा सदस्य निर्वाचन, २०७० देखि मतदाताको सम्पूर्ण विवरण खुल्ने मतदाता परिचय पत्रको व्यवस्थामार्फत् मतदान गराउने प्रबन्ध मिलाएको थियो जुन पछिल्लो पटकको निर्वाचनमा समेत लागू गरिएको थियो । यस्ता मतदाता परिचयपत्र सम्बन्धित मतदान केन्द्रबाटै वितरण गर्ने गरी प्रत्येक जिल्लास्थित निर्वाचन कार्यालयहरूमा पठाइएको थियो । यस निर्वाचनमा राप्रपा, राप्रपा (राष्ट्रवादी) र राप्रपा (प्रजातान्त्रिक) ले विभाजित अवस्थामा नै निर्वाचनमा भाग लिएका थिए (निर्वाचन आयोग, २०७४) । **(परिशिष्ट-१५)** । २०७४ सालमा सम्पन्न आमनिर्वाचनमा राप्रपाका तर्फबाट जम्मा १ जना मात्र प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । यस चुनावमा राप्रपाले ६ जना उम्मेदवारलाई ६ विभिन्न निर्वाचन क्षेत्रबाट उठाएकोमा झापा जिल्ला नि.क्षे.नं. ३ बाट राजेन्द्रप्रसाद लिङ्देन १ जना मात्र ४४६१४ मत ल्याएर निर्वचित भएका थिए (निर्वाचन आयोग, २०७४) । उनका निकटतम् प्रतिद्वन्दी नेपाली कांग्रेसका कृष्णप्रसाद सिटौलाले ३११५६ मत प्राप्त गरी राजेन्द्रप्रसाद लिङ्देनसँग पराजित भएका थिए । यस चुनावमा राप्रपाको मेची अञ्चलबाहेक अधिराज्यको १३ वटा अञ्चलमा नेपाली कांग्रेससँग गठबन्धन भएको थियो र मेचीमा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले आफू राप्रपाका लिङ्देनलाई चुनाव क्षेत्र छाड्न नसक्ने दवाब पार्टीमा दिएपछि राप्रपा र कांग्रेसबिचको मेची अञ्चलको समीकरण अन्तिम अवस्थामा टुटेको थियो । सहमतिअनुसार सिटौलाले

लिङ्देनलाई सहयोग गर्ने र सिटौला नेपाली कांग्रेसको समानुपातिक सिटबाट सांसद बन्ने भन्ने थियो । राप्रपाको सम्भावना भएको निर्वाचन क्षेत्रमध्येको एक र नेता लिङ्देन प्रभावशाली राप्रपाका महामन्त्री भएकाले राप्रपा त्यो निर्वाचन क्षेत्र गुमाउन चाहन्नथ्यो । सोहीकारण नेकपासँग पछि गठबन्धन बनेको थियो ।

नेकपाका अध्यक्ष के.पी.ओलीलाई राप्रपाले सहयोग गर्‍यो । साथै अन्य मेची अञ्चलका सबै ठाउँमा नेकपालाई राप्रपाले सहयोग गरेका कारण मेची अञ्चलका झापा-३ बाहेक सबै ठाउँबाट नेकपाका सांसदहरू निर्वाचित भए । राप्रपाको नेपाली कांग्रेससँगको गठबन्धनले धोका पायो । स्वयं कमल थापालाई सिटौलाले आफ्ना कार्यकर्ताहरूलाई असहयोग गर्न उर्दी जारी गरे । त्यसै गरी देशैभरि विश्वासको वातावरण बन्न सकेन । राप्रपाका सबै सांसद जो नेपाली कांग्रेससँग मिलेर चुनावमा लडेका थिए सबै पराजित भए । राप्रपा राष्ट्रिय पार्टी बन्नबाट समेत बञ्चित भयो । सांसद राजेन्द्रप्रसाद लिङ्देनले मात्र राप्रपाबाट चुनावमा विजयी भई प्रतिनिधिसभामा प्रवेश गर्ने मौका पाए । राप्रपाका एकमात्र निर्वाचित सांसदले प्रतिनिधिसभाको पहिलो बैठकमै आफूलाई अलग र भ्रष्टाचार विरोधी छवी प्रस्तुत गरे । सांसद् राजेन्द्रप्रसाद लिङ्देनले भ्रष्टाचार गरेर खानु भनेको आमाको रगत खानुसरह हो भनेका थिए । उनले अन्य सांसदलाई पनि म जस्तै बाचा गर्न अनुरोध गर्दछु भनेर आह्वान गरेका थिए । त्यसैगरी राप्रपाको केन्द्रीय समिति बैठकमा पनि उनले सोही कुरा दोहोर्‍याएका थिए । "म संसद्मा एक्लो भए पनि राप्रपाको आवाजलाई मर्न दिन्न । देश र पार्टीको विचारको लागि म "एक मुखे रुद्राक्ष" भएर काम गर्नेछु" भनी नेता कार्यकर्तालाई प्रतिबद्धता व्यक्त गरेका थिए ।

नेता लिङ्देनले निरन्तर संसद्मा आफ्ना आवाजहरू जनताको पक्षमा राख्दै आएका छन । २ मार्च, २०२० का दिन संविधान संशोधनका विषयमा प्रतिनिधिसभामा ठूलै हलचल भइरहेको थियो । त्यसैको सन्दर्भ मिलाएर सांसद लिङ्देनले देशको वर्तमान राजनीतिक अवस्था, नेपाली जनताका गुनासा र असन्तुष्टीहरूका बिच त्यसको व्यवस्थापन गर्नका लागि संविधान संशोधन गर्ने हो भने, संसद्को मातहतमा रहने राजसंस्था, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, पूर्ण समानुपातिक निर्वाचन पद्धति र हिन्दूराष्ट्र नेपाल कायम हुने गरी संविधान संशोधन गरौं भनेर प्रस्ताव राखेका थिए (सेतोपाटी, चैत्र १९, २०७६) । त्यसैगरी, १९ फाल्गुण, २०७६ मा सङ्घीयता देशलाई ठूलो बोझ भयो, यसलाई खारेज गरौं भनेर संसद्मा प्रस्ताव राखेका थिए । आफू जातले लिम्बूको छोरा भएर पनि जातीय आरक्षणका विरोधी लिङ्देन आरक्षणले देशका जनतालाई दुई वर्गको नागरिकमा रूपान्तरण गरेको छ भन्ने उनको धारणा छ । डा. बाबुराम भट्टराइलाई संसद्मा लिङ्देनले "जातको कुरा नगर, यो 'बसुधैव कुटुम्बकम' को पावन भूमि हो" भनी जवाफ दिएका थिए (सेतोपाटी, चैत्र १९, २०७६) । लिङ्देन किराँत धर्मावलम्बी भए पनि देशलाई बचाइराख्न र नेपाली जनताको सद्भाव कायम रहनलाई मुलुक हिन्दूराष्ट्र र राजसंस्था राष्ट्रिय एकताको प्रतीकको रूपमा रहनुपर्दछ भन्ने विश्वास राख्दछन् । २०७४ सालको आमनिर्वाचनमा राप्रपा (प्रजातान्त्रिक) ले ५ जना उम्मेदवार उठाएकोमा कसैले पनि विजय हासिल गर्न सकेनन् तर अन्य राप्रपाका तुलनामा यसले कूल मतको सबैभन्दा बढी १,२३,७९७ मत प्रत्यक्ष निर्वाचन प्रणालीमा प्राप्त गर्न सकेको थियो ।

त्यस्तै राप्रपा (राष्ट्रवादी) ले ९४ स्थानमा आफ्ना उम्मेदवारी दर्ज दिएकोमा कुनै पनि स्थानमा जित हासिल गर्न सकेन र राप्रपाहरूमध्ये सबैभन्दा कम मत (३४,७६५) प्राप्त गरेको थियो (निर्वाचन आयोग, २०७४) । राप्रपाका यी तिनै दलबाट समानुपातिक निर्वाचनमा समेत निर्वाचित हुन सकेनन् । राप्रपा २०७४ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेससँग गठबन्धनको सहमतिमा चुनाव लडेको थियो भने मेची अञ्चलको हकमा भने नेकपासँग मिलेर चुनावमा गएको थियो । देशको जम्मा ६ प्रतिनिधिसभा र केही स्थानमा प्रदेशसभा निर्वाचनमा भाग लिएर अन्य ठाउँमा गठ बन्धनलाई सहयोग गर्ने सम्झौता भएको थियो । राप्रपाले गरेको यो गठबन्धन र अदूरदर्शिताले पार्टीलाई राष्ट्रिय पार्टी बन्नबाट वञ्चित गराएको थियो । **(परिशिष्ट-१६)** । राप्रपाले प्रदेशसभाको चुनावमा नेपाली कांग्रेससँग गठबन्धन गरेर ४ स्थानमा आफ्ना उम्मेदवारहरू खडा गरेको थियो । जसमा डम्वर तामाङ (प्रदेश नं.३, धादिङ), भीमप्रसाद गौचन (प्रदेश नं.४, म्याग्दी), प्रकाश रिमाल (प्रदेश नं. ३, काठमाण्डौं) र गणेश चन्द (प्रदेश नं. ७, वैतडी) रहेका थिए । राप्रपाको सबै खेमा वा प्रजातिहरू सार्थक, वस्तुगत एकता र मेलमिलाप गरेर अगाडि बढ्ने हो भने राप्रपाले राम्रो स्थान हात पार्ने कुरामा कुनै दुईमत छैन । सबै खाले आग्रह, पूर्वाग्रह, अहमता र घमण्डलाई तिलाञ्जली दिएर एकै ठाउँमा बसेर राजनीतिक यात्रा गर्ने हिम्मत र साहस गर्न सक्नुपर्दछ । यसले अझै एकचोटि राष्ट्रिय राजनीतिमा राप्रपाको स्थान र भूमिकालाई स्थापित गर्न सक्दछ । मेहनत, इमान्दारिता र लगनशीलताको खाँचो भने पर्याप्त रूपमा आवश्यकता पर्दछ ।

## राप्रपाको प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन २०७४ को चुनावी घोषणापत्र

हामी नेपाली जनता फेरि एक पटक महान प्रजातान्त्रिक अभ्यासमा सहभागी हुन गइरहेका छौं । आगामी प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव मुलुकमा शान्ति, स्थायित्व र प्रजातान्त्रिक वातावरण कायम गर्दै समग्र आर्थिक विकासको दिशातर्फ अघि बढ्ने स्वर्णीम अवसर हो । यो चुनाव नेपालको भविष्य निर्माण गर्ने ऐतिहासिक क्षण पनि हो । यस्तो महत्त्वपूर्ण प्रजातान्त्रिक अभ्यासमा सहभागी हुन लाग्नुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजु भाइहरूमा राष्ट्रिय प्रजातन्त्र पार्टी हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछ । करिव १८ वर्षपछि संसद्को चुनाव हुँदै छ । नेपालको संविधान जारी भएपछि पहिलो पटक प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव हुँदै छ । यस अवसरमा स्वभाविक रूपले विगत दुई दशकको देशको अवस्थाको विश्लेषण र मूल्याङ्कन जरुरी र प्रासङ्गिक हुन्छ । मुलुकमा आमूल परिवर्तनको नारा दिएर २०५२ मा सुरू भएको हिंसात्मक द्वन्द्व र २०६२/६३ को जनआन्दोलनपश्चात् हामी कहाँ जान हिँडेका थियौं र अहिले कहाँ आइपुगेका छौं, यसको समीक्षा आम नेपाली मतदाताहरूले इमान्दारीपूर्वक गर्नुपर्दछ । चुनाव भनेको केवल भोट हाल्ने सामान्य प्रक्रियामात्र होइन ।

चुनाव मूलतः देश र जनताको भाग्यको फैसला गर्ने महान प्रजातान्त्रिक अभ्यास हो । विवेक र न्यायको प्रत्याभूति दिलाउने र अभिव्यक्ति गर्ने आत्मदान हो चुनाव । त्यसर्थ, आदरणीय दिदीबहिनी, देशको वर्तमान अवस्थाको समीक्षा गरौं । नेपालको इतिहासमा अनेक उतारचढावहरू आए गए, व्यवस्थाहरू

परिवर्तन भए । शासकहरू फेरिए । व्यवस्था र व्यक्ति राम्रो नराम्रो जे भए पनि नेपालको स्वतन्त्रता, अखण्डता र एकता सदैव अक्षुण रहेका थिए । अहिले सानै रूपमा भए पनि देश टुक्र्याउनुपर्छ भन्ने एउटा समूहको जन्म भएको छ र तराईमा क्रियाशील छ । नेपालको राष्ट्रिय पहिचानको रूपमा रहेको सनातन हिन्दूराष्ट्र एवं नेपाली समाजको अस्तित्व र एकताको आधारको रूपमा रहेको हिन्दूत्व विस्थापित हुने खतरा बढेर गएको छ । समग्र अर्थतन्त्र कमजोर भएको छ । प्रत्येक दिन २००० युवाहरू सामान्य रोजगारीको निमित्त विदेश पलाएन हुनुपर्ने बाध्यता त्यसको ज्वलन्त उदाहरण हो । प्रजातन्त्र स्वयं सुदृढ हुन सकेको छैन ।

प्रजातन्त्र र प्रजातान्त्रिक शक्तिहरू उग्रवामपन्थी धरापमा पर्न सक्ने तथा अधिनायकवाद हावी हुन सक्ने खतरा कायम नै छ । राज्यको प्रायः सबै संयन्त्रहरू पार्टीकरणको तीव्र चपेटामा परेर निष्प्रभावी बन्दै गइरहेका छन् । भ्रष्टाचार अत्यन्त डरलाग्दो रोगको रूपमा देखा परेको छ । गरिब र धनीबिचको खाडल फराकिलो हुँदैछ र निरपेक्ष गरिबीको रेखामुनि बस्ने जनताको सङ्ख्या अपेक्षितरूपमा घट्न सकेको छैन । आखिर यस्तो किन भयो ? सदीयौँदेखिको दासताबाट नेपाली जनतालाई मुक्त तुल्याउने लक्ष्य बोकेर सुरू भएको अभियान किन विपरीत दिशातर्फ मोडियो ? चुनावमा मतको प्रयोग गर्नुपूर्व आफ्नो अन्तरआत्मासँग यो प्रश्नको जवाफ खोज्नु प्रत्येक नेपाली मतदाताको राष्ट्रिय दायित्व हो । यो अवस्था सिर्जना हुनुमा केवल केही पात्रहरूको कमजोरी मात्र होइन । निश्चय पनि नेतृत्वमा रहेका पात्रहरूको अकर्मण्यता र सत्तालिप्साको भूमिका महत्त्वपूर्ण रहेको छ । तथापि मूलतः गलत नीति र मार्गचित्र नै मुलुकको वर्तमान नियतिको मूल कारक हो । यो प्रवृत्ति नेतृत्व र कारक तत्त्वलाई तत्काल वा हठात् परिवर्तन गर्न सकिन्न ।

आगामी चुनावले त्यस दिशातर्फ निकै सुधार गर्न सक्दछ । केवल मतदाताको विवेक र साहसिक निर्णयको आवश्यकता पर्दछ । जनताले आफूलाई पार्टीको दावेदारको रूपमा होइन देशको मालिकको रूपमा सोचेर राम्रो गर्नेलाई प्रोत्साहन र गलत गर्नेलाई दण्ड दिने कार्यको थालनी नै देश बचाउने र बनाउने मूल मन्त्र हो । यसै पृष्ठभूमिमा नेपालको राजनीतिमा राष्ट्रिय प्रजातन्त्र पार्टी मुलुकमा विद्यमान सङ्कट समाधानको निमित्त वैकल्पिक विचार, नीति र मार्गचित्र बोकेर राष्ट्रिय राजनीतिमा क्रियाशील रहेको छ । संवर्द्धनवादको वैचारिक दर्शनको धरातलमा उभिएर राष्ट्रियता, प्रजातन्त्र, हिन्दूत्व, सुदृढ स्थानीय शासन प्रणाली र खुलाबजारमुखी आर्थिक नीतिको माध्यमबाट सवल र संवृद्ध नेपाल निर्माण गर्ने परिकल्पना नै राप्रपाको वैकल्पिक विचार र मार्गचित्रको मूलभूत सार हो । नेपालको संविधान र संवैधानिक व्यवस्थासँग सहकार्य गर्दै आफ्ना मान्यतामा अडेर आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको निमित्त यो घोषणापत्र जनसमक्ष प्रस्तुत गरेका छौँ । आम नेपाली मतदाताहरूको स्नेह, सद्भाव र मतको निम्ति सविनय अपिल गर्दछौँ भनिएको छ । घोषणापत्रको अन्तमा राप्रपा नै किन ? भन्ने संदर्भमा उल्लेखित बुँदाहरूलाई **परिशिष्ट-१७** मा देखाइएकोछ । २०७४ सालको प्रदेश सभा सदस्य निर्वाचनमा पनि राप्रपाको विभिन्न दलहरूले सक्रियताका साथ चुनावमा भाग लिइएको देखिन्छ । यस चुनावमा राप्रपाले सबैभन्दा बढी कूल ८४,२७२ मत प्राप्त गरेको थियो । त्यसैगरी राप्रपा (प्र) र ए. राप्रपा (रा.) ले क्रमशः कुल ३४,५९० र २८,९८७ प्राप्त गरेका

थिए (निर्वाचन आयोग, २०७४) । ३ वटै राप्रपाको कूल मत जोड्दा मत १,४७,८४९ प्राप्त गरेको देखिन्छ । सबै राप्रपाका गरेर सबैभन्दा बढी मत ३ नं. प्रदेश (बाग्मती) मा खसेको देखिन्छ भने सबैभन्दा कम मत कर्णाली प्रदेशमा खसेको देखिन्छ ।

विभाजित रूपमा चुनावमा भाग लिएका कारण राप्रपाको पराजय भएको देखिन्छ । यदि एकीकृत रूपमा चुनावमा सहभागी भएको भए राप्रपाले धेरै स्थानमा विजय प्राप्त गर्न सक्ने स्थिति रहन्थ्यो । त्यसरी नै समानुपातिकतर्फ विभिन्न घटकका राप्रपाले प्राप्त गरेका कूल मत परिणाम ३,१३,९८७ रहेको थियो । समानुपातिकतर्फ राप्रपाले सबैभन्दा बढी १,९६,७८२ (२.०६%) मत प्राप्त गरेको थियो भने राप्रपा (प्र.) र ए.राप्रपा (रा.) ले क्रमशः ८८,३७७ (०.९२%) र २८,८२८ (०.३०%) मत प्राप्त गरेका थिए (निर्वाचन आयोग, २०७४) । विभाजित रूपमा चुनावमा भाग लिँदाको परिणामस्वरूप समानुपातिकमा पनि कम मत प्राप्त भएको देखिन्छ । (**परिशिष्ट-१८)** । समानुपातिकतर्फ सबै राप्रपाको गरेर जम्मा ४ सिट प्राप्त भएको देखिन्छ जसमध्ये राप्रपाले ३ र राप्रपा (प्र.) ले १ सिट प्राप्त गरेका थिए । समानुपातिकतर्फ ३ वटा प्रदेशमा १-१ वटा प्रदेशसभा सदस्य राप्रपाले प्राप्त गरेको थियो । जसमा ईन्दिरा राई (झापा) प्रदेश - १, रिता माझी (रामेछाप) बाग्मती र सोशिला शाही (कालिकोट) कर्णाली प्रदेश रहेका छन् ।

राप्रपा प्रजातान्त्रिकबाट निर्वाचित प्रदेशसभा सदस्यमा रिना गुरुङ (चितवन) बाग्मती प्रदेश रहेकी छिन् । समानुपातिकतर्फ ए.राप्रपा (रा.) लाई भने १ सिट पनि प्राप्त भएन । राप्रपाको पराजयमा विभाजन नै कारक तत्त्वको रूपमा रहेको देखिन्छ । समानुपातिक निर्वाचनतर्फ राप्रपाका विभिन्न समूहले प्राप्त गरेको सिट सङ्ख्या **परिशिष्ट-१९** मा देखाइएको छ । राप्रपाले प्रदेशसभा चुनावमा पनि कांग्रेससँग गठबन्धन गरेर चुनाव लडेको थियो । २०४८ सालको चुनावदेखि हालसम्मको चुनावको परिणामको मूल्याङ्कन गर्दा, सङ्गठित रूपमा चुनावमा भाग लिँदा धेरै सिट प्राप्त गरेको देखिन्छ भने विभाजित रूपमा भाग लिँदा पराजयको सामना गर्न परेको देखिन्छ । यसबाट के निचोड निकाल्न सकिन्छ भने राप्रपाको एकीरणले नै यो पार्टी विकास र विस्तार हुन सक्दछ । त्यस कारण राप्रपाको विकासको लागि एकीकरणको कुनै विकल्प छैन ।

## ५.७ राप्रपा सम्मिलित संयुक्त सरकारहरू

संसदीय अभ्यासका क्रममा राप्रपाले कहिले आफ्नै नेतृत्वमा त कहिले विभिन्न पार्टीहरूका संयुक्त सरकारहरूमा सहभागिता देखाउँदै आएको छ । राप्रपा सम्मिलित विभिन्न सरकारहरूलाई विस्तृत रूपमा तल वर्णन गरिएकोछ ।

### क. नेकां-राप्रपा-नेसपाको संयुक्त सरकार

२०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् नेकांको नेतृत्वमा अन्तरिम सरकार, २०४८ मा नेकांको पूर्ण बहुमतको एकमना सरकार, २०५१ मा नेकपा एमालेको अल्पमतको सरकारपछि नयाँ किसिमको सरकारको अभ्यास स्वरूप नेकां संसदीय दलका नेता शेरबहादुर देउवाको नेतृत्वमा २०५२ भदौ २७ गते

संयुक्त सरकारको स्वरूपलाई अभिव्यक्त गर्ने किसिमको मात्र ४ जना मन्त्री र प्रम सहित ५ जनाको नेकां, राप्रपा र नेसपाको संयुक्त सरकारको गठन भयो (खनिया, २०५९, पृ. ६१) । उक्त संयुक्त सरकारको सुरूका मन्त्रीहरूमा ढुण्डीराज शास्त्री, खुमबहादुर खड्का, कमल थापा र गजेन्द्रनारायण सिंह रहेका थिए । उपर्युक्त मन्त्रीमण्डललाई पूर्णता दिने क्रममा मन्त्रालयहरूको सङ्ख्या बढाई २५ सदस्यीय मन्त्रीमण्डलको पुनर्गठन गरिएको थियो । यस मन्त्रीमण्डलमा पद्मसुन्दर लावती, बालाराम घर्तीमगर, पशुपतिशमशेर जवरा, प्रकाशचन्द्र लोहनी, कमल थापा, बुद्धिमान तामाङ लगायत राप्रपाको तर्फबाट मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीसमेत राखिएका थिए । विभिन्न कारणवस २०५३ फागुन २० गते विश्वासको मत लिन भएको मतदानमा स्वयं नेकांकै २ जना सांसदको अन्तर्घातले प्रधानमन्त्री शेरबहादुर देउवाको सरकार ढल्न पुग्यो । यस संयुक्त सरकारमा राप्रपाका १९ सांसदमध्ये दुई भूतपूर्व प्रधानमन्त्रीबाहेक सबै १६ सांसदहरू मन्त्रीमण्डलमा समावेश हुने अवसर प्राप्त भएको थियो ।

### ख. राप्रपा-एमाले-नेसपाको संयुक्त सरकार

प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न नसकी २०५३ फागुन २० गते नेकां-राप्रपा-नेसपाको संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले राजीनामा दिएपछि श्री ५ बाट नेपाल अधिराज्यको संविधान (नेपाल अधिराज्यको संविधान २०४७, भाग ७ धारा ४२) बमोजिम प्रतिनिधिसभा सदस्यको बहुमतको समर्थन र विश्वास प्राप्त गरेको स्पष्ट जानकारी हुने गरी २०५३ फागुन २७ गतेभित्र जाहेर गर्न प्रतिनिधिसभा सदस्यहरूलाई आह्वान भएको थियो । जसअनुसार राप्रपा-एमाले-नेसपाको समर्थन प्राप्त भएकोले राप्रपा संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द तेस्रो पटक नेपालको प्रधानमन्त्री बने । संयुक्त सरकारमा राप्रपा सहभागी दलमात्र नभई संसद्मा १९ सिटमात्र भए पनि संयुक्त सरकारको नेतृत्व गर्न सफल भएको थियो । पार्टीमा रहेको स्थायी गुटबन्दीले गर्दा अन्ततोगत्वा आफ्नो नेतृत्वमा रहेको सरकार परिवर्तन गर्न नेकांको जस्तै प्रवृत्ति राप्रपामा पनि देखा पर्‍यो । सरकारमा राप्रपाका वरिष्ठ सांसद एवं महामन्त्री पशुपतिशमशेर राणा सुरूदेखि नै सरकारमा सहभागी थिएनन् भने अर्का महामन्त्री एवं सांसद प्रकाशचन्द्र लोहनीले पनि मन्त्रीपदबाट राजीनामा दिई अलग हुँदा सरकारको नेतृत्व परिवर्तन गर्ने उद्देश्य सफल भयो (खनिया, २०५९, पृ. ६४) । संयुक्त सरकार रहेको हुँदा संसदीय दलको नेता परिवर्तनबाट मात्र सरकार परिवर्तन नहुने भएकोले नेकांले ल्याएको अविश्वासको प्रस्तावमा मतदान गर्ने पक्षमा सरकारमा संलग्न वरिष्ठ मन्त्रीहरू, महामन्त्री एवं अर्थमन्त्री रवीन्द्रनाथ शर्मा, परराष्ट्रमन्त्री एवं पार्टी प्रवक्ता कमल थापा आदि समेत देखिएकाले चन्द नेतृत्वको संयुक्त सरकारको परिवर्तन भएको थियो ।

### ग. राप्रपा-नेकां-नेसपाको संयुक्त सरकार

चन्द नेतृत्वको राप्रपा-एमाले-नेसपाको संयुक्त सरकार ढलेपछि २०५४ असोज २० गते राप्रपाका १७, नेकांका ८५, नेसपाका ३ र स्वतन्त्र २ समेत गरी १०७ प्रतिनिधिसभा सदस्यको समर्थनमा श्री ५ बाट राप्रपाका अध्यक्ष एवं प्रतिनिधिसभाका सदस्य सूर्यबहादुर थापा प्रधानमन्त्री नियुक्त गरिए । यसरी राप्रपाले

दोस्रो पटक जनआन्दोलनको प्रमुख शक्ति नेकां समावेश भएको राप्रपा-नेकां-नेसपाको संयुक्त सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गऱ्यो (खनिया, २०५९, पृ. ६५) । सुरूमा घोषणा गरिएको ६ सदस्यीय मन्त्रीमण्डल गठन भएकोमा विश्वासको मत प्राप्त गरेपछि २०५४ असोज २७ मा राप्रपा, नेसपा र स्वतन्त्र सांसदहरूलाई समेत थप गरी २३ सदस्यीय मन्त्रीमण्डल गठन भएको थियो (खनिया, २०५९, पृ. ६५) । उक्त मन्त्रीमण्डलका ४ जना सदस्यको मर्यादाक्रममा २०५४ कात्तिक १९ गतेका दिन हेरफेरसमेत भएको थियो । राप्रपाको दोस्रो महाधिवेशनसम्म प्रधानमन्त्री थापालाई सुविधाजनक स्थितिमा छाड्ने नेकांको नरमपना २०५४ मंसिर १८ को ४७ जनाको मन्त्रीमण्डलको पुनर्गठनपश्चात् सहज बन्न सकेन । विविध कारणबस यो सरकार त्यति लामो समयसम्म चल्न सकेन र अन्त्यमा सभामुखमार्फत २०५४ साल चैत्र १८ गतेका दिन थापाले राजीनामा दिएका थिए ।

## घ. गिरिजाप्रसाद नेतृत्वको नेकां-एमाले-राप्रपाको संयुक्त सरकार

सूर्यबहादुर थापाले प्रधानमन्त्रीबाट दिएको राजीनामा स्वीकृत भएपछि प्रतिनिधिसभाको बहुमतको समर्थन र विश्वासको माग भएबमोजिम तोकिएको समयमा कसैबाट पनि जाहेर हुन नआएकोले संसद्को सबैभन्दा ठूलो दल नेकांका संसदीयदलका नेता गिरिजाप्रसाद कोइराला २०५४ चैत्र ३० गतेका दिन श्री ५ बाट नियुक्त गरिए । उनले २०५५ वैशाख २ मा मन्त्रीमण्डल गठन गरी प्रतिनिधिसभाको विश्वासको मत लिन प्रस्ताव दर्ता गराए । वैशाख ५ मा भएको मतदानका पक्षमा नेकां, नेकपा एमाले र राप्रपा गरी १४४ मत र विपक्षमा ४ मत परेको थियो । २०५५ वैशाख ८ मा मन्त्रीमण्डल पुनर्गठन गरी १८ मन्त्री, ८ राज्यमन्त्री र १ सहायक मन्त्री कायम भएको थियो । २०५५ असार १५ मा राप्रपाका सांसद मिर्जादिलसाद वेगको अज्ञात व्यक्तिद्वारा गोली हानी हत्या भयो (यादव, २०७२, पृ. ४७३) । तत्पश्चात् प्रधानमन्त्री कोइरालालले २०५५ भदौ १० का दिनमा मन्त्रीमण्डलमा हेरफेर गरी १ उप-प्रधानमन्त्री, १९ मन्त्री, ४ राज्यमन्त्री र ७ सहायक मन्त्री गरी ३२ सदस्यीय बनाएका थिए । २०५५ मंसिर २४ मा नेकपा मालेका १३ जना मन्त्रीहरूले राजीनामा दिएपछि मंसिर २५ मा प्रधानमन्त्रीले प्रतिनिधिसभा भङ्ग गरी चैत्र १७ मा आम निर्वाचन गराउन सिफारिस चढाएका थिए । प्रधानमन्त्रीको सिफारिसअनुसार २०५५ माघ १ मा प्रतिनिधिसभा विघटन भई २०५६ वैशाख २० मा आम निर्वाचन हुने मिति तय भएको थियो । यसरी दोस्रो प्रतिनिधिसभा कालमा मनमोहन अधिकारी, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइराला गरी ५ जना प्रधानमन्त्रीहरू भए ।

## ङ. राजाको प्रत्यक्ष शासन

राजाले अधिकार लिएको भोलिपल्ट नै नेकां, नेकपा एमाले, नेकां प्रजातान्त्रिक, संयुक्त वाममोर्चा सबैले राजाको कार्य असंवैधानिक भनी विरोध गरे भने माओवादी अध्यक्ष प्रचण्डले ऐतिहासिक जनआन्दोलन २०४६ को उपलब्धिमाथि राजाले अन्तिम प्रहार गरेको आरोप लगाए (यादव, २०७३, पृ. ४९१) । राजाको प्रत्यक्ष शासनकालमा राप्रपा सरकारमा सामेल नभए तापनि राप्रपाका नेता लोकेन्द्रबहादुर चन्द २०५९

असोज २५ मा प्रधानमन्त्री नियुक्त गरिए । २०६० जेठ १६ मा लोकेन्द्रबहादुर चन्दले राजीनामा दिएपछि जेठ २१ मा अर्का नेता सूर्यबहादुर थापा प्रधानमन्त्री बनाइए । जेठ २८ मा सूर्यबहादुर थापाको नेतृत्वमा ७ सदस्यीय मन्त्रीमण्डल गठन भयो । २०६० भदौ १० मा माओवादी र सरकारबिचको वार्ता असफल भएर युद्धविराम भङ्ग भई माओवादीलाई फेरि आतङ्कवादी घोषणा गरियो । २०६० मंसिरमा राजाबाट विभिन्न जिल्लामा सभापति र उपसभापतिको मनोनयन भयो । यसै बिचमा प्रधानमन्त्री थापाले २०६१ वैशाख २५ मा राजीनामा दिए ।

प्रतिगमन विरुद्ध ५ संसदीय दल र ७ विद्यार्थी सङ्गठनले विभिन्न चरणको आन्दोलन गरिरहेकै बेला २०६१ जेठ १० मा शेरबहादुर देउवा प्रधानमन्त्री बनाइए । जेठ २८ मा विमलेन्द्र निधि र प्रकाहमान सिंह मन्त्रीमा नियुक्त भएपछि मन्त्रीमण्डल तीन सदस्यीय भयो । पछि एमाले लगायत केही अन्य दलहरू पनि मन्त्रीमण्डलमा सामेल भए । २०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले शेरबहादुर देउवाको मन्त्रीमण्डल विघटन गरी देशमा सङ्कटकाल घोषणा गरे । राजाले त्यसको भोलिपल्टै आफ्नै अध्यक्षतामा रमेशनाथ पाण्डे, राधाकृष्ण मैनाली, कृष्णलाल थकाली, बुद्धिराज बज्राचार्य, श्रीमति दुर्गा श्रेष्ठ, टंक ढकाल, दानबहदुर शाही, खड्गबहादुर जी.सी., रामनारायण सिंह र मधुकरशमशेर जवरा संलग्न मन्त्रीमण्डल गठन गरे । २०६१ फागुन ३ मा तुलसी गिरी र कीर्तिनिधि बिष्टलाई उपाध्यक्षको रूपमा मन्त्रीमण्डलमा थप गरे (यादव, २०७२, पृ. ४९३) । त्यसपछि २०६२-६३ को जनआन्दोलन भयो र पछि संविधानसभाका चुनाव २ पटक भएर गणतन्त्रको स्थापना भयो ।

## च. पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार

पहिलो संविधानसभाको चुनावमा प्रथम स्थान हासिल गरी नेकपा माओवादीले सरकार गठन गर्ने अवसर प्राप्त गऱ्यो । २०६५ भदौ २ गते तत्कालीन राष्ट्रपति डा. रामवरण यादवद्वारा पद तथा गोपनियताको शपथ खाएर गणतन्त्र नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्रीको रूपमा प्रचण्ड प्रधानमन्त्री भए । २०६५ भदौ ६ मा माओवादीका ४ र मधेसी जनअधिकार फोरमका ४ गरी ९ सदस्यीय मन्त्रीमण्डल गठन गरिएपछि भदौ १५ मा माओवादी, फोरम, सद्भावना, जनमोर्चा र नेकपा संयुक्तसमेत गरी २४ सदस्यीय मन्त्रीमण्डल गठन भयो (यादव, २०७२, पृ. ५००-५०१) । उनले २०६६ वैशाख २१ मा राष्ट्रको नाममा संवोधन गर्दै राजीनामा दिएका थिए । प्रचण्ड नेतृत्वको त्यस सरकारमा राप्रपा सहभागी थिएन ।

## छ. माधव नेपाल नेतृत्वको सरकार

२०६६ जेठ ९ गतेका दिन माधवकुमार नेपाल गणतन्त्र नेपालको दोस्रो प्रधानमन्त्रीका रूपमा नियुक्त गरिए (यादव, २०७३: ५०२) । जेठ ११ मा २ जना मन्त्री, तेस्रो पटक असार ३ गते ५ मन्त्री र ६ राज्यमन्त्री सहित २२ सदस्यीय मन्त्रीमण्डल गठन भयो । असार १० गते २२ मन्त्री र ५ राज्यमन्त्री गरी चौथो पटक मन्त्रीमण्डल विस्तार गरी ३० सदस्यीय कायम गरियो । राप्रपाबाट दिपक बोहरा वन तथा वातावरण मन्त्री बनेका थिए । असार १९ मा सद्भावनाका अध्यक्ष राजेन्द्र महतो र समाजवादी प्रजातान्त्रिक जनता पार्टीका

अध्यक्ष प्रेमबहादुर सिंहलाई मन्त्रीमण्डलमा समावेश गरी ३२ सदस्यीय मन्त्रीमण्डल कायम गरियो । साउन १४ गते नेकपा संयुक्तको तर्फबाट १ जना मन्त्री थप गरी ३३ सदस्यीय मन्त्रीमण्डल विस्तार गरियो । पछि भदौ १७ मा सद्भावना, फोरम र राजपाका ९ जना गरी ४२ सदस्यीय मन्त्रीमण्डल बनाइयो । भदौ २४ मा आठौँ पटक मन्त्रीमण्डल विस्तार गरी तमलोपाका २ जना मन्त्री थपेर ४४ सदस्यीय मन्त्रीमण्डल बनाइयो । असोज २६ मा सुजाता कोइराला उप-प्रधानमन्त्री बनाइए । पछि माधव नेपालले २०६७ असार १६ मा पदबाट राजीनामा दिए । माधव नेपाल नेतृत्वको त्यस सरकारमा राप्रपाको तर्फबाट १ मन्त्रीको सहभागिता रहेको थियो ।

### ज. झलनाथ खनाल नेतृत्वको सरकार

२०६७ माघ २० मा झलनाथ खनाल प्रधानमन्त्री भए (यादव, २०७२, पृ. ५०५) । दुवै दलको सहमतिमा अन्य दलहरूलाई समावेश गरी मन्त्रीमण्डल गठन गर्ने प्रयास भए तापनि त्यो सम्भव हुन सकेन । तसर्थ माघ २७ मा भरतमोहन अधिकारीलाई उपप्रधानमन्त्री र विष्णुप्रसाद पौडेल एवं गङ्गालाल तुलाधारलाई मन्त्रीमा नियुक्त गरी केही दिनपछि विष्णु पौडेललाई रक्षामन्त्री र गङ्गालाल तुलाधारलाई शिक्षामन्त्रीको जिम्मा दिइयो । फागुन २० मा माओवादीका तर्फबाट कृष्णबहादुर महरा उपप्रधानमन्त्री, वर्षमान पुन, टोपबहादुर रायमाझी र खड्गबहादुर विश्वकर्मा गरी तीन जना मन्त्री सहितको ८ सदस्यीय मन्त्रीमण्डल गठन गरियो । २०६७ चैत्र २८ मा राज्यमन्त्री सहितको १६ सदस्यीय मन्त्रीमण्डल गठन भयो । पछि २०६८ साउन १६ मा झलनाथ खनालको मन्त्रीमण्डलमा माओवादीको तर्फबाट १० जना मन्त्रीहरू थपी २६ सदस्यीय मन्त्रीमण्डल गठन गरियो । झलनाथ खनालले २०६८ साउन २९ मा प्रधानमन्त्रीबाट राजीनामा दिए । झलनाथ खनाल नेतृत्वको सरकारमा नेकां र मधेशवादी दलहरूसँगै राप्रपाको पनि सहभागिता रहेको थिएन ।

### झ. डा. बाबुराम भट्टराई नेतृत्वको सरकार

झलनाथको राजीनामापश्चात् २०६८ भदौ ११ गतेका दिन एनेकपा माओवादी, संयुक्त मधेशी मोर्चाका ५ दल, मधेशी जनअधिकार फोरम र अन्य स-साना दलहरूका समर्थनमा डा. बाबुराम भट्टराई प्रधानमन्त्री भए (यादव, २०७२, पृ. ५०७) । डा. भट्टराईले विजयकुमार गच्छदारलाई उपप्रधानमन्त्री एवं गृहमन्त्री बनाई भोलिपल्ट दुवै जनाले शपथ ग्रहण गरे । भदौ १८ मा मन्त्रीमण्डल विस्तार गरी १४ सदस्यीय बनाए । २०६८ भदौ २९ , २०६८ असोज १, कार्त्तिक २२ र २७ मा गरी पटक पटक मन्त्रीमण्डल विस्तार गरी ४९ सदस्यीय बनाइयो । ४९ सदस्यीय मन्त्रीमण्डलमा २७ जना त मधेशी मन्त्रीहरू रहेका थिए । यसमा राप्रपाको सहभागिता थिएन । पछि २०६९ वैशाख २३ मा मन्त्रीमण्डल पुनर्गठन भई भट्टराईकै नेतृत्वमा १३ सदस्यीय मन्त्रीमण्डल बन्न पुग्यो । पछि २०६९ जेठ ३ मा पहिलो पटक भट्टराईकै नेतृत्वमा सरकार गठन भयो । जसमा राप्रपाको परशुराम खापुङ वाणिज्य तथा आपूर्ति मन्त्री बनेका थिए ।

### ञ. खिलराज रेग्मी नेतृत्वको मन्त्रीपरिषद्

संविधान निर्माण गर्न नसकी संविधानसभा विघटन भएपछि देशका प्रमुख राजनीतिक दलका नेताहरूले चुनावी सरकार बनाउने सहमति गरेर २०६९ चैत्र १ मा प्रधानन्यायाधीश खिलराज रेग्मी चुनावी मन्त्रीपरिषदको अध्यक्षमा नियुक्त भए (यादव,२०७२, पृ. ५११) । उनको मन्त्रीपरिषद् ११ सदस्यीय थियो । उनकै नेतृत्वको सरकारले दोस्रो संविधानसभाको निर्वाचन सफल गराएको थियो । दलहरूको सहभागिता नभएको यो मन्त्रीपरिषद्मा राप्रपाको सहभागिता रहने कुरै भएन ।

### ट. सुशील कोइराला नेतृत्वको सरकार

२०७० मंसिर ४ मा दोस्रो पटक संविधानसभाको चुनाव भएपछि नेकांले प्रथम स्थान हासिल गर्‍यो र २०७० माघ २७ गते सुशील कोइराला प्रधानमन्त्रीका रूपमा निर्वाचित भए (यादव, २०७२, पृ. ५१४) । २०७० फागुनमा गठन भएको उनको मन्त्रीमण्डल २१ सदस्यीय थियो । २०७० चैत्रमा विस्तारित उनको मन्त्रीमण्डलमा राप्रपाका सुनिलबहादुर थापा वाणिज्य तथा आपूर्ति मन्त्री र गिरीबहादुर केसी सोही मन्त्रालयमा राज्यमन्त्री नियुक्त भएका थिए ।

### ठ. खड्गप्रसाद ओली नेतृत्वको सरकार

नयाँ संविधानको घोषणापछि राष्ट्रपति डा. रामवरण यादवले २०७२ असोज १५ मा सहमतीय सरकार निर्माणका लागि ७ दिनको समय दिएर आह्वान गरेकोमा सो सम्भव नभएकोले बहुमतीय प्रक्रियाबाट प्रधानमन्त्री चयन गर्न असोज २१ मा पुनः आह्वान गरे । नेकांका सुशील कोइराला र एमालेका केपी ओलीबिचमा प्रतिस्पर्धा हुँदा संसद्मा रहेका ५९७ मतमध्ये केपी ओलीले ३३८ मत प्राप्त गरी २०७२ असोज २४ मा देशको ३८ सौँ प्रधानमन्त्रीको रूपमा चुनिए । ओलीको त्यस सरकारमा कमल थापाको नेतृत्वमा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री गरी ६ जना मन्त्रीहरू राप्रपाको तर्फबाट सरकारमा सहभागी भएका थिए । पछि एमाले र माओवादीबिच आधाआधा समय सरकारको नेतृत्व गर्ने सहमतिबमोजिम एमालेले सरकारको नेतृत्व नछाडेको कारण ओली नेतृत्वको सरकार ढल्न पुग्यो ।

### ड. पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको दोस्रो पटकको सरकार

केपी ओलीको सरकार ढलेपछि २०७३ श्रावण २० मा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेकांलगायत अन्य साना दलहरूका सहयोगमा दोस्रो पटक प्रधानमन्त्रीका रूपमा निर्वाचित भए (The Himalayan Times, 2016 Aug 3) । नेकांसँग स्थानीय चुनाव नभएसम्म दाहाल प्रधानमन्त्री बन्ने र त्यसपछि नेकांलाई सत्ता हस्तान्तरण गर्ने सहमति भएबमोजिम उनी निर्वाचित भए । दाहाल नेतृत्वको उक्त सरकारमा माओवादी केन्द्रका तत्कालीन बहालवाला स्थानीय विकास मन्त्री हितराज पाण्डेलाई हटाई उनको स्थानमा राप्रपाका नेता कमल थापालाई उपप्रधानमन्त्रीसहित स्थानीय विकास मन्त्रीमा नियुक्त गरिएको थियो । साथै कांग्रेसका मन्त्री जीवनबहादुर शाही पनि कांग्रेसको तर्फबाट पर्यटन तथा नागरिक उड्यन मन्त्री

बनेका थिए । शाहीलाई नेपाली कांग्रेसले फिर्ता बोलाई राप्रपाका नेता दिलनाथ गिरीलाई पर्यटन तथा नागरिक उड्यन मन्त्री बनाइएको थियो । त्यसै गरी राज्यमन्त्रीमा पर्शुराम तामाङलाई बनाइएको थियो ।

### ढ. शेरबहादुर देउवा नेतृत्वको सरकार

सहमति अनुसार पुष्पकमल दाहालले सत्ता हस्तान्तरण गरेपछि २०७४ साल जेठ २४ का दिन शेरबहादुर देउवा प्रधानमन्त्रीका रूपमा चुनिए (The Kathmandu Post, 2017 June 8) । देउवा नेतृत्वको त्यस सरकारमा राप्रपाको पनि सहभागिता रह्यो । जसमा कमल थापा सहित ४ जना मन्त्री र ४ जना राज्यमन्त्री रहेका थिए । यसरी २०५२ सालदेखि २०७४ सम्ममा बनेका धेरैजसो सरकारहरूमा आफ्नो सहभागिता जनाएर र कतिपय अवस्थामा सरकारको नेतृत्व गरेर समेत राप्रपाले संसदीय अभ्यासमा भूमिका खेल्दै आएको देखिन्छ ।

## ५.८ राप्रपाले सरकारमा रहँदा देश र जनताको पक्षमा गरेका राम्रा कामहरू

राष्ट्रिय प्रजातन्त्र पार्टी २०४६ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएपश्चात् मात्र स्थापना भएको पार्टी हो तापनि यस पार्टीले राष्ट्र विकास र राष्ट्रिय हितका लागि विभिन्न महत्त्वपूर्ण कार्यहरू गरेको छ । आत्मसमर्पणवाद र उग्रराष्ट्रवादको राप्रपाले सधैँ विरोध गर्दै आएको देखिन्छ । सम्पूर्ण द्विपक्षीय र बहुपक्षीय समस्याको समाधान वार्ताको टेवलमा बसेर कुटनीतिक ढङ्गबाट खोज्न सकिने कुरामा राप्रपा विश्वस्त रहेको भेटिन्छ । २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापनापश्चात् हालसम्म यसले देश र जनताको पक्षमा विभिन्न भूमिका निर्वाह गर्दै आएको छ । जसको विस्तृत विवरण तल प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### क. राष्ट्रियताको जगेर्ना

टनकपुर बाँध परियोजनामा नेपालको हकहितको उपेक्षा, श्रम ऐनबाट नेपाली कामदारहरूलाई प्राथमिकता दिनुपर्ने प्रावधानको खारेजी आदि निर्णयहरूले नेपालको राष्ट्रिय स्वार्थलाई कुठाराघात गरेको र यसका अतिरिक्त बढ्दो आर्थिक निर्भरता निजीकरणको नाममा नेपालको उद्योग व्यापारमा गैरनेपालीलाई प्राथमिकता दिने नीति आदिले गर्दा नेपाली कांग्रेसको बहुमतप्राप्त सरकारको पालामा हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई अस्थिर र परालम्वी तुल्याइएको थियो भन्ने राप्रपाको धारणा रहँदै आएको छ (राप्रपा के.का., २०५०, पृ. ४) । राष्ट्रियतालाई सर्वोपरी साध्य, संविधानलाई अपरिहार्य आधार तथा प्रजातन्त्रलाई मुलसाधनको रूपमा अङ्गीकारगर्दै राष्ट्रका सबैवर्ग, पेसा, व्यवसाय र जातजातिहरूको समुचित एवं सन्तुलित उत्थान तथा चेतनाको विकास, सशक्तीकरण र सहभागीताको आधारमा मात्र सवल राष्ट्रियताको प्रादुर्भाव हुन्छ भन्ने राप्रपाको ठम्याई छ (राप्रपा के.का.स., २०५३, पृ. १६) । राष्ट्रियताको जगेर्ना गर्नका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीले संसद्भित्र तथा बाहिर रहेर विभिन्न कार्यहरू गरेको थियो । महाकाली सन्धिमा नेपाली कांग्रेसको सरकारले नेपालको हकअधिकार तथा सन्धि कायम रहने समयका बारेमा उल्लेख गरेको थिएन ।

जसले गर्दा अन्तर्राष्ट्रिय कानुनअनुसार भारतको दीर्घकालीन हितका आधारमा केही वर्षपछि नेपालको आफ्नो उक्त भूमिमाथिको अधिकार स्वतः समाप्त हुने अवस्था थियो । सन्धि वापत नेपालले प्राप्त गर्ने केही बिजुली तथा पानी पनि अधिकारस्वरूप नभई भारतको शुभेच्छास्वरूप प्राप्त गर्ने भएको थियो ।

राप्रपाले आफू प्रतिपक्षमा रहँदा यस्तो राष्ट्रघाती कार्यको विरोध गऱ्यो भने सरकारमा सामेल भएपछि असमान महाकाली सन्धि खारेज गरी नेपालको हक अधिकारबारे स्पष्ट उल्लेख गरी महाकाली एकीकृत विकाससम्बन्धि सन्धि गऱ्यो (अधिकारी, २०५५, पृ. ६५) । सन् १८१६ को सुगौली सन्धि र सन् १८६० को नयाँ मुलुक फिर्ता गर्ने प्रत्यावर्तन सन्धिद्वारा ब्रिटिस इण्डिया र नेपालको पश्चिम सीमा कायम भएको तथा दुवै सन्धिबाट काली नदीलाई सीमा नदीको रूपमा हैसियत प्रदान गरिएको थियो । नेपाल, भारत र चीनको त्रिराष्ट्रिय सीमा विन्दुमा पर्ने कालीको मुहान किटान गर्ने काम हालसम्म नभएकोले कालीको मुहान क्षेत्रमा पर्ने नेपाली भूभाग माथि व्रिटिस इण्डिया र स्वतन्त्र भारतलेसमेत पटक पटक सीमा अतिक्रमण गर्दै आएको छ । नेपाल चीन सीमा क्षेत्रमा रहेका भारतीय चेकपोस्ट हटाउँदा पनि महाकाली नदीको मुहान क्षेत्रका सैनिक क्याम्पहरू नहटाई हालसम्म पनि भारतले सीमा अतिक्रमण गरी राखेको छ ।

नेपालको राष्ट्रियता माथिको यस्तो खुला हस्तक्षेप विरुद्ध कालापानीमा भारतीय फौज छन् । त्यो नेपालको अखण्ड सार्वभौमसत्ता भित्रको भूभाग भएको हुनाले त्यहाँबाट अविलम्व भारतीय फौज हट्नुपर्छ भनेर सदनमा पहिलो पटक आवाज राप्रपाले नै उठायो । २०५५ साल भाद्र १२ गते पार्टी केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी अध्यक्ष थापाले कालापानी क्षेत्रबाट भारतीय सेना हटाउन तुरुन्त कुटनीतिक प्रयास गर्न पनि आग्रह गरेका थिए (राप्रपा केकास, २०५५, पृ. १०) । २०५० साल चैत्र १४ गते बिहान ६:४५ बजे नयाँवानेश्वरका शिवप्रसाद शर्मा र मदनकृष्ण श्रेष्ठको घरमा आफूलाई भारतीय प्रहरी भन्ने केही व्यक्तिहरूको जत्था पेस्तोल र स्टेनगनसहित गई खानतलासी लिई अमानवीय व्यवहार गरेका थिए । यस बारेमा गृहमन्त्री शेरबहादुर देउवाले आफूलाई केही जानकारी नभएको भने तापनि सो घटनामा नेपाल प्रहरीको पनि संलग्नता रहेको कुरा उनले स्वीकार गरेका थिए । नेपालको राष्ट्रियता तथा सार्वभौमसत्तामाथि भारतद्वारा गरिएको खुला हस्तक्षेपको राप्रपाले घोर भर्त्सना र निन्दा गऱ्यो । यस घटनालाई सामान्य र एकाङ्गी घटना मान्न नसकिने भनी त्यसको विरोधमा वसन्तपुरबाट निक्लेको यस पार्टीको जुलुसले प्रधानमन्त्री तथा नेपालस्थित भारतीय राजदुतावासमा विरोधपत्र बुझायो । राप्रपाका महामन्त्री पशुपतिशमशेर ज.व.रा. ले प्रतिनिधिसभामा बोल्दै यस घटनाबाट देशको सुरक्षा प्रणाली सुधार्न सरकारलाई आवश्यक सहयोग गर्न राप्रपा तयार रहेको बताउनुभयो । १४ गतेको घटना अत्यन्त गम्भीर र संवेदनशील भएकाले यसको छानविन गर्न संसदीय समितिको गठन गर्न पनि माग गर्नुभएको थियो (अधिकारी, २०५५, पृ.६६) ।

राणाशासनका अन्तिम प्रधानमन्त्री मोहन शमशेरले आफ्नो स्थिति अत्यन्त नाजुक ठानेर भारत सरकारबाट सहयोग पाउनका लागि गरेको यो सन्धि सारांशमा नेपाल राष्ट्र र यसको सार्वभौमसत्तालाई होच्याउने तहमा सम्पन्न भएको प्रतीत हुँदैन तर सन्धिमै गाभिएर रहेको सन् १९५९ मा मात्र सार्वजनिक

रूपमा प्रकाशमा ल्याइएको गोप्य पत्राचारमा समावेश रहेका बुँदाहरूले सन् १९५० को सन्धिलाई एउटा दवावमूलक सन्धिको रूपमा उभ्याएको छ । प्रथम बुँदाको सर्तलाई हेर्दा नेपाललाई स्पष्ट रूपमा भारतको अङ्गभैं मानिएको देखिन्छ भने बुँदा ४ मा नेपाल र भारत विशेष प्रकारको सम्वन्ध राख्न खोजिएको देखिन्छ । बुँदा ५ ले त सुगौली सन्धिलाई समेत उछिन्न खोजेको छ (के.सी., २०४६, पृ. १९९-२०१) । यस सन्धिलाई समानताको आधारमा संसोधन गर्नुपर्ने धारणा राप्रपाले राखेको छ । यो पार्टी सरकारमा रहँदा यसले १९५० को उक्त सन्धि संशोधनको सहमतिपूर्ण विन्दुमा पुगी संशोधनको आधार र प्रारूपसमेत तयार गरेको थियो ।

पछि बनेको सरकारले यस सम्बन्धमा कुनै कार्य अगाडि नबढाएकोले २०५५ साल भाद्र १२ गते राप्रपाको एक प्रतिनिधिमण्डलले तत्कालीन प्रधानमन्त्री कोइरालालाई १५ सूत्रीय ज्ञापनपत्र दिनुका साथै सोही दिन पार्टी केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गर्दै भारतसँग पूर्व स्थापित राष्ट्रिय सहमतिअनुरूप सन् १९५९ को शान्ति तथा मैत्री सन्धिलाई परिवर्तन गरी समानता, पारस्परिक हित र मित्रताको आधारमा नयाँ सन्धि सम्पन्न गर्न पेश गरेका मस्यौदा प्रस्तावअनुरूप वार्ता चलाउन पनि अध्यक्ष थापाले प्रधानमन्त्रीसँग आग्रह गरेका थिए (राप्रपा केकास, २०५५, पृ. १०) । आफ्नो नेतृत्वमा सरकार गठन भएको बेलामा भारतमा राजनीतिक अनिश्चितता आई निर्वाचन हुने क्रम सुरू भएको हुनाले भारतसँगको दुई पक्षीय मामिलामा चाहेजति सफलता हासिल हुन सकेन भन्ने राप्रपा अध्यक्षको भनाइ थियो तापनि सरकारले कालापानीबाट विदेशी हट्नुपर्छ भनी विभिन्न चरण र तहमा वार्ताहरू सम्पन्न गर्नु, महाकालीको डि.पी.आर.सम्बन्धमा वारम्बार वार्ताहरू गर्नु आदिलेगर्दा राप्रपाद्वारा राष्ट्रियताको जगेर्ना गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

### ख. संविधानको संरक्षण

यदि एउटा शक्तिले संविधानको संरचना भत्काउन खोजेमा त्योभन्दा बलियो अर्को शक्तिले संविधानको अर्को संरचना भत्काउन सक्छ । यस्तो घटनाले गर्दा संविधान मृततुल्य हुन गई प्रजातन्त्रको भविष्यमा नै प्रश्नचिह्न खडा हुन सक्छ (नेपाल टाइम्स, १९९४, जुलाइ ६) भन्ने राप्रपाको धारणा छ । आफूउपर अविश्वासको प्रस्ताव ल्याउनका लागि प्रतिनिधिसभाको विशेष अधिवेशन माग गरी श्री ५ समक्ष समावेदन गरेको थाहा पाएपछि प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा संसद् विघटन गरी मध्यावधि निर्वाचनको मिति तोकी पाऊँ भन्ने सिफारिस श्री ५ समक्ष जाहेर गरे । सोका आधारमा श्री ५ बाट प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनका लागि मिति तोकेपछि त्यसको विरुद्ध राप्रपा संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्दले सर्वोच्च अदालतमा रिट दर्ता गराए । जसमा निम्न कुराहरू उल्लेखित थिए । जुन संसद्को विश्वासले सरकार बनाइयो त्यसै संसद्मा अविश्वासको प्रस्ताव पेश भएपछि त्यो संसद्लाई नै भङ्ग गर्ने सिफारिस गरियो ।

प्रतिनिधिसभाका बहुसंख्यक सदस्यले अविश्वास व्यक्त गरेको प्रधानमन्त्रीले आफू सत्तामा बसेर प्रतिनिधिसभाको विघटन गराउन मिल्दैन, तसर्थ प्रधानमन्त्रीले संसद् विघटन गरी मध्यावधि निर्वाचनको मिति तोकी पाऊँ भनी श्री ५ समक्ष जाहेर गर्नुभएको सिफारिस र सोका आधारमा गरिएको संसद् विघटन वदर

गरी पाऊँ भन्नेसमेत व्यहोराको माग दावी रहेको थियो । सो मुद्दामा सर्वोच्च अदालतबाट २०५२ साल श्रावण १५ गते भएको व्याख्याले गर्दा प्रतिनिधिसभा अकाल मृत्युबाट जोगियो भने संविधानको धारा ५९ (२) निस्क्रिय हुनबाट बच्यो र संविधानको संरक्षण भयो । उक्त फैसलाको विरुद्धमा सर्वोच्च अदालतको सर्वोच्चताउपर नै एमालेद्वारा हाँक दिएपछि नेपाली कांग्रेस तथा सद्भावना पार्टीसँग राप्रपाले संयुक्त रूपमा वक्तव्य जारी गरी बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, संसदीय शासन प्रणाली र स्वतन्त्र न्यायपालिकामा हुन लागेको खतराका विरुद्ध आवश्यक परेको खण्डमा उपयुक्त पाइला चाल्न प्रत्येक राजनीतिक कार्यकर्ताहरू तयार रहन अनुरोध गऱ्यो (नेपाल प्रेस डाइजेष्ट, सन् १९९५, पृ. ३४२) ।

### ग. प्रशासनिक सुधार

प्रशासन यन्त्रलाई सुदृढीकरण गर्नका लागि सबै पार्टीहरू मिलेर प्रशासनलाई राजनीतिकरण गर्दैनौं, निष्पक्ष राख्छौं भनेर सामूहिक घोषणा गरी प्रशासनलाई राजनीतिबाट मुक्त गरेमा निश्चित मूल्य र मान्यताका आधारमा प्रशासन संयन्त्र खडा भएर काम गर्न सक्ने भएकोले सबै पार्टीहरू मिलेर त्यस्तो घोषणा गरौं भन्ने राप्रपा अध्यक्षद्वारा आह्वान भएको थियो । राप्रपाको मातहतका मन्त्रालयहरूबाट अनावश्यक सरुवा, घटुवा र निष्काशन भएन । आस्थाको आधारमा भर्ना र खोसुवा गर्ने काम राप्रपाले गरेन । प्रशासनिक मूल्य र मान्यताको आधारमा कर्मचारी संयन्त्रलाई सञ्चालन गर्न राप्रपा सफल भयो (राप्रपा केकास, २०५५, पृ. ३२) । निजामति सेवा ऐन संशोधन गर्नका लागि संशोधन विधेयक तयार गरी संसद्मा पेस गर्ने काम राप्रपाद्वारा गरिएको थियो । यसै पार्टीको पहलमा निजामति सेवा नियमावली संशोधन भई अवकाशसम्बन्धी ३० वर्षे प्रावधान हटाइएको थियो । प्राविधिक सेवाका कर्मचारीलाई पनि सचिवसम्म हुन पाउने व्यवस्था राप्रपाद्वारा नै गरिएको हो (राप्रपा केकास, २०५५, पृ. ३२) । रोजगारीको क्षेत्रमा पनि सरकारले नयाँ नीति अख्तियार गऱ्यो । यस पार्टीले नेपाल अधिराज्यभरि झण्डै ४००० गाविसहरूमा प्राविधिक सहायकको नयाँ व्यवस्था गरी थुप्रै बेरोजगार युवाहरूलाई अभियानको रूपमा रोजगारीको अवसर प्रदान गऱ्यो । शिक्षा सेवालाई लोकसेवाअन्तर्गत समावेश गरी शिक्षा सेवा आयोग गठन गर्ने प्रारम्भिक कार्यको थालनी पनि राप्रपाले नै गरेको थियो (राप्रपा केकास, २०५५, पृ. ३३) ।

### घ. कृषक हित

राप्रपा सरकारमा सामेल भएपछि सो पार्टीले मोहियानी हक कायम भएको जग्गामा जग्गाधनी र मोहीलाई आधा आधा हक प्रदान गरी कानुनको निर्माण गऱ्यो । जसका कारण जग्गाधनी वा मोही जोसुकैले चाहेमा पनि आफ्नो आधा भाग जग्गा छुट्ट्याई लिन सक्छन् (कानुन किताब व्यवस्था समिति, २०५३) । कृषि उत्पादन बढाएर सर्वसाधारण जनतालाई लाभ पुऱ्याउने उद्देश्यले राप्रपाले २० वर्षे कृषि कार्यक्रम ल्यायो । राप्रपाले मल आयात गर्न निजी क्षेत्रलाई पनि छुट दिई कृषि सामाग्री संस्थानले पाउने जति नै अनुदान निजी क्षेत्रलाई पनि दियो । साथै मलको आयात गर्दा विश्वव्यापी टेण्डर गर्नुपर्ने नियम लागु गऱ्यो, जसले गर्दा मलमा हुने भ्रष्टाचार बन्द भई किसानले सर्वसुलभ रूपमा मल प्राप्त गर्ने भएका थिए (राप्रपा केका, २०५५,

पृ. २१) । त्यस्तै सुकुम्बासी समस्या समाधान गर्ने उद्देश्यले सरकारमा रहेका यस पार्टीका नेताहरूबाट हजारौं सुकुम्बासीलाई जग्गाधनी पूर्जा उपलब्ध गराइयो । यो समस्या १८ महिनाभित्र पूर्ण समाधान गर्नका लागि कार्यक्रम पनि ल्याइएको थियो ।

### ङ. उपेक्षित र पीडित जनताको हित

आदिवासी जनजाति, मधेसी, पिछडिएका जाति, अल्पसङ्ख्यक, दलित तथा उत्पीडित जाति र महिलाहरूलाई संविधानप्रदत्त हक, अधिकार र सुविधा उपलब्ध गराउने उद्देश्यले राप्रपाको प्रयासमा नयाँ नीतितय गरिएको थियो । यो नीतिअनुरूप सरकारले सर्वप्रथम छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरेको थियो । उल्लेखित जाति र समूहका छात्रछात्रालाई कोटाको रूपमा प्रतिशतको आधारमा अलग ब्राकेट राखेर छात्रवृति उपलव्ध गराउने व्यवस्था गरेको थियो ।

## ५.९ राप्रपाको सक्रियतामा सम्पन्न अन्तर्राष्ट्रिय सन्धिहरू

राप्रपाले राष्ट्रिय हितका लागि अन्तर्राष्ट्रिय सन्धिसम्झौता गर्ने कार्यमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

### क. महाकाली सन्धि

गिरिजाप्रसाद कोइरालाको २०४८ साल मंसिर १९-२४ को भारत भ्रमणका अवस्थामा नेपाल सरकार तथा भारत सरकारका बिच टनकपुर बाँध परियोजनाबारे एउटा सन्धि भएको थियो, जुन तत्कालीन सरकारका अनुसार सो सहमतिमात्र थियो (सर्वोच्च अदालत, २०४९, पृ. ४) । त्यस सन्धिलाई राप्रपाले असमान सन्धि मानी सुरूदेखि नै त्यसको विरोध गऱ्यो । सर्वोच्च अदालतको २०४९ साल मंसिर ३० गतेको निर्णयले उक्त सम्झौतालाई सन्धि मानी संसद्बाट अनुमोदन गर्नुपर्ने भएपछि राप्रपाले पुनः आफ्नो धारणा अगाडि सार्दै कुनै संसोधनबिना सो सन्धिलाई अनुमोदन गर्न नहुने र संसद्को दुई तिहाई बहुमतले नै यदि त्यस्तो गरेमा पनि राप्रपा चुप लागेर नबस्ने विचार व्यक्त गऱ्यो (समाज, १९९३) । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र पशुपतिशमशेर ज.व.रा बिच १५ गते बिहान करिव तीन घन्टा शितलनिवासमा वार्ता भएको थियो (कान्तिपुर, २०५२ माघ १६) । प्रधानमन्त्री कोइरालाको भारत भ्रमणको बेलामा गरेको सन्धिअनुसार १ र पछि भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणको बेलामा थप गरिएको १ गरी जम्मा २ मेगावाट विजुली टनकपुर सन्धिवापत नेपालले पाउने भएको थियो भने नयाँ सन्धिअनुसार सात मेघाबाट (सात करोड युनिट) बिजुली नेपालले प्राप्त गर्ने भएको छ ।

पहिलेको सन्धिअनुसार १५० क्यूसेक पानी नेपालले प्राप्त गर्ने प्रावधान थियो भने नयाँ सन्धिअनुसार त्यसको दोब्बर ३०० क्यूसेक पानी प्राप्त गर्नेछ (कान्तिपुर, २०५२ माघ १६) । पहिलेको सन्धिअनुसार नेपालले प्राप्त गर्ने बिजुली तथा पानी शुभेच्छास्वरूप प्राप्त गरेको थियो (सर्वोच्च अदालत, २०४९, पृ. ४) तर नयाँ सन्धिअनुसार नेपालले आफ्नो हकस्वरूप प्राप्त गरेको छ । नेपालको भागको नेपाललाई नचाहिने पानी

नेपालको स्वीकृती लिई भारतले प्रयोग गरेमा त्यसबापत नेपाललाई आर्थिक मूल्य चुकाउनु पर्नेछ । योजना सञ्चालन गर्दा भारत नेपालको कुनै बुँदामा असहमत भए निर्णयको लागि तेस्रो पक्ष समावेश गरिनेछ । नेपाललाई बढी भएको बिजुली भारतलाई बेच्दा वैकल्पिक ऊर्जाको मूल्यको आधारमा मूल्य निर्धारण गरिनेछ (राप्रपा केका २०५५, पृ. १९) । नेपाली उत्पादनलाई भारतीय बजारमा प्रवेश गराउन ५० प्रतिशत स्थानीय सामग्री र श्रम रहनुपर्ने प्रावधान हटाउन भारत सहमत भएको छ । कोहलपुर महाकाली खण्डका २२ वटा पुल सन् १९९९ भित्र भारतले पूरा गर्नेछ (गोरखापत्र, २०५२ माघ १६) ।

टनकपुर बाँध परियोजनाबारे सन्धिलाई खारेज गरी महाकाली एकीकृत विकास सन्धि गर्नुले पहिलेको तुलनामा राष्ट्रलाई निकै हदसम्म फाइदा पुऱ्याएको छ तर यो सन्धि पनि विवादरहित भने छैन । यसको पनि धेरैले आलोचना गरेका छन् । यो सन्धि अनुमोदन गर्ने २०५३ साल असोज ४ गतेको घटनाले गर्दा नेकपा एमाले पार्टीभित्र भावानात्मक किसिमको विभाजन भयो । सन्धिमा मतदान हुँदा २६ जना एमाले सांसद् पार्टीको ह्वीप उलङ्घन गरी अनुपस्थित रहे र ४ जनाले सन्धिको विपक्षमा मतदान गरे ।

## ख. नेपाल भारत व्यापार सन्धिको नवीकरण

नेपाल तथा भारतबिच व्यापार सन्धि र अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौता २०५३ मंसिर १८ गतेका दिन राप्रपाको सक्रियतामा काठमाण्डौंमा हस्ताक्षर भई नवीकरण गरिएको थियो । सो सन्धिबाट हाम्रो राष्ट्रिय हितमा कायम हुन आएका धेरै नयाँ प्रावधानहरू रहेका छन् । साविकमा वाणिज्य सन्धि समाप्त हुने मितिभन्दा अगावै दुवै राष्ट्र मिली त्यसलाई नवीकरण गर्नुपर्थ्यो । नयाँ व्यवस्थाअनुसार प्रत्येक ५/५ वर्षमा सन्धि स्वतः नवीकरण हुँदै जाने भएको छ । साविकको वाणिज्य सन्धिमा नेपालमा उत्पादित औद्योगिक वस्तुहरू सुविधायुक्त भन्सारमा भारत लग्न ५० प्रतिशत नेपाली तथा भारतीय वस्तु तथा नेपाली श्रमको समिश्रण अनिवार्य भएकोमा नयाँ सन्धिमा त्यो सर्त हटाइयो । नेगेटिभ लिस्टमा परेका वस्तुहरूबाहेक अन्य नेपालमा उत्पादित वस्तुबिना रोकतोक भारतीय वजारमा प्रवेश पाउने भए । साविकको वाणिज्य सन्धिमा जम्मा ७ किसिमका वस्तुहरू नेगेटिभ लिस्टमा राखिएकोमा नयाँ परिवर्तनबाट सो सूचीमा मदिरा, परफ्यूम तथा कस्मेटिक र चुरोट तथा तमाखु गरी जम्मा ३ किसिमका वस्तुहरू मात्र राखिएका छन् । नयाँ व्यवस्था अनुसार ने.रु.४० लाखसम्मको उद्योगले आफ्नो उत्पादन भारतमा निर्यात गर्दा अतिरिक्त महशुलमा सतप्रतिशत छुट पाउने र सोभन्दा बढी उत्पादन लागत भएका उद्योगहरूको हकमा उक्त छुट प्रतिशत क्रमिक रूपले कम हुँदै जाने भएको छ ।

नेपालले तेस्रो मुलुकबाट भारतको बाटोभएर आयात गर्ने सामानहरू सिपरले कन्टेनरमा लगाएको One time lock दुरुस्त भएमा भारतीय भन्सार अधिकारीले सामानहरू नजाँची सम्बन्धित कागजातहरूको आधारमा कन्टेनरलाई छाड्ने व्यवस्था गरिएको छ । अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताको नवीकरण तथा संशोधनः साविकमा भएको व्यवस्थाअनुसार अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताको दफा ३ मा नेपालले भारत तथा तेस्रो मुलुकबाट आयात गरेको वस्तुमा Ex-factory value को ५०

प्रतिशतभन्दा बढी नेपाली वस्तु समिश्रण नगरी तेस्रो मुलुक तथा भारततर्फ निर्यात गर्न नपाइने बन्देजात्मक प्रावधान रहिआएकोमा सो दफामा भएको हालको संशोधनबाट उक्त ५० प्रतिशत समिश्रणको बन्देज हटाई व्यापारको दायरालाई उदार र फराकिलो बनाएको छ । यो सम्झौता सन् २००१ डिसेम्वर ५ सम्मका लागि म्याद थप गर्ने गरी नवीकरण भएको थियो । सो अवधीपछि पनि दुवै मुलुकको स्वीकृतीले ५/५ वर्षका लागि नवीकरण गर्न सकिने प्रावधान राखिएको छ । यस सन्धिलाई नेपालका उद्योग तथा व्यापारीहरूले मात्र नभएर संसद्मा उक्त समयमा प्रमुख प्रतिपक्षी दलको रूपमा रहेको एमालेले पनि स्वागत गरेको थियो । यसै सन्धिका कारणले विगतका केही वर्षदेखि भारतमा नेपाली मालको निर्यात ४० प्रतिशतभन्दा बढी दरमा वृद्धि भएकोछ । यो सफलता राप्रपाको प्रयासमा सफल भएको थियो (राप्रपा के.का., २०५५, पृ. २०) ।

## ग. काँकडभित्ता-फूलवारी-बङ्गलाबन्ध मार्ग

नेपाल र बङ्गलादेशबिच सन् १९७६ मा सम्पन्न पारवहनसम्बन्धी सन्धिले नेपाली वस्तुलाई बङ्गलादेशको वन्दरगाह हुँदै तेस्रो विश्वसम्म पुग्न दिने व्यवस्था गरेको थियो तर काँकडभित्ता-फूलवारी मार्गका निम्ति नेपाल-भारतबिच सम्झौता भइनसकेकोले दुई दशकसम्म बङ्गलादेशबाट प्राप्त अवसरको उपयोग गर्न सकिएको थिएन । राप्रपा सरकारमा संलग्न भएपछि सो पार्टीको अथक प्रयासद्वारा २०५४ भदौ १६ गते नेपाल र भारतबिच सम्झौता भई नेपालबाट फूलबारी हुँदै बङ्गलादेशको बङ्गलाबन्धसम्म जाने थप सडक पारवाहन मार्ग सञ्चालन भएको छ । सम्झौतापत्रमा नेपालका तर्फबाट परराष्ट्रमन्त्री कमल थापाले र भारतका तर्फबाट पश्चिम बङ्गालका एक मन्त्रीले हस्ताक्षर गरेका थिए (कान्तिपुर, २०५४, पृ. २) । सुरूमा ५ महिनाको लागि परीक्षणका रूपमा हप्तामा दुई दिन शनिवार र आइतबारमात्र प्रयोग गर्ने सम्झौता भएकोमा २०५४ साल चैत्र १७ र १८ गते दिल्लीमा वाणिज्य सचिव स्तरीय दुईपक्षीय वार्ता भएपछि नेपालले उक्तमार्ग हप्तामा चार दिन प्रयोग गर्न पाउने भयो । २०५५ साल असार ९ गतेदेखि नियमित रूपमा प्रयोग गर्न पाउने भएको छ । राप्रपा नेतृत्वको सरकारको यो ठूलो उपलब्धी थियो ।

## घ. विद्युत बिक्री सम्झौता

आफू सरकारमा रहेको बेला राप्रपाले २०५४ साल जेठ २३ गते नेपाल र भारतबिच विद्युत शक्ति व्यापार सम्झौता गऱ्यो । राज्यमन्त्रीस्तरमा हस्ताक्षर सम्पन्न भएको यस सम्झौताको अवधी ५० वर्ष रहेको छ । तर प्रत्येक १० वर्षमा वा सोभन्दा अगावै पनि कुनै पक्षले चाहेमा त्यसका प्रावधान पुनरावलोकन गर्न सक्छ । नेपालका जलस्रोत राज्यमन्त्री राजीव पराजुली तथा भारतीय ऊर्जामन्त्री डा. यस. वेणु गोपालाचारीद्वारा हस्ताक्षरित यो सम्झौता अनुसार दुवै देशका सरकारी, अर्धसरकारी तथा निजीक्षेत्रले एक देशमा विद्युत उत्पादन गरी अर्को देशमा वेचबिखन गर्नसक्ने प्रावधान रहेको छ । यो काममा दुवै देशका सरकारले आफ्नो कानुनबमोजिम उत्पादन एवं प्रसारण व्यवस्था गर्न सुविधा एवं सहयोग गर्नुपर्नेछ । विद्युतको मूल्यको हकमा सम्बन्धित पक्षहरूले छलफल गरी आफैँ निर्धारण गर्न सक्ने प्रावधान राखिएको यो सम्झौताले विद्युत व्यापारका लागि वा तेस्रो मुलुकसँग छुट्टै व्यवस्थागर्न बन्देज लगाएको छैन (नेपाल प्रेस डाइजेस्ट,

१९९७) । नेपालको जलविद्युत विकासमा यस सम्झौताले ठूलो योगदान पुग्ने र नीजि क्षेत्र आकर्षित हुने देखिन्छ ।

## ङ. जलमार्ग अध्ययन गर्ने सम्झौता

नेपालको कोशी वा गण्डक जलमार्गद्वारा समुद्रपार व्यापारको लागि कलकत्ता पुग्ने प्रस्ताव राप्रपाले राख्यो । भारतलाई सहमत गरायो र कहाँबाट कसरी सुरू गर्ने भनी अध्ययन गराउने सम्झौता भयो । वर्तमान सरकारले यो राष्ट्रहितको सम्झौतालाई अहिले उपेक्षा गरेको छ तर राप्रपा सत्तामा हुँदा यस दिशामा दृढता कायम गर्न अगाडि बढेको थियो (राप्रपा केका २०५५, पृ. २०) । राप्रपाले राष्ट्रिय हितका लागि उपर्युक्त बमोजिमका महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भए तापनि सरकारमा रहेर गरेको कार्यका लागि राप्रपाको मात्र योगदान रहेको छ भन्न मिल्दैन । किनकि राप्रपाले हालसम्म संसद्मा बहुमत प्राप्त गर्न सकेको छैन । तसर्थ अन्य पार्टीले नचाही राप्रपाले गर्न सक्ने अवस्था हुँदैनथ्यो । जे भए पनि राप्रपाको मातहतमा रहेका मन्त्रालयहरूद्वारा सम्पन्न गरिएका कार्यहरू र राष्ट्रिय महत्त्वका कार्यहरूमा राप्रपाका अनुभव प्राप्त मन्त्रीहरूद्वारा अधिकांश विवादरहित भएका छन् भन्ने कुरामा दुईमत हुन सक्दैन (अधिकारी, २०५५) । जनआन्दोलन-२ को सफलतापश्चात् २०६३ बैशाख १५ पछि पुनःर्स्थापित प्रतिनिधिसभाको बैठकसुरू भएको थियो ।

पुनःर्स्थापित प्रतिनिधिसभाको सुरूदेखि नै राप्रपाले जनआन्दोलन-२ को भावना र मर्मलाई मनन गर्दै जनताको सर्वोच्चतालाई केन्द्र मानेर भूमिका निर्वाह गरेको थियो । त्यसअनुरूप प्रतिनिधिसभाको घोषणा २०६३ जेठ ४ लाई समर्थन गर्दै जनआन्दोलनको भावना र चाहनाअनुरूप जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाहगर्ने उद्घोषण रोस्ट्रमबाटै राप्रपाले गरेको थियो । २०६३ माघ १ मा अन्तरिम संविधान ल्याउँदा राप्रपाले यसलाई आठदलको अधुरो दस्तावेज भएको, अरु दल र पक्षको भावना समेट्न नचाहेको, प्रजातान्त्रिक मूल्य र मान्यतालाई उपहास गरिएको, सङ्घीय राज्यव्यवस्था हुनुपर्ने, विपक्षी दल, प्रधानमन्त्रीलाई अविश्वासको प्रस्ताव समावेदन र स्वतन्त्र न्यायपालिकाको अवधारणा बारेमा प्रस्ट हुनुपर्ने जस्ता कुराहरू सच्याएर अगाडि बढ्न राप्रपाले भनेपछि स्वयं प्रधानमन्त्रीले महसुस गरेर यी भनाइहरूले हामीलाई मार्गदर्शन गरेको, संसद्को सम्पत्ति भएको र पछि समेटिने वक्तव्य प्रधानमन्त्रीबाट आएको थियो । फागुण २५ गते पहिलो संसोधन आउँदा सङ्घीय राज्यव्यवस्था हुने र मधेशका मागलाई आंशिक रूपमा भए पनि संबोधन गरिएको थियो । त्यस वखत पनि राप्रपा आफ्नो संशोधनकै पक्षमा अडिग रहेको थियो ।

निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन अवैज्ञानिक भएकोले सच्याउनुपर्छ भनी राप्रपाले जोड दिएको थियो । वैशाख २० मा राप्रपाले १५ बुँदे ज्ञापनपत्र प्रधानमन्त्रीलाई बुझाएपछि, यसलाई अझ सफल पार्ने निर्णय गरी संसद्मा रोस्ट्रम घेर्न पुगेको र वैशाख २६, जेठ २, ४, १७ गते सभामुख, शान्ति तथा पुनर्निर्माणमन्त्री रामचन्द्र पौडेल र राप्रपा सांसदबिच सहमति भएअनुरूप स्थानीय निकाय र जिल्ला स्तरीय सबै सरकारी संयन्त्रमा राप्रपाका प्रतिनिधिहरू सहभागी गराउने समझदारी र प्रतिबद्धता भएपछि संसद्

सुचारु भएको थियो तर तत्सम्बन्धमा प्रगति नभएको हुँदा आषाढ १७ को संसद् बैठकमा पनि राप्रपाले समझदारी कार्यान्वयन अपुरो भएकोले पूरा गर्न जोडदार आवाज उठाएको थियो । तत्पश्चात राप्रपाले हालसम्म पनि संसद्भित्र सशक्त भूमिका निर्वाह गर्दै आएको छ ।

## ५.१० संविधान सुधारसम्बन्धी राप्रपाको धारणा

राप्रपाले व्यापक र अग्रगामी राजनीतिक सुधारका निमित्त नेपाल अधिराज्यको तत्कालीन संविधान, २०४७ मा समयानुकूल सुधारको कुरालाई औंल्याएको थियो (राप्रपा दस्तावेज, २०५९, पृ. १५) । देशमा देखिएका कमीकमजोरीहरूको निराकरण गर्न तथा सम्भावित चुनौतीलाई सामना गर्दै सम्पूर्ण नेपाली जनतालाई राष्ट्रिय मूलधारमा समाहित गर्न सक्ने वातावरण तयार गर्न नेपाल अधिराज्यको संविधान समयानुकूल सुधार गर्नुपर्छ भन्ने राप्रपाको धारणा रहेको थियो । तत्कालीन माओवादी समस्यालाई राजनैतिक ढङ्गबाट समाधान गर्ने क्रममा वार्ताको माध्यमबाट राष्ट्रिय सहमतिको आधारमा निस्कने निष्कर्षलाई तत्कालीन संविधानको प्रस्तावको भावना प्रतिकूल नहुने गरी राष्ट्र र जनताको सर्वोपरि हितको पक्षमा संविधानमा समायोजन गर्न राप्रपा तयार रहने कुराको उल्लेख गरेको थियो । तत्कालीन नेपाल अधिराज्यको २०४७ को संविधानमा सुधार गर्न राप्रपाले देहायबमोजिमको प्रस्ताव अघि सारेको थियो । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापश्चात् नेपालमा तीनवटा आमनिर्वाचन र दुई स्थानीय निकायका निर्वाचनहरू सम्पन्न भइसकेका थिए । उल्लिखित सबै पाँच निर्वाचनहरू विवादग्रस्त रहेका थिए ।

तुलनात्मक रूपमा ती निर्वाचनहरूमा धाँधली र अनियमितता भएका थिए । जसरी भए पनि सत्तामा जाने, सत्तामा पुगेपछि ब्रह्मलुट गर्ने अनि सत्ता, पैसा र शक्तिको आधारमा निर्वाचनलाई प्रभावित तुल्याई पुनः वैधानिकता हासिल गर्ने, यही चक्रव्युहमा नेपालको प्रजातन्त्र फसेको थियो । फलतः निर्वाचन, सरकार र प्रजातन्त्रप्रति नै जनताको विश्वास क्रमशः ह्रास हुँदै गैरहेको थियो । सत्ता, पैसा र शक्तिको दुरूपयोग गरी निर्वाचित भएर आउनेहरूबाट स्वच्छ प्रशासन र जनताको सर्वोपरि हितको संरक्षण हुन सक्दैन । त्यसर्थ, निर्वाचनको स्वच्छतालाई कायम राख्न आमनिर्वाचन हुनु तीन महिना अगाडिदेखि निष्पक्ष चुनावी सरकार कायम गर्ने व्यवस्था गर्न तदनुकूल संविधानमा संशोधन हुनुपर्दछ भन्ने राप्रपाको प्रस्ताव रहेको थियो (राप्रपा दस्तावेज, २०५९, पृ. १५) । निर्वाचनको माध्यमबाट संसद्मा जनमतको वास्तविक प्रतिनिधित्व हुन सक्यो भने मात्र प्रजातन्त्र सुदृढ हुँदै जानेछ ।

विश्वका बिभिन्न मुलुकहरूमा भएको प्रयोग तथा हाम्रो देशमा गत एक दशकमा गरिएको प्रजातान्त्रिक अभ्यासको अनुभवलाई मध्यनजर राख्दै राजनीतिमा हावी हुँदै गएको व्यक्तिवादी प्रवृत्तिलाई निरुत्साहित गर्न, विभिन्न वर्ग, जाति र क्षेत्रको प्रतिनिधित्वलाई सुनिश्चित गर्न तथा निर्वाचनलाई तुलनात्मक रूपमा कम खर्चिलो र स्वच्छ तुल्याउन तत्कालीन समयमा रहेको निर्वाचन पद्धति सुधार गरी समानुपातिक निर्वाचन प्रणाली लागु गरिनुपर्दछ भन्ने राप्रपाको धारणा रहेको थियो (राप्रपा दस्तावेज, २०५९, पृ. १५) । सहभागितामूलक विकास तथा स्थानीय स्वायत्तताको लक्ष्य प्राप्त गर्ने क्रममा स्थानीय सरकारको

अवधारणाअनुरूप स्थानीय निकायहरूलाई वित्तीय, प्रशासनिक र कार्यक्रमगत स्वायत्तता प्रदान गरिनुपर्दछ भन्ने राप्रपाको मान्यता रहेको छ । स्थानीय निकायहरूको स्वयत्तता र अधिकारलाई अकुण्ठित रूपमा कायम राख्न संविधानमा नै आवश्यक व्यवस्था गरिनुपर्दछ । साथै, स्थानीय निकायको चुनाव दलीय आधारमा गर्ने व्यवस्था हटाइनुपर्दछ भन्ने राप्रपाको मान्यता रहेको थियो (राप्रपा दस्तावेज, २०५९, पृ. १५-१६) ।

नागरिकता अत्यन्त संवेदनशील विषय हो । नागरिकतासम्बन्धी समस्याले धेरै लामो समयदेखि राष्ट्रलाई पिरोलिरहेको छ । त्यसर्थ राष्ट्रिय सहमतिको आधारमा निश्चित नीति निर्धारण गरी सम्पूर्ण नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र सर्वसुलभ तरिकाले उपलव्ध गराउन तदनुकूल संविधानमा संशोधन हुनुपर्दछ भन्ने राप्रपाको माग रहेको थियो (राप्रपा दस्तावेज, २०५९, पृ. १६) । तत्कालीन संविधानमा शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लेख थियो (नेपाल अधिराज्यको संविधान, २०४७ भाग ४ धारा २६ उपधारा १०) । उपर्युक्त भावनाअनुरूप जनसङ्ख्याको अनुपातमा राष्ट्रिय औसत कायम नभएसम्म निश्चित अवधिका लागि महिलावर्ग लगायत आदिवासी, जनजाति, पिछडिएका तराईवासी मधेशी समुदाय एवं दलितहरूका लागि शिक्षा, रोजगारी तथा प्रतिनिधित्वको क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था गर्न संविधानमा आवश्यक संशोधन गरिनुपर्दछ भन्ने राप्रपाको धारणा रहेको थियो (ऐजन) ।

देशमा रहेका सबै वर्ग, जाति र समुदायको समुचित प्रतिनिधित्व संसद्मा हुन सकोस् भन्ने उद्देश्यअनुरूप राष्ट्रियसभाको तत्कालीन संरचनामा सुधार गरी महिलावर्ग लगायत आदिवासी, जनजाति, पिछडिएका तराईवासी मधेशी समुदाय एवं दलितहरूको जनसङ्ख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न संविधानमा आवश्यक संशोधन गरिनुपर्दछ । संरचनागत सुधारका साथै राष्ट्रियसभाको प्रभावकारिता अभिवृद्धि गर्न राष्ट्रियसभालाई अधिकार सम्पन्नसमेत तुल्याइनुपर्दछ भन्ने राप्रपाको माग रहेको थियो (राप्रपा दस्तावेज, २०५९, पृ. १६) । नियन्त्रण र सन्तुलन नेपाल अधिराज्यको संविधान, २०४७ को एक प्रमुख बिशेषता थियो तर व्यवहारमा यो पक्ष अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेको थिएन । त्यसर्थ नियन्त्रण र सन्तुलनको पक्षलाई सशक्त तुल्याउने क्रममा संवैधानिक अङ्गहरूलाई थप स्वायत्तता र अधिकार प्रदान गर्न, संवैधानिक अङ्गहरूमा हुने नियुक्ति निश्चित नीति र मापदण्डको आधारमा गर्न तथा नियुक्ति प्रक्रियालाई पारदर्शी तुल्याउन संविधानमा नै आवश्यक सुधार गरिनुपर्दछ भन्ने राप्रपाको धारणा रहेको थियो (ऐजन) ।

२०७२ को नयाँ संविधानमा व्यवस्था गरिएको धर्मनिरपेक्षता र संघीयतासम्बन्धी प्रावधानहरूको राप्रपाले विरोध गर्दै आएको देखिन्छ । सरकारमा रहँदा राप्रपाले राष्ट्रिय जगेर्ना, संविधानको संरक्षण, प्रशासनिक सुधार, कृषक तथा उपेक्षित जनताका हित र देशको हित अनुकूल हुने गरी सन्धि सम्झौताहरू गरेको देखिन्छ तर सरकार बाहिर रहँदा अन्य दलका सरकारले देशको हितको प्रतिकूल काम गर्दा पनि त्यसको सशक्त प्रतिवाद गर्न नसक्नु, गणतन्त्रको घोषणा हुने बेला त्यसको प्रतिवाद गर्न नसक्नु, संविधानमा

धर्मनिरपेक्षता र संघीयताको प्रावधान राख्दा डटेर प्रतिरोध गर्न नसक्नु, गणतान्त्रिक संविधानमा हस्ताक्षर गर्नु, महाकाली जस्तो राष्ट्रघाती संझौताको पक्षमा मतदान गर्नु यसका गल्ती कमजोरीहरू हुन् ।

# परिच्छेदः छ
# नेपालको प्रमुख राजनैतिक मुद्दाहरू, राप्रपाको दृष्टिकोण र अन्य दलसँगको सम्बन्ध

यस परिच्छेदमा नेपालको प्रमुख राजनैतिक मुद्दा, वृहत् राष्ट्रिय सहमतिसम्बन्धी राप्रपाको धारणा, राप्रपाको अन्तर्राष्ट्रिय सम्बन्ध, दलीय द्वन्द्व र सहमति, राप्रपाको नेपाली कांग्रेससँगको सम्बन्ध र सहकार्य, राप्रपाको नेकपा एमालेसँग सम्बन्ध र सहकार्यको स्थिति, राप्रपाको माओवादीसँग सम्बन्ध र सहकार्यको स्थिति, राप्रपाको राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनसँगको सम्बन्ध र सहकार्यको स्थिति, बाह्र बुँदे दिल्ली सम्झौता, दोस्रो जनआन्दोलन र राजसंस्थाको अवसान र वृहत शान्ति सम्झौताका बारेमा खोजमूलक अनुसन्धान गरी तिनको विस्तृत वर्णन गरिएको छ ।

## ६.१ नेपालको प्रमुख राजनैतिक मुद्दाहरू

राजनीतिक सत्ता र राजनीतिक परिवर्तन निरन्तर चलिरहने प्रक्रिया हुन् । गतिशील रूपमा एउटा सत्ताबाट अर्को सत्ता, एउटा शासकवर्गबाट अर्को शासकवर्ग र एउटा व्यवस्थाबाट अर्को व्यवस्थामा परिवर्तन हुनेगर्दछ । नेपालमा विगत लामो समयदेखि नै विभिन्न किसिमका सत्ता र व्यवस्थाको परिवर्तन भएको देखिन्छ । विभिन्न किसिमका जनविद्रोह, जनआन्दोलन र जनविस्तार पनि राजनीतिक सत्ता र व्यवस्था परिवर्तनका लागि हुँदै आएका छन् । आधुनिक कालका केही महत्त्वपूर्ण विद्रोहले राजनीतिक परिवर्तन र विकासका महत्त्वपूर्ण कारकका रूपमा कार्य गरेको देखिन्छ । शाहकालको अन्त्यतिर १८४० मा तत्कालीन युवराज र सुरेन्द्रका जनविद्रोहले र मनकारी कार्यले आतङ्कित भएका जनताले पहिले विद्रोह गरेका थिए । यसलाई पहिलो जनविद्रोहको रूपमा लिइन्छ । त्यसबेला जनताले युवराजको आतङ्कविरुद्ध राजा राजेन्द्रलाई एक बिन्तीपत्र लेखी सुनको किस्तीमा राखेर आफ्ना मागपत्र प्रस्तुत गरेका थिए तर यसको परिणाम भने युवराजमाथि नियन्त्रण गर्नुको सट्टा अधिकार रानी लक्ष्मीदेवीलाई हस्तान्तरण गर्ने काम भएको थियो । यो नै शाहीशासनको पतनको मुख्य कारण र शाह राजाहरूको जनताको इच्छाविरुद्धको अभिव्यक्तिको प्रमाणसमेत हुन पुगेको थियो । जब राज्य र त्यसका सञ्चालकहरू जनताप्रति अनुदार र निरङ्कुश बन्दछ तब जनताहरू ठोस राजनीतिक मुद्दा लिई सङ्गठित भई राज्यसत्ताको विरुद्धमा उठ्न पुग्दछन् । नेपालको विभिन्न कालखण्डमा उठाइएका राजनीतिक मुद्दाहरू र सङ्घर्षका स्थितिहरूलाई तल वर्णन गरिएका छन् ।

### क. राणाशासन विरुद्धको आन्दोलन र राजनीतिक मुद्दा

राजा श्री ५ राजेन्द्र वीरविक्रम शाहले कान्छी महारानी राज्यलक्ष्मी देवीलाई शासन अधिकार दिएपछि दुई रानीबिच भएको झगडाबाट चतुर जङ्गबहादुरले फाइदा उठाई वि.सं. १९०३ भाद्र ३१ गतेको दिनमा कोत हत्याकाण्ड गरी आफ्ना शत्रुहरू सखाप पारेको र उनले कान्छी महारानीको हातबाट पञ्जापत्र गरी प्रधानमन्त्री एवं प्रधानसेनापति पद प्राप्त गरेर सम्पूर्ण अधिकार आफ्नो हातमा लिएका थिए (शर्मा, १९७९) । यसै सन्दर्भमा तोयानाथ भट्टराईले आफ्नो पुस्तक "नेपालमा संवैधानिक कानुन तथा वर्तमान संविधान" मा

कोतपर्वपछि जङ्बहादुरले सुरू गरेको शासन व्यवस्था तरवारकै अधिकार (Right of sword) मा आधारित हुँदा त्यस व्यवस्थामा संवैधानिक विकास हुने प्रश्न नै भएन र राजाको हुकुम जहानियाँ प्रधानमन्त्रीमा सुम्पियो । राजा र जनता दुवै जहानियाँ प्रधानमन्त्रीकै अधिनमा भए भनी लेखेबाट जङ्बहादुर सर्वेसर्वा र सर्वशक्तिमान भएको जानकारी हुन्छ । कोतपर्वबाट सर्वशक्तिमान भएका जङ्बहादुरले युरोप भ्रमणबाट फर्किनासाथ कानुनी संहिता निर्माण गर्न कौशल (कानुनी आयोग) गठन गरेको देखिन्छ । उनले उक्त कौशलद्वारा निर्मित संहिता (मुलुकी ऐन) जनसमक्ष ल्याई प्रारम्भ गर्ने व्यवस्था मिलाई कानुनअनुसार शासन सञ्चालन गर्न लागेको देखिन्छ ।

उनले नेपालमा सर्वप्रथम संसद्भवन बनाउन लगाउनुका साथै उक्त भवनमा कचहरी वहस, सरसल्लाहसमेत गर्ने गरेको पाइन्छ (जबरा, २०४६) । उनले युरोपबाट फर्केपछि लेडिजकोर्टको आयोजनासमेत गरेको देखिन्छ (जबरा, २०४६) । उनले एक विशिष्ट राजकीय निकायद्वारा स्वयं प्रधानमन्त्री पनि दण्डित हुन सक्ने नियम बनाएका थिए भनिन्छ । त्यस्तो अधिकारको प्रयोग कहिल्यै पनि उपयोगमा आएको भन्ने जानकारी भने पाँइदैन । जङ्गबहादुरपछि प्रधानमन्त्री हुने श्री ३ रणोद्विपसिंह र वीरशमशेरको समयमा संसदीय परम्पराको विकासमा कुनै प्रयास भएको देखिँदैन । उनीहरूले जङ्गबहादुरले प्रारम्भ गरेको पार्लियामेण्ट र लेडिजकोर्टमा पनि केही विकास गरेको देखिँदैन (जबरा, २०४६, पृ. १६०) । वीर शमशेरको मृत्युपश्चात् मार्च ५, १९०१ ई.सं. मा प्रधानमन्त्री बनेका देव शमशेरले शासन व्यवस्थामा सुधार गरी संसदीय व्यवस्था स्थापना गर्ने विचारले विदेशबाट धेरै विशेषज्ञ सल्लाहकारहरू पनि झिकाएको देखिन्छ । उनले महाराजधिराजको नायकत्वमा पार्लियामेन्ट स्थापना गर्ने विचार गरी (शर्मा, १९७९) आफ्नो थापाथलीस्थित दरवारमा संसद् (पार्लियामेन्ट) को स्थापना गर्ने विचारले ठूलो कोठाको निर्माणसमेत गरेको जानकारी पाइन्छ (शर्मा, १९७९) । उनले लेडिजकोर्टको आयोजना गरी उक्त कोर्टमा श्री ३ बडामहारानी, महारानी, भाइभतिजा र छोराहरूका रानीहरूसमेतको अनिवार्य उपस्थित गराई तस्वीरसमेत खिचाएको भेटिन्छ (जबरा, २०४६) । यसरी उनले संसदीय व्यवस्थाको स्थापनागर्न गरेको प्रयासलाई प्रजातन्त्रप्रतिको उनको झुकाव भन्न सकिन्छ ।

देव शमशेरपछि जुन २६, १९०१ ई. का दिन सत्तासीन चन्द्र शमशेरले त्रिचन्द्र कलेजको स्थापना, दरवार स्कुल सर्वसाधरणका लागि खुला, सतीप्रथाको पूर्ण समाप्ति र दासमोचन गरेको पाइन्छ (शर्मा, १९७९) । प्रशासन व्यवस्थालाई सुचारु रूपले सञ्चालन गर्न यिनले खड्ग निशान अड्डा, विन्तीपत्र निकसारी अड्डा, श्रेष्ठ पाठशाला, जनस्वास्थ्य अड्डा, जङ्गी बन्दोवस्त अड्डा, डाइरेक्टर र सेक्रेटरी जनरलको कार्यालय, घरकाज अड्डा, इञ्जिनियरिङ अड्डा, उद्योग, कृषि परिषद्, टेलिफोन अड्डा, विजुली गोश्वारा, जनसङ्ख्या गोश्वारा आदि खोली सम्बन्धित क्षेत्रको विकासमा योगदान दिएको पाइन्छ (यादव, २०४९, पृ. २५६) । बिन्तीपत्र निकसारी अड्डाले कानुनका पुस्तकहरू प्रकाशित गरी सस्तो दरमा जनतालाई उपलब्ध गराउनुका साथै यो सर्वोच्च न्यायिक निकाय भएकाले यसको निर्णय अन्तिम हुनुका साथै आफ्नो मातहतका

कार्यालयहरूको अपिल र देवानी, फौजदारी मुद्दा र कर्मचारीहरूको सिकायतको बारेमा समेत निर्णय हुने गरेको पाइन्थ्यो । यिनी अतिधूर्त र चतुर स्वभावका भएका हुँदा उनले पार्लियामेन्टको विकासको सम्बन्धमा भने कुनै पनि काम गरेको भेटिँदैन । २५ नोभेम्बर १९२९ ई. मा चन्द्र शमशेरको मृत्युपश्चात् भीम शमशेर नेपालका प्राइमिनिस्टर भए । यसपछि उनले संसदीय व्यवस्थासम्बन्धी केही पनि गरेको पाइँदैन तर उनको समयमा भारतका साथै सम्पूर्ण एसियामा नै नयाँ चेतनाको लहर आइरहेको पाइन्छ र जसको प्रभाव नेपालमा पनि परेको देखिन्छ । फलस्वरूप १९३० ई. मा तुलसीमेहरले काठमाडौँ उपत्यकामा चर्खा प्रचार अभियान प्रारम्भ गरेको भटिन्छ ।

केही युवकहरूले देशमा पार्लियामेन्टरी शासन व्यवस्था स्थापना गराउने उद्देश्यले (शर्मा, १९७९) पहिलो राजनीतिक दल ‘प्रचण्ड गोरखा’ को स्थापना गरेको देखिन्छ, जसले जनचेतना निर्माण गर्न ठूलो भूमिका निर्वाह गरेको पाइन्छ । भीम शमशेरपछि सत्ता सम्हालेका जुद्ध शमशेरको दमनकारी नीतिलाई शुक्रराज शास्त्री, दशरथ चन्द, गङ्गालाल र धर्मभक्तलाई ज्यान सजाय दिई हत्या गरेको पाइन्छ । उनीहरूले ‘प्रजा परिषद’ को गठन गरी राणाशाही एकतन्त्रवादलाई समाप्त गरी नेपालमा प्रजातन्त्रवादी शासन स्थापना गर्ने लक्ष्य लिएको पाइन्छ (शर्मा, १९७९) । यति हुँदाहुँदै पनि जुद्ध शमशेरले नयाँ नेपाल कम्पनी कानुनअन्तर्गत विराटनगर जुटमिल लगायत २१ वटा कम्पनी खुलाएको पाइन्छ भने सुन्दरिजल विद्युत आयोजना, विमा कम्पनी, विभिन्न स्कुलहरू, अस्पताल, हुलाक, टेलिफोनको पनि व्यवस्था गरेको पाइन्छ (शर्मा, १९७९) । १९४० ई. मा प्रधानन्यायालयको स्थापना गर्ने व्यवस्था गरेको भेटिन्छ । यसको विशेषता न्यायपालिकालाई कार्यपालिकाबाट पृथक राखिनु भएको जानकारी हुन्छ । भारतमा चलिरहेको स्वतन्त्रता आन्दोलनको प्रभावले नेपालमा पनि जनचेतनाको लहरको विस्तार व्यापक रूपमा भएका कारण राणा शासकहरूमा झन् दवाब बढ्दै गइरहेको बेला २९ नोभेम्वर १९४५ मा पद्म शमशेर प्रधानमन्त्री भएको पाइन्छ । उनी प्रधानमन्त्री हुनासाथ काठमाण्डौँमा जमिन्दारको सम्मेलन गरेको पाइन्छ (शर्मा, १९७९) ।

शासन व्यवस्थामा सुधार गर्न भारतका श्री प्रकाश गुप्ताको नेतृत्वमा एक वैधानिक सल्लाहकार मण्डल झिकाई एउटा विधानको मस्यौदा तयार गरी २६ जनवरी १९४८ का दिन सार्वजनिक सभामा वैधानिक कानुनको घोषणा गरेको देखिन्छ (शर्मा, १९७९) । नेपालको संसदीय व्यवस्थाको इतिहासमा वैधानिक कानुन, २००४ लाई एक महत्त्वपूर्ण घटनाको रूपमा लिन सकिन्छ । जसमा मौलिक हक, कार्यकारिणी सभा, व्यवस्थापक सभा (दुई सदनात्मक) प्रधानन्यायालय, प्रधानजाँचकी, ‘दरखास्त परिषद्’ (वैधानिक कानुन, २००४) आदि जस्ता प्रजातान्त्रिक व्यवस्थामा हुनुपर्ने गुणहरूको उल्लेख भेटिन्छ । यस वैधानिक कानुनको घोषणालाई फरवरी २३, १९४८ मा नेकांको दोस्रो अधिवेशनले स्वागत गरे पनि कार्यान्वयन हुन नसकेकोले नेकांका सङ्गठित युवाहरूले विरोध गर्दागर्दै पद्म शमशेरले राजीनामा दिएकाले मोहन शमशेरले सत्ता समालेको देखिन्छ । मोहन शमशेरले सत्ता समालेको समयमा भारत अङ्ग्रेजहरूको हातबाट स्वतन्त्र भइसकेको र राणाशासनका विरुद्धमा नेपालमा आन्दोलनको तयारी देशव्यापी रूपमा भइरहेको पाइन्छ ।

त्यसैले उनले सत्ता टिकाउने उद्देश्यले वि.सं. २००७ साल आश्विन ६ गते 'नेपाल सरकार वैधानिक कानुन', २००४ को धारा २२ (क) मा उल्लेखित भारदारीसभा र राष्ट्रसभा (संसद्) को गठन गरेका थिए । उक्त व्यवस्थापिका (संसद्) को उद्घाटन भाषणमा उनले भने, "अवदेखि दुनियाँलाई पनि सरकारको कार्यप्रणालीमा सरिक गराउँदै लैजाने हाम्रो अभिप्राय", भएकोले भन्ने कुरा उल्लेख गरेको पाइन्छ (प्रधान, २००७) । यस्तो संसद्ले राणा सरकारबाट गरिएका काम कारबाहीप्रति समर्थन जनाउनबाहेक जनतालाई कुनै अधिकार दिलाउने काम गरेको देखिँदैन (प्रधान, २००७), जुन कुरा श्री ५ त्रिभुवनले ६ नोभेम्वर १९५० ई. मा भारतीय राजदुतावासमा शरण लिएपछि (शर्मा, १९७९), १९५० नोभेम्वर ७ का दिन मोहन शमशेरले बिहान ७ बजे तथाकथित् भारदारीसभा र संसद्को आपतकालीन् बैठक गरेर श्री ५ त्रिभुवनलाई पदच्यूत गरी ४ वर्षका नाबालक श्री ५ ज्ञानेन्द्रलाई राजा बनाउने निर्णय २५८ जनाको हस्ताक्षरसमेतबाट गराएबाट पनि प्रस्ट हुन्छ (यादव, २०४९) ।

श्री ५ त्रिभुवनको भारत सवारी भएपछि राष्ट्रव्यापी रूपमा जनक्रान्ति भएको पाइन्छ । फलस्वरूप भारतको प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा श्री ५ त्रिभुवन, राणा सरकारका प्रतिनिधि र नेपाली कांग्रेसका प्रतिनिधिबिच दिल्लीमा सम्झौता भएको पाइन्छ, जसमा नेपालमा १० सदस्यीय मन्त्रीमण्डल गठन गर्ने, संविधान निर्माण गर्न लगाउने र श्री ५ त्रिभुवनलाई नै गद्दीमा राख्ने निर्णय भएको पाइन्छ (प्रधान, २००७) । उक्त सम्झौताअनुसार, श्री ५ त्रिभुवनको काठमाडौँ सवारी भयो । वि.सं.२००७ फाल्गुण ७ को शाही घोषणाबाट राणाशासनको अन्त र प्रजातन्त्रको प्रादुर्भाव भएको पाइन्छ । यसै अवसरमा श्री ५ त्रिभुवनबाट एउटा अन्तरिम संविधानको पनि घोषणा भयो जुन "नेपाल अन्तरिम शासन विधान २००७" का नामले चिनिन्छ, जसमा ७ भाग ४७ धारा ८३ अनुसूची भएको पाइन्छ । यसरी नेपालको राजनीतिक इतिहासमा एकतन्त्रीय जहानियाँ निरङ्कुश राणाशासनको अन्त्य भई प्रजातान्त्रिक संसदीय व्यवस्थाको सूत्रपात हुन पुगेको पाइन्छ । २००७ को क्रान्तिका कारणहरू राजनीतिक, आर्थिक र सामाजिक रहेका थिए । राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्नु नेपालको तत्कालीन राजनीतिक मुद्दा रहेको थियो ।

### ख. पञ्चायत कालीन २०३५/३६ सालको आन्दोलन

लामो सङ्घर्षपछि सामन्ती राणा शासनको उन्मूलन गरी केही वर्षसम्म प्रजातान्त्रिक अभ्यास गरे पनि राजतन्त्रले पुनः शक्ति प्राप्त गरी सामन्तवादलाई पुनर्गठन गरी वि. सं. २०१७ साल पुस १ गते सैनिक "कु" द्वारा राजा महेन्द्रले पञ्चायत व्यवस्थाको प्रारम्भ गरेका थिए । यो तिस वर्षे पञ्चायत कालमा विभिन्न राजनीतिक मुद्दाहरू उठाई जनआन्दोलन र विद्रोहहरू भएका थिए । २००७ सालपछिको नियोजित षड्यन्त्रको फलस्वरूप २०१७ साल पुस १ गते शाहीकाण्ड भई संसदीय प्रणाली र सत्तालाई विस्थापन गरी राजा महेन्द्रले आफ्नो हातमा शक्ति लिएपछि नेपाली कांग्रेसले यसको विरुद्ध विद्रोह गरेको थियो । यसले पुष्पलालको नेतृत्वमा रहेको पार्टीले नवलपरासीमा सशस्त्र किसान विद्रोह चलाएको थियो तर यसलाई निर्ममतापूर्वक दमन गरिएको थियो । २०१९ साल जेठ १५ गते गुल्मी अमरपुरमा नेपाली कांग्रेसका लडाकुहरू र शाही

नेपाली सेनाबिच भिडन्त भएको थियो । यो काण्डको नेतृत्व गर्ने शमशेरबहादुर खत्री र मोतीप्रसाद भुसाल मारिएका थिए । चितवनमा टेकबहादुर गुरुङको नेतृत्वमा रहेको सशस्त्र डफ्फा र सेनाबिच ठोरीमा भिडन्त हुँदा टीकादत्त थपलिया लगायत कयौँ व्यक्तिहरू मारिएका थिए । २०१९ माघ ४ मा इलाममा रङ्गलाल गुरुङ समेतको मृत्यु भएको थियो । २०१९ साल मै ओमजङको नेतृत्वमा बझाङ कब्जा गर्ने प्रयास हुँदा शाही सेनाबाट दमन भएपछि ओमजङ भारततर्फ भागेका थिए । संसद्बाट संविधान संशोधन गरी राजाको शक्तिमाथि नियन्त्रण गर्ने तयारी विश्वेश्वरप्रसाद कोइरालाले गरेपछि उनलाई हटाई सुवर्ण शमशेरलाई प्रधानमन्त्री बनाउन राजाले प्रयास गरे पनि असफल भयो । राजाकै सल्लाहमा उपप्रधानमन्त्री कोलकाता गएपछि राजा महेन्द्रले वीपी, गणेशमान लगायत मन्त्रीहरू तथा अन्यदलहरूका नेताहरूलाई समेत पक्राउ गरी थुनामा राखेका थिए (शिवाकोटी, २०७० पृ. २२२) ।

कोलकाता पुगेका सुवर्ण शमशेरमाथि जनविद्रोहका लागि तीव्र दबाव बढ्दै गएपछि आवश्यक परे राजतन्त्रसमेतको उन्मुलन गर्ने गरी विद्रोह गर्ने निर्णयमा सुवर्ण शमशेर पुगेपछि कांग्रेसको पञ्चायत र राजा विरुद्धको विद्रोह प्रारम्भ भएको थियो । यो कांग्रेसले भारतमा आधारित भई चलाएको सशस्त्र विद्रोह दुई वर्ष सञ्चालन भएर अन्त्य भएको थियो । यस कालमा १८० वटा आक्रमण गरिएका थिए भने जनकपुरमा राजामाथि नै बम प्रहार गरी हत्या गर्ने प्रयास गरिएको थियो । जनकपुरमा नागरिक अभिनन्दन ग्रहण गर्न गएका राजा महेन्द्रमाथि जानकीको दर्शन गरी फर्कने क्रममा आक्रमण भए पनि उनी बाँच्न सफल भएका थिए । यो काण्डमा संलग्न भएको भनी दुर्गानन्द झालाई २०२० सालमा फाँसी दिइएको थियो (शिवाकोटी, २०७०, पृ. २२२) । यस काण्डमा संलग्न दुःखी सहानीहरूलाई लामो कारावासमा राखिएको थियो । चितवन विद्रोहमा कयौँ मानिस मारिएका थिए र जेल सजाय पाएका थिए । भारत चीनबिचमा युद्ध सुरू भएपछि कांग्रेसको यो सशस्त्र विद्रोहको अन्त्य भएको थियो । सुवर्ण शमशेरले राजासँग सम्झौता गरेपछि कांग्रेसी विरोध अन्त्य भएको थियो । पछि २०२५ सालमा वीपी र गणेशमान जेलबाट छुटेपछि मात्र पञ्चायत विरुद्धको आन्दोलन प्रारम्भ भएको थियो ।

कम्युनिस्ट पार्टी छिन्नभिन्न भइरहेका बेला पूर्वमा क्रियाशील कम्युनिस्ट युवा कार्यकर्ताहरूले तत्कालीन भारतीय कम्युनिस्ट पार्टी र त्यसका प्रमुख नेता चारु मजुम्दारको प्रभावमा परी पूर्वको झापाबाट २०२८ सालमा सशस्त्र विद्रोहको सुरूवात गरेका थिए (कँडेल, २०७५, पृ. ११८) । झापा सङ्घर्षले तत्कालीन समयमा झापा जिल्लाका सामन्त र फटाह भनिएका १२ जनाको हत्या गरेर ‘कम्युनिस्ट क्रान्ति’ सुरू गरेको घोषणा गरेको थियो । २०२२ सालमा तुलसीलाल अमात्यको नेतृत्वमा क्रियाशील नेकपाबाट अलग भएको पूर्वकोशी प्रान्तीय कमिटि (यसमा राधाकृष्ण मैनाली, हर्कबहादुर खड्का, खड्गप्रसाद ओली, वीरेन राजवंशी, नेत्र घिमिरे र शिव सिवाकोटी रहेका थिए) अन्तर्गत झापा जिल्ला कमिटि चिनियाँ सांस्कृतिक क्रान्ति र भारतको नक्सलवादी किसान आन्दोलनबाट प्रभावित भई ‘वर्गशत्रु खत्तम’ को कारबाहीमा अग्रसर भयो (ऐजन) । वि.सं. २०२८ वैशाख १० गतेदेखि सञ्चालित यस गतिविधिअन्तर्गत् ‘एक एरिया, एक युनिट : एक

स्क्वाड, एक एक्सन' को कारबाही सञ्चालन गरेको थियो । सामन्ती राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको उद्देश्यका साथ झापा विद्रोह भएको थियो । यो कमिटीले वर्ग सफायको नीति पारित गरी २०२८ साल जेठ २ मा पहिलो कारबाहीका रूपमा मोहनचन्द्रको नेतृत्वमा कर्णबहादुर गौतमको हत्याबाट सुरू गरिएको थियो । त्यसका साथै राष्ट्रिय पञ्चायतका सदस्य धर्मप्रसाद ढकाल काटिएपछि सरकारले यसलाई राजनीतिक विद्रोहका रूपमा लिई दमन सुरू गरेको थियो । यसलाई झापा विद्रोह भन्ने गरिन्छ । यसै सिलसिलामा वि.सं. २०२९ फागुन २१ गते सुखानीमा रामनाथ दाहाल सहितका पाँचजना क्रान्तिकारीहरूको हत्या भयो । यसलाई सरकारले दमन गरी अधिकांसलाई जेल हाल्ने र जेल सार्ने नाममा हत्या गरी इमान्दार कार्यकर्तालाई मार्ने काम गरेको थियो । पछि यो कोअर्डिनेसन कमिटीलाई पुनर्गठन गरी वि. सं. २०३६ मा नेकपा मालेको गठन हुन पुग्यो (शिवाकोटी, २०७०) ।

सशस्त्र कांग्रेसी विद्रोह, कम्युनिस्टहरूको झापा विद्रोहको साथै विपीको नेतृत्वमा पुनः सुरू भई २०२९ भदौ ९ मा सप्तरीको हरिपुर ठानामा हमला गरी हतियार लुट्नुका साथै एक प्रहरीको हत्या गरी प्रारम्भ भएको थियो । यो विद्रोहको नाइके गिरिजाप्रसाद कोइराला थिए । यसपछि २०२९ सालमा नै राष्ट्र बैंकको पैसा बोकेको हवाई जहाज विराटनगरबाट अपहरण गरी फर्बिसगञ्जमा लगी ३० लाख भारु लुटिएको थियो । यसमा चक्रप्रसाद बास्तोला, दुर्गा सुवेदी आदिको संलग्नता थियो । यस्तै २०३० को बैशाख २२ मा पूर्व कांग्रेस र तत्कालीन पञ्चायतका निर्माण तथा यातायात मन्त्री प्रयागराज सिंह सुवालको जैसीदेवल स्थित निवासमा बम आक्रमण भएको थियो । २०३१ सालतिर सशस्त्र विद्रोहको क्रममा हरिहर ठानामा आक्रमण र सोलुको टिम्बुर बोटेमा आक्रमण गर्ने काम भएका थिए । २०३१ साल अशोज १३ मा बम ल्याउने अभियोगमा पक्राउ परेका लीलानाथ दाहाल, ठगीराज दाहाल, खगेन्द्र दाहाल र गोकर्णबहादुर कार्कीको नख्खुको फाँटमा राति हत्या गरिएको थियो । नेपाली कांग्रेसले यो अवधीमा थुप्रै सशस्त्र विद्रोहको असफल प्रयास गरे पनि खासै सफलता पाउन सकेको थिएन (शिवाकोटी, २०७०, पृ. २२३) । तर २०३३ सालमा मेलमिलापको नीति लिई विपी नेपाल फर्केपछि नेपाली कांग्रेसको पञ्चायत विरोधी विद्रोह अन्त्य भएको थियो (शिवाकोटी, २०७०, पृ. २२५-२२६) ।

झापा विद्रोहपछि सिक्किममाथि भारतीय हस्तक्षेप विरुद्धमा राष्ट्रवादी आन्दोलन, नयाँ शिक्षा विरुद्धको आन्दोलनहरू, सर्लाहीमा किसानले जमिनदार विरुद्धमा चलाएको आन्दोलन, २०३२ को विद्यार्थी आन्दोलनपछि २०३५ सालको चैत्र २४ गते पाकिस्तानका राष्ट्रपति जुल्फिकर अली भुट्टोलाई फाँसी दिएको विद्यार्थी आन्दोलनमाथि दमन भएपछि यसले स्वतन्त्र युनियनको माग राखेर सुरू गरेको आन्दोलन विद्रोहको रूप लिन पुग्यो । यो आन्दोलनको मागअनुसार राष्ट्रवादी विद्यार्थी मण्डलमाथि प्रतिबन्ध र स्ववियु गठन गर्न दिइने र भएको प्रहरी दमनमा जाँचबुझ गर्न आयोग गठन गर्दासमेत नरोकिएपछि ४५ दिनको विद्यार्थीको नेतृत्वमा भएको यो आन्दोलनले पञ्चायत व्यवस्थालाई समेत सङ्कटमा पारेपछि १० जेठ २०३६ मा राजा वीरेन्द्र जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य भएका थिए । यसमा सुधारसहितको पञ्चायत वा बहुदलीय व्यवस्था

भनी छनोट गर्न विकल्प दिइएको थियो तर षड्यन्त्रपूर्वक पञ्चायतलाई जिताउने काम भयो (शिवाकोटी, २०७०) । यसपछि पनि जुगेडी विद्रोह, पिस्कर काण्ड, सत्याग्रह र बमकाण्डहरू भएका थिए । यी सबै घटना र काण्डहरूका मूल ध्येय तथा मुद्दा देशमा विद्यमान एकदलीय पञ्चायती व्यवस्थालाई हटाई जनवादी व्यवस्था स्थापना गर्नु थियो ।

### ग. संयुक्त जनआन्दोलन २०४६

२०४२ सालको बमकाण्डपछि पञ्चायत विरोधी आन्दोलन शिथिल भए पनि २०४६ सालको संयुक्त जनआन्दोलनले पञ्चायत व्यवस्था पतन गर्ने र राजाको निरङ्कुश सत्तालाई अन्त्य गर्ने काम गऱ्यो । २०३६ सालको जनमत सङ्ग्रहबाट सुधारको पञ्चायतको आश्वासन लागु हुनुको सट्टा पञ्चायत अरु अनुदार हुन थाल्यो । यसबिच कांग्रेसले समेत पञ्चायतमा भाग लिनका लागि वर्गीय सङ्गठनको सदस्यता खारेज गर्न राखेको माग समेतलाई स्वीकार नगरेपछि कांग्रेसले पनि आउट पोस्ट कब्जाको चुनावी रणनीति अपनाई स्थानीय निकायमाथि कब्जा गर्ने प्रयास गऱ्यो । यसैबिच राजा वीरेन्द्रले चीनबाट हतियार ल्याएपछि र सार्कको शिखर सम्मेलनमा आउँदा राजीव गान्धीकी श्रीमती सोनिया गान्धीलाई पशुपति प्रवेश गर्न दिइएन । भारतले व्यापार तथा पारवहन सन्धिलाई नवीकरण नगरेको कारण नेपालले नाकाबन्दी सहनुपऱ्यो । पेट्रोलियम पदार्थसमेतको अभावले देशमा हाहाकार मच्चियो । दलहरूले पञ्चायतसँग राष्ट्रिय मुद्दामा सहकार्य गर्नका लागि प्रस्ताव गरे पनि पञ्चायत र राजाले सो स्वीकार नगरी एक पक्षीय रूपमा निसर्त सहयोग लिन चाहेपछि यसले दलहरूलाई पञ्चायत रहिञ्जेल आफ्नो अस्तित्व स्वीकार हुन नसक्ने अवस्था देखेको र एक्लैले मात्र पञ्चायतलाई धक्का दिन नसक्ने भएकाले वामपन्थी र कांग्रेसबिच पहिलोचोटि संयुक्त जनआन्दोलनको लागि सहमति हुनपुगेको थियो । यो नेपालको इतिहासमा पहिलोचोटि कांग्रेस र बामपन्थीबिच सहकार्यको घटनाको रूपमा रहेको थियो (शिवाकोटी, २०७०, पृ. २२७) ।

त्यति नै बेला USSR चेर्नोमिल आणविक भट्टी केन्द्रमा बिस्फोट भएपछि त्यसबाट फैलिएको विकिरणले विषाक्त गाईको धुलो दूध बहिस्कार आन्दोलन र प्रदुषित खानेपानीको आन्दोलनसमेत भएको अवस्था थियो । यस अवस्थामा विश्व राजनीतिमा जर्मनको पर्खाल भत्केपछि र सोभियत संघको विघटनले तेस्रो लोकतान्त्रिक क्रान्तिको विजयले विश्वका तानाशाहीको पतन हुन गएकाले यसको प्रभाव नेपालमा समेत पर्न गयो । भारतीय नाकाबन्दीले जनजीवन कष्टकर हुँदै गएको र पञ्चायतप्रति जनताको आक्रोश बढिरहेको अवस्थामा वामपन्थी र कांग्रेसबिचको सहकार्यका लागि राम्रो वातावरण बन्न पुग्यो । यसै सिलसिलामा माघ २ गते विभिन्न समूहमा विभाजित वाम घटकहरूको वाम मोर्चा गठन भएर पञ्चायतविरुद्ध कांग्रेससँग मिलेर संयुक्त जनआन्दोलन गर्ने निर्णय गऱ्यो । माघ ५-७ सम्म नेपाली कांग्रेसको चाक्सीबारीमा भएको सम्मेलनले पनि संयुक्त आन्दोलन चलाउने निर्णय गरेको थियो । त्यो सम्मेलनमा चन्द्रशेखर लगायत भारतीय नेताहरूको आगमनले गर्दा आन्दोलनकारीहरूको मनोबल बढ्यो भने पञ्चायतको स्थिति कमजोर हुन पुग्यो (शिवाकोटी, २०७०, पृ. २२८) । यसैबिच २६ माघ २०४६ का दिन

नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले निर्दलीय पञ्चायती व्यवस्थालाई अन्त्य गरी बहुदलीय व्यवस्थाको स्थापनाका लागि संयुक्त आन्दोलन गर्ने सहमति गरी फागुन ७ गतेदेखि शान्तिपूर्ण आन्दोलन सुरू गर्नका लागि आह्वान गरेका थिए । वाममोर्चाभन्दा बाहिररहेका क्रान्तिकारी कम्युनिस्टहरूले सयुक्त जनआन्दोलनको गठन गरी आन्दोलनको घोषणा गरेका थिए । यही राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा फागुन ७ गतेबाट संयुक्त जनआन्दोलनको जुलुसमाथि सरकारले दमन गर्ने प्रयास गऱ्यो र आन्दोलन सुरू भएको ५० औं दिनमा पञ्चायतको पतन हुनपुगेको थियो ।

खासगरी संयुक्त जनआन्दोलनले चैत्र २४ गते आह्वान गरेको टुँडिखेलको आमसभापछि दरबारतिर बढ्दै गएको भिडमाथि सेनाले गोली चलाउने कार्य गर्नुका साथै कर्फ्यू लगाएको थियो । यसअघि पाटनलाई स्वतन्त्र घोषणा गर्ने, कीर्तिपुर कब्जा गर्ने र काठमाण्डौंको सहरी क्षेत्रमाथि आन्दोलनकारीहरूले कब्जा जमाइसकेको अवस्थामा राजा दलहरूसँग वार्ता गरी चैत्र २६ गते राति पञ्चायत व्यवस्थालाई हटाएर बहुदल व्यवस्थाका लागि सहमत भएपछि तिस वर्षे पञ्चायत शासनको अन्त्य हुन पुगेको थियो । यसरी २०४६ सालको संयुक्त जनआन्दोलनको मूल मुद्दा पञ्चायत शासनको अन्त्य गरी देशमा बहुदलीय शासन व्यवस्थाको स्थापना कायम गर्नुसँग सम्बन्धित थियो । लोकेन्द्रबहादुर चन्दले २६ चैत २०४६ सालको बहुदलीय व्यवस्था घोषणा हुनुमा आफ्नो महत्त्वपूर्ण योगदान रहेको बताउँदछन् । मरिचमान सिंहको मन्त्रीमण्डललाई विघटन गराई २०४६ साल चैत्र २ गते लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भएका थिए । उनले १५ दिन मात्र प्रधानमन्त्री बन्ने अवसर पाएका थिए । १५ दिने प्रधानमन्त्रीले त्यसबेला आन्दोलनकारी पक्षका कांग्रेस र बाममोर्चासँग अनेकौं पटक वार्ता गरेका थिए । राजा वीरेन्द्रले आन्दोलनकारीहरूलाई देश, स्वाधीनता र सार्वभौमिकता चाहिएको हो कि होइन सोध्नू भनेका थिए । यदि उनीहरूलाई चाहिएको हो भने मात्र उनीहरूले चाहेको मागेको दिन तयार रहेको कुरा राजाले बताएका थिए ।

कांग्रेसबाट कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र संयुक्त बाममोर्चाबाट सहाना प्रधान, राधाकृष्ण मैनाली वार्तामा आएका थिए । चन्दका अनुसार उनको आफ्नै सहजतामा देशमा प्रजातन्त्र आयो र राजनीतिक दलहरूमाथिको प्रतिबन्ध हट्यो । धेरैजसो राजनीतिक विवादमा भारत हावी हुने गरेकोमा त्यस दिन नेपाल भित्रैबाट नेपालीहरू नै बसेर आफैं आफ्ना समस्या, विवाद र मतभेद समाधान गरेका थिए (लोकेन्द्रबहादुर चन्दसँगको कुराकानीमा आधारित) ।

### घ. माओवादी सशस्त्र द्वन्द्व

नेपालको इतिहासमा नै व्यवस्था विरुद्ध जनयुद्ध सुरू गरेको पहिलो घटनाको रूपमा माओवादीको जनयुद्धलाई लिइन्छ । २०४६ सालको जनआन्दोलनले पञ्चायत पद्धतिको पतन भए पनि यसले सामन्तवाद र युगौंदेखि शोषण र उत्पीडनमा रहेका जनताका अपेक्षा पूरा गर्न सकेन । त्यसैले विभिन्न जाति जनजाति, महिला, आदिवासी, किसान, मजदुर, उपेक्षित क्षेत्र र वर्ग, सीमान्तीकृत वर्ग आदि आ-आफ्नो पहिचान र अधिकारका लागि सडकमा आउने काम भयो तर त्यस बेलाको बहुदलीय व्यवस्थामा पनि यी समस्याहरूलाई

ध्यान दिनुको सट्टा सत्ताको राजनीतिमा नै केन्द्रीकृत हुन पुग्यो । बहुमत प्राप्त गिरिजाको सरकार पतन हुन पुग्नु र कांग्रेसबिच तीव्र विभाजन र घातप्रतिघात हुनु, टनकपुर सम्झौता जस्ता राष्ट्रघाती सम्झौता हुनु, मल्लिक आयोगका दोषीहरूमाथि कारबाही हुनुको सट्टा प्रोत्साहित हुनु, पूर्वपञ्च पुनः शक्तिका हर्ताकर्ताका रूपमा देखिनुले व्यवस्थाको ५ बर्षभित्र नै यसप्रति जनता निराश हुन पुगेका थिए (शिवाकोटी, २०७०, पृ. २३२) । यसैबिच अल्पमतको एमालेको मनमोहन अधिकारीको नेतृत्वको सरकार बनेपनि यसलाई काम गर्न नदिई असफल पार्ने काम भयो भने संसदीय मान्यताअनुसार संसद् विघटनको अधिकारसमेत अदालतले खोसिदिएपछि संसदीय व्यवस्थामा संसद् खरिदबिक्री गर्ने, हर्ष ट्रेडिङ, आयाराम गयारामको विहारी अभ्यास नेपालमा सुरू भएपछि यसबाट जनताको अपेक्षा पूरा हुन सकेन र जनता निराश हुन पुगे ।

यसै अवस्थामा नेकपा माओवादीले संसद्को निर्वाचन बहिष्कार गरी जनयुद्धको सुरूवात गरेको थियो । यसले मनमोहनको अल्पमतको सरकार पतन भएपछि बनेको शेरबहादुर देउवाले नेतृत्व गरेको गठबन्धन सरकारको कार्यकालमा ४० बुँदे मागसहित दीर्घकालीन जनयुद्धको घोषणा गरी २०५२ साल फागुन १ गतेदेखि गोरखा, रामेछाप, रुकुम र रोल्पाबाट सशस्त्र द्वन्द्व सुरू गर्‍यो । यसको मुख्य नारा वा मुद्दा पुरानो जनसत्तालाई ध्वस्त पारी जनवादी गणतन्त्र स्थापना गर्नु रहेको थियो । २०५९ अशोज १८ मा राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि संसद्वादी, माओवादी र राजाबिच त्रिपक्षीय शक्ति सन्तुलन र द्वन्दको स्थिति सिर्जना भयो । राजाले दल र माओवादीबिच विभाजन गरी आफ्नो स्थिति बलियो पार्न माओवादीसँग दोस्रो वार्ता गरे तर यो सफल भएन । पछि दलहरूबिच विभाजन गराई शेरबहादुर नेतृत्वको सरकार गठन गराएका थिए । यसले पनि उनको महत्त्वाकांक्षा पूरा नभएपछि २०६१ साल माघ १९ गते प्रत्यक्ष शासन सुरू गरे । यसले गर्दा संसद्वादी दल पनि बाध्य भएर राजाको विरुद्धमा उत्रिए र संविधानसभासम्म पुग्ने ६ सुत्रीय समझदारी गरी सात दलीय गठबन्धन गरे । यसैले माओवादीसँग १२ सूत्रीय समझदारी गरिएको संयुक्त जनआन्दोलनबाट राजतन्त्र परास्त भयो ।

यस अवस्थामा माओवादीको जनयुद्ध र संसद्वादीको जनआन्दोलनलाई एक ठाउँमा ल्याई गरिएको सङ्घर्षलाई अन्तर्राष्ट्रिय क्षेत्रबाट र राष्ट्रभित्रबाटै व्यापक समर्थन भएकाले यो सफल भएको थियो । डा. सुरेन्द्र केसीका अनुसार लोकतन्त्रको लागि जसले आन्दोलन गरे त्यही पार्टीहरू अलोकतान्त्रिक भएका छन् । त्यसमा पनि नेकपा एमाले र माओवादी केन्द्र एकीकरण भएर बनेको वर्तमान सत्तासीन नेपाल कम्युनिस्ट पार्टी नै गैरलोकतान्त्रिक कार्य गरिरहेको छ । हामीले लोकतन्त्रको नाममा जे हुन्छ भन्ने सोचेका थियौं त्यो विल्कुल विपरीत भयो । जनयुद्धमा मान्छेले किन ज्यान फालेका थिए त ? जनयुद्ध सुरू गर्नुभन्दा पहिलो रात माओवादीले फालेको पर्चामा सर्वहारा वर्गको अधिनायकत्व र वर्चश्व कायम नहोञ्जेलसम्म ढृढ रूपमा सङ्कल्पित भई सम्झौताहीन यात्रामा हामी लागेका हौं भनेका थिए । के आज माओवादीले त्यो प्रतिबद्धता पूरा गरे त ? ज्यानको कुरवानी दिने ती माओवादी वीर योद्धाहरूको सपना प्रचण्डले पूरा गरे त ? गरेनन् । जनयुद्धलाई प्रचण्डले आफ्नो योजनामा प्रयोग गरे । भारतमा बसेर भारतको सहयोगमा जनयुद्ध गरेका

प्रचण्डलाई थाहा थियो कि उनले बोलेका कुरा र भोलि हुने कुरा फरक हुनेछन् भनेर (भृकुटी अनलाइन टिभी, २०२० अक्टोबर ११) ।

माओवादीले योजनाबद्ध रूपमा विदेशीको इसारामा नेपालको धर्म संस्कृति, हिन्दूराष्ट्र, राजसंस्था, नेपाली सेना, सनातन धर्मग्रन्थ, नेपाली भाषा, सामाजिक सद्भावमाथि प्रहार गरिरहेको थियो । जातीय द्वन्द्व बढाउने ऐतिहासिक पहिचान समाप्त गर्न राजा पृथ्वीनारायण शाहको सालिक, महेन्द्र, वीरेन्द्रको सालिक खोजीखोजी ढलाइयो । यो सबै कुराले देशको सद्भावना र राष्ट्रिय एकतालाई खलबलाउने कार्य गरियो । कम्युनिस्ट सांसदहरू चित्रबहादुर केसी लेखा समितिको सभापति हुँदा सबैभन्दा बढी पैसाका लागि ज्यान छाडेर सेवा, सुविधा, भत्ता र टिप्स उठाउन जोड गर्दथे । चित्रबहादुर केसीले स्वयं डा. सुरेन्द्र केसीलाई भनेका थिए कि क्रान्तिकारी भनौदाहरूले नै पैसा, सेवासुविधाका लागि मरिमेट्ने सच्चा कम्युनिस्टहरू कसरी हुन सक्छन् ? भनेर तर त्यो बिडम्वना नेपालमा रहेको छ । प्रचण्ड र बाबुराम दुइटै माओवादी आन्दोलनका डिजाइनर नभएर अरुकै इशारामा काम गर्ने पात्र थिए । माओवादीको नाममा राजनीति गरे पनि त्यो आन्दोलनको लक्ष्य फरक थियो । त्यही कारण आज आफ्ना विचारबाट विचलित भई बाबुराम मधेसवादी दलमा पुगे भने पुष्पकमल दाहाल (प्रचण्ड) एमालेमा । पुष्पकमल दाहाल र बाबुराम भट्टराई गैँडाको छाला हुन् । जसले माओवादी जनयुद्धलाई बेचेर खाए । आ-आफ्ना स्वास्नी, छोरी बुहारी, ज्वाइलाई ठूलाठूला पदमा स्थापित गरे । राजाले त त्यस्तो कहिल्यै गरेनन् । त्यसैले कम्युनिस्ट क्रान्ति अव सम्भव छैन । जनताले सबै कुरा बुझिसके (ऐजन) ।

### ङ. दरवारहत्या काण्ड र सोबारे राप्रपाको धारणा

२०५८ साल जेठ १९ गते शुक्रवार नारायणहिटी दरबारमा भीषण नरसंहार भएको थियो । नेपालका राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराजधिराज दीपेन्द्र, अधिराजकुमारी श्रुति, ज्वाइँ गोरखशमशेर राणा, अधिराजकुमार धीरेन्द्र शाह, अधिराजकुमारी कोमल, शाहज्यादा पारस, अधिराजकुमार निराजन, अधिराजकुमारी शान्ति, अधिराजकुमारी जयन्ती, कुमार खड्गविक्रम शाह, अधिराजकुमारी शोभा तथा अन्य राजपरिवारका नजिकका नातेदारहरूको सो दिन राति राजदरबार नारायणहिटीमा भेटघाट हुने नियमित पारिवारिक जमघट भएको थियो । त्यस जमघटमा मुमा बडामहारानी रत्न र हेलेन शाह रत्नको कोठामा बसेका थिए । उनीहरू त्यो जमघटमा सामेल थिएनन् । त्यस जमघटमा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र पनि उपस्थित नभएर चितवनको सौराहामा आएर वास बसी पोखरा पुगेका थिए । त्यस भेलामा अधिराजकुमार पारसका ससुरा र राजदरवारका ज्वाइँ रविशमशेर राणा पनि उपस्थित थिए । त्यसै दिनको साझ ९ : ३० बजे अकल्पनीय हत्याकाण्ड भयो जसमा राजा वीरेन्द्रका सम्पूर्ण परिवार र उनका नजिकका नाता कुटुम्बसहितको हत्या भएको थियो (राणा, २०७४, पृ. २४२) । घटनामा राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमार निराजन, अधिराजकुमारी श्रुति, अधिराजकुमार धीरेन्द्र सहित १० जनाको हत्या भएको थियो (अधिकारी, २०७५) । त्यस जमघटमा उपस्थित भएर पनि बाँचेका तत्कालीन अधिराजकुमारी

कोमल, अधिराजकुमार पारस, अधिराजकुमारी हिमानी शाह, पारसका ससुरा, ज्वाइँ रविशमशेर राणा, अधिराजकुमारी शोभा, औषधोपचार गरेर पछि बाँच्न सफल भएका वीरेन्द्रका ज्वाइँ गोरखशमशेर राणा र अधिराजकुमार धीरेन्द्रका ज्वाइँ थिए (अधिकारी, २०७५) ।

त्यस दिन वीरेन्द्रका कान्छा छोरा अधिराजकुमार निराजन चितवनमा रहेका थिए र उनले आफू त्यो भोजमा सहभागी हुन नसक्ने खबर पठाएका रहेछन् । त्यो 'मृत्युभोज' मा नआउने सोच बनाएका निराजनलाई परिबन्धबाट त्यहाँ पुऱ्याइएको रहेछ । पोखरामा भएका ज्ञानेन्द्र भने भोजमा सरिक हुन आएका थिएनन् । वीरेन्द्रका सबै शाखासन्तान भोजमा उपस्थित थिए । यसरी २०५८ साल जेठ १९ गते साँझ राजा वीरेन्द्रको वंश विनास हुने गरी राजदरबार हत्याकाण्ड भएको थियो । नेपालको इतिहासमा यस दरबार हत्याकाण्डलाई समकालीन राजनीतिक इतिहासको सबैभन्दा ठूलो हत्याकाण्ड मान्न सकिन्छ । २४० वर्ष पुरानो शाहवंशीय इतिहासमा योभन्दा ठूलो घटना पहिला कहिल्यै भएको थिएन । राजा वीरेन्द्र र उनको वंश सखाप हुने तर त्यही भोजमा सहभागी सक्रिय राजतन्त्रका पक्षधर राजपरिवारका अन्य सदस्यलाई केही नहुने गरी घटना घटेको थियो । त्यसै प्रकार राजा वीरेन्द्रका उदारवादी सोचका समर्थक कुमार खड्गविक्रम शाह मारिने तर त्यही भोजमा सरिक ज्ञानेन्द्रका छोरा पारस र राजीव शाहीलाई केही नहुने । यस्ता घटनाले ठूलै शङ्का जन्मायो र अहिले पनि त्यो शङका जीवितै छ (अधिकारी, २०७५, पृ. ४७) । निराजनलाई इच्छा बेगर परिबन्धमा पारी चितवनबाट ल्याएर रात्रीभोजमा सरिक गराइनुले पनि आशङ्का उत्पन्न हुनु स्वभाविकै थियो । गोली लागी घाइते भएकी अधिराजकुमारी श्रुति छाउनी अस्पताल पुगुञ्जेल जीवितै थिइन् । पछि अत्यधिक रक्तश्रावले उनको निधन भयो । उनलाई छाउनी अस्पताल नलगी शिक्षण अस्पताल महाराजगञ्ज लगिएको भए उनी बाँच्ने थिइन् भनिन्छ । त्यसो नगरी घाइते उनलाई सोझै छाउनी अस्पतालमा किन पुऱ्याइयो ? त्यो पनि रहस्यमय छ ।

त्रिभुवन सदनमा त्यत्रो हत्याकाण्ड हुँदा पनि त्यसको कोही पनि जिम्मेवारी लिँदैन । त्यो वीभत्स हत्याकाण्ड भएको त्रिभुवन सदनलाई घेरामा राख्ने र घटनाको तथ्य हराउन नदिने कुनै काम भएन । त्रिभुवन सदनलाई पूरै भत्काएर सबै प्रमाण नाश गरियो । त्यहाँ खटिएका सेनाका जिम्मेवार अधिकृत, पाले, भान्से, अर्दली र पियनको लिस्ट लिएर तिनलाई घेरामा राख्नुपर्थ्यो, त्यो सब कुनै काम भएन । बरु दरबारको सुरक्षामा रहेका सात हजार सेनालाई दरबारबाट हटाएर माओवादी प्रभावित क्षेत्रमा पुऱ्याइयो । त्यस ठाउँमा पछि माओवादीले सेनामाथि भीषण आक्रमण गरे । यी सबैले हत्याकाण्डलाई रहस्यमय बनाएको छ । त्यत्रो दर्दनाक हत्याकाण्डलाई असमान्य रूपमा लिनुपर्ने र प्रमाण नष्ट नहुन् भनेर लिनुपर्ने सतर्कताको कुनै पनि काम गरिएन । बरु, उल्टो सबै प्रमाण नष्ट गर्ने मात्र काम भयो । यसले यो दरबार हत्याकाण्डलाई अझै रहस्यमय बनाएको छ (अधिकारी, २०७५) । दरबार हत्याकाण्डलाई लिएर देशभर आ-आफ्नै व्याख्या र बुझाइ छ । कुनै पनि भरपर्दो आधिकारिक कुरा समाजमा आउन सकेको छैन । हुन त विश्वमा यस्ता काण्डहरू भएका छन् र हुन्छन् तर वास्तविक तथ्य जनसमक्ष आउन सक्दैन र कमै आउँदछन् । दरबार हत्याकाण्ड हुँदा

तत्कालीन समयमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला देशको प्रधानमन्त्री थिए । संसद्मा प्रतिपक्ष नेता नेकपा एमालेका माधवकुमार नेपाल थिए । त्यस बखत राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचारका माध्यमहरू जस्तै ZEE News, BBC, CNN आदिबाट युवराजधिराज दीपेन्द्रले हत्याकाण्ड गराएको भन्ने कुरा चर्चामा आएको थियो ।

सिकिस्तै घाइते भएका दीपेन्द्रको उपचारकै क्रममा उनलाई कोमाकै अवस्थामा छाउनीको सैनिक अस्पतालमा राखिएको थियो । नयाँ राजा बनाउने प्रक्रिया राजसभाले पूरा गरेर पहिला त कोमामा रहेका युवराज दीपेन्द्रलाई राजा घोषित गरेको थियो तर युवराजधिराज दीपेन्द्रलाई मृतक घोषणा गरेपछि राजगद्दीको हकदारमा वीरेन्द्रको माहिला भाइ अधिराजकुमार ज्ञानेन्द्रलाई विधिपूर्वक हनुमान ढोका दरबारमा लगेर गद्दीमा राखी राजा घोषणा गरिएको थियो । घटनापछि विभिन्न चर्चा परिचर्चा भएका थिए । चर्चाअनुसार युवराज दीपेन्द्रले रक्सी खाई मातेर आएर सुरूमै बाबुलाई गोली हाने, राजा वीरेन्द्र लडे, त्यसपछि फेरि राजा वीरेन्द्रलाई अरु गोली हाने र जथाभावि गोली चलाउन थाले । आमा ऐश्वर्यलाई पनि गोली हानेर मारे र पछि आफैँलाई कन्चटमा गोली हानी आत्माहत्या गरे । दीपेन्द्रले रक्सीले मातेर अन्धाधुन्ध गोली चलाएको भनियो ( अधिकारी, २०७५) । दीपेन्द्रले हत्या गरेका थिए भन्ने निर्णय तत्काल बनेको दरवार हत्याकाण्डको छानविन आयोगले निकालेको थियो । तत्कालीन सरकारका सञ्चार माध्यमबाट तत्कालिन युवराजधिराज दीपेन्द्रबाट भएको हत्याकाण्डको कुरा प्रचारमा आएको थियो । प्रधानन्यायधीश केशवप्रसाद उपाध्यायको संयोजकत्वमा बनेको ३ सदस्यीय समितिमा सभामुख तारानाथ रानाभाट र प्रमुख प्रतिपक्ष दलका नेता माधवकुमार नेपाल थिए तर माधव नेपालले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सामेल नहुने भए आफू बस्दिन भनी समितिमा बस्न अस्वीकार गरी राजीनामा दिएका थिए ।

प्रत्यक्षदर्शीहरूको भनाइ र सर्वोच्च अदालतका मुख्य न्यायाधीश केशवप्रसाद उपाध्याय र प्रतिनिधिसभाका सभामुख तारानाथ रानाभाटको दुई सदस्यीय छानविन समितिले गरेको आधिकारिक अनुसन्धानले युवराज दीपेन्द्र नै हत्यारा हो भनी घोषणा गरेको थियो । २०५८ साल जेठ १९ गते साँझ युवराज दीपेन्द्रले नारायणहिटी राजदरवारभित्र गोली प्रहार गरे । उनले आफ्नो बुबा राजा वीरेन्द्र, उनकी आमा ऐश्वर्य, बहिनी श्रुति र भाइ निराजन लगायत राजपरिवारका सात अन्य सदस्यहरूलाई गोली हानेर मारी अन्त्यमा आफ्नै टाउकोमा गोली हानेर आत्महत्या गरे (राजदरवार हत्याकाण्ड प्रतिवेदन, २०५८ र Mullins, 2001, 1st Jun) । अन्तर्राष्ट्रिय सञ्चार माध्यमले पनि दीपेन्द्रलाई आरोप लगाएको थियो । Gregson (2003) का अनुसार, सन् २००१ को जुन १ तारिकमा नेपालका आक्रामक युवराजले सम्पूर्ण राजपरिवारका सदस्यहरूको निर्मूल गरी विश्व मानचित्रमा नेपालकै छविलाई धुल्मुल्याएको कुरा गरेका थिए । उनले त्यस हत्याकाण्डलाई विश्व इतिहासकै ठूलो रक्तपातपूर्ण नरसंहार हो भनेका थिए । उनले यस अकल्पनीय हत्याकाण्ड यदि बेलायतको राजपरिवारमा घटेको भए, युवराज चार्ल्सले महारानी एलिजावेथ, राजकुमार फिलिप र उनका भाइहरू एडवर्ड र एण्ड्रयू, राजकुमारी एनी तथा उनका छोराहरू विलियम र

ह्यारीलाई गोली हानी मारेर आफैँले आफैँलाई गोली हानी आत्महत्या गरेका हुने थिए । जसका कारण आफ्नै काकी राजकुमारी मार्गरिटलाई सिंहासन ग्रहण गर्ने अवसर प्रदान भएको हुने थियो ।

वीरेन्द्र राजाको परिवारहरूको सर्वनाश भएको दरबार हत्याकाण्डलाई लिएर सशस्त्र विद्रोहमा रहेको ने.क.पा.माओवादी पार्टीले शासन हत्याउन राजा वीरेन्द्रकै माहिला भाइ ज्ञानेन्द्रले देशीविदेशी, सैनिक प्रमुख आदि प्रतिक्रियावादीहरूको सहयोगमा दरबार हत्याकाण्ड गराएको हो भनेर आमजनतामा व्यापक रूपमा प्रचारप्रसार गरेपछि त्यो नारायणहिटी दरबार हत्याकाण्डको हत्यारा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र नै हुन् भन्ने कुरामा जनतामा अटल विश्वास पर्न गयो (राणा, २०७४, पृ. २४४) । यस किसिम ज्ञानेन्द्रमाथि पर्न गएको हत्याको आरोप अन्य कुराको प्रमाणबाट पुष्टि हुनचाहिँ सकेको छैन । राजा वीरेन्द्र राष्ट्रवादी तथा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाप्रति उदारवादी धारणा राख्ने भएका हुनाले उनीमाथि सबै खाले विचार राख्ने मानिसहरूको अगाध श्रद्धा थियो । ने.क.पा.माओवादीका जिम्मेवार नेताहरूबाट सार्वजनिक रूपमा आएको वीरेन्द्रको हत्याकाण्ड बारेको विश्लेषणले झन् मानिसहरूको सोचलाई एकोहोऱ्याइदिएको थियो । उनीहरूले के भने भने राजा वीरेन्द्रको तर्फबाट नेपालको भावी राजनीतिबारे अधिराजकुमार धीरेन्द्रमार्फत् कुराकानी अघि बढिरहेको थियो र टुङ्गोमा पुगेमा राष्ट्रियता र जनताको प्रगतिका लागि राजा वीरेन्द्र लाओसका राजा सोभाना भोङ वा कम्बोडियाका राजा नरोदम सिंहानुक जस्तै बन्ने भएका थिए । त्यस्तो प्रगतिशील निर्णयमा राजा वीरेन्द्र पुग्ने देखेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरूको पूर्ण सहयोगमा ज्ञानेन्द्रले नै दरबार हत्याकाण्ड गराएर आफू राजा बनेका हुन भन्ने निष्कर्ष ने.क.पा.माओवादी पार्टीले जनसमक्ष राखेको थियो (राणा, २०७४, पृ. २४५) ।

राजा वीरेन्द्र नेपाली जनतामा अत्यन्तै लोकप्रिय थिए । उनको हत्यापछि देशमा मानवसागर उर्लेको थियो । ज्ञानेन्द्र आफू र आफ्नो परिवार मात्र जीवित रहेकोले यो घटनाको योजनाकार राजा ज्ञानेन्द्र नै हो भन्ने अधिकांश जनताको बुझाइ थियो । यस्तो बुझाइको बिच राजा बनेका ज्ञानेन्द्रलाई राजनीतिक दल र नागरिक समाज कसैको पनि सहानुभूति थिएन । अझ केही बर्षपछि राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिए । राजा लोकप्रिय बन्न नसकेको अवस्थामा देशको शासनसत्ता लिँदा दलहरू राजासँग अरु बढी चिढिए । दरबार हत्याकाण्डको बारेमा विभिन्न राजनीतिक दलहरू र तिनका नेताहरूका आ-आफ्नै धारणा रहेको पाइन्छ । नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले दरबार हत्या काण्डलाई 'ग्राण्ड डिजाइन' हो भनेर भने तर उनले कस्ले 'ग्राण्ड डिजाइन' गऱ्यो ? कस्को हात छ ? भन्ने कुरा कहिल्यै बताएनन् र जनतामा अविश्वास मात्र फैलाए । तत्कालीन नेकपा एमालेका महासचिव माधवकुमार नेपालले यो घटनाको पूर्ण छानविन हुनुपर्दछ । यसमा को को दोषी छन् ? सबैको सत्यतथ्य निस्कनु पर्दछ भनी घुमाउरो भाषामा योजनाबद्ध रूपमा घटेको घटनाको सङ्केत गरेका थिए । सशस्त्र विद्रोहमा रहेको नेकपा माओवादीले यसलाई ठूलो राजनीतिक षड्यन्त्र र देशमा अर्को 'कोत पर्व' भएको भन्ने धारणा प्रस्तुत गरेको थियो । अन्य दलहरूले पनि आ-आफ्नो ढङ्गले यसको निष्पक्ष छानविन हुन नसकेको र पुनः छानविन हुनुपर्दछ भन्ने धारणा राखेका

थिए (कान्तिपुर, २०५८, जेठ २०) । राप्रपाले भने फरक ढङ्गले यो घटनालाई लिएको थियो । राप्रपा संवैधानिक राजाको पक्षमा खुला रूपले तत्कालीन समयमा आवाज उठाउने दल हो ।

राप्रपाले आफ्नो अभिभावक गुमाएको महसुस गरेको थियो । तत्कालीन राजा ज्ञानेन्द्रले गद्दी आरोहण गरेको र राजा बनेकोमा राप्रपाले कहिल्यै असन्तुष्टि व्यक्त गरेन र यो राजकीय परम्परा कायम नभए देश नरहने र विदेशीको चलखेल बढ्ने, देशको सार्वभौमसत्ता रक्षाको लागि भए पनि राजसंस्था चाहिने राप्रपाको ठहर थियो तर राप्रपाले दरवार हत्याकाण्डलाई एउटा प्रलयको रूपमा लिएको र देशको कुशल सम्राटको निर्मम हत्या भएको, यो क्षतिपूर्ति गर्न नेपाली जनता र मुलुकले ठूलो मूल्य चुकाउनु पर्ने धारणा व्यक्त भएको थियो । असाधारण परिस्थिति देशले भोग्नु परेकोमा नेपाली जनताले बडो गम्भीर भई घटनाको छानविन र राजसंस्थाको परम्परागत उत्तराधिकारीको रूपमा बनेका राजा ज्ञानेन्द्रलाई 'राष्ट्रप्रमुख', 'राष्ट्रका पिता' र 'अभिभावक' मानेको थियो । यो संस्थालाई जोगाउन नसके देश कालान्तरमा नरहने, राप्रपा पार्टी कमजोर हुने, हाम्रो धर्म, संस्कृति, परम्परा, सामाजिक सद्भाव र आपसी एकता खलबलिने राप्रपाको निचोड थियो । राप्रपा नेता लोकेन्द्रबहादुर चन्दको भनाइ र बुझाइमा दीपेन्द्रले नै हत्याकाण्ड घटाएका थिए । पर्दा पछाडि को छन् ? कस्को उक्साहाटमा भयो ? त्यो म भन्न सक्दिन तर देख्दा दीपेन्द्रले नै गरेको देखियो । लोकन्द्रबहादुर चन्दले यो कुरा भनेका थिए (लोकेन्द्र बहादुर चन्दको कुराकानीमा आधारित) ।

राजा ज्ञानेन्द्र तत्कालीन हत्याकाण्डको समयमा पोखरामा थिए । उनलाई पनि पोखराबाट काठमाडौं ल्याउँदा आर्मीले केही बताएको रहेनछ । उनलाई राति नै काठमाण्डौं ल्याए पनि घटना बारेमा केही थाहा रहेनछ । राजाले भनेअनुसार उनको बुझाइमा देशमा सैनिक "कु" भयो कि भन्ने लागेको रहेछ । नेता चन्दले उक्त अन्तर्वार्तामा बताएका थिए (वेष्ट नेपालले लोकेन्द्रबहादुर चन्दसँग लिएको अन्तर्वार्तामा आधारित) । नेता चन्दको भनाइअनुसार, राजा देशको लागि आवश्यक हुन्छ, देशको अविभावक र राष्ट्रिय एकताको प्रतीकको रूपमा कुनै न कुनै ढङ्गको राजसंस्था हुनुपर्दछ । दरबार हत्याकाण्डपछि ज्ञानेन्द्रलाई राजा बनाइयो । उनले आफ्नो पिता महेन्द्रको नीतिलाई अवलम्बन गरेको र प्रतिगमनतिर लागेको भनि राजनीतिक दलहरू सडक सङ्घर्षमा आएपछि देशमा गणतन्त्र आयो । तत्कालीन समयमा सात दलको नेतृत्व गरिरहेको नेता गिरिजाप्रसाद कोइराला पछि प्रधानमन्त्री बने । उनको प्रस्ताव थियो, राजालाई आफूले छोड्नुपर्ने र बेबी किङको प्रस्ताव मान्न तयार भए राजसंस्था रहने कुरा भएको थियो । गिरिजाप्रसाद कोइरालाले नेता चन्दलाई पनि राजालाई तत्कालीन परिस्थितिको मध्यनजर गरी बेबी किङको प्रस्ताव मान्न राजालाई सल्लाह दिनुपर्‍यो भनेका थिए । नेता चन्दको भनाइमा पछि आफूले राजालाई सचिवमार्फत् परिस्थितिको मूल्याङ्कन गरी प्रस्ताव स्वीकार गर्न अनुरोध गरेका थिए । हालको अवस्थामा यो प्रस्ताव मान्नुपर्छ अरु कुनै उपाय छैन भनी पठाइएको खबरको कुनै पनि जवाफ आएन र राजा मान्न तयार भएनन् । राजाले मानेको भए आज राजसंस्था रहन्थ्यो होला । नेता चन्दले भने (ऐजन) । राप्रपाको पहिलो संविधानसभामा संसदीय दलको नेता पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द रहेका थिए । राप्रपाले गणतन्त्रलाई स्वीकार गरे तापनि धर्मनिरपेक्षताको

विरोध र हिन्दूराष्ट्र नेपालको पक्षमा आफू उभिएको थियो । संसद्मा हिन्दूराष्ट्रको लागि आफ्नो फरक मत राख्दै विपक्षमा मत दिएको थियो ।

राप्रपा राजाले चालेको शाही कदमको पक्षमा थिएन तर राप्रपाभित्र नेतृत्व तहमा रहेका धेरै नेता कार्यकर्ताहरू राजाको शाही कदमको पक्षमा थिए । यसै कारण शाहीकालमा धेरै नेता कार्यकर्ताहरू पार्टीबाट अलग भई शाहीकालीन नियुक्ति लिएर गएका थिए । कालान्तरमा पार्टी विभाजनसमेत भएको थियो । राप्रपाले शाही कदमको समर्थन गरेको थिएन भने उता आन्दोलनरत सात दलले पनि राप्रपालाई समावेश गरेका थिएनन् । राप्रपा शाही कदमको विरोधमा पनि सडकमा गएको थिएन । राप्रपाको तत्कालको नीति हेर्दा दोधारे देखिन्थ्यो । न आन्दोलनरत दलसँग आन्दोलनमा, न त शाही सरकारको समर्थनामा राप्रपा रहेको थियो । त्यस कदमले राप्रपालाई एक्लो बनाएको थियो । राजाले राप्रपाका नेताहरूलाई विभिन्न पदीय जिम्मेवारीहरू दिएका थिए । सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएदेखि कयौँलाई मन्त्री, मनोनित जिल्ला विकास समितिको सभापति, उप-सभापतिदेखि स्थानीय निकायको भर्ती गरिए पनि राप्रपाको अध्यक्षको जिम्मेवारी सम्हाली रहेका राप्रपा अध्यक्ष पशुपतिशमशेर जबरासँग कुनै राय सल्लाह नलिई राप्रपाका नेता कार्यकर्तालाई सरकारमा सामेल गराएका थिए । त्यस घटनाले पार्टी कमजोर र राप्रपा अध्यक्षको राजासँगको सम्बन्ध राम्रो नभएको अड्कल गर्न सकिन्छ ।

विदेशी मिडिया र अन्य सञ्चार माध्यमको अनुमानमा दरबार हत्याकाण्ड एउटा ठूलो षड्यन्त्र र योजनामा भएको थियो । दरबार हत्याकाण्ड भएको रात नेपाली मिडिया, नेपाली जनताभन्दा पहिला हिन्दूस्थानका मिडियाले हत्याको खबर प्रशारण गरेका थिए । सबैको नामसमेत तोकी आएको समाचारबाट विभिन्न अड्कलबाजी भएको थियो । त्यो कसरी सम्भव भयो ? उनीहरूले पहिला कसरी थाहा पाए ? जुन कुरा रहस्यमय थियो । एक अमेरिकी सेनाका कमाण्डरले लेखेअनुसार दरबार हत्याकाण्ड २०५७ चैत्रमा हुनु पर्ने तर अर्को वर्ष २०५८ जेठ १९ मा भयो किनकि राज परिवारका सबै सदस्यहरू एउटै समारोहमा सामेल नभएको कारण ढिलो भएको हो । राजा वीरेन्द्रका कपाल काट्ने हजाम बल्दुर ठाकुर जो भारतीय गुप्तचर (RAW) का एजेन्ट थिए । उनले राजा वीरेन्द्र ५५ बर्षभन्दा बढी नबाँच्ने तर आफू राजा ५६ वर्षमा प्रवेश गर्दा पनि बाँचिरहेकोमा आश्चर्य चकित भएको बताएका थिए । यसबाट के अनुमान लगाउन सकिन्छ भने राजपरिवारलाई योजनाबद्ध रूपमा मारिएको हो । संविधानसभाले २४० वर्षे लामो शाह वंशीय राजतन्त्रलाई खारेज गरेपछि नारायणहिटी राजदरबार खाली गर्ने क्रममा पूर्वराजा ज्ञानेन्द्रले श्रीपेच र राजदण्ड नेपाल सरकारलाई बुझाई नारायणहिटी दरबारबाट आफ्नी श्रीमती पूर्वरानी कोमलसहित २०६५ जेठ २९ गते साँझ करिब पौने नौ बजे दरबारको पश्चिम गेटबाट औपचारिक रूपमा नारायणहिटी दरबारबाट नागार्जुन दरबारमा प्रस्थान गरेका थिए (राणा, २०७४, पृ. २८१) । जानुभन्दा पहिला पत्रकार सम्मेलनको आयोजना गरेका थिए । सो पत्राकार सम्मेलनमा उनले भनेका थिए । एउटा अबोध बालक छँदा मेरा शिरमा श्रीपेच राखियो, त्यतिखेर मेरो कुनै चाहना, अभिलाषा थिएन र मेरो चाहनाले त्यो भएको थिएन । त्यसैगरी २०५८

साल जेठ १९ गते राति आफ्ना पूजनीय दाजुभाउजू लगायत परिवारका सदस्यहरूको हत्या भएपछि नियतिले मलाई फेरि अर्को पटक श्रीपेच लगाउन बाध्य बनायो । आफ्ना परिवारको दुःखद हत्याको शोक व्यक्त गर्नसमेत नपाई परम्परालाई साथ दिनुको विकल्प मसँग थिएन । यस्तो अवस्थामा समेत म र मेरा परिवारलाई विभिन्न खाले अड्कल र आरोप लगाइयो । त्यो कठोर आरोप, लाञ्छाना हामीले सहनुबाहेक अर्को उपाय थिएन । निर्दयी हिसाबले आरोप लगाउँदा हामी र हाम्रा पक्षमा बोलिदिने कोही भएन ।

नियतिले फेरि श्रीपेच लगायो, आज म मेरो श्रीपेच, राजमुकुट नेपाल सरकारलाई सुरक्षित राख्नुहोला भनी हस्तान्तरण गर्दै छु । म देश छोडेर कतै जादिनँ । म मेरो देशमै बस्ने छु र हाम्रा लागि लागेका आरोपहरूको सत्यतथ्य चाँडै पत्ता लगाउन र साँचो कुरा जनतासमक्ष ल्याउन म नेपाल सरकारलाई अनुरोध गर्दछु भनेर राजाले पत्रकारबिच आफ्ना मर्मस्पर्शी भनाइहरू राखेका थिए (एन.वि.सी., २०६५, जेठ २९) । डा. प्रकाशचन्द्र लोहनीका अनुसार, इतिहासमा एउटा यस्तो घटना विरलै होला जहाँ राज गरेको राजाले पत्रकार सम्मेलन गरेर मैले अव गद्दी छाडेर गएँ, सबै कुरा राज्यलाई जिम्मा लगाएर हिडेँ भनी अलिकति पनि विचलित नभइकन आफ्नो मोटर आफैँ चलाएर नागार्जुन निवासमा निस्कनु आफैँमा तारिफयोग्य घटना थियो । कुनै रक्तपात वेगर शासनसत्ता मात्र नभई श्रीपेचसमेत जनतालाई बुझाउनु यो राजाको ठूलो त्याग थियो (AV News TV, 2020 March 15) तर यस घटनामा राप्रपाका अर्का नेता विश्वबन्धुको धारणा भने अलिक फरक किसिमको छ । उनका अनुसार, संसारका राजाहरू अपदस्थ हुँदा देश निकाला हुन्छन्, मारिन्छन् र देश छाडेर जान्छन्, नेपालका राजाले देश छाडेनन् । उनी व्यापारी थिए, उनको लगानी देशमै थियो र त्यसकारण उनी भागेनन् । राजा ज्ञानेन्द्र ठूलो व्यापारी भएकाले उनलाई भाग्न गाह्रै थियो । अझ ज-जसले जे भने पनि मेरो बुझाइमा उनी आफ्नो व्यापारको कारण भाग्न सकेनन् जस्तो लाग्छ (विश्वबन्धु थापासँगको कुराकानीमा आधारित) । त्यसपछिका सबै सरकारले सत्यतथ्य पत्ता लगाउने बाचा गरे पनि आजसम्म यो घटनाका अभियोगी पूर्वयुवराज दीपेन्द्र शाहलाई मानिएको छ ।

नारायणहिटी दरबारमा भएको भयावहपूर्ण हत्याकाण्ड बारे नेपालीहरूबिच अस्पष्ट र अन्यौलता नै रहेको छ अर्को तर्फबाट आएका हत्याकाण्डको तथ्याङ्कबारे विश्लेषण गर्दा युवराज दीपेन्द्रले नै हत्याकाण्ड गरेका हुन् भन्नेबारे बलिया तर्कहरू पनि पाइन्छन् । हत्याका प्रत्यक्षदर्शीहरू जो जे जतिसँग छानबिन समितिले बयान लिएको थियो ती सबैले दीपेन्द्रबाट नै हत्या गरिएको भनेर बताएका थिए । दरबारको बारेमा लामो अनुभव गरिसकेका राजदरबारका सैनिक सचिव विवेककुमार शाहले आफ्नो पुस्तक 'मैले देखेको दरबार' मा पनि दीपेन्द्रले नै वंश विनासको काम गरेको हो भनेर उल्लेख गरेका छन् । बाबुआमाले लामो समयसम्म विवाह नगरी राखेको र आफूले इच्छा गरेकी आफ्नी प्रेमिकासँग विवाह गर्न नदिएको झोक र आवेगको परिणतिमा दीपेन्द्रले वंश विनास हुने गरी नरसंहार गरे । रानी ऐश्वर्यले बारम्बार अपमानित हुनेगरी बोलेकाले देवयानीलाई विवाह गर्ने हो भने युवराज त्याग्नु पर्ने सर्त अघि सारेकाले आफ्ना अभिभावकहरूप्रति सम्मानभाव नभएको परिणतिमा दीपेन्द्रले हत्या गरेको हुन सक्छ । दीपेन्द्रको पशुपतिशमशेर राणाकी छोरी

देवयानीसँगको लामो समयसम्मको प्रेम सम्बन्ध हुनु, राणाहरूको जहानियाँ शासनकालमा चन्द्र शमशेर र जुद्ध शमशेरको खलकबिचको आपसी पारिवारिक कलहको कारण जुद्ध शमशेरको खलकले राजपरिवारमा चन्द्र शमशेरको खलकसँग विवाह गर्नमा कडा रोक लगाउनु, दीपेन्द्रलाई देवयानीलाई छोडेर अरु नै कन्याहरूसँग विवाह गराउन रानी ऐश्वर्य र मुमा बडामहारानी रत्नबाट धेरै कोसिस हुनु तर दीपेन्द्रले देवयानीलाई त्याग्न नसक्नु, दीपेन्द्रलाई मुमा ऐश्वर्यले खर्चको मामिलामा अत्यन्तै नियन्त्रणमा राख्नु, युवराजजस्तो युवा व्यक्तिले चाहेको बेलामा खर्च गर्न नपाउनु पनि विडम्बना नै थियो ।

तथ्य कुरा तीतो हुन्छ, दीपेन्द्रले चाहेको खर्चमा देवयानीमार्फत् ठूलो रकम सहयोग भइरहन्थ्यो । देवयानी र युवराज दीपेन्द्रको गहिरो प्रेम भएको थाहा पाएपछि देवयानीको मावली पक्ष पनि भान्जीलाई नेपालको रानी बनाउनेमा सक्रिय भएका थिए । भारतको मध्यप्रदेशका ग्वालिएरका पूर्वराजा माधवराव सिन्धिया त्यहाँका सर्वाधिक प्रभावशाली व्यक्तिमात्र थिएनन् उनी भारतीय कांग्रेस पार्टीका माथिल्लो स्तरका नेता पनि भइसकेका थिए । देवयानीको मावलीबाट देवयानी नेपालको शाहवंशप्रति द्वेष राख्ने भारतको शासकवर्गबाट अप्रत्यक्ष वा प्रत्यक्ष परिचालित भई दीपेन्द्रलाई प्रभावमा पारेको र नरसंहारको योजनामा दीपेन्द्रलाई प्रयोग गर्न सक्ने केही तर्कहरू छन् । तिनीहरूलाई नजरअन्दाज गर्न सक्दिन । विशेषगरी भारतीय शासकवर्गको प्रभावबाट दीपेन्द्र परिचालित भएर हत्या भएको हुन सक्ने जनमानसको तर्कलाई निराधार भन्न सकिँदैन (पोखरेल, २०६८, पृ. ९०) । धेरै लेखकहरूले दीपेन्द्र र धीरेन्द्रको बिचमा राम्रो सम्बन्ध रहेको र दीपेन्द्रलाई कुलतमा फसाउनेमा पनि धीरेन्द्रको हात रहेको भनेर उल्लेख गरेका छन् (पोखरेल, २०६८, पृ. ९०) । यतिसम्म कि दीपेन्द्र लण्डनमा पढ्न बस्दा र धीरेन्द्र शाही पदवी त्यागेर प्रवासिँदा पनि दीपेन्द्र र धीरेन्द्र बिचको सम्बन्धमा कुनै नराम्रोपन आएन र बेलामौकामा भेट हुने गर्थ्यो । दीपेन्द्रले वीरेन्द्रलाई एक गोली हानिसकेपछि ‘प्रसस्तै भयो अव रोक’ भन्ने शब्द धीरेन्द्रले प्रयोग गरेका थिए भनेर प्रत्यक्षदर्शीले बताएका छन् । यसको अर्थ यो हुन्छ कि वीरेन्द्रलाई तर्साएर विवाहको काम फत्ते गराउने योजनाको हकसम्म धीरेन्द्र पनि सामेल थिए ।

धीरेन्द्रले प्रयोग गरेको शब्दले हत्या गर्ने गरी गोली प्रहार नगर्ने तर तर्साउने योजना भएको देखाउँछ । आफ्नो पूर्व बदला लिन पनि भतिजालाई उनले केही हदसम्म उक्साउने प्रयास गरेको मानिन्छ । यस अर्थमा गोली प्रहार दीपेन्द्रले गरेको हुनुपर्दछ । यसरी आफ्नी प्रेमिकासँग विवाह पनि गर्न नपाउने र युवराजको पदवी पनि त्याग्नु पर्ने जस्तो असजिलो अवस्थामा पुगेका दीपेन्द्रले नै नरसंहार गरेको पनि हुन सक्दछ (ऐजन) । विश्वको इतिहासमा प्रेमको कारण ठूलाठूला लडाइँ भएर राजनीतिक परिवर्तन भएको छ । राज परिवारभित्र राजसत्ताका लागि यस्ता धेरै काण्डहरू भएका छन् । आफूले चाहेको जिन्दगीको इच्छा पूरा गर्नमा जस्ता घटना पनि हुन सक्दछन् । यस्ता तथ्य तथ्याङ्कहरूलाई विश्लेषण गरेर हेर्ने हो भने त्यो घटना दीपेन्द्रलाई नै उक्साएर गराइएको थिएन भनेर भन्न पनि सकिन्न । राजा वीरेन्द्रले वि.सं. २०४६ मै संवैधानिक राजतन्त्रमा मुलुकलाई लगेको कुरा दीपेन्द्रलाई पाच्य थिएन । यसैगरी माओवादीहरूप्रति राजा वीरेन्द्रको व्यवहारसँग पनि

दीपेन्द्र असन्तुष्ट थिए (Gregson, 2002, p. 130)। राजनीतिक रूपमा असन्तुष्ट भएर पनि हत्या गरेको हुन सक्छ। माथिका तथ्य र तर्कका आधारमा दीपेन्द्रलाई हत्यारा ठानिए तापनि दीपेन्द्र हत्यारा होइनन् भन्ने प्रभावशाली विचार र भनाइहरू पनि रहेका पाइन्छन् । जस्तोकी विदेशी लेखक तथा कुनै समय राजा वीरेन्द्रका शिक्षक भएका फ्रान्सिस जी हट्चिन्सले दीपेन्द्र पर्दामा रहे पनि हत्यारा अर्कै हुनुपर्ने सङ्केत गरेका छन् (Hutchins, 2007)।

दीपेन्द्रले आफ्नो परिवारमा सबैभन्दा बढी सद्भाव उनका पिता वीरेन्द्रलाई गर्दथे । उनको नराम्रो सम्बन्ध रानी ऐश्वर्य र मुमारानी रत्नसँग देखिन्छ । यो अवस्थामा उनले मार्नु परे पनि आफ्नी आमा र हजुरआमाको हत्या गर्नुपर्दथ्यो, तर त्यसो नभएर गोलीको पहिलो निसाना वीरेन्द्र बने । त्यसकारण गोली दीपेन्द्रले चलाएका थिए भन्न सकिँदैन । मातेर लठ्ठ भएको मान्छेले तीन तीनवटा हतियार लिएर आएर धमाधम निसानाबाज जस्तो गोली चलाउन सक्दैन। धीरेन्द्रले पनि बदला लिनुपर्ने थियो भने दाजुसँग नभएर भाउजूसँग हुनुपर्ने थियो। त्यसैले रानीमात्र निसाना भएकी भए दीपेन्द्रले मारेको ठहरिने थियो तर यहाँ स्वयं वीरेन्द्र गोलीको पहिलो निसाना भएकाले दीपेन्द्रले हत्या गरेको भन्न सकिँदैन (पोखरेल, २०६८, पृ. ९१) । दीपेन्द्रलाई गोली लागिसकेपछि पनि गोली चलिरहेको र वारदात भइरहेको भन्ने प्रत्यक्षदर्शीको भनाइलाई हेर्ने हो भने गोली चलाउने दीपेन्द्र भए दीपेन्द्र ढलेपछि कस्ले गोली चलायो त ? भन्ने प्रश्न उठ्दछ। त्यसको जवाफ आजका दिनसम्म आउन सकेको छैन। तसर्थ दीपेन्द्र हत्यारा थिएनन्। नेपाली जनमतको ठूलो हिस्सा दीपेन्द्रले हत्या गरेको हो भनेर विश्वास गर्दैन। शाही छानबिन समितिलाई दिएका बयानहरू विरोधाभाषपूर्ण रहेकाले दीपेन्द्र हत्यारा हुन् भनेर भन्ने कुरामा विश्वास गर्ने आधार पाँइदैन।

पछिल्ला दिनहरूमा दीपेन्द्र युवाहरूका माँझमा लोकप्रिय बन्दै गइरहेका थिए । यस्तो अवस्थामा उनले हत्या गर्नुपर्ने कुनै कारण नै देखिँदैन। नेपाल, हिमाल तथा मूल्याङ्कन आदिजस्ता पत्रिकामा प्रकाशित प्रतिवेदनहरूको आधारमा पनि दीपेन्द्रले हत्या गरेका थिए भन्ने आधार पाइँदैन । ती नेपाली पत्रिकामा त दीपेन्द्रका शिक्षक प्रा.डा. मङ्गलसिद्धि मानन्धर, प्रा.डा बालकुमार जोशी, जानकार हरिमान लामा, शिक्षक रामभक्त अमात्य कोही पनि उनको स्वभाव र चरित्रको मनोविज्ञानले हत्यारा हुन सक्ने सम्भावना नरहेको बताउँदछन् । दीपेन्द्रले हत्या गरेको हो भन्ने कुरा यी तर्कका आधारमा पुष्टि हुन सक्दैन । दीपेन्द्रका स्कुल पढाउने शिक्षक शिवेन्द्र बस्नेत, दीपेन्द्रका साथी निरज पराजुली, अर्का शिक्षक तथा दीपेन्द्रले विद्यावारिधि गर्न लाग्दा शोधनिर्देशक बन्न लागेका प्रा. बालकुमार केसी तथा उनको परिवार कोही पनि दीपेन्द्रको चालचलन हेरेर उनले गोली चलाएको कुरामा विश्वास गर्दैनन् (कान्तिपुर दैनिक, २२ जेठ २०५८)।

बाबुको हत्या गरिसकेपछि उनी आफैँ राजा हुन्थे र आफू राजा भएपछि उनी जोसुकैसँग पनि विवाह गर्न स्वतन्त्र थिए। यो अवस्थामा उनले बाबु र आमाबाहेक अरुलाई मार्न पर्ने कारणै थिएन तर यहाँ त अरू पनि धेरै मानिसहरू मारिएका थिए। बाबुलाई मारिसकेपछि आत्महत्या गर्नुपर्ने कारण पनि देखिँदैन । तसर्थ हत्या दीपेन्द्रले गरेका होइनन्। यदि दीपेन्द्रले हत्या गरेका भए मृतक शाही परिवार सदस्यहरूको पोस्टमार्टम

गरिने थियो तर कसैको पनि पोष्टमार्टम गरिएन । पोष्टमार्टम नगरिनुको अर्थ हत्या सपेट नभएर षड्यन्त्रपूर्ण भएको देखिन्छ । हत्याकाण्डको घटना घटेको भोलिपल्ट बिबिसि न्युजले प्रसारण गरेको एक सूचनामा पुलिसको हवला दिँदै दीपेन्द्रले राजहत्या, पितृहत्या, मातृहत्या र बन्धुहत्या गरेको भन्दै उनकी आमासँग निकै रिसाएको भन्ने उल्लेख गरिएको थियो । साथै ज्योतिषीहरूले उनको विवाह ३५ वर्ष नपुगेसम्म गर्न नहुने र गरिएमा राजा मर्न सक्ने चेतावनी दिएकाले उनको विवाह नगरेको भनेर पनि भनिएको थियो (BBC News, 2001, June 2)। यी आमासँग रिसाएको भए सारा परिवारको विनास उनले गर्ने थिएनन् र रत्नराज्यसँग समेत क्रुद्ध भएको अवस्थामा उनलाईचाहिँ सकुशल छोड्ने पनि थिएनन् (पोखरेल, २०६८, पृ. ९२) ।

राजदरवारको सुरक्षामा वरिपरि भवन बनाएर वसेका ३/४ हजार सेनाले किन सुरक्षा दिन सकेन ? यो प्रश्न अद्यपी अनुत्तरित नै छ । आम मानिसले जानेको र संवैधानिक तथा कानुनी अर्थमा बुझ्दा राजा तत्कालीन शाही नेपाली सेनाका परमसेनाधिपति थिए । राजाको सुरक्षा गर्नु शाही नेपाली सेनाको परम कर्तव्य थियो । त्यत्रो सुरक्षा घेरामा रहेको दरबार जसको सुरक्षामा चारैतिर हजारौँको सङ्ख्यामा तत्कालीन शाही सेना तैनाथ थियो । यस्तो अवस्थामा पनि दरबार हत्याकाण्ड भयो र राजा वीरेन्द्र सर्वश विनास भए । यो अवस्थामा सेनाले आफ्नो दायित्व पूरा गऱ्यो त ? भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । हत्याकाण्डको केही दिनपछि शाही नेपाली सेनाका प्रधानसेनापति प्रज्ज्वलशमशेर राणाले राजाको सुरक्षा गर्ने जिम्मेवारी सेनाको होइन भनेर प्रतिक्रिया दिएका थिए तर राजदरबारमा रहेको सैनिक सचिवालयको जिम्मेवारी नेपालका सैनिक तथा प्रहरी शक्तिलाई सुपरिवेक्षणमा राख्ने र राजकूलको सुरक्षासम्बन्धी मामिलालाई हेर्नु रहेको थियो (डङ्गोल, २०६३, पृ. १६०) । यसबाट के बुझिन्छ भने राजाको सुरक्षाको दायित्वको पहिलो जिम्मेवारी दरबारको सैनिक सचिवालयको हो ।

नेपाली सेनाको सुपरिवेक्षण गर्ने दायित्व पनि सैनिक सचिवालयको हो । सैनिक सचिवालयमा प्रायः सेनासम्बन्धी मामलाका मानिसहरू नै रहने गरेका थिए । यसर्थ राजाको सुरक्षाको दायित्व सैनिक सचिवालयको कमजोरी उल्लेख नगरी शाही नेपाली सेनाको कमाण्डर तह जिम्मेवारीबाट मुक्त हुने अवस्था देखिँदैन । दरवार हत्याकाण्डपछि राजा भएका ज्ञानेन्द्र शाहलाई भने त्यही सेनाले निकै सहयोग गरेको थियो । यस्तो अवस्थालाई हेर्दा शाही नेपाली सेना र राजाका बिचको सम्बन्धलाई नेपाली जनताले सन्देहको दृटिले हेर्नु स्वाभाविकै देखिन्छ । दरबार हत्याकाण्डका विषयमा दरबार हत्याकाण्ड भएको आठ वर्षपछि सन २००९ को अगस्टको पहिलो साता रिपोटर्स क्लब नेपालले आयोजना गरेको एक सार्वजनिक कार्यक्रममा बोल्दै कहिल्यै चर्चामा नआएका र नाम पनि नसुनिएका तुलप्रसाद शेरचन नामका एक व्यक्तिले दरबार हत्याकाण्ड आफूले गरेको भनेर दाबी गरे । उनले सन् १९७५ मा लण्डनमा राजा वीरेन्द्रलाई मार्ने पहिलो प्रयास गरिएको थियो तर त्यो असफल भएपछि कालान्तरमा गएर हत्या गरिएको दाबी गरे । हत्या गर्नुको कारण विदेशी पैसा दरबारले भ्रष्टाचार गरेर कुम्ल्याएकोले मार्नु परेको बताएका थिए (शेरचन, साउन २२, २०६६) । उनले यो भनाइ राखेपछि उनलाई सरकारले पक्राउ गरेर मानसिक अस्पताल पाटन, ललितपुर पुऱ्याएको थियो । त्यहाँ

एक भेटमा उनी मानसिक तनावमा भएको पाइएको थिएन । तथापि उनले नाम नखुलाए पनि कसैले पैसा दिएर बोल्न लगाएको भनेर मसँग भनेका थिए (पोखरेल, २०६८, पृ. ९२) ।

खाने व्यवस्था भएन बाँच्नका लागि बोल्नु परेको उनको अभिव्यक्ति थियो । तथापि उनले के कुरा स्वीकार गरे भने राजा वीरेन्द्रको विरुद्ध गतिविधि भने त्यस बेलादेखि चलेको थियो (शेरचन, भदौ २७, २०६६) । यसबाट पनि के बुझ्न सकिन्छ भने दरबार हत्याकाण्ड एक षड्यन्त्र थियो । दरबार हत्याकाण्ड छानबिन समितिको प्रतिवेदनको आधारमा मुमारानीले वीरेन्द्रलाई काखमा राखेर अस्पताल लगेको भनेर राजीव शाहीको पत्रकार सम्मेलनको वयानमा भनिएको छ । त्यो अवस्थामा रत्नराज्य आफैँ प्रत्यक्षदर्शी हुन् तर छानबिन समितिसँग रत्नलाई वयान लिन किन दिइएन ? यो प्रश्नको जवाफ आउन सकेको छैन । मृत लासलाई काखमा राखेर अस्पताल जान सक्ने आमा सन्तानहत्यामा शोकाकूल भएर वयान नदिएको भन्ने तर्क युक्तिसङ्गत मानिँदैन । हत्यारालाई गोली हान्न तम्सिएका घायल राजाको हातको पेस्तोल खोसेर गोली निकालिदिने र पटक पटक राजामाथि नै गोली हान्दा पनि चुप बस्ने भूमिकामा रहेकी शोभा शाहीको भूमिका त पूरै नकरात्मक छ (पोखरेल, २०६८, पृ. १०३) । दरबार हत्याकाण्डकी एक प्रत्यक्षदर्शी धीरेन्द्रकी पत्नी प्रेक्षाको दरबार हत्याकण्डको केही दिनपछि नै शङ्कास्पद मृत्यु भयो । काठमाण्डौँबाट उडेको हेलिकप्टर मुगुको रारा तालमा गएर खसेर दुर्घटना भएको र प्रेक्षाको मृत्यु भएको खबर सुनाइयो जुन कुरा पत्याउन सकिने अवस्थै रहेन ।

हत्याकाण्डको भेद खोलिने त्रासले यो घटना घटाइएको हुन सक्ने आशङ्का त्यसबेला आमरूपमा पर्न गयो (पोखरेल, २०६८, पृ. १०३) । दीपेन्द्रका एडिसी राजु कार्की तथा गजेन्द्र बोहोराले दिएको बयान काल्पनिक मानिन्छ । एक लेखकका अनुसार दरबार हत्याकाण्ड भएका दिन देवयानी राणासँग गजेन्द्र तथा राजु दुवै एडिसीहरूले भारतीय राजदुतावास नजिकै दुगड निवासमा भेट गरेका थिए र दरबार हत्याको १५ मिनेटपछि दुवै दरबार पुगेका थिए (ज्ञवाली, २५ चैत, २०६५) । दरबारमा काम गर्ने पाल्पा निवासी सेनाका जवान लालबहादुर लम्तेली मगरको भनाइलाई उल्लेख गर्दै एक लेखकले दीपेन्द्रको पहिले नै हत्या भइसकेको बताउँछन् । साथै उनीहरूले दरबार हत्याकाण्डको ठोस छानबिन हुनुपर्‍यो भनेर राजा ज्ञानेन्द्रलाई बिन्तीपत्र हाल्दा त्यसपछि बिन्तिपत्र हाल्नेहरूमध्ये केहीले बेपत्ता हुनु परेको र आफूले भने जेठ २८ गतेका दिन निर्मल निवासमा खटिएका सेनाहरूबाट गिरफ्तारीमा परी निर्मम यातना पाएको पनि उल्लेख गरेका छन् । साथै सोह्रखुट्टेमा आरामदायी लजका मालिक उत्तमराज पाण्डेको हत्या भएको केशमा आफूलाई फसाएको पनि बताएको भनेर लेखेका छन् (शर्मा, २०६७, पृ. २२-२४) । यी कुराको अध्ययनबाट के बुझिन्छ भने दरबार हत्याकाण्ड शाही परिवारभित्रको आन्तरिक षड्यन्त्रको उपज देखिन्छ । एकाध जनाबाहेक बाँच्ने शाही नातेदार र शाही परिवारले मारिनेहरूविरुद्ध षड्यन्त्र रचेको उल्लेखित तथ्यबाट देखिन आउँछ ।

हत्या भएको त्रिभुवन सदन राजा ज्ञानेन्द्रको आदेशमा अहिले भत्काइएको छ । त्रिभुवन सदन भत्काउने सल्लाह रत्नराज्यको पनि रहेको भनेर दरबारका पूर्वकर्मचारीहरूले बताएका थिए (पोखरेल, २०६८,

पृ. १०४) । यसलाई अनुसन्धानको पाटोलाई छोप्ने र प्रमाण नष्ट गर्ने प्रयासको रूपमा हेरिनुपर्दछ । जे जसरी जसबाट त्यो घटना हुन गएको भए पनि त्यो नेपालको इतिहासमा अत्यन्त दु:खद् तथा मार्मिक घटना थियो । यो हत्यालाई आजसम्म पनि रहस्यको रूपमा लिइएको छ । देवयानी राणाको भारतमा विवाह भइसकेको छ । उनलाई वयानको लागि तत्कालीन समयमा खोजी गरिए पनि नेपालमा उनले वयान दिइनन् तर भारतको नेपाली दुतावासमा तत्कालीन भारतका लागि नेपाली राजदूत डा. भेषबहादुर थापाले चिकित्सकहरूको सहयोग र उपस्थितिका बिच वयान लिएर नेपाल सरकारलाई पठाएको थियो (Youtube, 2016, Dec 26) । यो घटनालाई हेर्दा राजा वीरेन्द्र एक सच्चा राष्ट्रवादी, देशभक्त राजा थिए । उनी र उनको वंशलाई समाप्त नगरी नेपाल देशलाई राजनीतिक रूपमा अस्थिर बनाउन सकिँदैन भन्ने ठहरस्वरूप दरबार हत्याकाण्ड रचिएको हुन सक्दछ ।

नेपालको राजसंस्थाको हिन्दूस्थानसँग सम्बन्ध बिग्रिदै आएको थियो । राजीव गान्धी र सोनिया गान्धी नेपाल आएको बेला पशुपतिनाथमा सोनिया गान्धीलाई मन्दिर प्रवेशमा रोक लगाइएको थियो । त्यसलाई गान्धी परिवारले ठूलो इखको रूपमा लिएका थिए । वीरेन्द्र राजा भएपछि गरिएको खम्पा विद्रोहमाथिको दमन र २०३१ साल फागुन १२ गते आफ्नो राज्याभिषेकको समयमा विश्व समुदायसमक्ष राखिएको नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्तावलाई छिमेकी देश भारतले नरुचाएको देखिन्थ्यो (पोखरेल, २०६८, पृ. ९३) । राजा वीरेन्द्रको प्रयासले देश शान्ति क्षेत्र घोषणा गर्ने र नेपाल शान्ति क्षेत्र राष्ट्र हुने प्रयत्नलाई भारतको असहयोगको कारण रोकिएको थियो तर त्यसबेला विपरीत ध्रुबमा भारत र अमेरिका उभिएको कारणले पनि हत्या गर्ने सम्भावना थिएन र भएन तर पनि यो परिवेशमा विदेशी शक्तिको खेल भने वीरेन्द्रको राजनीतिक गन्तव्य विपरीत भएको मान्नुपर्दछ । त्यसैबेलादेखि दरबार हत्याकाण्डको रचना रचिएको भन्ने आधार भने पाइँदैन । त्यस्तै राजा वीरेन्द्रले विवादित नागरिकता विधेयकलाई पास हुन नदिएर भारतलाई चिढाएका थिए । त्यो विधेयक देशको राष्ट्रिय सुरक्षामा चोट पुग्ने र कालान्तरमा देशै नरहने ठहरका साथ राजाले रोकिदिएका थिए भने राजाले उत्तर चीनसँगको सम्बन्ध दिन प्रतिदिन राम्रो बनाउँदै लगेका थिए ।

२०४५ सालमा नेपालले चीनबाट हतियार ल्याएको कुरामा समेत भारतले चर्को विरोध गरेको थियो । दरवार हत्याकाण्डभन्दा पहिलेदेखि नै शाही नेपाली सेनामा अमेरिकी प्रभाव विस्तार भएको देखिन्छ । निकै ठूलो धनराशिसहितको हेपाटाइटिस ई को औषधी गर्ने अमेरिकी प्रोजेक्ट नेपाल भित्रियो । सन् १९९९ को वर्षमा औषधीको बहानामा जनताका माझ पाटनमा सिआइए गतिविधि बढाउने प्रयत्न गर्दा जनताको पङ्क्तिबाट चर्को विरोध भएपछि यसले झण्डै त्यहाँ दुर्भाग्य निम्त्यायो । पाटनका भूपू उपमेयर रमेश चित्रकारले अन्य मानिसहरूको अगुवाइमा त्यसको विरोध गरेपछि जनतामा जाने डलरका प्रलोभनहरू असफल बने । पाटनमा विरोध भएपछि एक महिनाकै आसपासमा त्यसको प्रयोग नेपाली सेनामा गरियो । त्यसबेला उपमेयर चित्रकारलाई उनको पार्टी एमालेको माथिल्लो तहले यसमा चासो नराख्नु भनेर निर्देशन गर्‍यो (अर्याल, २०६४, पृ. १६-१७) । सेनामा बढ्दै गएको विदेशी प्रभाव खासगरी अमेरिकी प्रभावका बिचमा

जर्मनी हतियार ल्याउन एलसी खोलिएको कुरा बाहिर आएपछि अमेरिकी हतियार नआउने पक्का भयो । यसले अमेरिकी तथा भारतीय दुवै स्वार्थमा गहिरो धक्का लाग्यो । यसबेला दुवै शक्तिको गठबन्धन भयो । दरवारभित्रको झगडालाई उपयोग गरियो । दरबारको आन्तरिक झगडाका धेरै कुराहरू प्रेममा बरालिएका दीपेन्द्रबाट निस्कदै देवयानीमार्फत विदेशीहरूका सामु पुग्ने गर्दथ्यो । किनकि देवयानीको भारतीयहरूसँगको सम्बन्ध नाताले बनाइसकेको थियो । त्यसैले वीरेन्द्रसँग पहिलेदेखि नै विरोधी रहेका भारतीय शक्तिहरू तथा माओवादी विद्रोहको बहानामा आफ्नो स्वार्थ पूरा गर्न खोज्ने सिआइए रणनीति राजा वीरेन्द्र जीवित रहेसम्म पूरा नहुने भएपछि यी दुई विदेशी शक्ति लागेर योजनाबद्ध ढङ्गले दरबार हत्याकाण्ड गराएको कुरामा अविश्वास गर्ने ठाउँ रहँदैन ।

राप्रपाका नेता तथा पूर्व राष्ट्रिय पञ्चायत अध्यक्ष नवराज सुवेदीका अनुसार राजा वीरेन्द्र राष्ट्रवादी भएकै कारण व्यवस्था गयो, राजसंस्था गयो । कताकता मान्छेहरूका भनाइअनुसार उहाँको ज्यानसमेत गयो । राष्ट्रियताको कुरा गर्दा म २०४५ सालको एउटा घटना सम्झन्छु । नेपालमा प्रजातन्त्रका लागि आन्दोलन भइरहेको थियो । भारतीयहरूको इसारामा राजा रानीलाई सडकमा गाली गर्ने काम भइरहेको थियो । यत्तिकैमा भारत सरकारका एक जना प्रतिनिधि बि. सिंह नेपाल आएका थिए । उनी भारत सरकारको सन्देश सुनाउन नेपाल आएका थिए । राजा वीरेन्द्रले उनको प्रस्ताव ठाडै अस्वीकार गरेका थिए । जम्मा ५-६ बुँदाको सम्झौता पत्र बोकेर भेट्न गएका सिंहले गृह, परराष्ट्र र सुरक्षा लगायत थुप्रै कुरा भारतलाई जिम्मा लगाउनु पर्ने र त्यस बापत राजसंस्था र पञ्चायती व्यवस्था टिकाइदिने भनेका रहेछन् । म बेलुका राजालाई भेट्न जाँदा राजाबाट हुकुम भयो, मैले नो भनिदिएँ । देशै बेचेर मलाई किन चाहियो राजा ? किन पञ्चायत चाहियो ? त्यसैले मैले मानिन भनेर राजाले भनेका थिए । नवराज सुवेदीको बुझाइमा राजा वीरेन्द्र सच्चा देशभक्त राजा थिए । १२ बुँदे सम्झौता गर्दै नेपालको राजसंस्था समाप्त गरेर अहिले देशको यो अवस्था हुनु स्वभाविक भएको उनको बुझाइ छ । यो त ट्रेलरमात्र हो र अझै थुप्रै खेल हेर्न बाँकी छ । सुवेदीको भनाइमा राजा महेन्द्र र राजा वीरेन्द्रमा ठूलो भिन्नता थियो । राजा महेन्द्र आफ्ना नजिकका २-४ जनासँग सल्लाह गर्ने र निर्णय आफ्नो गर्ने गर्दथे भने राजा वीरेन्द्र आफ्ना नजिकका सबैसँग सल्लाह गर्ने र बहुमतले भनेको कुरालाई निर्णय गर्ने बानीका थिए । म त्यतिखेर राष्ट्रिय पञ्चायतको अध्यक्ष भएकोले मेरो भेट राजा वीरेन्द्रसँग भइरहन्थ्यो भन्दै उनले राजा वीरेन्द्र प्रजातान्त्रिक राजा थिए भन्ने गर्दछन् । उनी राष्ट्रवादी भएकै कारण मारिए (नवराज सुवेदीसँगको कुराकानीमा आधारित) ।

## च. प्रतिगमन विरोधी आन्दोलन

राजा वीरेन्द्रको वंश नास हुने गरी भएको १९ जेठ २०५८ को दरवार हत्याकाण्डपछि उनका भाइ ज्ञानेन्द्र राजा हुन पुगे । यो हत्याकाण्डले माओवादीले राजासँग चलाएको वार्तासमेत भङ्ग भएपछि माओवादीले आफ्ना युद्ध तीव्र पार्‍यो । यसै अवस्थामा होलेरीमा सेना परिचालन गर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गरेको सिफारिसलाई राजा ज्ञानेन्द्रले अस्वीकार गरेपछि उनले २०५८ मा राजीनामा दिए र

शेरबहादुर देउवा प्रधानमन्त्री भए । उनकै संयोजनमा माओवादीसँग युद्धविराम र तीन चरणको वार्ता भएको थियो तर यो वार्ता अगाडि नबढेपछि माओवादीले युद्ध छेडी दाङको सैनिक व्यारेकमा आक्रमण गरी ठूलो सङ्ख्यामा हतियार कब्जा गरेपछि पुनः द्वन्द्व सुरू भयो । त्यस घटनापश्चात् राज्य र विद्रोही दुवै पक्षले आक्रमणलाई तीव्र पारे र त्यसै वर्ष सबैभन्दा बढीका सङ्ख्यामा मानिसहरू हताहत हुन पुगे (Lawoti and Pahari, 2010) । शेरबहादुर देउवाको नेतृत्वको सरकारले मुलुकमा आपत्कालको घोषणा गरी सेना र माओवादीबिच युद्ध प्रारम्भ भएको थियो । यो आपत्कालीन घोषणालाई संसद्ले फागुनमा ३ महिनाका लागि थप गरेपनि जेठमा थप नगर्ने जानकारी प्राप्त गरेपछि देउवाले संसद् विघटन गरी निर्वाचनको घोषणा गरेका थिए । यो घटनाले कांग्रेसमा विभाजन भई देउवाको नेतृत्वमा नेपाली कांग्रेस प्रजातान्त्रिकको स्थापना भएको थियो ।

माओवादी द्वन्द्व बढ्दै गएपछि संसद्को निर्वाचन हुन नसक्ने स्थितिमा देउवाले असोज १८ गतेका दिन राजालाई संसद्को निर्वाचन १ वर्ष पर सार्न सिफारिस गरेपछि राजा ज्ञानेन्द्रले अशोज १८ गते राति एक घोषणा गरी आफ्नै हातमा सत्ता लिएका थिए (शिवाकोटी, २०७०, पृ. २४३) । त्यसपछि प्रधानमन्त्रीको लागि दौडधुप चलेको र एमालेले दावी गरे पनि राजाले २५ गतेका दिन लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा दलको सिफारिसबिना मन्त्रीपरिषदको गठन गरे । तत्पश्चात् यस घटनाले भस्किएका दलहरूले राजाको यो कदमलाई प्रतिगमनका रूपमा लिई प्रतिगमन सच्याउन र दलको सिफारिसमा मन्त्रीपरिषद्को गठनको माग राखी विभिन्न चरणका आन्दोलन सुरू गरे (शिवाकोटी, २०७०) । चन्दको नेतृत्वको सरकारले माओवादीसँग वार्ता गर्ने व्यवस्था मिलाएपछि दोस्रो चरणको वार्ता सुरू भएको थियो तर प्रतिगमन विरुद्धको आन्दोलन बढ्दै गएको अवस्थामा लोकेन्द्रबहादुर चन्दलाई हटाएर सूर्यबहादुर थापाको नेतृत्वमा नयाँ मन्त्रीमण्डल गठन भयो । यो सरकारले माओवादीसँग वार्ता गरे पनि २२ गते रामेछापको दोरम्बा काण्ड गराएपछि वार्ता विफल भयो र आन्दोलन अरु बढ्दै गयो ।

पछि राजाले २०६० सालमा प्रधानमन्त्रीका लागि दर्खास्त माग गरी दलहरूलाई उपेक्षा गर्ने काम गरेका थिए । यसमा माधव नेपाल सहित १९ जनाले दरखास्त हालेका थिए तर पनि यसै अवस्थामा शेरबहादुर देउवालाई दरबारले बोलाएर राति शेरबहादुरको नेतृत्वमा नयाँ मन्त्रिपरिषद्को गठन गरेको थियो । यसलाई प्रतिगमन आधा सच्चिएको भनी एमालेले भरतमोहनको नेतृत्वमा नयाँ सरकारमा सहभागी हुन पुग्यो । यो सरकारसँग वार्ता गर्न माओवादीले अस्वीकार गरी नोकरको साथमा नभएर मालिकसँगै कुरा गर्ने भनी प्रचार गरेपछि राजा ज्ञानेन्द्रले आफू अनुकूलको पार्टीहरू बिचको अन्तरविरोधको फाइदा उठाइ १९ माघ २०६१ मा मन्त्रिपरिषद् विघटन गरे र आफ्नै अध्यक्षतामा कीर्तिनिधि बिष्ट, तुलसी गिरी लगायतका अनुदारवादी व्यक्तिको सहयोगमा शासन सुरू गरेका थिए (शिवाकोटी, २०७०) । दलका नेताहरूलाई पक्राउ गर्ने, थुन्ने र भ्रष्टाचारको मुद्दा लगाउने काम गरेपछि २०६२ सालको वैशाखमा संसद्वादी ८ दलले गठबन्धन तयार गरी प्रतिगमनविरुद्धको आन्दोलनलाई अगाडि बढाउने प्रयास गरे । राजासँग पनि माओवादीले वार्ता

गरेन । यसै अवस्थामा माओवादी, गिरिजाप्रसाद कोइराला र माधव नेपाल आदिसँग वार्ता भई संयुक्त जनआन्दोलन गरी राजाको निरङ्कुश शासन अन्त्य गर्ने १२ बुँदे सहमति भयो । यसले राजाद्वारा घोषित नगरपालिकाको निर्वाचनलाई बहिष्कार गऱ्यो भने सर्वोच्च अदालतले शाही भ्रष्टाचार आयोगलाई असंवैधानिक ठहर गरिदिएको थियो ।

माओवादी र आठ दलको संसद्वादी मोर्चाबिचको १२ बुँदे सहमतिले जनतामा उत्साह बढ्यो र आन्दोलनले तीव्रता पाएको थियो । यसै अवस्थामा चैत २४ गतेदेखि माओवादीको सहयोगमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा जनआन्दोलन - २ प्रारम्भ भएको थियो । यो प्रारम्भ हुँदा पनि संसद्वादी दलहरूभित्रका अनुदारवादसँग संयुक्त भई आन्दोलन गर्ने कुराको विरोध गरी राजासँग समझदारी कायम गर्ने प्रयास गरेका थिए । राजाबाट वैशाख १ गतेको सन्देशमा समेत लोकतन्त्र पुनर्बहालीका बारेमा सङ्केत प्राप्त नभएपछि जनआन्दोलनले तीव्रता लिँदै गयो । माओवादीले उपत्यकामा सुरक्षाबललाई जम्मा हुनबाट रोक्न सिन्धुपाल्चोकमा सशस्त्र कारबाही गऱ्यो भने आफ्नो लडाकुको घेरा तयार गरेको थियो । यसबाट आत्तिएका राजाले वैशाख ८ गते केही सुधारको घोषणा गरे पनि यसलाई अस्वीकार गरी आन्दोलन बढ्दै गएपछि वैशाख ११ गते राति विदेशी कूटनीतिज्ञहरूको समेत उपस्थितिमा संसद पुनर्स्थापनाको घोषणा गरे भने गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नयाँ सरकार गठन गरेपछि यो संयुक्त जनआन्दोलन समाप्त भयो । यसैबाट बाह्रबुँदे सहमतिको कार्यान्वयनको क्रम पनि अगाडि बढेको थियो । यो प्रतिनिधिसभा पुनर्स्थापनापछि अन्तरिम संविधानको निर्माण गरी अन्तरिम व्यवस्थापिकामा माओवादीलाई सम्मिलित गराउने काम भएको थियो । वृहत् शान्ति सम्झौतामा हस्ताक्षर गरी अन्तरिम संविधानको घोषणासमेत गरियो । यसरी प्रतिगमन विरोधी आन्दोलनको राजनीतिक मुद्दा र उद्देश्य विघटित प्रतिनिधिसभाको पुनर्स्थापना गर्नु रहेको थियो ।

### छ. मधेस आन्दोलन

माओवादी र संसद्वादीबिच लामो रस्साकस्सीपछि राज्यको पुनर्संरचना गर्ने भनी अन्तरिम संविधानमा लेखाए पनि सङ्घीयताको स्पष्ट व्यवस्था नभएपछि अन्तरिम संविधान, २०६३ को घोषणासँगै सङ्घीयतावादीहरू असन्तुष्ट भए । खासगरी यसले मधेसमा ठूलो प्रतिक्रिया भयो । यो मधेस आन्दोलन बढ्दै गएपछि सरकारले बाध्य भई मधेसी दलहरूसँग लामो छलफल र वार्तापछि संविधानमा सङ्घीयता राख्न सहमत भई आठ बुँदे सहमति पत्रमा हस्ताक्षर गऱ्यो । यही मधेसआन्दोलनले गर्दा संविधानमा पहिलो संशोधन गरी सङ्घीय व्यवस्था गरेपछि मधेस आन्दोलन शान्त भयो । यद्यपि सङ्घीयताप्रति संसद्वादी पुरातन दलहरूलाई पाच्य नहुँदा अनेक जटिलताहरू देखा परे । यस्तै १२ बुँदे सम्झौतामा निरङ्कुश राजतन्त्रको अन्त्य गर्ने भनिए तापनि अन्तरिम संविधानमा यसको व्यवस्था नहुने भएपछि माओवादीले ३ महिनासम्म आन्दोलन गरेर संविधानसभाको पहिलो बैठकमा राजतान्त्रिक व्यवस्थाको अन्त्य गर्ने गरी अनुमोदन गर्ने प्रावधान राखेपछि गणतन्त्र नेपालको आधार तयार भएको थियो । यिनै विभिन्न आन्दोलन, विद्रोहले २३८ वर्ष लामो राजतन्त्रको अन्त्य भयो (शिवाकोटी, २०७०, पृ. २४४) । संविधानसभाबाट

संविधानसभाको निर्वाचन गरी बहुदलीय संसदीय व्यवस्थाको अन्त्यका साथै राजतन्त्र र सबै किसिमका सामन्ती अवशेषहरूलाई समाप्त गर्ने, मुलुकलाई एकात्मक व्यवस्थाबाट सङ्घात्मक स्वरूपमा लैजाने युगान्तकारी परिवर्तन हुन पुग्यो । त्यसैले मधेस आन्दोलनको प्रमुख मुद्दा सङ्घीय व्यवस्थाको स्थापना गर्नु रहेको देखिन्छ ।

## ६.२ वृहत् राष्ट्रिय सहमतिसम्बन्धी राप्रपाको धारणा

नेपालमा विभिन्न कालखण्डमा विभिन्न किसिमका राजनीतिक परिवर्तन हुँदै आए तापनि सत्तामा आएपछि पार्टी र सरकारको नेतृत्वमा रहेकाहरूले आफ्नो ऊर्जालाई राष्ट्रको समग्र आर्थिक तथा सामाजिक रूपान्तरण वा प्रगतितर्फ उन्मुख गराउन नसकिरहेको स्पष्ट छ । नेताहरूबिचको बेमेल, उनीहरूका व्यक्तिगत स्वार्थ उन्मुख व्यवहार र अस्थिर राजनीतिक परिवेश आदि कारणहरूले गर्दा विविध किसिमका समस्याहरू उत्पन्न भएका छन् । देशमा विद्यमान जटिल समस्याहरूका पहिचान र तिनलाई निराकरण गर्ने अभिप्रायले राप्रपाले वृहत् राष्ट्रिय सहमतिसम्बन्धी अवधारणा केन्द्रीय कार्य समितिको २०५८ वैशाख ६ र ७ गतेको बैठकबाट पारित गरी जनसमक्ष प्रस्तुत गरेको थियो (खनिया, २०५९, पृ. ९३) । राष्ट्रिय सहमति किन, कसरी, केको लागि र त्यस्तो सहमति कसरी कार्यान्वयन गर्ने ? भन्ने प्रश्नका बारेमा पार्टीको धारणा प्रस्ट पार्ने क्रममा राप्रपा केन्द्रीय कार्य समितिको २०५८ पुष १७ र १८ गते बसेको बैठकले प्रस्तुत राष्ट्रिय सहमतिसम्बन्धी अवधारणा तथा राष्ट्रिय सहमतिका लागि राप्रपाको तर्फबाट प्रस्तावित न्यूनतम साझा कार्यक्रम तयार गरेको थियो । राप्रपाले तत्कालीन समयमा राष्ट्रियता, बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, मानव अधिकार, जनतामा निहित सार्वभौमसत्ता एवं नेपाल अधिराज्यको संविधान, २०४७ प्रतिको पूर्ण प्रतिबद्धतालाई वृहत् राष्ट्रिय सहमति आधारको रूपमा स्वीकार गरिनुपर्ने धारणा अघि सारेको थियो ।

वृहत् राष्ट्रिय सहमति कायम गर्ने प्रक्रियाको सन्दर्भमा भने सर्वप्रथम संसद्मा प्रतिनिधित्व रहेको राजनीतिक दलहरूका प्रमुखहरूका बिचमा सहमतिको औचित्य, आधार र प्रक्रियाबारे एकमत हुनुपर्ने तथा दोस्रो चरणमा सबै राजनीतिक दलहरूले खटाएका प्रतिनिधिहरूले न्युनतम साझा कार्यक्रम तयार गरी सो कार्यक्रम कार्यान्वयनका लागि प्रधानमन्त्रीलाई उपलब्ध गराउने धारणा राप्रपाले प्रस्तुत गरेको थियो । वार्ता, सहमति र समझदारी प्रजातन्त्रका आधारभूत पक्षहरू हुन् तर भन्न जति सजिलो छ समझदारी र सहमति कायम गर्नु त्यति नै कठिन र चुनौतीपूर्ण पनि छ । सकेसम्म धेरै विषयहरूमा सहमति कायम गरेर कार्य गर्नु निसन्देह राम्रो हुन्छ तर विभिन्न सिद्धान्त र विचारका आधारमा सङ्गठित भएका राजनीतिक दलहरूका बिचमा सबै विषयमा सधैँ सहमति कायम होस् भन्ने चाहना राख्नु अयथार्थ हुनेछ । विभिन्न विषयहरूमा राजनीतिक दलहरूले आ-आफ्नो मान्यताअनुरूप महत्त्व र प्राथमिकता निर्धारण गरेका हुन्छन् । तसर्थ, सबै विषयमा समझदारी खोज्नु प्रस्तावित वृहत् राष्ट्रिय सहमतिको लक्ष्य होइन । राष्ट्रिय सहमति न्यूनतम साझा कार्यक्रमको लागि हुनुपर्छ । सहमतिको कुरा केवल औपचारिकतामा मात्र सीमित नहोस् भन्ने उद्देश्यले सबैको

समझदारीमा मुलुकको वर्तमान स्थितिलाई मध्यजर राखी निम्नलिखित छ सूत्रीय विषय र त्यस अन्तर्गत राप्रपाले प्रस्ताव गरेका प्रमुख नीति र कार्यक्रमहरू यस प्रकार रहेका थिए ।

### क. तत्कालीन माओवादी समस्या समाधानसम्बन्धी कार्ययोजना

वार्ताको माध्यमबाट प्रजातान्त्रिक एवं राजनीतिक निकास खोज्ने नीति निरन्तर अवलम्बन गरिनुपर्दछ । माओवादी गतिविधिहरू नियन्त्रण गरी उनीहरूलाई राजनीतिको मूलधारमा समाहित गराउन तत्कालीन शाही नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई समन्वयात्मक रूपमा परिचालन गरिनुपर्छ । माओवादीको आतङ्ककारी गतिविधिहरूलाई नियन्त्रण गरी उनीहरूलाई राष्ट्रिय राजनीतिको मूलधारमा समाहित गर्न गराउन उपयुक्त अवसर र वातावरण तयार गरिनुपर्दछ भन्ने राप्रपाको धारणा थियो । सो समस्याको स्थायी एवं दीर्घकालीन समाधानको निमित्त मुलुकमा विद्यमान असमानता, विभेद, भ्रष्टाचार र कुशासनलाई अन्त्य गर्ने खालका महत्त्वपूर्ण एवं अग्रगामी सुधार र विकास कार्यक्रम सञ्चालन गरिनुपर्दछ भन्ने राप्रपाको कार्ययोजना रहेको थियो (राप्रपा दस्तावेज, २०५९, पृ. १३) ।

### ख. आर्थिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा सुधार

आगामी पन्ध्र वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको सङ्ख्यालाई राष्ट्रिय सहमतिमा दस प्रतिशतमा झार्न सम्पूर्ण विकास आयोजनाहरूलाई तदनुकूल परिमार्जन गर्ने तथा थप ठोस कार्यक्रमहरू सञ्चालन गर्ने । आगामी दस वर्षभित्रमा शिक्षा, स्वास्थ्य, खानेपानी र आवासजस्ता न्यूनतम आधारभूत आवश्यकता सम्पूर्ण जनतालाई उपलब्ध गराउने लक्ष्यअनुरूप कार्यक्रम बनाई कार्यान्वयन गर्ने । सबै प्रकारका अचल सम्पतिको समानुपातिक मूल्याङ्कन गरी प्रगतिशील कर लगाउने, त्यसरी प्राप्त हुने रकमबाट एक भूमि कोष खडा गर्ने तथा सो कोषबाट भूमिहीन र सीमान्त किसानहरूलाई जग्गा खरिद गर्न सहुलियत कर्जा उपलब्ध गराउने नीति कार्यान्वयन गरी जनमुखी भूमिसुधार लागु गर्नुपर्दछ । साथै २०५४ सालमा पारित कानुनबमोजिम माथिको द्वैध स्वामित्व अन्त्य गर्ने र चक्लाबन्दी तथा सिञ्चाइ विकासलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्दछ ।

स्वदेश तथा विदेशमा रोजगारीको अवसर सिर्जना गर्ने क्रममा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एक बहुव्यावसायिक विद्यालय खोल्ने, नेपाली श्रम र उद्यमलाई प्रोत्साहित गर्नुका साथै रोजगारी सिर्जना गर्न योगदान पुर्‍याउने श्रममूलक उद्योगहरूलाई कर, कर्जा एवं अन्य आवश्यक सहुलियत प्रदान गर्ने, निजामति सेवाका ना.सु.वा सोभन्दा मुनिका पदहरूमा सम्बन्धित जिल्लाका व्यक्तिहरूलाई मात्र नियुक्ति दिने व्यवस्था गर्ने, गाविसहरूलाई व्यावसायिक कृषिको सम्भाव्यताको आधारमा समूहकृत गरी योजनाबद्ध व्यावसायिक कृषि कार्यक्रम लागु गर्ने तथा सो कार्यक्रमको लागि आवश्यक कृषि सामग्री, वित्तीय र बजारव्यवस्था, भौतिक पूर्वाधार आदि सम्पूर्ण सुविधाहरू सम्बन्धित क्षेत्रमा पुर्‍याउने र वैदेशिक रोजगारी सृजना गरी विशेष कार्ययोजना कार्यान्वयन गर्ने । वर्तमान शिक्षा पद्धतिमा आमूल सुधार गरी देशको आवश्यकता अनुरूप दक्ष जनशक्ति तयार गर्ने, शैक्षिक गुणस्तर बढाउने एवं आत्मनिर्भरतामा प्रोत्साहित गर्ने खालको शिक्षा नीति

तर्जूमा गरी लागु गर्ने । महिलावर्गको हित र उत्थानको निमित्त महिला आयोग गठन गर्ने, समाजमा विद्यमान सबै प्रकारका लैङ्गिक असमानताको अन्त्य गर्न आवश्यक कानुनी व्यवस्था गरिनुपर्दछ । स्थानीय निकायदेखि संसद्सम्म महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्न निश्चित सिटहरू आरक्षित गरिनुका साथै शिक्षा र रोजगारीमा निश्चित अवधीको लागि आरक्षणसहितको विशेष व्यवस्था गरिनुपर्छ ।

उत्पीडित आदिवासी, जनजाति एवं पिछडिएका तराईवासी, मधेसी समुदायको उत्थानको लागि जनसङ्ख्याको अनुपातमा राष्ट्रिय औषत कायम नभएसम्म निश्चित अवधीको लागि दलित समुदायको निमित्त जनप्रतिनिधित्व, शिक्षा, रोजगारी तथा स्वदेशी एवं विदेशी छात्रवृत्तिमा आरक्षणसहितको विशेष व्यवस्था गरिनुपर्छ । उत्पीडित उत्थान आयोग गठन गर्ने र जातीय आधारमा गरिने छुवाछात र भेदभावलाई सरकारवादी अभियोगसरह दण्डनीय तुल्याउनुपर्छ । उपर्युक्त समुदायको निमित्त जनप्रतिनिधित्व, शिक्षा, रोजगारी तथा स्वदेशी तथा विदेशी छात्रवृत्तिमा आरक्षणसहितको विशेष व्यवस्था र जनजाति प्रतिष्ठानलाई अधिकार र साधन स्रोतसम्पन्न वैधानिक संस्थाको रूपमा क्रियाशील तुल्याउनुपर्छ । सहभागितामूलक विकास तथा स्थानीय स्वायत्तताको लक्ष्य प्राप्त गर्ने क्रममा देहायबमोजिम विकेन्द्रीकरण कार्य योजना लागु गर्ने, स्थानीय सरकारको अवधारणाअनुरूप स्थानीय निकायहरूलाई वित्तीय, प्रशासनिक र कार्यक्रमगत स्वायत्तता प्रदान गर्ने, स्थानीय निकायहरूको स्वायत्तता र अधिकारलाई अकुण्ठित रूपमा कायम गर्न संविधानमा नै आवश्यक व्यवस्था गर्ने र स्थानीय निकायको निर्वाचनमा पार्टीगत आधारमा लड्ने व्यवस्था हटाउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा रहेको नियन्त्रण र सन्तुलनको पक्षलाई सशक्त तुल्याउन संवैधानिक अङ्गहरूलाई आवश्यक स्वयत्तता, साधन स्रोत र अधिकार प्रदान गर्ने, संवैधानिक अङ्गहरूमा हुने नियुक्तिको निमित्त निश्चित नीति, मापदण्ड र आधार तयार गर्न तथा नियुक्ति प्रक्रियालाई पारदर्शी तुल्याउन आवश्यक कानुनी व्यवस्था गर्ने र संविधानमा व्यवस्था भएबमोजिम संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी कानुन अविलम्ब तयार गर्नुपर्छ । राष्ट्रियसभाको प्रभावकारिता अभिवृद्धि गर्न यसलाई अधिकारसम्पन्न तुल्याउने । राष्ट्रिय सहमतिको आधारमा सम्पूर्ण नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र सर्वसुलभ तरिकाले उपलब्ध गराउन आवश्यकताअनुरूप संविधानमा संशोधनसमेत गरेर ठोस र स्थायी व्यवस्था कार्यान्वयनमा ल्याउनपर्दछ भन्ने जस्ता कुराहरू उल्लिखित थिए ।

## ग. निर्वाचन, सरकारको व्यवस्था र निर्वाचन प्रणालीमा सुधार

निर्वाचन नै प्रजातन्त्रको मेरुदण्ड भएको हुँदा स्वच्छ, धाँधलीरहित एवं स्वतन्त्र निर्वाचनलाई सुनिश्चित गर्न संविधानमा आवश्यक सुधार गरी निष्पक्ष निर्वाचन सरकारको प्रावधान कायम गर्ने, स्वतन्त्र, निष्पक्ष, कम खर्चिलो एबं बहुमतको भावना प्रतिनिधित्व गर्ने निर्वाचन प्रणाली विकसित गर्दै लैजाने सन्दर्भमा समानुपातिक निर्वाचन पद्धति कायम गर्ने ।

## घ. राजनीतिक दलसम्बन्धी संहिताको निर्माण

राजनीतिक दलहरूको संरचना, कार्यक्रम एवं आर्थिक स्रोतलाई निरन्तर रूपमा पारदर्शी, प्रजातान्त्रिक एवं मर्यादित तुल्याउन कानुन एवं आचारसंहिताको निर्माण गर्ने ।

## ङ. भ्रष्टाचार निवारणसम्बन्धी कार्ययोजना

अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अधिकारसम्पन्न तुल्याउने, अख्तियार भ्रष्टाचारसम्बन्धी मुद्दा हेर्न अलग विशेष अदालत खडा गर्ने, राजनीतिक एवं प्रशासनिक क्षेत्रमा उच्च पद ओगटेका व्यक्तिहरूको सम्पत्ति छानविन गरी स्रोतमा खुल्न नसकेको अवैध आर्जनलाई जफत गर्ने तथा अन्य कानुनी कारबाही गर्न आवश्यक व्यवस्था गर्ने । विशिष्ट श्रेणी तथा सोभन्दा माथिल्लो तहका राजनैतिक एवं प्रशासनिक पदाधिकारीहरूको सम्पत्ति विवरण प्रत्येक वर्ष अद्यावधिक तुल्याई संसद्मा पेश गर्नुपर्ने व्यवस्था गर्ने, अख्तियार दुरूपयोग र भ्रष्टाचारमा परेका व्यक्तिहरूले निश्चित अवधीसम्म निर्वाचन लड्न वा अन्य सार्वजनिक पद ग्रहण गर्न नपाउने कानुनी व्यवस्था गर्ने, सरकारी निर्णय, ठेक्का पट्टा आदि कार्यहरूका सबै प्रक्रिया पारदर्शी हुनुपर्ने कानुनी व्यवस्था गर्ने ।

## च. सुशासनका न्यूनतम आधार र सर्तहरूको निर्माण

सरकारद्वारा गरिने सरुवा, बढुवा, नियुक्ति जस्ता प्रशासनिक निर्णयहरूलाई निरन्तर पारदर्शी एवं कानुसम्मत रूपमा कायम राख्ने । साथै राजनैतिक वा प्रलोभनको आधारमा त्यस्ता निर्णयहरू हुन नपाओस् भन्ने उद्देश्यले उपयुक्त संयन्त्रको निर्माण गरी नियमित अनुगमन गर्ने, प्रशासन, शिक्षा, सामाजिक सेवा आदि क्षेत्रमा राजनीतिकरणको प्रक्रिया अविलम्ब बन्द गर्ने, शैक्षिक एवं प्रशासनिक क्षेत्रका वर्गीय सङ्गठनहरू राजनीतिक दलहरूसँग आबद्ध रहन नसक्ने कानुनी व्यवस्था गर्ने, गैरसरकारी संस्थाहरूको क्रियाकलापहरूलाई पारदर्शी एवं प्रभावकारी तुल्याउन विभिन्न तहमा उपयुक्त समन्वयको व्यवस्था गर्ने, सरकारी काम कारबाहीहरू परदर्शी तुल्याउने तथा संविधानप्रदत्त सूचनाको हकसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गर्ने, देशमा विद्यमान सङ्कटको समाधान गर्ने क्रममा विभिन्न राजनीतिक शक्तिहरूका बिचमा भरपर्दो र विश्वासपूर्ण सहमति एवं त्यस्तो सहमतिलाई इमान्दारीताका साथ कार्यान्वयन गर्ने चोखो प्रतिबद्धताको नितान्त आवश्यकता पर्दछ । केवल औपचाकिता निर्वाह गर्ने खालको अन्तरक्रिया र छलफलले राजनैतिक दलहरूप्रति जनतामा बचेखुचेको विश्वासमा पनि ह्रास आउने खतरा रहन्छ ।

साथै वृहत् राष्ट्रिय सहमतिको आधारमा लिइने निर्णयहरू हचुवा र हल्काफुल्का खालका मात्र हुन पुगे भने त्यसले पनि आमजनतामा नकरात्मक प्रभाव पार्छ । यसतर्फ सम्बन्धित सबैले चनाखो रहनुपर्दछ । हाल जनतामा देखिएको वितृष्णाको अन्त्य सतही प्रयासबाट सम्भव नहुने हुँदा सबैक्षेत्रमा व्यापक सुधारको निमित्त राष्ट्रिय सहमति र प्रतिबद्धता हुनु वाञ्छनीय छ । प्रजातन्त्रको प्रतिफल केही सीमित टाठाबाठाहरूले मात्र होइन, प्रत्येक व्यक्तिव्यक्तिले अनुभूत गर्न सक्ने वातावरण तयार गर्ने सङ्कल्प गर्नुपर्दछ । समकालीन

रूपमा कायम रहेका राजनीतिक शक्तिहरूबिचको सम्झौता र सहमतिले मात्र राजनीतिलाई गतिशील एवं जीवन्त तुल्याउँदछ । विद्यमान राजनीतिक शक्ति सन्तुलनको वस्तुगत मुल्याङ्कन गरी समसामयिक सुधारको माग अवलम्बन गरिनुपर्दछ । यथास्थितिलाई जबर्जस्ती तन्काउनु युक्तिसङ्गत हुँदैन । नेपालको सामाजिक एवं सांस्कृतिक परिवेशमा नेपाली राजसंस्थाप्रति अगाध आस्था रहेको तथ्य सर्वविदतै छ । राष्ट्र सङ्कटमा परेको बेलामा राजसंस्थाको सकरात्मक भूमिका सधैँ अपेक्षित रहेको हुन्छ । यही वास्तविकतालाई हृदयङ्गम गरेर नै वर्तमान सङ्कटको निकास खोज्ने क्रममा राजसंस्थाको विश्वास निरन्तर प्राप्त गर्नुपर्दछ भन्ने धारणा राप्रपाले राख्दै आएको छ ।

श्री ५ को विश्वास प्राप्त गर्ने आधार र प्रक्रिया नेपाल अधिराज्यको संविधानको परिधिभित्रबाट सम्भव छ र सोहीअनुरूप गर्नुपर्दछ भन्ने राप्रपाको मान्यता रहेको थियो । वृहत् राष्ट्रिय सहमतिको अवधारणालाई सरकारमा प्रतिपक्षले सहभागिता खोजेको भन्ने सङ्कीर्ण अर्थमा लिनुहुँदैन । सहमति सरकारमा साझेदारीको लागि होइन, विद्यमान सङ्कट समाधान गर्ने क्रममा अवलम्बन गर्नुपर्ने नीति, योजना र कार्यक्रम निर्धारणको लागि हो भन्ने बुझिनुपर्दछ । सत्तापक्ष र प्रतिपक्षी दुवै दलहरूले आ-आफ्नो हठलाई परित्याग गरी सहमति र समझदारीको निम्ति प्रतिबद्ध रहनुपर्दछ । सङ्कटलाई समाधान गर्न तत्काल प्रभावकारी कदम नचाल्ने हो भने देश अतिवादको चङ्गुलमा फस्ने सम्भावनालाई राप्रपाले यो अवधारणालाई जनसमक्ष ल्याउँदा नै इङ्गित गरेको थियो । उक्त अवधारणामा के समेत उल्लेख थियो भने नेपालको भूराजनीतिक परिस्थिति एवं सङ्कटग्रस्त नेपाली समाजले कुनै पनि प्रकारको अतिवादलाई पचाउन सक्ने अवस्था छैन । वृहत् राष्ट्रिय सहमतिसम्बन्धी न्यूनतम साझा कार्यक्रमको प्रस्ताव कुनै एक राजनीतिक दल वा सरकारको असक्षमतालाई केन्द्रित गरी आग्रह गरिएको होइन । मूलतः हाल मुलुकमा विद्यमान समस्या र चुनौतीहरूको प्रकृति र जटिलता नै यस्तो छ कि न्यूनतम सहमति र समझदारीको अभावमा समस्याहरूको समाधान गर्न सकिँदैन ।

सार्थक राष्ट्रिय सहमतिको पक्षमा क्रियाशील रहन सम्पूर्ण राजनीतिक दलहरू, नागरिक समाज र आमजनतामा समेत राप्रपाले आह्वान गरेको थियो । राष्ट्र र जनताले भोग्नुपरिरहेको जटिल समस्याहरूको वस्तुपरक विश्लेषण समस्या समाधानको लागि वृहत् राष्ट्रिय सहमतिको चिन्तन त्यसलाई कार्यान्वयन गर्न न्यूनतम साझा कार्यक्रमको प्रस्तावसहित क्रियाशील रहनुले एउटा जिम्मेवार, जनउत्तरदायी, राष्ट्रवादी र प्रजातन्त्रवादी पार्टीको रूपमा राप्रपाले अग्रणी भूमिका खेल्नुलाई नेपालको राष्ट्रिय राजनीतिमा सकरात्मक योगदान मान्नुपर्दछ । यसरी राप्रपाले विभिन्न समयमा आफ्ना वृहत् राष्ट्रिय सहमतिसम्बन्धी अवधारणाहरूलाई उजागर गर्दै आएको देखिन्छ । राप्रपाद्वारा व्यक्त यी अवधारणाहरूले सामरिक महत्त्व राख्दै आएको पाइन्छ ।

## ६.३ राप्रपाको अन्तर्राष्ट्रिय सम्बन्ध

नेपाललाई सबल र समुन्नत राष्ट्रको रूपमा स्थापित गर्न चाहने आकाङ्क्षाको परिपूर्तिमा विश्व समुदायको सहयोग, सद्भाव र समर्थन नितान्त आवश्यक पर्दछ । विज्ञान, प्रविधि र सञ्चारको अभूतपूर्व विकास र विस्तारले विश्व परिवेशलाई अत्यन्त साँघुरो तुल्याएको छ । विश्वको कुनै एक भागमा घट्ने घटनाले तत्कालै अन्य भागमा पनि सहजै प्रभाव छोड्न पुग्दछ । कुनै पनि राष्ट्रले आफूलाई विश्व समुदायबाट अलग राखेर प्रगति, प्रसिद्धी र प्रतिष्ठा प्राप्त गर्न सक्दैन । यस अर्थमा हरेक मुलुकले आ-आफ्नो इतिहास, भूराजनीतिक स्थिति र राष्ट्रिय आकाङ्क्षाको धरातलमा उभिएर विभिन्न राष्ट्रहरूसँग सम्बन्धको विकास र विस्तार गरेको हुन्छ । राष्ट्रिय हित र स्वार्थको रक्षा र प्रवर्द्धन नै अन्तर्राष्ट्रिय सम्बन्धको मूल आधार हो । यस पृष्ठभूमिमा राष्ट्रिय अखण्डता, सार्वभौमिकता र एकताको संरक्षण र संवर्द्धन गर्दै सबल र समुन्नत नेपाल निर्माणको लक्ष्य हासिल गर्ने क्रममा असंलग्न परराष्ट्र नीतिलाई राप्रपाले महत्त्वपूर्ण सिद्धान्तको रूपमा अङ्गिकार गरेको छ । असंलग्नतालाई मूल तत्त्वको रूपमा ग्रहण गर्दै राप्रपाले पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्रसंघको बडापत्र, शान्तिक्षेत्रको प्रस्ताव, आर्थिक कुटनीति, छिमेकी मुलुकहरूका विरुद्धमा नेपालको भूमिको प्रयोग हुन नदिने नीति र राष्ट्रिय हित प्रतिकूल रहेका तथा असमान प्रकृतिका सन्धिहरूको पुनरावलोकन र परिवर्तनजस्ता विषयलाई परराष्ट्र नीतिको अभिन्न आधार बनाउने भन्ने उल्लेख छ । साथै राजनीतिक दल निश्चित वैचारिक एवं सैद्धान्तिक आधारशीलाको जगमा स्थापना भएका हुन्छन् । तिनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा आ-आफ्नै किसिमका सम्बन्धहरू स्थापित गरेका हुन्छन् ।

विश्वका विभिन्न देशमा कार्यरत राजनीतिक दलहरूमध्ये पनि समान राजनीतिक दर्शनलाई आत्मसात् गर्ने दलहरूबिच स्थायी सम्बन्ध विकास गर्न र समय समयमा आयोजना गरिने सम्मेलन, बैठक, भ्रमणको आदानप्रदानबाट विभिन्न वैचारिक, नीतिगत पक्षमा अध्ययन अनुसन्धान गर्न सङ्गठित र क्रियाशील रहेको पाइन्छ । यस्ता अन्तर्राष्ट्रिय राजनीतिक सङ्गठनहमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टीले अन्तर्राष्ट्रिय प्रजातान्त्रिक संघ (IDU) को सदस्यता प्राप्त गरेको छ । सन् १९७६ मा संयुक्त अधिराज्य (UK) का तत्कालीन प्रधानमन्त्री श्रीमती मार्गरेट थ्याचरको पहलमा गठित उक्त अन्तर्राष्ट्रिय सङ्गठनमा संयुक्तराज्य अमेरिका, जापान, जर्मनी, न्युजिल्याण्ड, क्यानाडा, बेलायत, अस्ट्रेलिया, लगायत १२० भन्दा बढी राष्ट्रका प्रजातन्त्रवादी दलहरू आबद्ध रहेका छन् । दक्षिण एशियाली राष्ट्रहरूमध्ये नेपालको राप्रपा र श्रीलङ्काको UNP ले मात्र सदस्यता प्राप्त गरेका छन् । यसको सन् ११९२ र १९९३ मा आयोजित बैठकहरूमा राप्रपाले पर्यवक्षकको रूपमा भाग लिइसकेको छ । राप्रपाले सन् १९९४ मा यसको सदस्यता प्राप्त गरेको थियो ।

यसमा राप्रपाको तत्कालीन केन्द्रीय कोषाध्यक्ष यादवप्रसाद पन्तको विशेष योगदान रहेको थियो । अन्तर्राष्ट्रिय प्रजातान्त्रिक संघको सदस्यता प्राप्त गरेपछि राप्रपाले अन्य राष्ट्का उदार प्रजातान्त्रिक दलहरूसँग भाइचारा सम्बन्ध कायम गर्ने प्रयास गरिरहेको छ । यस्तै सन् १९९५ मा दक्षिण कोरियाको सिउलमा भएको बार्षिक सम्मेलनले Asia Pacific Democratic Union को केन्द्रीय समितिको सदस्यमा राप्रपालाई

निर्वाचित गरेको छ । विश्वका अग्रणी प्रजातान्त्रिक दलहरू सङ्गठित अन्तर्राष्ट्रिय प्रजातान्त्रिक संघको केही सदस्यदलहरू यस्ता रहेका छन् । अष्ट्रेलिया-लिवरल पार्टी, अष्ट्रिया-पिपुल्स पार्टी, अल्वानिया-डेमोक्रेटिक पार्टी, श्रीलङ्का युनाइटेड-नेसनल पार्टी, क्यानाडा-प्रोग्रेशिभ कन्जरभेटिभ पार्टी, चीन-काउमिन्टाङ, कोलम्बिया-सोसियल कन्जरभेटिभ पार्टी, डेन्मार्क-कन्जरभेटिभ पिपुल्स पार्टी, फिनल्याण्ड-नेसनल कोलिसन पार्टी, फ्रान्स-युनियन अफ् दि फ्रेन्च डेमोक्रेसी, जर्मनी-क्रिश्चियन डेमोक्र्याटिक युनियन, इटाली-पिपुल्स पार्टी, जापान-लिवरल डेमोक्रेटिक पार्टी, दक्षिण कोरिया-डेमोक्रेटिक लिवरल पार्टी, स्पेन-पपुलर पार्टी, स्वीडेन-मोडरेट पार्टी, स्वीट्जरल्याण्ड-क्रिश्चियन डेमोक्रेटिक पिपल्स पार्टी, बेलायत-कन्जरभेटिभ पार्टी, नेपाल-राप्रपा, संयुक्त राज्य अमेरिका-रिपब्लिकन पार्टी आदि (खनिया, २०५९, पृ. ५९) ।

डा. प्रकाशचन्द्र लोहनीका अनुसार, नेपालको परराष्ट्रनीति ख्यालठट्टा जस्तो भएको छ । नेपाल दुई विशाल देश भारत र चीनको बिचमा अवस्थित छ । दुवै देश विश्व शक्तिराष्ट्र बन्ने होडमा मेहनतरत मुलुकहरू हुन् । भारतको नेपालप्रति पुरानो भारतको लिगेसी ब्रिटिस नोकरशाहीको जस्तै नेपाल विविध कारणले आफूसँगै मिलेर जानुपर्ने धारणा राख्दछ भने चीन पनि नेपाली भूमिबाट चीनका विरुद्ध कुनै पनि गतिविधि नहोस् र चल्दै आएको व्यापार र सम्बन्ध अझ राम्रो र दरबिलो बनोस् भन्ने चाहना राख्दछ । यसका बिच नेपालले आफ्नो सार्वभौम सम्पन्न देश नेपाललाई स्वाभिमानका साथ बचाएर अन्तर्राष्ट्रिय सम्बन्ध कायम राख्न सक्नुपर्दछ तर नेपाल विविध कारणले चुकेको छ । यो सम्बन्घ राष्ट्रवादी नेता, राजा र पार्टीले मात्र त्रिपक्षीय सम्बन्धलाई बचाएर देशको रक्षा गर्न सक्दछ । जस्तो राजा महेन्द्रले राम्रोसँग यो भूमिका निभाएका थिए । अर्को हाम्रो गौरवशाली पार्टी राप्रपाले निभाउन सक्दछ (प्रकाशचन्द्र लोहनीसँगको कुराकानीमा आधारित) । डा. लोहनी पनि महाकाली सन्धिका बेला परराष्ट्रमन्त्री थिए । महाकाली सन्धि पास गर्न उनको पनि हात थियो । तसर्थ उनले आफूलाई राष्ट्रवादी नेताका रूपमा चिनाउन खोजे पनि त्यो महाकाली सन्धि राष्ट्रघाती थियो भन्ने आमजनताको धारणा रहेको छ । राप्रपाका अर्का नेता केशरबहादुर बिष्टका अनुसार, महाकाली सन्धि टनकपुरको शारदा बाँधको आपतकालीन दुई वटा ढोका जुन सजिलो ढङ्गले नदेखिने गरी निर्माण गरिएको थियो ।

अङ्ग्रेजहरूले निर्माण गरेको नहरका ती दुइटा ढोकाहरू नेपालका लागि राजा महेन्द्रले प्रयोग गरेका थिए । पछि गिरिजाप्रसाद कोइरालाको पालामा टनकपुर सम्झौता गरियो । त्यसपछि महाकाली नदी र बाँधको पानी भारतले प्रयोग गर्ने बाटो खुल्यो । यस अर्थमा महाकाली सन्धि राष्ट्रघाती सन्धि थियो । सो अवधिमा परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनी र जलस्रोतमन्त्री पशुपतिशमशेर राणा थिए भने सो सन्धि कार्यान्वयन गर्ने समितिको संयोजक केपी ओली थिए । त्यसरी महाकाली सन्धि पारित भएको थियो । तत्कालीन समयमा महाकाली सन्धि र टनकपुर सम्झौता भए देशमा पैसाको वारिस हुन्छ भन्ने तत्कालीन जलस्रोत मन्त्री पशुपतिशमशेर राणा र परराष्ट्रमन्त्री डा.प्रकाशचन्द्र लोहनीको धारणा रहेको थियो (केशरबहादुर बिष्टसँगको कुराकानीमा आधारित) । महाकाली सन्धि राष्ट्रघात हो भन्ने प्रसङ्गमा राप्रपाका नेता जगत गौचन भन्दछन्

कि तत्कालीन समयमा राप्रपाका नेता पशुपतिशमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीले पनि क्रमशः जलस्रोतमन्त्री र परराष्ट्रमन्त्रीको हैसियतमा त्यसको पक्षमा मतदान गरे । राप्रपा तत्कालीन समयमा सत्ताको एक साझेदार मात्र थियो । मन्त्रीपरिषदको निर्णय अवज्ञा गर्नु भनेको सरकारसँगको साझेदारी टुटाउनु र सरकारबाट बाहिरिनु थियो । वहाँहरूले त्यो निर्णय मान्नु पर्ने बाध्यता थियो भनेर उनीहरूका बचावट गरेका छन् । तथापि त्यो सम्झौता देशको लागि गम्भीर भुल थियो भन्ने उहाँको तर्क रहेको छ (जगत गौचनसँगको कुराकानीमा आधारित) ।

## ६.४ दलीय द्वन्द्व र सहमति

वि.सं. २०४६ मा प्रजातन्त्र पुनः बहालीसँगै जनताले धेरै आशा र अपेक्षा गरेका थिए, प्रजातान्त्रिक नेता र योद्धाहरूसँग । तर राजनीतिक दलहरू दलीय झगडामा व्यस्त रहे । शासनतन्त्र अपेक्षाकृत रूपमा प्रजातान्त्रिक मूल्य-मान्यताअनुरूप हुन सकेन । राणाकाल र पञ्चायती हुकुमी शैली हावी रह्यो-लोकतान्त्रिक शासन व्यवस्थामा पनि । पञ्चायती निर्दलीय भागबण्डाको शैली देखेका कांग्रेस र कम्युनिस्टका नेताहरू त्यही संस्कारमै रम्न पुगेका कारण दलीय द्वन्द्वले प्रश्रय पायो । नेपालको राजनीतिमा सन् २००६ को जनआन्दोलनपछिको राजनीतिमा दलीय सहमतिलाई संविधान र वृहत् शान्ति सम्झौताबाट संस्थागत गरी सहमतिका आधारमा नै संविधानसभाबाट संविधान निर्माण गर्ने तथा सरकार निर्माण गरी सहमतिकै आधारमा कार्य गर्ने भन्ने सिद्धान्तलाई स्वीकार गरिएको पाइन्छ । जनयुद्ध र प्रतिगमन विरुद्धको आन्दोलन गरिरहेका माओवादी र संसद्वादी दलहरूले सन् २००४ मा १२ बुँदे सम्झौता गरी मुलुकमा निरङ्कुश राजतन्त्रको अन्त्य गर्ने र संविधानसभाबाट नयाँ नेपालको निर्माण गर्ने भन्ने सहमति भएपछि सन् १९९६ देखि एक अर्का विरुद्ध खडा भएका राजनीतिक दलहरू संसद्वादी र माओवादी एक ठाउँमा आएपछि जन आन्दोलन-२ बाट राजतन्त्रलाई पराजित गरेपछि नै सहमतिको राजनीतिले सकरात्मक परिवर्तनको मोड लिएको थियो । त्यसबेला संसद्वादी र माओवादी दुवैले सहमति कायम गरी संविधानसभाबाट संविधानको निर्माण गर्ने र कमसेकम त्यसपछिका दुईवटा आवधिक निर्वाचनमा समेत सहमति कायम गरी जनआन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्न र नयाँ नेपालको निर्माण गर्न सहकार्य गर्ने सहमतिसमेत भएको थियो (शिवाकोटी, २०७०, पृ. ५६३) ।

संसद्वादी र माओवादीबिचको यो सहमतिले गर्दा नै विभिन्न सम्झौता भए । माओवादीका जनसेना शिविरमा राखिए र यसको रेखदेख राष्ट्रसंघको पर्यवेक्षणमा भई शान्ति प्रक्रियासमेत अगाडि बढेको थियो । संविधानसभाको निर्वाचनसमेत अत्यन्तै कठिन परिस्थितिमा सम्पन्न हुन पुग्यो तर अपेक्षा गरे विपरीत संविधानसभाको निर्वाचनमा माओवादी सबैभन्दा ठूलो दलका रूपमा विकसित हुनु र कांग्रेस-एमाले दोस्रो र तेस्रो दलमा सीमित हुन पुगेपछि सहमतिको राजनीतिमा अवरोध देखा पऱ्यो । यसले गर्दा एमाले र कांग्रेसले राजतन्त्र उन्मूलन गर्ने प्रस्ताव पारित गर्नका लागि बहुमतीय सरकारको व्यवस्था गर्न दवाब दिएपछि सहमतिको राजनीति अन्त्य हुन पुग्यो । यसपछि माओवादीले राष्ट्रपतिमा गिरिजाप्रसाद कोइरालालाई

अस्वीकार गरेपछि दलहरूमा हिजोका सहकार्य गर्न सहमत भएका संसद्वादी र माओवादीबिच सङ्घर्ष सुरू भयो । माओवादी जनयुद्धबाट आएको र चुनावबाट पनि सबैभन्दा ठूलो शक्ति भएपछि माओवादीमा देखिएको दम्भ र अहंकार तथा अन्य संसद्वादी शक्तिहरूले संविधानसभामा सबैभन्दा ठूलो शक्ति माओवादीले आफ्नो अनुकूलको संविधान निर्माण गर्न सक्ने हुँदा कांग्रेस-एमालेलगायत नेपालमा सर्वसत्तावाद लागु हुन्छ, कम्युनिस्ट सत्ता आउन सक्छ भनी यसलाई रोक्न आफ्नो स्वार्थ रक्षाको लागि खडा भएपछि दलहरूबिच दलीय द्वन्द्वको स्थिति उत्पन्न भई सहमतिको राजनीति अन्त्य भयो ।

माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा रहेको सरकारले पशुपतिका भट्ट हटाउने, इन्द्रजात्रामा सरकारले दिएको खर्च रोक्ने, नेपाल प्रज्ञा प्रतिष्ठानमा आफ्ना कार्यकर्ता नियुक्ति गर्ने तथा माओवादीका विरोधी प्रधानसेनापति रुक्माङ्गत कटवाललाई बर्खास्त गर्ने आदि कामले माओवादीले सांस्कृतिक र सुरक्षा क्षेत्रमा समेत हस्तक्षेप गरेको भन्ने भएपछि भारतसमेतको सहयोगमा संसद्वादी दलहरूले राष्ट्रपतिबाट हस्तक्षेप गराई रुक्माङ्गतको पुनर्नियुक्ति गराएपछि प्रचण्डको सरकार पतन हुन पुग्यो भने यसपछि नै दलीय द्वन्द्व ध्रुवीकरणसमेत हुन पुग्यो । यही दलीय द्वन्द्वले गर्दा नै शान्तिप्रक्रियामा अवरोध उत्पन्न भयो भने संविधानसभाको विघटन हुन पुग्यो । यसरी जुन समयसम्म दलहरूबिच सहमति रह्यो, त्यसवेला राजनीतिले गति लियो भने दलहरूबिचको सङ्घर्षले राजनीतिमा गत्यावरोध उत्पन्न हुन पुग्यो । नेपालमा जुन समयमा दलहरूबिचमा सहमति र सहकार्य भए त्यसबेला राजनीतिक परिवर्तन भएको र लोकतन्त्रको विकास भएको पाइन्छ । जब दलहरू बिचमा सङ्घर्ष भए त्यसबेला लोकतन्त्र मासिएर तानाशाही लादिएको इतिहास छ । खासगरी नेपालमा कम्युनिस्ट र लोकतान्त्रिक शक्तिका रूपमा रहेको नेपाली कांग्रेस नै प्रमुख शक्तिका रूपमा १९४० को स्थापनाकालदेखि नै देखा परेका हुन् ।

यस्तै लोकतन्त्र भनेको पनि सहमतिको व्यवस्था होइन यो दलीय सङ्घर्ष, द्वन्द्वको व्यवस्था हो तर लोकतन्त्रको मुख्य विशेषता भनेको असहमतिका लागि सहमत हुनु हो तथापि बहुदलीय व्यवस्थाको अन्त्य र पूर्वराजा ज्ञानेन्द्रको शासनकालमा उत्पन्न भएको सङ्कटको अवस्थामा दुई विपरीत दर्शन भएका र आपसमा लडिरहेका दलहरूबिचमा राजतन्त्रको उन्मूलन भएपछि गणतान्त्रिक नयाँ नेपालको संस्थागत विकासका लागि दलहरूबिच सहमति अनिवार्य मानियो र यसलाई नै नयाँ नेपाल निर्माणको सैद्धान्तिक, संवैधानिक र राजनीतिको आधार बनाइएको थियो तर दलहरूबिचमा बढ्दो असहमति, अविश्वास र एकअर्काबिचको बढ्दो द्वन्द्वले सहमति कायम रहन सकेन र संविधानको निर्माण हुन नसकी विघटन हुन पुग्यो । शान्ति प्रक्रिया पनि अधकल्चो थियो । २०६९ जेठ १४ गते दलहरूबिचको सङ्घर्षले संविधानसभा विघटन हुँदा पनि दलहरूले सहमतिको कुरा गर्न छाडेका थिएनन् भने सहमतिकै अभावमा संवैधानिक सङ्कट, राजनीतिक सङ्कट बढेको थियो र दलहरू सडकमा आएका थिए ।

२०६९ जेठ २ गते प्रमुख दलहरू एमाओवादी, नेपाली कांग्रेस र एमालेबिच ५ बुँदे सहमति भई जेठ १४ गते अघि नै संविधानका विवादित विषयमा सहमतिमा पुग्ने घोषणा गरेपछि चुनावी सरकार कांग्रेसको

नेतृत्वमा गठन गरी निर्वाचनमा जाने सहमति भयो । कांग्रेस र एमाले दुवै दल भट्टराई नेतृत्वको सरकारमा समावेश भएर राष्ट्रिय सहमतिको स्वरूप दिने कार्य पनि भएको थियो तर यसपछि सम्झौतामा हस्ताक्षर गर्ने दलहरूले आफ्नै किसिमको व्याख्या गर्ने काम सुरू भयो । यसपछि नै पहिला सहमति भएका विषयमा समेत विवाद सुरू भयो । संविधानसभाको ३ महिना म्याद थप्ने प्रस्तावको दर्ता (थापा, २०६९) कांग्रेसका तर्फबाट नेतृत्व गरेका उपप्रधानमन्त्री कृष्णप्रसाद सिटौलाले गरे पनि कांग्रेसबाटै यसको विरोध भयो । खुला रूपमा सुशील कोइरालाले विरोध गरे । त्यसपछि सहमति भाँडिन पुग्यो । यस अवस्थामा पहिचानसहितको सङ्घीयता कुनै पनि हालतमा स्वीकार्य नहुने भनी एमाले र कांग्रेसले विरोध सुरू गरेपछि माओवादी, मधेसवादी र जाति जनजाति एकातिर रहे भने कांग्रेस र एमालेहरू पहिचानसहितको सङ्घीयता विरुद्ध उत्रिएपछि भएका सहमति पनि अवरुद्ध हुन पुगे । जेठ १४ गते बिहानसम्म सहमति नजिक पुगेका बेला एमालेका नेता माधवकुमार नेपाल लगायतका नेताहरू सक्रिय हुन थालेपछि सहमतिको वातावरण भाँडिन पुग्यो (शिवाकोटी, २०७०, पृ. ५६५) ।

संविधानसभामा संविधानका विवादित विषयलाई प्रक्रियामा लैजाने कार्यलाई पनि छल्ने काम र सभामुख संविभानसभाबाट सिंहदरवारमा आएपछि सुरू भएको अलमलले संविधानसभालाई छल्ने काम भयो । दलहरू बिचमा बढ्दै गएको असहमतिले माओवादीको नेतृत्वमा रहेको मधेसवादी सहितको सरकारले संविधानसभाको निर्वाचन मंसिर ७ गते गर्ने घोषणा गरेपछि कांग्रेस र एमालेका मन्त्रीहरू सरकारबाट बाहिरिए र अदालतको आदेशले मध्यरातमा संविधानसभा स्वतः विघटन हुन गई दलहरूबिच मोर्चाबन्दीले दलीय द्वन्द्व नयाँ रूपमा प्रकट हुन पुग्यो (शिवाकोटी, २०७०) । संविधानसभाको विघटनपश्चात् एमाओवादीको नेतृत्वमा २१ दल सम्मलित भएको सङ्घीय लोकतान्त्रिक मोर्चा गठन भयो भने अर्कातिर नेपाली कांग्रेस, एमाले लगायत १७ दलको लोकतान्त्रिक मोर्चा गठन भएपछि दलहरूका बिचमा नयाँ द्वन्द्व सुरू भयो । संविधानसभाको विघटनपछि एकीकृत माओवादीले घोषणा गरेको निर्वाचन हुन नदिन कांग्रेस र एमाले राष्ट्रपति कहाँ पुगे भने एमाओवादीले निर्वाचनको तयारी गरे पनि यसको संवैधानिक कानुनलगायतमा परिवर्तन गर्नका लागि प्रतिपक्षसँग सहमतिका लागि प्रयास गर्दा सो सफल हुन सकेन । त्यसपछि प्रतिपक्षले बाबुराम नेतृत्वको सरकार विस्थापन गरी नेपाली कांग्रेसको नेतृत्वमा राष्ट्रिय सरकार गठनपछि मात्र निर्वाचन गर्ने अडान लिए र दुवै पक्षबिच द्वन्द्व बढेको थियो । माओवादीले संविधानका विवादित विषय लगायतमा प्याकेजमा सहमति गरी मिलेका विषय सोही रूपमा र नमिलेकालाई अनुसूचीमा राखी संविधानसभाको पुनर्स्थापना गरी त्यसैबाट घोषणा गरेपछि मात्र नेपाली कांग्रेसलाई सत्ता हस्तान्तरण गर्ने प्रस्ताव अघि सारेपछि यसलाई प्रतिपक्षले अस्वीकार गरेका थिए ।

यसैबिच नेपाली कांग्रेसले एमालेको आग्रहमा सुशील कोइरालाको नाम प्रधानमन्त्रीमा प्रस्तावित गरे पनि मधेसवादी र प्रधानमन्त्री बाबुराम भट्टराईले अस्वीकार गरेपछि राजनीति अरु पेचिलो हुन पुग्यो । यसैबिच राष्ट्रपतिले राष्ट्रिय सरकारका लागि दलहरूलाई बोलाएर आग्रह गर्दा पनि असफल भएपछि

संविधानको धारा ३८ (१) अनुसार राष्ट्रिय सरकारको लागि म्याद तोकेर आह्वान गरिएको थियो । ९ चोटिसमेत म्याद थप्दा पनि सहमति हुन नसकेपछि भारत भ्रमणबाट फर्केका राष्ट्रपति पछाडि फर्किए भने प्रतिपक्ष दल सडक आन्दोलन घोषणा गरी भट्टराई सरकारलाई सडकबाटै विस्थापन गर्ने भनी आन्दोलनमा गएको थियो (शिवाकोटी, २०७०) । यो आन्दोलनमा एमाओवादी सर्वसत्तावादी भएको, लोकतान्त्रिक मूल्यलाई अस्वीकार गरेकाले आन्दोलनमा जान परेको भनी लोकतन्त्रको रक्षा गर्न र मुलुकलाई सङ्घीयताका रूपमा विभाजन हुन नदिन भनी सडक आन्दोलनमा उत्रिएको देखिन्छ तर प्रधानमन्त्रीका लागि एक सूत्रीय माग राख्दै आन्दोलनमा गएकामा जनताबाट व्यापक आलोचना भएको थियो । कुर्सीका लागि नभएर लोकतन्त्र रक्षाका लागि र कम्युनिस्ट खतराबाट मुलुकलाई जोगाउनका लागि सो आन्दोलन गरिएको थियो भन्ने दलहरूको भनाइ रहेको थियो ।

अर्कोतर्फ माओवादीको नेतृत्वमा रहेको सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चाले प्रतिपक्षहरू सङ्घीयता विरोधी भएको र उनीहरू जाति, जनजाति, आदिवासी, उत्पीडित, महिलालाई अधिकार दिन नचाहने भएका र परिवर्तन विरोधी भएको भनी जागरण अभियानका रूपमा सडकमा उत्रिएपछि मुठभेडको स्थिति उत्पन्न भएको थियो (शिवाकोटी, २०७०) । दलहरूका बिचमा थुप्रै सहमतिपत्रमा हस्ताक्षर भएको देखिन्छ तर यी सहमति बाध्यात्मक अवस्थामा गरिएका सहमति हुँदा ती बाध्यात्मक स्थिति अन्त्य हुनासाथ दलहरूले यी सहमतिलाई नमान्ने वा आफ्नै किसिमले व्याख्या गर्ने गरेको देखियो । दलहरूबिच खास गरी पहिलोचोटि पञ्चायतबाट भएको पेलाइको अवस्थामा २०४६ सालमा वामपन्थी र कांग्रेसबिच पहिलो सहमतिपत्रमा हस्ताक्षर भएको थियो । २०४६ सालको माघ १ गते १८ बुँदे कार्यक्रमसहित गठन भएको बाममोर्चासँग नेपाली कांग्रेसको राष्ट्रिय सम्मेलनपश्चात् नेपाली कांग्रेस र वाममोर्चाबिच सहमति भई आन्दोलन घोषणा भएको र यो आन्दोलनले पञ्चायत व्यवस्थाको अन्त्य गरेको थियो । यसले बहुदलीय व्यवस्था स्थापना गर्नेबित्तिकै जनआन्दोलनको सहयात्री जनआन्दोलन समिति अलग हुन पुग्यो भने नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइराला वामपन्थी विरोधी अभियानमा देशव्यापी प्रतिरोधमा उत्रिएका थिए । राजा ज्ञानेन्द्रले देउवा सरकारलाईसमेत भङ्ग गरी सत्ता लिएपछि नेताहरूलाई थुन्ने, छेक्ने र भ्रष्टाचार आदिका मुद्दा लाद्ने काम गरे ।

उता माओवादी जनयुद्धले समेत तत्कालै नेपाली सेनामाथि विजय प्राप्त गर्न नसक्ने स्थितिमा पुगेको र सहरी क्षेत्रमा प्रवेश गरी आन्दोलन, विस्तार गर्न कठिन भएको अवस्थामा हिजोका आमनेसामनेमा लडेका संसद्वादी र माओवादीबिच १२ बुँदे सम्झौता भयो । सो सम्झौतापछि राजतन्त्रविरुद्ध र माओवादी दलीय प्रतिस्पर्धामा आउनसहमति भएको थियो (शर्मा, २०६३, पृ. ४८-५०) । जसलाई गोपाल शिवाकोटी (२०७०) ले पहिचान र दर्शनको सङ्कटमा नेपाली राजनीतिक व्यवस्था नामक पुस्तकमा समेत यस कुरालाई उल्लेख गरेका छन् । सात दल र माओवादीबिच ६ चैत्र २०६२ मा बाह्र बुँदे समझदारी, माओवादी र सात दलबिच भएको आठ बुँदे समझदारी, २०६३ असार २, ऐतिहासिक शिखर बैठकमा माओवादी र संसद्वादी दलहरूबिच

२०६३ साल कार्त्तिक २२ गते भएको समझदारी र यसैका आधारमा ५ मंसिर, २०६३ मा भएको नेपाल सरकार र माओवादीबिचको विस्तृत शान्ति सम्झौता, २०६३, सेना र हतियार व्यवस्थापनसम्बन्धी १२ मंसिर, २०६३ मा भएको त्रिपक्षीय सम्झौता (शिवाकोटी, २०७०) आदि विभिन्न सम्झौता भएका थिए ।

यस्तै अन्य सम्झौताहरूमा संविधानसभाको अवधी थपमा भएका जेठ १४ का सम्झौताहरू, २०६८ कार्त्तिक १५ को ७ बुँदे सम्झौता, मंसिर १२ को ६ बुँदे सम्झौता, २०६९ जेठ २ गते ५ बुँदे सम्झौता आदि भएका थिए । यस्तै २०६४ फागुन १६ गतेको मधेसी दलहरूसँग भएको ८ बुँदे सम्झौता, २०६८ भदौ ११ गते भएको माओवादी र मधेसी मोर्चाबिचको ४ बुँदे सम्झौता, एकीकृत माओवादी र नेकपा एमालेबिच २०६७ माघ २२ मा भएको ७ बुँदे सम्झौता आदि । यी सबै सम्झौता बाध्यात्मक परिस्थितिमा भएका सम्झौता हुन् । स्वाभाविक नहुँदा सम्झौता लगत्तै पछि विरोध र अपव्याख्या भएको देखिन्छ (शिवाकोटी, २०७०) । यी सबै सम्झौता बाध्यात्मक परिस्थितिमा भएका र महिनौँसम्मका विभिन्न रिसोर्ट तथा अन्य ठाउँमा छलफल गरी एक अर्कालाई छक्याउने, फकाउने जस्ता कार्य गरी सम्झौतामा हस्ताक्षर भएको पाइन्छ । संविधानसभाको म्याद थप्नका लागि अन्तिम समयमा सम्झौता गरी प्रधानमन्त्रीको बहिर्गमनलाई सर्त बनाउनेजस्ता काम पनि भएका थिए । २०६९ जेठ १४ गते राति पनि यही एक अर्कालाई आफ्नो एजेन्डामा ल्याउन दवाव दिँदा र अन्तिम समयमा अर्को पक्षले लचकता अपनाउँछ भन्ने प्रतिपक्षको अडान तथा सत्तापक्षले कुनै पनि हालतमा सङ्घीयता छोड्न नसक्ने अवस्थाको आँकलनले गर्दा सहमति हुन नसकेपछि संविधानसभा नै विघटन हुन पुग्यो । यो नै बाध्यकारी स्थितिकै परिणाम थियो ।

त्यसपछिको १० महिना पनि सत्तापक्षलाई आन्दोलनबाट, बाह्य दवावबाट र राष्ट्रपति लगाएर हटाउन सकिन्छ भनी सुरू भएका आन्दोलनले खासै प्रभाव पार्न सकेन भने सत्तापक्षले पनि प्रतिपक्षलाई सहमतिमा ल्याउन बाध्य पार्न सकेन र २०६९ साल माघमा आमनेसामने भई दैलेखबाट भिडन्तको प्रारम्भ भएपछि दुवै पक्षपछि हटेर माओवादीको सातौँ महाधिवेसनको पर्खाइमा प्रतिपक्ष रह्यो । मंसिर महिनाभरि नै शक्ति प्रदर्शन गरी २६ माघमा पहिलो चरणको अन्तिम शक्तिप्रदर्शन भएको थियो । यो प्रदर्शनले मुलुकको राजनीति बाध्यात्मक सहमतितर्फ उन्मुख हुन पुग्यो । जनताले माओवादीले सत्ता छोड्न नचाहेको र प्रतिपक्षले सत्ताको एकसूत्रीय माग राखी आन्दोलन गरेकाले जनताले साथ नदिएको र सडकमा नउत्रेकोले नयाँ बाध्यात्मक स्थिति पैदा भएको थियो । माओवादीले प्रतिपक्षले प्रतिक्रान्तिबाट जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका उपलब्धी खोस्ने षड्यन्त्र गरेकाले सत्तामा रहनु बाध्यात्मक स्थिति रहेको दावा गऱ्यो भने प्रतिपक्षले लोकतन्त्रमाथि खतरा रहेको, सर्वसत्तावाद लाद्न खोजिएको, जातीय सङ्घर्ष रोक्न बाध्य भएर सडकमा आएको र सडकबाट सत्तालाई फाल्ने उद्घोष गरेको थियो (शिवाकोटी, २०७०) । कांग्रेसले माओवादीको नेतृत्व स्वीकार नगर्ने र माओवादीले कांग्रेसको नेतृत्व स्वीकार नगर्ने भनी निषेधको राजनीतिले मुलुकमा गतिरोध र द्वन्द्वको स्थिति उत्पन्न भएको थियो तर गतिरोध भए पनि ६ वर्षको अवधीमा मुलुकमा राजनीतिक गतिशीलता भने उच्च रहेको थियो । बाध्यात्मक स्थिति उत्पन्न हुनुमा पुराना संसद्वादी र नयाँ

शक्तिका रूपमा विकसित भएको माओवादीबिच विजय वा पराजय केही नहुनु नै मुख्य रूपमा रहेको पाइन्छ । माओवादी जनयुद्ध र बाह्रबुँदेको एकपक्ष रहेको र संविधानसभामा ४० प्रतिशत उपस्थिति भएकाहरू माओवादीको सहमतिबिना अघि बढ्न नसक्ने, माओवादी पनि संसद्वादीसँग सहमति नगरी एकतर्फी रूपमा अगाडि बढ्न नसक्ने अवस्थाले नै यी दलबिच सहमति बाध्यात्मक स्थितिमा गर्ने र मौका पाउनेबित्तिकै पछाडि हट्ने कार्य भएका थिए ।

वर्तमान अवस्थामा नेपालका राजनीतिक दलहरू नै विकासका बाधक भएको मानिन्छन् । यसले जनतामा व्यापक निराशा र आक्रोश जन्माएको छ । जनतामा अझै पनि आक्रोश विस्फोट भएको छैन र जनतामा चेतनाको स्तर र विश्लेषण गर्ने क्षमता बढेको छ । राजनीति अल्मलिँदा परिणाम संवैधानिक विरोधाभाष हुने, नेताहरूको अति आत्मकेन्द्रित सोच, सङ्गठन भित्रका विसङ्गति, दिशानिर्देश गर्न नसकिने असक्षमता आदि अवस्था बनेको थियो । धेरै बाह्य शक्तिको प्रभाव र हस्तक्षेपलाई आजको राजनीति भाँड्ने तत्त्वको रूपमा लिन्छन् (बराल, २०६९) । विगतको अन्तरिम संविधानमा सहमतिका कुरा लेखिएको भए तापनि व्यवहारमा यसले सहमतिभन्दा विभाजनलाई नै बढी महत्त्व दिएको देखिन्थ्यो । यसैले नेपाली कांग्रेस माओवादीको नेतृत्वलाई निषेध गर्ने र माओवादीले कांग्रेसको नेतृत्व अस्वीकार गर्ने कार्यले बजेटसम्म बन्न सकेको थिएन । संवैधानिक निकायहरू खाली हुन पुगे । राष्ट्रपतिले सरकारका अध्यादेशलाई रोकेर प्रतिपक्षलाई सहयोग गर्दा द्वन्द्व फराकिलो हुन पुग्यो । राष्ट्रपतिले दुईचोटिसम्म एमाओवादीको नेतृत्वको सरकार बर्खास्त गरी सुशील कोइरालाको नेतृत्वमा सरकार घोषणा गरी संवैधानिक “कु” गर्ने प्रयास पनि सेना र भारतको असहयोगले सफल हुन सकेन । यसले दलीय द्वन्द्वको राजनीति, सरकारको शासकीय अङ्गमा पनि पर्न गयो । यसबाट मुलुक बन्धकको स्थितिमा पुगेको थियो (शिवाकोटी, २०७०) ।

सन् २००६ पछि दलीय द्वन्द्वको नेतृत्व एमाओवादी र कांग्रेसले गरेका थिए । सन् २००८ सम्म राजतन्त्र रहेकाले यो द्वन्द्व निस्क्रिय रह्यो भने राजतन्त्रको उन्मूलनपछि खुलेर देखा पऱ्यो तथापि गिरिजाप्रसाद कोइरालाको हातमा नेतृत्व रहुञ्जेलसम्म स्थिति नियन्त्रणमा थियो । गिरिजाप्रसाद कोइरालाको अवसानपछि नेपाली कांग्रेसमा आएको नेतृत्वको सङ्कटले गर्दा कुनै साहसिक निर्णय लिन नसक्ने अवस्था थियो । यथास्थितिवादी र कम्युनिस्टहरूका हातमा सत्ता रहँदा पनि मुलुकको मुख्य कार्यभार संविधान निर्माण र शान्तिप्रक्रिया ओझेलमा पऱ्यो भने सत्ता राजनीतिले स्थान लिन पुग्यो । यसरी देशमा निरन्तर रूपमा दलीय द्वन्द्व र सहमतिको स्थिति देखिएको थियो । निरन्तर सहमति बने पनि सहमति आफू अनुकूल व्याख्या गर्ने र तिनका पालना नगर्ने अवसरवादी चरित्रका कारण देश दलीय द्वन्द्वमा फस्न गई देश सङ्कटग्रस्त बन्न पुगेको थियो । दलीय द्वन्द्वकै कारण विदेशी हस्तक्षेप अप्रत्याशीत रूपमा बढ्न गई राष्ट्रिय स्वाधिनतामाथि नै आँच आउने काम हुँदै गएको देखिन्छ । जसलाई दलहरूले राष्ट्रिय हित र स्वार्थलाई सर्वोपरि ठानी त्याग्न आवश्यक देखिन्छ ।

## ६.५ राप्रपाको नेपाली कांग्रेससँगको सम्बन्ध र सहकार्यको स्थिति

राजनीतिक दलहरूबिचका सम्बन्धहरू सैद्धान्तिक धरातल, कार्यगत एकता र सरकार निर्माण तथा सञ्चालनमा आधारित रहेका हुन्छन् । २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् नेकांको नेतृत्वमा अन्तरिम सरकार, २०४८ मा नेकांको पूर्ण बहुमतको एकमना सरकार, २०५१ मा नेकपा (एमाले) को अल्पमतको सरकारपछि नयाँ किसिमको सरकारको अभ्यासस्वरूप नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाको नेतृत्वमा २०५२ भदौ २७ गते संयुक्त सरकारको स्वरूपलाई अभिव्यक्त गर्ने किसिमको मात्र ४ जना मन्त्री र प्र.म. सहित ५ जनाको नेकां, राप्रपा र नेसपाको संयुक्त सरकार गठन भयो । यसरी सरकारमा सहभागी भएर राप्रपाले नेकांसँग सम्बन्ध स्थापित गरी सहकार्य गरेको देखिन्छ । विपक्षीहरूका चर्को विरोध र दलभित्रकै ३६ जना सांसदको असहयोगका कारण सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रम पास हुन नसक्दा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजासमक्ष राजीनामा पेस गर्दै संसद्को तल्लो सदन प्रतिनिधिसभा भङ्ग गरेर २०५१ कार्त्तिक २७ मा मध्यावधि चुनाव गराउने सिफारिस गरे ।

भोलिपल्ट नै राजाबाट प्रतिनिधिसभा विघटन भयो । मतदानको मिति कार्त्तिक २७ मा एकादशी पर्ने भएकोले कार्तिक २९ गतेको दिन सारिएको थियो । यस आमनिर्वाचनमा कुनै पनि राजनीतिक दललाई स्पष्ट बहुमत नआएकोले दुई वा दुईभन्दा बढी दल मिलेर सरकार गठन गर्ने राजाबाट म्याद तोकिए पनि कुनै पनि दलले अग्रसरता नदेखाएकोले संसद्मा सबैभन्दा बढी मत पाउने नेकपा एमालेका संसदीय दलका नेता मनमोहन अधिकारीलाई २०५१ मंसिर १३ गते प्रधानमन्त्री पदमा नियुक्त गरियो । यस सरकारले आफ्नो समयमा केही भ्रष्टचारीहरूलाई दण्ड, प्रत्येक गाविसलाई रु. ३ लाख अनुदान, बूढाबूढीलाई वृद्धाभत्ता, सुकुम्बासीलाई पूर्जावितरण, राजबन्दी रिहा, कैदीको राशनभत्तामा वृद्धि, कर्मचारी भत्ता, १२ वटा रचनात्मक अभियान सञ्चालन गर्ने घोषणा, संस्थान निजीकरणमा रोक आदि उल्लेखनीय कार्यहरू गरेको थियो । मूल्यवृद्धि, भ्रष्टाचार वृद्धि, दासढुङ्गा काण्डबारे केही नगर्नु, भुटानी शरणार्थी बारेमा केही नगर्नु, मल्लिक आयोगले दोषी ठहऱ्याएकोलाई कारबाही नगर्नु आदि यस सरकारको दोष थियो जसलाई सरकारमा आउनुभन्दा पहिले यी कार्यहरू गर्ने सूचीमा एमालेले राखेको थियो । पार्टीको झण्डा बोक्नेलाई त्रि.वि.को उपकुलपति बनाउनाले पनि यो सरकारको आलोचना भएको थियो । २०५२ साल जेठ २५ गतेका दिन शेरबहादुर देउवाको नेतृत्वमा ७० जना सांसदको हस्ताक्षरसहित यस सरकारलाई हटाई सुदृढ, सक्षम र स्थिर वैकल्पिक सरकार गठन गर्नाका लागि विशेष अधिवेशन डाक्न राजामा समावेदन चढाए । यस समावेदनबाट छट्पटिएका तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले जेठ २६ मा प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र निर्वाचनको तिथि तोक्न राजासमक्ष सिफारिस गरे ।

२०५२ जेठ २८ मा नेकांले सरकारको विरुद्ध संसद् सचिवालयमा ७७ जना सांसद्को हस्ताक्षरसहितको अविश्वासको प्रस्ताव दर्ता गरायो । जेठ ३० मा राजाबाट प्रतिनिधिसभा भङ्ग भएर मंसिर ७ मा मध्यावधि निर्वाचन हुने घोषणा भयो (यादव, २०७२, पृ. ४६९) । प्रतिनिधिसभा विघटन भई मध्यावधि

चुनावको घोषणा भएपछि यस सम्बन्धमा अधिवक्ता रवीराज अधिकारी, आमोदकुमार पोखरेल, प्रकाश घिमिरे, सांसदहरू चिरञ्जीवी वाग्ले, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द र गजेन्द्रनारायण सिंह गरी सर्वोच्च अदालतमा ७ वटा मुद्दा दायर गरियो । २०५२ भदौ १२ को सर्वोच्च अदालतको प्रतिनिधिसभा पुनर्स्थपना गर्ने फैसलालाई नेकां, राप्रपा र नेसपाले नेपालको प्रजातान्त्रिक इतिहासमा एउटा युगान्तकारी घटनाको रूपमा लिँदै संयुक्त वक्तव्य जारी गऱ्यो । यो फैसलाले सार्वभौम जनताको अभिमतलाई सुरक्षा र मर्यादा प्रदान गर्न, बहुदलीय प्रजातन्त्र र संसदीय व्यवस्थाको सुदृढीकरणमा दुरगामी महत्त्व राखेको थियो (खनिया, २०५९) ।

सर्वोच्च अदालतको फैसलाबाट प्रतिनिधिसभालाई पुनर्जिवित गरेपछि यसको पक्ष र विपक्षबाट नारा जुलुससमेत हुन पुग्यो । यस्तो विषयमा भएको फैसलालाई कसैको हार वा कसैको जितको रूपमा लिइनु हुँदैन थियो । माननीय न्यायधीश त्रिलोकप्रताप राणा, कृष्णजङ रायमाझी, ओमभक्त श्रेष्ठ यस फैसलाको विरोधमा थिए (यादव, २०७२, पृ. ४७०) । यसपछि सभामुखले विशेष अधिवेशन बोलाउन भदौ १४ मा जाहेर गर्दा भदौ २० मा विशेष अधिवेशन बोलाइयो । भदौ २० देखि २५ सम्मको विशेष अधिवेशनमा छलफल सुरू भई हेलिकप्टर दुर्घटनामा परी अस्पतालमा रहेका प्रधानमन्त्री मनमोहन अधिकारीले अस्पतालबाटै भदौ २५ मा रेडियो र टेलिभिजनमार्फत् जवाफ दिए । प्रधानमन्त्री मनमोहन अधिकारीले सर्वोच्च अदालतको फैसलापश्चात् दिइएका वक्तव्यले के देखाउँथ्यो भने आफ्नो पक्षमा फैसला नभएको मानसिकता बनाएर प्र.मं.जस्तो गरिमामय पदमा बसेका व्यक्तिले सर्वोच्च अदालतको अधिकारमाथि नै चुनौती दिनु अप्रजातान्त्रिक, असंवैधानिक र मर्यादा विपरीत कार्य थियो । अदालतको फैसलालाई कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लिएर बसेका प्रधानमन्त्री अर्थात् सरकारप्रमुख स्वयंले नै सम्मानित अदालतको अधिकारमाथि नै प्रश्न चिन्ह खडा गर्ने तथा सर्वोच्च अदालत प्रति अनास्था फैलाउने खालको अभिव्यक्ति प्रकट गर्नुले समाजमा अराजकताको स्थिति उत्पन्न गर्न नेकपा एमाले उद्दत रहेको थियो (खनिया, २०५९, पृ. ६०) ।

सर्वोच्च अदालतको फैसलापछि पनि आनाकानीका साथ सत्ताबाट नहटी संसद्को सामना गर्ने मनसाय विशेष अधिवेशन आह्वान गर्दाको समयमा नै देखाउनुभएको भए यति चर्को राजनीतिक विवाद र संवैधानिक सङ्कट देखापर्ने थिएन । संसद्मा प्रस्तुत अविश्वासको प्रस्ताव छल्न उहाँले जुन असंवैधानिक र दुराशयपूर्ण मार्गको अवलम्बन गर्नुभयो । त्यसले प्रजातन्त्रको भविष्य उपर शङ्का उत्पन्न गरेको थियो । सर्वोच्च अदालतको फैसलाले संविधानका विभिन्न धाराहरूका प्रयोगका सम्बन्धमा उठेका भ्रम र विवादको निरूपण गर्नुका साथै देशलाई एक गम्भीर राजनीतिक सङ्कटको सम्भाव्य स्थितिबाट जोगाइदिएको थियो । यस्तै सत्तारुढ दल नेकपा एमालेका महासचिव एवं उपप्रधानमन्त्रीले दिनु भएको वक्तव्यमा पनि उक्त फैसला अप्रासङ्गिक र राजनीतिक आग्रहबाट प्रेरित भन्ने आरोप लगाई अराजनीतिक गतिविधिलाई प्रोत्साहन दिन खोजिएको थियो । यस घटनाबाट नेकपा एमाले राज्यसत्ताको दुरूपयोग गरी प्रजातन्त्र र संविधानको खिल्ली उडाउने तथा देशमा सर्वसत्तावादी हैकम लाद्न खोजेको देखिन्थ्यो । सम्मानित सवोच्च अदालतको फैसलाको अवहेलना गर्ने तथा सडकबाट न्याय खोज्ने जस्ता अनर्गल प्रलापले अराजक मानसिकतालाई थप पुष्टि

गर्दथ्यो । अनेक रकमी उपायहरू खोजी संसदीय कारबाहीलाई पन्छाउन चाहने, सत्तामा बसेर समाजमा अस्थिरता फैलाउन षड्यन्त्र गर्ने, सत्तामा बस्ने र सडकमा समेत अराजकता र भयको वातावरण सिर्जना गर्ने, सरकारी सञ्चार माध्यमको दुरूपयोग गरी संवैधानिक अङ्गहरूप्रति अनास्था र भ्रम फैलाउने, आतङ्क र धम्कीको आधारमा सम्पूर्ण राष्ट्रलाई नै बन्धक बनाई आफ्नो निहित राजनीतिक स्वार्थपूर्ति गर्न चाहने, प्रतिपक्षको शिष्टता र संयमलाई मुलुकमा एकाधिकार लाद्न दुस्साहस गर्ने, प्रजातान्त्रिक मूल्य मान्यतालाई तहसनहस पार्ने नेकपा एमालेको चरित्र र व्यवहारप्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षित भएको थियो (खनिया, २०५९) ।

२०५२ भाद्र १५ गते नेकांका सभापति कृष्णप्रसाद भट्टराई, राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा र नेसपाका अध्यक्ष श्री गजेन्द्रनारायण सिंहको वक्तव्यले नेकपा एमालेको सर्वसत्तावाद विरुद्ध एक भई संयुक्त सरकारमा समावेश हुनुपर्ने वातावरण खडा भयो । यस्तै २०५२ भाद्र २६ गते संयुक्त सरकार गठन गर्नुपूर्व राप्रपा संसदीय दलका नेता श्री लोकेन्द्रबहादुर चन्द, नेकांका संसदीय दलका नेता शेरबहादुर देउवा र नेसपाका संसदीय दलका नेता गजेन्द्रनारायण सिंहको संयुक्त नीति वक्तव्य जारी भयो । उक्त वक्तव्यमा विगत ९ महिनादेखि नेपाल अधिराज्यको संविधान र संसदीय व्यवस्थाको मूल्यमान्यताको विपरीत नेपाल अधिराज्यमा सर्वसत्तावादी प्रवृत्ति बढाउने, राष्ट्रिय अर्थतन्त्रलाई धराशयी तुल्याउने, सामाजिक हकहित र सद्भावलाई खलवलाउने, प्रशासनिक यन्त्रलाई पार्टीकरण गर्ने आदि प्रवृत्तिले गर्दा यस्ता समस्याबाट मुलुकलाई जोगाउन राष्ट्रियता र प्रजातन्त्रमा विश्वास राख्ने सबै राजनीतिक शक्तिहरूले परस्पर सहमति र समझदारीको आधारमा काम गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखा पर्‍यो । मध्यावधि निर्वाचन २०५१ को माध्यमबाट नेपाली जनताले पनि सहमति र समझदारीको आधारमा राज्य सञ्चालन गर्ने जनादेशअनुरूप नै संयुक्त सरकार गठन गर्न सहमति भयो । राप्रपाको आधारभूत वैचारिक मान्यताहरूको उक्त संयुक्त नीति वक्तव्यमा स्पष्ट छाप पारी नीतिगत नेतृत्व लिन सक्षम भएको थियो भने राष्ट्रियता, प्रजातन्त्र, संविधानमा उल्लेखित अपरिहार्य पक्षहरू, सबल राष्ट्रिय अर्थतन्त्र, उदार आर्थिक र वित्तीय नीति, ग्रामीण विकास, राष्ट्रिय हक र हितलाई ध्यानमा राखेर जलस्रोतको उपयोग, सत्ता राजनीतिको दुष्प्रभावबाट मुक्त शैक्षिक संस्था, राजनीतिक स्थिरता, निष्पक्ष प्रशासन गर्न तीनै वटा दलहरू सहमत भएका थिए (खनिया, २०५९, पृ. ६१) ।

२०५२ भदौ २६ मा नेकांका संसदीय दलका नेता शेरबहादुर देउवाले १०६ जना सांसदको समर्थन र विश्वास रहेको जाहेर गरेकोले त्यही दिन उनी प्रधानमन्त्रीमा नियुक्त गरिए (यादव, २०७२, पृ. ४७०) । भदौ २७ मा शेरबहादुर देउवा प्रधानमन्त्री र मन्त्रीहरूमा ढुण्डीराज शास्त्री, खुमबहादुर खड्का, कमल थापा र गजेन्द्रनारायण सिंहको ५ सदस्यीय मन्त्रीमण्डल गठन भयो । २०५२ असोज ६ मा मन्त्रीमण्डलको पुनर्गठन भएर शेरबहादुर देउवा प्रधानमन्त्री, मन्त्रीहरूमा बलबहादुर राई, शेख इद्रिस, पद्मसुन्दर लावती, ढुण्डीराज शास्त्री, चिरञ्जीवी वाग्ले, बालाराम घर्तीमगर, खुमबहादुर खड्का, गोविन्दराज जोशी, पशुपतिशमशेर जबरा, चक्रप्रसाद बास्तोला, डा. रामशरण महत, डा. प्रकाशचन्द्र लोहनी, विजयकुमार गच्छादार, अर्जुननरसिंह

के.सी., फत्तेसिंह थारु, भीमबहादुर तामाङ, कमल थापा, गजेन्द्रनारायण सिंह, बुद्धिमान तामाङ, राज्यमन्त्री रामकृष्ण आचार्य, सहायक मन्त्रीहरू शान्तिशमशेर राणा, प्रेमबहादुर भण्डारी, महेन्द्र राय, सर्वेन्द्रनाथ शुक्ला र राजीव पराजुली थिए । यस मन्त्रीमण्डलमा २०५२ साल मंसिर २७ मा मन्त्रीहरू श्रीमती लीला कोइराला, बलबहादुर केसी, विमलेन्द्र निधी, प्रकाशमान सिंह, नरहरि आचार्य, राज्यमन्त्रीमा शरदसिंह भण्डारी, सहायकमन्त्रीमा चिनकाजी श्रेष्ठ, गोपालजङ्ग शाह, हस्तबहादुर मल्ल, दीपक बास्कोटा, गणेशबहादुर खड्का, छविप्रसाद देवकोटा, दुर्योधन चौधरी, रामचन्द्र कुशहवा, सुरेशचन्द्रदास यादव, मीनबहादुर खत्री, पाल्टेन गुरुङ र ज्योतेन्द्रमोहन चौधरी गरी १८ जना थप भएर मन्त्रीमण्डलमा ४४ जना भएका थिए (यादव, २०७२, पृ. ४७०) ।

नेपाली कांग्रेस, राप्रपा र नेसपाको यो संयुक्त सरकारमाथि ६ महिनापछि नै २०५२ साल फाल्गुण २८ मा नेकपा एमालेले अविश्वासको प्रस्ताव पेस गऱ्यो । २०५२ फाल्गुण २९ मा राजाबाट २०५२ चैत ७ मा विशेष अधिवेशन बोलाइयो । त्यही दिन एमालेका ८८ जना सांसदको हस्ताक्षरसहितको अविश्वास प्रस्ताव संसद् सचिवालयमा पेस गरियो । २०५२ चैत्र ७ देखि १० सम्म चलेको अधिवेशनमा प्रस्तावमाथि मतदान हुँदा पक्षमा ९० र विपक्षमा १०६ मत परेकोले प्रस्ताव अस्वीकृत भयो । २०५३ जेठ ४ मा यस मन्त्रीमण्डलमा राज्यमन्त्री मोतीप्रसाद पहाडी, सहायक मन्त्री खोभारी राय, अनिस अन्सारी र विष्णुविक्रम थापालाई थप गरी सङ्ख्या ४८ पुऱ्याइएको थियो । २०५३ मंसिर २३ मा प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारमाथि विश्वास छैन भनी १०२ जना सांसद्को हस्ताक्षर भएको अविश्वास प्रस्ताव आएपछि संसद्को विशेष अधिवेशन २०५३ पुस १ मा भयो । विशेष अधिवेशन प्रारम्भ हुँदा राप्रपा र नेसपाका सांसद्हरू सत्तापक्ष र विपक्षमा समेत विभाजित भएर बसेका थिए । यस अधिवेशनमा सहायकमन्त्री अनिस अन्सारीले मन्त्रीपदबाट राजीनामा दिएका थिए भने अनिस अन्सारी र हृदयेश त्रिपाठीले दल त्याग गरेको सूचनासमेत संसद्लाई दिएका थिए ।

रोष्ट्रम घेर्ने, होहल्ला गर्ने त सामान्य कुरा भएका थिए । भक्तबहादुर रोकायको अपहरण भएको प्रश्न उठाइयो । सांसदहरूले मन्त्री बालाराम घर्तिमगर, बुद्धिमान तामाङ, शान्तिशमशेर राणा, विष्णुविक्रम थापा र महेन्द्र रायलाई पक्राउ गरी बैंकक पठाएको, अनिस अन्सारीलाई सिंगापुर पठाएकोले ज्यान खतरामा रहेकोले हराएका मन्त्री र सांसदलाई उपस्थित गर्न माग गरे । देउवाले यिनीहरू बिरामी परेको निवेदन दिएकोले उपचारको लागि गएको जवाफ दिए । प्रस्तावमाथि मतदान हुँदा प्रस्ताव अस्वीकृत भयो (यादव, २०७२, पृ. ४७१) । २०५३ पौष २४ मा पुनः मन्त्रीमण्डलको पुनर्गठन भयो । २०५३ फाल्गुण २३ मा सरकारको पक्षमा र विपक्षमा मतदान हुँदा सरकारको पक्षमा १०३ आउनु पर्नेमा स्वयं नेपाली कांग्रेसकै २ जना सांसदको समेत अन्तर्घातले गर्दा १०१ मात्र आएकोले शेरबहादुर देउवाको नेतृत्वको सरकार ढल्न पुग्यो । कांग्रेसका दीपजङ्ग शाह (जाजरकोट) र चक्रबहादुर शाही (हुम्ला) मतदान प्रक्रियामा सामेल नभएकोले र राप्रपा सांसदको दोहोरो भूमिकाले गर्दा यो सरकार अप्रत्यासित रूपले ढल्न गयो । प्रधानमन्त्री शेरबहादुर देउवाले त्यही दिन

राजीनामा दिए । पार्टी स्थापनाको आधा दशकमै राप्रपा नेपाली कांग्रेसले नेतृत्व गरेको संयुक्त सरकारमा सहभागी भएपछि राप्रपाका शुभेच्छुक जनता, कार्यकर्ता र नेताहरूमा व्यापक उत्साह देखा परी पार्टीको सङ्गठन निर्माणमा महत्त्वपूर्ण उपलब्धी हुने आशा रहे पनि बारम्बार राप्रपाका मन्त्रीहरूको ढुलमुले र असंसदीय चरित्रले उक्त आशा भरोसामा तुषारापात हुन पुग्यो । राप्रपाका १९ सांसद्मध्ये २ भूतपूर्व प्रधानमन्त्रीबाहेक बाँकी सबै १७ सांसदहरू मन्त्रीमण्डलमा समावेश हुने स्वर्ण अवसर प्राप्त भएको थियो (खनिया, २०५९, पृ. ६३-६४) ।

२०५४ असोज २० गते राप्रपाका १७, नेकांका ८५, नेसपाका ३ र स्वतन्त्र २ समेत गरेर १०७ प्रतिनिधिसभा सदस्यको समर्थनमा श्री ५ बाट राप्रपाका अध्यक्ष एवं प्रतिनिधिसभाका सदस्य सूर्यबहादुर थापा प्रधानमन्त्री नियुक्त हुनुभयो । यसरी राप्रपाले दोस्रो पटक जनआन्दोलनको प्रमुख शक्ति नेपाली कांग्रेससँग सहकार्य गरी नेकां समावेश भएको संयुक्त सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गऱ्यो । सुरूमा घोषणा गरिएको ६ सदस्यीय मन्त्रीमण्डल संसद्मा विश्वासको मत प्राप्त गरेपछि २०५४ असोज २७ मा राप्रपा, नेसपा र स्वतन्त्र सांसद्हरूलाई समेत थप गरी २३ सदस्यीय मन्त्रीमण्डल गठन भएको थियो (खनिया, २०५९, पृ. ६५) । उक्त मन्त्रीमण्डलका ४ जना सदस्यको मर्यादा क्रममा २०५४/०७/१९ मा हेरफेरसमेत भएको थियो । विभिन्न नीतिगत सवालमा प्रतिबद्धता जाहेर गरे पनि अस्थिर राजनीतिक परिस्थिति, राप्रपाको दोस्रो केन्द्रीय महाधिवेशन र मन्त्रीमण्डल पुनर्गठन, प्रतिनिधिसभा विघटन, सर्वोच्च अदालतबाट राय बुझ्ने सवाल, अविश्वास प्रस्तावको सामाना आदिमा नै बढी अल्झनुपऱ्यो । जसले गर्दा नाममात्र नभई काममा पनि राप्रपाले सरकारको नेतृत्व सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा हुने आमजनता, नेता र कार्यकर्ताको अपेक्षा सार्थक हुन सकेन । राप्रपाको दोस्रो महाधिवेशनसम्म प्रधानमन्त्री थापालाई सुविधाजनक स्थितिमा छाड्ने नेपाली कांग्रेसको नरमपना २०५४ मंसिर १८ को ४७ जनाको मन्त्रीमण्डलको पुनर्गठनपश्चात् त्यति सहज नबनेकोमात्र होइन स्वयं गिरिजाप्रसाद कोइराला सरकारको विरोधमा तरुणदलले आयोजना गरेको भ्रष्टाचार विरोधी आन्दोलनमा सहभागी भई विरोध गर्न थाल्नुभयो ।

पाँच जना बिना विभागीय मन्त्री राखेर सरकारको छवि उच्च रहन सकेन किनभने सरकारले प्रत्येक पाइला र मोडमोडमा विभिन्न स्वार्थ र चरित्रसँग सम्झौता गर्दै अघि बढ्नुपरेको थियो । देशमा राजनीतिक अनिश्चितता बढेको, सरकार गिराई जनताको मनोबल घटाउने उद्देश्यले प्रायोजित सबै दुष्चक्रबाट मुक्ति दिलाउन नयाँ जनादेशको आवश्यकता परेको थियो (खनिया, २०५९, पृ. ६६) । विपक्षीहरूले अविश्वासको प्रस्ताव दर्ता नगरेकै अवस्थामा संसद्को विश्वास प्राप्त प्रधानमन्त्रीले गरेको मध्यावधि निर्वाचनको सिफारिस कार्यान्वयन हुन नसक्दा प्रधानमन्त्रीको विशेषाधिकारको रक्षाको लागि प्र.म. थापाले बडो सशक्त ढङ्गले सदनभित्र र बाहिर दुवैतिर स्पष्ट अडान राख्नुभयो । प्र.म.थापाले गर्नुभएको मध्यावधिको सिफारिस गिरिजा र मनमोहनको सिफारिसभन्दा विल्कुल फरक प्रकृतिको थियो । सरकार गठन भएको १०० दिन पनि नबित्दै र वास्तविक काम थालेको १ महिना पनि नबित्दै गुण र दोषको आधारमा मूल्याङ्कन गर्ने समय नै भएको

थिएन । यस सन्दर्भमा प्रधानमन्त्री थापाले प्रस्तुत अविश्वासको प्रस्तावलाई सरकार ढाल्न र बनाउन खुलेका कन्सल्टेन्सीका तयारी आरोपपत्रमा मात्र ठहऱ्याउनु भएको थियो । देशको वास्तविक विषय र समस्या ओझेलमा पारेर, नैतिकतालाई बन्धनमा राखेर सरकार गिराउने र बनाउने चक्र सदनको शिरमा निरन्तर फनफन्ती घुमिरहेको कुरा सदनमा राखेका थिए । संसद्बाट सरकार ढाल्ने र नयाँ बनाउने खेल भ्रष्टाचार चक्रबाट पैदा भएको थियो । संसद्मा सुरासुन्दरीको आपूर्ति भएका विषयको कहिल्यै खण्डन हुन सकेन । सुरासुन्दरीको विषयले पनि देश हल्लिएको थियो ।

माफियाको बिगबिगी बढेको, प्रधानमन्त्री र जनाधिकार कमजोर बनेको, मन्त्रीलाई पैसा आउने पोर्टफोलियो नै चाहिने र त्यसका लागि मोलमोलाईसमेत हुने, सबै सरकार र संवैधानिक अङ्गहरू यसैको भुमरीमा फस्ने, साना पार्टीहरू फुटाउने आदि परिस्थितिमा नयाँ चुनाव गराई यस अवस्थाबाट मुलुकलाई मुक्ति दिलाउनुसिवाय अर्को विकल्प थिएन (खनिया, २०५९, पृ. ६६) । मध्यावधि निर्वाचनको सिफारिस कार्यान्वयन भई विशेष अधिवेशन बोलाएपछि विपक्षीहरूले सुरूमा नै प्रधानमन्त्रीको राजीनामा मागेकोमा प्रधानमन्त्री थापाले त्यसै आधारमा राजीनामा दिई पिठ्यु फर्काएर नभागी संसद्मा त्यसको सामना गर्ने कुरा बताउनु भएको थियो । प्रजातान्त्रिक शक्तिहरूबिचको समीकरणलाई अघि बढाउन खोज्दा अनेकौं अप्रिय स्थितिहरू सिर्जना भएको र यसलाई अर्थपूर्ण रूपले अगाडि बढाउन खोज्दा राप्रपाले विभाजनको असह्य पीडासमेत भोग्नु परेको थियो । त्यसका बावजुद पनि राप्रपा निष्ठा, प्रण र प्रतिबद्धता व्यक्त गर्दै राजनीतिक धर्म र आदर्शको पालना गर्न कहिल्यै चुकेन । विकल्प खोज्ने सिफारिसलाई उचित जबाफ दिइसकेको र असाधारण संवैधानिक सङ्कटलाई सदनमा सामना गरी निस्तेज पारिसकेको नयाँ राजनीतिक परिस्थितिमा दवाबका प्रवाह नगरी सम्झौताको पालना गर्न रोष्ट्रममा नै उभिएर प्रजातान्त्रिक शक्तिहरूबिच कायम भएको राजनीतिक समीकरणअन्तर्गत भएको सहमतिको विन्दुमा उभिएर सभामुखमार्फत् प्रधानमन्त्रीको पदबाट राजीनामा दिएको जानकारी २०५४/१२/१८ मा गराउनु भएको थियो (खनिया, २०५९) ।

संसद्मा अविश्वास प्रस्ताव असफल भई प्रधानमन्त्रीउपर विश्वास गरिसकेको अवस्थामा पुनः मध्यावधि  निर्वाचनको घोषणाको लागि पुनः सिफारिस गरी आहात माथि पार्ने र चुनावमा राप्रपाको स्थिति सुदृढ पार्ने अवसर हुँदाहुँदै पनि प्रधानमन्त्री थापाले आफ्नो वचन, नैतिकता र समझदारी तोड्न चाहानुभएन तर नेपाली कांग्रेसले यसलाई बुझ्न सकेन वा भनौं आफ्नो क्षणिक स्वार्थको कारण आफू १०३ को घोडाको बुई नचढ्ने तर्क निकाली पहिले माले र पछि एमालेसँग सहकार्य गर्न पुगे । यसबाट नेपाली कांग्रेस नै सबैभन्दा अविश्वसनीय राजनीतिक पार्टी सावित भयो । राप्रपा र एमाले विभाजन भइ प्रजातन्त्रिक शक्तिलाई समेट्ने क्षितिज अझ व्यापक भएको अवस्थामा नेपाली कांग्रेसले आफ्नो दायित्व र कर्तव्य बुझ्न सकेन । प्रधानमन्त्रीको राजीनामा स्वीकृत भई प्रतिनिधिसभाको बहुमतको समर्थन र विश्वास रहेको माग भएबमोजिम तोकिएको समयमा कसैबाट पनि जाहेर हुन नआएकोले संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका संसदीय दलका नेता गिरिजाप्रसाद कोइराला २०५४ चैत्र ३० मा प्रधानमन्त्रीमा नियुक्त गरिएका थिए (यादव,

२०७२, पृ. ४७३) । प्रधानमन्त्रीले २०५५ बैशाख २ मा मन्त्रीमण्डल गठन गरी प्रतिनिधिसभाको विश्वासको मत लिन प्रस्ताव दर्ता गराए । वैशाख ५ मा भएको मतदानमा पक्षमा नेकां, नेकपा एमाले र नयाँ राप्रपा गरी १४४ मत र विपक्षमा ४ मत परेको थियो । २०५५ वैशाख ८ मा मन्त्रीमण्डल पुनर्गठन गरी १८ मन्त्री, ८ राज्यमन्त्री र १ सहायक मन्त्री कायम भएको थियो । २०५५ साल असार १५ मा राप्रपाका सांसद मिर्जादिलसाद वेगको अज्ञात व्यक्तिद्वारा गोली हानी हत्या भयो । मिर्जादिलसाद वेग कपिलवस्तु जिल्ला क्षेत्र नं. ४ बाट राप्रपाका एकमात्र निर्वाचित मुसलमान सांसद प्रतिनिधिसभा सदस्य र प्रभावशाली नेता थिए ।

वीरगन्जमा सम्पन्न राप्रपाको महाधिवेशनका निर्वाचित केन्द्रीय सदस्य मिर्जादिलसाद वेगले महाधिवेसनमा “सय गिरिजा एक मिर्जा” को नारा लगाएका थिए । उनको हाउभाउ हेर्दा अपराधिक पाराको थियो । सरकारको मन्त्री रहँदा पनि आफ्नो व्यक्तिगत सुरक्षाका लागि छुट्टै बन्दुकधारी समूह लिएर हिड्दथे । उनको व्यक्तिगत रूपमा छोटा राजन समूहको अपराधिक समूहसँग दुश्मनी थियो भने आफू अन्डर वर्ल्डका बादशाह दाउद इब्राहिम निकट ठानिन्थे । यी दुई आपराधिक समूहहरू बिच लामो समयदेखि ठूलो दुस्मनी रहिआएको थियो । त्यसैको फलस्वरूप दाउदको निकट मिर्जा दिलसाद वेगले आफ्नो प्रभाव नेपाललगायत दक्षिण एसियामा बढाउने देखेपछि छोटा राजनका अपराधिक समूहले उनको गोली हानी काठमाण्डौँको सिफलमा २०५५ असार १५ गते हत्या गरेको थियो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०५५ भदौ १० मा मन्त्रीमण्डलमा हेरफेर गरी १ उपप्रधानमन्त्री, १९ मन्त्री, ४ राज्यमन्त्री र ७ सहायक मन्त्री गरी ३२ सदस्यीय बनाएका थिए (यादव, २०७२, पृ. ४७४) । २०५५ मंसिर २४ मा नेकपा मालेका १३ जना मन्त्रीहरूले राजीनामा दिएपछि मंसिर २५ मा प्रधानमन्त्रीले प्रतिनिधिसभा भङ्ग गरी चैत्र १७ मा आमनिर्वाचन गराउन सिफारिस चढाए । यही दिन नेकपा माले लगायत, राप्रपा, राप्रपा (चन्द), नेमकिपा, नेकपा (मसाल), का सांसद गरी ६२ जनाले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालामाथि अविश्वास प्रस्ताव दर्ता गराई विशेष अधिवेशनको माग गरे ।

मन्त्रीहरूले दिएको राजीनामा राजाबाट मंसिर २९ गते स्वीकृत गरी २०५५ पौष २ मा पौष ९ गते संसद्को विशेष अधिवेशन हुने घोषणा भयो । पौष ५ मा ५४ जना सांसदले संसद् सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराए । २०५५ पौष ६ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिएपछि प्रतिनिधिसभाको विश्वास र समर्थन प्राप्त गरेको सांसदबाट पौष ८ भित्र जाहेरी माग हुँदा पौष ८ मा गिरिजाप्रसाद कोइरालाले कांग्रेस, एमाले र नेपाल सद्भावना पार्टीको विश्वास समर्थन प्राप्त रहेको जाहेरी दिएकोले सोही दिन प्रधानमन्त्रीमा नियुक्त भए । पौष १० मा गठन भएको मन्त्रीमण्डलमा कांग्रेसका ५, नेकपा एमालेका ४, सद्भावनाको १ र राजाबाट मनोनित १ गरी ११ जना मन्त्रीहरूमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री र मन्त्रीहरूमा भरतमोहन अधिकारी, गोविन्दराज जोशी, गजेन्द्रनारायण सिंह, कुलबहादुर गुरुङ, अमृत बोहोरा, प्रदीप नेपाल, पूर्णबहादुर खड्का, भीमबहादुर रावल, जयप्रकाशप्रसाद गुप्ता, रमेशनाथ पाण्डे थिए । यस सरकारलाई दैनिक प्रशासन चलाउने र आमनिर्वाचन गराउने जिम्मेवारी दिइएको थियो ।

प्रधानमन्त्रीको सिफारिसअनुसार २०५५ माघ १ मा प्रतिनिधिसभा विघटन भई २०५६ साल वैशाख २० मा आमनिर्वाचन हुने मिति तय भएको थियो । यसरी दोस्रो प्रतिनिधिसभाकालमा मनमोहन अधिकारी, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइराला गरी ५ जना प्रधानमन्त्रीहरू भएका थिए (यादव, २०७२) । त्यसरी नै २०७४ जेठ २४ गतेका दिन नेकांका नेता शेरबहादुर देउवाको नेतृत्वमा बनेको सरकारमा राप्रपा नेपालसमेत सहभागिता भयो । जसमा कमल थापा उपप्रधानमन्त्री तथा ऊर्जामन्त्री, सुनिलबहादुर थापा उद्योगमन्त्री, दिलनाथ गिरी सहरी विकास मन्त्री, बिक्रमबहादुर थापा महिला, बालबालिका तथा समाज कल्याणमन्त्री, जयन्त चन्द आपूर्ति मन्त्री, दीपक बोहोरा स्वास्थ्य र विज्ञान तथा प्रविधि मन्त्री र विक्रम पाण्डे वन तथा भूसंरक्षण मन्त्री बनेका थिए । यसरी राप्रपाले नेकांसँग विभिन्न समयमा सहकार्य गर्दै संयुक्त सरकारमा सामेलहुँदै आएको कारण राप्रपाको नेकांसँगको सम्वन्ध राम्रो थियो र यस राम्रो सम्बन्धकै कारण सरकार सञ्चालनमा सहकार्य सम्भव भएको थियो ।

## ६.६ राप्रपाको नेकपा एमालेसँग सम्बन्ध र सहकार्यको स्थिति

नेपाली कांग्रेससँग जस्तै नेकपा एमालेसँग पनि राप्रपाले सरकार गठनका दौरान विभिन्न समयमा सहकार्य गर्दै आएको देखिन्छ । नेकां, राप्रपा र नेसपाको संयुक्त सरकारको पतनपछि श्री ५ बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ (१) बमोजिम प्रतिनिधिसभा सदस्यको बहुमतको समर्थन र विश्वास प्राप्त गरेको स्पष्ट जानकारी हुनेगरी २०५३ साल फाल्गुण २७ गतेभित्र जाहेर गर्न प्रतिनिधिसभा सदस्यहरूलाई आह्वान गरिएको थियो (नेपाल अधिराज्यको संविधान, २०४७) जसअनुसार राप्रपा, एमाले र नेसपाको समर्थन प्राप्त भएकोले राप्रपा संसदीय दलका नेता श्री लोकेन्द्रबहादुर चन्द तेस्रो पटक नेपालको प्रधानमन्त्री बन्न पुग्नुभएको थियो । संयुक्त सरकारमा राप्रपा सहभागी दलमात्र नभई संसद्मा १९ सिटमात्र भएतापनि संयुक्त सरकारको नेतृत्व गर्न सफल भयो । यसरी राप्रपालाई सबैभन्दा बढी प्रतिगामी र पुनरुत्थानवादीको संज्ञा दिने एमाले नै राप्रपाको नेतृत्वमा सत्तामा सहभागी रहन तयार भयो (खनिया, २०५९) । चन्द सरकारमा रहने मन्त्रीहरूको कार्यविभाजन गरी फाल्गुण २९ गते मन्त्रीमण्डलको घोषणा भयो । जसअनुसार लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री, वामदेव गौतम उपप्रधानमन्त्री, मन्त्रीहरूमा रवीन्द्रनाथ शर्मा, श्रीमती साहना प्रधान, राधाकृष्ण मैनाली, अमृतकुमार बोहरा, गजेन्द्रनारायण सिंह र रामेश्वरराय यादव भए ।

चैत्र ६ मा सरकारको पक्षमा ११३ मत परेकोले विश्वासको सङ्कट रहेन र ११ गते मन्त्रीमण्डल विस्तार गरिए पनि मर्यादा क्रममा किचलो भएकोले १२ गते मन्त्रीमण्डल गठन भयो जसमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री, वामदेव गौतम उपप्रधानमन्त्री, मन्त्रीहरूमा रवीन्द्रनाथ शर्मा, श्रीमती साहना प्रधान, झलनाथ खनाल, अमृतकुमार बोहरा, भरतमोहन अधिकारी, राधाकृष्ण मैनाली, डा. प्रकाशचन्द्र लोहनी, सिद्धिलाल सिंह, कमल थापा, गजेन्द्रनारायण सिंह, बुद्धिमान तामाङ, मुकुन्द न्यौपाने, अशोककुमार राई, केशवप्रसाद बडाल, विष्णुप्रसाद पौडेल, सलिममियाँ अन्सारी, भीमबहादुर कठायत, प्रेमबहादुर सिंह, देवीप्रसाद ओझा, रामकृष्ण आचार्य, श्रीमती विद्यादेवी भण्डारी, रामेश्वरराय यादव, सर्वेन्द्रनाथ शुक्ला, राज्यमन्त्रीहरूमा

रकम चेम्जोङ, डा. भरतकुमार प्रधान, प्रेमबहादुर भण्डारी, राजीव पराजुली, तुलबहादुर गुरुङ, भोजराज गुरुङ, महेश चौधरी, महेन्द्रराय यादव, खोभारीराय यादव थिए (यादव, २०७२) थिए । यस सरकारले २०५४ जेष्ठ ४ र जेष्ठ १३ गरी २ चरणमा स्थानीय (गाविस, नपा र जिविस) को निर्वाचन गराउन सक्यो, जसमा एमालेको उम्मेदवार बढी विजयी भएका थिए । सरकार सम्हाल्नसाथ यो सरकार स्थानीय निकायको निर्वाचनमा जुटे पनि एमाले नेता एवं उपप्रधानमन्त्री वामदेव गौतमको हालीमुहाली रही राप्रपाका प्रधानमन्त्री निरीह रहेकोले राप्रपाका तत्कालीन महामन्त्री एवं परराष्ट्रमन्त्री डा.प्रकाशचन्द्र लोहनीले दिनु भएको राजीनामा प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट २०५४ जेठ २९ गते स्वीकृतसमेत भयो र सोही मितिमा मौजुदा मन्त्रिपरिषद्मा हेरफेर, थप र कार्य विभाजन भयो (खनिया, २०५९) । यस नवगठित मन्त्रीमण्डलमा महेन्द्रराय यादव, ज्योतेन्द्रमोहन चौधरी र मिर्जादिलसाद वेगलाई संलग्न गराइए पनि महेन्द्रराय यादवले मन्त्री पद अस्वीकार गरेका थिए ।

नेपाली कांग्रेसले २०५४ असोज ६ मा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको सरकारमाथि अविश्वासको प्रस्ताव दर्ता गऱ्यो । यस मन्त्रीमण्डलको भविष्य पतनतर्फ उन्मुख हुने देखेर अनेकौ मन्त्रीहरूले राजीनामा दिएका थिए । राप्रपाको चन्द र थापाबिच गुटबन्दीले पार्टी विभाजन हुने भएकाले दुवैले आ-आफ्नो सांसदलाई पक्ष र विपक्षमा मत हाल्न ह्वीपजारी गरेका थिए । कांग्रेसले पनि ह्वीप जारी गरेको थियो । २०५४ असोज १८ मा मतदान हुँदा प्रस्तावको पक्षमा १०७ र विपक्षमा ९४ मत परेको थियो । सरकार अल्पमतमा पर्नगई प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राजीनामा दिए । यो सरकार ढल्न पुग्यो (यादव, २०७२, पृ. ४७२) । पार्टीमा रहेको स्थायी गुटबन्दीले गर्दा अन्ततोगत्वा आफ्नो नेतृत्वमा रहेको सरकार परिवर्तन गर्न नेपाली कांग्रेसको जस्तै प्रवृत्ति राप्रपामा पनि देखा पऱ्यो । सरकारमा राप्रपाका वरिष्ठ सांसद एवं महामन्त्री पशुपतिशमशेर जबरा सुरूदेखि नै सरकारमा सहभागी भएनन् भने अर्का महामन्त्री तथा सांसद डा. प्रकाशचन्द्र लोहनीले पनि मन्त्रीपदबाट राजीनामा दिई अलग हुँदा सरकारको नेतृत्व परिवर्तन गर्ने उद्देश्य सफल भयो । संयुक्त सरकार रहेको हुँदा संसदीय दलको नेता परिवर्तनबाट मात्र सरकार परिवर्तन नहुने भएकोले नेकांले ल्याएको अविश्वासको प्रस्तावमा मतदान गर्ने पक्षमा सरकारमा संलग्न वरिष्ठ मन्त्रीहरू, महामन्त्री एवं अर्थमन्त्री रवीन्द्रनाथ शर्मा, परराष्ट्रमन्त्री एवं पार्टी प्रवक्ता कमल थापा आदिसमेत देखिनुले चन्द सरकारको परिवर्तन हुन पुग्यो (खनिया, २०५९) । यसमा नेताहरूका व्यक्तिगत स्वार्थले काम गरेको अनुमान लगाउन सकिन्छ । प्रचण्डले २०६५ चैत्र २० गते राजीनामा दिएपछि एमालेका माधवकुमार नेपालको नेतृत्वमा २०६६ जेठ ९ गते नेकपा एमाले, नेपाली कांग्रेस, मधेसी जन अधिकार फोरम, नेपाल सद्भावना पार्टी, राप्रपा, समाजवादी प्रजातान्त्रिक पार्टीको मिलिजुली सरकार गठन भयो ।

माओवादीको सहयोगमा संविधानसभा सदस्य बनेका नेता पछि माओवादीबाहेकका दलहरूको समर्थनमा माधवकुमार नेपाल देशको प्रधानमन्त्री बने । माधव नेपालको सरकारमा राप्रपाका तर्फबाट दीपक बोहोरा वन तथा वातावरण मन्त्री बनेका थिए । राप्रपाको केन्द्रीय समितिबाट निर्णय गरी पठाउनलाई नेता

राणाले इच्छा व्यक्त गर्दै पार्टीलाई प्रजातान्त्रिक ढङ्गबाट चलाउने र केन्द्रीय समितिमा मन्त्री बन्न इच्छुकहरूले उम्मेदवारी दिने र उम्मेदवारहरूमध्ये जसले बढी मत प्राप्त गर्छ त्यसले मन्त्री बन्ने अवसर प्राप्त गर्नेछ भन्ने निर्णय राप्रपाले लिएपछि केन्द्रीय समितिमा मतदान भएको थियो । तत्कालीन समयमा दीपक बोहोरा, बिमल श्रीवास्तब, गिरीबहादुर के.सी., गोवन्दबिक्रम शाह, बिक्रमबहादुर थापा आदिले उम्मेदवारी दिएका थिए । त्यसमा सबैभन्दा बढी मत दीपक बोहोराले ल्याएका थिए र उनी केन्द्रीय समितिबाट अनुमोदित भई राप्रपाको तर्फबाट सरकारमा सामेल भएका थिए । राप्रपाले तत्कालीन समयमा सरकारमा रहँदा बाँकेमा रहेको जङ्गललाई बाँके राष्ट्रिय निकुञ्ज घोषणा गरेको थियो । वातावरण र हिमाललाई सुरक्षित राख्न पर्यटकहरूलाई देश विदेशमा समेत हिमाल संरक्षण गर्नको लागि जागरुक गराउन अन्तर्राष्ट्रिय जगतको ध्यान केन्द्रित गर्ने उद्देश्य स्वरूप संसारमै पहिलो पटक उदाहरणीय मन्त्रीपरिषद (Cabinet) को बैठक सगरमाथाको बेसक्याम्पमा राखिएको थियो । यो कार्यक्रमलाई Save the Himalayas Campaign ले चिनिन्छ । यो ऐतिहासिक मन्त्रिपरिषद्को बैठक सगरमाथाको बेसक्याम्प काला पत्थरमा डिसेम्बर ४, सन् २००९ का दिन भएको थियो । विश्वका अग्ला १४ हिमालहरूमध्ये ८ वटा नेपालमा भएको र हिमालको रक्षा र पर्यटन प्रवर्द्धनको लागि विश्वकै पहिलो सबैभन्दा अग्लो उचाइमा मन्त्रिपरिषद्को बैठक राप्रपाले सम्हालेको वनमन्त्रालयको आयोजनामा भएको थियो । जसको प्रस्ताव र समायोजन राप्रपातर्फका मन्त्री दीपक बोहराले गरेका थिए । उनको कार्यकालमा वन मन्त्रालयको तर्फबाट १ लाख बिरुवा रोपिएका थिए ।

अगस्ट २१, २००९ का दिन यसको थालनी गरिएको थियो । राप्रपाले एउटामात्र मन्त्रालय प्राप्त गरे पनि सरकारमा रहेका सबै दलसँग राम्रो सम्बन्ध कायम राखेको थियो । प्रधानमन्त्री माधव नेपाल र नेकपा एमालेसँगको समन्वय अझ सुदृढ भएको थियो । माधव नेपालको सरकार लामो समयसम्म काम चलाउको रूपमा रहेको थियो भने नयाँ सरकार गठनको लागि १७ पटकसम्म चुनाव हुँदा पनि सरकार निर्माण हुन सकेको थिएन । माधव नेपालको सरकार लगत्तै सोही दलको नेतृत्वमा तत्कालीन नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल देशको प्रधानमन्त्री बनेका थिए । उनको कार्यकालमा राप्रपा सरकारमा सामेल भएन । प्रतिपक्षको रूपमा रहेको राप्रपा झलनाथको सरकारपछि बनेको डा. भट्टराईको सरकारमा भने सामेल भएको थियो । नयाँ संविधान, २०७२ को घोषणापछि तत्कालीन राष्ट्रपति डा. रामवरण यादवले २०७२ असोज १५ मा सहमतीय सरकारको निर्माणका लागि सात दिनको समय दिएर आह्वान गर्नुभएकोमा सहमतीय सरकार सम्भव नभएकोले बहुमतीय प्रक्रियाबाट प्रधानमन्त्री चयन गर्न असोज २१ मा पुनः आह्वान गरे । कांग्रेसका सुशील कोइराला र एमालेका केपी ओलीबिच प्रधानमन्त्री पदको लागि प्रतिस्पर्धा हुँदा संसद्मा रहेको कुल ५९७ मतमध्ये केपी ओलीको पक्षमा ३३८ र सुशील कोइरालाको पक्षमा २४९ मत प्राप्त भयो । यसरी २०७२ असोज २४ मा केपी ओली ३८ औँ प्रधानमन्त्रीको रूपमा चयन भए । जसमा राप्रपा नेपालको तर्फबाट कमल थापा उपप्रधानमन्त्रीसहित परराष्ट्र र स्थानीय विकास मन्त्री बनी उनकै

नेतृत्वमा उक्त सरकारमा सहभागी भएका थिए । यसरी राप्रपाले एमालेसँग विभिन्न समयमा सहकार्य गर्दै विभिन्न समयमा गठित सरकारमा सामेल भएको देखिन्छ । यसबाट राप्रपाको एमालेसँगको सम्बन्ध राम्रो भएको बुझ्न सकिन्छ ।

## ६.७ राप्रपाको माओवादीसँगको सम्बन्ध र सहकार्यको स्थिति

वि.सं.२०६४ को संविधानसभाको निर्वाचनपश्चात् माओवादी सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुन पुग्यो । नेपालको अन्तरिम संविधान २०६३ को धारा ३८ को उपधारा १ अनुसार संसद्को ठूलो दलले राष्ट्रिय सहमतिको सरकार गठन गर्ने र सो हुन नसके उपधारा २ अनुसार बहुमतीय प्रणालीबाट प्रधानमन्त्री चयन गर्ने व्यवस्था गरेअनुरूप राष्ट्रिय सहमतिको सरकार गठन गर्ने प्रयासमा दोस्रो ठूलो दल नेपाली कांग्रेसले माओवादी नेतृत्वको सरकारमा संलग्न नहुने निर्णय गऱ्यो । फलतः बहुमतीय प्रणालीबाट प्रधानमन्त्री चयनको प्रक्रिया प्रारम्भ भयो । २०६५ साल साउन ३१ मा व्यवस्थापिका संसद्मा ६०१ सदस्य हुनुपर्नेमा तत्कालीन ५९४ सदस्यहरूमध्ये त्यस दिन उपस्थित ५७७ सदस्यहरूमध्ये तेस्रो र चौथो ठूलो दल क्रमशः नेकपा एमाले र मधेसी जनअधिकार फोरमको सहयोगले ४६४ मत प्राप्त गरी पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री चयन भए । उनका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका शेरबहादुर देउवालाई ११३ मत प्राप्त भएको थियो । २०६५ भदौ ६ मा माओवादीका ४ र मधेसी जनअधिकारका ४ गरी ९ सदस्यीय मन्त्रीमण्डल गठन गरिए पनि पछि भदौ १५ मा २४ सदस्यीय मन्त्रीमण्डल गठन भएको थियो । प्रचण्ड नेतृत्वको यस सरकारले २०६५ साल भदौ २१ को मन्त्रीपरिषद्को निर्णयबाट बाँके, बर्दियालगायत पश्चिमका ९ वटा जिल्लाहरूमा रहेका हलिया प्रथाको उन्मूलन गरी २० हजार हलिया परिवारहरूका उत्थान भएको थियो (यादव, २०७२) ।

पुष्पकमल दाहाल (प्रचण्ड) को सहयोगमा संविधानसभाको दुवै स्थानबाट पराजित नेता माधवकुमार नेपाल संविधानसभामा एक सभासद्लाई राजीनामा गर्न लगाएर सभासद् बनाइए । प्रचण्डले नेता नेपाललाई सभासद्मात्र होइन संविधान बनाउन सहयोग हुने उद्देश्यका साथ संविधानसभाभित्रको उच्चस्तरीय राजनैतिक संयन्त्र गठन गराई त्यसको संयोजकसमेत बनाए तर प्रधानसेनापति रुकमाङ्गद कटुवाल काण्डका कारण २०६६ वैशाख २१ मा राष्ट्रको नाममा संवोधन गरी राष्ट्रपतिले असंवैधानिक कदम चालेको टिप्पणी गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले राजीनामा दिएका थिए । पछि तिनै नेता नेपाल प्रचण्डले २०६५ चैत्र २० गते राजीनामा दिएपछि सरकारको प्रधानमन्त्री बने । प्रचण्डले प्रधानसेनापति रुकमाङ्गद कटुवाललाई बर्खास्त गरी सेनाका दोस्रो वरियताका कुलबहादुर खड्कालाई प्रधानसेनापति बनाउने प्रस्ताव राष्ट्रपति डा. रामबरण यादवले अस्वीकार गरेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले नैतिकताको आधारमा राजीनामा दिए । प्रचण्ड नेतृत्वको यस मन्त्रीमण्डलमा राप्रपाको सहभागिता रहेको थिएन । किनकि २०६४ को पहिलो संविधानसभाको निर्वाचनमा राप्रपाको कुनै पनि घटकले १ सिट पनि प्राप्त गर्न सकेको थिएन । तथापि समानुपातिक तर्फ भने राजपाले ३ सिट, राप्रपाले ८ सिट र राप्रपा नेपालले ४ सिट प्राप्त गरेका थिए । यसको मतलव राप्रपाको संयुक्त सरकारमा जाने हैसियत पुगिनसकेको भन्न सकिन्छ । त्यसै

गरी झलनाथ खनालले २०६८ साउन २९ गते प्रधानमन्त्रीबाट राजीनामा दिएपछि एनेकपा माओवादीका नेता डा. बाबुराम भट्टराई २०६८ भदौ ११ गते नेपालको प्रधानमन्त्रीका रूपमा निर्वाचित भए । डा. भट्टराईलाई उनकै दल एनेकपा माओवादीका २३४, संयुक्त मधेसी मोर्चा (५ दल) का ६५, मधेसी जनअधिकार फोरमका ११ र अन्य स-साना दलको मत प्राप्त भएको थियो । उनका प्रतिद्वन्दी नेपाली कांग्रेसका रामचन्द्र पौडेलले २३५ मत प्राप्त गरेका थिए । यिनलाई नेपाली कांग्रेसको ११४, नेकपा एमालेका १०४, राप्रपाको ८ र अन्य ससाना दलहरूको मत प्राप्त भएको थियो ।

डा.भट्टराईले विजयकुमार गच्छादारलाई उपप्रधानमन्त्री एवं गृहमन्त्री बनाई भोलिपल्ट दुवै जनाले शपथग्रहण गरे (यादव, २०७२) । भदौ १८ मा मन्त्रीमण्डल विस्तार गरेका थिए । २०६८ भदौ २९ मा मन्त्रीमण्डल विस्तार गरी एनेकपा माओवादीका लेखराज भट्ट वाणिज्य तथा आपूर्ति र सङ्घीय मामिला तथा सङ्घीय व्यवस्था, गोपाल किराँती संस्कृति र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका शरदसिंह भण्डारी रक्षा, हेमराज तातेड वातावरण, तमलोपाका वृजेशकुमार गुप्ता कानुन तथा न्याय र सङ्घीय सद्भावना पार्टीका अनिलकुमार झा उद्योग मन्त्रीमा समावेश गरिए । तत्पश्चात् २०६८ असोज १ गते तमलोपाका एक जना दानबहादुर कुर्मीलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीको रूपमा समावेश गरिएको थियो । विवादास्पद अभिव्यक्ति दिएको अभियोगमा मन्त्री शरदसिंह भण्डारी र हत्याको अभियोग लागेका प्रभु शाहलाई हटाउने माग गर्दै नेपाली कांग्रेस, नेकपा एमाले तथा अन्य ससाना दलहरूले संसद्को बैठक अवरोध गर्दै आइरहेकोले २०६८ कार्तिक ३ मा दुवै मन्त्री बर्खास्त गरिए । बाबुराम नेतृत्वको यस मन्त्रीमण्डलमा कार्तिक २२ र २७ गते विस्तार गरी ४९ सदस्यीय बनाइयो जो नेपालको इतिहासको सबैभन्दा ठूलो मन्त्रीमण्डल हो । यसअघि शेरबहादुर देउवाले ४८ र माधवकुमार नेपालले ४५ सदस्ययी मन्त्रीमण्डल गठन गरी रेकर्ड कायम गरेका थिए । ४९ सदस्यीय मन्त्रीमण्डलमा २७ जना मधेसी मन्त्रीहरू रहेका थिए ।

२०६८ फाल्गुण ९ मा सर्वोच्च अदालतले भ्रष्टाचारको अभियोगमा मन्त्री जयप्रकाशप्रसाद गुप्तालाई जरिवाना र जेल सजाय दिएकोले उनी जेलमा हालिए । बहालवाला मन्त्री भ्रष्टाचारको मुद्दामा जेल गएको यो पहिलो घटना थियो । उनको ठाउँमा त्यही दलका कार्यवाहक अध्यक्ष राजकिशोर यादव सूचना तथा सञ्चारमन्त्री र अकवाल अहमद कृषि तथा सहकारी मन्त्रीमा नियुक्त गरिए । २०६९ वैशाख २३ मा डा. बाबुराम भट्टराईकै नेतृत्वमा मन्त्रीमण्डलको पुनर्गठन भयो । संविधानसभाको निर्वाचन पछि २०६९ जेठ ३ मा पहिलो पटक डा. बाबुराम भट्टराइकै नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन भयो । भट्टराई नेतृत्वको सरकारमा राप्रपाका महामन्त्री पर्शुराम खापुङ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री भएर सामेल भएका थिए । त्यसबखत भने राप्रपाका अध्यक्ष पशुपतिशमशेर राणाले केन्द्रीय समितिको बैठक, मतदान केही नगरी मन्त्रीको लागि प्रधानमन्त्री डा. भट्टराईलाई नाम सिफारिस गरेका थिए तर उनको कार्यकाल लामो समय रहेन । करिब एक महिना नबित्दै डा. बाबुराम भट्टराईको सरकार ढलेपछि देशमा संवैधानिक सङ्कट देखा पऱ्यो । संविधानसभाको म्याद थप्नलाई गरिएको प्रस्तावलाई प्रधानन्यायाधीश खिलराज रेग्मीले

उल्ट्याइदिए । सो निर्णयले संविधानसभा २०६९ जेठ १४ मध्यरातमा विघटन भयो । आफैँले उल्टाएको फैसलाको जगमा टेकेर उनी पछि देशको प्रधानमन्त्री बन्न पुगे । संविधानसभा विघटन हुनुमा रेग्मीको फैसला पनि जिम्मेवार रहेको भन्दै कतिपयले संविधानसभा विघटन गराउनेलाई अहिले प्रधानमन्त्रीको पद दिएको भनेर आलोचना पनि गरिएको थियो । तथापि उनको पद प्रधानमन्त्री नभई अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्ष रहेको थियो ।

यसअघि राष्ट्रपति रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ अनुसार बाधाअड्काउ फुकाई संविधानको धारा ३८ (१) बमोजिम रेग्मीलाई अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्षको रूपमा नियुक्त गरिएको थियो । आफूलाई आइपरेको जिम्मेवारीलाई खिलराज रेग्मीको सरकारले सफलताका साथ संविधानसभाको निर्वाचन गरायो । पहिलो संविधानसभाले संविधान दिन नसक्ने भएपछि दोस्रो संविधानसभाको चुनाव गराउनुपर्ने बाध्यता मुलुकको सामु खडा भएको थियो । नत्र संवैधानिक सङ्कट आई देशमा भएका सबै परिवर्तन र राजनीतिक उपलब्धीहरू समाप्त हुने अवस्था थियो । सोहीअनुरूप वि.सं.२०७० मंसिर ४ गते संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो । खिलराज नेतृत्वको चुनावी सरकार स्वतन्त्र व्यक्तिहरू समावेश गरी निर्माण गरिएको कारण त्यसमा अन्य पार्टी जस्तै राप्रपा पनि समावेश हुने कुरै थिएन । त्यसैगरी नेपालमा नयाँ संविधान, २०७२ को निर्माणपश्चात् खड्गप्रसाद ओलीको नेतृत्वमा २०७२ सालमा नेकपा एमाले र माओवादी केन्द्रको संयुक्त सरकार बन्यो । पूर्वसहमतिअनुसार आलोपालो सरकारको नेतृत्व गर्ने भनिए तापनि त्यसमा नेकपा एमालेले दिएको धोकाका कारण यो संयुक्त सरकार लामो समयसम्म टिक्न सकेन र माओवादी केन्द्र र नेपाली कांग्रेसबिच आलोपालो सरकार सञ्चालन गर्ने सहमति बनेपश्चात् माओवादी केन्द्रका तत्कालीन अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा माओवादी केन्द्र र नेकाको संयुक्त सरकार २०७३ साउन २० गते बन्न पुग्यो । प्रचण्ड नेतृत्वको यो सरकार पूर्वसहमतिअनुसार २०७४ जेठ १७ गतेसम्म सञ्चालन भयो । त्यसपछि पूर्वसहमतिअनुसार प्रचण्डले नेकाका सभापति शेरबहादुर देउवालाई सरकार हस्तान्तरण गरे ।

प्रचण्डको नेतृत्वको यस सरकारमा पछिल्लो पटक राप्रपा नेपाल र राप्रपाको एकीकरण भई बनेको राप्रपाको पनि सहभागिता रहेको थियो । जसमा राप्रपाको तर्फबाट दीपक बोहरा आपूर्ति मन्त्री र विक्रम पाण्डे भूमिसुधार तथा व्यवस्था मन्त्री भएका थिए । पार्टी नेतृत्वले एकता अविधेशनमा गरेका प्रतिबद्धता विपरीत व्यक्तिगत स्वार्थमा केन्द्रित भएको र अध्यक्ष कमल थापा अवसरवादी बन्दै सरकारमा सामेल भएको भन्दै चौँथो दिनमै वरिष्ठ नेता डा.प्रकाशचन्द्र लोहनीले पार्टी परित्याग गरेपछि समस्या बढ्दै गएको थियो । चुनाव चिन्हका बारेमा पनि लोहनीले असन्तुष्टि जनाउँदै एनसेलको करछुटसम्बन्धी अर्थमन्त्रीको मौखिक प्रस्तावलाई पार्टी अध्यक्ष थापाले समर्थन गरेर खुल्लमखुल्ला भ्रष्टाचारलाई वैधानिक बनाउन सहयोग गरेकाले पार्टीबाट अलग भएको जनाउनु भएको थियो । तत्पश्चात् लोहनीले पूर्वमन्त्री केशरबहादुर बिष्टसँग सहकार्य गरी वि.सं.२०७३ मंसिर १७ मा एकीकृत राप्रपा राष्ट्रवादी गठन गरी अध्यक्ष बन्नुभएको थियो (लोकान्तर,

२०७४) । यसरी राप्रपाले माओवादीसँग वैचारिक र सैद्धान्तिक मतभेद हुँदाहुँदै पनि माओवादी नेतृत्वको सरकारमा सहभागिता जनाएर माओवादीसँग आफ्नो सम्बन्ध र सहकार्य गरेको थियो ।

## ६.८ राप्रपाको राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनसँगको सम्बन्ध र सहकार्यको स्थिति

शेरबहादुर देउवाले जब मध्यावधि चुनाव २७ कार्त्तिक २०५९ को सट्टा ३ मंसिर २०६० मा सार्ने निर्णय गरे तब यसको भोलिपल्ट १८ असोज, २०५९ मा राजा ज्ञानेन्द्रबाट चुनाव गराउन नसक्ने असक्षम भनी देउवालाई प्रधानमन्त्री पदबाट मुक्त गर्दै निर्वाचनसमेत स्थगित गरी सम्पूर्ण अधिकार आफूमा सीमित गरे । २५ आश्विन, २०५९ मा राजाबाट लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री, बद्री मण्डललाई उपप्रधानमन्त्री, बद्रीप्रसाद श्रेष्ठ, नरेन्द्रबिक्रम शाह, धर्मबहादुर थापा, गोरेबहादुर खपाङ्गी, डा.उपेन्द्र देवकोटालाई मन्त्री एवं अनुराधा कोइराला र गोपाल दहितलाई सहायक मन्त्रीमा नियुक्त गरी नयाँ मन्त्रीमण्डल गठन गरे (यादव, २०७२) । राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्दको सरकार विघटन गरी नेता चन्दलाई प्रधानमन्त्रीबाट राजीनामा दिन लगाई सूर्यबहादुर थापाको नेतृत्वमा २०६० जेठ २१ मा नयाँ सरकार गठन गरे । यो मन्त्रीपरिषद्मा जम्मा ६ जना क्याविनेट र एक राज्यमन्त्री राखिएको थियो । जसमा सूर्यबहादुर थापा, प्रधानमन्त्री, परराष्ट्र र गृह, डा.प्रकाशचन्द्र लोहनी अर्थमन्त्री, कमल थापा स्थानीय विकास, स्वास्थ्य र सञ्चार मन्त्री, हरिबहादुर बस्नेत, शिक्षा, युवा तथा खेलकुद र बाणिज्य तथा आपूर्ति मन्त्री, बुद्धिमान तामाङ आवास तथा भौतिक योजना, भूमिसुधार तथा व्यवस्था र सामान्य प्रशासन, सर्वेन्द्रनाथ शुक्ला जलस्रोत, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र श्रीमती रेणुकुमारी यादव महिला तथा समाज कल्याण राज्यमन्त्री रहेका थिए ।

प्रधानमन्त्रीले परराष्ट्र मन्त्रालय हेर्न छुट्टै भूमिकामा डा. भेषबहादुर थापालाई परराष्ट्रमन्त्री सो सरहको जिम्मेवारी प्रदान गरेका थिए । देउवाले स्थानीय निर्वाचन गराउन नसक्ने निवेदन दरबारसमक्ष गरेपछि राजालाई उनलाई असक्षम घोषणा गर्न सजिलो भयो । देउवालाई हटाएपछि चन्दलाई बोलाएर राजा ज्ञानेन्द्रले सरकारको नेतृत्व लिइदिन भने । लोकेन्द्रबहादुर चन्दका अनुसार सोच्दै नसोचेको कुरा उनमा आइलाग्यो । मैले कुनै पत्तो नै पाइन । अचानक राजाले बोलाएर सरकारको नेतृत्व लिइदिन भनेपछि नाइँ भन्न पनि सकिन । चन्दका अनुसार राजाले त्यसबेला सशस्त्र द्वन्द्वरत नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन महत्त्वपूर्ण जिम्मेवारी सुम्पेका थिए तर चन्दको बुझाइमा अन्य संसद्वादी राजनीतिक दलहरूलाई पनि कन्भिन्स नगरी समस्या समाधान हुन्छ भन्ने विश्वास थिएन । वार्तामा मैले पहल त निकै गरेँ तर सफल भएन । मैले मेरो जिम्मेवारी पूरा हुने नदेखेपछि राजीनामा गरेँ । मपछि राजाले सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाए तर मलाई राजाको यो कदम अस्वभाविक लाग्यो । मबाट सम्भव नभएपछि राजाले यो बुझ्नुपर्दथ्यो कि अन्य राजनीतिक दलका नेतालाई सरकार सुम्पिनुपर्दछ भनेर राजाले यो कुरा नबुझेकै हो । मेरो आफ्नो बुझाइमा कांग्रेस वा एमालेको नेतालाई सरकार सुम्पिनु पर्दथ्यो । चन्दको भनाइमा उनले राजालाई त्यसबेला नेकपा एमालेका नेता माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउन सिफारिस गरेका थिए तर उनले त्यसो गरेनन् । चन्दको बुझाइमा जङ्गलमा माओवादी र सरकारमा एमाले दुवै कम्युनिस्ट रहनु

आफ्ना लागि घातक हुने निष्कर्ष निकाल्दै दरबार तर्सिएको थियो (लोकेन्द्रबहादुर चन्दसँगको कुराकानीमा आधारित) । २०६० जेठ २१ गते गठित सूर्यबहादुर थापा नेतृत्वको सरकारको मुख्य काम विघठित प्रतिनिधिसभाको चुनाव गर्ने र शान्तिवार्ता सफल पार्ने दायित्व सरकारलाई दिइएको थियो । राजाको प्रत्यक्ष शासनकालमा सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा राप्रपाका संस्थापकमध्येका एक वरिष्ठ नेता रवीन्द्रनाथ शर्मालाई सिङ्गापुर भ्रमणबाट उनी नेपाल फर्किंदा पक्राउ परेका थिए ।

नेता रवीन्द्रनाथ शर्मालाई राजाले बनाएको सम्पत्ति न्यायिक छानविन आयोगमा भ्रष्टाचारसम्बन्धी मुद्दा परेको कारण पक्राउ गरिएको थियो । सम्पत्ति न्यायिक छानविन आयोगले अर्का राप्रपाका नेता राजीव पराजुलीलाई पनि अकुत सम्पत्ति आर्जन गरेको भनेर शाही आयोगले पक्राउ गरी जावलाखेलको प्रहरी वृत्तमा राखेको थियो । नेता रवीन्द्रनाथ शर्मालाई सूर्यबहादुर थापा प्रधानमन्त्री र आफैँ गृहमन्त्रीसमेत रहेको बेला पक्राउ गरी ४५ दिन हिरासतमा राखिएको थियो तर नेता शर्माको स्वास्थ्यस्थिति राम्रो नभएको भनी हिरासतमा नबसी प्रहरीको निगरानीमा नर्भिक अस्पताल थापाथलीमा बसेका थिए । सो घटनापछि नेता शर्माको सूर्यबहादुर थापासँगको सम्बन्ध बिग्रेको थियो भने मुद्दा उनको स्वर्गारोहण भएपछि फैसला भएको थियो र उनी दोषी ठहरिएका थिए । अदालतले उनलाई दोषी ठहर गरी बिगो सजाँय मृतकलाई समेत जेल सजाँय, सम्पत्ति विगो र धरौटी तोकेको थियो (नेता भुवन पाठकसँगको कुरामा आधारित) । सूर्यबहादुर थापा राप्रपा पूर्वअध्यक्ष र तत्कालीन समय राप्रपाका नेता भए पनि उनलाई राप्रपा पार्टीको समर्थन मिलेको थिएन । राजाले सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउँदा राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबरासँग कुनै परामर्श नलिएको र सूर्यबहादुर थापाले पनि आफू प्रधनामन्त्री बन्न र मन्त्रीहरू बनाउँदा पार्टीसँग छलफल, परामर्श नलिएको कारण अध्यक्ष राणा राजा र सूर्यबहादुर थापाको सरकारको समर्थनमा थिएनन् । त्यसैको कारण राप्रपा अध्यक्ष पशुपतिशमशेर राणाले सूर्यबहादुर थापाको राजीनामा माग गरेका थिए । उनले राजीनामा माग्नका लागि राप्रपा केन्द्रीय समितिको बैठक बोलाई आफूले पूर्वतयारी साथ लेखेको ९ बुँदाको पत्र गोजीबाट निकाली वाचन गर्दै प्रधानमन्त्री सूर्यबहादुर थापाको राजीनामा मागेका थिए ।

तत्कालीन समयमा राप्रपाका नेताहरूमात्र सामेल सरकारको राजीनामा अध्यक्ष पशुपति शमशेरले मागेपछि नेपालको राजनीतिमा तरङ्ग पैदा भएको थियो । राप्रपा विभाजनको सङ्केतस्वरूप त्यो घटनालाई हेरिएको थियो । राप्रपा पार्टी कार्यालयमा कार्यकर्ताहरूको ठूलो भिड र कोलाहलको बिच यो घटना हुँदा नेताहरू तनावमा देखिन्थे । सूर्यबहादुर थापाले आफू राजीनामा नदिने र राप्रपाको सिफारिसमा आफू प्रधानमन्त्री नभएको बताएका थिए । राणाले राजीनामा नदिए पार्टीले कारबाही गर्ने चेतावनी दिएपछि थापाले राणाको जवाफ स्वरूप जिउँदो राणाको छोरा र साच्चै मोहन शमशेरको नाति हो भने कारबाही गरेर देखाउन चुनौती दिएका थिए । केन्द्रीय समितिको यो बैठक पार्टीको तत्कालीन पार्टी कार्यालय, कमलपोखरीमा भएको थियो । बैठक सम्पन्न गरी नेताहरू बाहिरिने क्रममा प्रधानमन्त्री सूर्यबहादुर थापाले भने अब म राप्रपामा रहिन भनेर घोषणा गरे । राप्रपाका अध्यक्ष पशुपति शमशेर पूर्ण सुरक्षाका साथ प्रहरीकै

सहयोगमा पार्टी कार्यालयबाट आफ्नो निवासतिर प्रस्थान गरे भने राप्रपाका युवा विद्यार्थी नेताहरूले प्रधानमन्त्रीको पक्षमा नारा लगाउँदै भाषण गरेका थिए । नेता रवीन्द्रनाथ शर्मा राजनीति र कुटनीतिमा विशेष खेलाडी मानिन्थे । उनलाई सूर्यबहादुर थापासँग रिस फेर्नु थियो । आफूलाई जहाज भित्रैबाट पक्राऊ गरी थुनामा राखेको कारण अपमानित भएको महसुस गर्दै आएका नेता शर्माले पशुपति शमशेरले राजीनामा माग गरेपछि सूर्यबहादुर थापालाई नयाँ पार्टी खोल्न हौसाए र आफैँले पत्रकार सम्मेलनको आयोजना गरी सबैलाई निम्ता दिए ।

राप्रपा पार्टी परित्याग गरी वर्तमान देशको सङ्कटपूर्ण अवस्थालाई मध्यनजर राख्दै नयाँ पार्टी खोल्नुको विकल्प नरहेको भन्दै पत्रकार सम्मेलनमा सूर्यबहादुर थापा लगायतका नेताहरू सूर्यबहादुर थापालाई पार्टी खोल्न बाध्य बनाएर आफूले असहयोग गरे । राष्ट्रिय जनशक्ति पार्टी गठन भयो । सो पार्टीको अध्यक्ष सूर्यबहादुर थापा बने भने सहअध्यक्षमा नेता डा. प्रकाशचन्द्र लोहनी बनाइए । यसरी नेता लोहनी सहअध्यक्ष र सदस्य सचिवमा बुद्धिमान तामाङ बनेपछि कमल थापाले आफ्नो असन्तुष्टि देखाउँदै पुनः राप्रपामा फर्किए । राप्रपा नेता बुद्धिमान तामाङका अनुसार, पशुपति शमशेरको महामन्त्री भएका कमल थापाले जसरी सूर्यबहादुर थापा अध्यक्ष हुँदा १२-१२ बर्ष उनलाई हरेक कुरामा राणाले साथ र सहयोग दिएका थिए । त्यसैगरी थापाले राणालाई सहयोग गरेनन् । थापा महामन्त्री भएदेखि राणा र थापाबिच द्वन्द्व चलिनै रह्यो । अन्ततोगत्वा थापाले श्री ५ ज्ञानेन्द्र शाहको सरकारमा सामेल भएर पछि छुट्टै राष्ट्रिय भेला गरी आफू अध्यक्ष बने र राप्रपालाई वैधानिक रूपमा कब्जा गर्ने प्रयत्न गरे तर निर्वाचन आयोग र अदालतले राणा कै पार्टीलाई वैधानिकता दिएको थियो । कमल थापाले आफ्नै नेतृत्वमा राप्रपा नेपाल गठन गरेका थिए । यसरी आन्तरिक कलह र राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको कदमलाई राप्रपाले समर्थन नगर्दा दरबारिया षड्यन्त्रका कारण राप्रपा तीन चिरामा विभाजन भएको थियो ।

२०६२ मंसिर २८ गते कमल थापा शाहीकालीन सरकारको गृहमन्त्री भए । उनी गृहमन्त्री हुनुभन्दा १६ दिन पहिला नै सात राजनीतिक दल र माओवादीबिचमा १२ बुँदे समझदारी भइसकेको थियो । तत्कालीन राजा ज्ञानेन्द्र आन्दोलनकारीहरूको चाहना सम्बोधन गर्ने योजनामा हुनुहुन्थ्यो । राजाको अध्यक्षतामा बनेको मन्त्रीपरिषद्ले घोषणा गरेको नगरपालिका चुनाव स्थगन गरियो भने आन्दोलन रोकेर वार्ता गर्न सकिन्छ भन्ने गिरिजाप्रसाद कोइरालाको चाहनाअनुरूप राजा स्वयं पनि वार्ता गर्न र समस्या समाधान गर्न तयार भएका थिए । राजाले प्रजातन्त्र धरापमा परेकोले राष्ट्रप्रतिको जिम्मेवारी बोध गरेर तीन वर्षभित्रमा माओवादी समस्या समाधान गरी आमचुनाव सम्पन्न गराई दलहरूलाई सत्ता हस्तान्तरण गर्छु भनेर कदम उठाएका थिए तर दलहरूको सहयोग प्राप्त भएन । असल नियत राखेर गरेको भए तापनि सो योजना सफल भएन । फेरि पनि दलहरूलाई नै सत्ता हस्तान्तरण गर्छु भनेर राजाले मलाई भनेका थिए (कमल थापासँगको कुराकानीमा आधारित) । नगरपालिकाको चुनाव दलहरूले बहिष्कार गरे र नेपाली जनताले पूर्ण मतदान गरेनन् । जम्मा २५.२६ प्रतिशतमात्र मत खसेको थियो । त्यो घटनाले राजालाई निराश बनायो । उनले मलाई त्यसै बेलादेखि

स्थिति होल्डमा राख्नु, सत्ता हस्तान्तरण गर्छु र म दलहरूसँग वार्ता गर्छु भनेका थिए । सत्ता हस्तान्तरणको प्रक्रिया लम्बियो र परिस्थिति अर्कै बन्यो । राजाले ढिला गरेका कारण दल र राजाका बिचको सम्बन्धमा पारपाचुके भयो । राजा ज्ञानेन्द्रले सबैलाई तह लगाएर अघि बढेर देखाउने आकांक्षा लिएर २०६१ साल माघ १९ गते सत्ता आफ्नो हातमा लिएर आफैँले शासन हाक्ने घोषणा गरे (राणा, २०७४, पृ. २५२) ।

नेता चन्दले राजालाई माघ १९ को त्यो घटना नघटाउन सल्लाह पठाएका थिए । चन्दले राजालाई पठाएको सुझावमा यस्तो अप्रीय कदमका लागि अहिले उपयुक्त समय होइन र कुनै पनि हालतमा यस्तो नगरियोस् भन्ने उल्लेख थियो तर राजाका सल्लाहकारहरू चन्द मात्र थिएनन् । चन्दभन्दा भयानक निकटकाहरूबाट राजालाई उक्साउने र उत्प्रेरित गर्ने कार्य भइरहेको थियो । अनेक स्वार्थसमूह र व्यक्तिका कारण राजा ज्ञानेन्द्रले अन्ततः कु गरिछाडे । राजा निरङ्कुश शासक बन्ने महत्त्वाकांक्षामा सर्वसत्तावादी बने । राजाको त्यो गम्भीर भुल थियो । त्यही भुल नै राजसंस्थाको बहिर्गमनको मुख्य बाटो बन्यो (लोकेन्द्रबहादुर चन्दसँगको कुराकानीमा आधारित) । गणतन्त्रको लागि भएको मतदानमा राजाका प्रिय पात्र लोकेन्द्रबहादुर चन्दले गणतन्त्रको पक्षमा मतदान गरे । राप्रपा जो राजावादीहरूको पार्टी भनेर चिनिन्थ्यो, त्यसैका नेता चन्दले भने गणतन्त्रकै पक्षमा मतदान गरे । उनले आफैँले भनेझैँ राजनीतिको यात्रा सरल रेखामा हुँदैन भन्ने कुराको पुष्टि भयो तर चन्दलाई अहिले उक्त कुरा उचित लाग्दैन । राप्रपाका अर्का नेता केशरबहादुर बिष्टका अनुसार संवैधानिक राजा, हिन्दूत्व र सङ्घीयताको खारेजीको लक्ष्यका साथ अगाडि बढेको पार्टीले संविधान जारी हुँदा विपक्षमा मतदान गर्नुपर्दछ भन्ने उनको चाहना थियो ।

मधेशवादी दलहरूले विपक्षमा मतदान गरेका थिए । विश्वको २४ वटा देशले संविधानसभाबाट संविधान बनाएको नजिर थियो । त्यसमा विपक्षमा मतदान गर्ने ५ प्रतिशत भन्दा बढी पहिले कहीँकतै नभएको उदाहरण भएकोले यदि राप्रपा नेपाल र मधेशवादी दलहरूसमेत मिली संविधानको विपक्षमा मतदान गरेको भए करिब ११ प्रतिशत मत पुग्न जान्थ्यो । त्यो आफैँमा अव्यावहारिक र अलोकप्रिय संविधान हो भन्ने प्रमाणित हुन्थ्यो तर राप्रपा नेपाल त्यसमा अडिक हुन सकेन र मेरो कमल थापासँग सम्बन्ध त्यसै बेलादेखि बिग्रन थाल्यो (केशरबहादुर बिष्टसँगको कुराकानीमा आधारित) । माओवादीले राजासँग पटकपटक सत्ता आफूलाई हस्तान्तरण गर्न भनेका थिए राजाले माओवादीलाई सत्ता हस्तान्तरण नगर्ने र आफूले राजनीतिक दलहरूलाई नै हस्तान्तरण गर्ने अठोट पहिलादेखि नै लिँदै आएका कारण अन्त्यमा दलहरूलाई २०६३ साल वैशाख ११ गतेका दिन सत्ता हस्तान्तरण गरे । सत्ता हस्तान्तरणमा भएको ढिलाइका कारण राजा र दलहरूबिचको सम्बन्ध बिग्रिसको थियो । राजाले संसद् पुनर्स्थापना गरेपछि मन्त्रीपरिषद् बैठक नै बोलाएनन् । न त विघटन गरे न बधाइ नै । त्यो त्यत्तिकै विघटन भयो । जस्तो राजा वीरेन्द्रले २०४६ सालमा बहुदल दिलाउँदा गरेका थिए । त्यस्तैगरी राजा ज्ञानेन्द्रले गणतन्त्र आउनुअघि आफ्नो मन्त्रीपरिषद्लाई गरेका थिए । राजा वीरेन्द्रले सबै पञ्चहरूलाई २०४६ सालको परिवर्तनपश्चात् बोलाएर ३० वर्षसम्म राजाको शासनलाई गरेको योगदानप्रति धन्यवाद दिई तिमीहरू पनि दल खोल र खुल्ला राजनीतिक प्रतिस्पर्धामा जाऊ भनिदिएका

भए राजा र दरवार सदैव बलियो बन्न सक्दथे । त्यसैगरी २०६२/६३ को जन आन्दोलनपछि पनि दरबारलाई सहयोग गर्नेहरू लगायत देशभक्त राष्ट्रवादी शक्तिहरूलाई राजाले गोलबन्द गर्न पहलकदमी लिएका भए आज देश र राजसंस्थाको अवस्था यस्तो हुने थिएन (कमल थापासँगको कुराकानीमा आधारित) ।

## ६.९ बाह्रबुँदे दिल्ली सम्झौता

सात राजनीतिक दल र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बिचको बाह्रबुँदे समझदारी पत्रमा हस्ताक्षर मिति २०६२ साल मंसिर ७ गते भएको थियो । भारत सरकारलाई माओवादीले नेपालमा चलाएको सशस्त्र द्वन्द्वले गर्दा भारतका राज्यहरूमा नक्सलवादीहरूले चलाएको विद्रोहलाई पनि प्रोत्साहन मिल्न सक्ने चिन्ताले सताएको थियो । जसले गर्दा भारतले उसकै भूमिमा नेपालका सात राजनैतिक दल र नेकपा माओवादी पार्टी बिच १२ बुँदे राजनैतिक गठबन्धनको सम्झौता गराएरै छाड्यो (राणा, २०७४, पृ. २५६) । सम्झौता भएपछि त्यसको माध्यमबाट हतियार थन्काएर कसरी र कुन बहानाबाट शान्तिपूर्ण राजनीति गर्न देशका अरु सात राजनीतिक दलहरूसँग मिलेर राजनीतिमा अघि बढ्ने भनेर नेकपा माओवादीलाई कठिन कूटनीतिक अभ्यास गर्नु परेको थियो । माओवादी नेताहरूले क्रान्तिकारी नारामा अघि बढाएका हतियारधारी र मिलिसिया कार्यकर्ताहरूलाई शान्तिपूर्ण रूपले समाजमा काम गरेर अघि बढाउनु निकै कठिन कुरा थियो । राजा ज्ञानेन्द्रको सरकारले २०४६ सालको आन्दोलनपछि २०४७ सालको संविधानबाट परिवर्तन भइसकेको व्यवस्थालाई फेरि अञ्चल प्रशासक र क्षेत्रीय प्रशासक खडा गरेर सक्रिय गराउन खोज्यो जुन काम गराउनु सान्दर्भिक थिएन ।

चुनावबाट जनादेश प्राप्त संसदको म्याद समाप्त भइसकेको अवस्था थियो । अर्कातर्फ स्थानीय एकाइको पनि म्याद सकिइसकेको थियो । देशमा नेकपा माओवादीले चलाएको द्वन्द्वको कारण देशमा चुनाव हुन सकेको थिएन । त्यसबाट अन्यौलको वातावरणमा राजनीतिक अवस्था पुगेको समयमा राजा ज्ञानेन्द्रले शासन सञ्चालनको जिम्मा आफैँले लिएपछि झन् अन्यौलता छाएको थियो । बहुदलीय प्रजातान्त्रिक व्यवस्था तथा संवैधानिक राजतन्त्र भएको संवैधानिक व्यवस्था अन्तर्गत चलेको शासनमा दलहरूको मान्यताप्रति बेवास्ता राजा स्वयंबाट भएको देखेपछि संसदमा भएका प्रमुख दलहरू साह्रै नै असन्तुष्ट थिए । राजाको सरकारले स्थानीय एकाइको नगरपालिकाको चुनाव गरेर त्यसको नतिजा हेरेर चुनाव गर्दै लाने तयारी गऱ्यो । चुनाव त आवश्यक थियो तर राजाबाट खडा गरिएको सरकारबाट गराउन लागेको चुनाव दलहरूलाई मान्य थिएन । त्यसैले त्यो चुनावको सबैजसो मुख्य राजनैतिक दलहरूले बहिष्कार गरेर भाग नलिने घोषणा गरे । राजाको सरकार जसरी भए पनि नगरपालिकाको चुनाव गराएर नै छोड्ने निर्णयमा पुग्यो । राप्रपाबाट फुटेर गएको राप्रपा नेपाल भन्ने समूहले चुनावमा भाग लियो । केही ठाउँमा स्वतन्त्रहरूले पनि उम्मेदवारी दिएर चुनाव लडे । दलहरूले बहिष्कार गरे तापनि सरकारले चुनाव गरायो । जनताले दलहरूको कडा विरोधका कारण स्वतन्त्र रूपमा आफ्नो मत चाहेर पनि हाल्न पाएनन् । किनकि जनतालाई स्थानीय निकाय चाहिएको थियो । त्यो चुनाव बहिष्कार गर्नमा अप्रत्यक्ष रूपमा माओवादीहरूले पनि दलहरूलाई सक्रिय मद्दत पुऱ्याएका

थिए । चुनावको परिणाममा कतिपय मुख्य मुख्य नगरपालिकाको परिणामहरू सकरात्मक आए तापनि पूरा चुनावको परिणाम त्यति राम्रो देखिएन । हुन त त्यस्तो चुनावको परिणाम अन्य देशहरूको चुनावमा पनि नदेखिएका होइनन् ।

दलहरूको बहिष्कारले गर्दा जनताले चुनावमा भाग लिएनन् भन्न सकियो । राजा ज्ञानेन्द्रले जे-जस्ता उद्देश्य र इच्छा राखेर आफ्नो हातमा शासन सञ्चालन गर्ने घोषण गर्दा आफूले बनाएको मन्त्रीमण्डल र त्यसमा रहेका मन्त्रीहरूबाट सक्रिय तथा सकरात्मक रूपमा एउटा पनि काम गरेर देखाउन नसकेपछि जनआस्था नराम्रोसँग दिनदिनै गिर्दै जान थाल्यो । विगतका दलहरूको सरकारहरूबाट दलीय स्वार्थ र भ्रष्टाचारी गतिविधि देखेर निराश भएका अनि सशस्त्र माओवादी पार्टीको द्वन्द्वको मारबाट अशान्तिको भुमरीमा परेर आत्तिएका जनसाधारणले राजाको कदमबाट पनि मुक्ति पाउन सकेनन् । ज्ञानेन्द्रले ठूलो आकाङ्क्षा लिएर व्यापक रूपमा जनसम्पर्क बटुल्दै हिडे तापनि देश र जनताले आहा गरेका एउटा पनि काम गरेर देखाउन सकेनन् । त्यसमा पनि अनाधिकार रूपमा मन्त्रीपरिषद्का अध्यक्षता आफैँले ग्रहण गरेकोले नराम्ररी बदनाम हुन पुगे । यसै सन्दर्भमा १२ बुँदे सम्झौता हुन पुग्यो । १२ बुँदे सम्झौताका बुँदाहरूलाई **परिशिष्ट-२०** मा समाविष्ट गरिएको छ । १२ बुँदे सम्झौता तत्कालीन राप्रपा नेपाल लागायत अन्य राप्रपाका घटकहरूका कुनै पनि भूमिका रहेको देखिँदैन । तत्कालीन राप्रपा नेपालका अध्यक्ष कमल थापाद्वारा केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत तथा पारित राजनैतिक कार्यपत्रमा यसको विरोध गरिएको देखिन्छ ।

उक्त कार्यपत्रमा २०६२/६३ को जनआन्दोलनपश्चात् परिवर्तनलाई संस्थागत गर्ने नाममा संविधानसभाको निर्वाचनपूर्व नेपाली जनताको अभिमतबिना नै लादिएका अवधारणा, त्रुटिपूर्ण मार्गचित्र एवं संविधान निर्माणको क्रममा कायम गरिएको सिन्डिकेट मानसिकता र प्रक्रियाको परिणामस्वरूप देश सङ्कटको भूमरीमा नराम्रोसँग फसेको तथ्यको उजागार गर्दै संविधानमा समावेश भएका कतिपय विरोधाभाषपूर्ण मान्यताहरूले सङ्कटलाई जटिल बनाउने खतरा टड्कारो रहेको छ भन्ने कुराको उल्लेख गरिएको थियो (राप्रपा नेपालको कार्यपत्र, २०७२) । उक्त कार्यपत्रमा नेपालको इतिहासमा पहिलो पटक सानै रूपमा भएपनि विखण्डनको आवाज उठ्न थालेको छ । आधुनिक नेपाल निर्माणपछिको दुई शताब्दीभन्दा लामो इतिहासमा अनेकौं राजनीतिक उतार चढावहरू देखा परे, राजनैतिक परिवर्तनहरू भए तर देश टुक्र्याउने आवाज कतैबाट उठेको थिएन । अहिले विखण्डनकारी आवाज अत्यन्त प्रारम्भिक र नगन्य अवस्थामा रहेको छ तर विगतमा एउटा भरुवा बन्दुक र एउटा पेस्तोल बोकेर करिव सय जना जतिले सुरू गरेको सशस्त्र द्वन्द्व एकदशक नपुग्दै डरलाग्दो शक्ति बनेको तितो यथार्थ हाम्रो सामुन्ने छ । विगतमा राजनैतिक दलहरूकै अकर्मण्यता, स्वार्थ र सत्तालिप्साको कारणबाट अहिले निकै सानो हैसियतमा रहेको विखण्डकारी तत्त्व कालान्तरमा खतरनाक अवस्थामा पुग्ने हो कि भन्ने अहिले सबैभन्दा ठूलो चिन्ताको विषय बनेको छ भन्ने उल्लेख गरिएको थियो (राप्रपा नेपालको कार्यपत्र, २०७२) । भारतको राजधानी नयाँ दिल्लीमा

२०६२ साल मंसिरमा भएको बाह्रबुँदे समझदारीको परिणामस्वरूप सुरू भएको बाह्य शक्तिहरूको चलखेल अहिले झन तीव्र हुन पुगेको छ ।

नेपाल बाह्य शक्तिहरूको राजनीतिक प्रतिस्पर्धा स्थल बन्ने खतरा बढेर गएको छ । नेपाली पहिचान र संस्कृतिमाथि गम्भीर अतिक्रमण भइरहेको छ । धर्मनिरपेक्षताको आडमा योजनाबद्ध एवं सङ्गठित रूपले धर्म परिवर्तन गराउने कार्य तीव्र गतिले जारी रहेको छ । यसबाट नेपालको सनातन धर्म, संस्कृति र पहिचान सङ्कटमा पर्ने खतरा स्पष्ट छ । त्यसैगरी यसबाट परम्परादेखि नेपाली समाजमा कायम रहँदै आएको सामाजिक सांस्कृतिक सद्भाव खलबलिई देश धार्मिक द्वन्द्वमा फस्ने खतरा बढेको छ । १० वर्षे हिंसात्मक द्वन्द्व र १० वर्षको अस्थिर संक्रमणकालले देशको अर्थतन्त्रलाई गम्भीर आघात पुऱ्याएको छ । अर्थतन्त्रका अधिकांश सूचकहरू उत्साहप्रद रहेका छैनन् । लगानीको वातावरण बन्न सकेको छैन, उद्योग व्यवसाय सुस्त रहेको छ, मुद्रास्फिति बढेको छ, विभिन्न मुलुकहरूसँगको व्यापार घाटा निरन्तर बढिरहेको छ, लोडसेडिङ कम हुन सकेको छैन, भ्रष्टाचार व्यापक भएको छ, बेरोजगारी समस्या विकराल छ, तथा गरिब र धनीबिचको खाडल विगतको तुलनामा अझै ठुलो हुँदै गइरहेको छ । समग्रमा देशको आर्थिक अवस्था सङ्कटग्रस्त छ, केवल रेमिट्यान्समा अर्थतन्त्र अडेको छ । सदियौंदेखि नेपाली जनताको बिचमा रहँदै आएको जातीय, धार्मिक तथा क्षेत्रीय सदभाव, मेलमिलाप र भ्रातृत्वपूर्ण सम्बन्ध खलबलिएको छ । राष्ट्रिय अखण्डता, सार्वभौमिकता र नेपाली पहिचानमाथि गम्भीर सङ्कट खडा भएको छ । बाह्यशक्तिको चलखेल र हस्तक्षेप तीव्र रूपले बढेको छ । राष्ट्रियताको दृष्टिकोणबाट अहिले हामी सर्वाधिक कठिन अवस्थामा छौँ । दुर्भाग्यवश यस्तो कठिन अवस्थामा राज्यको शक्ति र क्षमता क्रमशः ह्रासोन्मुख हुँदै गइरहेको छ ।

राष्ट्रियताका परम्परागत धरोहर, मान्यता र संस्थाहरू कमजोर भएका छन् । देशले अहिले भोग्नुपरेको अवस्था हठात् सिर्जना भएको वा नेतृत्व वर्गका सामान्य त्रुटि र कमजोरीका परिणाममात्र होइनन् । वस्तुतः यो अवस्था बाह्य शक्ति र देशभित्रको उग्र बामपन्थी शक्तिद्वारा आ-आफ्नो अभीष्ट पूरा गर्न रचिएको दीर्घकालीन रणनीतिक योजनाका दुष्परिणाम हुन् । २०४६ सालको जन आन्दोलनपश्चात् स्थापित स्थायित्व एवं आर्थिक तथा राजनीतिक प्रणालीलाई ध्वस्त पारेर उग्र वामपन्थी चिन्तनमा आधारित सर्वसत्तावाद लाद्न चाहने अतिवादी शक्तिले आफ्नो लक्ष्य प्राप्तिका निमित्त हिंसात्मक बाटो अवलम्बन गरेको सर्वविदितै छ । हिंसात्मक युद्ध सुरू भएको केही वर्षभित्रमा नै उसले हिंसाबाट काठमाडौं कब्जा गर्न सकिन्न भन्ने यथार्थ बुझिसकेको थियो । यो यथार्थ वोधसँगै उक्त अतिवादी शक्तिले आफ्नो अभीष्ट प्राप्तिका निमित्त बाह्य शक्तिसँग अपवित्र सम्बन्ध र साँठगाठ स्थापित गऱ्यो । नेपालमा आफ्नो प्रभुत्व स्थापित गर्न चाहने बाह्य शक्तिहरूका निमित्त उक्त अतिवादी शक्ति सजिलो र धारिलो हतियार बन्न तयार भयो । सत्र हजार नेपाली मार्ने, मराउने सशस्त्र द्वन्द्व र २०६२ मार्ग ७ गतेको बाह्रबुँदे सम्झौताको मार्गचित्रको अनुरूप चलाइएको २०६२/६३ को सडक आन्दोलन यही साँठगाँठको नैतिक र भौतिक सहयोग तथा अभिप्रेरणाबाट सञ्चालित थियो भन्ने सत्य अब जगजाहेर भइसकेको छ । भारतको राजधानी नयाँ दिल्लीमा भारतीय

शासकवर्गको प्रत्यक्ष सहयोग र प्रायोजनमा २०६२ साल मंसिरमा भएको बाह्रबुँदे सम्झौता त्यही साँठगाँठको एउटा कडी र नेपालमा हाल विकसित परिस्थितिको प्रारम्भ बिन्दु हो ।

आन्दोलन समाप्त भएको केही समयभित्रमा नै अर्थात् संविधानसभाको चुनाव नै सम्पन्न नभई षड्यन्त्रपूर्ण ढङ्गबाट राष्ट्रघाती नागरिकता ऐनको कार्यान्वयन, हिन्दूराष्ट्रको पहिचान समाप्त पारी कथित धर्मनिरपेक्षताको घोषणा, नेपाली राष्ट्रियता र एकताको प्रतीकको रूपमा रहेको राजसंस्थालाई पाखा लगाउने कार्य तथा जातीय आधारमा सङ्घीयता जस्ता विषयहरू जनयुद्धकालीन अवस्थामा बाह्य शक्तिहरूसँग गरिएका साँठगाँठको परिणाम र ती शक्तिहरूको सहयोगको मूल्य चुकाउने कार्यको परिणति हो भन्ने राप्रपाको ठहर रहेको छ । दुर्भाग्यवश यो तथ्यलाई अझसम्म पनि नेपालका प्रजातन्त्रवादी शक्तिहरूले बुझ्न सकेका छैनन् वा बुझेर पनि स्वीकार गर्न सकिरहेका छैनन् । यस्तो अवस्थामा स्थायी सरकारको रूपमा रहनुपर्ने प्रशासनिक संयन्त्र पार्टीकरणको प्रभावमा परेर नराम्रोसँग थला परेको छ । प्रशासनिक संयन्त्र र संवैधानिक अङ्गहरूको क्षमतामा अविश्वसनीय ढङ्गबाट ह्रास आएको छ भन्दै राप्रपा र राप्रपा नेपालले बाह्रबुँदे समझदारीको विरोध गरेको देखिन्छ । राप्रपाका अध्यक्ष कमल थापाले १२ बुँदे सम्झौतापछि लादिएको गलत अवधारणाका कारण सत्ताकेन्द्रित राजनीति हावी भइरहेको कटाक्ष गरेका थिए । तत्कालीन सात राजनीतिक दल र विद्रोही नेकपा माओवादीबिच २०६२ सालमा भएको १२ बुँदे सम्झौतापछि मुलुकमा लादिएको गलत अवधारणाका कारण राजनीतिमा विकृति देखिएको उनको टिप्पणी थियो ।

मुलुक सङ्कटबाट गुज्रिरहेको बेला सत्ताकेन्द्रित राजनीतिक अस्थिरता घातक हुने भन्दै उनले १२ बुँदेपछि अपनाइएको राजनीतिक व्यवस्था र बाटो परिवर्तन गर्नेबारे बहस गर्न आह्वान गरेका थिए (क्यानाडा नेपाल डेस्क, २०७७) । सात राजनीतिक दल र तत्कालीन माओवादीबिच १२ बुँदे सम्झौता भएपछि नेपालमा दोस्रो जनआन्दोलन भयो । १२ बुँदेलाई गन्तव्यमा पुऱ्याउन जुन मार्गचित्र बनाइएको थियो, त्यही मार्गचित्रबमोजिम पछि वार्ताका लागि पात्रहरू रोजिए । त्यस्ता पात्रहरूको सहजकर्ताको रोडम्यापबमोजिम जनआन्दोलनले स्थापित नगरेका केही राजनीतिक एजेन्डालाई नेपालको सन्दर्भमा स्थापित गर्ने काम भयो । धर्मनिरपेक्षता त्यसैको एक उत्पादन हो । १२ बुँदेको मुख्य कार्य अरु नै थिए तर धर्मनिरपेक्षता एकाएक ल्याइयो । नेपालमा कांग्रेस पार्टी धर्मनिरपेक्षताको पक्षमा कहिल्यै हुँदैन । कांग्रेस धार्मिक स्वतन्त्रतालाई आफ्नो सैद्धान्तिक आदर्श मान्दै आएको पार्टी हो । नेपाललाई हिन्दूराष्ट्र बनाउनेबारे जनमत सङ्ग्रह गर्नुपर्दछ । राप्रपा एक प्रजातान्त्रिक पार्टी हो । यसले विशेष तप्कालाई समेटेको छ । राप्रपाले घरेलु एकतालाई कायम गरेर जान सके देशको वैकल्पिक पार्टी बन्न सक्नेछ (एन.पी. साउदसँगको कुराकानीमा आधारित) । भारतका चर्चित पत्रकार “अर्नव गोस्वामी” ले लिएको अन्तर्वार्तामा भारतीय सेनाका पूर्वमेजर जनरल र मोदी सरकारका राष्ट्रिय सुरक्षाविद् “जिडी बक्सीस” ले दिल्लीमा भएको १२ बुँदे सम्झौता नै नेपालको राजसंस्था र हिन्दूराष्ट्र नेपालको समाप्तिको मुख्य आधार हो भनेका छन् (रिपब्लिक टिभी, २०७७ जेठ ८) । उनले माओवादीलाई भारतमा शरण दिएर राख्नु, नेपालको राजसंस्था र हिन्दूराष्ट्रलाई समाप्त पार्ने मुख्य दल

माओवादी र १२ बुँदे सम्झौतामा सहयोग गर्नु भारतको ठूलो भुल थियो भनेका छन् । उनले नेपालको माओवादी र भारतको नक्सलवादी उस्तै भएको र कम्युनिस्ट विचार बोकेका नेपालका कम्युनिस्टहरूलाई भारतले नेपालको सत्ता पल्टाउन गरेको सहयोग भारतको लागि आत्मघाती सावित भएको छ समेत भनेका छन् ।

राधाकृष्ण मैनालीका अनुसार, भारत नेपालको न्यायालय, सेना र राजसंस्थालाई मजबुद भएको देख्न सक्दैनथ्यो । देशमा सामाजिक सद्भाव विथोल्न देशको न्यायालय, सेना अनि २४० वर्षदेखि राष्ट्रिय एकताको प्रतीक भएर बसेको बलियो संस्था राजसंस्थालाई ढालेमा मात्र देश अस्थिर रहने हिन्दूस्थानको ठम्याइ थियो । धर्मको विषयमा युरोपियन र क्रिश्चियनहरूले खेले । केपी ओली, प्रचण्ड र माधवको खुट्टा भारतमा र जिउ नेपालमा रहेको छ । यिनीहरू सबै भारतीय इसारामा चल्ने राष्ट्रघाती नेताहरू हुन् । गणतन्त्र ल्याउँदा १२ बुँदे दिल्ली सम्झौता गरेको र यिनीहरूलाई सत्तामा ल्याएको कुरा केका लागि हो भन्ने कुरा बिस्तारै भारतले योजनाहरू खोल्दै जानेछ । जस्तो राजसंस्थाको अन्त्यसँगै १२ वर्ष अगाडि कालापानी, लिम्पियाधुरा र लिपुलेक हुँदै चीनसँग जोड्ने बाटो खोलियो । बाटो खोल्दा केपी ओली परराष्ट्रमन्त्री थिए भने बाटोको उद्घाटन हुँदा अहिले उनी यो देशको प्रधानमन्त्री छन् (राधाकृष्ण मैनालीसँगको कुराकानीमा आधारित) ।

पूर्वप्रधानसेनापति रुकमाङ्गद कटुवालका अनुसार, केही युरोपियन युनियनका मान्छेहरूले नेपाली सेनालाई कसरी कमजोर बनाउने भन्ने योजना बनाइराखेका थिए । किनकि नेपाली सेना भनेको राजाको सेना हो । नेपालको राजा भनेको निरङ्कुश हो र यो सेना राजाले परिचालन गर्ने भएकाले यसलाई प्रजातन्त्रीकरण गरिनुपर्दछ भन्ने उनीहरूको चाहना थियो । यसकारण सेनालाई कमजोर पार्नु थियो । नेपालको सेनालाई कमजोर बनाउन देशीविदेशी खासमा युरोपियन युनियन पूर्ण रूपमा लागेको थियो । पछि सेनालाई प्रजातन्त्रीकरण गर्नुपर्दछ भनी संविधानमा समेत लेखाउन तयार भए । तपाई प्रधानसेनापति रहँदा र राजा सेनाका परमाधिपति पदमा रहेका राजालाई गद्दीच्यूत गराइयो, त्यस बखत तपाईको के भूमिका रह्यो भन्ने जीवराम भण्डारीको प्रश्नमा कटुवाल भन्दछन् कि मेरो बुझाइमा राजसंस्था भनेको सबै बिषयको ज्ञान भएको विशाल दुरदर्शीता भएको र देश, दुनियाँ र नेपाली जनताको हरेक अवस्थालाई नियाल्न सक्ने सम्झेको थिएँ तर नजिकबाट हेर्ने अवसर पाउदा त्यहाँ त नजिकका आसेपासेले धेरैको वास्तविक कुरा पुग्नै नदिने र राजा त्यस किसिमको साँघुरो समूहको घेराभन्दा बाहिर आउन नसकेको पाएँ । यी कमजोरीहरूले गर्दा बिस्तारै बिस्तारै त्यस्तो परिस्थिति निर्माण हुन पुग्यो । हाम्रो भूमिका र रायसल्लाहले कुनै उपलब्धीमूलक कार्य गर्न पाएन । उनको भनाइलाई विश्वास गर्ने हो भने नेपाली जनताले चाहे नेपालमा राजसंस्था फेरि फर्कन सक्छ । राजा ज्ञानेन्द्रमा पदबाट बाहिर रहँदा जुन ढङ्गको उदारता, विशालता, शालिनता देखिएको छ, त्यो राजा भएका बखत देखिएन । विदेशीहरू विशेषतः युरोपियन युनियन नेपाललाई कमजोर, अस्थिर र विदेशीको खेलमैदान बनाउनको लागि नेपाली सेनालाई कमजोर बनाउन लागि पर्दछन् भन्दछन् (योहो टिभी, २०७७ जेठ १३) ।

नारायणमान बिजुक्छे (रोहित) का अनुसार नेपालको न्यायालयलाई कमजोर बनाउनका लागि विदेशीहरूले प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाउनुपर्छ भन्ने धारणा राखेर खिलराज रेग्मी प्रधानमन्त्री बने । न्यायालयलाई प्रयोग गर्नुहुँदैन भन्ने मेरो चाहना थियो । न्याय दिने मान्छे, न्यायालयको सर्वोच्च पद लिने मान्छे नै सरकारप्रमुख बन्यो भने सरकारको गल्तीकमजोरीको कसले फैसला गर्छ ? यो एउटा ठूलो षड्यन्त्रका साथ गरियो । यसको मुख्य उद्देश्य न्यायालयलाई समाप्त पार्ने न्यायालयको विश्वासलाई खलबलाउने हो । त्यसमा दक्षिण भारतले खेलेको खेल पूरा भयो । भारतले कम्युनिस्ट पार्टीलाई भित्री मनले कहिल्यै समर्थन गर्दैन । गर्ने भए उनीहरूकै देशमा समाजवाद ल्याइहाल्थ्यो नि, किन त्यहाँ ल्याउन दिँदैन । नरेन्द्र मोदी र उसको नेपाल नीति नेपालको हितमा कहिल्यै हुँदैन । नेपालका कम्युनिस्टहरूले सरकारी जग्गालाई पनि निजीकरण गरिरहेका छन् । यिनीहरू कसरी सच्चा कम्युनिस्ट भए ? कम्युनिस्टको नाम भयो तर गुण भएन । यिनीहरू भाइ काँग्रेस भएर काम गरिरहेका छन् । पञ्चायत व्यवस्थापछि ३० वर्ष बितिसक्यो हिजोका पञ्चायतभन्दा तात्त्विक कुनै फरक यो व्यवस्थामा भएको छैन । सरकारको लुगा फेरियो, नाम फेरयो तर काम गर्ने शैली एकै छ । सरकारमा जाने सञ्चालन गर्ने काँग्रेस, एमाले लगायत हालको दुई तिहाइको नजिकको नेकपाको सरकारले पनि देश र जनताको लागि कुनै नयाँ र उल्लेखनीय कार्य गर्न सकेन (Everest Nepal online, 2019, April 19) ।

बिजुक्छेकै भनाइमा नेपालमा भएका ठूला पार्टीहरू न त प्रजातन्त्रवादी हुन् न त समाजवादी पार्टी नै, न कुनै सच्चा कम्युनिस्ट हुन् । यिनीहरू सामन्तवादी सोचकै आधारमा चलेका पार्टी हुन् । जनताले के हेरेर यिनीहरूलाई मत दिइरहेका छन्, यो आश्चर्यको विषय छ । हिजोको व्यवस्था र सामन्तहरूको कार्यशैलीको विरोधमा परिवर्तनको लागि आन्दोलन गरियो तर सोच उस्तै देखियो । राप्रपा कस्तो पार्टी हो भन्ने प्रश्नमा बिजुक्छे भन्छन्, राप्रपा हिजो राजाका आसेपासेहरू मिलेर खोलिएको पार्टी हो, न त्यो पार्टीको त्याग छ न बलिदान नै, न कुनै आन्दोलनको इतिहास छ । राप्रपाभित्र एउटा वर्ग छ, त्यो बेलाबेला सत्तामा खानका लागि सङ्गठित हुन्छ । पछि भागबण्डा केकेमा समस्या आएपछि फेरि फुट्छ । उनको भनाइमा सर्प मरेपछि पनि पुच्छर हल्लाइरहन्छ । माछाले आँखा खोली रहन्छ । नेपालको राजतन्त्र अव इतिहास भयो । फेरि पुनर्स्थापित हुन्छ भन्ने कुरामा म विश्वास गर्दिनँ । यदि घटनाक्रमले राजसंस्था पुनर्स्थापित भयो भने पनि देश अग्रगमनतिर बढिसकेको कारण त्यो टिक्दैन (ऐजन) ।

डा. सुरेन्द्र केसीका अनुसार राजा कमल थापाले चाहेको विषय होइन । सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, पशुपतिशमशेर राणाले गणतन्त्रको कुरा गरे तर कमल थापाले धर्मनिरपेक्षताको बार्गेनिङ गरे । यो सब देख्दा कति बैमान छन् यिनीहरू सच्चा राजावादी र राजसंस्थावादी त विपी, कृष्णप्रसाद भट्टराई, प्रकाश कोइराला, मनिषा कोइरालाहरू हुन् । नेपालको बलबुताबाट राजसंस्था फर्किंदैन । बाहिरी शक्तिले राजसंस्था स्थापना गर्न खोजे र नेपालीले रोक्न खोजे पनि स्थगित हुन्छ । राप्रपा यिनै पुस्ताको नेतृत्वबाट सफल हुँदैन । अर्को पुस्तामा पशुपति, लोहनी र कमल थापाले छोडे भने राजा र धर्मका नाममा

एउटा ठूलो जनमत छ अर्को पुस्ताले लिएर हिड्न सक्छ (Bhrikuti online TV, 2020, October 19)। वरिष्ठ अधिवक्ता बालकृण न्यौपानेका अनुसार, राजा वीरेन्द्रले आफू र देश भुटानजस्तो बन्न नखोज्दा पञ्चायत समाप्तिसँगै आफू मारिनुपऱ्यो र दरबार हत्याकाण्ड भयो । त्यस्तै राजा ज्ञानेन्द्रले पनि सोही प्रस्ताव नमान्दा नेपालबाट राजसंस्था समाप्त भयो । उनी यो पनि भन्दछन् कि नेपालको राजसंस्था गिरिजाप्रसाद कोइरालाले समाप्त गरे । विपीले जस्तो अवस्थामा पनि राजासहितको प्रजातन्त्रलाई आत्मसात् गरेका थिए तर गिरिजाले माओवादीसँग मिलेर राष्ट्रपति बन्ने चाहनाका साथ राजसंस्थालाई अन्त्य गरे । आखिरी उनी राष्ट्रपति पनि बन्न सकेनन् । राजसंस्थाको कट्टर हिमायती कमल थापाबारे उनी यो पनि भन्दछन् कि हिन्दूवादी र राजावादीको नाममा प्राप्त गरेको भोट गणतन्त्रमा प्रयोग गरेर सत्तामा जाने आधार तयार गर्दछ कमल थापाले । राजा त्यही कमल थापाले देशमा राजसंस्था फकाउँछ भन्ने भ्रममा परे भने त्योभन्दा ठूलो धोका कहिल्यै हुँदैन भनेर राजसंस्थाको पुनर्स्थापना सम्भावनालाई नकार्दछन् । उनको भनाइ यो पनि छ कि राजाका नाममा राजनीति गर्नेले राष्ट्रपतिको प्रस्तावक र समर्थक बन्नु र हामीले त्यो देख्नु मरेको दिन जस्तै भएको थियो (Everest Nepal Online, 2020 October, 13) ।

राधाकृष्ण मैनालीका अनुसार, माओवादीले सशस्त्र विद्रोह सुरू गर्नुभन्दा पहिला राजाका नजिकका मान्छेहरू र पूर्वपञ्चहरूबाट आर्थिक सहयोग उठाएर सशस्त्र विद्रोहमा जाने तयारी गरेका हुन् । माओवादीको बाटोखर्च पूर्वपञ्च र राजावादीले व्यवस्था गरेका हुन् । पछि उनीहरू शक्तिशाली बन्दै गएपछि भारत उनीहरूको दाताराष्ट्र बन्यो । त्यसपछि देश नै लुट्न थाले । पार्टी त असङ्ख्य धनी बन्न पुग्यो । माओवादीले सशस्त्र विद्रोह गर्दा पहिला नेपाल प्रहरीमाथि आक्रमण सुरू गरे । पछि दिल्लीको साथ सहयोग पाएपछि नेपाली सेनालाई प्रहार गर्न थाले । माओवादी दरवारसँगभन्दा भारतसँग नजिक भएपछि विस्तारै भारतीयको इसारामा १२ बुँदे दिल्ली सम्झौता गरी राजसंस्थाको अन्त्य गर्ने ठाउँमा पुगे । यसबाट उक्त सम्झौता हुनुमा भारतको प्रमुख हात थियो भन्न सकिन्छ । यस सम्झौतापछि देश झन्झन् अस्थिर र सङ्कटग्रस्त बन्दै गयो । नेपालमा अस्थिरता सिर्जना गरी आफ्नोअभीष्ट पूरा गर्ने सोच भारतको रहेको देखिन्छ । त्यसको मतियारहरू नेपालका ठूला राजनीतिक दल र तिनका नेताहरू बन्न पुगे ।

### ६.१० दोस्रो जनआन्दोलन र राजसंस्थाको अवसान

वि.सं.२०६२/०६३ को आन्दोलनले ल्याएको राजनीतिक परिवर्तनपश्चात् आन्दोलनरत दल र माओवादीको चाहनाबमोजिम प्रतिनिधिसभाको पुनर्स्थापना गरियो । त्यो प्रतिनिधिसभाको पहिलो बैठकमा माओवादीहरू पनि आफ्नो राजनीतिक भागबण्डामा सिट लिएर संसद्मा सामेल भएका थिए । तात्कालिक पहिलो संसद्को बैठकमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले देशको सबै कुटनैतिक नियोगका प्रतिनिधिहरूलाई आमन्त्रण गरेका थिए । बाहिरी हल्ला के थियो भने राजाले राजतन्त्रको अधिकार र नयाँ निर्णयहरू गरिने भएकाले सैन्य 'कू' हुन सक्छ भन्ने अफवाह फैलिएको कारण शान्ति सुरक्षा, विदेशी पाहुना र सबै खाले प्रबन्ध मिलाइएको थियो । त्यसमा राप्रपाका सांसदहरू पनि सामेल थिए । राप्रपाका अध्यक्ष

पशुपतिशमशेर जबराले पत्रकार जगत नेपालसँग यो पुनर्स्थापित प्रतिनिधिसभामा उपस्थित हुँदा यत्रो लामो संसद्को अनुभव भएको व्यक्ति अहिले के भिन्नता पाउनुभयो भन्ने प्रश्नमा राणाको उत्तर थियो । "मेरो जीवनमा पहिलोचोटि पत्रकार प्रतिनिधिसभा हलभित्र प्रवेश गरी प्रश्न सोधेको र मैले जवाफ दिएको यो पहिलो घटना हो साथै म पुनर्स्थापित प्रतिनिधिसभाको सांसद भएको पनि यो पहिलो घटना हो" भन्ने जवाफ दिएका थिए । बैठक प्रतिनिधिसभाको ग्यालरी बैठक कक्षमा भएको थियो । वास्तवमै नेपालको राजनीतिक इतिहासमा पत्राकारहरूले संसद् भवनभित्र बैठक कक्षबाट प्रत्यक्ष प्रसारण गरेको त्यो नै पहिलो घटना थियो ।

सिंहदरवारस्थित ग्यालरी बैठकमा राजाको प्रतीक राजदण्ड हटाएर बैठक सुरू गरिएको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो प्रस्ताव राख्दै भनेका थिए, "जनताको चाहनाअनुरूप गरिएको यो परिवर्तन सार्वभौम, राजकीय शक्तिको स्रोत जनता र जनताको यो अधिकारलाई अवमूल्यन गर्ने दुस्साहस गऱ्यो भने त्यसले दुस्परिणाम उत्पन्न गर्दछ" भन्दै साङ्केतिक रूपमा राजालाई भनेका थिए । त्यसपछि प्रतिनिधिसभामा गडगडाहट तालीले उनको भनाइको स्वागत गरिएको थियो । सो बैठकले श्री ५ को सरकारलाई परिवर्तन गरी नेपाल सरकार, शाही सेनालाई परिवर्तन गरी नेपाली सेना र देशलाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको थियो । नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार नेपाल सरकारको रहनेछ भनी तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङले घोषणा गरेका थिए । राजसंस्था, उत्तराधिकारी राख्ने नराख्ने बारेमा सम्पूर्ण अधिकार प्रतिनिधिसभालाई हुनेछ भनी घोषणा गरिएको थियो । सो घोषणा हुँदा राप्रपाका ११ जना प्रतिनिधिसभा सांसद् संसद्मा थिए तर पार्टी भने विभाजित अवस्थामा थियो । ती ११ जना सांसदहरूमा सूर्यबहादुर थापा (धनकुटा), पशुपतिशमशेर जबरा (सिन्धुपाल्चोक), बुद्धिमान तामाङ (धादिङ), रामचन्द्र राय (सर्लाही), कृष्णचरण श्रेष्ठ (सिराहा), रेणुदेवी यादव (सप्तरी), कृष्णप्रताप मल्ल (धनुषा), अजयप्रताप शाह (कपिलवस्तु), वृजेशकुमार गुप्ता (कपिलवस्तु), गोविन्दबिक्रम शाह (जाजरकोट) र नेत्रलाल श्रेष्ठ (सल्यान) रहेका थिए । नेत्रलाल श्रेष्ठ लामो समयदेखि अमेरिकामा बसोबास गरेको कारण उनी नआउने निश्चित भएपछि उनको रिक्त स्थानमा सुनसरीका नरेन्द्र चौधरीलाई प्रतिनिधिसभा सदस्यमा नियुक्त गरिएको थियो ।

पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकले गरेको परिवर्तनको पक्षमा सबैले ताली बजाएर स्वागत गर्दा राप्रपाका सांसदहरूले पनि समर्थन गरेका थिए । राजाका अधिकारहरू संसद्मा ल्याउने, श्री ५ को सरकारलाई परिवर्तन गरेर नेपाल सरकार बनाउने, शाही सेनालाई नेपाली सेना बनाउँदा समेत पूर्वपञ्चहरू जो राजाका नजिक भएर राजाको शासनव्यवस्थामा पटक पटक सत्तामा आएका भए तापनि उनीहरुले विरोध र नोट अफ् डिसेण्ट गर्ने साहस गरेनन् । प्रतिनिधिसभामा पुनर्स्थापित राप्रपाका ११ जना सांसदमध्ये बुद्धिमान तामाङ र वृजेशकुमार गुप्तालाई शाहीकालीन सरकारमा काम गरेको आधारले प्रतिनिधिसभा सदस्य बसिरहन अयोग्य ठानी प्रतिनिधिसभाबाट कारबाहीस्वरूप निष्कासन गरिएको थियो भने कपिलवस्तुका सांसद अजयप्रताप शाहको ठाउँमा उनको निधन भएको कारण उनकै छोरा अभिशेकप्रताप शाहलाई प्रतिनिधिसभा सदस्य सांसद बनाइएको थियो । नेपालमा गणतन्त्र आएपछि राजनीतिमा बद्लाव आएको छ । देशका सबै

पार्टी र समुदाय एक अर्कामा लड्न थालेका छन् । हिजो पञ्चायतसँग बहुदल लड्यो र माओवादीसँग राज्य लड्दै थियो, त्यो समाप्त भयो । राजसंस्थासँग गणतन्त्र लड्दै थियो, त्यो समाप्त भयो । गणतन्त्र आएपछि एक अर्कामा सबै लड्दैछन् । क्षेत्री बाहुनसँग राई लिम्बु लड्दै छन् । मधेशीसँग थारु र पहाडी लड्दै छन् । सुदुरपश्चिमसँग सुदूरपूर्व लड्दै छ । गणतन्त्रले देशमा लडाइँ गराएको छ । प्रदीप गिरीका अनुसार नेपालको राजसंस्था माओवादी, कांग्रेस र नेकपा एमालेले समाप्त गरेको होइन, स्वयं राजा ज्ञानेन्द्रले समाप्त गरेका हुन् । उनलाई शक्तिशाली राजा नभएर अलङ्कारिक राजा बन्ने प्रस्ताव आएको थियो ।

राजाले आफू कमजोर र शक्ति कमजोर भएको महसुस नगरी, त्यो विषयको हेक्का नराखी अझ शक्तिशाली बन्ने बाटोमा हिँडेका कारण नेपालमा राजसंस्था समाप्त भएको हो । राजा र राजसंस्थाको विषयमा उनी भन्छन् कि जब राजा बलियो बन्ने प्रयत्न गर्छन् तब राजसंस्था कमजोर बन्छ र राजा जब कमजोर बन्दछन् त्यस बखत राजसंस्था बलियो बन्दछ । राजाले सम्पूर्ण शासन आफूले लिएपछि मैले भनेको थिएँ कि नेपालमा राजसंस्थाको गरिमा उच्च छ । राजालाई आजको दिनसम्म पनि भगवान विष्णुको अवतारको रूपमा हेरिन्छ । तसर्थ भगवान विष्णुले पनि आफ्नो सुदर्शन चक्रलाई पनि कयौँचोटि वापस वा फिर्ता लिएका धार्मिक तथ्य छन् । त्यसैगरी राजाले निरङ्कुशताको यो चक्रलाई फिर्ता लिनु आफू र आफ्नो संस्थाको लागि उचित हुन्छ भनेको थिएँ । अन्ततः राजतन्त्रको उन्मूलन हुन गई देशमा गणतन्त्रको स्थापना हुन पुग्यो (प्रदीप गिरीसँगको कुराकानीमा आधारित) । नेपालको हिन्दूराष्ट्र र राजसंस्था भारतीयहरूको योजनाका कारण समाप्त भयो भन्ने तर्क आउँदा नेपाली कांग्रेसका युवा नेता गगन थापा भने त्यसको प्रतिवाद गर्दछन् । लाखौं मान्छे सडकमा प्रतिगमनको विरुद्ध आन्दोलन गर्ने हामी अनि भारतले २०६२/०६३ को आन्दोलन सफल पार्‍यो भन्यो भने कसरी त्यसलाई विश्वास गर्ने ? भनी प्रकाश गिरीले लिएको अन्तवार्तामा भनेका थिए (सगरमाथा टिभी, २०७७ जेठ १०) । राजा ज्ञानेन्द्रले प्रजातन्त्र समाप्त गरी देशका गाउँगाउँ जाने तर काठमाडौँबाट फ्रेन्च वाइन र डिनर आर्मीको हेलिकप्टरमा मगाउने राजा हामीलाई चाहिँदैन भनी भाषण मैले गरेकै हो । राजाले जनतासँग नक्कली आत्मीयता देखाएको देखेर वास्तविकता छर्लङ्ग पार्न त्यो बोलिएको थियो । राजाले प्रजातन्त्र र बहुदलीय व्यवस्था समाप्त गरी आफूसँग निहीत बनाए । आफैँ सरकारप्रमुख बने । जनताको नाममा सम्बोधन गर्दा प्रजातन्त्र र प्रगति एकअर्काका परिपूरक हुन् तर नेपालको विगतको केही तितो अनुभवले यसलाई असङ्गति सावित गर्ने चेष्ठा गरियो भनेर प्रजातन्त्रलाई समाप्त गरेपछि नेपाली कांग्रेस र व्यक्तिगत रूपमा म गणतन्त्रको पक्षमा उभिएको हो तर प्रजातन्त्र र लोकतन्त्र नै सबैभन्दा उत्तम विकल्प हुन् भन्ने मेरो बुझाइ रहेको छ । राजतन्त्र फाल्न र गणतन्त्र स्थापना गर्न जनताले त्याग र बलिदानी दिए ।

जनताकै बलबुतामा राजतन्त्र गयो र गणतन्त्र आयो तर जनभावनाअनुसार देश र जनताको पक्षमा काम नहुँदा जनतामा निराशाको बादल मडारिएको छ । गणतन्त्रपछिका दिनहरूमा राष्ट्र कमजोर बन्दै गएको छ । वैदेशिक हस्तक्षेप नेपालको इतिहासमै अत्यधिक बढेर गएको छ । भ्रष्टाचार संस्थागत रूपमै मौलाएको

छ । सत्तासीन दलहरू जनताप्रति अनुदार, असहिष्णु, गैरजिम्मेवार र अराजक बन्दै गइरहेको अवस्था छ । यसै सन्दर्भमा नेकपाकी नेतृ रामकुमारी झाँक्री भन्छिन्, "गणतन्त्रको लागि टाउको फुटायौँ, रगत बगायौँ तर वर्तमान राजनीतिले जनताको चाहना पूरा गर्न सकेन । सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । आफ्नै सरकार यस्तो बदनाम हुन्छ भन्ने कल्पना समेत गरेकी थिइनँ । सत्तामा पुगेपछि देश र जनताको भलाइमा काम गर्नुको सट्टा सबै पैसाकै पछि लागेको देख्दा मन भक्कानिन्छ । यदि मन्त्रीले मात्र भ्रष्टाचार नगर्ने हो भने देशको विकासले तुरुन्तै फड्को मार्छ । नेपालको न्यायालयले मात्र इमान्दारिताका साथ कार्य गर्ने हो भने पनि कानुन र विधिको शासनको अनुभूति हुन सक्दछ । आज सबै पार्टी र नेतालाई पैसा प्यारो भएका कारण विकृति बढेको छ । पैसावाल हुनासाथ योग्यता नभएका मान्छेहरू राज्यसञ्चालनमा पुग्ने भएको छ । ठेकेदार, दलाल, तस्कर, व्यापारी आदि सबै महत्त्वपूर्ण निकायमा प्रभाव जमाएर बसेका छन् । त्यसको एउटै कारण नेतृत्वलाई पैसा मन पर्छ  र नेतृत्वकै कारण यी सबै कुराहरू भएका छन् । शाहीशासन विरुद्धको आन्दोलनमा रगत पसिना बगाइयो । देशलाई सामन्तीसत्ता, नोकरशाही व्यवस्थाबाट श्रमजीवी जनताको पक्षमा ल्याउनलाई गणतन्त्र आयो तर नेतृत्वको कार्यशैली, सोच, व्यवहार र हालको अवस्था हेर्दा हामी पुरानै ठाउँमा रहेछौँ" (रामकुमारी झाँक्रीसँगको कुराकानीमा आधारित) । उनको यो आक्रोश आमजनताको प्रतिनिधि आवाज र आक्रोश हो भन्दा अत्युक्ति नहोला । नेतृ झाँक्री जस्तै आमजनता राजतन्त्र फालेर गणतन्त्र ल्याएकोमा पछुतो मान्न थालेका छन् । आजको गणतन्त्रभन्दा त हिजोको राजतन्त्र नै ठिक थियो भन्ने आवाजहरू सघन र बुलन्द बन्दै गइरहेका छन् । नेताहरूकै व्यवहारका कारण गणतन्त्रप्रति जनतामा वितृष्णा पैदा भएको स्थिति छ ।

दलहरू र विशेषतः नेताहरूका आचरणमा सुधार नआउने हो भने राजतन्त्रको पुनर्स्थापना वा अर्को कुनै राजनीतिक परिवर्तनको लागि ज्वारभाटा नआउँला भन्न सकिन्न । गणतन्त्रप्रति कटाक्ष गर्दै पत्रकार राजेन्द्र बानिया भन्छन् कि नेता, शासक र जनताका फरक फरक अधिकार र लक्षमणरेखा कोरेको गणतन्त्रमा जसले जे भने पनि राजा देशका एक असल अभिभावक थिए । वर्तमान सत्तासीन दल नेकपाप्रति व्यङ्ग्य गर्दै 'संवृद्ध नेपाल सुखी नेपाली' को नारा लगाएको नेकपा सरकारले झुट त बोल्यो नै तर कम्युनिस्टहरू नै झुट हुन्छन् भन्ने कुरालाई समेत प्रमाणित गर्‍यो । उनी गणतान्त्रिक नेपालका नेताहरूका बारेमा सोधेको प्रश्नको उत्तर दिन नसक्ने, कसैले पछाडिबाट सिकाएको जवाफ दिने, लेखेको उत्तर पनि शुद्धसँग पढ्न नजान्ने, आलोचना हुनासाथ नेकपाको भाषण हुने, यही हो नेपालको राजनीतिको असली चरित्र ? लोकतन्त्र र सङ्घीयताले कस्तो नेता जन्मायो भनी प्रतिप्रश्न गर्दछन् (पत्रकार राजेन्द्र बानियासँगको कुराकानीमा आधारित) । उनले भनेजस्तै वर्तमानमा नेपालको राजनीति झुटको पुलिन्दा बनेको छ । भन्छन् एउटा गर्छन् अर्को । राजनीति देश र जनताको सेवाको लागि हुनुपर्नेमा यहाँ त नेताहरूको ठगी खाने भाँडो भएको छ । दलगत स्वार्थका कारण आजको यो स्थिति आएको हो । नेपालमा राजनीति आफ्नो दल, कायकर्ता र त्यसमा पनि दलभित्रको आफ्नो गुटको लागि भएको प्रतीत हुन्छ । राजनीतिक दल र नेताहरूका आचरण र

व्यवहारबाट साँच्चै आमजनताको मनोविज्ञानमा समेत नराम्रो असर पर्न गएको छ । नेताहरूका यस्ता आचरणकै कारण जनताका नजरमा उनीहरू घृणाका पात्र बन्न पुगेका छन् । कलाकार भुवन केसी भन्दछन् कि गणतन्त्रको नाममा आफ्नो धर्मसंस्कृति, रीतिरिवाजलाई मासेर देशमा अस्थिरता कायम हुनु दुःखको कुरा हो । उनको भनाइमा पञ्चायत कालमा गाउँमा एउटा कुखुरा चोरी भयो भने पनि सजिलै पत्ता लाग्थ्यो । एउटा डण्डी लिएर प्रहरी हवल्दार गाउँमा आउँदा गाउले सबै थर्कमान हुन्थे । कानुनी राज्य र शासनको अनुभूति हुन्थ्यो तर आज मान्छे जिउँदै पोलेर मार्नेहरू भोलि नेता भएर मन्त्री बन्दछन् । वर्तमानमा दण्डहीनता, विकृति र विसङ्गतिले सीमा नाघेको अवस्था छ । राजनीतिक आस्थाका आधारमा यहाँ न्याय गरिन्छ । सत्तासीन मुठ्ठीभरका व्यक्तिहरूका कब्जामा देशलाई बन्दी बनाइएको छ । पञ्चायभन्दा बहुदलीय व्यवस्था असफल भयो । अझ बहुदलीय प्रजातन्त्रभन्दा गणतन्त्र असफल भएको छ । उनी अव देश नै रहने हो कि होइन भनेर चिन्तित देखिन्छन् (कलाकार भुवन केसीसँगको कुराकानीमा आधारित) ।

ज्योतिष तथा पण्डित अच्युत भट्टराईका अनुसार नेपाल देश राजाबेगर धेरै दिन चल्नै सक्दैन । हाल आएर हिन्दू धर्ममाथि प्रहार भएको छ । देशको ग्रह दशाले गर्दा केही समय राजा र धर्मले किनारा लाग्नुपऱ्यो । यो देशको भविष्यलाई राम्रोसँग हेर्दा देशको दिनदशा सुध्रन्छ र देश फेरि राजासहितको हिन्दूराष्ट्रमा रूपान्तरण हुन्छ । यो मान्छेमा जस्तै राहु र केतुको प्रभावले यस्तो भएको हो । देशलाई पनि साँढेसातीले भेटेको अवस्था हो । वैदिक सनातन हिन्दूराष्ट्र नेपाल सम्पूर्ण नेपाली र विश्वभरि फैलिएर बसेका तमाम् हिन्दू धर्मावलम्बीहरूका गौरव र पहिचान अनि सम्मानको विषय थियो । राष्ट्र आज पापीहरूको हातमा रहेको छ । त्यही कारण पापीहरूले धर्मलाई नाश गरे । त्यो स्वभाविक थियो । राजा र धर्म देशको मुख्य आधारस्तम्भ हुन् । वेधर्मीहरू बढ्नु, देशले अनुशासनको अनुभूति नगर्नु, पाप र पापीहरूले राज्य सञ्चालन गर्नु, असुरहरूले राज्य सञ्चालन गरे जस्तै हो । दानवको राज्यमा न्यायको कुरा व्यर्थ हुन्छ । आज देश त्यही गतिमा गएको छ । गणतन्त्र पापकै परिणाम हो । पापीहरूको व्यवस्था हो (ज्योतिष तथा पण्डित अच्युत भट्टराईसँगको कुराकानीमा आधारित) । उनले भनेजस्तै साँच्चै गणतन्त्रले देश बर्वाद बन्दै छ । अव पनि राजनीतिक दल र नेताहरू नसुध्रिने हो भने गणतन्त्रको विकल्पमा अर्को कुनै व्यवस्था आउने कुरा निश्चित छ । त्यो व्यवस्था राजतन्त्र नै हुन सक्ने आँकलन गर्न सकिन्छ ।

पुष्पराज पुरुष (योगी) का भनाइमा विदेशी सर्ट, पाइन्ट र टाई लगाएर संसद् भवन र विदेश जानेहरू राष्ट्रघाती हुन् । जनताले भोट दिएर आएका जनताका प्रतिनिधिहरूले हिन्दूराष्ट्र नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउन सहयोग गरे । त्यसमा हस्ताक्षर गरे । उनीहरूलाई देशको धर्म मास्नका लागि मत दिइएको थिएन । ती सबै पापका लागि बनेका छन् । हिजो जनताका घरमा गएर भुटेको मकै मागेर खाने नेताहरू आज करोडौँको गाडी चढेर हिँडेका छन् । अरवौँको भ्रष्टाचार गरेका छन् । के गणतन्त्र त्यसैका लागि ल्याएका हुन् ? भनी प्रतिप्रश्न गर्दछन् । नेपाल हिन्दूराष्ट्र हुनुपर्दछ । हाम्रा देवीदेवता, ऋषिमुनिका तस्वीर हटाएर विदेशी नेताहरूको तस्वीर झुण्डाउन अब हामी दिनेछैनौँ । यो देशलाई जसरी पनि धर्मसापेक्ष राष्ट्र

बनाएर छाड्छौँ । राजा राष्ट्रिय एकताका प्रतीक हुन् । देशको राष्ट्रियता बलियो बनाउन सबै देशवासीहरूलाई एकता र सद्भावको मालामा गाँसेर राख्न देशमा राजसंस्था चाहिन्छ । राप्रपाले यो अभियान कायम राखोस् हामी सबै सन्त, महन्त, योगी गुरुहरूको साथ र सहयोग सदासर्वदा रहने छ (पुष्पराज पुरुषसँगको कुराकानीमा आधारित) ।

राप्रपाका नेता जगत गौचनका अनुसार नेपालको राजनीतिमा सत्ता टिकाउने नटिकाउने संसद्को सङ्ख्यामा मात्र निर्भर गर्दैन । त्यसमा अन्तर्राष्ट्रिय चलखेलले ठूलो प्रभाव पार्दछ । नेपालको हरेक राजनीतिक परिवर्तनमा अन्तर्राष्ट्रिय शक्तिहरूले निर्णायक भूमिका खेल्दै आएका छन् । त्यसैको कारण परिवर्तनपश्चात् उनीहरू कै कारण सोचेको जस्तो उपलव्धी हासिल हुन सकिराखेको छैन । साथै त्यसको जग पनि बलियो भएको देखिँदैन । राष्ट्रवादी भएर आज युवाहरू जो सडकमा आएका छन् त्यो हाम्रो सोचको विजय हो । मातृभूमिको रक्षार्थ लाग्नुपर्दछ भन्ने उच्च सोचको पक्षमा आज युवाहरू सडकमा उठेका हुन् (जगत गौचनसँगको कुराकानीमा आधारित) । वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेका अनुसार, नेपालमा कोरोना सकिएको मितिले ६ महिनाभित्र यो व्यवस्था समाप्त हुन्छ । जनताले आन्दोलन गरेर यसको बलमा यो संविधान, यो नेकपाको सरकार र व्यवस्था नै उल्ट्याउनेछन् । सरकार भ्रष्ट र सत्ता केन्दित भएकै कारण अव यो व्यवस्था ढल्नेछ भन्दछन् (Everest Nepal Online, 2020, Oct 13) । वर्तमान सरकारको भ्रष्ट आचरण, सर्वसत्तावादी सोच, जनतामा उत्पन्न नैराश्य, न्यायहरण, दण्डहीनता, सत्ताको लुछाचुँडी आदिका कारण यो व्यवस्था पतनतर्फ उन्मुख देखिन्छ ।

आन्दोलनद्वारा अव राजसंस्थाको पुनर्स्थापना नहोला भन्न सकिन्न । राजनीतिक दलहरूका व्यवहारकै कारण आज जनता गणतन्त्रभन्दा हिजोको राजतन्त्र नै ठिक थियो भन्ने मनस्थितिमा पुगेका छन् । कलाकार भुवन केसीका अनुसार, राप्रपाका नेताहरू पञ्चायतको स्कुलिङबाट आए पनि प्रजातन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा पहिलाको जस्तो इमान इज्जत रहने गरी कार्य गरिरहेको पाइँदैन । राप्रपाले धर्म र राजाको विषयमा उठाएको कुरा राम्रो छ तर धर्म र राजाको नाममा आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न तिनलाई व्यापार नबनाई इमान्दारीका साथ एजेन्डा स्थापित गर्न लाग्नुपर्छ । नेपाललाई पुनः हिन्दूराष्ट्र बनाउन र राजसंस्थाको पुनर्स्थापना गर्न जनताले अवश्य साथ दिनेछन् (भुवन केसीसँगको कुराकानीमा आधारित) ।

## ६.११ बृहत शान्ति सम्झौता

२०५२ साल फागुन १ देखि नेपालमा पहिलो पटक योजनाबद्ध तरिकाले सञ्चालन भएको कम्युनिस्ट विद्रोह एघार वर्षपछि २०६३ मंसिर ५ को शान्ति सम्झौतासँगै अन्त्य भएको थियो । यो घटना आफैँमा ऐतिहासिक मात्र नभएर नेपालमा भएका सबैखाले विद्रोहको विसर्जनसमेत थियो । त्यसअघि त्यही वर्षको वैशाख १४ गते औपचारिक रूपमा युद्धविराम गरेर निर्णायक शान्ति प्रक्रियामा सामेल माओवादीले शान्ति सम्झौतामा हस्ताक्षर गर्न आठ महिना कुर्नुपरेको थियो । त्यतिमात्र होइन २०६० चैत्र १६ मा भारतको सिलगुढीबाट पक्राउ परेका वरिष्ठ नेता मोहन वैद्य र त्यही वर्षको भदौ ३ गते चेन्नाई विमानस्थलबाट

पकडिएका सीपी गजुरेल त्यो बेलासम्म भारतीय जेलमा नै रहेका थिए । प्रचण्ड र बाबुराम भट्टराईलाई भारतीय पक्षले पटक पटक आश्वासन दिएर पनि उनीहरूलाई रिहा गरेको थिएन । भारतले समेत प्रचण्ड-बाबुराम साच्चिकै शान्ति सम्झौतामा हस्ताक्षर गर्न तयार हुन्छन् कि हुन्नन् भनेर हेरिरहेको प्रस्ट थियो । शान्ति सम्झौताले एक दशक लामो सशस्त्र युद्धको अन्त्य गरेर माओवादीलाई शान्तिपूर्ण अवतरणमा ल्याएको भए तापनि भविष्य के हुन्छ भन्नेमा अन्योल नै थियो (दाहाल, २०७५) । सम्झौता भएको नौ दिनपछि बल्ल वैद्य र गजुरेल भारतीय जेलबाट रिहा भएर नेपाल आएका थिए ।

२०६४ जेठमा गर्ने भनिएको संविधानसभाको चुनाव चैत्रमा पुगेको थियो भने ४२५ सदस्यीय संविधानसभा गठन गर्ने भनिएकोमा ६०१ सदस्यीय बन्न पुगेको थियो । त्यसो त संविधानसभा निर्वाचन भएको दुई वर्षमा संविधान बनाउने र त्यसअघि नै शान्ति प्रक्रियाका सबै काम सक्ने भनिएकोमा झण्डै आठ वर्षपछि संविधान बनेर नेकपा (माओवादी) समेत विघटन भइसक्दा पनि शान्ति प्रक्रियाका कतिपय काम अझै बाँकी रहेका छन् । सरकार र माओवादीबिचको शान्ति सम्झौतापछि वैद्य र गजुरेलको रिहाइ सम्भव भएको हो । भारतको पश्चिम बङ्गालस्थित जलपाइगुढी कारागारमा रहेका दुईजना वरिष्ठ माओवादी नेताहरू मुक्त भएका थिए । माओवादी नेता मोहन वैद्य (किरण) र अर्का नेता सिपी गजुरेल (गौरव) लाई तीन वर्षको कैदपछि पश्चिम बङ्गालको जलपाइगुढी जिल्ला अदालतको आदेशअनुसार मुक्त गरिएको थियो (बीबीसी, २०६३) । त्यो घटनाले पनि स्पष्ट गर्दथ्यो कि जारी बाह्रबुँदे समझदारी हुँदै अघि बढेको शान्ति प्रक्रियाालाई भारतले सावधानीपूर्वक अघि बढाएको थियो ।

रिहा भएपछि वैद्य र गजुरेलले सुरूमा शान्ति सम्झौतालाई के हो के हो भन्ने रूपमा लिए भने पछि प्रचण्ड-बाबुरामले क्रान्तिलाई बर्बाद गरेको भन्न थाले तर पनि प्रचण्ड त्यो युद्ध र पार्टीको प्रमुख नेता हुनुका नाताले शान्ति सम्झौताको मर्म र त्यो सम्झौता हुने बेलामा भएका बाह्य पक्षसँगको प्रतिबद्धताबाट अलग हुन सम्भव थिएन । यसरी माओवादीले जनयुद्ध सुरू गरेको नै केही गरेर नदेखाएसम्म एउटा निर्णायक शक्ति बन्न सकिँदैन भन्ने प्रचण्ड नीतिले एउटा जबर्जस्त राजनीतिक हिस्सेदारी प्राप्त गरेको थियो । शान्ति सम्झौतासम्म आइपुग्दा माओवादी विद्रोही शक्तिबाट वैधानिक राजनीतिक शक्ति बन्ने हैसियत प्राप्त गरिसकेको थियो । अर्कातिर माओवादी जनयुद्धको वार्ता राजनीति एक दाउपेच मात्र नभएर राजनीतिको केन्द्रीय भूमिकामा उपस्थित हुने उद्देश्य नै थियो (दाहाल, २०७५) । प्रजातन्त्रको विकल्पमा तीनवटा कुराहरू हुन सक्दछन् । एउटा सेना, एउटा राजाको प्रत्यक्ष शासन र अर्को कम्युनिजम । जब कम्युनिस्ट आएर त्यो व्यवस्था पतन हुन्छ, त्यसपछि त्यो देश टुक्रिन्छ । कम्युनिजमबाट प्रजातन्त्र ल्याउन खोज्नेहरू सँगै बस्नै सक्दैनन् । उनीहरूले पूर्ण स्वतन्त्र बन्ने अभिलाषा राख्दा देश विभाजित हुन्छ । अहिले प्रचण्ड, ओली जस्ता नेता त्यही मार्गमा हिड्न लागिरहेका छन् (विश्वबन्धु थापासँगको कुराकानीमा आधारित) ।

# परिच्छेदः ७
# सारांश, निष्कर्ष र सुझाव

प्रस्तुत 'नेपालको संसदीय अभ्यासमा राष्ट्रिय प्रजातन्त्र पार्टी (वि.सं.२०४७ देखि २०७४ सम्म)' शीर्षकको शोधप्रबन्ध राप्रपाको जीवन र यसको विभिन्न आयामहरू जस्तै : राप्रपाको स्थापना र निर्माण, संसदीय अभ्यासमा नेपाली राजनीतिको मुद्दाहरू, अन्य राजनीतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र राजनीतिक सम्बन्धका विषयमा विस्तृत रूपमा अध्ययन अनुसन्धान गरी तयार गरिएको छ । यस शोधप्रबन्धलाई ७ खण्ड वा परिच्छेदमा मा विभाजित गरिएको छ । पहिलो खण्डमा शोध परिचयको बारेमा वर्णन गरिएको छ भने दोस्रो र तेस्रो खण्डहरू क्रमशः पूर्वकार्यको समीक्षा र अनुसन्धान विधिसँग सम्बन्धित रहेका छन् । चौँथो खण्ड संसदीय अभ्यासमा राप्रपाको स्थापना र निर्माणका बारेमा केन्द्रित रहेको छ भने पाँचौं खण्ड संसदीय अभ्यासमा राप्रपाको सहभागितासँग सम्बन्धित रहेको छ । छैटौं खण्डमा नेपाली राजनीतिको प्रमुख मुद्दा र प्रमुख राजनीतिक दलहरूप्रति राप्रपाको दृष्टिकोण र यसको अन्य दलहरूसँगको सम्बन्धका बारेमा वर्णन गरिएको छ । सातौं वा अन्तिम खण्डमा सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएका छन् ।

## ७.१ सारांश (Summary)

यस शोधप्रबन्धको सारांशलाई तल प्रस्तुत गरिएको छ ।

### क) राप्रपाको स्थापना र निर्माण

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि वि.सं.२०४७ साल जेठ १५ गतेका दिन राप्रपा (थापा) र रापपा (चन्द)) नामक जुम्ल्याहा पार्टीको रूपमा राप्रपाको स्थापना भएको देखिन्छ । तत्कालीन राष्ट्रिय राजनीतिमा क्रियाशील रहेका प्रमुख राजनीतिक दलहरूको चरित्र, पृष्ठभूमि एवं संस्कारगत दोषका कारणले गर्दा प्रजातन्त्रको भविष्य सुनिश्चित हुन नसक्ने साथै प्रजातन्त्रको प्रतिफल आम जनताले प्राप्त गर्न नसकेको धरातलीय यथार्थतालाई दृष्टिगत गरी वैकल्पिक विचार, नीति र मार्गचित्र बोकेर राष्ट्रिय राजनीतिमा नयाँ धारको रूपमा राप्रपा नामक दलको स्थापना भएको पाइन्छ । उदार, प्रजातान्त्रिक एवं शोषणरहित समाजको स्थापना गर्नु, नेपाललाई समुन्नत, सुदृढ र सम्बृद्ध तुल्याउनु, राष्ट्रिय हक-हितको संरक्षण र संवर्द्धन गर्दै दिगो विकास एवं आर्थिक र सामाजिक उन्नतिमा टेवा पुऱ्याउनु, परम्परागत धर्म, संस्कृति, सम्पदा र इतिहासको रक्षा गर्नु, असंलग्न परराष्ट्रनीति, पञ्चशीलताको सिद्धान्त, मानव अधिकारप्रति प्रतिबद्ध रहनु, समावेशी, समानुपातिक र समतामूलक राज्य र समाजको स्थापना गर्नु, तथा अन्तर्राष्ट्रिय कानुन, विश्व शान्ति मान्यताको आधारमा नेपालको परराष्ट्रनीति सञ्चालन गर्नु राप्रपाको उद्देश्य रहेको छ ।

राप्रपाले राष्ट्रियता, प्रजातन्त्र र उदारवादलाई वैचारिक दर्शन मान्दै आएको छ । निरन्तरता सहितको परिवर्तन संवर्द्धनवादको मूख्य लक्ष्य हो । राप्रपाको सर्वोच्च निकाय केन्द्रीय महाधिवेशन हो भने राप्रपाको

स्थापना कालदेखि २०७४ सालसम्म राप्रपाको नाममा जम्मा ६ वटा केन्द्रीय महाधिवेशनहरू सम्पन्न भएको देखिन्छ । राप्रपाको प्रथम महाधिवेशनबाहेक प्रत्येक महाधिवेशनमा राप्रपा विभाजित भएको देखिन्छ । हालसम्म राप्रपाले ५/५ पटक विभाजन र एकीकरणको स्थिति सामना गरेको पाइन्छ । शीर्ष नेताहरूको आपसी टकराव, पदलोलुप प्रवृत्ति, सत्तामोह र स्वार्थी भावना साथै देशी विदेशीहरूको षड्यन्त्र आदि विभाजनका मुख्य कारणहरू रहेको देखिन्छ । राप्रपामा पनि वंशजको राजनीतिले प्रवेश पाएको देखिन्छ किनकि राप्रपामा नेताहरूका सन्तान र नातागोताले महत्त्वपूर्ण राजनीतिक स्थान, सेवा सुविधा तथा पदीय जिम्मेवारी पाएको देखिन्छ । तसर्थ राप्रपामा पनि नातावाद कृपावादको छाया प्रस्ट देखिन्छ ।

राप्रपालाई २०४६ सालको परिवर्तनपछि सङ्गठन निर्माण गर्न प्रतिकूल अवस्था थियो । सङ्गठनको निर्माण गर्ने क्रममा देशका धेरै ठाउँमा नेता तथा कार्यकर्ताहरू कुटिने, पिटिने, लखेटिने, उनका घर कार्यालयहरू जलाउने, भत्काउने र भौतिक कारबाहीको समेत राप्रपाले सामना गर्नु परेको थियो । त्यसैगरी माओवादी जनयुद्धकालमा राप्रपा माओवादीको निशानामा परेको थियो । जसका कारण सयौँले ज्यान गुमाएका थिए भने हजारौँको सङ्ख्यामा विस्थापित भएका थिए । अपहरण, हिंसा, तोडफोड, आगजनी र कुटपिट जस्ता भौतिक कारबाही ठूलो सङ्ख्यामा राप्रपाका नेता तथा कार्यकर्ताहरूले भोग्नुपरेको थियो । साथै राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको विरुद्धमा भएको २०६२/६३ को दोस्रो जनआन्दोलनपश्चात् पुनः एक पटक राप्रपालाई २०४७ सालको जस्तै घटनाहरू सहन गर्नुपरेको थियो । यस्ता विविध घटनाहरूका बिच राप्रपाको स्थापना र निर्माण भएको देखिन्छ ।

**ख) संसदीय अभ्यासमा राप्रपाको सहभागिता**

नेपालमा वि.सं.२०१५ सालमा पहिलो पटक संसदीय शासन प्रणालीलाई अङ्गिकार गरिएको थियो । तर पछि वि.सं.२०१७ सालमा पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपश्चात् संसदीय शासन प्रणालीको अन्त भएको थियो भने वि.सं.२०४६ सालमा भएको जनआन्दोलनको परिणामस्वरूप नेपालमा पुनः संवैधानिक राजसंस्था सहितको बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थाको प्रादुर्भाव भई मुलुकले संसदीय शासन प्रणालीलाई अँगाल्दै आएको देखिन्छ । राप्रपाले नेपालमा सम्पन्न सबै प्रकारका संसदीय, प्रान्तीय र स्थानीय निर्वाचनहरूमा सामेल हुँदै आएको देखिन्छ । वि.सं. २०४८ को संसदीय निर्वाचनमा दुवै दलहरू राप्रपा (चन्द) र राप्रपा (थापा) ले देशभर आफ्ना उम्मेदवारहरू उठाएका थिए । यस चुनावबाट दुवै राप्रपाले राष्ट्रिय दलका रूपमा मान्यता प्राप्त गरेका थिए । वि.सं. २०४९ साल माघ २५ गत्ते वसन्त पञ्चमीका दिन राप्रपा विधिवत रूपमा एकीकरण भएको थियो । त्यसपछि पनि निरन्तर राप्रपा संसदीय व्यवस्थामा कुनै न कुनै रूपले संसद र सरकारमा आफ्नो सहभागिता जनाउँदै आएको देखिन्छ ।

वि.सं.२०५१ को मध्यावधि चुनावमा राप्रपाले प्रतिनिधिसभाको २०५ सिटमध्ये २० सिटमा विजय प्राप्त गरी कूल मत प्रतिशतको १७.९३ प्रतिशत मत राप्रपाले प्राप्त गरेको थियो । वि.सं.२०५६ साल प्रतिनिधिसभाको निर्वाचनमा राप्रपाका तर्फबाट कूल निर्वाचित सांसद सङ्ख्या दस जिल्लामा गरी ११ जना

रहेका थिए । उक्त निर्वाचनमा राप्रपाले प्रतिनिधिसभा संसदमा तेस्रो स्थान प्राप्त गरेको थियो । नेपालको पहिलो संविधानसभाको चुनाव, २०६४ को चुनावमा विभाजित रूपमा होमिएका राप्रपा, राप्रपा नेपाल र राजपा मध्ये कुनै पनि राप्रपा नामक दलले प्रत्यक्ष निर्वाचनमा जित हासिल गर्न सकेनन् । यद्यपि राप्रपा, राप्रपा नेपाल र राजपाले समानुपातिक प्रतिनिधित्वबाट क्रमशः ८, ४ र ३ सिटहरू प्राप्त गरेका थिए ।

यसैबिच राप्रपा र राष्ट्रिय जनशक्ति पार्टी एकीकरण भई राप्रपा बनेको थियो भने दोस्रो संविधानसभाको निर्वाचन २०७० मंसिर ४ गते सम्पन्न भयो । राप्रपा र राप्रपा नेपालले दोस्रो संविधानसभाको निर्वाचनमा भाग लिएका थिए । राप्रपा नेपालले प्रत्यक्षतर्फ एक १ सिट पनि हासिल गर्न सकेको थिएन भने समानुपातिक प्रतिनिधित्वबाट २४ सिट प्राप्त गरेको थियो । पछि राप्रपा नेपालको भागमा परेको थप एक सिटका कारण २५ सिट प्राप्त दल राप्रपा नेपाल संविधानसभाको चौथो ठूलो दल बनेको थियो । राप्रपाले प्रत्यक्षतर्फ ३ सिट र समानुपातिक प्रतिनिधित्वबाट १० सिट गरी जम्मा १३ सिट प्राप्त संसद्को छैठौँ ठूलो दल भएको थियो । वि.सं. २०७४ को प्रतिनिधिसभा चुनावमा राप्रपा तीन पार्टी (राप्रपा, राप्रपा प्रजातान्त्रिक र संयुक्त राप्रपा राष्ट्रवादी) मा विभाजित भएर चुनावमा भाग लिएका थिए । यसरी विभाजित भएर चुनावमा गएका राप्रपा नामक कुनै पनि दल राष्ट्रिय पार्टीका रूपमा स्थापित हुन सकेनन् । प्रत्यक्षतर्फको चुनावमा राप्रपाले मात्र १ सिट प्राप्त गर्‍यो । शासन सञ्चालनमा पोख्त रहेका पूर्वपञ्चहरू सम्मिलित राप्रपाले पहिला एमालेको र पछि कांग्रेसको सहयोगमा पटक पटक सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेको थियो ।

वि.सं. २०५१ सालको मद्यावधि निर्वाचनबाट तेस्रो शक्तिका रूपमा स्थापित राप्रपा सत्ता राजनीतिको फोहोरी खेल, सत्ता केन्द्रित राजनीतिका कारण राप्रपा जनताको नजरमा आलोचित बन्दै गएको देखिन्छ । राप्रपाको विगत राजसंस्थासँग जोडिएको, नेताहरूको राजनैतिक कद र उचाइ राजाले स्थापित गरेका कारण राप्रपा जनताका माझ अन्य ठूला राजनैतिक दलहरू जस्तो संगठन निर्माणका क्रममा पुग्न नसकेको देखिन्छ । यद्यपि राप्रपा राजसंस्थाप्रति पूर्ण निष्ठावान र इमान्दार देखिँदैन । संसदीय व्यवस्थामा पार्टी विभाजन, आफ्नो सरकार आफैँले ढाल्ने र संसदीय मर्यादा उलङ्घन गर्ने कार्यको थालनी राप्रपाले गरेको देखिन्छ । राजावादी पार्टी गणतन्त्रमा गणतन्त्रवादी बनी हिन्दूराष्ट्र र राजसंस्थाको एजेण्डालाई वेवास्था गरेको देखिन्छ । वि.सं. २०५१ सालदेखि वि.सं. २०७४ सालसम्म राप्रपा विभिन्न राजनैतिक दल र तिनका सरकारमा कुनै न कुनै रूपले सहभागी हुँदै आएको देखिन्छ । साथै वि.सं. २०४८ सालदेखि वि.स.२०७४ सालसम्म ४ पटक प्रतिनिधिसभा र २ पटक संविधानसभाको चुनावमा भाग लिए पनि राप्रपा नामक सम्पूर्ण पार्टी एक ढिक्का भएर चुनावमा भाग लिएको १ पटक वि.सं. २०५१ सालको मद्यावधि चुनावमा मात्र देखिन्छ ।

राजाको प्रत्यक्ष शासनकालमा राप्रपा सरकारमा सामेल नभए तापनि राप्रपाका नेता लोकेन्द्रबहादुर चन्द २०५९ असोज २५ गत्ते राजाबाट प्रधानमन्त्री नियुक्त गरिए । २०६० जेठ १६ मा लोकेन्द्रबहादुर चन्दले राजीनामा दिएपछि जेठ २१ मा अर्का नेता सूर्यबहादुर थापा प्रधानमन्त्री बनाइए । शाहीकालीन सरकारमा

भएका मन्त्रिहरू मध्ये अधिकांस राप्रपाका नेताहरू थिए । वि.सं.२०६२/६३ को आन्दोलनको बलले राजसंस्थाको अन्त्य गऱ्यो । त्यसपछि बनेका सरकारहरूमा कहिले सत्तापक्ष त कहिले प्रतिपक्षमा रही आफ्नो विचार र सिद्धान्त, बिकास र निर्माण र राष्ट्रियताको बिषयमा राप्रपाले आवाज उठाएको पाइन्छ । संविधान निर्माण र कार्यान्वयनको सवालमा राप्रपाको भूमिका उल्लिखनिय देखिन्छ । जस्तैः जेष्ठ सदस्यको हैसियतले राप्रपाका अध्यक्ष स्व. सूर्यबहादुर थापाले संविधानसभाको अध्यक्ष, सभामुख समेत बनी संविधान निर्माण प्रक्रियामा आफू र आफ्नो पार्टीको तर्फबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यसरी वि.सं. २०५२ सालदेखि वि.सं. २०७४ सम्ममा बनेका धेरैजसो सरकारहरूमा राप्रपाको सहभागिता रहेको देखिन्छ भने कतिपय अवस्थामा सरकारको नेतृत्वसमेत राप्रपाले गर्दै संसदीय अभ्यासमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ ।

### ग) नेपालको प्रमुख राजनैतिक मुद्दाहरू, राप्रपाको दृष्टिकोण र अन्य दलसँगको सम्बन्ध

एउटा शासकबाट अर्को शासकवर्ग, एउटा सत्ताबाट अर्को सत्ता र एउटा व्यवस्थाबाट अर्को व्यवस्था परिवर्तन गर्नका लागि नेपालमा प्रमुख राजनीतिक मुद्दाहरू र आन्दोलनहरू उठ्ने गरेको देखिन्छ । राणाविरुद्धको आन्दोलन, २०३५/३६ सालको पञ्चायतकालीन आन्दोलन, २०४६ को संयुक्त जनआन्दोलन, २०५२ सालपछिको माओवादी सशस्त्र द्वन्द्व, दरवार हत्याकाण्ड, २०६२/६३ मा प्रतिगमन विरुद्धको दोस्रो जनआन्दोलन, र मधेश आन्दोलन आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ । वि.सं. २०४६ सालको संयुक्त जनआन्दोलनको मुद्दा पञ्चायत शासनको अन्त्य गरी देशमा बहुदलीय शासन व्यवस्थाको स्थापना कायम गर्ने थियो । माओवादी सशस्त्र जनयुद्धको मुख्य मुद्दा पुरानो सत्तालाई ध्वस्त पारी नयाँ जनवादीसत्ता र गणतन्त्र स्थापना गर्नु रहेको थियो । वि.सं. २०६२/६३ मा भएको जनआन्दोलनको राजनीतिक मुद्दा राजाद्वारा विघटित प्रतिनिधिसभाको पुनर्स्थापना गर्नु थियो । मधेस आन्दोलनको प्रमुख मुद्दा मधेसीको हक अधिकार र सङ्घीयताको स्थापना गर्नु रहेको देखिन्छ । राप्रपाले नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी र मधेसवादी दलहरूसँगको सम्बन्धको कारण विभिन्न समयमा ती दलहरूसँग सहकार्य र सहभागिता जनाउँदै संयुक्त सरकारमा सामेल भएको देखिन्छ ।

राजाको प्रत्यक्ष शासनकालमा राप्रपाले प्रत्यक्ष सहभागिता नदेखाए तापनि राप्रपा कै नेताद्वय लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाले प्रधानमन्त्री बनेर अन्य नेता तथा कार्यकर्ताहरूले समेत मन्त्री बनी राजालाई साथ दिएको तथ्य र प्रमाणले राजसंस्था र राप्रपाको बिच गहिरो सम्बन्ध रहेको देखिन्छ । राप्रपाको भनाइमा १२ बुँदे दिल्ली सम्झौता "धोका" हो । यसको "मार्गचित्र" गलत छ । यसले देशको सार्वभौमसत्ताको रक्षा गर्न सक्दैन भन्ने राप्रपाको ठहर रहेको पाइन्छ । राप्रपाले आफ्नो छैठौँ महाधिवेशन सम्पन्न गरेपश्चात् देशको सङ्कट र १२ बुँदे दिल्ली सम्झौताको परिणामबाट चिन्तित भई राष्ट्रिय हितलाई ध्यानमा राखी राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक, हिन्दूत्वलाई जीवनदर्शन र नेपाली सेनालाई राष्ट्रिय एकताको बिम्ब, अनुशासित र मर्यादित संस्थाको रूपमा हेर्नुपर्ने धारणा बनाएको देखिन्छ ।

## ७.२ निष्कर्ष (Conclusion)

वि.सं.२०४६ सालपछिको परिवर्तित राजनीतिक सन्दर्भमा देशलाई एउटा वैकल्पिक प्रजातान्त्रिक शक्तिको आवश्यकता महसुस गरी पञ्चायत पृष्ठभूमिमा बसेर राजनीति गरेका नेताहरूको सहभागितामा नयाँ धार र वैकल्पिक प्रजातान्त्रिक पार्टीको रूपमा राप्रपाको स्थापना भएको हो भन्ने शोधप्रबन्धको निष्कर्ष रहेको छ । राप्रपाले राष्ट्रियता र समग्र विकासको लागि राष्ट्रियतालाई सर्वोपरी साध्य, प्रजातन्त्रलाई अपरिहार्य आधार, राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक, हिन्दूत्वलाई जीवनदर्शन र उदार अर्थतन्त्रलाई आर्थिक विकासको मेरुदण्ड मानेको पाइन्छ । साथै संवर्द्धनवादको सिद्धान्तलाई आत्मसात गर्दै निरन्तरता सहितको परिवर्तनलाई जोड दिएको देखिन्छ । हाल राप्रपा राष्ट्रिय राजनीतिमा कमजोर अवस्थामा रहेको छ । राप्रपाको निरन्तरको विभाजन, राजसंस्थाको अन्त्य र सत्ता केन्द्रित राजनीतिका कारण राप्रपा कमजोर अवस्थामा पुगेको हो भन्ने शोधार्थीको निष्कर्ष रहेको छ । राजसंस्था र राप्रपाको अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । राजसंस्था रहुन्जेल राप्रपा बलियो अवस्थामा रहेको र राजसंस्थाको अवसानपश्चात् राप्रपा कमजोर बन्दै गएको निष्कर्ष प्रस्तुत शोधप्रबन्धको रहेको छ ।

राप्रपाले अन्य राजनीतिक दलहरू सरह चुनावमा निरन्तर भाग लिँदै आएको देखिन्छ र कहिले आफ्नै नेतृत्वमा त कहिले संयुक्त सरकारहरूमा सहभागिता जनाउँदै आएको कारण यसलाई संसद्वादी दलको रूपमा हेर्नुपर्ने र संसदीय अभ्यासमा यसले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको निष्कर्ष निकाल्न सकिन्छ । यद्यपि राप्रपाले संसदीय राजनीतिमा सत्ता टिकाउने र गिराउने फोहोरी खेलमा सामेल भएको कारण जनताको नजरमा आलोचित भएको पाइन्छ । राप्रपाको सक्रियतामा सम्पन्न अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूमा महाकाली सन्धि, नेपाल भारत पारवाहन सन्धिको नवीकरण, काँकडभित्ता-फूलवारी-बङ्गलाबन्ध मार्ग सन्धि, विद्युत विक्री सम्झौता, जलमार्ग अध्ययन गर्ने सम्झौता, पेट्रोलिय पदार्थको सहज आपूर्ति व्यवस्थाको लागि रक्सौलदेखि अमलेखगञ्जसम्मको पाइप लाइनको निर्माण, बुढीगण्डकी आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरी स्वदेशी लगानीमा नै गर्ने घोषणा गरेबाट राप्रपा राष्ट्रवादी पार्टी भएको निष्कर्ष निकाल्न सकिन्छ । यद्यपि राप्रपाले महाकाली सन्धीमा हस्ताक्षर गरेको कारण यो सन्धि राष्ट्रघाती सन्धि भएकोले राप्रपाको त्यो गम्भीर त्रुटि थियो भन्ने शोधार्थीको निष्कर्ष रहेको छ ।

देशमा विद्यमान दलीय द्वन्द्वको कारण बिदेशी हस्तक्षेप इतिहासकै सबैभन्दा बढी हुन गएको सन्दर्भमा सरकार र १२ बुँदे दिल्ली सम्झौताको रोडम्यापकै कारण नेपाली सेनालाई कमजोर बनाउन खोजिएको, राजसंस्था हट्न पुगेको, धर्मनिरपेक्षता र सङ्घीयता लादिएको र देशको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डता कमजोर हुँदै गएको शोधप्रबन्धको निष्कर्ष रहेको छ । नेपाल मुख्यतः तीन आधार स्तम्भहरूका जगले सग्लो र सार्वभौम रहँदै आएको देखिन्छ । ती आधार स्तम्भहरू (क) राजसंस्था (ख) हिन्दूराष्ट्र र (ग) नेपाली सेना रहेको पाइन्छ तर विगत केही समय अघिदेखि हाम्रा ती आधार स्तम्भहरू ढल्दै गएको देखिन्छ ।

सँगसँगै देश अझ बढी विदेशीको चलखेल र प्रभावमा फस्दै गएको छ र राष्ट्रियता इतिहासकै सबैभन्दा कठिन मोडमा पुगेको देखिन्छ । परिणाम स्वरूप मुलुक नै रहने कि नरहने भन्ने विषयमा बहस चल्न थालेको देखिन्छ । देशका मुख्य तीन आधार स्तम्भहरू नभत्काएसम्म नेपालको राष्ट्रिय अखण्डता, नेपाली जनजनमा भएको देशभक्तिको भावना र राष्ट्रिय एकतालाई खलबलाउन नसकिने निष्कर्ष सहित विदेशीहरूले योजना बनाएको हो भन्ने शोधार्थीको निष्कर्ष रहेको छ । राजा नै सबै भन्दा बढी राष्ट्रवादी हुने भएकाले राजसंस्थालाई समाप्त पारियो । हिन्दूराष्ट्र नेपाललाई नेपाली जनताले कल्पनानै नगरेको विषयमा प्रवेश गरी देशलाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरियो र शाही नेपाली सेनालाई परिवर्तन गरी नेपाली सेना बनाइयो । त्यति मात्र होइन सशस्त्र जनयुद्धका विद्रोही छापामार सेनाहरूलाई नेपाली सेनामा समायोजन गरियो । एउटा पार्टीको लागि ज्यान अर्पण गर्न शपथ खाएका राजनैतिक कार्यकर्ताहरूलाई देशको राष्ट्रिय सेनामा समायोजन गरी नेपाली सेनाभित्र राजनीतिलाई प्रवेश गराइयो । साथै बेलाबेलामा सेनालाई राजनीतिकरण गर्ने प्रयत्नहरू हुँदै आएको देखिन्छ भन्ने यस शोधप्रबन्धको निष्कर्ष रहेको छ ।

देशका आधारस्तम्भहरूसँग बिचार र भावना मिल्ने, मेल खाने र मौलिक पहिचान बोकेको एउटै मात्र पार्टी राप्रपा भएकोले देशमा अस्थिरता चाहानेहरूको नजरमा राप्रपा अर्को मुख्य बाधक शक्ति ठहराएको देखिन्छ । त्यस कारण योजनाकारहरूको मुख्य बाधक शक्ति राप्रपा हो भन्ने तथ्यका आधारमा राप्रपालाई पनि सके उठ्नै नदिने नसके अनेक षड्यन्त्र रची पार्टीलाई पटक पटक विभाजन गराउने कार्य योजनाबद्ध रूपमा हुँदै आएको देखिन्छ । यदि राप्रपा स्थापित भयो भने राप्रपाले लिएको विचार, सिद्धान्त र राप्रपाले उठाएका एजेन्डाहरू स्थापित हुन्छन् । त्यसपश्चात् राजसंस्था, हिन्दूराष्ट्र नेपाल साथै नेपाली सेनालाई राप्रपाले राष्ट्रियताको बिम्ब र अनुशासित संस्थाको रूपमा लिएको कारण पुनः देशमा ती तीन मूख्य आधार स्तम्भहरू स्थापित् भए परिणाम देश राष्ट्रिय एकताको मालामा गाँसिने, अन्तर्राष्ट्रिय प्रभाव क्रमैसँग कम हुँदै जाने, विदेशीहरूको अभीष्ट पूरा नहुने र मुलुकमा एकताको भावना स्वतः स्थापित हुने डरले राप्रपालाई सधैँ कमजोर, विभाजित र आलोचित पार्टी बनाई राख्ने षड्यन्त्र भइरहेको शोधार्थीको ठहर रहेको छ । अन्तमा राप्रपा चट्टान जस्तो दृढ सङ्कल्पका साथ कसैको प्रभावमा नपरी विभाजनबाट बच्ने हो र आफ्नो लक्ष्य र उद्देश्यमा एक ढिक्का भएर पार्टीको विचार, सिद्धान्त र एजेण्डाहरूलाई स्थापित गर्न अघि बढ्ने हो भने यो पार्टी देशको विकल्प दिन सक्ने परम्परागत राष्ट्रवादी तथा उदार प्रजातान्त्रिक शक्तिको रूपमा अझै एकचोटि राष्ट्रिय राजनीतिमा राप्रपाको स्थान र भूमिकालाई स्थापित गर्न सक्दछ भन्ने शोधार्थीको धारणा र निचोड रहेको छ ।

## ७.३ सुझावहरू (Recommendations)

राप्रपाका अन्य थुप्रै आयामहरू जस्तै : राप्रपा र राजसंस्थाबिच गहिरो सम्बन्ध हुँदाहुँदै राप्रपाले राजालाई सबै राजनैतिक घटनाक्रमहरूमा किन साथ दिन सकेन ? राजसंस्था र हिन्दूराष्ट्रको बारेमा जनताको अभिमत बेगर नै किन राजसंस्थाको अन्त्य र धर्मनिरपेक्षताको घोषणा गरियो ? जनमत सङ्ग्रह

(Referendom) किन गरिएन ? २४० बर्षको शाहवंशीय शासनव्यवस्था र आफ्नो श्रीपेच किन सहज रूपमा पत्राकार सम्मेलन गरी राजा ज्ञानेन्द्रले जनतालाई सुम्पेर गए ? नेपालमा संसदीय व्यवस्था किन असफल हुँदै गइरहेको छ ? यी र यस्ता अनुत्तरित प्रश्नहरू भविष्यका लागि शोध अध्ययनका विषयहरू हुन सक्दछन् ।

# परिशिष्ट

परिशिष्ट १ : जानकार व्यक्तिहरूसँग अन्तरवार्ता र समूह केन्द्रित छलफलका लागि प्रश्नावली

अन्तर्वार्तामा सहभागी हुने सबैप्रति हार्दिक अनुरोध गर्दछु कि मैले विद्यावारिधि उपाधिको प्रयोजनार्थ यहाँहरूको अमूल्य समय लिई आवश्यक सूचनाको लागि प्रश्नावली प्रस्तुत गरेको छु । प्रश्नावलीमा उल्लिखित प्रश्नहरूमा धारणा व्यक्त गरी सहयोग गर्नुहुन विनम्र अनुरोध व्यक्त गर्दछु। यहाँहरूको विचार यस प्रयोजनभन्दा अन्य कुनै पनि प्रयोजनको लागि हुनेछैन भन्ने प्रतिबद्धता पनि व्यक्त गर्दछु।

राजेशचन्द्र गिरी

शोधार्थी

**अन्तर्वार्ता दिनेको व्यक्तिगत विवरणः**

| | | |
|---|---|---|
| नाम : | उमेर : | ठेगाना : |
| अन्तर्वार्ता मिति : | स्थान : | सम्पर्क फोन नं : |

**प्रश्नावली**

१. राप्रपा स्थापनाको मुख्य उद्देश्य र यसका पृष्ठभूमि के हो ?

२. राप्रपा जुम्ल्याहा पार्टीका रूपमा जन्म हुनुका मुख्य कारणहरू के के थिए ?

३. राप्रपाको वैचारिक दर्शन र सैद्धान्तिक आधारस्तम्भ के के हुन् ?

४. राप्रपाको नीति, कार्यक्रम र भावी योजना के के रहेका छन् ?

५. राप्रपा पटक पटक फुट्नुका कारणहरू के के हुन् ?

६. नेपालमा संसदीय व्यवस्थाको उदय हुनाका कारणहरू के के हुन् ?

७. संसदीय व्यवस्थामा राप्रपाका सांसदहरूले कस्तो खालको भूमिका निर्वाह गर्दै आएका छन् ?

८. राजसंस्था र राप्रपाको बिचको सम्बन्धबारे बताइदिनुहुन्छ कि ?

९. राप्रपाको वर्तमान अवस्थाको बारेमा बताइदिनुहुन्छ कि ?

१०. राप्रपा कमजोर हुनुको कारण के के हुन् ?

११. यहाँले दिनुपर्ने कुनै थप सुझावहरू छन् कि ?


**धन्यवाद !!!**

परिशिष्ट २ : जानकार व्यक्तिहरूका नामावली

| क्र.सं. | जानकार व्यक्तिको नाम | ठेगाना | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | कमल थापा | विशालनगर, काठमाण्डौं | अध्यक्ष, राप्रपा | ०१४४१४७२८/९८५१०१४५२३ |
| २ | पशुपतिशमशेर जबरा | विजयवास, मराजगञ्ज, काठमाण्डौं | अध्यक्ष, राप्रपा | ०१४४१२३४०/९८५१०४८९५० |
| ३ | डा. प्रकाशचन्द्र लोहनी | धुम्बाराही, काठमाण्डौं | अध्यक्ष, राप्रपा | ०१४४३२७३२/९८५१०२६३७५ |
| ४ | लोकेन्द्रबहादुर चन्द | लोकन्थली, भक्तपुर | वरिष्ठ नेता, राप्रपा | ०१४४१४६०७/०१४२२८४६० |
| ५ | विश्वबन्धु थापा | विशालनगर ४, काठमाण्डौं | ऐ. ऐ. | ९८४९२१६५८८ |
| ६ | दीपक बोहरा | बालुवाटार, काठमाण्डौं | ऐ. ऐ. | ०१४४२४१६९/९८५१०२२०११ |
| ७ | बुद्धिमान तामाङ | का.म.न.पा. ६, भृकुटीचोक | उपाध्यक्ष, राप्रपा | ०१४४९०४४९/९८५१०७३६१० |
| ८ | रोसन कार्की | ललितपुर म.न.पा.१५, अरुणटोल | ऐ. ऐ. | ०१५५२९९३०/९८५१०७२३०३ |
| ९ | दुर्गा श्रेष्ठ | व्यास न.पा.२, तनहुँ, हाल काठ. | ऐ. ऐ. | ०१४३६२१९७/०६५५६०१८८ |
| १० | भुवन पाठक | का.म.न.पा. ३०, ज्ञानेश्वर, काठ. | प्रवक्ता, राप्रपा | ०१४४१२०८४/९८५१०१८८७९ |
| ११ | जगतप्रसाद गौचन | पाखापानी ६, म्याग्दी, हाल काठ. | नेता, राप्रपा | ०१४३५६६८१/९८५१०२४८०८ |
| १२ | गोविन्द खनिया | दुराडाँडा ६, लमजुङ, हाल चितवन | नेता, राप्रपा | ९८४१३६०७१९ |
| १३ | ध्रुवबहादुर प्रधान | नवलपरासी, रामग्राम १, हाल काठ. | महामन्त्री, राप्रपा | ०१४३७१५२८/०७८२०२५५ |
| १४ | राजेन्द्रप्रसाद लिङ्देन | झापा, हल्दिबारी १, गोल्धाप | महामन्त्री, राप्रपा | ९८५२६७१०७०/०२३५४१५८१ |
| १५ | भाष्कर भद्रा | गोदावरी, ललितपुर | महामन्त्री, राप्रपा | ९८४१२५२५२३ |
| १६ | जयन्त चन्द | बासुलिङ १, बैतडी, हाल भक्तपुर | नेता, राप्रपा | ०१६६३०३४१/९८५१०३२४९४ |
| १७ | तोरणबहादुर गुरुङ | स्याङ्जा, दरौं ९, हाल काठमाण्डौं | उपाध्यक्ष, राप्रपा | ०४३५२०६२/९८५१०६०५२१ |
| १८ | ठाकुरप्रसाद शर्मा | गजुरी १, धादिङ, | नेता, राप्रपा | ०१४२८७१८/९८५१०८६६७८ |
| १९ | प्रेमबहादुर भण्डारी | कञ्चनपुर ३, बाँके | उपाध्यक्ष, राप्रपा | ०१६६३०२७५/९८४८१८५०२१ |
| २० | केशरबहादुर बिष्ट | ललितपुर म.न.पा. धोविघाट | वरिष्ठ नेता, राप्रपा | ९८५१०९२००८ |
| २१ | नारायणमान विजुक्छे | कमलविनायक भक्तपुर | ब. नेता, मकिपा | ०१६६१०९३३/०१६६१२२२७ |
| २२ | राधाकृष्ण मैनाली | झापा, घैलाडुवापा, हाल काठमाण्डौं | कम्युनिस्ट नेता | ०१४२७२४९९ |
| २३ | विश्वप्रकाश शर्मा | झापा, धुलाबारी | प्रवक्ता, नेकां | ९८४१३२९९९० |
| २४ | गगन थापा | रातोपुल, काठमाण्डौं | नेता, नेकां | ९८५१०६७९१४/९८०१०५९४२३ |
| २५ | घनश्याम भुसाल | रूपन्देही २, हाल काठमाडौं कलङ्की | नेता, नेकपा, मन्त्री | ९८५११३२०७७ |
| २६ | पर्शुराम खापुङ | तेह्रथुम, मोराहाङ, हाल भक्तपुर | नेता, संसपा | ०१६६१६१७३/९८५१०६५३५२ |
| २७ | रेणुकुमारी यादव | सप्तरी, खड्गपुर ४, हाल काठमाण्डौं | नेता, संसपा | ०१४४९७५२९/०३१२००६३ |
| २८ | रामकुमारी झाँक्री | गुल्मी, हाल बुद्धनगर, काठमाण्डौं | नेकपा, नेकपा | ९८५१००८०६४ |
| २९ | कुन्तीकुमारी शाही | दैलेख खलङा, हाल काठमाण्डौं | राप्रपा सह म.म. | ९८५१०४०७७६ |
| ३० | सूर्यबहादुर के.सी. | पोखरा ७, हाल सानेपा, ललितपुर | सांसद, नेकां | ०६१५२१६७३/०६१५२०७७४ |
| ३१ | भरत पाठक | नुवाकोट, हाल धुम्बाराही, काठमाण्डौं | युवा नेता, राप्रपा | ९८५१०३५३९९ |
| ३२ | रामचन्द्र राय | सर्लाही, मलङगवा, हाल काठमाण्डौं | नेता, राप्रपा | ९८४१२१५५९६ |
| ३३ | प्रदीप गिरी | सिराहा, बस्तीपुर, हाल काठमाण्डौं | नेता, नेकां | ९८५१०१५८१० |
| ३४ | प्रा.डा. सुरेन्द्र के. सी. | घट्टेकुलो, मैतीदेवी, काठमाण्डौं | राजनीतिक विश्लेषक | ९८५११०३२०४ |
| ३५ | बालकृष्ण न्यौपाने | धोवीधारा, काठमाण्डौं | वरिष्ठ अधिवक्ता | ९८५१०३४९१५ |
| ३६ | टीकाराम भट्टराई | झापा, गौरादह १, हाल काठमाण्डौं | कानुन व्यवसायी | ९८५१०६७२३९ |
| ३७ | धनबहादुर बुढा | कालीकोट राखु, हाल काठमाण्डौं | नेता, राप्रपा | ९८४१५२३७३७ |
| ३८ | भुषण दाहाल | भैंसेपाटी, काठमाण्डौं | वरिष्ठ पत्रकार | ९८५१०३६६६१ |

| | | | | |
|---|---|---|---|---|
| ३९ | राजेन्द्र बानियाँ | महाराजगञ्ज काठमाण्डौं | पत्रकार, प्रस्तोता | ९८५१०९१५७७ |
| ४० | करिश्मा मानन्धर | गोदावरी टौखेल, ललितपुर | नायिका | ९८०८३१११३२ |
| ४१ | भुवन के.सी. | पुरानो बानेश्वर, काठमाण्डौं | नायक | ९८५१०२४२४२ |
| ४२ | हरिहर अधिकारी | कीर्तिपुर भत्केको पार्टी, काठमाण्डौं | कार्यक्रम प्रस्तोता | ९८५१२०६८९० |
| ४३ | पुष्पराज पुष्प | ललितपुर, लामाटार | नेता राप्रपा | ९८५१०२६००९ |
| ४४ | अच्युत भट्टराई | काठमाडौं ५, महाङ्काल | पण्डित, निर्मल नि. | ९८४१०७४९१३ |
| ४५ | मोहनकुमार श्रेष्ठ | बोर्लाङ, गोरखा, हाल काठमाण्डौं | सहप्रवक्ता, राप्रपा | ९८५१०५२१०० |
| ४६ | सूर्यबहादुर कार्की | गौशाला काठमाण्डौं | सर्वसाधारण | ९८५१०६०९९६ |
| ४७ | निराजन बम | कालीकोट पतला थिर्पु १ | विद्यार्थी नेता | ९८४६३५०१८४ |
| ४८ | पदम दाहाल | झापा गौरदह ३ | सर्वसाधारण | ९८४१४५०७८० |
| ४९ | सुजित के. सी. | कागेश्वरी मनोहरा ७, हाल काठ. | नेता, राप्रपा | ९८५१०६६८९५ |
| ५० | प्रदीप उदय | बुटवल, रूपन्देही, हाल काठमाण्डौं | राप्रपा प्रदेश अ. | ९८५७०३६१२५/९८४३१९७८५० |

परिशिष्ट ३ : राप्रपाको साङ्गठनिक स्वरूप




स्रोतः फिल्ड सर्वेक्षण

परिशिष्ट ४ : राप्रपा (थापा) को महाधिवेशनमा प्रस्तुत कार्यपत्रहरू

| **प्रस्तुत गरिएका कार्यपत्रहरू** | **प्रस्तोताहरू** |
|---|---|
| १.पार्टी घोषणापत्र र विधान | महामन्त्री, भोजराज घिमिरे |
| २.गाउँ विकाससम्बन्धी कार्यक्रम | सुरेन्द्रबहादुर बस्नेत |
| ३.चुनाव घोषणापत्र | कमल थापा |
| ४.राजनीतिक प्रस्ताव | प्रवक्ता, सिंहध्वज खड्का |
| ५.मानव अधिकारसम्बन्धी प्रस्ताव | उपाध्यक्ष, डा. यादवप्रसाद पन्त |
| ६.परराष्ट्रसम्बन्धी प्रस्ताव | महामन्त्री केशरबहादुर बिष्ट |
| ७. शान्ति सुरक्षासम्बन्धी प्रस्ताव | के.स., रामनारायण सिंह |


स्रोत : खनियाँ, २०५९

परिशिष्ट ५ : महाधिवेशन भएको मिति, स्थान र निर्वाचित अध्यक्षहरूका विवरण

| **क.सं.** | **महाधिवेशन** | **महाधिवेशन भएको मिति** | **स्थान** | **निर्वाचित अध्यक्षहरूका नाम** |
|---|---|---|---|---|
| १. | प्रथम महाधिवेशन | २०५० जेठ २९ देखि असार २ गतेसम्म | प्रज्ञा भवन, कमलादी, काठमाण्डौं | सुर्यबहादुर थापा |
| २. | दोस्रो महाधिवेशन | २०५४ कार्तिक २७ देखि मंसिर १ गतेसम्म | वीरगञ्ज, पर्सा | सुर्यबहादुर थापा |
| ३. | तेस्रो महाधिवेशन | २०५९ मंसिर २६ देखि २८ गत्त गतेसम्म | पोखरा, कास्की | पशुपतिशमशेर जवरा |
| ४. | चौंथो महाधिवेशन | २०६४ मंसिर २३ देखि २५ गतेसम्म | वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र | पशुपतिशमशेर जवरा |
| ५. | पाँचौं महाधिवेशन | २०७० जेठ ३ देखि ५ गतेसम्म | अम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाण्डौं | सुर्यबहादुर थापा |
| ६. | छैठौं महाधिवेशन | २०७० चैत्र ६ देखि ११ गतेसम्म | भृकुटी मण्डप, काठमाण्डौं | कमल थापा |

स्रोतः फिल्ड सर्वेक्षण

परिशिष्ट ६ : राप्रपाको जीवनचक्र




स्रोतः फिल्ड सर्वेक्षण

परिशिष्ट ७ : राप्रपामा नातागोता र उत्तराधिकारीहरू

| **नाम** | **पद** | **नेता** | **नेतासँगको नाता** |
|---|---|---|---|
| सुनिलबहादुर थापा | महामन्त्री, राप्रपा | सूर्यबहादुर थापा | पिता |
| जयन्त चन्द | महामन्त्री, राप्रपा | लोकेन्द्रबहादुर चन्द | पिता |
| सगुन लावती | प्रवक्ता, राप्रपा | पद्मसुन्दर लावती | पिता |
| बबिता मोक्तान | के. स. | पद्मसुन्दर लावती | ससुरा |
| विराज बिष्ट | के. स. | केशरबहादुर बिष्ट | पिता |
| सुमनमेहर श्रेष्ठ | के. स. | जोगमेहर श्रेष्ठ | पिता |
| मनोज मल्ल | के. स. | हेमबहादुर मल्ल | पिता |
| प्रेक्षा मल्ल | के. स. | हेमबहादुर मल्ल | ससुरा |
| श्रीमती सरोजा शर्मा | के. स. | रवीन्द्रनाथ शर्मा | श्रीमान |
| श्रीमती सरस्वती लामा | के. स. | बुद्धिमान तामाङ | श्रीमान |
| श्रीमती प्रनिता थापा | के. स. | कमल थापा | श्रीमान |
| गणेश थापा | के. स. | कमल थापा | दाजु |
| सुरेश भण्डारी | के. स. | प्रेमबहादुर भण्डारी | बाबु |
| शशीरञ्जन यादव | के. स. | रामविलास यादव | बाबु |
| रोहित राजबंशी | के. स. | गेपालचन्द्र राजवंशी | बाबु |

स्रोत : खनियाँ, २०५९

परिशिष्ट ८ : संसदीय निर्वाचनमा राप्रपाको स्थिति

| **निर्वाचनहरू** | **राजनैतिक दल** | **कुल उम्मेदवार** | **विजयी** | **प्राप्त मत** | **मत प्रतिशत** |
|---|---|---|---|---|---|
| प्रतिनिधि सभा निर्वाचन, २०४८ | राप्रपा (थापा) | १६३ | १ | ३,९२,४९९ | ५.३८ |
| | राप्रपा (चन्द) | १५४ | ३ | ४,७८,६०४ | ६.५६ |
| म्ध्यावधि निर्वाचन, २०५१ | राप्रपा | १०२ | २० | १३,६७,१४८ | १७.९३ |
| प्रतिनिधि सभा निर्वाचन, २०५६ | राप्रपा | १९५ | ११ | १,६२,६८६ | १०.१४ |
| पहिलो संविधानसभा निर्वाचन, २०६४ | **प्रत्यक्ष तर्फ** | | | | |
| | राप्रपा | २३२ | ० | ३,१०,२१४ | ३.०१ |
| | राप्रपा नेपाल | २०४ | ० | ७६,६८४ | ०.७४ |
| | राजपा | १९८ | ० | ७९,९२५ | ०.७८ |
| | **समानुपातिक तर्फ** | | | | |
| | राप्रपा | - | ८ | - | - |
| | राप्रपा नेपाल | - | ४ | - | - |
| | राजपा | - | ३ | - | - |
| दोस्रो संविधानसभा निर्वाचन, २०७० | **प्रत्यक्ष तर्फ** | | | | |
| | राप्रपा नेपाल | २३८ | ० | - | - |
| | राप्रपा | २३५ | ३ | - | - |
| | **समानुपातिक तर्फ** | | | | |
| | राप्रपा नेपाल | - | २४ | ६,३०,६९७ | ६.६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | राप्रपा | - | १० | २,६०,२३४ | २.७५ |
| प्रतिनिधि सभा निर्वाचन, २०७४ | **प्रत्यक्षतर्फ** | | | | |
| | राप्रपा | ६ | १ | १,१८,३१८ | १.१७ |
| | राप्रपा (प्र.) | ५ | ० | १,२३,७९७ | १.२३ |
| | ए. राप्रपा (रा.) | ९४ | ० | ३४,७६५ | ०.३४ |
| | **समानुपातिकतर्फ** | | | | |
| | राप्रपा | - | ० | - | - |
| | राप्रपा (प्र.) | - | ० | - | - |
| | ए. राप्रपा (रा.) | - | ० | - | - |
| प्रदेश सभा निर्वाचन, २०७४ | **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ** | | | | |
| | राप्रपा | - | ० | ८४,२७२ | - |
| | राप्रपा (प्र.) | - | ० | ३४,५९० | - |
| | ए. राप्रपा (रा.) | - | ० | २८,९८७ | - |
| | **समानुपातिक निर्वाचन प्रणालीतर्फ** | | | | |
| | राप्रपा | | ३ | १,९६,७८२ | २.०६ |
| | राप्रपा (प्र.) | | १ | ८८,३७७ | ०.९२ |
| | ए. राप्रपा (रा.) | | ० | २८,८२८ | ०.३० |

स्रोतः फिल्ड सर्वेक्षण

परिशिष्ट ९ : आमनिर्वाचन, २०४८ को मत परिणाम

| | **दलगत मत परिणाम** | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं** | **राजनीतिक दलको नाम** | **कूल उम्मेदवार** | **विजयी** | **सिट (%)** | **प्राप्त मत** | **मत (%)** |
| १ | नेपाली कांग्रेस | २०४ | ११० | ५३.६६ | २७,५२,४५२ | ३७.७५ |
| २ | नेकपा (एमाले) | १७७ | ६९ | ३३.६६ | २०,४२,१०२ | २७.९८ |
| ३ | राप्रपा (थापा) | १६३ | १ | ०.४९ | ३,९२,४९९ | ५.३८ |
| ४ | राप्रपा (चन्द) | १५४ | ३ | १.४६ | ४,७८,६०४ | ६.५६ |
| ५ | नेसपा | ७५ | ६ | २.९२ | २,७८,६१० | ४.१० |
| ६ | संजमो | ७० | ९ | ४.३९ | ३,५१,९०४ | ४.८३ |
| ७ | स्वतन्त्र | २१९ | ३ | १.४६ | ३,०३,७२३ | ४.१७ |

| **ख** | **भैगोलिक क्षेत्रगत मत परिणाम** | | | | | |
|---|---|---|---|---|---|---|
| **भौगोलिक क्षेत्र** | **नेका** | **एमाले** | **राप्रपा (थापा)** | **राप्रपा (चन्द)** | **संजमो** | **नेसपा** |
| हिमाली प्रदेश | ३४.५७ | ३४.५० | ५.२५ | १२.७६ | १.९७ | |
| पहाडी क्षेत्र | ४२.५० | ३१.८० | ४.७५ | ७.१६ | ७.८९ | ०.०८ |
| भित्री मधेश | ३७.९९ | ३२.५२ | ३.९२ | ५.७१ | ५.२२ | ५.८४ |
| तराई | ३७.८३ | २४.७८ | ७.०६ | ५.७३ | २.७३ | ८.९५ |
| **ग** | **विकास क्षेत्रको आधारमा राजनीतिक दलहरूको मत वितरण** | | | | | |
| **विकास क्षेत्र** | **नेका** | **एमाले** | **राप्रपा (थापा)** | **राप्रपा (चन्द)** | **संजमो** | **नेसपा** |
| सु. पश्चिमाञ्चल | ५५.२५ | २२.१८ | ८.३६ | ९.८० | ०.७९ | |
| म. पश्चिमाञ्चल | ४२.३६ | २३.७१ | ३.२६ | १०.२७ | ८.८९ | २.०० |
| पश्चिमाञ्चल | ४४.२० | २९.०३ | ४.७९ | ४.९३ | ५.४४ | ७.२४ |
| मध्यमाञ्चल | ३६.२१ | २६.६१ | ६.७३ | ६.१६ | ३.३६ | ५.५० |
| पूर्वाञ्चल | ३४.७७ | ३७.६६ | ६.०३ | ४.८५ | २.१२ | ५.५२ |

| घ. | अञ्चलको आधारमा राजनीतिक दलहरूको मत वितरण | | | | | |
|---|---|---|---|---|---|---|
| अञ्चल | नेका | एमाले | राप्रपा (चन्द) | राप्रपा (थापा) | संजमो | नेसपा |
| महाकाली | ५३.०७ | १८.२९ | १६.१३ | ३.८७ | ०.४८ | |
| कर्णाली | ३४.२५ | १६.३४ | १०.५३ | ३.२३ | ५.३५ | |
| सेती | ५६.५३ | २४.५८ | ५.८१ | ११.१६ | ०.९८ | |
| भेरी | ४०.४६ | २७.८४ | ११.४८ | ३.१८ | २.६१ | |
| राप्ती | ४५.८९ | २०.६७ | १०.०६ | ३.२७ | १७.१६ | २.५५ |
| धवलागिरी | ३८.१४ | ३३.११ | ९.६० | ७.०२ | २.६४ | |
| लुम्बिनी | ४०.८३ | २८.७१ | ३.७४ | ६.८५ | १.१२ | १४.१० |
| गण्डकी | ५१.०८ | २८.०१ | ४.९८ | १.०८ | २.५५ | |
| बाग्मती | ३३.१७ | ३३.६९ | १०.५३ | ६.१० | ८.२३ | ०.१६ |
| नारायणी | ३७.४६ | २६.३८ | ४.९८ | ७.२६ | ३.४९ | ३.७८ |
| जनकपुर | ३८.६६ | १८.३४ | ६.१६ | ४.८१ | ८.०३ | ६.८२ |
| सगरमाथा | ३५.१५ | २४.४५ | ४.५१ | ७.२८ | ५.८५ | ६.४७ |
| कोशी | ३६.९७ | ४४.९१ | २.९६ | ६.६१ | ०.१५ | ४.५० |
| मेची | ३१.०५ | ४४.१२ | ३.९६ | ३.५६ | ०.१८ | ५.८० |

स्रोत :खनिया, गोविन्द, २०५९

परिशिष्ट १०: प्रतिनिधिसभा निर्वाचन, २०५१ को निर्वाचनको मत परिणाम

| क्र.सं. | राजनीतिक दल | उम्मेदवार | | विजयी | मत सङ्ख्या | मत प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | महिला | कूल | | | |
| १. | नेकपा एमाले | ११ | १९६ | ८८ | २३,५२, ६०१ | ३०.८५ |
| २. | नेपाली कांग्रेस | ११ | २०५ | ८३ | २५,४५,२८७ | ३३.३८ |
| ३. | राप्रपा | १३ | २०२ | २० | १३,६७,१४८ | १७.९३ |
| ४. | नेमकिपा | ४ | २७ | ४ | ७५,०७२ | ०.९८ |
| ५. | नेसपा | ९ | ८६ | ३ | २,६५,८४७ | ३.४९ |
| ६. | स्वतन्त्र | १२ | ३८५ | ७ | ४,७१,३२४ | ६.१८ |
| ७. | संजमो, नेपाल | ६ | ४९ | ० | १,००,२८५ | १.३२ |
| ८. | रा.ज.मु.पा. | ६ | ८२ | ० | ७९,९९६ | १.०५ |
| ९. | नेकपा (संयुक्त) | ३ | ३४ | ० | २९,२७३ | ०.३८ |
| १०. | ने.ज. मोर्चा | २ | ४१ | ० | ३२,७३२ | ०.४३ |
| ११. | रा.ज. परिषद | ४ | २८ | ० | ८९३१ | ०.१२ |
| १२. | नेकपा (मार्क्सवादी) | ३ | ४९ | ० | २९,५७१ | ०.३९ |
| | **जम्मा** | **८६** | **१४४२** | **२०५** | **७३,८४,२७७** | **९६.८४** |

स्रोत : खनिया, गोविन्द, २०५९

परिशिष्ट ११: २०५१ देखि २०५६ सम्ममा गठन भएका विभिन्न सरकारमा सहभागी दलहरू

| क. | २०५१ देखि २०५६ सम्म गठन भएका सरकार र पार्टीहरू | | |
|---|---|---|---|
| १. | मनमोहन अधिकारी | एमाले | ९ महिना |
| २. | शेरबहादुर देउवा | नेकां, राप्रपा र नेसपा | १८ महिना |
| ३. | लोकेन्द्रबहादुर चन्द | राप्रपा, एमाले र नेसपा | ७ महिना |
| ४. | सूर्यबहादुर थापा | राप्रपा, नेकां र नेसपा | ६ महिना |
| ५. | गिरिजाप्रसाद कोइराला | नेकां/नेकपा माले/नेकां, एमाले र नेसपा | १३ महिना |

| ख | २०५१ देखि २०५६ सम्म गठन भएका सरकारहरूका मन्त्रीहरू | | | |
|---|---|---|---|---|
| **क.सं.** | **पार्टी** | **प्रतिनिधिसभा** | **राष्ट्रियसभा** | **कूल** |
| १. | नेकां | ५८ | ३ | ६१ |
| २. | एमाले | ३६ | ९ | ४५ |
| ३. | राप्रपा | १९ | १ | २० |
| ४. | नेसपा | ३ | १ | ४ |
| ५. | स्वतन्त्र | ५ | | ५ |
| ६. | अन्य | १ | १ | २ |
| ७. | सांसद नभएको व्यक्ति | | | १ |
| | **कुल** | **१२२** | **१५** | **१३७** |
| | **प्रतिशत** | **८९.०६** | **१०.९५** | **१००** |

स्रोतः गोविन्दराज खनिया, २०६३

परिशिष्ट १२ः २०५६ को चुनावमा निर्वाचित सांसदहरूको नाम, निर्वाचन क्षेत्र र प्राप्त मत

| **क.सं.** | **निर्वाचित सांसदहरूका नाम** | **निर्वाचन क्षेत्र** | **प्राप्त गरेका मत** |
|---|---|---|---|
| १. | सूर्यबहादुर थापा | धनकुटा २ | १२,१४५ |
| २. | पशुपतिशमशेर जबरा | सिन्धुपाल्चोक ३ | १४,५१२ |
| ३. | बुद्धिमान तामाङ | धादिङ १ | १९,०५५ |
| ४. | रेणुकुमारी यादव | सप्तरी ३ | १७,२३१ |
| ५. | कृष्णचरण श्रेष्ठ | सिराहा ३ | १४,३९६ |
| ६. | कृष्णप्रताप मल्ल | धनुषा ४ | २४,२९३ |
| ७. | रामचन्द्र राय | सर्लाही ३ | १४,३२१ |
| ८. | वृजेशकुमार गुप्ता | कपिलवस्तु २ | १४,०९१ |
| ९. | अजयप्रताप शाह | कपिलवस्तु ४ | १४,०९१ |
| १०. | नेत्रलाल श्रेष्ठ | सल्यान २ | १०,०९९ |
| ११. | गोविन्दविक्रम शाह | जजरकोट १ | ८,४५२ |

स्रोत : गोविन्दराज खनिया, २०६३

परिशिष्ट १३ : पहिलो संविधानसभा चुनाव, २०६४ मा राप्रपाले प्राप्त गरेको सिट सङ्ख्या र मत

| **क.सं.** | **राजनैतिक दल** | **उम्मेदवार** | | | **निर्वाचित** | | | **प्राप्त मत** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **पु.** | **म.** | **जम्मा** | **पु.** | **म.** | **जम्मा** | | |
| १ | राप्रपा | २१० | २२ | २३२ | ० | ० | ० | ३,१०,२१४ | ३.०१ |
| २ | राप्रपा नेपाल | १९६ | ८ | २०४ | ० | ० | ० | ७६,६८४ | ०.७४ |
| ३ | राजपा | १८४ | १४ | १९८ | ० | ० | ० | ७९,९२५ | ०.७८ |

स्रोत : निर्वाचन आयोग, २०६५

परिशिष्ट १४: दोस्रो संविधानसभा चुनाव, २०७० मा राप्रपाले प्राप्त गरेको सिट सङ्ख्या र मत

| क्र.सं. | राजनैतिक दलको नाम | समानुपातिक मत | समानुपातिक सिट संख्या | प्रत्यक्ष सिट संख्या | जम्मा सिट संख्या |
|---|---|---|---|---|---|
| १ | राप्रपा | २६०२३४ | १० | ३ | १३ |
| २ | राप्रपा नेपाल | ६३०६९७ | २४ र थप १ जना सरकारको विज्ञ कोटाबाट मनोनित | ० | २५ |

स्रोतः निर्वाचन आयोग, २०७०

परिशिष्ट १५ : २०७४ को निर्वाचन परिणाम

| क्र.सं. | राजनैतिक दल | उम्मेदवार | | | निर्वाचित | | | प्राप्त मत | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | जम्मा | पु. | म. | जम्मा | | |
| १ | राप्रपा | ६ | ० | ६ | १ | ० | १ | १,१८,३१८ | १.१७ |
| २ | राप्रपा (प्र.) | ५ | ० | ५ | ० | ० | ० | १,२३,७९७ | १.२३ |
| ३. | राप्रपा (रा.) | ८६ | ८ | ९४ | ० | ० | ० | ३४,७६५ | ०.३४ |

स्रोत : निर्वाचन आयोग, २०७४

परिशिष्ट १६ : राप्रपाको प्रतिनिधिसभा निर्वाचन, २०७४ को उम्मेवार र मत परिणाम

| क्र.सं. | उम्मेदवारका नाम | जिल्ला र क्षेत्र नं. | दल | प्राप्त मत | मत % | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राजेन्द्रप्रसाद लिङ्देन | झापा, क्षेत्र नं ३ | राप्रपा | ४४,३१४ | ३९.४९ | निर्वाचित |
| २ | हुसैन कवारी | धनुषा | राप्रपा | ९३ | ०.१५ | पराजित |
| ३ | विक्रमबहादुर थापा | काठमाडौं, क्षेत्र नं ७ | राप्रपा | १०,०७९ | २६.९४ | पराजित |
| ४ | कमल थापा | मकवानपुर, क्षेत्र नं १ | राप्रपा | ३४,६५८ | ४३.४७ | पराजित |
| ५ | ओमप्रकाश आजाद | बाँके, क्षेत्र नं २ | राप्रपा | ११,६२२ | २१.४१ | पराजित |
| ६ | दीपककुमार शाही | दैलेख, क्षेत्र नं १ | राप्रपा | १,७२५२ | ४०.२८ | पराजित |

स्रोत : निर्वाचन आयोग, २०७४

परिशिष्ट १७ : राप्रपाको चुनावी घोषणापत्र, २०७४ को अन्तमा राप्रपा नै किन ? भन्ने बुँदाहरू

- राष्ट्रिय स्वतन्त्रता, एकता र अखण्डताको संरक्षण गर्न ।
- नेपालका सबै धर्म, संस्कृति, भाषा र जातीय पहिचानको संरक्षण गर्दै राष्ट्रिय एकता सुदृढ तुल्याउन ।
- सबै धर्महरूका बिचमा समानता र पूर्ण धार्मिक स्वतन्त्रता कायम गर्दै सनातन धर्मसापेक्ष हिन्दूराष्ट्र स्थापना गर्न ।
- संवैधानिक राजसंस्था र जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने नेपाली परिवेश सुहाउँदो मौलिक प्रजातान्त्रिक शासन प्रणाली कायम गर्ने ।
- सबै प्रकारका जातीय भेदभाव र छुवाछात प्रथालाई अन्त गर्न तथा जातीय आधारमा मन्दिर प्रवेशमा निषेध गर्ने कुप्रथालाई अन्त्य गर्न ।

- आर्थिक दृष्टिकोणबाट पछाडि परेका कर्णाली, दुर्गम क्षेत्र र तराई मधेसका विभिन्न समुदायको आर्थिक स्तरमा सुधार ल्याउन ।
- तराई मधेसका गाउँ/नगरपालिकाहरूमा औद्योगिक करिडोरहरू खडा गरी ती क्षेत्रहरूको औद्योगिकीकरण गर्ने योजना कार्यान्वयन गर्न ।
- नेवारी, मिथिला, भोजपुरी, किराँती, अवधी लगायत विभिन्न संस्कृतिहरूको संरक्षण र संवर्द्धन गर्न ।
- थारु संस्कृतिको संवर्द्धन तथा थारु समुदायको हित र समुत्थानको लागि अलग योजना कार्यान्वयन गर्न ।
- आर्थिक, सामाजिक एवं राजनैतिक दृष्टिकोणबाट पछाडि परेका आदिवासी, जनजाति, अल्पसङ्ख्यक तथा मुस्लिम समुदायको हित, उत्थान र अधिकारको संरक्षण र संवर्द्धनको निमित्त विशेष कार्ययोजना कार्यान्वयन गर्ने ।
- राष्ट्रनिर्माता श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहको जन्मजयन्ती पौष २७ गते राष्ट्रिय एकता दिवसको रूपमा मनाउन ।
- गौहत्या अन्त गर्न तथा गौरक्षाको लागि प्रत्येक गाउँ/नगरपालिकामा कम्तिमा एक गौशाला निर्माण गर्न ।
- एक परिवार एक रोजगारको ग्यारेन्टी गर्न र बेरोजगारलाई भत्ता उपलव्ध गराउन ।
- देशमा रहेको अराजकता, अव्यवस्था र ब्रह्मलुटको अन्त्य गर्न ।
- स्थानीय शासन व्यवस्था कायम गरी राष्ट्रिय अखण्डता सुदृढ तुल्याउन ।
- १० वर्षभित्रमा आर्थिक वृद्धिदर दुई अङ्कमा पुऱ्याई नेपालीको जीवनस्तर माथि उठाउन ।
- १५ वर्षभित्रमा देशभित्रै पर्याप्त रोजगारीको अवसर सिर्जना गरी सामान्य कामको लागि विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्न ।
- सदाको लागि लोडसेडिङ अन्त्य गर्न तथा १० वर्षमा १० हजार मेघावाट विद्युत उत्पादन गर्ने योजना कार्यान्वयन गर्न ।
- उच्चस्तरीय सम्पत्ति छानविन न्यायिक आयोग खडा गरी अवैध रूपमा कमाएको सम्पत्ति जफत गर्न र विदेशमा लुकाइराखेको कालो धन फिर्ता ल्याउन ।
- दिगो शान्ति, भरपर्दो सुरक्षा, सुशासन, विकास निर्माण र संवृद्धिको लक्ष्य हासिल गर्न ।
- काठमाण्डौँको वीर अस्पताल सरहका अस्पताल सातै प्रदेशमा निर्माण गर्न ।
- क्यान्सर, मृगौला र मुटुका विरामीहरूको निशुल्क औषधी उपचारको व्यवस्था गर्न ।
- आत्मसमर्पणवादी चिन्तनबाट कमजोर बनाइएको राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्न ।
- उग्र वामपन्थी धरापमा फसेको प्रजातन्त्र जोगाउन र जनताको सर्वोच्चता स्थापित गर्न ।
- महङ्गी, अभाव, वेरोजगारी र भ्रष्टाचार जस्ता विकराल समस्याको अन्त्य गर्न ।

- काठमाण्डौं हेटौडा जोड्ने सुरूङमार्ग, काठमाण्डौं जुम्ला राजमार्ग, काठमाण्डौं बाहिरी चक्रपथ,
- तराईको मेची महाकाली हुलाकी राजमार्ग, मध्यपहाडी राजमार्ग, काठमाण्डौं तराई फास्ट ट्र्याक, मेचीकाली विद्युतीय रेलमार्ग, कोशी तथा नारायणी नदीमा जलमार्ग जस्ता यातायातको सञ्जाल निर्माण गर्ने । उद्योग तथा व्यापारको विकासको निमित्त देशका विभिन्न भागहरूमा विशेष आर्थिक क्षेत्रहरू स्थापना गर्ने तथा त्यस्ता क्षेत्रहरूमा १० वर्षसम्म ऋण, व्याज, कर, विदेशी विनिमय लगायतका विषयहरूमा विशेष र अतिरिक्त सुविधा र सहुलियत प्रदान गर्ने ।
- त्यस्ता क्षेत्रहरूमा ट्रेड युनियनहरू खोल्न, बन्द र हड्ताल गर्न प्रतिबन्ध लगाउन ।
- नेपाल बन्दलाई निषेध गर्ने ।
- शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने तथा शैक्षिक क्षेत्रमा रहेको राजनीतिकरण अन्त गर्ने ।
- कृषि, पर्यटन तथा ऊर्जा क्षेत्रको योजनाबद्ध विकास गर्ने ।

स्रोतः राप्रपा चुनावी घोषणापत्र, २०७४

परिशिष्ट १८ : समानुपातिक निर्वाचन प्रणालीतर्फ राप्रपाका विभिन्न समूहले प्राप्त मतको विवरण

| **क.सं.** | **रापप्रा घटकहरूका नाम** | **प्राप्त मत सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | राप्रपा | १,९६,७८२ | २.०६% |
| २. | राप्रपा (प्रजातान्त्रिक) | ८८,३७७ | ०.९२% |
| ३. | राप्रपा (राष्ट्रवादी) | २८,८२८ | ०.३०% |

स्रोत : निर्वाचन आयोग, २०७४

परिशिष्ट १९ : समानुपातिक निर्वाचनतर्फ राप्रपाका विभिन्न समूहले प्राप्त गरेको सिट सङ्ख्या

| | | **राप्रपाका विभिन्न समूहका नाम** | | | |
|---|---|---|---|---|---|
| **क.सं.** | **प्रदेश नं./नाम** | **राप्रपा** | **राप्रपा (प्र.)** | **ए.राप्रपा (रा.)** | **जम्मा** |
| १. | १ | १ | ० | ० | **१** |
| २. | २ | ० | ० | ० | **०** |
| ३. | बाग्मती | १ | १ | ० | **२** |
| ४. | गण्डकी | ० | ० | ० | **०** |
| ५. | लुम्विनी | ० | ० | ० | **०** |
| ६. | कर्णाली | १ | ० | ० | **१** |
| ७. | सुदूरपश्चिम | ० | ० | ० | **०** |
| **कुल जम्मा** | | **३** | **१** | **०** | **४** |

स्रोत : निर्वाचन आयोग, २०७४

परिशिष्ट २० : बाह्र बुँदे दिल्ली सम्झौतामा उल्लिखित बुँदाहरू

सात राजनीतिक दल र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बिचको बाह्रबुँदे समझदारी पत्रमा हस्ताक्षर मिति २०६२ साल मंसिर ७ गत्ते भएको थियो । जुन समझदारी पत्रमा उल्लिखित बुँदाहरू देहाय बमोजिमका थिए ।

(१) आज देशमा लोकतन्त्र, शान्ति, सम्मृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निमित्त प्रमुख बाधक निरङ्कुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र सम्मृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरङ्कुश राजतन्त्र विरोधी सम्पूर्ण शक्तिहरूले निरङ्कुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरङ्कुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ ।

(२) आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकारसम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लिखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा.(माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बिचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एकमात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

(३) देशले आज सशस्त्र द्वन्द्वको समाधानकासाथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङ्कुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौँ । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार गर्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौँ ।

(४) प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानवअधिकार, कानुनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्यमान्यताप्रति ने.क.पा. (माओवादी) ले आफ्नो प्रतिबद्धता प्रस्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरूप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

(५) ने.क.पा. (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घर जग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

(६) विगतका गल्ती कमजोरीहरूको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्तीकमजोरी हुन नदिन ने.क.पा. (माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ ।

(७) सात राजनीतिक दलहरूले विगतमा संसद् र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अव त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ ।

(८) शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्य मान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ ।

(९) जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरङ्कुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसद्को निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आमजनतालाई आह्वान गरिएको छ ।

(१०) जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधिनता, सार्वभौमिकता र भौगलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्णरूपले प्रतिबद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू खास गरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरङ्कुश र अवैधानिक शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरूको देशभक्तिमाथि प्रश्न चिह्न खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरङ्कुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं ।

(११) लोकतन्त्र, शान्ति, संवृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण

जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय संघ सङ्गठनहरू सबै जाति र क्षेत्रका जनता, पत्रकारजगत, बुद्धिजीविहरू र आम नेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौँ ।

(१२) विगतमा दलहरूबिच भएका अनुपयुक्त व्यवहारको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानबिनको माग गरेका घटनाहरूको सम्बन्धमा छानबिन गर्ने र दोषी पाइएमा दोषीलाई कारबाही गरी सार्वजनिक रूपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरूबिच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादका माध्यमबाट समस्याहरूको समाधान गर्ने समझदारी भएको छ ।

स्रोत : १२ बुँदे दिल्ली सम्झौता दस्तावेज, २०६२

# सन्दर्भग्रन्थ सूची

## नेपाली भाषाका सामग्री


अन्नपूर्ण पोस्ट, २६ फागुन २०७१ ।

अन्नपूर्ण पोस्ट, १८ वैशाख, २०७४ ।

अनलाइन खवर ३१ वैशाख, २०७४ ।

अनलाइन खवर, २५ फाल्गुण २०७६ ।

अभियान (२०७४). *'शान्तिपूर्ण रूपमा दोस्रो चरणको निर्वाचन सम्पन्न, ७०.५ प्रतिशत मत खस्यो'* अभियान, अन्तिम पहुँच, २०७४ ।

अधिकारी, उत्तमराज (२०५५). *नेपालको राजनीतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीको भूमिका,* त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय, राजनीतिशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

अधिकारी, भरतमोहन (२०७५). *संसद्देखि संविधानसभासम्म, काठमाण्डौं :* घोस्ट राइटिङ नेपाल ।

अर्याल, राजप्रसाद (२०५८). *नेपालमा संसदीय व्यवस्थाको विकास र राजनैतिक दल : एक अध्ययन,* त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय, राजनीतिशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

आप्टे, वामन शिवराम (सन् १९६९). *संस्कृत हिन्दी शब्दकोष,* (दो.सं).वारणासी : मोतीलाल बनारसी दास प्रा. लि.।

आई.डि.ई.ए र ई.एस.पी.(सन् २००६) *निर्वाचन प्रणालीको प्रारूप,* नेपाली संस्करण ।

एन. वि. सी. टिभी, जेठ २९, २०६५

कँडेल, शुभशङ्कर (२०७५). *अवतरण,* पुतलीसडक, काठमाडौं : सेन्टर फर पोलिसि रिसर्च स्टडिज् ।

कार्की, ज्ञानबहादुर (२०६५). *नेपालको प्रजातान्त्रिक आन्दोलन, काठमाण्डौं :* शान्ति कार्की ।

कार्टर, जि. एम एण्ड हर्ज, जे. एच. (सन् १९६५). *गभर्मेण्ट एण्ड पोलिटिक्स् इन द टुयल्थ्थ सेन्चुरी,* न्यूयोर्क: फेडरिक ए प्याजर ।

कान्तिपुर दैनिक, १६ माघ २०५२

कानुन किताब व्यवस्था समिति, २०५३

कान्तिपुर दैनिक, १५ भदौ २०५४

कान्तिपुर दैनिक, २२ जेठ २०५८

कान्तिपुर दैनिक, २० जेठ २०५८

कान्तिपुर दैनिक, ४ वैशाख २०६२

कान्तिपुर दैनिक २७, पुष २०६२

कानुनमन्त्रालय, *नेपाल सरकार निर्वाचन कमिसनको इतिहास,* नेपाल राजपत्र (खण्ड १), फाल्गुण २००८ ।

के.सी., सुरेन्द्र (२०४६). *नेपालको कूटनीतिक इतिहास.* ताप्लेजुङ : सविता प्रकाशन ।

खनिया, गोविन्दराज (२०५९). *नेपालको राजनीतिमा राष्ट्रिय प्रजातन्त्र पार्टी,* पाल्ही छापाखाना, नयाँ बानेश्वर, काठमाण्डौं ।

खनिया, गोविन्दराज (२०६३). *राष्ट्रिय प्रजातन्त्र पार्टीले विगत डेढ दशकमा नेपालको राजनीतिमा खेलेको भूमिका,* त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय, राजनीतिशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र) ।

गेना, सि.वि. (सन् १९८२). *तुलनात्मक राजनीति एवं राजनैतिक संस्थाए,* नयाँ दिल्ली : विकास पब्लिसिङ हाउस प्रा.लि.।

गुरुङ, एम. डी. (सन् १९४९). *'कम्युनिजम मुभमेन्ट इन नेपाल'* इकोनोमिक एन्ड पोलिटिकल विक्ली, भोलुम १२ : ४४

गुरुङ, शेरबहादुर (२०७०). *आदर्श गाउँ.* काठमाण्डौँ : आवृत्ति छापाखाना ।

गोरखापत्र दैनिक, जेठ १६, २०४७ ।

गोरखापत्र दैनिक, १६ माघ २०५२ ।

गोरखापत्र दैनिक, १६ जेठ २०६५

गौतम, राजेश (२०४६). *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका,* त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयमा कीर्तिपुर, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) ।

चटर्जी, भोला (सन् १९६७). *अ स्टडी अफ रिसेण्ट नेपलिज पोलिटिक्स,* कलकत्ता : वर्ल्ड प्रेस ।

चौहान, आर. एस. (सन् १९७९). *दि पोलिटिकल डेभलप्मेन्ट इन नेपाल,* दिल्ली :एसोसिएटेड पब्लिसिङ हाउस ।

जबरा, पुरुषोत्तमशमशेर (२०४६). *श्री ३ हरूको वृत्तान्त (भाग १).* काठमाण्डौँ : परमवीर शमसेर ।

जैन, गिरीलाल (सन् १९५९). *इन्डिया मिट्स चाइना इन नेपाल,* बम्बई : एसिया पब्लिसिंग हाउस ।

डङ्गोल, सानुभाइ (२०६३). *नेपाली राजनीतिमा दरबार.* मध्यपुर ठिमी : ल्यायमह पुच ।

डर्विसायर, डेनिस एण्ड डर्विसायर, आई. एम. (सन् १९८९). *पोलिटिकल सिस्टम अफ द वर्ल्ड,* न्यू दिल्ली : एलाइड पब्लिसर्स लिमिटेड ।

थापा, सूर्यबहादुर (२०५४). *प्रत्येक पाइला र मोडमोडमा सम्झौता,* काठमाण्डौँ : कञ्चनजङ्घा प्रा.लि ।

थापा, सन्तबहादुर (२०५८). *संसदीय प्रणाली र राजनैतिक दल एक अध्ययन,* त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय, राजनीतिशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र) ।

थापा, हरिबहादुर (२०६९). *दलीय द्वन्द्व, राजनीतिक चलखेलका बेलीविस्तार,* काठमाण्डौं : साङ्ग्रिला पुस्तक, प्रा.लि. ।

दाहाल, रामकुमार (२०५३). *राजनीति शास्त्रका सिद्धान्तहरू.* काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

देवकोटा, ग्रीष्मबहादुर (२०३६). *नेपालको राजनीतिक दर्पण,* भाग १, (काठमाण्डौं : ध्रुवबहादुर देवकोटा, २०३६), पृ. ४४-४५ ।

देवकोटा, राजेश्वर (२०६५). *उदारवाद,* राष्ट्रिय प्रजातन्त्र पार्टी, काठमाण्डौं : नेपाल ।

नागरिक न्युज, १७ जेठ २०७४ ।

नागरिक न्युज, १७ जेठ २०७४ ।

नेपाल सरकार वैधानिक कानुन, २००४

नेपाल अन्तरिम शासन विधान, २००७

नेपाल अधिराज्यको संविधान, २०१५

नेपालको संविधान, २०१९

नेपाल अधिराज्यको संविधान, २०४७

नेपालको अन्तरिम संविधान, २०६३

नेपालको संविधान, २०७२

नेपाल टाइम्स, ६ जुलाई १९९४ ।

नेपाल न्युज, ५ भाद्र २०६५ ।

नेपाल न्युज, २६ माघ २०६७ ।

नेपाल पुकार डट कम्, मार्च १४, २०२०

नेपाल प्रेस डाइजेस्ट पत्रिका, सन् १९९५ ।

नेपाल प्रेस डाइजेस्ट पत्रिका, १२ डिसेम्वर १९९७ ।

नेपाल टाइम्स, ६ जुलाई १९९४ ।

नेपाल न्युज टिभी, ५ भाद्र २०६५ ।

नेपाल न्युज टिभी, २६ माघ २०६७ ।

नेपाल प्रेस डाइजेस्ट पत्रिका, सन् १९९५ ।

नेपाल प्रेस डाइजेस्ट पत्रिका, १२ डिसेम्वर १९९७ ।

नेपाल, जगत (२०७५). *विपीको विद्रोह* काठमाण्डौं : बाह्रखरी बुक्स ।

पाण्डे, विजयकुमार (२०७२). *खुसी,* विशालनगर, काठमाण्डौं : फाइनप्रिन्ट प्रा. लि. ।

पाण्डे, रमेशनाथ (२०७१). *कूटनीति र राजनीति,* बागबजार, काठमाण्डौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

पोखरेल, बालकृष्ण (२०४०). *नेपाली वृहत् शब्दकोश,* (दोस्रो संस्करण). काठमाण्डौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, कृष्ण (२०७५). *प्रमुख संसदीय र गैरसंसदीय राजनीतिक प्रणाली,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पोखरेल, राजकुमार (२०६८). *नारायणहिटी दरबार र देशभक्तको अवसान.* काठमाण्डौं :ओरिएन्टल प्रकाशन गृह ।

पोखरेल, कृष्ण (२०६५). *आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध.* काठमाण्डौं: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

प्रदेश नीति तथा योजना आयोग, (२०७६). गण्डकी प्रदेश, नेपाल

बास्कोटा बराल, सुषमा (२०६५). *महिला आन्दोलन र नेपालको कानुनमा महिला अधिकार,* त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुर, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

बराल, लोकराज (२०६९). *'विभाजनकारी राजनीतिमा सहमतिको खोजी',* कान्तिपुर दैनिक, ८ मंसिर, पृ. ३

बुढाथोकी, चन्द्रविक्रम (सन् १९७६). *'एक्टिभिटिज अफ प्रचण्ड गोर्खा',* भ्वाइस अफ हिस्ट्री, अङ्क २, पृ. ५

ब्रोगेन, डि.डब्लु. (सन् १९५२). *पार्लियामेन्ट ए सर्भे,* लण्डन :जर्ज ऐलन एण्ड अनविन लिमिटेड र स्किनहाउस ।

भट्टराई, सूर्यमोहन (२०७०). *आत्मकथा.* पोखरा : आदर्श अफ्सेट प्रिन्टर्स ।

भण्डारी, भीमराज (२०५९). *'राप्रपाको पृष्ठभूमि, वर्तमानको दायित्व र वादको प्रश्न',* स्मारिका, राप्रपा तेस्रो महाधिवेशन ।

मानन्धर, त्रिरत्न र शर्मा, निरन्जन (२०५३). *आधुनिक नेपालको राजनीतिक इतिहास,* काठमाण्डौं: नेपाल र एसियाली अनुन्धान केन्द्र ।

यादव, पीताम्बरलाल (२०४९). *नेपालको राजनीतिक इतिहास,* वाराणसी : विजयकुमार ।

यादव, पीताम्बरलाल (२०७२). *नेपालको राजनैतिक इतिहास,* (सन् १७६८ देखि १९६० सम्म). काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

योहो टिभी, जेठ ७, २०७७

योहो टिभी, जेठ १३, २०७७

राजदरवार हत्याकाण्ड प्रतिवेदन, २०५८

रातोपाटी, जेठ १५, २०७७

राप्रपा, चुनावी घोषणापत्र, २०४८, २०५४, २०५६, २०६४,२०७०, २०७४ निर्वाचन ।

राप्रपा, महाधिवेशन दस्तावेज, दोस्रो, तेस्रो, चौंथो, पाँचौं, छैटौं महाधिवेशन ।

राप्रपाको विधान, २०७०, २०७३

राप्रपा के.का., २०५०, २०५५, २०६२

राप्रपा के.का.स., २०५३, २०५५

राप्रपा दस्तावेज, २०५४, २०५९, २०६४

राप्रपा प्रस्ताव र कार्यक्रम, २०५३

राप्रपा नीति वक्तव्य, २०४८

राप्रपा चन्द, के.का., २०५४, २०५५

राप्रपा, राष्ट्रिय प्रजातन्त्र पार्टीको भावी कार्यक्रमको रूपरेखा, २०५० ।

राप्रपा नेपाल, सात दल र नेकपा (माओवादी) का बिचमा भएको समझदारीबारे राप्रपा नेपालको धारणा २०६३ ।

राप्रपा, राष्ट्रिय प्रजातन्त्र पार्टीको नीति वक्तव्य, २०४८ ।

राप्रपा, राष्ट्रिय प्रजातन्त्र पार्टीको भावी कार्यक्रमको रूपरेखा, २०५० ।

राप्रपा, एकीकरणको अवसरमा प्रकाशित वक्तव्य, २०४८ ।

राप्रपा, घोषित मध्यावधि निर्वाचन सम्बन्धमा राप्रपाको धारणा, २०५१ ।

राप्रपा, वर्तमान सन्दर्भ र राप्रपाको भावी कार्यदिशा, २०६२ ।

राप्रपा, राष्ट्रिय प्रजातन्त्र पार्टीको सैद्धान्तिक छवी एवं मूल्य र मान्यताहरू, २०५५ ।

राप्रपा, राष्ट्रिय प्रजातनत्र पार्टी, केन्द्रीय कार्यसमिति बैठकद्वारा पारित निर्णय तथा प्रतिवेदन, २०५५ ।

राणा, पुण्यप्रताप (२०७४). *पृथ्वीनारायण शाहदेखि राजा ज्ञानेन्द्र सम्मको नेपालको राजनीतिक इतिहास (एक झलक),* पुतली सडक, काठमाण्डौं : मधुवन प्रकाशन ।

रिपब्लिक टिभी, जेठ ८, २०७७

रेग्मी, राजेन्द्रप्रसाद (२०४८). *नेपालको राजनीतिमा नेपाल राष्ट्रवादी गोरखा परिषद् एक अध्ययन,* त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

लोहनी, प्रकाशचन्द्र (२०६९). *इतिहास रच्ने समय, अनामनगर,* काठमाण्डौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

शर्मा, बालचन्द्र (२०३३). *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणसी : कृष्णकुमारी देवी ।

शर्मा, आदित्य (२०६३). *माओवादी माग र मान्यताहरू,* काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, सुधिर (२०७०). *प्रयोगशाला, नेपाली सङ्क्रमणमा दिल्ली, दरबार र माओवादी.* काठमाण्डौं : फाइन प्रिन्ट प्रकाशन ।

शर्मा, रुकु (२०६७). *दासढुङ्गा र दरबार हत्याकाण्ड.* काठमाण्डौं :रुकु पब्लिकेसन ।

शर्मा, बालचन्द्र (१९७९).आर एस, चौहान, *दि पोलिटिकल डेभलप्मेण्ट इन नेपाल,* एसोसिएटेड पब्लिसिङ्ग हाउस ।

शर्मा, प्रारूप (२०६७). *राजनीतिक चिन्तन र विश्लेषण,* काठमाण्डौं :दीक्षान्त प्रकाशन ।

शाह, विवेककुमार (२०६७). *मैले देखेको दरवार, सैनिक सचिवको संस्मरण,* काठमाण्डौं :जनता प्रेस हाउस प्रा. लि. ।

शिवाकोटी, गोपाल (२०७२). *तुलनात्मक शासन र राजनीति : विश्वका प्रमुख संवैधानिक व्यवस्थाको तुलनात्मक अध्ययन.,* काठमाण्डौँ :पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०६२). *लोकतन्त्रको स्थापना र पतनको सुरूवात.* काठमाण्डौँ :नीलमप्रभा शिवाकोटी ।

शिवाकोटी, गोपाल (२०६४). *अनुसन्धान पद्धति र प्रतिवेदन लेखन,* काठमाण्डौँ : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७०). *नेपालको राजनीतिक व्यवस्था,* पुतलीसडक, काठमाण्डौँ : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०६१). *विश्वका प्रमुख राजनीतिक विचारधारा,* काठमाण्डौँ : पैरवी प्रकाशन ।

सगरमाथा टिभी, जेठ १०, २०७७

संसदीय गतिविधि रेकर्ड, २९ साउन, २०७१

सेतोपाटी, ०२ अशोज, २०७४ ।

सेतोपाटी, २ मार्च, २०२० ।

सेतोपाटी, ०२ अशोज, २०७४ ।

सेतोपाटी, २ मार्च, २०२० ।

सर्वोच्च अदालत, २०४९

श्रेष्ठ, एच. (२०४८). *नेपालको इतिहास,* विराटनगर : भुवन प्रकाशन ।

श्रेष्ठ, ईश्वरीमान, (२०७०). *आत्मकथा,* काठमाण्डौँ : इरा श्रेष्ठ ।

श्रेष्ठ, पुष्पलाल (१९९०). *नयाँ जनवादी कार्यक्रम नेपाली क्रान्तिको एकमात्र मूलबाटो,* (तेस्रो सम्मेलनद्वारा पारित), काठमाण्डौँ : लक्ष्मण श्रेष्ठ ।

## अङ्ग्रेजी भाषाका सामग्री

Adams, G. B. (1921). *Constitutional history of England*: Kessinger Publishing, LLC .

Aldrich, J. (1995). *Why parties? The origin and transformation of party politics in America.* Chicago: University of Chicago Press.

Almond, G. A. (1974). *Comparative politics today*. Boston: Brown and Company.

Arain, M., Campbell, M. J., Cooper, C. L., & Lancaster, G. A. (2010). What is a pilot or feasibility study? A review of current practice and editorial policy. *BMC Medical Research Methodology*, 10(67): 24-35

Arora, N. D. and Awasthy, S. S. (2007*). Political theory and political thought*, Delhi: Har-anand Publications.

AV News TV, 2020, March, 15.

Babbie, E. (1990). *Survey research methods*, California: Wards Worth Publishing Company.

Bailey, K. D. (1998). *Methods of social science research*. New York: Collier Macmillan Publisher.

BBC News, 2001, June, 2.

Bhagawan, B. and Bhusan, V. (1995). *World constitution*. New Delhi: Sterling Publisher Pvt.

Bhatta, K. D. (2016). *Nepal's unending political instability*, Retrieved on 26 July 2016, https://thediplomat.com/2016/07/nepals-unending-politicalinstability/

Bhattachan, K. (2000). *"Possible ethnic revolution or insurgency in a predatory unitary Hindu state",* in Dhrba Kumar (ed.), Domestic conflict and crisis of governability in Nepal, Kathmandu: CNAS.

Bhrikuti Online TV, 2020, October, 19.

Bhrikuti Online TV, 2020, October ,13.

Brewer, J., and Hunter, A. (1989). *Multi-method research: A synthesis of styles*. Newbury Park: Sage Publication.

Bryce, V.J. (1921). *Modern democracies*, 1:134-35

Colombia Encyclopedia, p. 1489

Cresswell, J. & Plano Clark, V. (2007). *Designing and conducting mixed methods research*. Thaousand Oaks: Sage publication.

Dahal, A. (2019 May 5). *FSFN, Naya Shakti to merge as Samajbadi Party Nepal*, My, Republica.

Denzin, N. (1978). *The research act*. New York: McGraw-Hill.

Dix, R. H. (1992). Political parties. Democratization and institutionalization of Latin American. *Comparative Political Studies*, 24(4): 488-511

Duverager, M. (1964). *Political parties, their organization and activities in modern state* (Engotrans). London: Methuen & Co.

Gaige, F. H. (1975). *Regionalism and national unity in Nepal*, Californina: University of California Press.

Encyclopedia Americana, Vol 21, p. 465.

Everest Nepal Online, 2019, April, 19.

Everest Nepal Online, 2020, October, 13.

Gettell, R. G. (1910**).** *Political science*, Boston: Ginn Publications.

Gorden, S. (1948). *Our parliament*. London: Stephen King Hall .

Gregson, J. (2002). *Blood against the snows: The tragic story of Nepal's royal dynasty*:, London: Fourth Estate.

Gregson, J. (2003). *Blood against the snows: The tragic story of Nepal's royal dynasty*: Harper Collins Pub Ltd.

Gupta, A. (1993). *Politics in Nepal*. Delhi: Caling Publication.

Gupta, D.C. (1982). *Indian government and politics*. New Delhi: Vikash Publishing House Pvt Ltd

Gyanwali, P. (2016).*Managing intraparty clash and strengthening democracy*. Kathmandu: Modern Printing Press.

Image TV, 2019, November ,7

Harvey, J. & Bather, L. (1977). *The British constitution*. (4th ed.). London: Mac Millan.

Huntington, S. P. (1991). *The third wave: Democratization in the late twentieth century*. Norman: Oklahoma University Press.

Hutchins, F. G. (2007). *Democratizing monarch, a memory of Nepal's King Birendra*. Kathmandu: Bajra Publication.

Kapoor, A. C. (1996). *Select constitution*, Delhi: S. Cahnd and Company.

Kaul, L. (1998). *Methodology of educational research*. Delhi: Vikash Publishing House.

Koirala, K.R. (2017). *"Nepali polls after 20 years, finally",* My Republica. Retrieved on 2nd April, 2017.

La Palombara, J. and Weiner, M. (1966). *The origin and development of political parties,* in Palombara, Weiner (ed) Political parties and political development, Princeton.

Lawoti, M. and Pahari, A. K. (2010). *The Maoist insurgency in Nepal: Revolution in the twenty-first century*. India: Routledge.

Leahey, E.E. (2007). Convergence and confidentiality? Limits to the implementation of mixed methodology. *Social Science Research*, 36(1): 149-158.

Lee, E. S. (1996). A theory of migration. *Demography*, 3(1): 47-57.

Lipset, S. M. (2000). The indispensability of political parties. *Journal of Democracy*, 11(1): 40-55.

Marshall, C., & Rossman, G. B. (1999). *Designing qualitative research* (3 ed.). Thousand Oaks: Sage Publications

Matthew, B., and Ross, L. (2010). *Research methods: a practical guide for sciences*. Italy: Rotolito Lombarda.

Mullins, L. (1 June 2011). *"Why Nepal's crown prince went on a killing spree"*. PRI. Archived from the original on 12 February 2020. Retrieved 17 October 2017.

Munro, W. B. & Ayearst, M. (1954). *Governments of Europe*. (4th ed). New York: Mac Millan.

Munro, W.B. (1931). *The government of Europe*. New York: Macmillan Co.

My Republica, 2017, February, 20.

My Republica, 2017, August, 6.

My Republica, 2017, 29 March.

Nepal News TV, 25 June, 2008.

Nepali Times, 12 May, 2017.

News 20 TV, 2015, September, 9.

Neumann, S. (1956). *Modern political parties*. Chicago: University Press.

Parkin, F. (2002). *Max Weber*. London: Routledge.

People's Daily Online, 2009, January 13.

People's Daily Online, 2013, January, 13.

Randall, V. and Lars Svasand, A. (2002). Political parties and democratic consolidation in Africa. *Democratization*, 9(3):30-52.

Regmi, C. P. (1998). *Parliament of Nepal.* A dissertation submitted to the Tribhuvan University of Nepal in the partial fulfilment for the degree of Master of Arts in political science, Central department of political science, Kirtipur, Kathmandu.

Relly, B. (2008). *"Introduction" in Benjamin Relly and Per Nordlunf (eds.) in political aprties in conflict-prone societies: regulation, engineering, and democratic development.* Tokyo: United Nations University.

Roberston, D. (1984). *The Pentagon dictionary of politics*. Newyork: Perguin Books.

Santori, G. (1976), reprint (2005). *Parties and party systems: A framework for analysis.* Cambridge: Cambridge University Press.

Schattschneider, E. E. (1942). *Party government*. New York: Rinehart Press.

Shin, K.R., Kim, M.Y., and Chung, S.E. (2009). *Methods and strategies utilized in published qualitative research.* Newyork: Sage Publication

Strong, C.F. (1966). *Modern political constitution*. London: Gulic and Jaction Pvt Ltd.

Taylor, S. J., & Bogdan, R. (1984). *Introduction to qualitative research methods: The search for meanings.* New York: John Wiley & Sons.

The Himalayan Times, 2016, August, 3

The Himalayan Times, 2016, November, 29.

The Himalayan Times, 29 November, 2016.

The Himalayan Times, 3 Aug. 2016.

The Hutchinson Encycl;opedia, 2001.

The Kathmandu Post, Feb 20, 2017.

The Kathmandu Post, 8 June 2017.

Upreti, B. R. (2009). *Nepal from war to peace: Legacies of the past and hopes for future*, New Delhi: Adroit Publishers.

Van Teijlingen, E., and Hundley, V. (2001). *"The importance of pilot studies", Social research update 35*, Department of Sociology: University of Surrey.

Verney, D. V. (1960). *The analysis of political systems*. Glencoe, III: Free Press.

Wade, E.C.S., and Phillips, G.G. (1965). *Constitutional law*. (7th ed) by E.C.S. Wade and A.W. Bradley. London: Longmans.

Willesee, A. and Whittaker, M. (2004). A strange tale of royal murder: Love and death of Kathmandu. New York: St. Martin's Press.

Yoho TV, 2020, September, 14.

Young, P. V. (1988). *Scientific social surveys and research*. (4th ed) New York: Prentice Hall.